CC-0. In Public Domain. Digitization by eGangotri



पाँच सय वर्ष

बालकृष्ण पोखरेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँच सय वर्ष

(नेपाली गद्यसाहित्यको ऐतिहासिक सङ्कलो)

सम्पादक
बालकृष्ण पोखरेल
(प्राध्यापक)
महेन्द्र मोरंग कलेज
(नेपाली शिक्षण समिति)
विराटनगर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक–

साझा प्रकाशन
पुल्चोक, ललितपुर

सं. २०२० जगदम्बा प्रकाशनबाट पहिलो पटक
सं. २०३१ साझा प्रकाशनबाट पहिलो पटक : ११००
सं. २०४३ साझा प्रकाशनबाट दोस्रो पटक : ११००
सं. २०५० साझा प्रकाशनबाट तेस्रो पटक : ११००

मूल्य : रु. १०४।–

मुद्रक:–

हरो प्रिन्टिङ्ग प्रेस, ढोकाटोल, काठमाडौं।
फोन नं.:– २–१३५३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

मेरी मायालु सँगिनी शान्तालाई

—सम्पादक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकयौली

यस पोस्तकमा सम्वत् १६९४ देखि लिएर सम्वत् १९२३ सम्मको नेपाली गद्यको क्रमिक विकास देखाइएको छ र साथै बखत बखतका लेखकहरूको व्यक्तित्व ओ सिप छलङ्गियोस् भन्नाखातिर स्थानाभावले तर्साउँदा तर्साउँदै पनि अलि निकै नै पाठ्यसामग्री भेला गरिएको छ। अलग अलग समय र अलग अलग प्रान्तको कारणले गर्दा भाषाको अनुहारमा टुप्लुक्किएको रूपवाहुल्यदेखि पाठकको मन नआत्तियोस् भन्ने विचारले विशेष विशेष शब्दहरूका सजिला पर्यायहरू दिइएका छन्। प्राचीनतम पत्रहरू पाइए जति यसमा सबै परेका छन्, तर ग्रन्थरचना हुन थालेपछि भने पत्रहरूको महत्व कम भएकाले खालि नमुनाको लागि मात्रै तिनलाई लिइएको छ। विशाल नेपालको गठन हुनुभन्दा पहिलेका ग्रन्थहरू पाइए जति यहाँ सबै लिइएका छन्, तर पछि पछिका ग्रन्थहरूमा चाहिं बेनामीहरूलाई उति रोजिएको छैन। लेखकहरू जति फेलापरे तिनीहरू सबैलाई ससम्मान यहाँ स्थान दिइएको छ र सकेसम्म तिनीहरूको चिन्हारी पनि लेखिएको छ।

यसमा तीन उठान छन्, तर यी उठानहरू कुनै सैद्धान्तिक काल विभाजनमा आस्था राख्दैनन्। सैद्धान्तिक पाराले साहित्य त्यो नदी झैं हो जो मुहानदेखि लिएर संगमसम्म अखण्डित रहन्छ, भलै मुहानदेखि टाढा लम्कँदा पाइलै पिच्छे त्यसको स्थूलता बढ्दै जाओस्। यसैले यी उठानहरू नेपाली साहित्यका तीन चिरा होइनन्, केवल साहित्यपथिकले थाकेको बेलामा विश्राम लिन पाओस् भनेर चिनिएका तीन चौतारा हुन्, बिसौना हुन्।

यस पोस्तकले नेपाली साहित्यमा भएको कुन विशेषतालाई प्रस्टाउन खोजेको छ भने यसको इतिहासमा आजसम्म जति प्रवृत्ति र धाराहरूको जन्म भएको छ ती पछिसम्म पनि रही रहेका छन्, भलै पछि जन्मेका प्रवृत्ति र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धाराहरूको हूलमा पुरानाहरू नगण्य ठहरियून् ।

यसमा जम्मा ५२९ वर्षको सामग्री परेको छ, तापनि कन्जुस्याइँ गरेर यसलाई "पाँच शय उनन्तिस वर्ष" को संज्ञा दिइएन । यो छातीपवाइ अनि उदारता कतिको उचित थियो, पाठकहरूले नै निर्क्योल्लान् ।

सम्पादकतर्फबाट भन्नु पर्ने कुराहरू धेरै यसका विश्रामहरूमा भनिई सकेका छन्, तापनि यसमा भएको कैयौं भूल र विरामहरूमध्ये कति छापिदा छापिदै पत्ता लागेका छन् र कति छापिएपछि । यस्ता विरामहरूलाई दोस्रो संस्करणमा रहन दिइने छैन । संभव छ,पाठकहरूले पनि यसमा केही अभावहरू पाउनु होला । यस्ता अभावहरूलाई वेलैमा चिनेर दोस्रो संस्करणलाई झन् पूर्ण पार्ने चेष्टालाई यस सम्पादकले सकेसम्म अङ्गाल्न्यैछ ।

त्रिभुवन विश्वविद्यालय एम. ए. का छात्रहरूमा परी रहेको मर्का मत्थर होस् भनेर यो ग्रन्थप्रकाशनतिर मैले मन दिएको हुँ, तापनि एम. ए. भन्दा तल र माथिका स्तरहरूमा पनि यसले केही न केही सघाउ देला भन्ने मेरो आशा छ ।

यस ग्रन्थको प्रकाशनकार्यको अन्भर लिई दिएर जगदम्बा प्रकाशनले बिर्सी नसक्नु गुन लाएको छ । मदन पुस्तकालयले प्राप्त सबै सूचनाहरूसँग मलाई अवगत गराई दिएर सहयोग नदिएको भए यस पोस्तकले यो आकृति पाउँथ्यो, पाउँदैनथ्यो, शंकै छ । वीर पुस्तकालयका अध्यक्ष बुद्धिसागरज्यू, राष्ट्रिय पुस्तकालयका भूतपूर्व अध्यक्ष गङ्गाधरज्यू, द्वारिकाप्रसाद उप्रेतीज्यू, धनवज्र वज्राचार्यज्यूको सघोटलाई पनि म लर्तरा तुलाले जोड्न सक्तिनँ । पुरातत्वविभागमा बसेर जनकलाल शर्माज्यू र पूर्णहर्षज्यूले पनि यस पोस्तकउपर कम सहयोग दिनुभएको होइन । मेरा मित्र रमेशजङ्ग थापा (निर्देशक, पुरातत्व विभाग)ले पुराना बेकामे नियमहरूलाई निर्मूल पार्दै अनुसंधानकर्ताहरूको निम्ति पाहिक पर्ने सरल नियमको निर्माणमा ध्यान नदिनु भएको भए मैले यस पोस्तकको सम्पादनलाई आकाशको फल ठाने हुन्थ्यो । यी सहयोगीहरूलाई मुटुको दैलो उघारेर कृतज्ञता ज्ञापन गर्दै म यो छोटो गनथनलाई यहीं तुर्छु ।

मिति : २०२०।६।१०।५

थलो : कुसुलेचौर

बालकृष्ण पोखरेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो संस्करणबारे

आजभन्दा सात वर्षपहिले जगदम्बा प्रकाशनले यस पोस्तकलाई थाल्दा यसको शीर्षक ने जस्तो भए तापनि यसले अँगालेको चाहिं थियो पाँच सय उनन्तीस वर्षहरूलाई । परन्तु आज यतिका वर्षपछि बल्ल बल्ल दुई भोटा फटाउन पाउने वेलामा पनि यसले अंगाल्न सकेको छ केवल पाँच सय तीस वर्षहरूलाई मात्रै । अर्को शब्दमा भन्ने हो भने नेपाली भाषाको इतिहासलाई लिखितम्को आधारमा स. १३९३ देखि उता लान सकिएको छैन अझै ।

परन्तु आशाका किरणहरू यताउति देखा पर्दछन् । प्रज्ञाप्रतिष्ठानले केही यसो नेपाली भाषाको प्राचीन झोलुङ्गो (कर्णाली प्रदेश) चाहार्ने जमर्को गरेको सुन्दा खुसी लागेको छ । काठमाडौंबाट निस्कने 'पूर्णिमा'ले पनि नेपाली भाषा एवं खससमस्यामा सघाउ पुऱ्याउने केही लेख प्रकाशित गरेको पाइयो । स्वयं यो हरपका लेखकले पनि 'नेपाली भाषा उहिले, अहिले र भरे'भन्ने लेख ('पंचामृत,') वर्ष २ अंक १ द्वारा यस पोस्तकमा छुट्न गएका प्रश्नहरूलाई कोट्याएकै हो ।

यस दोस्रो संस्करणले योगी नरहरिको सौजन्य द्वारा गोल्हण लिखित सं. १३९३ को अभिलेखलाई आदौमा राख्न पाएको छ। जुम्लाको कनकपत्रमा पृथ्वी मल्लबाट बिर्ता पाउने गोल्हु जोइसी (सं. १४१३) यिनै गोल्हण ठहरिन्छन् ।

यो पोस्तक लेखिएको सात वर्षपछि हुन सक्छ यसमा धेरै ठाउंमा संशोधन गर्नु पर्ने र सच्याउनु पर्ने भएको होओस्। यस कामको लागि पाठकहरूसँग अनुरोध गर्दै उहाँहरूको अमूल्य सुझाउलाई तेस्रो संस्करणमा सदुपयोग गर्नेछु भन्ने म प्रतिज्ञा गर्दछु । हाले प्रज्ञा प्रतिष्ठानका सह सदस्य श्री सत्यमोहनज्यूले विराटनगरमा सम्पन्न चतुर्थ देशव्यापी साहित्य सेमिनारमा भेट हुँदा श्री मल्ल एवं पृथ्वीमल्ल एकै पुरुषका दुई नाउँ रहेछन् अनि पृथ्वीमल्लकी आमा खंजनमालाकै अर्को नाउँ शकुनमाला रहेछ भन्ने अमूल्य सूचना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनुभयो । प्रथम संस्करण तयार पार्दा स्वयं मलाई पनि यस कुराको चस्को परेको थियो र अहिले जोशीज्यूको सूचनाले उक्त भ्रमलाई आफलिदिएको छ। आशा छ, पाठकहरूले उहाँलाई धन्यवाद दिनु हुनेछ ।

अर्को खुसीको कुरो के छ भने अचेल प्रा. चूडामणि बन्धुज्यू र प्रा. वल्लभमणि दाहाल जस्ता प्रतिभाहरू पनि नेपाली भाषाको अनुसन्धानको क्षेत्रमा निकै अगाडि बढिसक्नु भएको छ । आशा छ उहाँहरू जस्ता विद्वान-हरूको सत्प्रयासले एक दिन 'पाँच सय वर्ष' ले 'दस सय वर्ष' हुन पाउनेछ ।

अन्त्यमा, यस पोस्तकलाई समय सुहाउँदो सिङ्गारपटारको साथमा पाठकहरू छेउ ल्याइपुऱ्याउन सघाउ पुऱ्याएकोमा साझा प्रकाशनलाई धन्यवाद दिंदै यो गनथन यहीं तुर्दछु ।

विराटनगर

मिति—२०२७।११।२६

बालकृष्ण पोखरेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो संस्करणबारे

आजभन्दा २२ वर्षपूर्व यस ग्रन्थको प्रथम संस्करण प्रकाशित हुँदा पुण्यमल्लको सं. १३९४ को ताम्रपत्रदेखि भानुभक्तको सं. १९२३ को "वेनुपाध्याको दानपत्र" सम्मको ५२९ वर्षको अवधिभित्रका महत्वपूर्ण नेपाली गद्यहरूका नमूना प्रस्तुत भएका थिए। सं. १९२३ भन्दा पहिलेका पाँच शताब्दीहरूमानै एक सशक्त माध्यमका रूपमा नेपाली भाषा स्थापित भइसकेको थाहा पाउनु प्रत्येक नेपालीको निम्ति गौरबको कुरो थियो। यसै हर्षलाई रोक्न नसकी पुस्तकको नाम राखियो 'पाँच सय वर्ष'। सात वर्षपछि सं. २०२७ सालमा साझाको निम्ति दोस्रो संस्करण तयार पार्दा पनि सं. १९२३ भन्दापूर्व ५३० वर्षसम्म मात्र पुग्न सक्यो यस भाषाको अतीतको पल्लो फाला तर त्यसमा 'पाँच सय वर्ष' ले दस सय वर्ष' हुन पाउने आशा व्यक्त चाहिं गरिएको थियो।

नभन्दै 'भास्वती' र 'खण्डखाद्यक' झैं अमूल्य कृति फेला परेपछि अनि सं. १०३८ को दामुपाल भूपालको समयको एक शिलालेख प्राप्त भएपछि सं. २०२७ को सपना साकार हुन सक्यो। वास्तवमा एक हजार वर्षभन्दा पुरानो लेख्य परम्परा भएको भाषा ठहरिइसकेको छ नेपाली भाषा। कहाँ सम्म भने 'बाजपरीक्षा' नामक ग्रन्थमा प्राकृततत्व देखा परेको हुँदा भविष्यमा 'पन्ध्र सय वर्ष' को शीर्षक धारण गर्ने अधिकार पनि नेपाली भाषाले पाउने कुरो प्रस्टिएको छ। तर नेपाली भाषाले जति नै सय वर्षको शीर्षक प्राप्त गरे पनि यो ग्रन्थ भने 'पाँच सय वर्ष' नै रहिरहनेछ। न्वारानका दिन पाएको नाम छोड्न चाहेर पनि छुट्ने वस्तु हो र!

यति भन्दै यस तुच्छ भेटीमा घुन भए पनि घृणा नगरिदिनुहुन अनि राष्ट्रको मेरुदण्ड ठहरिने राष्ट्रभाषा प्रति आस्थावान् रहिदिनु हुन अनुरोध गर्दै म यहीं चुप लाग्छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर चूप लाग्नु भन्दा पहिले म डा. जगदीशचन्द्र रेग्मी र प्रा. काशीनाथ तमोटले मलाई क्रमशः 'भास्वती' र 'खण्डखाद्यक' उपलब्ध गराइ दिनु भएकोमा हार्दिक धन्यवाद अर्पण गर्छु । साथै काम पनि नभएको फुर्सत पनि नभएकोमा मझैं अलमस्ते प्राणीका सम्मुख उक्त विद्वानहरूद्वारा प्रदत्त सहयोगको बिटो पुऱ्याइदिने कष्ट गर्नु भएकोमा प्रा. दैवज्ञ नेउपानेको र 'भास्वती'को पाठमा सघाएकोमा श्री हर्षनाथ भट्टराईको गुण म विसँन सक्तिनँ । अन्तमा मित्रवर श्री रामविक्रम सिजापतिको अविस्मरणीय सहानुभूतिलाई मात्र कहिल्यै बिर्सन सक्तिनँ, जसको फलस्वरूप दाहिने हात नराम्ररी भाँचिएर शारीरिक व्यायाम गर्दै प्रत्येक दुखाइमा वेदनाका झोल तरक्क चुहाउँदै अन्त्यमा तेस्रो संस्करणको पाण्डुलिपि तयार पार्न म सफल भएँ ।

बालकृष्ण पोखरेल

काठमाडौं

सं. २०४२ साल पुस २६ गते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

(तलका संख्याहरूले शीर्षकक्रम बुझाउँछन्)

(१) पहिलो उठान [पृष्ट–१ देखि ८२ सम्म]

भूपालदामुपालको समयको दुल्लु शिलालेख संवत् १०३८– १, बाज परीक्षा (वेनामी) संवत् १००० तिर– २, भास्वती (वेनामी सं. १३९० तिर– ३, खण्डखाद्यक (ब्रह्मगुप्ताचार्य) सं. १,५० पूर्व– ४, अक्षय मल्लको अछाम पंचदेवल शिलालेख, सं. १३३७– ५, आदित्यमल्लको गोर्खा अभिलेख, सं. १३७८– ६, पुण्यमल्ल राइको ताम्रपत्र, सं. १३९३ क, सं. १३९४ ख, ७, अपाडराज पृथ्वीमल्ल राइको कनकपत्र सं. १४१३– ८, सं. १४१५ ख; अभयमल्ल राइको ताम्रपत्र सं. १४३३– ९, ज्वरोत्पत्तिचिकित्सा (वेनामी) सं. १४५० पूर्व– १०, औषधरसायन (वेनामी) सं. १४५० पूर्व–११, मेदिनी वर्मा राउलाको ताम्रपत्र स. १४५०– १२, संसार वर्मा राउलाको ताम्रपत्र सं. १४५३– १३, कल्याल नरेश बलिराजको ताम्रग्रन्थ सं. १४५५– १४, मेदिनी वर्मा र बलिराजको ताम्रपत्र सं. १४६१– १५, उदय वर्मा र आजित वर्माको ताम्रपत्र सं. १४९४– १६, कार्वरिक विवोष शाहीको ताम्रपत्र सं. १५५५– १७, भानशाहीको लालमोहोर सं. १५८६– १८, सुर्तीशाही ठाकुरको ताम्रपत्र सं. १६३८– १९, गणेश जैसी: यशुजैसी: फुगु जैसीको ताम्रपत्र सं. १६४७– २०, अर्जन्या बुडाको पुर्सो कथुरोको लालमोहोर सं. १६४८– २१, कल्याल राजा संग्राम शाहीको ताम्रपत्र सं. १६६१– २२ ।

पहिलो विश्राम [पृष्ट ७७ देखि ८२ सम्म]–२३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) दोस्रो उठान [पृष्ट ८३ देखि १९२ सम्म]

सुरती शाहीको दानपत्र सं.१६८३– २४,(जय) लक्ष्मी नृसिंहमल्लको शिलालेख सं. १६९८– २५, जगत्प्रकाश मल्लको मडुवा कागत सं. १७२०– २६, (जय) प्रताप मल्ल देवको रानीपोखरी शिलालेख सं. १७२७– २७, अछाम मल्लो भैंसोल्या अभिलेख सं. १७३६– २८, कल्याल राजा जहाँगीर शाहीको ताम्रपत्र सं. १७४९– २९,राघौ जैसीको शिलालेख सं. १७६९– ३० भूपतीन्द्र मल्लको ताम्रपत्र सं. १७७१– ३१, अडै भुम मलै भुम सन्तान ताम्रपत्र सं. १७७९– ३२,प्रेमनिधि पन्तको प्रायश्चित्त प्रदीप सं. १७८०–३३, कल्याल राजा सुदर्शनशाहको ताम्रपत्र सं. १८०८– ३४(क), लालमोहोर सं. १८१४ (ख), अजीर्ण मंजरी (वेनामी) सं. १४५० पूर्व– ३५, लीलाम्बरको अजीर्ण मंजरी सं. १८२१– ३६, अजीर्ण मंजरी (वेनामी) सं. १८३० पूर्व– ३७, पृथ्वी साहित्य सं. १८०२– ३८ (क), सं. १८१२ तिर (ख), सं. १८१४ (ग), सं. १८१४ (घ), सं. १८१६ पछि (ङ), सं. १८२३ (च), सं. १८२३ (छ), सं. १८२३ फागुन (ज), सं. १८२३ फागुन (झ), सं. १८२३ चैत (ञ), सं. १८२४ असार (ट), सं. १८२४ साउन (ठ), सं. १८२४ भदौ (ड), सं १८२५ करिया– अभिलेख (ढ), वस्नेतहरूवारेपत्र सं. १८२७ तिर (ण), सं. १८२७ तिर (त), सं. १८३१ (थ), कालु खँड्काका नाउँ लालमोहोर सं. १८२९ (द), रामकृष्ण कुँवरका नाउँ तीनपत्रहरू सं. १८२९ (ध), सं. १८२९ (न), सं. १८२९ (प), भगतनाथलाई पत्र सं. १८३१ (फ), दिव्योपदेस (ब), वंशावली (भ), पृथ्वीनारायणको जीवनी (वेनामी) ।

दोस्रो विश्राम [पृष्ट १७३ देखि १९२ सम्म]–३९

तेस्रो,उठान [पृष्ट १९३ देखि ४०८ सम्म]

भानुदत्त– ४० (क–ग), ऐजनको हितोपदेश मित्रलाभ, पहिलो पाण्डुलिपि (क), ऐजनको दोस्रो पाण्डुलिपि (ख), ऐजनवारे सूचना (ग)।

शशिधर उपाध्याय, प्रतापसिंहलाई पत्र– ४१, श्रीहर्ष आचार्य, औषधीग्रन्थ– ४२, रणवहादुर शाह, भारदारहरूलाई पत्र– ४३, रामभद्र पाध्या, लक्ष्मी धर्मसम्वाद– ४४ ।

भट्टाचार्य शक्ति वल्लभ अर्ज्याल, हास्यकदम्ब– ४५ (क–ख), ऐजन प्रथम उल्लोल (क), ऐजन द्वितीय उल्लोल (ख) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवनृसिंह– ४६, दैवज्ञ ज्योति नरसिंह– ४७, वाणी विलास पाण्डे– ४८, दशकुमार चरित– ४९, मुन्सी– ५०, पं. दैवज्ञकेशरी अर्ज्याल– ५१, धर्मपुस्तक सुसमाचार मातिउरचा पहिलो पर्व– ५२, सेरामपुर बाइबल– ५३, विजयानन्द महाभारत गदा पर्व– ५४, हीनव्याकरणी विद्यापति, गीत गोविन्द– ५५, ललितत्रिपुर सुन्दरी, राजधर्म– ५६ ।

भवानी दत्त पांडे– ५७ (क–ज), ऐजनको मुद्राराक्षस (क), ऐजनको आत्मबोध (ख), ऐजनको महाभारत उद्योग पर्व (ग), ऐजनको ८९–९० औं अध्याय (घ), ऐजनको ९९ औं अध्याय (ङ), ऐजनको १४६ औं अध्याय (च), ऐजनको मार्कण्डेय पुराण (छ), ऐजनको हितोपदेश (ज) ।

योगी अम्बरगीर– ५८ (क–च), ऐजनको गीत गोविन्द (क), ब्रह्म यज्ञउपनिषद (ख), ऐजनको योगवाशिष्टसार (ग), ऐजनको असमनको भाषा (घ), ऐजनको वेदान्त (ङ), ऐजनको ब्रह्म यज्ञवेदान्त (च) । महाभारत सभापर्व, वेनामी ५९, वहत्र सुधाको कथा, वेनामी ६०, महाभारत आदिपर्व, वेनामी ६१, रामाश्वमेध, वेनामी ६२ ।

सुन्दरानन्द बांडा ६३ (क–ख), ऐजनको त्रिरत्न-सौन्दर्य गाथा (क); ऐजनको आध्यात्मरामायण (ख) ।

दशकुमार चरित, सम्वत् १८९३, ६४, राजेन्द्र विक्रम शाह, रणवीर सिंहलाई रुक्का ६५, रुद्राक्षमाहात्म्य ६६, सुरेन्द्रको पाठ्यपुस्तक ६७, पदम शर्मा, लंकाकाण्ड– ६८, शशिधर स्वामी, जोसमनी जोगशास्त्र– ६९, इङ्गलिस्तान–वंशावली– ७०, मेजर रघुवीरसिंह, शान्तिशतक– ७१ । भानुभक्त आचार्य, सं. १९१५ मंसिर रमानाथलाई चिठी ७२ (क), कालु जैसीको तमसुक, सं. १९१७ फागुन (ख), साधुरामको कपाली तमसुक, सं. १९१८ फागुन (ग), रमानाथलाई चिठी सं. १८१९ वैशाख (घ), विन्तीपत्र, सं. १९२२ मंसिर (ङ), वेनुपाध्याको दानपत्र, सं. १९२३ फागुन (च) ।

तेस्रो विश्राम [पृष्ट ३७४ देखि ४०८ सम्म]–७३

भानुदत्त र मित्रलाभ (क), शशिधर (वेतियाली) (ख), श्रीहर्ष आचार्य (ग), रामभद्र पाध्या (घ), शक्तिवल्लभ अर्ज्याल (ङ), शिवनृसिंह (च), दैवज्ञज्योति नरसिंह (छ), वाणी विलास पांडे (ज), मुन्सी (झ), पण्डित दैवज्ञ केशरी अर्ज्याल (ञ); विजयानन्द (ट), हीनव्याकरणी विद्यापति (ठ); ललितत्रिपुर सुन्दरी (ड), भवानीदत्त पांडे (ढ), योगी अम्बर-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीर (ण), नीलकवि (त); पदमशर्मा (थ), सुन्दरानन्द बांडा (द), मेजर रघुवीरसिंह (ध), भानुभक्त आचार्य (न), वेनामी ग्रन्थहरू (प), अभिलेखहरू (फ), उपसंहार (ब);

अनुक्रमणिका [पृष्ट ४०९ देखि ४१५ सम्म]

अभिलेख सम्बन्धी राजाहरू ४११ देखि ४१२, अभिलेखका लेखक ४१२, ग्रन्थ प्रणेता ४१३ देखि ४१४, वेनामी अभिलेख ४१४, वेनामी ग्रन्थ ४१४ देखि ४१५ ।

संक्षेपीकरण

वै. स्था. श. : बैतडीका केही स्थानीय शब्दहरू (ग्रन्थ) ।
इ. प्र. : इतिहास प्रकाश (ग्रन्थ) ।
ग. फ्या. क. : गल्लीमा फ्याँकिएका कसिङ्गर (ग्रन्थ) ।
शी. : शीर्षक ।

संकेत चिह्न

खुरे टिपोट बाहेक अन्त परेका फूल चिह्न * एवम् तारा ★ र ❀ चिह्न द्वारा *hypothesis* अर्थात् अनुकल्पना जनाइएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो उठान

[सम्वत १०३८-१६६१]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१

भूपाल दामुपालको समयको दुल्लु शिलालेख

सं. १०३८*

ओं··· ··· (मणि ?) पद्मे हुं । ··· ···दामुपाल भूपाल रेख भई । किष्णु अडैको भाइ सउंपाल अडै सा (के ?) ९०३ ।

सौजन्य : श्री पूर्णप्रकाश 'यात्री'

विशेष शब्दहरू

दामुपाल : पुण्य मल्लका पूर्वज आदि पालका नातेदार कत्युरी नरेश ।
रेख : सीमाङ्कित भूमिदान; छेका ।
अडै : एक प्राचीन उच्च पदवी ।
सउंपाल : सोमपाल ।

---

* प्रस्तुत मिति सही नभएबारे मलाई थुप्रै सज्जनले पत्र पठाउनुभएको छ । म यो मिति सही नै हो भनी ठोकुवा गर्न तत्पर छैन, तथापि यो अभिलेखको लिपि निकै पुरानो भएको हुँदा यसलाई सं. १०३८ भन्दा पछिको मान्न म तयार छैन । —गोखरेल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२

बाज परीक्षा (बेनामी)

रचनाकाल— सं. १००० तिर
प्रतिलिपिकाल— सं. १७०० तिर
[प्रतिलिपिकालीन भाषाको अल्प मिश्रण]

... ... मुष घालनु अलिकवार मुख चापनु शाकदो वाज निको हो। निश्चल ठहर वाँधनु एकांत निको होइ।

वाजको चाराको प्रमाण कहुँ। साहीको टंक २४ जुर्राको चारो टंक १६ वसा वेशराको टंक १२ शचाइनाको चारो टंक ८ षुवरीको टंक ५ वहरिकि टंक १४ कुइकि टंक २४–एहि प्रमाण षवावनु पषेरु नीक रहे।

भूष पेलनु निद जगाउनु शिकराकौं। जे सिकराके मुष पाकै नाकवाट पानी आवत ताके उपाव कहुँ। म्युमाइ नउनिसित मासु दिनु सद्य कलेजा मिसृत निको हो। रत्ति २ म्युमाइ साहिकन जुर्राकन औरकन रत्ति आधा दिनु। तव नाकवाट मुष पाकदाको निको हो। जो वाज मोटो हो नजगायो हो त उशिका षोकसहित मासु मिश्रित् गर्नु षुवावनु। अथवा मंदाग्नि हो त आद्दा मदसित चिराइको मासु मुशाको मासु भिजाउनु सिकराकन दिनु। मंदाग्नि जा।

जव वाज दुवलो हो त उपाउ कहुँ। कैलो मुशो चिराइको मासु सद्य नवनिसित षुवावनु वाज मोटो होई। मेथि नउनि सद्य मासु षवावनु वाज मोटो होई। जो वाज षेलँदा दुवलाव त ताको उपाउ कहुँ। वटइको मासु गौघृत सहित मासु दिनु, दिन ७ दुब्नाको मोटो हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब वाज पाक डाल त, ताको उपाउ कहुँ। निलोथोत्तो भाग १; मनशील भाग १, साजीको चूर्ण भाग १, गाइको घृत भाग १ एति मासा प्रमाण लवाउनु, पाष झडदो रह।

जस वाजकन लोहू पड त, ताको उपाउ कहूँ। तजको जडो, आफू, नउनीसित रति १, दिन ७ लोह पडदो हो।

जो सिकरोकों पाष कीडो लाग त ताको उपाउ कहुँ। वड, निवुकों रस, गन्धक्, अयारका टूपाको अल्परस् एति औषधा मिशि रस् नउनीसित पाष लाउनु, दिन ७ निको होई। अलिगारका कीडा,पुरनीको रस्,नउनीसित लाउनू, मासु भिजाइ षवाउनु, तो भलो होई।

चाँदि रोगको लक्षण ऐसा हुँना। कानफूलो रहै। वारवार मुह वावै। नेत्र जलपूर्ण रहै। उपाउ कहुँ। जावीरको रस, जीरो, मासु भिजाइ दिनु। दिन २ पछि हरदीसित भिजाइ लवंगसित मासु सद्य दिनु चाँदि रोग जाई।

गदयिको लक्षण अँसा हुना। पाउ पाकै। वेरैवेर चूचाले पाउ मसुवारै। उपाउ कहुँ। शालको राल, गाइघृत समेत वटिना, पाउ औषध लाउना, ता उपर हरदके सर डारना। पाउ निका होइ। हलहल्याका जडाको रस चुवावनु दिन ४ पाउ निको होइ।

फुलाको उपाउ कहुँ। नरमूत्रले नेत्र धूनू, वडको दूधका मि सिंदूर अजन गर्नु, फूलो जाई। अथवा सिंधो लून जीरो आपैले आफ्ना मुष घालनु, कुल्ला गर्ना शिकराका आँषा मुष घालना फूलो जाई। दिन ७ कुल्ला घालना फूला जाई।

वाज छाति मुड चोट लाग त उपाउ कहुँ। त्रिकुटि, पाडरिकि जडाकी अंतर्छाला चूर्ण गरि नरमूत्रसित मासु भिजाउनू शिकेरा षुवाउनु षाजरा हरदी सहित। चोट लाग्याको निको होई। निवाइ ठहर छोपि जत्न गर्नु तौ भलो होई। घामका समय थाहा पानि वाज राषनु,कुंड गर्नु षेलन दिनु, दिन शात तौ भलो होई।

जो वाज पाष नसँमार त ताको उपाउ कहुँ। मुशाको लोहू, जवको चूर्ण, स्त्रिको दुग्ध एति औषता सम गर्नु, सद्य मासु सहित दिनु दिन ५ तव पाँष समारिवस।

जो वाज सगलो दिनभर्को नजगायो हो त ताका उपाए कहुँ। विजया मासु भिजाइ सिकरा पुवाउनु भलो होई। जौं शिकरो मासु तेडि डार त ताको उपाउ कहूँ। स्त्रिको दूध, लसून, मासु, माझ भिजाइ दिनु भलो होई।

जसको पाउ षटिरा हुँ ताको उपाउ। पिपालको दूध, गुलरीको दूध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकत्र गरि पाय लावनु, ताउपर् हरदिको रस् दिनु, ताउपर् कोदाको पीठो लपेट्नु । निको होइ । जीरो मुष घालीकन प्रातस्कालविषय वाजका आँषा कुल्ला घालना फूला जाई ।

जो वाज शाकदो हो त उपाउ । आफूसित मासु पवावनु निको हौं । जव वाज चराले घयल गर त हलेदो, षडरस लाउनु सद्य मासु षवाउनू (लवंग सहित) घा निको हो ।

जो शिकरा अछुतो भइ रह, मुशाका माशुशित दिन निको हो । सद्य मासु न हो त वासि मासु निकर्कै धोइर्कै शुकिर्कै पोषसैं दिजे सिकराको । सद्य मासु योंज्ञ । इति वाजसालिहोत्रे द्वितीयोध्याय ।

जो शिकरा पाप डारे ताको उपाउ । वरके दूध पिपलेके दूधसौं पाष भिगाइके दीजे दिन ७ तौ भलो होइ ।

जौ सिकरा झूर हो त ताकर उपाउ कहुँ । लवंग म्युमाई रति २ मासुसौं मुशाके दिजे दिन २ पानी सहित दिजे निक होई ।

जव वाजका शिर चोट लाग त उपाउ कहुँ । त्रिकुटा, जंवीरको रस्, चूर्णीके क्वाथकी तैल लावै । दिन ३ निश्चल ठौर राषनु दिन १२ तिलका तेल सहित शिकराके शिर दीजै तौ भलो होई । जाके आषि कुर परै जिरा पानि थुकि थुकि आषा घालनू निक होई ।

जे सिकरेहि साक होइ ताको उपाउ कहूँ । भाँगाको रस्, स्त्रीको दूध, चिडाइको मासु लपेटि दीजे दिन ११ तौ भलो होई । दोसरो उपाउ कहूँ । जारो नगनशील नरमूत्रसित आँषि अंजन गर्नु दिन २ तौ भलो होई । दारु हलदी निलोथोतो भाँगके रस सम भागकै वाट वो आँकको दूध सम लेप करि तव दिनु (रति १ दिजै) । मुख पाकदो निको होई ।

जा सिकराके पाउ सुझै ताकौं उपाउ कहुँ । गुलरीको दूध मेले दिन ७, तव भलो होइ । जा सिकराकै मूख पाकै आषि सुझै ताको उपाउ कहूँ । षिरिनकी छाला वुकि चूर्ण वाटिकै कपर्छान करिकै तिल तेल रत्ति २ मासु लपेटि दिजे दिन ४ तौ भलो होई । कटोरेकै पानि दीजै । निक होइ ।

जे शिकरा शेफ होई ताको उपाउ । सूटि, पिपरि, महु सै चरुरट पाके वि भलों होई । जा सिकरा मुष रोग हो, ताको उपाउ कहूँ । नरमूत्र मासु भिजाउनु धूवाकि माटि घोटि मासु लपेटनु षुवाउनु दिन ७ तौ भलो होई । जे सिकरा पजरो होइ, आपु शुलै ताको उपाउ । लवंग जाइपत्री रिषपित्ता दिजै तो भलो होई ।

जो शिकरो अँधरा होई उपाउ कहूँ । पिपलि टंक ४ हरद टंक ४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म्युमाइ टंक ४ साजी टंक ४ चौरु टंक ४ पाडलीकि छाल टंक ४ ए सभ औषधी वाटी नास गर्नु, छेरिके दूध से तिभिजा मासु दिनु दिन २९ तौ भलो होई ।

फूलाको उपाउ । नरमूत्रले नेत्र पषारिके दिजे दिन २१ तौ भलो होई । चिराइको मासु नउनीसहित दिनु दिन ७ मोटोपन होई ।

जे सिकरा तूज होईताको उपाउ कहूँ । निलोथोतो वाटिकै मधु सहित मासू दिजै तौ भलो होई । जो शिकरो दुष सहन होइ, मुह पाकै, चोट लागै, लोहू पडैताको उपाउ । म्युमाइ रत्ति दिजे, नउनीसित मासु दिजै । वडे सिकरेसौं रति २ लहुरेकहि रति १ दिजे दिन ४ तौ भलो होई ।

जव शिकरा श्लेष्म हो त, चिरइको मासु दिजे दिन ३ तौ भलो होइ । जे शिकरा भूष नहो त षाते मासु डार त मधुफूलको रस रति २ सानिकै मांसु चिरइको दिजै दिन ३ तौ भलो होइ । मर्जादा दिन ३ जाइफल लवंग पिपरि वाटि सम भागकै मासु घालि नउनीसित दिनु दिन २१ तौ भलो होई। इति वाजसालिहोत्रे औषधप्रयोग समाप्त ।

धक्ताको उपाउ कहूँ । परेवाकि विष्टि वानरको कपाल षोरो जेठिमह एति औषधा सम गरि नास दिनु अंजन गर्नु पियाउनु वाज धक्तो निको हो ये वाज अचेतो हो त जेठिमह, नील, कस्तुरि परेवाकी विष्टि एति सम गरि धुवा दिनु पुवाउनु वाज घूँवा लाग त निको हो । चेत्त हो । वाज चारो नषा त गुग्गुल, अमरी, मोरको, पोक, एति सम गरि धूवा दिनु पानी नलि छिटनु, पियाउनु तव चारा लाग । छेर्दो थाक ।

कुह्याको मासु षाइ व्यकार हो त निल, गंधक पृथक्-पृथक् रति २ कस्तुरी एति औषधा दुव्ला माशुशित षान दिनु वाज निको हो ।

छेर्दोको उपाउ । एकलकराहाको वीज, शश्र्यु, घृत, धूप दीनु छेर्दो निको हो ।

फटकशीला वाज पड त षति देष । त्यो वाजको गौरो हो । चित्र वस्त्र वाज वेढिकन गौसहित दान गर्नु तव जय होला । तस वाजका पूछमहाँ एक पाटा हो त ठिक नष्टिकारी भन्नु । जस वाजका नष मुष वेग शिर पूछ सव स्वल्प हो त शो वाज शुर्माइ भन्नु । जस वाजका भूमि सकल शेता हुं त शेतो हो त हंस भन्नु । जस वाजको चित्र लिष्याको जसो आकार हो त सो वाज चित्रकारी भन्नु । जस वाजका ठूलो शीर फुलाव त जुडो हो त सो वाज विचित्र भन्नु । इतिसालिहोत्रे वाजपरिक्षा समाप्ता । शुभं ।। स्वस्ति श्री गूहानन्द श्री गणेशाय नमः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

घालनु : हाल्नु ।
चापनु : च्याप्नु ।
शांकदी : स्वाँक स्वाँक गरिरहेको ।
ठहर : ठाउँ ।
टंक : तोला ।
वशा–वेशरा : बाजका प्रकारहरू
शचाइनाको : 'एक प्रकारको बाज'को ।
षुवरी : बाजको किसिम
शिकराकौं : शिकारी चरो अर्थात बाजलाई
जे सिकराके मुष पार्कं : जुन बाजको मुख पाक्छ ।
ताके (कौ, कर) उपाउ कहुँ : त्यसको उपाय भन्छु ।
म्युमाइ : ओषधी विशेष ।
सद्य : साजी ।
औरकन : अरूलाई ।
नजगायो : नब्युँझेको ।
उशिका पोक सहित : उसँको प्वाँखको साथमा ।
आद्दा : ?
मद : रक्सी ।
चिराई (चिडाइ) : चरो ।
नवनि : नौनी ।
होई : हुन्छ (व्रज शब्द) ।
बटइ : बट्टाइँ (चरोविशेष) ।
पाक डाल त : प्वाँख झार्छ भने ।
निलोथोत्तो (तो) : नीलतूथो ।
मनशील : मनसिर < मन:शीला

वहरि : बाजको किसिम
कुइ : बाजको किसिम
षवाउनु : खवाउनु ।
पषेरु : चरो ।
निक रह : निको हुन्छ ।

भूप : भोक ।
भूप षेलनु : भोक जाग्नु ।
झडदो : झरिरहेको ।
लोहू : रगत
तजको : तेज (पात) को (?)
आफू : आँक (?)
कीडो : कीरो
अयार : वनस्पतिविशेष
अलिगार : अरिगाल
पुरनी : पुरुनी (लहराविशेष)
रहै : रहन्छ ।
मुह वावै : मुख बाउँछ ।
जावीर : ज्यामिर ।
हरदी : बेसार ।
जाई : जान्छ ।
गदयि : खुट्टो पाक्ने रोग ।
अैसा : यस्ता
हुँना : हुन्छन्, 'हुनान्' को लागि
तुलनीय हुनन् : होलान् ।
पाक : पाक्छ ।
वेरैवेर : घरिघरि ।
मसुवारै : मुसार्छ ।
वटिना : गोली पार्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साजीको चूर्ण : साजीखारको चूर्ण (?)
कुल्ला गर्ना : कुल्ला गर्नु ।
मूड : निदार (< मुहुडा)
पाडरि : पाटलवृक्ष
शिकेरा पुवाउनु : बाजलाई खवाउनू
षाजरा : ?
घामका समय : गर्मी भएको वेलामा
नसेंमार : समाल्दैन
जवको चूर्ण : जौको धूलो
ओषता : औषधि (वहुव०)
समारिवस् : समारिएला
सगलो दिनभर्को नजगायो : सिगै दिन नब्युँझेको
विजया : मासु ?
तेडि : ?
डार त : झार्छ भने
माझ : मास (?)
हु : हउन्
पिपाल : पिपल
गुलरी : चोप हुने वनस्पतिविशेष
पाय लावनु : पाउ लाउनू
ताउपर् : त्यसमा
प्रातस्कालविषय : बिहान
'विषय' को छोटो रूप : विषे (मा) कवितामा निकै लोकप्रिय छ
निकर्कै : राम्ररी
धोइर्कै : धोएर
फूलाको : मोतीविन्दुको
तूज : सूज (?)
श्लेष्म : कफ
अमरी : अमिलो, तिन्नी
लाउना : लाउनू ।
डारना : हाल्नु ।
वडको दूध : वरको चोप ।
सिधोलून : सिंघेनून ।
आर्पले : आर्फले ।
थुकिर्कै : थुकेर
दिजे सिकराकौ : दिनुहोस् बाजलाई
डारे : झार्छ
भिजाइर्क : भिजाएर (व्रज शब्द)
तौ भलो होई : अनि असल हुन्छ
झूर : जलन (?)
ठौर : ठाउँ
आषि : आँखा
कूर परै : धूलो (?) पर्छ
साक : स्वाँक स्वाँकको रोग
सिकरेहि : बाजलाई
कै : गरी
सुझै : सुनिन्छ
षिरिन : खिर्नी; खिर्रो
वाटिकै : बटारेर
शेफ : सर्दी
सूटि : सुठो
चरूरट : ?
धूवाकि माटि : ध्वाँसाको माटो
पजरो : पंजर
रिर्षापत्ता : भालुको पित्त
अँधरा : अन्धो
हरद : बेसार
चौरु : वृक्षविशेष (?)
नास गर्नु : नस लिनू
फटक शीला : केदार जातिको ढुङ्गो; शालशिला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोर : मुजुर

पोक् : प्वाँख

एकल्कराहाको : संभवतः यो र 'एकत्कल्यामाको' भन्ने शब्द एकै हुन् । त्यसो हो भने यसको अर्थ पनि अनिश्चित छ । हेर्नोस् शी० (४)

गोरो : रोगविशेष

विचित्र : सिउर भएको शिर हुप्प फुलेको बाज ।

षति : क्षति

वेढिकन् : वेह्रेर

नष : नङ

वेग : पखेटा

पुछ : पुच्छर

शुर्माई : नङ, मुख, पखेटा, शिर, पुच्छर छोटो हुने बाज

हस : सेतो बाज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३

भास्वती

अनुवाद (वेनामी)
समय वि. सं. १३९० तिर

संस्कृत मूल श्लोक – १

ओं स्वस्ति श्री गणेशायनमः। श्री सरस्वत्यैनमः। नत्वा मुरारे चरणार वृंदं श्री मान्सदानन्द इतिप्रसिद्धः। तां भास्वतीं शिष्य हितार्थमाह शक्तिविहीने शशिपक्ष खेकैः।

प्राचीन नेपाली अर्थ (पूर्वार्धको मात्र)

मुरारि कृष्णका चरणाग्रकं नमस्कार,करि, शतानन्दनाम नाम ऋषिलै भास्वतीनाम ग्रंथ निर्म्यो।

आधुनिक नेपाली अनुवाद (ऐजनको मात्र)

कृष्ण मुरारिका पाउको अघिल्तिर नमस्कार गरेर शतानन्द नामक ऋषिले "भास्वती" शीर्षक भएको ग्रन्थ निर्माण गरे।

संस्कृत मूल श्लोक – २

अथ प्रबक्ष्य मिहिरोपदशा (त्) तत्सूर्य सिद्धान्त समे समासात्। शास्त्राद्व पिंडः स्वर शुन्य दिग्घ्ने स्तानाग्नि युक्तोंष्ट शतैर्विभक्तः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन नेपाली अर्थ (श्लोक – १को उत्तरार्ध सहित)

शककाल् राख्नु । शशि पक्ष खँकै १०२१ एति अंक शोधना । शेष् र यो अब्दबृन्द भयो जान्नु । अब्दवृन्द राख्नु । स्वर शुन्य दिग् छन १००७ एति शाकेलै गुन्नु । तानाग्नि ३४९ जोर्नु । अष्टशय ८०० भाग् घालनु । जो शेष् रह, सूर्यादि संवत्सर पालक् हो ।

आधुनिक नेपाली अनुवाद (ऐजन सहित)

शक सम्वतबाट शशि पक्ष खैकै अर्थात १०२१ को अंकलाई कटाएर शेष आएको संख्यालाई अब्दवृन्द भएको मानियोस् । सो अद्वबृन्दलाई आधार मानियोस् र स्वर शून्य दिगघ्न अर्थात १००७ को संख्यालाई शाकेले गुनियोस् । तान अग्नि अर्थात ३४९ को संख्या उक्त गुणन फलमा जोडियोस् । उक्त योगफललाई ८०० भाग बाँडियोस् । आएको लाभांकमा अंग अर्थात ६ को संख्या जोडियोस् अनि ७ को अंकले भाग गरियोस् । जे शेष रहन्छ, सूर्यादि संवत्सर पालक ठहरिन्छ ।

प्राचीन नेपाली पाठ

मेषकि संक्रांति हो । दुई जो वार सदा आव । एक १ रया सूर्य, २ चन्द्र, ३ रया मंगल, ४ बुध, ५ बृहस्पति, ६ शुक्र, ७ शनि ।

उक्त पाठको मूल संस्कृत श्लोक

लब्धं नगैः शेषित मंग युक्तं सूर्यादि संवत्सर पालकस्यात् शेषं हरे प्रोज्मन्य पृथग्गजाशा लब्धं रवे रौदइकम् ध्रुवस्यात् [यसमा दोस्रो श्लोकको अनुवाद शशि पक्ष खैकैको सन्दर्भमा भएको छ]

उक्त प्रथम श्लोकको आधुनिक नेपाली अनुवाद

मेष राशि (वैशाख) को सग्राँती होस् । दोस्रो कुरो, जुन वारहरू सँधै आउँछ त्यसमा पहिलो सूर्यबार अर्थात आइतवार, दोस्रो चन्द्रवार अर्थात् सोंवार, तेस्रो मंगलवार, चौथो बुधवार,पाचौं बृहस्पतिवार अर्थात् बिहिवार, छैटौं शुक्रवार अर्थात् सुकवार र सातौं शनिवार अर्थात् सन्चरवार (हुन्छ) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन नेपाली पाठ (क्रमशः)

अष्टशय ८०० भाग् घाल्याको शेष अष्टशयै ८०० मध्य शोधनु । शेष शुद्धि हो । राख्नु । शुद्धि पृथक् राखिन । गजाशा १०८ भाग् घालनु । आया अंशकूं भया शेष् थाइ गुन्नु .....

आधुनिक नेपाली अनुवाद

आठ शयले भाग दिएर आएको शेष आठै शयमा घटाइयोस् । शेष शुद्धि हो । उक्त शुद्धिलाई राख्नु । राख्दा अलग्गै राखियोस् । सो शुद्धिलाई गजाशा अर्थात् १०८ अङ्कले भाग दिइयोस् । आएको भागांशलाई (माथि) भएको शेष् अर्थात् शुद्धिसँग गुनियोस् .....

(अभिलिखित पाठ डा. जगदीश चन्द्र रेग्मीका सौजन्य एवं अनुसन्धानबाट)

विशेष शब्दहरू

करि : गरेर ।
ऋषिलै : ऋषिले ।
निर्म्यो : निर्माण गऱ्यो (नाम धातु) ।
राख्नु : गणित अनुसार घटाउने कार्य नगर्नु ।
शशि : चन्द्रमा (१ अङ्कको प्रतीक) ।
पक्ष : शुक्ल वा कृष्ण पक्ष (२ अङ्कको प्रतीक) ।
ख : आकाश (० शून्य अङ्कको प्रतीक) ।
शोधना : घटाउनु (बहु बचन) ।
शेषरयो : शेष रहेको ।
अद्ववृन्द : वर्षवृन्द ।
भयो जान्नु : भएको जान्नु (पुलिङ्ग एक वचन) ।
स्वर : सङ्गीतका सात स्वर मध्ये एक (७ अङ्कको प्रतीक)
दिग् : दिग्दिगान्तर (१० अङ्कको प्रतीक) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन : गुणन वा गुना ।

लै : ले ।

तान : सङ्गीतका ४९ तान मध्ये एक (४९ अङ्कको प्रतीक) ।

अग्नि : आगो (३ अङ्कको प्रतीक) ।

शय : शय वा सय ।

घालनु : हाल्नु वा गर्नु ।

आया लब्ध मध्य : आएको लब्धाइमध्ये ।

अंग : शरीरको अवयव (६ अङ्कको प्रतीक) ।

शाते : सातमा ।

रह : रहन्छ ।

हो : हो अथवा हुन्छ ।

आव : आउँछ वा आओस् ।

रया : रहेमा ।

अष्टशयं : आठ सय नै ।

मध्य : मा ।

राखिन : नघटाई राख्नु (स्त्रीलिङ्ग, एकवचन) ।

गज : हात्ती (८ अङ्कको प्रतीक) ।

आशा : दिशा (१० अङ्कको प्रतीक) ।

अंशकू : अंशलाई ।

भया शेष थाइ गुन्नु : भएको शेष सँग गुन्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४

खण्ड खाद्यक

मूल संस्कृत लेखक : ब्रह्मगुप्ताचार्य
नेपाली अनुवादक : अज्ञात
अनुवादकाल : सं. १४५० पूर्व
प्रतिलिपिकाल : सं. १६४९

पत्रसङ्ख्या ४९ को उत्तरार्धको नेपाली अंश

खण्डखाद्य कर्ता जो ब्रह्म गुप्ताचार्य छ, ग्रन्थ रचना गर्छ। विघ्न विनाशार्थ निमित्त इष्टदेवता महादेवकि नमस्कार गर्दो छ। जगत् त्रिलोकी भूत संसार जस् महादेवका हेतु मात्र होंइ, उत्पति स्थिति प्रलय तिनै हुँदा छन्। यशो महादेव जो छ तस्किय प्रथमै नमस्कार गरि गणित ग्रन्थको प्रारंभ गर्दो छ। षड्समध्य जशो गौल्य इक्षुरस सवजन प्रिय छ, तांहमहां गुड, गुडै विशेष खांड, तशै त सबुइ शास्त्रमध्य ज्योतिष्, (ज्योतिषइमध्य गणित्)

पत्रसङ्ख्या ५० को पूर्वार्धको नेपाली अंश

(सबुइ शास्त्रमध्य ज्योतिष्) ज्योतिषइमध्य गणित्। गणित तंत्रैमध्य।येश् गू'थ खांड जशो रुचिप्रिय छ भनि खंडखाद्यक नाउं राख्यो। गणितैको विशेष सरल शों अनेक सिद्धान्त तंत्रवेत्ता भट्टोत्फलाचार्य। तस्का मता जो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमिल शो ज्योतिषग्रंथ किछु निद्य हुंदो छ भनि ब्रम्हगुप्ताचार्य लै अति बुद्धि निरूपण करि उत्पलाचार्यका मत अन्तर नजांदो कीयो छ।सिद्धान्त पढि य पूरा ग्रंथ उपर् अर्को आदरणीय आथिना। येशो निश्चय जानि अभ्यास् गर्नु।

प्रायेण वाहुल्यै गरि आर्य भटलै दिनंदिनं प्रति लोक व्यवहारका सिद्धिनिश्चयनिमित्तं अनेकै गणिक कल्पना गरिन्छ। विवाह–जन्म–काल आदि जि कार्य छं स्वल्पोक्ति गरि तर्शका तन्त्रसम पुगदो गरि ब्रम्हगुप्तलै गणित तन्त्र कियो। अत्यन्तै लघु उक्तिवात्। [संस्कृत अंश]। यस खण्डखाद्यक विषयं जो गणित प्रपचकियां छुं, शो शर्व ब्रह्म सिद्धान्तकी वासनाकि युक्ति मेलाइ कह्यां छुं। यशो भंदो छुं, जिष्णुनाम ब्राह्मणको पुत्र ब्रह्मक्षी (ण)

पत्रङसंख्या ५० को उत्तरार्धको नेपाली अंश

(ब्रह्मक्षी) ण युगका जन्म्या शिष्य पूर्व शास्त्र विस्तरमत समजन नशकं भनि तनुका उपकार निमित्तं स्वल्पोक्ति रचना कियां छु। यशो भंद छुं। जिष्णुनाम ब्राह्मणको पुत्र य ब्रह्मागुप्ताचार्य छ।(संस्कृत अंश)। शाउ॰ का भन्ना जो म्लेछ जाति छन् तनुको राजा युद्धविषय विक्रमादित्यलै मान्यो। भलो शुत् पनि थियो, संग्रामः परि गतिपन भै। विक्लंश मिलि तस्को शक्वंध करि क्रमलै शो शककाल् खण्डखाद्यकको प्रथमै आधारभूत् कियो। शो शककाल् धुलौटो राखनु,तांमध्य आग वाल्नु, सरा ५८७ एति अंक शोधि घालना। शेष् जति अंक रहन् खण्डखाद्यक कियां, तति वरिस भया जान्ना। शोइ अंक अर्क गुण (१२), एतिक लै गुन्। वैशाख आदि जस् मासको अहर्गण् गरिय एक आदि संख्या जो पड शो अंकताइ माहा जोडिदिनु शो करणगत् मास जालो। त्रिंशद गुण (३०) तके एतिके अंक गुन्नु। जइ तिथिको अहर्गण करनु छ शुक्लप्रतिपदा एक आदि, कृष्णप्रतिपदा षोड शादि एशि जुगुतिशों तिथि संख्या तां (इ माहा जोडनि)।

पत्रङसंख्या ५१ को पूर्वार्धको नेपाली अंश

(एशि जुगुतिशों तिथि संख्या तां) इ माहा जोडनि। शो करणगत् बासर भन्ना। तव ति अंक द्वितीय स्थानलै राखना। द्वितीय स्थानमध्य इखु (९) एति सहित गर्नु। इखु सहित् किया दिख आनि द्विस्थानी गर्नु। तव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तां मध्य.....। (संस्कृत अंश) । १४९४५ एतिके अंके भाग् घालि जो आव शो अंकमध्यकि अंक पङ्तिमध्य शोधि घालनु शोध्याको शेखमध्य ९७६ इने अंकेलै भाग घल्नु, जति आव शो खण्ड खाद्यक रच्या अंश । तति अधिमास भया जान्ना । ति अधिमासका अंक ३० एतिकलै गुन्ना । शो अधिमासका दिन् जान्ना । उपरिकि अंक पंक्तिमध्य शोधि अधिमासका दिन् जोडि दिना । शो वमरात्रिक अहर्गण भन्नु । शो द्वियानि राख्नु । तव द्वितीय स्थानांक पंक्ति ११ एतिके अंके गुणनि ।

[संस्कृत अंश] । तांइमध्य ४९७ एति आंक जोडि दिना । तव ता होइ द्वितिय स्थानांक पंक्ति राखनि । तां मध्य १११५७३ एतिके भाग घालि जति आवन् उपरि रुद्र गणितांक पंक्ति मध्य शोधि घालनु शोध्या पछि य ७०३ रगतंकलै भाग घा (लनु) ।

पत्रसंख्या ५१ को उत्तरार्धको नेपाली अंश

(घा) लनु । जति आव उपरि अवमरातृक अहर्गणमध्य शोधि जति शेष रह शो सावन मानको अहर्गण भयो जांनु । तां ३ इमध्य ७ एति शेष गर्नु । जति अंक रह शो सूर्यादिवार जान्नु । येस् अहर्गणहोइ सूर्यादि नवै ग्रह उपर अउर ठांव पनि सवै सिद्धकार्य हो । यो अहर्गण गणितको मूल भनि जान्नु । (संस्कृतांश) ।

शुक्रवर्जित् सौरादि शव ग्रहका मध्यमाविलिप्ताथांइ किछु अंस राय जांदो छ भनि ब्रह्मगुप्तलै विलिप्तिसंस्कार कियो । शनिश्चर अर्धरात्रंकमध्यमा मध्य विलिप्ताथांइ पनेउला ३ शोधि घालना । वुध शिध्र विलिप्ता ठांव् पला २२ शोधि घालना । मंगलका पला २ जोडि दिना। बृहस्पति मध्य पला ४ जोडना । एति किया आर्यभटका तंत्र तुल्य हो । ३ ति विलिप्त संस्कार।...

पत्रसंख्या १०५ को पूर्वार्धको नेपाली अंश

(लं) वन् आन्नु । तन मोक्ष कालिक लं वनले ग्रहभुक्ति गुन्नि । मध्य ग्रहकालिकास्फुट ग्रहमध्य जोडि दिनु । मोक्ष लं वनका स्फुटा हुन् । तनु स्फुटाबाट लंवन् आन्नु । तन लंवनले शनिग्रहभुक्ति गुन्मि । मध्य ग्रहकालिका मध्य जोडिदिनु । मोक्ष लंवन कालिका स्फुटा हुन् । तनुशाहबाट अवि लंवल् होइ स्फुटा वारंवार यारत् लंवन् स्थिर नहो तावत् वार गर्ना । शो मोक्ष लंवन् स्थिर हो । शो ग्रहमोक्ष लंवन कालिका भन्ना । इति खंड खाद्यके महा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

करण सूर्यग्रहणधिकार : पञ्चम : अब ग्रहणको परिलेख गर्नु कहु । सूर्यग्रहण सूर्यदिन् चन्द्रग्रहण चन्द्र दिन् फुडा गरि राख्ना । (संस्कृतांश) । जि ग्रहणाक मध्यम तिथि घटिका छन् उइ मध्य ग्रहण भनि जान्नु । जत्ति पार को मध्य ग्रहण भयो छ उइ वेलाका विचार गर्ला । दिनगत घटिका अथवा दिन शेष घटि जि शोकी घडि हुन् तिं घडि दिन मान मध्य जोडि दिनि । दिन मान को ४४ भाग् १ नं जोडिदिनु । तव शो छेद निमित्त ६० गुन्नु । गुन्यामध्य दिनार्घ छेद.....(खण्डित) ।

जातक कर्म पद्धति

पत्रसंख्या १९ को उत्तरार्धको पूर्वार्ध नेपाली अंश

दिनको अर्ध दिना .....नको जन्म जश्को हो को दिनजात् कहनु । दिनार्धमध्य जे दिन जात् पड त पाड्नु । जति शेष रह शो पूर्व नत् जांनु । जव त दिन जात मध्य दिनार्ध पड त पाड्नु । शेष अपर नत् जांनु । (संस्कृत अंश) ।

जव रात्रि जन्म हो त रातृजात् कहनु अर्धरात्रिकको अगिकों जन्म हो त जति घडि रात्रि गयाको जन्म हो दिनार्धमध्य जोडिदिना । शो अपर नतं कहनु । जव अर्ध रात्रिक उपरको जन्म हो त दिनार्धमध्य रात्रि सेखाद्य घटिका जोडिदिनु । शो पूर्वनत् कहनु । (संस्कृतांश) ।

मध्याह्न काल पडां अधिरात्रिक ओडां अपरनत् जान्नु । अर्ध रात्रि उपर मध्याह्न यावत् पूर्वनत् हो । जान्नु । दशौं लग्न आक्ष पूर्वनत् हो त शोधि घालनु । अपर नत् हो त जोडिदिनु । जवर (?) (उन्नत्)

पत्रसंख्या २० को पूर्वार्धको नेपाली अंश

(उ)न्नत् गरिय त शवर(?) पूर्वनत् हो । भाव (?) अपरनत् हो । ३० एतिकमध्य शोधि घालनु । जति शेष रह घटिकादि शो उन्नत् भनि भनि जान्नु । तिशमध्य नशोध्यो नत् २ भन्नु । एशि भांति नत् उन्नत् जान्ना, तव कार्य कर्नु । पैले जातक मार्ग श्री घटिकि पांजि (?) सूर्यादि शातं ग्रह तत्काल मध्यमा गर्ना । (संस्कृतांश) ।

पत्रसंख्या ४८ को पूर्वार्धको नेपाली अंश

जन्मकाल मध्य ४ एतिके लै भाग् घालि (ग्रहादि) आनि राखनु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक् काण ३ सप्त भाग् ७ नवांशक ९ द्वादशांशक १२ तृंशंशक ३० ग्रहादि को जो आनि राख्यो छ तस्मध्य स्थान शमै होरादि आदि तृशक पर्यन्त जति आंक कि संख्या भाग् घालि करिछ तति वल राखना। जो वल होइ को फल् आन्नु छ शो कहुं। जो षड् वर्ग आनि शत्रामित्रि गरिछ तनु शर्वै स्थानका जति वल् पावन्। जा हाइ प्रथम या सम गुणक् आन्नु छ ताहोइ का वलै ग्रहादि आनि तृंशांशक पर्यन्त भिन्न गुंनु। तस् गुन्था मध्य वर्ग्गलै भाग् घालि ग्रहादि शमैं स्थान आनि राखना। ति फल हुन्।

जो ग्रह अरिष्ट हन्ता छ तस् ग्रहका लै एशि भांति वल्-वल् आन्ना जो ग्रह अरिष्ट कर्ता छ जो ग्रह अरिष्ट हन्ता छ इनु दुइ ग्रह अन्तर् गर्नु। अरिष्ट गर्न्या ग्रहको वल्—फल् अधिक हो त जव उशै ग्रहकि दशा आई छ तशै अरिष्ट लागला भन्नु। अरिष्ट हंता ग्रहको वल्—फल् अधिक् हो त किंचित् मात्र क्लेशद होला भन्नु। इति अरिष्टाध्याय समाप्तम्।

(अनुसन्धान पुरातत्व विभागको, सौजन्य)
श्री काशीनाथ तमोटको

विशेष शब्दहरू

गर्दो छ : गर्छ या गरिरहेको छ।
हेतु मात्रै होइ : हेतुबाट मात्रै।
हुंदा छन् : हुन्छन् वा भैरहेछन्।
यशो : यस्तो।
तस्किय : त्यसलाई।
प्रथमै : पहिल्यै।
जशो : जस्तो।
गौल्य : गुलियो।
तांहमहां : त्यसमा।
गुड : गुड वा सखर।
गुड विशेष् : गुडमा पनि।
खांड : सखर पकाएर बनाएको वस्तु, खांड।
सवुइ : सबै।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सरल् शों : सजिलो किसिमले ।
उत्फलाचार्य : उत्पलाचार्य ।
मता : मतमा (तुल, आधुनिक कथ्य नेपाली मर्ता) ।
नमिल : मिल्दैन ।
शो : सो ।
कि छु : केही ।
हुँदो छ : हुन्छ ।
लै : ले ।
करि : गरेर ।
मत अन्तर नजांदो : मत भन्दा बाहिर नजाने ।
कोयो छ : गरेको छ ।
य : यो ।
आधिना : छैन < संस्कृत अस्ति न ।
निमित्त : लागि ।
गरिछ : गरेको छ (स्त्रीलिङ्ग) ।
जिं (जिन्) : जुन (वहुवचन) ।
कियो : गऱ्यो
कियां छु : गरेको छु ।
मेलाइ : मिसाई ।
नशकं : सक्तैनन् ।
भन्ना : भन्ने (वहुवचन) ।
युद्ध विषय : युद्धमा ।
पन : पनि ।
विक्लंश : विकलाश वा मृतक देहको अंश ।
तां मध्य : त्यसमा ।
सरा : समिधा ।
रहन् : रहन्छन् ।
कियां (कियन्) : गरिन्छन् वा हुन्छन् ।
गरिय : गरिन्छ ।
पड : पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताइमाहा : त्यसैमा

तक : सम्म ।

एतिके अके : यतिकै अङ्कमा ।

करनु छ : गर्नु छ ।

एशि : यस्ती ।

जुगुतिशों : युक्तिले ।

जोडनि : जोड्नु (स्त्री लिङ्ग) ।

इख : ? ।

दिख : ? ।

आनि : ल्याई ।

आव् : आउँछ ।

घल्नुं : घाल्नु वा हाल्नु ।

तिं : तो ।

वमरात्रिक : ? ।

गुणनि : गुन्नु (स्त्रीलिङ्ग) ।

पडां : पर्तिर

ओडां : ओर्तिर ।

जवर : ? ।

शवर : ? ।

आंव : ? ।

नशोध्यो : शोध नगरिएको ।

पांजि : पञ्जिका (?) ।

आंक : अङ्क ।

वल : भाग (९) ।

वल होइको : वलबाट आएको ।

कहुं : भन्छु ।

पावन् : पाउँछन् ।

लै : पनि ।

आन्ना : ल्याउनु (वहु बचन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५

आक्षज मल्ल (अक्षय मल्ल) को अच्छाम पंचदेवल शिलालेख

सं. १३३७

ओं स्वस्ति । आक्षज मल्लदेव सपरिवार चिरंजयतु । आत्मनिमित्तार्थे एकोतार सतपुरुष निमितार्थे जै राज प्रसाद करायो । शाके १२०६ । सूत्रधार नागदेव नाम कमायो ।

सौजन्य
राष्ट्रिय अभिलेखालय

विशेष शब्दहरू

आक्षज मल्लदेव : जितारी मल्लका जेठा छोरा अक्षय मल्ल ।
एकोतार : साथै; एक साथमै; उसै क्रममा ।
प्रसाद करायो : दियो; चढायो (तुलनीय "पसा करि अत्र्यां छु") ।
करायो : गरायो ।
कमायो : कुद्यो; कपायो वा कप्यो ।
सुत्रधार : शिल्पी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६

अन्तिम चापवंशी नरेश आदित्य मल्लको गोर्खा अभिलेख

सं. १३७८

ओं स्वस्ति । श्री शाके १२४३ श्री श्री मदादित्यमल्ल देव सपरिवाराश्चिरंजयतु । राइका भाख् पसा कि अक्रि वासगावा लामा सापरिवारि । हाम्रा इं छत्रु – नास हो । हामि दान्पति हो । हाम्रा रख्या स्वस्ति पायिथान रक्षा वा छन् । कटक् आउंदा जांदा गुम्वा घच् नाकिय । कोहि जे घच् कर त सोन तोला १०० को धारो । तास् भलो न कुं । वराम चल्या भाख् पसा भइ ।

(श्री मोहन प्रसाद खनालको 'मध्यकालीन अभिलेख'बाट)

उल्था - ओं भलो छ । श्री शाके १२४३ को समय । श्रीमद् आदित्यमल्ल देवको सपरिवार धेरै कालसम्म जय होस् । राजाद्वारा भाखा पत्र प्रसादका रूपमा कर विहीन गरिथो – सपरिवार वासगावा लामा लाई । हाम्रा यी शत्रुको नास होस् । हामिलाई दान पतिको (पद प्राप्त) होस् । हामीले तैनात गरेका गुम्वाको कल्याण हेतु खटिएका रक्षा (दल) वहाँ छन् । युद्धका निमित्त आउँदा जाँदा गुम्वालाई हानि नगर । यदि कसैले गर्छ भने १०० तोला सूनको दण्ड । त्यसलाई कुनै प्रकारको भलो नाइँ । फौज रवाना भएको बेलामा भाकापत्र प्रसाद भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

राइका : राजाद्वारा

पसा कि अक्रि : प्रसाद गरी करविहीन गरियो ।

छत्रु : शत्रु ।

दान् पति : बाज (भिक्षु) को पद नलिई राज (राजपाट) लिनेलाई गुम्वाका तर्फबाट दिइने सर्वोच्च पदवी।

रख्या (राख्या) : राखेका ।

कटक् : युद्ध ।

सोन : सून ।

थारो : दण्ड ।

वराम : फौज ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७

अपाडराज पुण्यमल्ल राइको ताम्रपत्र

(क) सं. १३९३
गोल्हणलिखित

शी शाके १२५८ कात्तिक सुदि त्रिजयदशम्यां रविवारे । पिउथर्पु राज करि अक्रया भाखा पसा भं । राइको आदेस् । हुम, दाँगका पेखक अडै अधिकारि महर मँहँतौ सभौप्रति सुन र तामा शासन् कनक पत्र कि भाष् करि जयाकर पँडितँ चतु:सीमापर्यन्त विशुद्ध आचँद्रार्कस्थायी सर्ववाधा-विनिर्मुक्त करि पसा करि अक्रया छूँ । पुण्यमल्ल कि शाखा यो भाषा प्रतिपाल । जयाकर पँडितँको पूत् नाति भाइ भतिजा चेलिका चेला आदि भुँचन् । वस्यो रस्यो देखि कोही उलटा पलटि कर्न नपांवन् । आपनँ उचितं करि जयाकर पंडितं ढुँयन् । अत्र साक्षिणौ सूर्याचंद्रमसौ, बुद्धधर्मसंहा:, लंवपादानां चत्वारि स्थानानि, सर्वेहिता:, सर्वे भांडागारिण: । .....लिखितं श्री गोल्हणेन । शिवमस्तु । श्रीपुण्यमल्ल ।

उल्था—श्री शाके १२५९ कात्तिक सुदि आइतबार विजया दशमीका दिन पिलथर्पुमा राज भई करविहीन तुल्याइएको भाखापत्र बक्सियौ । राजाको आंदेश (भयो) :- "हुम, दाङका पेखक, अडै, अधिकारी, महर, मँहँतौ (इत्यादि थर भएका मानिस) गैरहके । कनकपत्रको भाखा गरी जयाकर पण्डितलाई चारै किल्लामा दोष नभएको, घाम र जून रहेसम्म टिकिरहने सून र तामाको शासन सबै बाधाहरूबाट मुक्त गरी दान गरी अकर गरिदिएको छु । पुण्यमल्लको सन्तानले यस भाखालाई पालन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरोस् । जयाकर पण्डितका छोरा, नाति, भाइ, भतिजा छोरीका छोरा इत्यादिले भोग गरून् । रस्ती बस्ती बसाएको देखेर कसैले उल्टापाल्टी गर्न नपाऊन् । आफ्नो माफिक ठानी जयाकर पण्डितैले चलन गरून् । साक्षीहरू- सूर्य चन्द्रहरू, बुद्ध-धर्म-संघहरू, लामाहहल्का चारै तीर्थ (बोधगया, सारनाथ लुम्बिनी, कपिलवस्तु)हरू, सबै हित (थरका मानिस)हरू, सबै भँडारीहरू । लेखक गोल्हण । शिव होस् । श्री पुण्यमल्ल ।

विशेष शब्दहरू

पिउथर्पु : संभवत: यो पुण्यमल्लको छोटी राजधानी थियो । सं. १३९४ को ताम्रपत्र पनि पिउथर्पुबाटै जारी भएको छ ।

राजकरि : रहेर, राज भएर ।

अक्र्या : अक्र्यो-को तिर्यक कारक । हेर्नोस् 'रस्यो बस्यो' (तल)। यसको अर्थ हुन्छ 'अकर गरिएको अर्थात् करविहीन तुल्याइएको ।'

शासन् : भाखापत्र

भाष : भाखा । स्त्रीलिङ्ग ।

पसाकरी : दान दिएर । < प्रसाद ।

पूत् : छोरो ।

भुँचन् : भोग गरून् । 'भुँच' को बहुबचन ।

हुम : ठाउँको नाउँ । तुलनीय हुमगाउँ, हुम्ला ।

दाँग : दाङ ।

पेखक : थर बिशेष । > सं० प्रेक्षक।

अडै : थरविशेष । यसको शाब्दिक अर्थ हुन्छ अठोट गर्ने अथवा अह्राउने । तुलनीय अडै बम, अठौती मल्ल, अडिनी (दर्जाविशेष) इत्यादि ।

महर : थरविशेष । मगर ?

मँहँतौ : थरविशेष। तुलनीय वर्तमान 'महतो' ।

तुलनीय–रसबस, रस्तीबस्ती ।

देखि : देखेर ।

उलटा पलटि ; उल्टापाल्टी ।

कर्न : गर्न ।

नपाँवन् : नपाउन् :

आफ्नै उचितै करि : आफ्नो माफिकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्यौ रस्यो : निवास गरेको । उहिले 'बस्नु'को अर्थमा 'रस्नु' प्रचलित भएको बुझिन्छ । ठानी । पँडितँ ढुँयन् : पण्डितले नै चलन गरुन् ।

खुरे टिपोट– पुण्यमल्लको यो अभिलेख छोटो भए पनि यसले सिजालीमाउ-भाषामा बेहोरा पर्गेल्न औंधी सघाएको छ ।

(ख) संवत् १३९४

श्री शाके १२५९ वैशाख सुदि १३ रवौ विउथपुं राज करि अक्रया भाषा पसा भं । राइको आदेश् ।

ठिक्यां उकुँका आला २ सांखा रांछुको आलो १ लुसां विन्याको आलो १ कोट मनदेवको आलो १ सभं एकत्र आला ५ । सूर्यग्रहण सर्वंकर अकर करि आला ५ पसा भया । श्रीपुण्यमल्लकि शाखा प्रतिपाल । विद्याकर पँडितँकि शाखा भाइ भतिजों चेलिको चेलो आदि भुँच ।

उल्था–श्री शाके १२५९ वैशाष सुदि १३ आइतवारका दिन विउथर्पु (भन्ने ठाउँमा) राज गरेको बेलामा (यो) भाकापत्र दान गरियो । महाराजबाट (अनि यस्तो) आदेश (भयो) ।

ठिक्यां उकुँ (भन्ने ठाउँ) का दुई खेत, सांखा रांछू (भन्ने ठाउ) को एक खेत, लुसां विन्या (भन्ने ठाउँ) को एक खेत, कोटअन्तर्गत मनदेवको एक खेत—सबै जम्मा गरी पाँच खेत । सूर्यग्रहणको अवसरमा सबै तिरो नलाग्ने गरी (यी) पाँच खेत दिइए । (यस भाकापत्रलाई) श्री पुण्य-मल्लका सन्तानले पालना गर्नू । विद्याकर पण्डितका सन्तान, भाइ, भतिजो छोरीको छोरो इत्यादिले भोगचलन गर्नु ।

विशेष शब्दहरू

पुण्यमल्ल : पृथ्वीमल्लका बाबु । अचेल हुमदरामा पुनिमल पट्टी भन्ने ठाउँले पुण्यमल्लको सम्झना

अक्रया : करविहीन पारिएको । नामधातु अकर्नु— को असमापिका रूप ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिलाउँछ ।

विउथर्पु : एक ठाउँ । स्वरूदरामा अझै एउटा ठाउँको नाउँ नाथर्पु छ । थर्पु शब्द स्थानको द्योतक हुनुपर्छ । गम दरामा एउटा गाउँको नाउँ थर्पु छ ।

करि : गरी ।

ठिक्याँ)
साँखा)
लुसा) विउथर्पु अन्तर्गत स्थानहरू
कोट)

उकुँ : ठिक्याँको एक अंचल ठिक्याँ अचेल साम्री दरामा छ ।

राँछु : साँखाको एक अंचल

विन्या : लुँसाको एक अंचल

भाषा : भाकापत्र ।

मनदेव : कोटको एक अंचल

पसा : प्रसाद ।

आलो : खेत ।

भै : भयो । (स्त्रीलिङ्ग)

आला : खेतहरू ।

राइ : राजा

सभै : सबै

एकत्र : जम्मा

पसा भया : प्रसाद भए ।

शाखा : सन्तान (स्त्रीलिङ्ग)

भाइ : भाइ

भतिजो : भतिजो ।

प्रतिपाल : पालना गरोस ।

चेलि : छोरी ।

चेलो : छोरो

भुँच : भोग गर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८

अपाडराज पृथ्वीमल्ल राइ

(क) कनकपत्र (संवत् १४१३)
(शिवदेव पण्डितलिखित)

श्री शाके १२७८ श्रावण सुदि १० शुक्रे राइको आदेस् । जुम्ला दुलुँ कुइना पलाता राकस्कोटका अधिकारि कार्कि खंड्गाहा बुढा थापा छिर्यांका अडै अधिकारी वियापारि साहानि सभौप्रति । मेरि जन्मौति ढोया आखर पढायाका प्रसाद गोल्हु जोइसि कनकपत्रकि भाषा पसा करि अक्र्याँ छुँ आ. १ गमौडिको द्योपाल भँडारिको काठ्या खेतसहित, आ. १ वाँजकोटको पुन्या पाटाकँ चौथांग सहित पुरो करि, आ. १ नमजैको धारगाडको बिन्या कठैतको १।। कुइना पाथरराशिको, आ १ हेप्कोट लखुंनाडा खेतगांवको, आ १ थिडवुँ खिर्पैको, छिर्यांको जांवु गाँउ १ ।

एति वृत्ति पूर्विलि आदित्यमल्लराइका पुण्यमल्ल राइका तारादेइ गोसाइ तिपाय हिम्जिउकि सूर्यग्रहण चन्द्रग्रहण संकल्प घलि पसा करि अक्रि । असेल म पनि आचंद्रार्कस्थायी सर्वबाधाविनिर्मुक्त चतुःसीमा पर्यन्त विशुद्ध, सर्वकर अकर्, सर्वसेवाविरहित् कनकपत्रकि भाषा करि, शासन् दोहोलि करि गोल्हु जोइसि पसा करि अक्र्याँ छुँ । डंड कुंड मोड अपुताली मुडालि पेटालि चोरि जारि कर कुत् जिउँ कुडियो झर्यांपा गुँफ्याँ कडितो पाषो ऊइडो उहारो मानु मुठो बेठ बाउलो दुवाँउँ पिठायो पोटलो आदि करि सभै छत्तीसै कर छाडि अक्र्याँ छुँ । छिर्यांका गांवकि चरि काटन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोहि नपाव । बेसाहा एकटँ कि कुडि दाम, वंदनाचार छपर दाम, वेठ, सुतो, रुवो आदि करि सभै कर् छाडि अक्रयाँ छुँ । एस कनकपत्र भितराक बृत्तिकँ निमित्त कठक् कुढ सेवा धारा सभै छाडि अक्रयाँ छुँ । च्यापाजिउ हिम्जिउका आप्ना पुण्यनिमित्तँ धर्म शासन् करि पसा करि अक्रयाँ छुँ । एस कनकपत्र भितरकि भाषा गोल्हु जोइसिका पूत नाति भाइ भतिजो चेली-को चेलो आदि पाव । जो यो कनकपत्र भितरकि भाषा घाल घलाव षोस षोसाव सो आप्ना द्योपितर एकँ सँ पुरुषा कुँभीनरक घाल । ब्रह्मा विष्णु ईश्वर वुद्ध धर्म संघ एतिकँ देवँ घाले । जो एति षौकिया नमानि एस् कनक-पत्र भितर्कि भाषा घाल घलाव एकँ उपद्रव कर, तास्को बुवा गादह तासकि आमा सुंग्रि । जो यो भाषा प्रतिपाल सो पुण्य पाइय ।

भूमंडल साक्षिण:– आछामि राउला, भर्ताकोटि राउला, विस्पति-राउला, फैत्याल राउला; हिरू राउला, कुँवर भार, वलाल चंद, अभु भँडारि, किदि थापा, इत्सकु जोइसि, संकर्यो भँडारि । लेखक-श्री शिवदेश पंडित : शुभमस्तु ।

उल्था—श्री शाके १२७८ साउन सुदि दशमी सुक्रबारका दिन राजाको आदेश (हुन्छ):—"जुम्ला दुल्कु कुहैना पलाता (एवं) रासकोटका अधिकारी, कार्की, खँड्का, बुढा, थापा अनि छिर्याँका अडै, अधिकारीं, व्यापारी, साहानी गैरहके । मेरो जन्मपत्रिका बनाएको र अक्षर पढाएको हुनाले गोल्हु जैसीलाई कनकपत्रको भाकापत्र गरी गमौडीको देवपाल भँडारीको काठ्या खेतसहित एक खेत, बाँजकोटको पुरिएकों एक चौथाइ पाटालाई समेत पूरा गरीकन एक खेत, नमजैअन्तर्गत धार खोला बस्ने बिन्या कठायतको एक खेत, कुइनाअन्तर्गत पाथरराशिको डेढ खेत, हेपकोट अन्तर्गत लंखुनाडा खेतगाउँको एक खेत, थिँडबुँ खिर्पेको एक खेत, छिर्याँको जावुगाउँ करविहीन तुल्याई दिएको छु ।

तारादेवी, गोस्वामी एवं हिमजिउका चरणत्रयमा सूर्यग्रहणमा चन्द्र-ग्रहणमा सङ्कल्प गर्दै यति बिर्ता पूर्वज आदित्यमल्ल राइ र पुण्यमल्ल राइले दानस्वरूप करविहीन गरिदिएको थिए । अहिले मैले पनि सूर्य-चन्द्र रहुन्जेल सम्मको लागि स्थायी हुने गरी सर्व विघ्न बाधादेखि मुक्त गरी विशुद्ध चौकिल्ला बनाएर सोही शासन (अर्थात् आदित्यमल्ल एवं पुण्यमल्लको भाकापत्र) लाई दोहोऱ्याउँदै सबै करहरू मिनाहा भएको सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवाहरूबाट छुटकारा पाएको कनकपत्रको भाकापत्र गरी गोल्हु जैसीलाई कर नलाग्ने गरी दान दिएको छु । डंड कुंड मरौपरी अपुताली मुडाली पेटाली चोर जारी कर कुत जिउँ (?) कुडियो झचांपा गुफ्यां कडितो पाषो उइडो उहारो मानु मुठो बेठ बाउलो दुर्वाउँ पिठायो पोटलो इत्यादि लगाएत सबै छत्तिस करहरूलाई छाडि दिएको छु । छिद्यां गाउँको खर्क कसैले काट्न पाउने छैन । एक रुपैयां बिस दामको बेसाहा, वंदना चार धुरी कर, बेठी, सूतीकर, कवासकर आदि सबै कर छाडिदिएको छु । च्यापज्यु हिमजिउ र आफ्ना पुण्यको खातिर थर्मशासन गरेर दान दिएर कर विहीन (समेत) पारिदिएको छु । यस कनकपत्र भित्रको भाकालाई गोल्हु जैसीका छोरा नाति भाइ भतिजा छोरीका छोराले पाऊन् । जसले यस कनकपत्रको भाकालाई नास्ला नसाउला खोस्ला खोसाउला उसले आफ्ना द्यौपितर सहित एक शय पुर्खालाई कुंभीनरकमा पार्ला । ब्रह्मा विष्णु ईश्वर बुद्ध धर्म संघ यति देवताहरूलाई आघात पुज्याउला । जो यति आज्ञा नमानी यस कनकपत्र भित्रको भाकालाई नास्ला नसाउला अथवा यस्तै अरु उपद्रव जसले गर्ला त्यसको बाबु गधा होला त्यसकी आमा सुँगुर्नी होली । जसले यस भाकालाई पालन गर्ला त्यसले पुण्य पाउला ।"

भूमण्डलका साक्षीहरू—आछामी राउला, भर्ताकोटी राउला, बृहस्पति राउला, फैत्याल राउला, कुँवर भार, वलाल चंद, अभु भँडारी, किंदी थापा, इत्सकु जोइसी, शंकरदेव भँडारी । लेखक—श्री शिवदेव पण्डित ।

शुभम् ।

विशेष शब्दहरू

आदेस् : आदेश

राकस्कोट (राक्षसकूट) : रास्कोट ।

अधिकारी : अधिकारी)
जोइसि : जैसी)
भँडारि : भँडारी)
पंडित : पण्डित)

खस समुदायका ब्राह्मणका उपाधिहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राउला (राहुत))
चंद (चन्द)) खस समुदायका
मल्ल (मल्ल)) क्षत्रियका उपाधिहरू

कार्कि (कार्की))
खंड्गा (खँडका)) खस समुदायका
बुढा (बुडा) !) वैश्यका
बियापारा (बनिया)) उपाधिहरू
साहानि (साहानी))
थापा (थापा))

लभौ : सब ।

तिपाय (त्रिपादिक) : तीनजना अर्थात् तारादेवी, गोस्वामी एवं हिमजिउका चरणमा ।

गोल्हु जोंइसि : गोल्हु जैसीलाई । (जोइसि < *ज्योतिषिम् : ज्योतिषिनम्)

पसा करि अक्रि : प्रसाद गरिदिए । कर्मणि अंतर्गत समापिका क्रिया 'अक्रि' स्त्रीलिङ्गी 'वृत्ति' को लागि प्रयुक्त भएको हो ।

धारगाड : एउटा खोलो एवं त्यस नजीकको स्थान । (गाड : खोलो)

असेल : अचेल उपपत्तिको दृष्टिले यो शब्दको व्याख्या गर्न सकिएको छैन ।

भाषा : भाकापत्र (स्त्रीलिङ्ग)

जन्मौति : जन्मकुण्डली (जन्मात्री)

ढोया : बोकेको

आखर (अक्षर), प्राकृत अक्खर ।

घालि : हाली ।

गमौडि : ठाउँको नाउँ (स्त्रीलिङ्ग) यसको पुंलिङ्गी गमौडी बाटै आज 'गौंडो' जन्मेको होला ।

सभै : सबै ।

नपाव : नपाओस् :

वेसाहा : बेसाहा; कर विशेष ।

द्योपाल : देवपाल

पाटाकँ : पाटा अर्थात् बारीलाई (कँ : कन)

चरि : खर्क (स्त्रीलिङ्ग)

एकटँकि कुडीदाम : एक रूपियाँ बीस दाम ।

चौथांग : चतुर्थाङ्ग । प्राकृत चउत्थङ्ग ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

करि अक्र्यां छुँ : करविहीन तुल्याएको छु । अक्र्यां < *अक्र्यां । अक्र्यां * < अकर+यां ।

दोहोलि : दोहोरो । यो स्त्रीलिङ्गी रूप हो । अचेल धामीहरूको मुखबाट निस्कने 'दोहोलो' पुंलिङ्गी रूप हो ।

डंडकुंड.....पिठायो पोंटलो— त्यसताक प्रचलित केही करहरू ।

आ. १ : आलो एक ।

वृत्ति : बिर्ता (स्त्रीलिङ्ग)

पूर्विलि : पूर्वेली, पुर्वा ।

आदित्यमल्ल : जितारिमल्लका छोरा । यी नागवंशका खस नरेश थिए । सम्वत् १३८५ मा यी काठमाडौं आएका हुन् । संभवतः नागवंशीहरू आफूलाई चंद्रवंशी मान्दथे ।

पुण्यमल्ल : पृथ्वीमल्लका बाबु । यिनको सं. १३९४ को ताम्रपत्र नेपाली भाषामा फेला परेको नमूनाहरूमा सर्वप्राचीन मानिन्छ । पुण्यमल्ल सूर्यवंशी नरेश आदिपालको वंशज श्री जयाख्यका छोरा हुन् । आदित्यमल्लका नाति खसनरेश प्रतापमल्लको अपुताली परेपछि पुण्यमल्लले नागवंशको राज्य पनि हात पार्छन् ।

बेठ : बेठी ।

छपरदाम : धुरीकर ।

पायर राशि : ठाउँको नाउँ । संस्कृत प्रस्तर > प्राकृत पत्थर > पाथर ।

खेतगांव : ठाउँको नाउँ क्षेत्रग्राम > प्राकृत > खेत्तगाम खेतगांव अचेल गांव < गाउँ भएको छ ।

जांबु गांउँ : ठाउँको नाउँ । संभवतः यो 'जाम्बु ग्राम' बाट आएको हो ।

'चापजिउ' को विकृतरूप पनि हुन सक्छ । ज्ञातव्य के छ भने खस नरेश चाप नागवंशका द्वितीय शासक हुन् ।

पूत : छोरो ।

घाल घलाव : नासोस् नसाओस् ।

षोस षोषाव : खोसोस् खोसाओस् ।

आप्ना : आफ्ना ।

एकँ सँ : एक सय ।

पुरुषा : पुर्खा ।

कुंभीनरक घाल : कुंभीनरकमा हालोस् ।

हिमजिउ : संभवतः यो हो हिमद्युति (चन्द्रमा) बाट आएको शब्द । यसबाट के स्पष्ट हुन्छ भने आदित्यमल्लहरू आफूलाई चंद्रवंशी मान्दथे ।

तारादेइ : (तारादेवी) हरिततारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुतो (धागो) सूती कर ।
रुवो : कपास ।
वृत्तिकँ : बिर्तालाई
कठक.....धारा=सर्कारलाई विभिन्न रूपले दिनुपर्ने दायित्वहरू ।
च्यापाजिउ : च्याप्ज्यु, पुर्खा । यो
एकँ उपद्रव कर : एकँ प्रकारको उपद्रो गरोस् ।
तासको : त्यसको ।
वुवा : बाबु ।
गादह : गधा ।

भृकुटी । गोसाइ (गोस्वामी) : बोधिसत्व भृकुटीका पति।
एतिकँ देवँ : यति देवताहरूलाई ।
घाले (१) : नष्ट गरोस् ।
षौकिया : आज्ञा, आदेश ।
भितर : भित्र ।
तासकि : त्यसकी ।
सुँग्रि : सुँगुर्नी ।
प्रतिपाल : पालना गरोस् ।
पाइय : पाओस् ।
संकर्द्यो : शंकरदेव ।

(ख) ताम्रपत्र (सम्वत् १४१५)
(जुठाद्यो जोइसिलिखित)

श्री शाके १२८० श्री संवत् १४१५ मार्गशिर वदि १३ सोम राइको आदेस् । पँलाँताको मझाडाको आलो० : । हाथँको छन्दो मग्गिरमास संक्रांतिका दिन सोमवार तिहिं वैश्वानरँ हरिशंकरी यात्रा करि अक्र्या हुँदा तिलेकुसे सहित संकल्प घालि सर्वदोश विशुद्ध सर्वबाधाविनिर्मुक्त ताँवा शासन करि देउराज जोइसि पसा कि अक्र्याँ छु । झाँपा गुँफ्लाँ कडता पाखो जिउँ पुलो मौनि चौनि डंड मोड अपुतालि मुडालि पेटालि सवै छाडि छत्तीस कर अकर करि पसा कि अक्र्याँ छुँ । श्री पृथ्वीमल्लकि साखा पसा करि अक्रँ । देउराज जोइसि कि अक्र्याँ छुँ । श्री पृथ्वीमल्लकि साखा पसा करि अक्रँ । देउराज जोइसि कि शाखा चेलिको चेलो भुँच ।

अत्र साक्षिण: सूर्याश्चंद्रमसौ । बुद्धधर्मसंघा: । आमात्या: जगतिर्सिंह राउला विस्पति राउला । किदि सेनवाल । वाछु भँडारि । सक्तु जोइसि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संकर्यो भँडारि । लेखक जुठाद्यो जोइसि । य भाषा पशा करि अक्र्यो छु । घात् तासाको वाप गधामा सुगरि ।

उल्था— श्री शाके १२८० श्री संवत् १४१५ मंसिर कृष्ण त्रियोदशी सौंबारका दिन राजाको आदेश (हुन्छ)—"पँलाँताको माझाको (आफ्ना) हातको अर्थात् म आफैले भोग चलन गरि आएको खेतको आधा (भाग) मंसिरमासको संक्रातिका दिन तीने वैस्वानरमा हरिशंकरी (?) यात्रा गरी आएको हुँदा तिल कुशको साथमा संकल्प गरेर सर्वदोषले विहीन विशुद्ध सबै वाधाहरुबाट मुक्त ताम्रशासन गरी देवराज ज्योतिषीलाई प्रसाद गरिदिएको छु । झाँपा गुँफ्या कडता पाखो जिउँ घाँसकर मौनि चौनि डंड मृत्युकर अपुतालो मुडाली पेटाली आदि सबै छाडी सबै छाडी छत्तीसै कर-बाट मुक्त पारी प्रसाद गरिदिएको छु । श्री पृथ्वीमल्ल राजाको सन्तानले प्रसाद गरिदिऊन् । देवराज ज्योतिषीको सन्तान अथवा छोरीको छोराले भोग गरोस् ।

विशेष शब्दहरू

पँलाँता : पँलाँताको भन्ने ठाउँको ।

मझाडाको : मझाडो अर्थात् बीच भागको । अचेलको 'मझेरी' स्त्रीलिङ्गी *मझाडी बाट अकर आएको देखिन्छ :

०।। : 'आधा' बुझाउने संकेत चिह्न ।

हाथैको छन्दो : हातैको छँदो ।

मग्शिर मास : मंसीरमास ।

तिँहिँ विश्वानरँ : तिनै वैश्वानरमा ।

यात्रा करि अक्र्या हुँदा : यात्रा गरी गरेको हुँदा ।

ताँवाशासन : ताम्रशासन ।

देउराज जोइसि : देवराज जैसीलाई ।

पसा करि अक्रँ : प्रसाद गरी अकर गरून् ।

विस्पति राउला-संकर्यो भँडारी } यी दुईजना कनकपत्रका पनि साक्षी छन् ।

किदि सेजवाल : संभवत : यी कनक-पत्रमा वर्णित किदि थापा नै हुन् । यसो हो भने सेजवाल थापा उपाधिको एउटा थर हो । अर्थात् किदि थापाको थर सेजवाल रहेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाखो (तुलनीय कनकपत्रको पाषो)। झांपा (तुलनीय कनकपत्रको झचांपा)।

पुलो (:घांसको मुठो घांसकर।

मौनि चौनि : कर विशेष :

पसा कि अक्रचां छु : प्रसाद गरी अकर गरेको छु।

कडता (तुलनीय कनकपत्रको कांडतो)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९

अभयमल्ल राइ

ताम्रपत्र (सम्वत् १४३३)
(धर्मराज जोइसिलिखित)

श्री शाके १२९८ फाल्गुन वदि ७ रवौ राइको आदेस् । वाञ्रुँका अधिकारी कार्कि प्रति । आ० ।। अँदर गावँको वेलकाँटियो निभौनके गढेसहित् एकत्र आलो १ ।। सर्वकर अकर सर्वदोष विसुद्ध कि जैवह्म जोइसि पसा कि अक्रयाँ छुँ । मुडाली पेटाली मोड् अपुतालि जारिदोष सभै छाडि अक्रयाँ छुँ । झर्यापा गुँफ्या कडित्या कुत् भात् पोटलो पिठायो कोहि लैन नपाव । जो भाषा पृथ्वीमल्ल राइका पसा कि थि तै भाषा त पसा कि अक्रयाँछुँ । यो भाषा अभयमल्लकि साखा पसा कि अक्र जैवह्म जोइसि महिराज जोइसिकि साखा चेलीको चेलो आदि भुँच ।

अत्र साक्षिण—सूर्या चन्द्रमसौ रत्नत्रयं । भूमण्डलका साक्षि–जैत्वह्म राउला सिरिवह्म राउला राजवह्म राउला । पैंखक् अजु षड्गाहा । लेखक धर्मराज जोइसि ।

उल्था–श्री शाके १२९८ फागुन कृष्ण द्वितीया आइतबारका दिन राजाको आज्ञा हुन्छ- "बाञ्रुँका अधिकारी औ कार्कीहरू प्रति । सबै करहरूदेखि मुक्त गरी सबै दोषहरूदेखि रहित गरी अँदर गाउँको आधा खेत र बेलकाँटियो (?) निभौनको गढे (?) सहित जम्मा डेढ खेत जयब्रह्म जैसीलाई प्रसाद गरी अकर पारिदिएको छु । मुडाली पेटाली मृत्यु-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर अपुताली जारीदोष सबै छाडेको छु। झर्चांपा गुँप्यां कडिता कुत भात पोटलो पिठायो लिन कसैले नपाओस्। जुन भाकापत्रलाई पृथ्वीमल्ल राजाले प्रसाद गरी अकर पारिदिएका थिए त्यही भाकापत्रलाई मैले प्रसाद गरी अकर पारिदिएको छु। यस भाकापत्रलाई अभयमल्लको सन्तानले प्रसादस्वरूप अकर पारिदिनू जयब्रह्म जैसी र महिराज जैसीका सन्तान या छोरीको छोरो इत्यादिले भोग गर्नू।"

साक्षीहरू–सूर्यचन्द्र औ त्रिरत्न। भूमण्डलका साछीहरू–जैत्रब्रह्म राउला श्रीब्रह्म राउला राजब्रह्म राउला। प्रेक्षक– अजु खँडका।

लेखक धर्मराज जैसी।

विशेष शब्दहरू

अभयमल्ल : पृथ्वीमल्लका छोरा।

वेल काँटियो...गढे समेत (यस वाक्यांशको अर्थ उद्घाटित भएको छैन।)

१।। : डेढलाई बुझाउने संकेत।

कडित्या—तुलनीय छन् पृथ्वीमल्लका अभिलेखमा पाइएका 'कडता' र 'कडितो'।

लैन : लिन।

पसा कि थि : प्रसाद गरेका थिए (कर्मणि प्रयोग। 'कि थि' क्रिया स्त्रीलिङ्गी कर्म 'भाषा' को अनुसार)

तै : त्यही।

साखा : शाखा (सन्तान)। स्त्रीलिङ्ग।

सिरिवह्य :श्रीब्रह्म षड्गाह (खँड्का) < खड्गग्राहक।

पेखक (दर्शक) > प्रेक्षक।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०

ज्वरोत्पत्ति चिकित्सा—बेनामी (संभवतः 'औषध रसायन'को मूल)

रचनाकाल- सं. १४५० पूर्व
प्रतिलिपिकाल- सं. १७७३ भदौ
प्रतिलिपिकार- वाणीविलास ज्योतिर्विद
भाषा- प्राचीन नेपाली

श्रीधन्वंतरे नमः । आलस्य हो भ्रम हो । अशंमल हो । जाडो लाग। लाटो कालो होइरह । शर्व आँग दुष । कँडा ववुरन् । मुखकों वर्ण फिर । मुख मधुर हो । शोष तालु शुक । सर्व्वांग छाडि आव् । थोको ज्वर हो । मंदाग्नि हो । ताति वस्तशु मन हो । निद्रा हो । भाइर थोका हो । जिह्वा स्वाद नी हो । इतिक वायुका चिह्न हुन् ।

कुरिलाको रस गुर्जाको रस वरावरी कँ गुड हाली पिणु दिनु बात ज्वर हर ।

अतिसार हो । भ्रम हो । हातपाउ-सर्वांग जलंत हो : ज्या त्या बहुत बोल । वहु तीश हो । भ्रम दाह प्रलाप कर । शोक मुख तितो हो । नाक मुख पियला हुन् । मुर्छा हो । इतिक पित्त ज्वरका चिह्न हुन् ।

किटाउलों कोशो पिपल मोड कटुकी मुथो हरडो पैण १० भरि क्वाथ पकाइ निचोडि पिणु दीनु वात पित्त कफ ज्वर हर, भूक कर पाचन कर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति आरग्वध क्वाथ ।

वायुज्वर दिन ७ रह पित्तज्वर दिन १० रहं । कफज्वर दिन १२ रहं ।

दिन ७ तरुण ज्वर कइछ । दिन १४ लगं मध्य ज्वर कइंछ । उति उपर वृद्ध ज्वर हो ।

गुडूचि निव घनीया पद्माष रक्त चन्दन—यो क्वाथ सर्वज्वर हर । इति गुर्दूच्यादि क्वाथ ।

मुथो नानु कुरिलो कंटकारी गुर्जो इतिकको क्वाथ कै दिनु कफ वायु पित्त हर । आंगको दाह पाणिकी तीश ज्वर इतिक अवगुण हर । इति मुस्तादि क्वाथ ।

वाशिग कंटकार नानु कुरिलो कटुकी कडा तीतो इतिक औषधाको क्वाथ षांडसँग पिनु दाह तृषा मूर्छा भ्रम इतिक अवगुण हर । जसो शिवि चितोइ पाप जा तशो पित्तो ज्वरजा ।

घियमाज अवला भुटि चूर्ण कै कणाकों पाणि तातो कै लेप कनु दाह सांत हो । किंवा वैरका पात पिसि लेपन कनु दाह सांत हो । इति पित्त ज्वर ।

शुष्को शेषालो हो । विह्वल हो । आंग जर्ज्जरी हो । मुख गुलाइ हो। ताता पाणिशुं इछा हो । आलस्य हो । इति कफज्वर चेष्टा । नीम शुंठी पिप्पलमोड हरडो कटुको कीडाउल कोशो, इतिक वरावरी भाग कै क्वाथ कै पिणु दिणु । श्लेष्मज्वर हर । मुथो कंटकारी शुंठी इ वरावरी कै क्वाथ कै पिणु दिनु श्लेष्मज्वर जा ।

वार्शिग् अतीश कूट् द्यार शुटो मुस्था एतिक औषधा वरावरी कै क्वाथ पिणु दिणु श्लेष्मज्वर हर । इति श्लेष्मज्वरे ।

उप (व?)शाशी हो । काशो हो । तोश हो । व्रषालो आव् । विकल हो । मुख गुलीयो शेपालो हो । मुख पानि सरसरा । निद्रा आव् । शिर दुख । कँडा ववुरन् । वायु पित्त ज्वरका एशा चिह्न हुन् ।

हरडा बयडा आंला शिमल रास्तारा गुर्जो किटाउलो वार्शिग इतिक औषधा वरावरि क्वाथ कै निचोडि पिणु दिनु, प्रातःकाल वात पित्त ज्वर हर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जेठो म चोत्तरो किर्मडो गोलाकाकडी किटाउलो मुथो निवंकी साला एतिक औषधि वरावरी भाग कै क्वाथ कै पिणु, वायु पित्त ज्वर जा। इति वायु पित्त ज्वरे।

शीतलो हो। दाह हो। रुचि न हो। काँशो हो। तीश लाग षरी। असमल होइरह। मुख तीतो हो। आलस्य हो। श्लेष्म पित्तका ऐशा चिह्न हुन्।

पीटोली नीम् हरडो कटुकी गुर्जो कोइडका विया वाशिग मोथो विजया श्रीषंडचंदन इतिकको क्वाथ कै पिणु श्लेष्म पित्त ज्वर जा।

आँग शिलो जसो हो। अन्नशुं रुचि न हो। कान हातपाउ वेद्ना हो। रिगाइ आव्। ताप हो। षरी पाणि तीश हो। निद्रा हो नेत्र जिह्वा धुम्र हुन् पियला हुन्। राता नीला आषा हुन्। शरीर शेलो हो। भ्रम आव। मुख चुपडो हो। एशा चिह्न सन्निपातका हुन्।

शोटो द्यार वजो मुथो कणा तितो कटुकी वाशिग कंटकारी गुर्ज्जो एतिकको क्वाथ करिकै पिणु सन्निपात ज्वर हर। हिग् शोटो पिपली हरडो बिजौराका रस हालिवेर भलिकै चूर्ण कनु, शो चूर्ण षाणु, सन्निपात हरेत्। शिरिषका बिजा गाइको गौंत पिपलि मरिच शि (नो) नून इनरो आँखा अंजन कर्नु विजाउणु शितो विजाउणु। विजा भावेर जब निज अपणि षवरि नी आव् तब पाउन्—कपालमध्य लोहशलाकाले डामि दिनु तव सन्निपात जा।

द्यार हलदो नीम कटुको त्रिफलो मोथो गोडाकाकडो एतिक क्वाथ कै पिणु दिनु वडा सन्निपात हर।

चुकिनि वस्तले घिय तेलका षणाले रूषो षणाले तिता षणाले गुलि वस्तले संतापले कशाइली वस्तले शादी वस्तले रिशले रुषि वस्तले षरि गरुइ वस्त षयाले माशु षयाले भली वस्तले शीतल होइ रीश होंइ श्रम होई चिंता होइ षरो स्त्रीप्रसंग करी वसन्तरितु किंवा शरदरितु किंवा वर्षारितु संनिपात उपज। षरो पाणि पियाले सम विषम षयाले मूत्र विष्टा हटकीयाले दिन शेइरयाले रात्रि जागिरयाले इन छ प्रकारले रोग लाग।

अथ सन्निपात ज्वरे रसाः— शुद्धो पारो भाग १ गंधक भाग २ शुद्ध अभ्रक भाग १ मुशलीका रसले दिन ३ मर्द्दनु कुपा हालनु कोपा मुख भंलीकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कपडा माटि लाइ मुष षडिको वुजो दिणु रोधणु एक प्रहर उपलाकि अग्नि दिनि शीतल भयो तव कुपि ओषधो गाडि मर्द्दना । पं जिरो चितो हिंग शाजिषार श्वाग् गुगुलु शिनो लूंण विडो लूण समुद्र लूण शामरि लूण जौषार जवाणु कोइडका विया तृफला शोटो मिर्च पिपला पाराका भाग वरावरि ७।१ भाग जुदो जुदो शवको भाग हालणु तव शवै एक मिलाई भलीकै घाम राषी मर्द्दनु, सिद्ध हो । पानका पातशग किंवा अदाका रससंग किंवा तुलसी-का पत्रनूसंग रती २ प्राणेश्वर दिनु पाछिय पल २ तातो पाणि दीणु सर्व-ज्वर हर । तापशूल शीतांग दोष हर । ताप भया श्रीखंड चंदन लाइनु गीत गाइणु वालकनशंग खेल कराउणु विचारीवेर इछा भोजन दिणु इति प्राणेश्वर रस ।

शुद्ध पारो विष गंधक मिर्च श्वाग पिपला वरावरी भाग कै धदुराका रसले एक दिनभरि मर्द्दनु तव सिद्ध हो । रति २ शोटा मर्च पिपलाको धुलो अनुपान कर्नु सन्निपात हर । इति पंचकवक्र रस ।

गंधक भाग ४ अभ्रक भाग शाजिषार भाग २ जौषार भाग १ शिनो शौंचलो विडो लुंण समुद्र लूणन्का भाग ५ हरडा वयडा भाग १ शोटो भाग १ मर्च भाग १ पिपला भाग १ कोइडका बीच भाग १ कालो जिरो भाग १ शेतो जीरो भाग १ चितो भाग १ जवानु भाग १ हिंग भाग १ विडंग भाग १ शौंफला भाग १ गुग्गुल भाग एतिक, मिलाइ पिशि चूर्ण कनु, सिद्ध प्राणे-श्वर हो । त्रिदोषको सन्निपात हर । त्रिदोषज्वर हर । इति सिद्ध प्राणेश्वर रस ।

भाग १ विष भाग १ पारो भाग १ जाइफल भाग २ श्वाग भाग ३ पिप्पला भाग ३ शोटो, भाग ६ नृथा, कौडि भाग छ, भाग ५ लौंग एतिक शवै भलो भांति मर्द्दि चूर्ण कनु, सिद्ध हो । अदाका रससंग दिनु किंवा तुलसीका रससंग दिनु । रति १ किंवा रति २ कि गोली वादणि । इति महोदधिरस अष्टज्वर हर ।

भाग १ पारो भाग १ गंधक् भाग ३ विष धतुराका विजां शोटो भाग ४ मर्च भाग ४ पिपला भाग ४ एति शवै एक हाली पिशि भलिकै चूर्ण कनु सिद्ध हो । रति १ किंवा रति २ रसकि मात्रा अदाशंग किंवा जामीरका वीजका गुदासँग दिनु एकाह्निक द्वाह्निक आह्निक चातुर्थिकादि विषमज्वर हर । इति महाज्वरांकुश रस ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति श्री वैद्यांगे ज्वरोत्पत्तिचिकित्सा समाप्ता । शाके १६३८ भाद्र-वदि षष्टि चन्द्रे । लिखितं वाणिविलासज्योतिर्विदेन ।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

कँडा : कांडा ।

ववुरन् (तुलनीय दावादल 'वकुरन्) : उठून्, टुसाऊन् ।

अचेल "बोरिनु" होशमा आउने अर्थमा प्रयुक्त हुन्छ ।

थोको : थोरै । < स्तोक ।

ताति वस्तशु : तातो वस्तुसँग

भाइर : मल, दिसा ।

थोका : थोरै ।

स्वाद नी हो : स्वाद हुँदैन ।

इतिक : यति ।

(वरांवरी) कं : (वरावरी) गरेर ।

आँग : आङ ।

पाणि : पानी ।

वाशिग : असुरो (हेर्नोस् बं. स्था. (श. पृष्ठ ५)

कंटकार : कंटकारी ।

षांड : मिस्त्री ।

चितोइ : चिताई ।

अवला : अमला ।

कनु : गर्नु ।

गुलाइ : गुलियो ।

ज्या त्या : ज्रे (मुखमा आयो) उही ।

तीश : तिर्खा ।

पियला : पहेंला ।

किटाउलो कोशो : कुटिल कोसो ।

कटुकी : कुट्की, लहरोविशेष ।

मुथो : मोथे झार ।

हरडो : हर्रो ।

पैण : वनस्पतिविशेष ।

गुडूची : बेल जस्तो फल ।

नानु कुरिलो : स्यानु कुरिलो ।

किर्मडो : चुत्रो । (हेर्नोस् बं. स्था श. पृष्ठ ५) ।

चोतरो : चुत्रोको एउटा प्रकार ।

गोलाकाकडी : गोलकाँक्री ।

साला : बोक्रा ।

कांशी, काशो : खोकी ।

पिटोली (पटोली) : एक प्रकारको पर्वर । इन्द्रेणी पर्वर ।

कोइड : बियाँदार फलविशेष ।

विजया : जडीविशेष ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुंठी : सुठो ।
कीडाउल कोशो : कुटिल कोसो ।
कूट् : महको कूट ।
द्यार : देवदारु ।
उपशाशी : दम (हाई ?)
वृषालो : बान्ता ।
शेपालो : शुष्क चिसो, (तुलनीय 'सेपिलो')
पानी सरसरा : पानी रसाउँछ ।
एशा, एशो : यस्ता, यस्तो ।
पिपली : पिप्ला ।
विजौराका रस : विजुल अथवा शाल्मलीको रस (१) ।

हालिवेर : हालेर ।
भलिकै : राम्ररी ।
इनरो : यिनको ।
विजाणु शितो विजाउणु : हेर्नोस् यसको लागि दावादलको 'औषधारसायन' ।

विजा भावेर : बिउँझो भएमा ।
षवरि : खवर ।
नि आव : आउँदैन ।
पाउन्–कपालमध्य : शिरपाउमाहा ।
लोहशलाकालै : लोहशलाकाले ।
हलदो : हलेदो ।
त्रिफलो : त्रिफला ।
गोडाकाकडो : गोलकाँक्री ।

चुकिलि वस्तले : अमिलो वस्तुले ।
षणाले : खानाले ।
षयाले : खाएकाले ।
जुदो जुदो : अलग अलग ।

शिलो : ढुङ्गो ।
रिगाइ : रिङाइ, रिङटा ।
चुपडो : च्याप च्याप ।
शोटो : सुठो ।
वजो : बोजो
कणा : दावादलले यहाँ "भूश" लेखेका छन् (हेर्नोस् बै. स्था. श. "कन्न" : भुस) ।
करिकै : गरेर ।
गुलि वस्तले : गुलियो वस्तुले ।
कशाइली वस्तले : टर्रो वस्तुले ।
शादि वस्तले : साधा वस्तुले ।

गरुइ : गरुङ ।
करी : गरी ।
पियाले : पिएकाले ।
हटकियाले : रोकिएकाले ।
शेइरयाले : सुतीरहेकाले ।
जागियाले : जागा रहेकाले ।

अभ्रक : अब्रख ।
कुपा हालनु : खाल्टामा हाल्नू ।
कुपा मुख : खाल्टाको मुख ।
षडि : खरी, पिनाको लेप ।
पै : पछि ।
चितो : चितु ।
शाजिषार : सज्जक्षार ।
श्वाग् : स्वागो ।

शिनोलूण : सिधे नुन ।
विडोलूण : बिरे नुन ।
जवाणु : ज्वानु ।
शिनो : सिधेनुन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अदा : अदुवा ।
पाछिय : पछि ।
विचारीवेर : विचार गरेर ।
धतुराका : धतुराका ।
मर्च : मरिच ।
जौषार : यवक्षार ।
सौंचलो : नुनविशेष ।
विडो : विरेनुन ।
विडंग : औषधविशेष ।
शौंफला : मसलाविशेष ।
नृथा : डिमा (फुल) ।
गुदासंग : गुदीसँग ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११

औषध रसायन (बेनामी)

रचनाकाल– सं. १४५० पूर्व
प्रतिलिपिकाल– सं. १८०० तिर
प्रतिलिपिकार – दावावल साहदेव
भाषा– प्रतिलिपिकालीन प्रभाव ।

श्री गणेशाय नमः । श्री धन्वंत्तरे नमः । आलस्य हो भ्रम हो अशंमल हो आडो लाग लाटो कालो होइ रह शर्व आंग दुष । कडा वकुरन् मुखको वर्ण फिर मुख मधुरो हो पाणिकी तृषा लाग । तालु शुक । सर्व्व आंग छाडी आव । थोको ज्वर हो । मन्दाग्नि हो । ताति वस्तकन् मन हो । निद्रा हो । वाहिर वस्था मल थोको आव् । जिह्वा श्वादू न हो । एति मनुष्यकन् हो त वायुका चिह्न हुन् ।

कुरिलाका छडाको रस सम वरावरि कै गुड हालि पिणु दिनु वात ज्वरजा ।

अतीसार हुन् । भ्रम हो । हात गोडा सर्व्वाङ्ग जंलत हो । ज्या त्या बहुत वोल। तृषा हो । भ्रम हों । पेटभितर दाह गर, प्रलाप गर । गलो शुक । मुख् तितो हो । नाक् मुख् नष् पिञ्जला हुन् । मूर्छा हो । एतिक चिह्न पित्त-ज्वरका हुन् ।

अशुरो कंटकारी तगर नानु कैरुवा कटुकी कणा तितो एति औषधा वरावरि कै क्वाथ गरनु पांडशंग पिणु दिनु दाह तृषा भ्रम एतिक अवगुण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हर । जस्तो शिवकि पूजा गरि पाप जा तशो पित्तज्वर जा ।

घियमाज औंला भुटि चूर्ण कै भूशको पाणि तातो गरि चूर्ण मिशि लेप गर्नु दाह शान्त हो । किंवा वेरका पात पिशि लेप गर्नु दाह शान्त हो । इति पित्तज्वरे ।

किटाउलाको कोशो पिपलमोड कटुकी मोथो हरडो ढपुवा १० भरि क्वाथ गरि अष्टगुण पाणि घालनु पकावणु लुगामाज घालि निचोडि पिणु दिनु वातपित्तकफज्वर हर, भूक् गर, पाचन् गर । इति आरग्वध क्वाथ ।

वायुज्वर दिन ७ हो पित्तज्वर दिन १० हो कफज्वर दिन १२ हो दिन ७ तरुणज्वर भनिछ दिन १४ लग तरुणज्वर भनिन्छ । उतिउपर वृद्ध-ज्वर भनिन्छ ।

नीम् धणियाँ पद्माष् रक्तचन्दन अष्टगुण पाणि घाली क्वाथ गरि पिणु दिनु सर्व्वज्वर हर । पाचन गर । गुडूच्यादि क्वाथ ।

मोथो नानु कैरवा कंटकारी गुर्जो शुठौं सम भाग गरि अष्टगुण पाणि घालि क्वाथ गरि पिणु दिनु कफ वायु अरुचि सर्व्वाङ्गको दाह पाणिकी तीश् ज्वर् हर । इति मुस्तादि क्वाथ ।

शुष्क हो वांति हो विह्वलता हो सर्व्वाङ्ग देह जर्जरि हो मुष् गुलियो हो तातो षाणि इछा हो शरीर आलस्य हो—एतिक कफ् ज्वरकि चेष्टा हो । नीम् शुठो पिपलमोड् हरडो कटुकी किटाउलो कोशो एतिक औषधा सम भाग गरि अष्टगुण पाणि घा (लि) क्वाथ कै पिणु दिनु श्लेष्मज्वर् हर । मोथो कंटकारी शुठो इ तीन औषधा सम गरि अष्टगुण पाणि घालि पकाइ क्वाथ गरि पिणु दिनु श्लेष्मज्वर् जा । अशुरो अतीश् कूट् द्यार् शुठो मोथो एति औषधा सम भाग गरि क्वाथ पिणु दिनु श्लेष्मज्वर जा । ईति श्लेष्मज्वरे ।

उवशाशि हो, काशो लाग तृषा हो छर्दि आव् । विकलो हो । मुख् गुलियो हो मुख पाणि शर्शरा । निद्रा आब् कपाल् दुष आशाका कणा दुषन् कणा वकुरन् वायुपित्तका एशा चिह्न हुन् ।

हरडा वरडा औला शिमल रास्ना रास्ना नि पाय त गुजो किटाउलो कोशो एति औषधा वरावरि कै क्वाथ गरि लुगामा घालि पिणु दिनु प्रातकाल वातपित्त ज्वर हर । जेटि म चोतरो किर्मडो गोला काकडि किटाउलो मोथो निवकी छाला एतिक औषधा सम गरि अष्टगुण क्वाथ गरि पिणु दिनु वायु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पित्तज्वर जा । इति वातपित्त ज्वरे ।

शीतल हो जलंत हो रुचि न हो काशो हो षरि तीस् लाग अशंमल् होइ रह मूख् तीतो हो आलस्य हो श्लेष्मपित्तका एशा चिह्न हुन्।पटोली नीम् हरडो कटुकी गुर्जो कोइडका वियां अशुरो मोथो विजया श्रीषंड एतिक औषधा क्वाथ गरि पिणु दिनु श्लेष्मपित्तज्वर जा ।

सर्व्वाङ्ग शिलों जशो हो । अंन रुचि नहो । कान हातपाउ वेदना हो । रिगाई लाग । ताप हो । षरि पानि-तीश हो । नेत्र जिह्वा धूम रहुन् । पिलला राता निला आषा हुन् । शरीर सर्व्वाङ्ग शेलो हो । भ्रम गर । मुख चिल्लो हो । एशा चिह्न संन्निपातका हुन् । शुटो द्यार वजो मोथो कणा तितो कटुकी अशुरो कंटकारी गुर्जो एक औषधा सम भाग गरि अष्टगुण पाणि पकाइ क्वाथ षाणु दिनु संन्निपात ज्वर हर । हीग् शुठो पिप्पली हरडो विजोराका रस घालि भलि भाति मर्द्दि चूर्ण गर्नु शो चूर्ण षाणु दिनु सन्निपात हरेत् । शिरिषका विजां गाइको गौत पिप्पलि मरिच शिनो लून एति वस्तको आंषा अंचन गर्नु शित्याको हो त विजावणु । विजो हो अपनि खवर् नि हो तव पैंतोला कपालमध्ये लोहशलाकाले डाम दिनु सन्निपात जा । किंवा द्यार हलदो नीम कटुकी त्रिफला मोथो गोला काकडी एतिक औषधाको क्वाथ गरि पिणु दिनु बडो सन्निपात हर ।

सन्निपात कति वस्तले उप्ज ? चुकिली वस्तले, घिव तेलका षणाले रूषो षाणातिता षणाले गुली वस्त षाणाल संतापले कशायिली वस्तले भलि वस्त षायाले रुषि वस्तले रिश आयाले षरि गरुइ वस्त षायाले माशु षायाले, शीत होइ श्रम होइ चिंता होइ वहुत् स्त्रीप्रसङ्ग गरि वसन्त रृतु किंवा शरद रृतु किंवा वर्षा रृतु संन्निपात उब्ज । वहुत पाणि पियाले सम विषम षायाले मूत्र विष्टा नि भयाले दिन शुतीरयाले रात्रि जागिरयाले इन छइ प्रकार रोग उपज ।

अथ सन्निपात ज्वरे रसा—शुद्ध पारो भाग १ गन्धक भाग २, शुद्ध अभ्रक भाग १ मुशलीका रसले दिन ३ मर्द्दनु कुपाको घालनु कुपाको मूख् भलिभाति कपडा माटो लाइनु मुख षडिकी बुजो दिनु रोधनु एक प्रहर उपलाकि अग्नि दिणि तव शीतल् भयादेषि कुपिको औषधो गाणु भलिभाति मर्द्दनु तव सम भाग गरि जिरो १ चितो हीग १ शाजिषार् १ श्वाग १

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुग्गुल १ शीनो लून् १ शौचलो लून् १ विडो लून् १ शावरि लून् १ समुद्र लून् १ जौषार १ जवाणु १ कोइडका विजा १ हरदा १ वरडो १ औला १ मर्च १ पिप्पला १ शुटो १ पाराका भाग वरावरि जुदो जुदो गरि शव औषधाका भाग घालना तव शवै एक मेलाइ मलिभाति घाम राषि मर्द्दनु सिद्ध हों। इति प्राणेश्वरो रस:।

पानका पातशंग किंवा अदुत्राशंग किंवा तुलशीका पातशंग रति २ प्राणेश्वर दिनु तातो पाणि पिणु सर्वदोष दिनु सर्व्वज्वर ताप शूल शीतांग दोष हर। औषधो षायापाछि ताप हो त श्रीषंडचंदन लाइनु गीत गाइनु वालकशंग षेल कराउणु विचारिवेर इछा भोजन दिनु। इति प्राणेश्वर रस"।

शुद्ध पारो भाग १ गंधक भाग १ मिशि कजलि गर्नु तव भाग १ विष भाग १ मरिच भाग १ श्वाग फुलाइ भाग १ पिप्पला एतिक औषधा मिशि धतुराका विजाका रसले एक दिनभरि मर्द्दनु तव सिद्ध हो। रति २ मात्रा गर्नि अनुपान शुटाको बुकुनि किंवा मर्चकि वुकुनि किंवा पिप्पलाका वुकुनिशंग दिनु, संनिपातज्वर हर। इतिपंचवक्ररस।

शुद्ध पारो भाग ४ शुद्ध गंधक भाग ४ मिशि कजलि गर्नि तव शुद्ध अभ्रक भाग ४ शाजिषार भाग १ जौषार भाग १ शीनो शौचलो विडो तुशां समुद्र लून पाच लूनका पाच भाग हरडा भा. १ वरडा भा. १ औला १ शुटो भा. १ मर्च भा. १ पिप्पला भा. १ कोइडका विजा भा. १ कालो जिरो भा. १ जवाणु भा. १ चितो भा. १ हीग भा. १ विडंग भा. १ शौंफ भा. १ गुग्गुल भा. १ एति औषधा एक मेलाइ पिशि चूर्ण गर्नु सिद्ध हो। सिद्ध प्राणेश्वर हो। त्रिदोषको सन्निपात हर। त्रिदोष ज्वर हर। इति सिद्ध प्राणेश्वर रस।

शुद्ध पारो भा १ शुद्ध गंधक भाग १ विष् भा १ जाइफल भाग २ श्वाग भा ३ पिप्पला भा ३ शुठो भा ६ पोल्याको डिमा ६ लौग भा ५ एति औषधा सबै मलो गरि मर्द्दनु सिद्ध हो, रति १ मात्रा किंवा रति २ मात्रा गोलि वाधनि, अदाका रससंग दिनु किंवा तुलसिका रससंग दिनु. अष्टज्वर हर। इति महोदधि वटि रस।

शुद्ध पारो भा १ शुद्ध गंधक भा १ मद्दि कज्जलि गर्नि तव विष भा १ धतुराका वियां भा ३ शुठों भा १ मर्च भा ४ पिप्पला भा ४ एति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ओषधा शबै एक घालि पिशि चूर्ण गर्नु सिद्ध हो। रति १ मात्रा किंवा वल हेरि रति २ मात्रा अनुपान अदाशंग किंवा जामिरका वीजका गुदाशंग दिनु एकाह्निक द्वाह्निक आह्निक चातर्थिक विषमज्वर हर। इति महा ज्वरांकुश रसः।

शुद्ध तुत्थो भाग १ शुद्ध हरिताल भा २ चून भाग ३ एति ओषधा पक्कारा रसले भलिभाति मर्दि वडि वाधि शुकाइ मोशडा घालनु मोशडि कपडा माटि मेलाइवेर शुकाउणि तव उपलाकि अग्नि दिणि शोगजपुट भनि शीतल भया चौथा प्रहर सतारणु तव भलिभाति मर्दन गर्नु तव सिद्ध हो। मात्रा रति १ किंवा रति २ गर्नु अनुपान षाडसंग दिनु। अम्बिली चुकुलि वस्त वर्ज्जनु दूत भात पथ्य दिनु एश् रसका प्रभावले तीन दिन जर टुट चौथो टुट संदेह नाइ। इति ज्वरकेसरी रसः।

शुद्ध पारो भाग १ शुद्ध गंधक भाग १ मिशि मर्दनु कज्जलि गर्नि तब समुद्रफल भाग १ हिंगु भा १ इ ओषधा पिशि दिन एक् मर्दनु सिद्ध हो, नव ज्वर हर। मात्र रति ३ कै अदाका रससंग दिनु, सर्व्वज्वर हर, तीन दिनका द्रयोगले। इति ज्वर धूमकेतु रसः।

गुग्गुल भाग १ हीग भाग १ शौचलो लून भा १ वोजो भाग १ विष् भा १ एति ओषधान्को अर्द्ध भाग मर्च घालना तव शिलामाज मर्दणा, सिद्ध हो। मात्रा रति १ किंवा रति २ दिनु अनुपान पानशंग किंवा तुलसिका पातशंग दिनु, वायुरोग क्षयरोग श्वास काशो पांडुरोग कफरोग हर, सन्निपात हर भूक् गर। एति रोग हर। रस दी ताप हो त चीशो पाणि पिणु दिनु। इति लघुकुमारी रसः।

शुद्ध पारो भाग १ शुद्ध गन्धक भा १ इ दुइ मिशि कज्जलि गर्नु तव श्वाग भा १ मरिच भा १ षाँड भा ४ घालि माछाका पित्त भाग ८ घालि दिन ३ मर्द्दनु तव सिद्ध हो। मात्रा रति १ किंवा रति २ किंवा रति ३ अदाका रससंग दिनु भिडा महि भात पथ्य दिनु वडो आमज्वर हर। जीर्णज्वर हर। ताप भया पित्तज्वर हो त शिर पाणि शिचणु। इति उदकमंजरी रस।

अथ विषमज्वर उपाय। कटुकि धणिया उशीर मोथो शुठो एति सर्व वरावरि गर्नु क्वाथ कै पिणु सर्व ज्वर हर, परि भूक गर। निर्गुडी सहदेवी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

का जडो इ दुइ जडाकै उवाधणा ज्वर शर्वै जान् । नागो होइ सहदेवीको जडो आइतवार शिर वाधनु एकनरो जरो जा । चौलाइको जडो चावलका चौलाणिशित पिशि पुंतरा वाधि आइतवार गला वाधनु तेजर जा । आइत वा रवि दिन कुशको जडो शात शुत धागो रातो गरिकण वाधनु तेजरो जा । रोता (राता ?) कन्यूरको जडो आइतवार उंषेली कान वाधनु विषमज्वर जा । इषुको जडो आइतवार हात बाधनु विषमज्वर जा । शिउणिको जडो आइत वाधनु रात्रि आउदो ज्वर जा । निनाउनिको जडो कान वाधनु रात्रि ज्वर आ । विष्णुक्रांताको जडो कान वाधणु विषम ज्वर हर । रमणनका दुवाको जडो शिर वाधनु रात्रि आउदो ज्वर हर । जांविषे ओषधो मंत्र जंत्र नलाग त ग्रह पूजा दान दक्षिणा दोषालातन् गर्नु इति ज्वरे तंत्रं ।

शुद्ध पारो भाग १ गंधक भाग १ शुद्ध अभ्रक भाग १ इनिकि कज्जलि गर्नि तव मर्च भाग ३ मान्यो शार भाग ४ पोल्यो शंष भाग ८ वनका उपलाको भस्म भाग १६ विष भा १ एतिक ओषधा मर्द्दनु, सिद्ध हो । मात्र रति २ अदाका रससंग दिणु त्रिदोष संन्निपात हर । श्वाश नीको हो । प्रसूति वायु हर । गुगुलु गुर्जाको रस त्रिफला संग दिजय त दुनाइक हर । जाइफल अतीश संग दिजियाय अतीसार संग्रहणि हर । इति पार्व्वति निर्मितं प्रतापलंकेश्वरो रसः ।

अषंजका फलको वोक्रो शितावेल शिमलको षोटो वा क्रकों दूद इ ओषधां पिशि नाभि लेप गर्नु सर्व्व अतीसार हर । शुद्ध पारो भाग १ गंधक भाग १ मिशि कज्जली गर्नि तव श्वाग भाग ३ विष भाग ३ मर्च्च भाग ८ कौडी भाग १ शंख भाग १ जंवीरका रसले भावित गर्नु दिन १ भरि मर्द्दनु सिद्ध हो । विसूचिका अजीर्ण पांडुरोग वायुरोग इ शर्वै हर । इति अग्नि कुमारो रसः । मात्रा रति १ पानका पात तुलसिका पातशंग दिनु ।

त्रियोषकि छर्द्दि हो त इ ओषधा गर्ना । आमको षोटो लौग अलैंचि पिपला कषिथ्य एति चूर्ण गरि दिनुं, छर्द्दि रह । शुद्ध पारो भा १ शुद्ध गंधक भाग १ कज्जलि गर्नि तव इगुल भा १ धतुराका वियां भा ६ अफीम भा ६ विष भा १ एतिक ओषधा मिशि भलिभाति चूर्ण गर्नु, सिद्ध हो । मात्रा रति १ जिरा जाइफलशंग षाणु दिनु, अतीसार हर । घिय मरिचशंग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिजिय त प्रवाहिकां हरेत् । इति अगस्तिरसराज ।

धतुराका विजा भाग १ मरिच इंगल भाग १ भा १ पिपलि भा १ श्वाग भा १ विष भा १ एतिक ओषधा वरावरि भाग गर्ना । तव एकत्र गरि जामिरका रस किंवा निव रसले गोलि वाधनि रति १ मात्रा किंवा रति २ मात्रा गरि राषना, पिशि चूर्ण गर्नु, तव सिद्धि हो । रति १ ककि मात्रा गर्नि अनुपान महसंग किंवा जाइफलशंग दिनु । छय अतीसार हर । जरातीशार् हर । संग्रहणी हर । भूष गर । पथ्य—दै भात तितिराका माशु, शेल खाणु दिनु । इति कनकप्रभावटी ।

इंगुल भाग १ विष भाग एक मरिच भा १ पिप्पला भा १ एति ओषधि वरावरि जामिरका रसले अथवा निवुका रसले गोलि वाधनि, सिद्ध हो । रति १ किंवा रति २ मात्रा गर्नि । अनुपान मह किंवा अतीशशंग अरिडका विजाशंग दिनु । त्रिदोषको अतिसार हर । गाइको घिउ दहि महि पथ गर्नु । शीतल पाणि पिणु । रात्रि विजया दिणि । इति अतीसारे आनंदभैरवो रस: ।

मरिच १ चितो १ शोचला १ एक मेलाइ चूर्ण गरि महिशंग मिशि दिनु रात २ किंवा रात ३ दिनु, महि भात पथ दिनु संग्रहणी हर । मरिचादि चूर्ण ।

हीग अतीश् हरडो वचो कोइडका विजा वरावरि भाग गरि चूर्ण गर्नु शो चूर्ण मशा १० पाणि रयालि पिणु वातग्रहणी हर ।

शालपर्णि वचो शुठो वेलकी गुदी धणिया एति ओषधा वरवरि गरि चूर्ण गर्नु ताता पाणिशित मिशि पिणु वातग्रहणी हर । कटुकि कोइडका वीज पाटो कोइडका कोवड् रसाजन धाराका फूल अतीश शुठो मोथो एतिक ओषधा वरावरि गरि चूर्ण गर्नु मशा ८ किंवा मशा १० महशंग षाणु दिणु नीलपित दुर्गंधो मल गुदपीडा पेटको दाह अरुचि तृषा हर । पित्त संग्रहणी हर । हरडो शुठो पिप्पला चितो वरावरि भाग गरि महशंग षाणु कफ ग्रहणी हर । दिन दुइ निको हो दिन दुइ परि वाहिर हो भ्रम हो तीश लाग अरुचि हो छर्दि हो मुख विरस हो काशो हो शो संग्रहणी दुव दोषकी । हात गोडा कंपन्, मुख शुक, कपाल दुष, उवशाशी हो, मुर्छा आव्, गुदाद्वार पीडा हो, पेट दुष, वेडा वस्ता कालि फीन आव्, गुदाद्वार फटफट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो एशा चिन्ह हुं त वात संग्रहणी हो । शुद्ध पारो भा १ शुद्ध गंधक भा १ मिशि कज्जलि गर्नि तव विष भा १ हरडो १ शुठो भा १ पिपला भा १ मरिच भा १ एतिक चूर्ण शर्बै मिशणा तव पानका पातको रस् धतुराका विजान्को रस घालि शातवेर भिजाउणु मर्द्दनु पिशि चणाका विजा प्रमाण गोलि गर्ना छाया शुकाउणु, सिद्ध हो । ताता पाणि अन्नुपान गर्नु मंदाग्नि नाना प्रकारको ज्वर शूल पांडुरोग उदर वायु वायां विशूल षायो पाचन गर, शोथ जा, वायुका रोग एति हर । इति राजराजशेषरवटी । इति ज्वर प्रतीकार ।

चावलका चौलाणिशंग वलुको चूर्ण केराको मूल मिशि पिणु, स्त्रीको प्रदर जा रक्त हर । वलुका जडाको चूर्ण किंवा चौलाइका जडाको चूर्ण दूद महशंग पिणु । स्त्रीकि पैरा हर ।

(वीरपुस्तकालयका सौजन्यले)

विशेष शब्दहरू

तगर : एक वृक्षविशेष यसको जराको औषधि हुन्छ ।

कैरुवा : कुरिलो (?) ।

पिजला : पहेंला ।

वाहिर वस्था : वाहिर (गएर) (मलत्याग गर्ने) बस्ता ।

वकुरन् (तुलनीय वाणीविलास 'वबुरन्' शी. २६) ।

घियमाज : गिउमा ।

वस्तकन् : वस्तुकन ।

औंला : अमला ।

वेर : बएर ।

ढपुवा : वाणीविलासले यस ठाउँमा "पैण" शब्दको प्रयोग गरेका छन् ।

धणिया : धनियाँ ।

मोथो : मोथे ।

वांति : बमन ।

षाणि इछा : खाने इच्छा ।

किटाउलो कोशो : अचेल बैंतडीतिर 'कुर्कोसो' भनिन्छ ।

अतीश् : वनौषधी विशेष (सल्लाको एक भेद) ।

उवशाशि : दम धम्की ।

छर्दि : बमन, बान्ता ।

चोतरो किर्मडो : ठूलो दाना हुने जेठ असारतिर पाक्ने स्वादिलो चुवों विशेष । एकथरी हिउँदमा पाक्ने चुवोलाई बैंतडीमा "मादुरो किर्मडो" भन्छन् । सामान्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लग : पनि । बैंतडीको "लै" आएको हो "लगै" बाट ।

शार्शरा : रसाउँछ ।

रास्ना : रास्निका, एक औषधी ।

सित्याको हो त विजावणु : सुतेको छ भने बिउँझाउनु ।

नि पाय त : नपाएमा ।

गुजो : सेतो फूल फुल्ने बर्खे बनैया बोट । यसलाई गुबो भन्ने चलन छ ।

छाला : बोक्रा ।

विजो : बिउँशो, जागा ।

अशमल् : असह्यल ।

पटोली : हेर्नोस् 'पिटोली' (वाणी-विलास शी. ६)

पैंतोला : पैंताला ।

घिय : घिउ ।

बिजौरा : अमिलोविशेष ।

छइ : छ ।

पत्कारा रसले : घिउकुमारीका रसले ।

मेलाइवेर : मिलाएर ।

शोगजपुट : ?

वर्ज्जनु : त्याग्नु ।

दूत : दूध ।

औषधान्को : औखतीहरूको ।

उशीर : खस, झारविशेष ।

निगुंडी : निगुरो ।

शितावेल : एक फल ।

वाक्रि : बाखी ।

रूपमा "किर्मंडो" ले "चुत्रो" भन्ने अर्थ व्यक्त गर्छ ।

जडाकं : जराहरूलाई ।

जान् : जाऊन्, जान्छन् ।

एकनरो जरो : एकुन्द्रो ज्वरो ।

पुंतरा : बुटी ।

तेजरो : तिजरो ।

शातशूत प्रागो : सातडोरा धागो ।

रोता : राता (?)

कन्यूर : करवीर फूल ।

इषु : उखु । बैंतडीमा अचेल 'लिखु' छ । कुमाऊँतिर 'रिखु' पनि भन्छन् ।

शिउणि : सिउँडी ।

निनाउनि : वनस्पतिविशेष । यसका स्याना दाना हुन्छन् । पाकेपछि रातो र गुलियो हुन्छ। शीतलको लागि यो चल्नीमा पनि दलिन्छ ।

रमण : वन (?)

जांविषे : जहाँ ।

दोषालातन् : दोषोपकार :

मान्यो शार : मारेको स्याल ।

उपलाको : गुइँठाको ।

दिजय त : दिनु भएमा ।

दुनांइक : द्विगुण (सफलताका) साथमा (?)

अषंज : एक बृक्ष ।

छय : क्षय ।

अरिड : अंडिर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूद : दूध ।
भावित : शोधित ।
लौग : ल्वाङ ।
चोलाइ : लट्टे ।
कपित्थ : कैथ ।
इंगुल : सिम्रिक ।
षोटो : खोंस्टो । अचेल बैंतडीमा 'खोट्टो' भनिन्छ ।
१ क : एक ।
वचो : बोजो ।
चूण : धुलो ।
शालपणि : शालपर्णी ।
पाटो : ?
गनु : गर्नु ।
वेडा वस्ता : हेर्नोस् 'वाहिर वस्था' माथि ।
अन्नुपान : अनुपान ।
पैरा : पीडा (?)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२
मेदिनी वर्मा राउला

ताम्रपत्र (सम्वत् १४५०)
(विष्णुदास आचार्यलिखित)

श्री शाके १३१५ मार्गशिर सुदि १२ रविवासरे मेदिनीब्रह्म राउलो वचनम् । गमका अधिकारि कार्कि महत्यारा रोकाह्या प्रति । आलो ।।१ अंषढाइ ढांको एकत्र आलाकि दोहोलि कि थानको सत्ताइस थानकि रित कि दत्तु जोईसि देउराज जोइसि पसा कियाँ छुँ । अठाँग एकत्कल्यामाको झुसु जोइसि पसा कियाँ छुँ । मेदिनी ब्रह्मकि शाषा चेलिको चेलो पसा कर दत्तु जोइसि देउराज जोइसि झुसु जोइसिको चेलीको चेली भुँच । मोए अपुतालि मुडालि पेटाली डंड कुंड वेठ ओइडो पिठु षाउनि छत्तिसँ कर अकर कि अक्रि माटि कि पसा कियाँ छुँ ।

अत्र साक्षिण—सूर्यचन्द्रमसो । भूमण्डलसाक्षि—पर्वत्वर्म राउला, राजकु वर्म राउला, अजित् ब्रह्म राउला, आदि ब्रह्म राउला, अंडाल कुँवर, ननिकु सेजुवाल, भक्त राउला, जोगु राउला, गुनझु षँडगाहा, ढोलु राउला, विद्याधर आचार्य । लिषित विष्णुदास आचार्य ।

उल्था—श्री शाके १३१५ मंसिर शुक्ल द्वादशीका दिन आइतवार मेदिनी वर्मा राजाको वचन (प्रतिपादत हुन्छ)—'गमका अधिकारी कार्की महत्यारा रोकाहाप्रति । अंषढाइ ढांको जम्मा डेढ खेतको (भाकालाई) दोहोऱ्याएर (एक) थानको सत्ताइस थानको रीतले दत्तु जैसी र देवराज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जैसीलाई प्रसाद गरेको छु । एकत्कल्यामाको थाठ भागको एक भाग झुसु जैसीलाई प्रसाद गरेको छु । मेदिनी वर्माका सन्तान या छोरीका छोराले प्रसाद गर्नू, दत्त जैसी देवराज जैसी झुसु जैसीका छोरीका छोराले भोग गर्नू । मरौपरी अपुताली मुडाली पेटाली डंड कुंड बेठ ओइडो पिठु खाउनी गरी छत्तिसै कर मोचन गरेर माटाको रूपमा प्रसाद गरेको छु ।

साछिहरू—सूर्यचन्द्र । भूमण्डलका साक्षी-पर्वत वर्म राउला, राजकु वर्म राउला, अजित वर्म राउला, आदि वर्म राउला, अंडाल कुँवर, नानिकु सेजुवाल, भक्त राउला, जोगु राउला, गुन्झु षँड्का, ढोलु राउला, विद्याधर आचार्य । लेखक विष्णुदास आचार्य ।

विशेष शब्दहरू

गम : एक गाउँविशेष ।

राउलो (< राजकुल) : खस क्षत्रियको एक उपाधि । संभवतः यो 'राउला' को षष्ठीको रूप हो ।

गम : एक गाउँविशेष ।

रोकाह्या : रोकाहा, रोका (खस समुदायको एकथरी वैश्य उपाधि) ।

अंषढाइ ढां.....रित कि (यस ठाउँमा अर्थ क्लिष्ट भएको छ ।)

एकत्कल्यामाको (अर्थ अनिश्चित) ।

पसा कियां छुं : प्रसाद गरेको छु ।

सेजुवाल : तुलनीय पृथ्वीमल्लको ताम्रपत्रको 'किदि सेजवाल' ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३
संसार वर्मा राउला

ताम्रपत्र (सम्वत् १४५३)
(अनेकु पण्डितलिखित)

श्री शाके १३१८ वैसाष सुदि १५ गुरुवासरे श्री संस्सार व्रह्म राउलो आदेस् । भुषाका अधिकारी कार्कि महतारा बुढाथापा षँडगाहा थापा रोकाया सभौग्रति । कक्यालिको अघालो १ वालुषेत् पसा कि अक्र्यां छुँ । संसार व्रह्मको चेलीको चेलो दे हरदसको चेलिको चेलो पाव । छत्तीस कर अकर्, डड कुंड मोड अपुतालि सर्वदोष निर्दोष, करि दि अक्र्यां छुँ ।

एस पत्र साक्षि—चन्द्र सुर्ज वुध धर्म संघा । भूमंडलसाक्षि-मोतिउरा भँडारि जैतु भँडारी, सुक्रि थापा, जसराज थापा, रनु षँडगा, ( )त्रु थापा। लिषित साक्षि—अनेकु पंडित सुभं ।

उल्था—श्री शाके १३१८ वैशाख शुक्ल पूर्णिमा बिहीबारका दिन श्री संसार वर्मा राउलाको आदेश भुखाका अधिकारी कार्की महतारा बुडथापा खँड्का थापा रोकाया सबै प्रति (हुन्छ)—"कक्यालीको बालुखेत भन्ने खेतको आधा भाग प्रसाद गरेको छु । संसार वर्माका (संतान एवं) छोरीका छोराले दिनू, हरिदासका (संतान एवं) छोरीका छोरीले पाउनू । डंड कुंड मृत्युकर अपुतालीकर आदि छत्तिसै करदेखि मुक्त र सबै दोषहरू देखि शुद्ध पारिदिएको छु ।

यस पत्रका साक्षि—चन्द्र सूर्य बुद्ध धर्म संघ । भूमण्डलका साक्षी—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोतिउरा भंडारी, जयतु भँडारी, सुक्रिय थापा, यशराज थापा, रनु खँड्का, (···) तु थापा । लेखक साक्षी—अनेकु पण्डित । शुभम् ।

विशेष शब्दहरू

वैसाष—वैशाख ।

भुषा : भुखा, ठाउँको नाउँ ।

महतारा (तुलनीय मेदिनी वर्माको महत्यारा)

बुढाथापा : बुडथापा; खस वैश्य विशेष ।

रोकाया (तुलनीय मेदिनी वर्माको 'रोकाह्या')

कर्क्यालि : एक स्थान, संभवतः कुनै कार्कीले पाएको खान्की ।

अधालो : (अध+आलो) आधा खेत।

वालुषेत् : बालुखेत, कर्क्यालिको उक्त आधा भागको नाउँ ।

दे : देओस् ।

हरिदास : हरिदास या हरदास ।

करि दि अक्र्यां छु : गरिदिएको छु ।

पत्र : (ताम्र पत्र) ।

साक्षि : साक्षी ।

सुर्ज : 'सूर्य' अर्धतत्सम शब्द ।

मोतिउरा—उत्पत्ति कठिन ।

जैतु : जयतु, व्यक्तिवाचक संज्ञा ।

सुक्रि : सुक्रिय, व्यक्तिवाचक संज्ञा ।

जसराज : यशराज, व्यक्तिवाचक संज्ञा ।

··· तु : खण्डित शब्द, अतः व्युत्पत्ति कठिन । तथापि व्यक्तिवाचक संज्ञा हो भन्ने ठहर संभव ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४

कल्याल नरेश बलिराज

ताम्रग्रन्थ (सम्वत् १४५५)
(क्षमादत्त उपाध्यायलिखित)

ओम् स्वस्ति श्री शाके १३२० भाद्र मासे शुक्लपक्षे सनिवासरे महाराजाधिराज वलिराजाकि मया भँछ। रामदास पाध्या तिन् लाय सुदां मया भँछ। दान जगात् चर्न तार घाट ४ वाटा विमुक्त छ। साक्रैत्ततल कांचीषोला पिप्रषोली पसीम तिरीव्यानीको टापू चर पानिढलोन्त यति ४ किला भीत्रको जगा जगेर् अप्नं गरि रामदास पाध्यालाहि व्रमवीत्रा मया भँछ। रेषपत्रका साचि हीतु सगि, चैत्य कठाइत्, बुदराज थापा, म्नु जैसी, सिउसम जैसी, वेटवा दमाही। लेषतं साछि छेमादत्त उपाध्या, षम्ना वुढा, चितु विष्ट, काकि चामडया टुमटा शुभम्।

उल्था—ओम् श्री शाके १३२० भदौ महीनामा शुक्लपक्षको शनिःवारका दिन महाराजाधिराज बलिराजको कृपा भएको छ। रामदास पाध्या समेत तीनजनालाई कृपा भएको छ। दान र (चारै प्रकारका बाटा अर्थात् स्थल मार्ग,) जलमार्ग, चरन एवं तरनमा लाग्ने जगात माफ छ। साक्रैतदेखि तल कांचीखोला। (र) पिपलखोल्सा पश्चिम त्रिवेणीको टापु औ चर पानीढलोपर्यन्त यति चार किल्लाभित्रको जग्गा जगेर अप्पम् गरी रामदास पाध्यालाई ब्रह्म बिर्ता कृपा भएको छ। यस अधिकारपत्रका साक्षीहितु संगी, चैते कठायत, बुधराज गापा, मनु जैसी, शिवशर्मा जैसी, बेटवा दमाई। लेखक क्षमादत्त उपाध्याय, खम्ना बुडा, चितु विस्ट, काकी चामडया नाउँका दुई टुमटाहरू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

सनिवासर : शनिवासर

मया (< माया : कृपा) स्त्रीलिङ्ग ।

भैंछ : भएकी छ ।

पाध्या : उपाध्याय

तिनलाय : तीन (जना) लाई (?)

सुदां : सुद् (समेत) ।

जगात : राहदानीकर ।

चर्न : चरन, गौचर ।

तार : तरन (?)

साक्रैत : ठाउँको नाउँ । उपपत्ति कठिन ।

पिप्रषोली : पिपरखोल्सी, ठाउँको नाउँ । पिप्र : पिपर(पिपल) षोली : खोल्सी ।

पसोम : पश्चिम ।

तिरीव्यानी : त्रिवेणी ।

चर : अर्थ अज्ञात ।

पानिढलोन्त : पानीढलोपर्यन्त (?)।

४ किला : चारकिल्ला ।

भीत्र : भित्र ।

जगा : जग्गा ।

लाहि :• लाई

ब्रमव्रीता : ब्रह्मबिर्ता ।

रेषपत्र : अधिकारपत्र ।

साचि : साक्षी ।

हीतु : हितु व्यक्तिवाचक संज्ञा ।

वुदराज : बुधराज,व्यक्तिवाचक संज्ञा

म्नु : मनु ।

सिउस्रम : शिवशर्मा ।

बेट्वा दमाही : वेटवा । दमाई । 'त्रेटवा' अचेलको भोजपुरी बेटवा (छोरो) सँग तुलनीय छ ।

छेमादत्त : क्षमादत्त, व्यक्तिवाचक संज्ञा ।

षम्ना, काकि : उपपत्ति कठिन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५

मेदिनी वर्मा र वलिराज

ताम्रपत्र (सं. १४६१)

श्री शाके १३२६ मार्गशिर सुदी ० रवौ मेदनिब्रह्म राउलो वलिराज राउलो आदेस् । दुहु जुम्लाका अधिकारि कार्कि महँतारा बुढायोषी षँडगाह्रा रोकाह्या बुढा षुवा सभुँप्रति । चौडिलागाँवँको आलो १, हाँकुको आलो १, येकत्र आला २ तिले कुशे सहित् संकल्प घालि थाँत् करि शिउशर्म विस्नुदास पसा कियाँ छौं । मेदिनी ब्रह्म वलिराजको चेलीको चेलो दे । शिउशर्म विस्नुदासको चेलीको चेलो भुच । सर्वबाधाविमुक्त, सर्वदोषविशुद्ध सर्वकर-अकर । कर्, कुत्, जिउ, कुडियो, मौनि, मानु, मुठो, देषनि, दुवायो, पिठायो, डंड, कुंड, मोड, अपुताली, मुडालि, पेटालि, चोरि, जारि आदि छत्रिसै कर अकर कि पसा कियाँ छौं ।

अत्र साक्षि—बुद्धधर्मसंघा: सूर्याचँद्रमसौ, ब्रह्माविष्णुमहेश्वरा : । जो यों ताम्रपत्रपुन्य राष सो पुण्य पाइय । जो यो ताम्रपत्रपुण्य घाल सो नर्क पड । भूमंडलका साक्षि–रँकाल राउल जक्तिराज,प्रतापसिँघ कुँवर, गोल्ह्याल् अभँराज, शारु भँडारि, रँकाल पितिराज, लेग्माल् राउल नानिकु सेजवाल, नाथु आचार्य, षिमु षडगाह्रा, सौराज उपाध्या, रुचाल राउला, कुँजु जोईसि, द्योनाभ । शुभम् ।

उल्था—श्री शाके १३२६ मंसिर शुक्ल आइतवारका दिन मेदिनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्मा राउला र वलिराज राउलाको आदेश हुन्छ । दुवै जुम्लाका अधिकारी, कार्की, महत्यारा, बुडाथोकी, खँड्का, रोकाहा, बुढा, खुबा, सबैप्रति । चौंडिलगाउँको खेत एक, हाँकुको खेत एक, जम्मा खेत दुई तिलकुशको साथ संकल्प गरेर ठहर गरी शिवशर्मा र विष्णुदासलाई प्रसाद गरेका छौं । मेदिनी वर्मा र बलिराजका छोरीका छोराले दान गरून् । शिवशर्मा र विष्णु दासका छोरीका छोराले भोग गरून् । (यो) सबै बाधादेखि मुक्त, सबै दोषदेखि रहित, सबै करहरूदेखि फुक्का छ । कर, कुत, जिउ, कुडिवो, मौनी, मानु, मुठो, सलामी, दुवायो, पिठायो, दण्ड, कुण्ड, मृत्युकर, अपुतालीकर, मुडाली, पेटाली, चोरी, जारी इत्यादि सबै करहरूदेखि विरहित गरिदिएका छौं ।

यसका साछी–बुद्ध–धर्म–संघ, सूर्य–चन्द्र, ब्रह्मा–विष्णु–महेश्वरहरू । जसले यस ताम्रपत्रको पुण्य राख्ला त्यसले पुण्य पाओस् । जसले ताम्रपत्रको पुण्य बिगार्ला त्यो नर्क परोस् । भूमण्डलका साछी—रँकाल राउल जगतीराज, प्रतापसिंह कुँवर, गोल्ह्याल अभयराज, सागरु भँडारी, रँकाल प्रीतिराज, रेग्माल राउल, नानिकु सेजवाल, नाथु आचार्य, खिमु खँड्का, सोमराज उपाध्याय, रूचाल राउला, कुञ्जु जैसी, देवनाभ । शुभम् ।

विशेष शब्दहरू

दुहु : दुवै ।

दुहु जुम्ला : सिजा र चौघान ।

षुवा : एक खस श्रेणी ।

सभुँ : सबै ।

चौंडिलागाँव : चौडिलगाउँ । चौडिलगाईहरूको आदि थलो ।

थाँत् करि : ठहर गरी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिउशर्मा : शिवशर्मा ।
विस्नुदास : विष्णुदास
जक्तिराज : जगतीराज
प्रतापसिंघ : प्रतापसिंह :
अभैराज : अभयराज
शारू : सागरू
पितिराज : प्रीतिराज
सौंराज : सोमराज
कुंजु : कुञ्जु
द्योनाभ : देवनाभ ।

} व्यक्तिवाची संज्ञाहरू

छत्रिसं : छत्तिसं ।
राष : राखोस् ।
कियां छौं । गरेका छौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६

उदय वर्मा र आजीत वर्मा

ताम्रपत्र (सं. १४९४)

(बोधु जोइसीलिखित)

ओम् सोस्ति । श्री साके १३५९ समये वैसाषसुदिने पंचमितिथौ वुधवासरे उदये अरिराय: वनदहनहुत्तासन: मछरिक रायमस्तकत्रिसुल रायगाडरावाद्य रायपतंगदीप रायरूपनारायण: आजीतब्रह्मकुवर भूत भैरव तीषाकुवर षरसान वाकाकुवर तृवंक उदैब्रह्म आजीत ब्रह्मकै मास् वस्ताको चौथांग् तोलि षेतउधो ढीग् वगडघट्ट डामरपाटाको चौथांग् ऐकत्र घालि पसा भयो छ । आंधु जोइसि सोमनाथ चडाइ सिवानिर्माइल गरि पसा कि अक्रयाँ छौं । अन्न अषादु पानि अघिहिल् पाँनि धुल्स्याउली छत्तिसै कर अकर सर्वै दोष निर्दोष, सर्वै सुध्ध विसुद्ध । आकासका ढिडा पातालकि निधना सोवर्णको मैठो सर्वै छाडि पसा कि अक्रया छै । उदैब्रह्म आजीतब्रह्मकि कुवरिको कुवर दे आंधु जोइसि जैतु जोइसिकि चेलिको चेलो भुँच । सुदाझ दर्नाका विष्ट भँडारि अधिकारी कार्कि महतारा राउट् थापा बटाला वुढा सर्वै पावे । कागको पुष्टो मायकि माङ जो षज् षज् गर, तस्को एकै स पुर्षा नर्क भुँच, तस्कि मा सुग्रि वाप गध्ध ।

अत्र साक्षि—सूर्य चन्द्र । भूमण्डलका साक्षि—नानिकु भँडारि, विसि भँडारि, धिरु भँडारि, रंधिर भँडारि, मुसिवं थापा, मैवं थापा, सान् वटाला, थावु बुढा, नासिग राउल्, हरिवं राउल्, षिमा राउल्, राछु राउल्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मौतुजोइसि, राछु जोइसि, संवडु, सुंनवं कठाइत, झुस् डागि, कलु भाट्। लिखित साक्षि वोदु जोइसि। इति शुभं मस्तु। टंकारि तंगुजु सेटि।

उल्था—ओम् स्वस्ति। श्री शाके १३५९ मा वैशाषको असल दिन मा पंचमी तिथिमा बुधवारको दिन सूर्य झुल्केका वेलामा वैरी राजाको जङ्गललाई डढाउन आगो झैं, डाही राजाहरूका टाउकाको त्रिशूल झैं, राजारूपी भेडाको लागि बाजा झैं, राजारूपी फटेंङराको लागि दीप झैं, राजा रूपनारायण आजीत वर्मा कुँवर भूत भैंरव तीखाकुंवर खरसान वाकाकुवर तृवंक उदय वर्मा आजीत वर्माले मासिक बन्दाको थोथाङ्ग प्रसाद स्वरूप बगरघट्ट डामरपाटाको तल्लो खेतको उँधोको डिलसमेत बगरघट डामर पाटाको चार भाग जम्मा गरी प्रसाद भएको छ। अंधु जैसी र जैतु जैसीलाई सोमनाथमा चढाएर शिवनिर्माल्य गरेर प्रसाद गरी दिएका छौं। अन्न, अखाद्य पानी, अघिहिल् (?) पानी, धूलो, स्याउलो आदि छत्तिसै कर माफ छ। सबै दोष मुक्त छ। सबै शुद्धै शुद्ध छ: आकाशको फल, पातालको ढुकुटी, स्वर्णको थुप्रो सबै छोडी प्रसाद गरिएको छ। उदय वर्मा र आजीत वर्माका राजकुमारीका कुमारले दिउन्, अंधु जैसी जैतु जैसीकी छोरीका छोराले भोग गरून्। सुदाझ दर्नाका विष्ट भँडारी कार्कि महतारा राउत थापा बटाला बुढा सबैले पाऊन् (?)। कागको खुट्टो (?) आमाको भाङ, जसले खजमज गर्ला त्यसका एक शय पुर्खाले नर्क भोगून्। त्यसकी आमा सुँगुर्नी बाबु गधा होस्।

यसका साछी—चन्द्र-सूर्य। भूमण्डलका साछी—नानिकु भँडारि, वीरसिंह भँडारी, धीरु भँडारी, रणधीर भँडारी, मुसिबम थापा, महिबम थापा, सान बटाला, थाबु बुडा, नरसिंह राउल, हरिबम राउल, क्षेम राउला, राछु राउल, मोतु जैसी, राछु जैसी, सुँवडु, सुनवम कठायत, झुस डागी, कलु भाट। लेखक साछी बोधु जैसी। इति। टुनटो तंगुजु सेठी।

विशेष शब्दहरू

अरिराय : अरिराज, वैरी राजा।
मछरिकराय : मात्सर्यराज।
त्रिसुल : त्रिशूल।
वगडघट्ट : बगरघट्ट।
ऐकत्र : एकत्र, जम्मा।
पसा भयो छ : प्रसाद भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाडरा : भेंडा ।
कुवर : राजकुमार ।
तिषाकुवर : तीक्ष्ण (बुद्धि) भएका राजकुमार (?)
षरासान वाका कुवर : खरो गरी सान (लगाएको हतियार भिर्ने) वीर राजकुमार (?)
तृवंक : त्रिवंक ।
उदैब्रह्म : उदय वर्मा
लै : ले
मास् : मासिक कर्म
तोलि खेत : तलि खेत (?)
ढिग : ढिस्को, डील ।
सोवर्ण :सुवर्ण
छै : छ ।
कुवरि : राजकुमारी
दर्ना : दरा (?)
षुष्टो : खुट्टो ।
माय : आमा ।
नानिकु :
विर्सि : वीरसिंह
सान : शान
थावु : स्तावक
नार्सिंग : नरसिंह
मैवं : महिवर्मा
षिमा : क्षेमा
राछु : रक्षक
संवडु : संवर (?)
झुस् : व्युत्पत्ति कठिन
} व्यक्तिका नाम
टंकारि : टुमटो, टक ढाल्ने जात ।
डांगी : डाँगी ।

आँधु (जोइसि) : अंधु (जैसी) ।
जैतु (जोइसि) : जैत्र (?)
चडाइ : चढाएर ।
शिवनिर्माइल : शिवनिर्माल्य ।
अँन्न अषादु : खाद्य-अखाद्य ।
अघिहिल् : ?
धुल्स्याउलि : धूलो एवं स्याउलो ।
सर्वै दोष निर्दोष : सर्व दोष निर्दोष ।
सुध्ध विसुद्ध : शुद्ध विशुद्ध
आकास : आकाश ।
ढिडा : फल; अचेल यो शब्द खोर्सानीको फलको रूपमा मात्र प्रचलित छ ।
भाङ : नाश (< भङ्ग) ।
षज् षज् : खिचोला ।
एकैस : एक सय ।
सुग्रि :सुँगुर्नी ।
वाप : बाबु ।
गध्ध : गधा ।
सेटि : थरविशेष । < श्रेष्ठी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७

कार्वरिक विवोष शाही

ताम्रपत्र (सम्वत् १५५५)

(धवकर्मठलिखित)

श्री शाके १४२० मासे ८ मार्गसिर मासे वारे ५ नक्षत्रे ८ तिथौ १। छिनासिम रजस्थाने विवोष साइकि मया यसि। यक्षराजगुर ठगुर आला मोप्लाका विशेषराजकि थपशुदा चौघान चौरशुदा वगरका निवापा लेकक सिलाका सुवाडा माया भं शिजा पचाशतारिका ५० षेत् राषरेष भया भैंछ कवा वरुण सक्रो षानु मया भैंछ ज्यु। कवाको आलो १ चतुको टालो चुडक षानु, कवाको आलो कोटिलाका टालो रोकायाको षानु ज्यु। कवाको आलो भागन्तोलिकों टालो महताराको षानु। वरुन्या षर्क उवो चोरमाटा उदो साप जवो गर्गि पह्रो मया भं ज्यु। विवेष साइको धर्म नराजम थुत्री वाग्गा छ

भूमण्डलका साक्षि—हित साइ राज, चाम राज, विशुद्धराज, वंश राज, प्युउसराज विष्ट, जैतु डागि, रामसिंह वुडो, पतिराज, धर्मराज रोकाय, जगधर जोइसि, वलि थापो, रामसिंह छत्याल, सिमषाडा गरढे जोइसि, शुमुदु महत्र। लिषित साचि—धोकर्मट। गुर यह हातलाई त तिलका रासउदो हात हालतु। जति तिल लाग तती वामरदो राजा मात राजाका धर्म हो। सिजाको राजा क्षोनि दलका हो। राजा हो जो राज रयव्याद उस राजाकि त लाग। रोट क्षेव्वाट षानु राजगुरुको प्रतिपाल गर्नु ज्यु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

यसि : यस्ती ।

यक्षराजगुर : यक्षराजगुरु ।

ठगुर : ठाकुर ।

शुदा : सुद्द, समेत ।

सुवाडा : स्वाँग ।

राषरेष : साँधसन्धि ।

सक्रो : (सग्लो) < सकलः ।

शिजा : सिंजा, सिजापतिहरूको पूर्वथलो ।

पंचाशत्तारि : पचहत्तर

षानु : खानू ।

षर्क : खर्क ।

टालो : पाखो ।

पह्रो : पहरो ।

थुत्री : ?

वाग्गा : ?

मोप्ला
कवा
चौधान
निवापा
शिजा
वरुण (वरुन्या षर्क)
चोरमाटा
भागन्तोलि
} ठाउँका नाउँ

प्युउसराज : पियूषराज
जैसिंह : जयसिंह
धोकर्मट : धवकर्मठ
} व्यक्तिका नाउँ

हालतु : हालेमा ।

बामर्राद राजा : ?

थापो : थापा ।

क्षोनि : अक्षौहिणी ।

रयव्याद : ?

रोट : रोटो ।

क्षेव् : छेउ ।

गनु : गर्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८

भानशाही

लालमोहोर (सं. १५८६)
(श्यामल जोइसीलिखित)

आम् स्वस्ति श्री साके १४५१ मासे आश्वीण वदि १२ तिथौ १३ वासरें ६ नक्षत्रे १५ श्री श्री श्री श्री श्री भानसाईको आग्या मनुपाध्याउपर मया भैछ । मोतिवाको चोलो पुत्रालको घाघ्रो काँफलको माडा पाय रापि वाउलि शंकल्प गरि २ आला मोतिपुरका २ आला वक्सि दियाँ छौं । अंन्या-अंन्य स्ववंश प्रवंश कसैले धर्म नघाल । पत्र साछि—प्रताप हित, रामशि विष्ट, विर्भान् झाकोटो । लेषित शाचि—शावल्लो जोइसि ।

विशेष शब्दहरू

आग्या : आज्ञा
मातिवा] कपडाका
पुत्राल] जातहरू
काँफल : काफल
पाय : पाउ
वाउलि : बाहुली
झाकोटो : थर-विशेष ।
शावल्लो : श्यामल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९

सुर्तीशाही ठाकुर

ताम्रपत्र (सम्वत् १६३८)

(विष्णुदास जोशीलिखित)

स्वस्ति श्री साके १५०३ रेवति नक्षत्रे गुरुवासरे माघमासे दिनगता १८ शुक्लपक्षे १५ पौर्नमास्यां पुन्नेस्तीथौ राम पाध्या कालु पाध्या धिताल गणेस जैसी जगुजैसि फुगु जैसिको वारौं चौधौंको लाइ सिलाको धर्मदान् सागुका त्रिवेनिका आधा जल पसि वरिको विगारि पोरिको सिगारि वाह्रा भाग हाम्रा २ भाग तिम्रा भनि वाह्रौं चौंवौको भाग दि धर्म जोड्याको छ। पाठो मारि रगत्याया दैचावल लाइ गाउ घरकन विलो राजा सुर्तिसाही ठाकुरकन सवेट्टो दि पक्का गऱ्याको छ। साचि मुक्तिनाथ वद्रीनाथ। साचि जयपति भट्ट, नरसि भडारि। लेषत साचि त्रिसुन्दास जोसी। सुभम्।

विशेष शब्दहरू

सागु : साँधु।
वारौं : बाह्रौं।
वाह्रा : बाह्र।
दे : दही
चावल : चामल।
विलो : भाग, मासुको भाग।
सवेट्टो : साँप्रो, सपेटो।
त्रिसुन्दास : विष्णुदास।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०

गणेश जैसी : यशु जैसीः फुगु जैसी

ताम्रपत्र (सं. १६४७)

(चाडु भट्टलिखित)

स्वस्ती श्री साके १५१२ वैसाष मासे दिनगता १५ सुक्लपक्ष ११ पुन्नेस्तीथौ रविवासरे मुलनक्षत्रे गणेस जैसी जसु जैसी फुगु जैसी इनु तिन जनाले आफना घरका कर्जाले तम्रो हो त्राह्रौ चौधौ हो भन्या र विगारि ज्यूलामाथि वाट चौक्या ढुङ्गावडो कालढुङ्गीमाथि वाट चौक्या ढुङ्गापुडो पानिनाउलापुडा धारा २ ठाडा ढुङ्गा छन् । वांदेषि उदो वरधन् रासि काददेषी उदो वन् पाषो इनु तिन जनाले ह्रामु दियाको छ । ह्राम्रले पायाको छ । ह्राम्र २ भाई रामपाध्या कालूपाध्याले पायाको छ । अरु कसिको नाई । तस वनका निमार्थ तिलंगाबाट ल्याया तिलौरा घोडा १ गयाको छ । चार राता पाषा गयाका छन् । १ पाउलो सुन गयाको छ । लामा कराह्रा पायाको छ । साची भक्तदास पाध्या, चल्लु भट्ट ज्युनुदसौदि सिवनन्द गिरि । लेषत चाडु भट्ट । सुभम् ।

विशेष शब्दहरू

इनु तिन जनाले : यी तीन जनाले
नाउला : कुवा ।
पुडो : पर ।
वादेषि : उहांदेखि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फाद : कान्ह्रो

हाम्र दियाको छ । हामीलाई दिएको छ ।

हाम्रले : हामीहरूले ।

हाम्र : हामीहरू ।

कसिको : कसैको ।

तस : त्यस ।

निमार्थ : निमित्त ।

पाषा : पाखीं ।

१ पाउलो सुन : एक पातो सुन ।

लामा कराह्रा : क्रमश : नाम २ थर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२१

अर्जन्या बुढाको पुर्सो कथुरो

लालमोहोर (सं. १६४८)

स्वस्ति श्री शाके १५१३ श्री संवत् १५२४ साल मिति चैत्र सुदी १५ रोज सनिवारे ७ म श्री श्री माहाराजा मुक्तिसाहि सिलिस साहि महाराजाको मया भया कोजगा अर्जन्याले पुर्सो कथुरो सेवा लायाका साटो पायाको क्षेका-भेडि गोरु राषन्प्रा जगा डिक्याका षरक पाछ १।५ मा तोलो सुन सिला हालि डिक्यामा श्री माहाराज मुक्तिसाहि सिलिमसाहि माहाराजास मर्जि भयाको रेषा क्षेकाको सहिसुधा डिक्या परकमध्ये क्षेका अर्जन्याले पायाको तप डिक्या पारिका ढुस्कावडो रातादाडवडो, पर नागिटालिवडो, भूजरुप उवो, गोब्रिरुषवडो, तलि जौला षर्सु उवो सेतादाडतक् ।

यिति क्षेका माहाराजले मह्या भैंछ । पछि चरन् मैंरन् पायापछि तोलो सुन गोठ दषाई सपातसमेत् महाराजाले मया भैंछ । अर्जन्याले पाया भैंछ । पछि फेरि विन्ति गर्दामा श्री मुक्तिसाहि सिलिम्साहि माहाराजाले मह्या भयाको जगा आर्जन्या बुढाले पायाको चादिमेलावढो, कालादाडवडो, पारि घोरिषल्नातक, घोरिषल्ना पोरिका ज्युरवडो लोटिषेल्नातक् । ता मधेको दाउरो काटन्, ष्याउलो षेडन्, वाछि चरन्, गाइ चरन्, भेडि चरन्, दाउरा काटन्, फाला कुड गाडन्, सुको दाउरो षेडन्, रस्ति वस्तिसमेत् ।

ताको उप्र क्षेको—राँधा उनिषालावडो, वाग्राकादवडो, उपल्ला वाटतक् ।

इति क्षेका श्री माहाराजा मुक्तिसाहि सिलिम्साहि माहाराजाले मया भैंछ । अर्जन्याले पाया भैंछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मथेड्या ढुंगा तक् पुडो दिलौरि चौडवडो, देवार् रुप दिलौरिका दउदो तल पिपलषोला उवो--ताहिमा भेडा चरन्, गाई भैंसी चरन् । साग अठो उमा थुगो ल्याई षानु । भेडा चरन् । वादिलो भेडि ल्याउनु । तालन् पुग्या चलन् गर्नु नपुग्या कसैले ता वसि षान्छन् भन्या बंदालो ल्याउनु । मजि श्री माहाराजावाट, मजि मुक्तिसाहि सिलम्साहि माहाराजावाट मया भैंछ । अर्जन्या राना बुढाले पाया भैंछ । चाक्लिले पान रोतले पायाको जगा पोरि कोठा ढुस्का उदो वडो तल माच्ला कादउवो । ताको चाहाडिवाहाडि समा कैले पासो सोलो षेल्यो भन्या सिसार दस्तुर वुझि ल्याउनु । कसैले थलो षेल्यो भन्या साहि ५ जुर्रा २।। पांच मोहोर् वुझि ल्याँउनु । श्री मुक्तिसाहि माहाराजावाट मया भैंछ । अर्जन्या बुढाले माया भैंछ । इति रामकृष्ण ओतार । राम राम । सवत् १५१६ साल कार्तिक सुदी ७ रोज १ सदरम् सुम्भं ।

विशेष शब्दहरू

जगा : जग्गा ।

पुर्सो : भाले

कथुरो : कस्तूरी मृग । अचेल पनि कस्तूरी मृगको रङसँग मिल्ने रङ भएका घरपाला पशुहरूलाई कथुरे, कथुरी भन्ने चलन छ ।

क्षेका : चारकिल्ला ।

गोरु : गाई ।

पाछ : छेउ, (पछि ?)

सिला हालि : ढुङ्गामा हाली

महाराङास : महाराजाबाट । (संभवतः 'राङा' लेख्नेको विराम हो ।

सेला : मैदान

सुधा : समेत ।

तप : थप (?) ।

ढुस्का : ढिस्का

वडो : नजिक

रातादाड)
सेताडाड) सल्लाका
कालानाड) भेदहरू

भूजरूष : भूर्जपत्रको रूख ।

गोब्रिरूष : गोब्रे सल्लाको रूख ।

षर्सु : खस्रु वृक्ष । विपर्यासले गर्दा खस्रु > षर्सु भएको हो ।

थिति : यति

दषाई : दाखिल गरी (?)

मह्या : मया, कृपा ।

वाट : बाटो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्युर : वनस्पतिविशेष, तुलनीय—
अकार कनजिरो मोल्यो
पकारमा झोली ।
कठैवरी काँ सुनौला
दैको रत्न बोली ।

उपल्ला : माथिल्ला ।

रोत : राहुत ।

सिसार : चाडवाडको कोसेली ।

थलो : आफ्नै थलोमा बसेर बाज
द्वारा खेदिने ऐरो ।।

इति : यति ।

चोड : चौर

देवार रूष : दियाले सल्लाको रूख ।

वदिलो, वंदालो : खसी पारेको ।

चाक्रि : चाकरी ।

साहि : भाले बाज ।

जुर्रा : पोथी बाज ।

पाँछ : पाँच (सम्भवत: 'पाँछ'
लेख्दाको बिराम हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२२

कल्याल राजा संग्राम शाही

ताम्रपत्र (सम्वत् १६६१)

(इंदु सेजुवाललिखित)

आम् स्वस्ति श्री शाके शाके १५२६ जेष्ट मासे दिनगता २८ सुवासरे तिथौ शप्तमि नक्षत्र पुवाषडा तिपुरुकोट् रजस्थाने सक्रम साइकि येसी मया भैंछ । हन्या वोहोरा उप्र मया येसि भैंछ । भाइ भतिजा समेत सँगुन्या समेत मया भैंछ । काटों जगटो मोड अपुताली मरनु चरनु मेटि मया भैंछ । छत्तिसैं अकार गरि मया भैंछ । पत्र साछि विष्ट, जोगु महत्र, जितु महत्र, पिरोज महत्र, सुन्दर चाहाड दुसरत् जोइसि इउरं विष्ट परान् भडारि सगुन् भडारि-को पोट्लो संराम् सेजुवाल सारं कठाइत मिला कडुवाल कालु कडुवाल येस रेष षलाल पियार जोइसीका पोट्ला हालि पियारू जोइसिका चेलिका चेलाले लेकनु हन्या वोहोराका भाइ भतिजाले षानु यजनु पानु आथिना । पियारजोइसि । अंतर गिर मया भैंछ । सराजाना पडि मेटि मया भैंछ ।

विशेष शब्दहरू

साके : शाके

ज्येष्ट : जेष्ठ

सक्रम साइ : संग्राम शाही (?)

सुवासरे : शुभदिनमा

शप्तमि : सप्तमी ।

तिपुरुकोट् : त्रिपुरकोट । अचेल यो ठाउँ 'तिव्रीकोट' को नाउँ-ले जुम्लामा प्रसिद्ध छ ।

रजस्थाने (?) : राजधानीमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुवाषाडा : पूर्वषाडा
मया (< माया) : कृपा स्त्रीलिङ्ग
भैछ : भएकी छ ।
हन्या बोहोरा उप्र : हन्या बोहोरा उपर ।
सँगुन्या : नातागोता (?)
काटो : काट्टो
जगटो : जगात (?)
मरनु ; मरोपरी
चरन : गोचर
अकार : अकर ।
पिरोज : फिरोज
महत्र : महत्यारा ।
चाहाड : खस वैश्य विशेष
दुसरत् : दशरथ ।
इउरं : व्यक्तिवाचक संज्ञा । उपपत्ति अज्ञात ।
परान भडारि : प्राण भँडारी
सगुन् भडारी : शकुन भँडारी ।
संराम सेजुवाल : सग्राम सेजुवाल ।
सारं कठाइत : शारङ्ग कठायत ।

येसि : यस्ती
मित्रा : व्यक्तिवाचक संज्ञा । व्युत्पत्ति कठिन ।
कडुवाल : कटुवाल ।
लेकनु : भोग्नु : व्युत्पत्ति कठिन ।
पोट्ला : पोल्टामा ।
बोहोरा : खस वैश्य विशेष ।
यजनु : ? ।
पानु : पाउनु ।
आथिना (> अस्ति न) : छैन ।
अंतरगिर : ठाउँविशेष ।
इदु : इन्दु । यस ताम्रपत्रका लेखक।
वाज : बाज चरो ।
वछेरो : बछेडो ।
सराजना पडि मेटि मया भैछ : दानपत्र पढी मेटी कृपा भएको छ ।
(तुलनीय हिन्दी सरोजना : पाउनु, हात पार्नु)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२३

पहिलो विश्राम

आजभन्दा वाइस वर्ष पहिले प्रस्तुत ग्रन्थको प्रथम संस्करणमा पहिलो उठान सम्वत् १३९४ वाट मात्र आरम्भ भएको थियो। त्यसभन्दा पूरानो नमूना नेपाली भाषाको देखन पाइएको थिएन तर आज दुई दशक वित्दा नवित्दै प्राचीन नेपाली भाषाको अनुसन्धानका क्षेत्रमा व्यापक सक्रियता देखा परेको छ। त्यसैको परिणाम स्वरूप प्रस्तुत तेस्रो संस्करणमा नेपाली भाषाको इतिहास आज भन्दा एक हजार वर्षभन्दा पनि पूरानो प्रमाणित हुन आएको छ। अनुसन्धानको यस क्रममा सम्वत् १०३८ को दामोपालको दुल्लु अभिलेख र सम्वत् १३९० तिरको भास्वरस्तीको नेपाली अनुवादको प्राप्तिले झण्डै झण्डै खेला वेला मच्चाई दिएका छन् र "पाँचसय वर्ष" का अघिल्ला संस्करणहरूले अपेक्षाकृत नयाँ समयावधिका ठानेका वाज परीक्षा, ज्वरोत्पति चिकित्सा, औषध रसायन पछिका कालावधिका नठहरीई नेपाली भाषाको प्राचीनकाल अर्थात सिजाली कालका ठहरिएका छन्। सबैभन्दा खुशीको कुरा के हुन आएको छ भने वाज परीक्षा झैं अति प्राचीन कृतिलाई व्रज भाषाबाट प्रभावित ठान्ने गल्ती जुन पहिलेका संस्करणहरूमा भएको थियो त्यसलाई सच्चाई उक्त कृतिलाई प्राचीनकालको विशुद्ध नेपाली नमूनाका रूपमा पेश गर्ने स्थितिमा हामीलाई यी दुई दशकका वीचमा हामीलाई पुऱ्याएका छन्। पहिलेका संस्करणमा अपेक्षाकृत नयाँ समयका मानिएका उक्त कृतिहरूलाई प्रस्तुत संस्करणमा पहिलो उठानमा परेका देखेर आश्चर्य मान्ने कुनै आवश्यकता छैन, किनभने यस स्थानान्तरणको औचित्यलाई स्पष्ट रूपमा बनाउने भाषिक आधारशीला आजका नेपाली भाषा विदहरूले प्राप्त गरिसकेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँसम्म वाज परीक्षाको प्रश्न छ यो प्राकृत तत्वबाट अझै बेग्लिइ नसकेको भाषिक रचना भएकाले यसलाई सम्वत् १००० को आसपास भन्दा धेर टाढा लानु उचित देखिंदैन । पहिलेका संस्करणहरूमा अनुसन्धान तथा चिन्तन मनन्को अपर्याप्तताले गर्दा प्रतिलिपिकाल अर्थात सम्वत् १७०० तिरको कृति मान्नु परेको थियो यसलाई तर भास्वती र खण्डखाद्यक जस्ता अत्यन्त महत्वपूर्ण नेपाली कृतिहरू प्राचीन लिपिमै फेला परेर जब वाज परीक्षाको भन्दा नयाँ भाषिक स्वरुप प्रदर्शित गरिदिए अनि मात्र वाज परीक्षा नयाँ लिपिमा लेखिएको प्राचीन भाषाको नमूना रहेछ भनि निर्क्यौल गर्न हामीलाई सजिलो भयो । वाज परीक्षामा देखा पर्ने केही अनौठा भाषिक संरचनाहरू व्रज भाषाबाट लिइएका सापटी रहेछन् बरु व्रज भाषा र प्राचीन नेपाली भाषाका साझे तत्व रहेछन् भनि अठोट गर्न हामी यी अमूल्य खोजीहरूले गर्दा सफल भयौं । यद्यपि प्रतिलिपिकारले लिपि मात्र आफ्नु समयको नरोजी भाषा समेत यत्रतत्र आफ्ना समयको प्रयोग गर्न रुचाएको देखिन्छ तापनि यी रोजाई र रूचीले वाज परीक्षाको प्राचीनता छेकिंदैन ।

वाज परीक्षा पछि हामी भास्वतीमा पुग्दछौं । अनुसन्धान कर्ताले फेला पारेका अभिलेखहरुसंग तुलना गर्दा भास्वतीको भाषा नागराजका वंशज-को उत्तराधिकार आदिपालका वंशजहरूले पाउने वेला तिरको भाषाको समा-कालिन देखा पर्छ । यसैले यस कृतिको रचनाकाल वि. सं. १३९० तिर मानिएको हो । भास्वतीको अनुसन्धान गण्डकी अञ्चलको सुदूर पूर्वि भागमा भएको हुँदा र त्यसताक सम्वत् १३७८ मै सिंजाली अधिराज आदित्य मल्ल-को आधिपत्य गोर्खासम्म भएको कुरो इतिहास सम्वत् ठहरी सकेको हुनाले भास्वतीको समय सम्वत् १३९० को आसपासमा मान्नु अनुचित देखिंदैन । प्रस्तुत सङ्कलनमा नेपाली भाषाको अति महत्वपूर्ण यस ग्रन्थका केवल दुई पृष्ट मात्र संलग्न छन् तापनि भविष्यमा प्राचीन नेपालीको वैज्ञानिक अन्वे-षणमा भास्वतीले निकै ठूलो भूमिका खेल्ने कुरामा दुई मत हुन सक्तैन । कसरी सम्वत् १००० तिरको प्राकृत गर्भित नेपाली भाषाले ४०० वर्ष पनि वित्दा नवित्दै नव्य भाषिक संरचनाको विकास गऱ्यो, यस रहस्यलाई खोतल खातल पार्ने काममा भास्वती नै हालसम्म फेला परेका ग्रन्थहरूमध्ये सर्वश्रेष्ठ ठहरिन आउँछ । यसले हामीलाई अझै प्राप्त हुन नसकेको खस प्राकृत अथवा खस अपभ्रंशको पूनर्निर्माणमा अतुलनीय योगदान दिने छ भन्ने कुरो पनि सहज स्वीकार्य छ । यती मात्र नभई प्राचीन नेपाली भाषाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छुट्टै शब्दकोश निर्माण गर्नु परेमा भास्वतीले ठोस आधारशीला प्रदान गर्नेछ भन्ने हाम्रो विश्वास छ । यस्तो महत्त्वपूर्ण ग्रन्थ खोजन सफल हुनु भएका डा० जगदीशचन्द्र रेग्मीको गुण अविस्मरणीय छ ।

खण्डखाद्यक भन्ने ग्रन्थ पनि यी दुई दशक भित्रका भाषिक प्राप्ति-मध्ये एक ठहरिन्छ । यसको प्रतिलिपि काल हो सम्वत् १६४९ यसमा प्रति-लिपिकारले आपनो समयको भाषिक तत्वहरूको पनि समावेश गरेको छ तर यसरी समाविष्ट हुन आएको नवीन तत्व तुलनात्मक दृष्टिले हेर्दा नगण्य छ। प्रतिलिपिकालीन एक दुई विशेषतालाई छोडेर अध्ययन गर्दा खण्डखाद्यकको भाषा विशाल सिजा साम्राज्यको विखण्डन भन्दा पछिको ठहरिन्न । यसैले यसलाई सम्वत् १४५० भन्दा पूर्वको रचना मानिएको हो । खण्ड-खाद्यकको दोस्रो विशेषता हो कुनै एक भाषिकामा आधारित नरही अनेकौं नेपाली भाषिकामा आधारित हुनु झण्डै एघार वर्ष अगाडि यस ग्रन्थमा रुची लिने श्री काशीनाथ तमोटसितको वार्तामा मैले के विचार व्यक्त गरेको थिएँ भने खण्डखाद्यक प्राचीन नेपाली भाषा अनेकौं भाषिकाहरूमा विभक्त हुनु भन्दा पहिलेको कृति हो परन्तु केही यताका अनुसन्धानहरूले सिजाली कालमै नेपाली भाषामा कम्तीमा दुई भाषिका विकसित भैसकेका थिए भन्ने कुरो स्पष्ट पारीसकेको हुँदा एघार वर्ष पूर्व श्री काशीनाथ तमोटज्यू सामु मैले प्रकट गरेको मत स्वत: खण्डित हुन गएको छ । वास्तवमा खण्डखाद्यकलाई हामी धेरथोर आजको राष्ट्र भाषा नेपाली सित तुलना गर्न सक्छौं । यद्यपि आधुनिक स्तरीय नेपाली भाषा पूर्वेली भाषिकामा आधारित छ तापनि पूर्वेली-कै पनि कुनै एक स्वरुपको स्तरीकरण नठहरीई यो सबै नेपालीलाई पाहेक पर्ने किसिमले विकसित भाषा ठहरिन्छ । ठीक यसै गरी खण्डखाद्यकको भाषाले पनि परपश्चिमा, मध्य–पश्चिमा, ओर पश्चिमा, माझाली र पूर्वेली मध्ये कुनै एक आधार नरोजी सबै आधारबाट केही गुण स्वीकार गरी स्तरी-कृत हुन खोजेको देखिन्छ । उदाहरणका लागि यसमा माझालीका "हुंदोछ" (हुन्छ), भन्नोछु (भन्छु), थिनुको (थिनकों), इत्यादि तत्व देखिन्छन् भने अर्कोतिर मध्यपश्चिमा वा परपश्चिमाका तशो (त्यस्तो, यशो (यस्तो), कियो (गऱ्यो) आदि विशेषता पनि देखिएका छन् । यति मात्र हैन मझ पश्चिमा र ओर–पश्चिमामा पाइने आथिना (छैन), जस्ता शब्द पनि यसमा पाइएका छन् ।

स्पष्ट छ खण्डखाद्यक मूल रुपमा माझाली भाषिकामा आधारित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको तर अन्य भाषिकाका विशेषतालाई पनि ग्रहण गर्न पछि नहटेको एक स्तरीकृत माध्यम ठहरिन्छ। सिजाली नरेशहरूका नेतृत्वमा आजको नेपाल भन्दा पनि ठूलो विशाल राज्यको निर्माण पश्चात उक्त राज्यका निवासीहरूलाई एकै परिवारका सदस्यका रुपमा एक अर्कोसंग आवद्ध गर्ने साझे माध्यमको आवश्यकता पर्नु स्वाभाविकै कुरा हो। सोही आवश्यकताको उपज प्रस्तुत खण्डखाद्यकको भाषा ठहरिन्छ जसको मौलिक स्वरुपलाई सम्वत् १६४९ मा प्रतिलिपिकारले केही खलबलाई दिएका छन् परन्तु उनको यस प्रकारको कार्यबाट पनि खण्डखाद्यक विशाल सिजा साम्राज्यको सर्व स्वीकार्य साझे माध्यम हुनको लागि लम्किरहेको प्राचीन नेपाली भाषा हो भन्ने कुरा प्रतिलिपिकार नझुक्किइकन प्रतिलिपि गर्न सफल भएका अंशहरूले जाहेर गर्दछन्। यदि सिजाली साम्राज्यले राष्ट्रको रुप लिन पाएको भए खण्डखाद्यकको भाषालाई त्यस वेलाको राष्ट्रभाषा भन्न सकिन्थ्यो होला।

पहिलेका सँस्करणहरूमा पहिलो उठानमा ग्रन्थको समावेश हुन सकेको थिएन। प्राचीन नेपाली भाषाको प्राथमिक चरण ती सँस्करणहरूमा केवल अभिलेखहरूद्वारा मात्र प्रतिनिधित्व गरिएको चरण थियो। परन्तु दुई दशक वित्दा नवित्दै नेपाली भाषाको इतिहासमा व्यापक परिवर्तन आएको छ। माथि वर्णित दुई ग्रन्थका अतिरिक्त अन्य ग्रन्थहरूलाई पनि पहिलो उठानमा समावेश गर्ने कार्य यस सँस्करणमा हुन सकेको छ। यसका ज्वलन्त उदाहरण हुन्– ज्वरोत्पात चिकित्सा जस्ता ग्रन्थहरूलाई पहिलो उठानमा समावेश गरिनु। औषध रशायनको समावेश पनि यस्तै उदाहरण हो।

पहिलेका सँस्करणहरूका आधारमा पहिलो उठान विशुद्ध रुपमा अभिलेख कालको ठहरिन्थ्यो तर अब उक्त धारणामा उलटफेर आएको छ। पहिले पृथ्वीमल्ल र पूण्यमल्लका अभिलेख फेला पार्नु नै ठूलो सौभाग्य ठानिएको थियो, यसैले १६६१ भन्दा पहिलेका अभिलेखहरू मध्ये अधिकांशलाई र १४९४ भन्दा पहिलेका अभिलेखहरूलाई शत प्रतिशत मात्रामा समावेश गरिएको थियो तर यी दुई दशकहरूमा प्रशस्त मात्रामा प्राचीन अभिलेख फेला परेका भए तापनि तिनबाट भाषागत अध्ययनमा उति धेर सघोट नमिल्ने हुँदा नमूनाका रुपमा एक दुईलाई समावेश गरी अधिकांशलाई भने इतिहासकारको आधार सामग्री मानी यस सँस्करणमा समावेश गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैन । फेला परेका सयकडौं अभिलेखमध्ये एक दुईलाई मात्र समावेश गरिएको छ ।

तेस्रो सँस्करणले खस र खस कुराको चर्चामा गिदी खियाउने कामलाई प्राथमिकता दिएको छैन । पहिलेका सँस्करणमा खस जातिबारे चर्चा गर्ने विशेष आवश्यकता पर्नाको कारण के थियो भने त्यतिखेर इतिहासकारहरूले खस जातिको अध्ययनमा आवश्यक रूची लिएका थिएनन् । अब यस क्षेत्रमा रूची लिने र अनेकौं विद्वानहरू पैदा भै सकेका हुँदा प्राचीन भाषाको आधार सामग्री प्रदान गर्नु तर्फ नै प्रस्तुत सँस्करणले ध्यान दिएको छ । जहाँसम्म खस कुराको प्रश्न छ नेपाली भाषाको प्राचीन नाम खस कुरा हो भन्ने विषयमा दुई मत हुनु अब सम्भव नभएकाले यहाँ यसबारे व्यापक चर्चा गर्नु अप्रासङ्गिक मानियो । नयाँ सँस्करणले इतिहासकारलाई एउटा अर्को नेपाली जातिको इतिहासमा समेत रूची लिन घचघचाएको छ त्यो हो महाकाली नदीको तटवर्ती इलाकामा बस्ने साउका जाति । खण्डखाद्यकमा यस जातिको उल्लेख हुनु यो जाति प्राचीन कालदेखि उक्त इलाकामा रहनुको परिचायक हुन आएको छ । खण्डखाद्यक सम्वत् १४५० तिर नेपाली भाषामा अनुवादित हुनु भन्दा पहिले यस ग्रन्थका मूल लेखक ब्रह्म गुप्ताचार्यका पालादेखि नै साउका जातिको इतिहास पत्ता लगाएको छ यस सँस्करणमा परेको खण्डखाद्यकले ।

पहिलो उठानको प्रस्तुत विश्राममा नता आदिपालको वंशकै विशेष चर्चा गरिएको छ न नागराजकै वंशको । यहाँ कति मात्र भन्नु आवश्यक देखिन्छ भने पाल वंशीहरू कत्युरी वंशका हुन् जब नागराजहरू भने चाप वशका हुन् । यी दुवै खस जातिका विभिन्न शाखाहरू थिए जहाँसम्म चाप शब्दको प्रश्न छ त्यो आधुनिक नेपालीमा च्यापु अर्थात पुर्खा भन्ने अर्थिन्छ परन्तु प्राचीन कालमा चापको अर्थ राजा हुन्थ्यो । यो चाप शब्द तुर्केलीको जगगु अथवा यगगु शब्दको अपभ्रंश थियो । नेपाल अथवा नेपाल बाहिर पाइने चापागाँउ, चंपावत आदिमा हामी चापा जातिको अवशेष पाउन सक्छौं । खस जातिका इतिहासबारे यी र यीभन्दा महत्त्वपूर्ण कुराहरू प्रकाशमा आइसकेका हुँदा यहाँ यत्तिकै भनिन्छ ।

सिंजाली युगमा नेपाली भाषामा अभिलेख र वाङ्मय दुवै क्षेत्रमा महत्वपूर्ण कार्य भएको पाइन्छ । वास्तवमा विशाल सिंजा साम्राज्यले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आश्रय दिएको हुनाले नै भाषा र वाङ्मयको विकासतर्फ मान्छेको ध्यान आकर्षित भएको हो । हुन पनि कला, साहित्य र वाङ्मयको उन्नति कुनै पनि देश टुक्रिएको वेलामा होइन सङ्गठित भएको वेलामा हुनु सम्भव छ । उत्तर-मा खारी प्रदेशदेखि दक्षिणमा दोर्जीदाम (वोधगया) सम्म प्रभाव जमाउन सक्ने समृद्धिशाली सिजाली नरेशहरूको पूर्वमा कम्तीमा पनि खण्डखाद्यक पाइएको स्थल (दोलखा) र पश्चिममा कम्तीमा पनि हालको हिमाञ्चल प्रदेशसम्म फैलिएको साम्राज्यमा ठीक त्यसरी नै नेपाली भाषा र वाङ्मयले आश्रय पाएको देखिन्छ जसरी श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहपछि पाउन सक्यो ।

अन्त्यमा, निष्कर्ष के निकाल्न सकिन्छ भने प्राचीन नेपाली भाषाको त्यो घरेडी थियो जसमा जग हाल्ने कार्य चापवंशी, माघ वंशी, कत्युरी वंशी आदि नायकहरूले गरे । दुर्भाग्वश त्यस जगलाई उठाएर गाह्रो लगा-उने कार्य वाइसी र चौवीसी युगमा हुन सकेन किनभने त्यसवेला देश टुक्रिएर छिया–छिया भैसकेको थियो । यस्तो रुग्ण अवस्थामा मध्यकालीन युगमा प्राचीन कालको तुलनामा साहित्य र वाङ्मयको विकास नहुनु स्वाभाविकै थियो । श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवको वरद नेतृत्वमा देशको पूनरएकिकरण भएपछि मात्र नेपाली भाषा र साहित्यले प्राचीन कालले निर्माण गरेको घरेडीमा गाह्रो थप्ने र छानो लाउने काम आरम्भ गरेको निर्विवाद छ :

पाठकसँग यहाँ अनुरोध के गर्नु परेको छ भने विस्तृत रूपमा बाज परीक्षा, ज्वरोपत्ति चिकित्सा र औषध रसायन झैं हाल अरू प्राचीन ठहरिई पहिलो उठानमा परेका ग्रन्थवारे चर्चा दोस्रो उठान पछिको दोस्रो विश्राममा पढिदिनु होला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो उठान

(सम्वत् १६८३–१८३१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४

सुरतीशाह

दानपत्र (सं. १६८३ तिर)

स्वस्ती श्री श्री श्री ओम् सहि महाराजा सुर्तीसाहाले काला वगरका कवकता दावी नारायण सीषाडा चमरषाडो वषाला मलेवम राजाका २ पैकेलामा चाकारीज रोतले गोराल्या षोलो रुगा गाउको षोलो बुड्न्या सोमका कड्या डेवरको येति कीला भीत्रको आलो टालो फोइको चवरको कर्मवीर्ती जग्गा पनी थपी केई जग्गा रोतले हीसगु रुपो हाली पाउलो सुन धार्नु कपुन्या तीरन सुन तामु येकसये दस रुपैया कैह्रो हाली सतिगाउ सोवाषर वीवाषर वुडाले पाया भैछ माहाराजा सुर्तिसाहाले दी मया भैछ । ये जग्गाहाको हर्को छोडी यक्का गरी षाउ पी संनत वक्समान मया भैछ भनि सीरान हाली सीनु काषी हाली लिनु भनी कागतपतर गरी दिया भैछ । साची सामज्यु, लछुमन्, छीता पारवता, कनकासुन्दरी देवी, माहातह माहादेवा देवता साची भया, भुमी वसुन्दरा, गंगामाही, मेरमैन्धीरका सृष्टषान देवदेवर, लेषकी भुवानी, गाउकी रुवानी साची भया । ई कुडा वदे लिया भन्या सरग फुटी जाउस् कपीलास ढली आउस्, कागको हास पल्टी जाउस् । इ कुरा साचो हो साचो हो १-२-३ ।

विशेष शब्दहरू

सीषाडा : थरविशेष, सिमखाडा । कवकता] व्युत्पत्ति कठिन ।

चमरषाडा बषाला । चमनखाडा थ- चाकारीज]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रको बखाला भन्ने व्यक्ति ।
पैकेला : योद्धा ।
आलोटालो : जग्गाजमीन ।
फोइ : ?
कर्मवीर्ती : कर्मबिर्ता ।
हीसगु : ?
रूपो : चाँदी ।
पाउलो सुन : पत्रे सुन ।
धार्नु कपुऱ्या : एक धार्नी कपुरे । कपुरे सुन अथवा चाँदीको भेद हुन सक्छ ।
तोरन सुन : तृन सुन; त्यान्द्रे सुन ।
पाआ भँछ : पाएछन् ।
जग्गाहा : जग्गा ।
हर्को : ?
षाउ पी : खाऊ पिऊ ।
न.सत : सनद ।
वक्समान : बकस ।
सीनु : सुत्नू ।

चाकारीज : चाकारीज नाउँको राहुत ।
सामज्यु : श्यामज्यु ।
लछुमन् : लक्ष्मण ।
छीता : सीता ।
पारवता : पार्वती ।
माहातह : ?
साची : साछी ।
भुमी : भूमि ।
गंगामाही : गंगामाई ।
मेरमंधीर : मठ-मंदिर ।
रूवानी : गाउँकी देवी ।
भुवानी : भवानी, लेककी देवी ।
वदेलिआ भन्या : बदलिए भने ।
सरग : सगर, आकाश (> स्वर्ग)
फुटी जाउस् : फुटिजाओस् ।
कपीलास : कैलाश ।
ढली जाउस् : ढलिजाओंस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५

(जय) लक्ष्मीनृसिंह मल्ल

शिलालेख (सं० १६९८)
(दुर्गालिखित ?)

श्री शाके १५६३ श्री सस्वत् ७६१ मासे ४ तिथौ ७ वारे १ आषाढसुदि । स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूरीधुशरितशिरोरुह । श्री-मन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानोन्नतः महाराजाधिराजश्रीमच्छी जयश्रीश्रीलक्ष्मीनृसिंहमल्लदेवेनमहादेवभूमिनमंकृतं ।

अतः पुनभाषा । संभूर्चत्येन पश्चिमे अग्निहोत्रेन उत्तर चौडोवाटेन पूर्व्वतो पुराना छत्रेन दछिन—येति भूमिमह धर्न्नु रोजो हान्मारु गर्न्नु नाहि । जश्ले गऱ्या महादेवघात् गऱ्याको पाप । यति थिमान भित्र रह्या देवघात् गऱ्याको पाप । तस्का शिर कदाचित् हट् गरौ रह त घिस्याइ अफाल्या प्राश्चित्य नाहि ।

साछि—ब्राह्मण प्रधान षस मगर पाच । शुभमस्तु । लेषित दुगा ।

विशेष शब्दहरू

पुन भाषा : नेपाली भाषा । केही लेखकहरूले यसलाई 'पर भाषा' भनेर पढेका छन् ।

चौडोवाटेन : चौदोवाटो भन्ने

नाहि : नाइँ, छैन ।

जश्ले : जसले ।

थिमान : सिमान (?)

तस्का शिर : महादेवको मूर्तिको टाउकामा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँबाट ।

भूमिमह : भूमिमा ।

घर्न्नु : (कसैलाई) पचनु ।

रोजो : (कुनै) दिन ।

हान्मारू : मारकाट ।

हट् : घमण्ड

रह त : बसेदेखि

पाच : पंच ।

लेषित : लिखित ।

दुगा : दुर्गा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२६

जगत्प्रकाश मल्ल

मडुवा कागत (सं. १७२०)

१ ओम् स्वस्ति । श्री शाके १५८५ फाल्गुणमासे पूर्णमास्यां छद्यै वाराहकल्पेत्यादि एवं विशेषणविषिष्टतरायां पुण्यथियौ श्री ३ पशुपतिचरणे (त्या) दि महारा(जा)धिराज मा (नव) गोत्र श्री श्री जगत्प्रका(शम)ल्लदेव सदा (सम) र विजयीना (काश्य)प गोत्र श्रीं काशि जोसी श्री वलि जोसी प्रमुख चार भाइ ब्राह्मणाय नालाका ईशाननिकोट जानुक..... चुसान्हवतप ..... च्चुत्र नामाधेयां यथाचाद्राघात परिवेष्ठितं भूमि विष्णुदैवतां संकल्पस्तुभ्यमहं प्रदत्तो । क्रयविक्रय स्वा (धीने) नैव क्रयेण विक्र (यि) तं भवति ।

पुनर भाखा । स्थानस्य ईशान दिसे खोला.....पश्चिमम ध्वगाखंभसै उत्तरत घन्याडि भूमेन पूर्वत गोठकटचारा भूमेण दक्षिणतश्च । एतन्मध्ये चसान्हवत तल फणिक्षेत सव घन्याडि पच्चिम दादो गोठ उत्तर शिरान पाति खतत्तिति ···· शय अशमु रेटि·····उपजत्या भूमि वृत्तिकए संकल्प भैल ।

पुनर् भाखा । कूरो वातो वाधा गर्न्नू नाहि । कवोनौ खस ब्राह्मणका गोठ राखनु नाहि । आपनामात्र नालाका प्रधानौ ब्रह्मवृत्तिमह कओनौका गोठल खानु नाहि । ऐतने सिमानवहिर चार करैगै तैकर वदि खानु । जो कदाचित खेत वेचना होइनौ, आपना राजा मनाइ वेचनु । अर्का राजा दिनु नाहि ।·····

('पुरातत्व—पत्रसंग्रह'बाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

घ्याडि : घरेडी ।
गोठकटचारा : गोठकटेरा
दादो : डांडो ।
कूरो : घर; कुलो ?
वातो : बाटो ।
कवोनौ : कुनै ।

सूचना—पहिलो डप्फा संस्कृतमा छ, चार, भाइ जस्ता शब्द मात्रै नेपालीमा छन् । दोस्रो डप्फा नेपालीमा छ, तर मैथिलीको पनि प्रयोग छ । तेस्रो डप्फा नेपालीमै छ, तर व्रजभाषाको पनि प्रयोग छ । यो कागत नेवारी लिपिमा पाइएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२७

(जय) प्रतापमल्लदेव

रानीपोखरी शिलालेख (सं. १७२७)

ओम् । श्री ३ कालिकार्य । शस्त्रशास्त्र संगीतादिसकलविद्यापारंग महाराजाधिराज नेपालेश्वर विदाधचूडामणि सकलराजचक्राधीश्वर श्री श्री राजराजेन्द्र कवीन्द्र जय प्रतापमल्लदेवन श्री श्री श्री परमेश्वर परमेश्वरी ब्रह्मभूमिनेमकृतं ।

अतः परं भाखा -श्री श्री जय प्रतापमल्लदेवन आफुले सास्त्र हेरिकन असंख्यात पुन्य देखिकन निकसिकन गंगा आदि नाना तिर्थको जल लेइकन महाराजाधिराज नेपालेश्वर राजराजेन्द्र श्री श्री जय चक्रर्त्तेन्द्रमल्लदेवको नामले वनायाको पोषरिमाहा राष्याको छ । श्री वारानशिको गंगाजल, श्री वेद्यनाथको गंगाजल, श्री वाग्मतिको जल भारि १०६४१, श्री शंषमुलको जल, श्री पनति तिर्थको संगमको जल, श्री गंडकीको जल, श्री कौशिकिको जल, श्री सुन्दरी नदिको जल वहाइकन पोषरि भर्‍याँ । श्री नीलकंठको जल भारि ६३५, श्री विष्णुमतिको जल, श्री विश्वनाथको जल वहाइकन, आफुले संकल्प गरिकन पानि राष्यो । श्री तेवायको जल, श्री वागेश्वरको जल, श्री मनसतिको जल, शंखदहको जल, श्री कगेश्वरको जल, श्री वाग्मतिनाभको जल, सपनतिर्थको श्री जल, श्री कोमतिको जल, श्री डान्हुटुको जल, श्री वालानिलकंठको जल, श्री त्याङाको जल, श्री मशिलको जल, श्री थयपि जल, श्री सप्तकौशिकिको जल, श्री तौदहको जल, श्री कटुवालको जल, श्री मातातिर्थको जल, श्री इन्द्रदहको जल, श्री गोकर्णको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जल, श्री ज्ञानवापिको जल, श्री पशुकुण्डको जल, श्री सीताकुण्डको जल, श्री टेषुदोभानको जल, श्री हनुमन्तघाटको जल, श्री गोलहिटिको दहको जल; श्री ज्वालामुषिको जल, श्री मुक्तिक्षेत्रको जल, श्री श्री कालिगंडकिको जल, श्री श्वेतगण्डकिको जल, श्री सरजु गंगाको जल, श्री मालिकाको जल, श्री पाताल गंगाको जल, श्री प्याग, गंगा-जमुना, सरस्वति, त्रिवेनीको जल, श्री कमलेश्वरीको जल, श्री सप्तगण्डकिको जल, श्री अनन्त लिंगको जल, श्री सिपाडोलको जल—एति तिर्थको जल, एक एक तिर्थको अनेक अनेक फल । एति तिर्थ सर्व यो पोषरिमाँहा छ । यो पोषरिमाहा स्नान गरिकन देवतर्प्पन पितरतर्प्पन संध्या आदि समस्त कर्म जसले गऱ्यो यति तिर्थमाहा स्नान गऱ्याको पुन्य पावनु छ ।

टेटन ढोषावाहिर पनालिमाथिको देवलले सदावर्ति गुठिको षेत, जमल द्वाकचलको दक्षिण टुसागल देवल, श्री उपाध्याको पनालि। वालमसान पश्चिम उमदेको देवल, कुलादेखि मासवखेलको उत्तर शसन पनालि माथिको चौरको देवल श्री कान्तिपुर नगरको पूर्व । एति भूमिमध्यमाहा धर्नु रोजो हान्मरू गर्नु आत्महत्या आदि कसैले केहि पाप यो पोषरिमाहा गर्नो नाहि, कसैले गऱ्या हुदा कोटि अगम्यागमन, कोटि अभक्षाभक्षन कोटि ब्रह्महथ्या, कोटि गोहथ्या, कोटि गुरुहथ्या, कोटि वालहथ्या, कोटि स्त्रीहथ्या, कोटि शिवलिंगध्वंशन गऱ्याको पाप । एति तिर्थमहा पाप गऱ्याको एति तिर्थमहा वस्याको श्री श्री श्री परमेश्वरी नास्याको पाप । तस्का सिर कदाचित् हट गरि वस्या हुँदा, रह्या हुँदा, धिस्याइ शाफल्या, वाध्य टिल्या प्राश्चित नाहि ।

दृष्ट साछि—श्री आदित्य, चन्द्रमा, अग्नि, पृथ्वि, जल, आकास, वायु, आत्मा, यम, दिन, रात्रि, संध्या, धर्म, श्री ब्राह्मण पाँच, प्रधान पाँच, खस मगर पाँच । श्री शाके १५९२ कातिक शुदि पूर्णिमा ।

विशेष शब्दहरू

परं भाखा : परम भाषा । यसबाट जाहेर हुन्छ, प्रतापमल्लको समयमा नेपाली भाषाले प्राय: अचेलको झैं विस्तार पाइसकेको थियो ।

सास्त्र : शास्त्र ।

असंख्यात : असंख्य ।

पावनुछ : पाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुन्य : पुण्य ।
निकसिकन : बाहिरिएर ।
लेइकन : ल्याएर ।
चक्रवर्तेन्द्रमल्ल : प्रतापमल्लका छोरा।
वारानशि : वाराणसी ।
पनति : पनौती
तिर्थ : तीर्थ ।
"आफुले संकल्प गरिकन पानि राख्यो" : छाँटले 'आफु' अन्य पुरुष भएकोले यहाँ 'राख्यो' क्रिया प्रयुक्त भएको हो। अचेलको प्रयोगअनुसार यहाँ अभीष्ट 'राख्याँ' थियो।
सपनतिर्थ : स्वप्नतीर्थ ।
टेषु : टेकु ।
प्याग : प्रयाग ।
जमुना : यमुना नदी ।
त्रिवेनी : त्रिवेणी ।
कमलेस्वर : कमलेश्वरी ।
वाराह क्षेत्र : सुनसरी जिल्लाको एउटा तीर्थस्थल ।

ढोषा : ढोका ।
पनालि : कुलो ।
देवल : देवालय ।
धर्नु : धरपकड गर्नु ।
रोजो : दैनिक ।
हान्मारू : मार-काट ।
गर्नो नाहि : गर्नु छैन ।
गऱ्या हुदा : गरेको खण्डमा ।
हथ्या : हत्या ।
हट गरि वस्या हुँदा : ढिपी गरी बसेको खण्डमा ।
रह्या हुँदा : रहेको खण्डमा ।
आफल्या : आफलेदेखि ।
वाध्य टिल्या : अर्थ अज्ञात ।
प्राश्चित : प्रायश्चित्त ।
नाहि : छैन ।
आकास : आकाश ।
पाँच : पञ्च ।
कातिक : कार्तिक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२८

आछाम मल्लो भैंसोल्या अभिलेख

काशी जोइसि लिखित (सं. १७३६)

ओम् स्वस्ति श्री साके १६०१ माशे चैत्र १२ बारे १ तिथौ ढाडका तला अँशमथि रिस्यालको दियो पद्मषरको पायो। रुपया ९ नो धानि तामा ९ नव रुपया-। रत्या भइँसो पैला वेतको वार माना हदनो शाडा:ठिटुवा नो थान, क्षट नो, षाडा ठिन्या, दुई रुपया नितु पाध्याका हिया क्ष, एक वाक्षो दिव्या योइशिको हियो क्ष। रुपया ४ पक्षारका हिया क्षन्, यगतमान पाध्याका दिया क्षन्। ऐति शवै तला ढाड्मथि क्षँन्।

मथिला ढाडमथि रुपिया ३६ क्षतिश क्षन्। शाइमल रायाका वावा क्षन्। चउद रुपया १४ वाइमथि क्षँन्। रुपया आठ ८ अरु क्षँन्। शवै एघार मँन् क्षन्। २ शात पाथि नारीगंका षेतमथि संकल्प गरि पायो छ। नारीगंका पलाँ अँश नालिषेत भूमिदान दियो क्ष। तिय पाथिमा त दियो क्ष। रुपया आठ ८ क्षँन्। हतक्याका षेतमथि शंकल्प भयोको क्ष। लुयाटाको षेत २२ वाइश पाथि क्ष। आउस्याँका गडा शुधा, माश वुन्या हतक्या शुदो शवै शंकल्प गक्रि दियो क्ष जिउ। लुयाटाका कुलामथि वोंडो पाथि ५ पाँच रुपयामा त क्षँन् जिउ। ढुँगाना नारु पाध्याको दियो क्ष। ढाँडका वाट उदो पाथि १४ चौद माना कोटि विरु। राउलले मया चितयो। गया वसि पदमाषरले पायो। गयाधर किडागाल देवता शाक्षि। शत्य चौद रूपया देवताका बोल दिया क्षु। रोयो धमगाल गयाडरका विच शउराम योइशिथि छ। छ मँन् धार्ना अधिक आइ गया छ। उपरि मागि मागि षानु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्ष । रुपया दश रया क्षँन् । मूलिका षल्या वोराथि दश रुपया भैंशो क्ष । शवै रुपया विश क्षँन् । ददिमल राजाका हाथ हालि दिया छ । ठेकार ददिमल राजा । थागन्या लवारथि रुपयु छ । बाडिका षेतमथि दश मन १० शंकल्प भयो छ । शाउदले षायो छ । कुइका चामा योइशि शाचि । तेश उडिका षेतमथि संकल्प भयाको छ । शाचि पठान विष्ट । घउलु योइशि, शिवा योइशि, सुन्दर उपाध्या, चेफा योइशि, वामा योइशि, पँदपा वुडो, शुजित राउल, ढकुर मेहराजा, शुदिमन राजा, शाइमल राया, विमा राजा, चंष्या पेष, टिमाल लक्षु, शाउद भँडारि, मना भँडारि । एति शाचि । चाउरु योइशिले दियो यगतमनि पाद्याले पायो छं जिउ । पानि जिति शंकल्प गरि पायो छ जिउ । रास्कोट पयमनि योइशि, मडाशँन्या शुन्दर योइशि येति वशि दियो छ । किमूका रुषमनि लेष्या छ । शाचि हिरु पाध्या शाचि मनुक्षशु भलु । कोटका गाउका मथि लावर पाथीका थागमथि रुपया पंन्द्र १५ क्षन् जिउ । शाइमल राजाका षाया रामपंथिका दिया । मापका अठपाथ्या भागमथि संकल्प भयाको छ । तत्पाव पाथ्या मेलो तलवाट उमो शवै शंकल्पकि वृत्ति क्ष । चौद पाथि तला दका ढाडमथि कोट्रका घरलागो गरि शंकल्प भयाको छ । शुभम् । लिषित शाचि काशी जोइशि, यगदेउ उपाध्या, चोशु पाध्या । शुभम् ।

दवइमापका पाँच मन आइ गया क्ष, मन रइगया । शुदिनम रायाले दिया अशाडा वोराले षाया ।

विशेष शब्दहरू

तला : तल्ला ।
अंशिमथि : अंशमाथि ।
रिस्याल : रिसाल ।
पद्माषर : पद्माकर ।
नो, नव : नौ ।
भइंशी : भैंसी ।
हदनो : ?
शाडा (षाडा ?) : खाँडी ?
ठिट्वा : खाँडीविशेष ।

षाडा : खाँडी ।
ठिन्या : खाँडीको एक भेद ।
हियो : हृदय ।
क्ष : छ ।
ऐक : एक (लिपिदोष) ।
वाक्षो : बाछो ।
योइशि : जोइसि ।
हिया : हृदयमा ।
पक्षारका (पछ्यारका) : पछिबाटका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यगतमान : जगतमान ।
बाद्या : पाध्या ।
ऐति : यति ।
शर्व : सर्व ।
ढाड्माथि : ढाँडमाथि ।
क्षँन् : छन् ।
मथिला : माथिल्ला ।
क्षत्तिश : छत्तीस ।
रायाका : राजाका ।
चौद : चौध ।
वाइमाथि : उहींमाथि (?)
शात : सात ।
पायो क्ष : पाएको छ ।
दियो क्ष : दिएको छ ।
तिय पाथि : तिन पाथी ।
लुयाटा : गाउँविशेष । लुइँटेल-हरूको पूर्वथलो ।
वोडों : बोडी ।
वाइस : बाईस ।
शुधा (सुद्द) : समेत ।
माश वृन्या : मास छर्न ।
हतर्क्या शुदो : हतर्क्यासमेत ।
गरिद दियो क्ष दिउ : गरिदिएको छ है ।
वाट : बाटो ।
चितयो : चितायो ।

गयाधर : गजाधर ।
शाकि : साछी ।
दिया क्ष : दिएको छु ।
रोयो : रोजो ।
योइशिथि : जैसीसँग ।
उपरि : अतिरिक्त
भैंशो : भैंसी ।
ठेकार : ठेक्दार ।
लवार : पुहुनी जातिविशेष । खस सम्प्रदायको शूद्र जातिविशेष ।
रुपयु : रुपियाँ ।
उडिका : ओरिका ।
पठान विष्ट : ठीक यही नाम हामी सुरथ शाहको मथु जोइसी लिखित अभिलेखमा पनि पाउँछौं ।
किमू : किम्मु ।
अठपाथ्या : आठपाथे ।
पाथ्या मेलो : पाथी बीउ जाने जग्गा । (मेलो : *field*)
उमो : उँभो ।
वृति : बित ।
दका : ?
घरलागो गरि : घरले पाउने गरी ।
यगदेउ : जगदेव ।
दवइ माप : ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२९

कल्याल राजा जहाँगीर शाही

ताम्रपत्र (सम्वत् १७४९)
(नरु जोइसिलिखित)

ओं सोतिस्ति साके १६१४ क्रिनपछि जेष्टमासे दिनगता ४ चार वुदवासरे षष्टितिथौ धनेटा नक्षेत्रे दुनै रजस्थानने जाहागृ साइकि मया भैछ। मुमिसाइ नहक्लुलसाइकि मया भैछ। छतेसकर अकर मया भैछ। रंजित्या वुडाउप्रयेसि रेष मया भैछ।

पत्रसाछि—माधुसाइ, गजुसाइ, विर्जसन्या उप्र वुरातु राइलु वुडा भडारि सैग्र रातुचवा पुचाक्रजैरकंत्रजगुन्नाचाक्र रोकाय्य भाउसु जोगु वुडा नानु वुढा। येसि रेषका ब्राह्मन षलाल पाहाडि पाथ्ये छं। लेषित साछि नरू जोईसि।

उग्चेला भतिजाले षानु। पत्र काटन्या काल्या लत्र।

विशेष शब्दहरू

सोतिस्ति : स्वस्तिश्री।

क्रिनपछे : कृष्णपक्षे।

धनेटा : धनेष्टा।

दुनै : दुनई, जुम्लाको एउटा गाउँ।

छतेस : छत्तीस।

येसि रेष : यो अधिकार। 'येसि'को यस अर्थमा प्रयोग अन्त पाइन्न। अन्त यसको अर्थ छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जाहागू : जहाँगीर ।

नहक्लुल : नहकुल ।

गजु : गज ।

विजैसन्या : विजयेश्वर ।

राइँलु : राइँलो (?)

सैग्रातुचवा, पुचाक्रजैरुकंव्रजगुव्राचाक्र : पक्कै यी व्यक्तिका 'यस्तो' ।

माधु : माधव ।

नाम थर हुन् । तर यिनको व्याख्या भएको छैन ।

भाउसुं : भाउसि (?)

नानु : स्यानु; व्यक्तिको नाम ।

उग्चेला : उसका चेला (?)

—:o:—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३०

राघौ जैसी

अनन्तलिङ्गेश्वर-शिलालेख (सं० १७६९)

स्वस्ती श्री शाके १६३४ माघ शुक्ल पंचम्या तिथौ श्री राघौ जोसिले श्री विश्वेश्वर स्थापना गऱ्या । विश्वेश्वरकन सुमलिंगटारमाहा सोल मुरिको षेत शिवप्रिति श्री राघौ जैसीले गऱ्या । ताहामाहा जो विश्वेश्वरको पुजा गर उसकन पचस पाथि धान निनु ।

उप्रांत छ ब्राह्मणकन पंचामृत गरि भोज्जन दिनु । देवलमहा चून लावनू । शतरूद्रि गरि शिवको पुजा गर्नु । मयासि डल्लुनसिह डलुद्रक सिहकन वर्ष पति पाच पाथिधान दिनु । दक्षिणा चारदाम दिनु । जो त्यति नगर उसकन पंचमहापातक ।

श्री ध्रुव जोसि श्री कामदेव जोसि श्री नारायण जोसि श्री वृहस्पति जोसि श्री हरिशंषर जोसि श्री रामभद्र जोसि श्री विष्णुहरि जो श्री कान्त जोसि-इति सर्वै भाइले भाग गर्नु । साक्षि अनन्तलिङ्गः । ब्राह्मण साक्षि श्री शिवदास उपाध्या । शुभम्: ।

(वीरपुस्तकालय । भक्तपुर)
(बांध संख्या ७, खाम संख्या १७)

विशेष शब्दहरू

सोल : सोह्र ।
मुरि : मुरी ।
राघौ जैसी : राघव ज्योतिषी ।
पचस : पचास (लिपिदोष) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष पति : वर्षप्रति ।

पाथि : पाथी ।

डल्लुनसिंह : व्यक्तिको नाम । व्युत्पत्ति । कठिन ।

डलुद्रकसिंह : व्यक्तिको नाम । व्युत्पत्ति कठिन ।

हरिशंषर : हरिशंकर । व्यक्तिको नाम ।

जो : जोसि (लिपिदोष) ।

भइ : भाइ ।

—:o:—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१

भूपतीन्द्रमल्ल

ताम्रपत्र (सं० १७७१)

दैवज्ञ जयनारायणलिखित

ओम् स्वस्ति । श्री शाके १६३६ आश्विनमासे कृष्णपक्षे अष्टम्यां तिथौ एवं दिने श्री ३ पशुपतिचरणकमलधूलिधूसरितशिरोरुह श्री मन्मानेश्वरीष्ट-देवता वरलब्ध प्रसादित रघुवंशावतार देदीप्यमान मानोन्नत महाराजाधिराज परम भट्टारकमानवगोत्र श्री श्री जयभूपतीन्द्रमल्लदेव सदा समरविजयिनां काश्यप गोत्राय गोदामथापा वीरभद्रनाम्ने यथाचात्रा घात परिवेष्ठितां भूमिप्रसादीकृतं । सुवर्ण्ण पुष्पमालार्घं प्रढौकितमादाय क्रयविक्रय स्वाधीनेन क्रयेन विक्रयितं भवति ।

पुनर् भाषा । निर्झरात् पश्चिमतः नद्या उत्तरतः निर्झरात् पूर्वतः पाषाभूमिष्वगा खंभेन दक्षिणतश्च । एकन्मध्ये व्यहावल माहाकालक्षेत्र संज्ञक तत्क्षत्राङ्क च्छपन्न रोंपणिकं रोपणि च्छपन्न ५६ खेतको उत्तर घल्यालि षष्ठरोपणिकं रोपणि ६ गोथकत्यारा लैकन कुलोको पाणि सर्वलाय वादिकन अधिका पैदासितो लेनो । नेपालव्यौंसिका खेत सर्क्कार लिकन सातो दिया । खेत वेचनो भयादेखि राजा जनापनो चाइंच्छ ।

अछ पत्रार्थे दृष्ट शाक्षी—माता श्री श्री लालमती देवी, श्री श्री रणजितमल्ल देव, गौरो श्री वासुदेव, श्री हरिनन्दन, क्षत्रमञ्जरी धनदत्त-सिंह, घर्च्चा चन्द्रराम, मोहन, पूर्णराम, तेकनसिंह । लिखित दैवज्ञ जय-नारायण । । शुभमस्तु ।

('पुरातत्व-पत्र संग्रह' बाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

च्छपन्न : छप्पन्न ।
रोपणि (कं) : रोपनी ।
घल्यालि : घरेडि ।
गोथकत्यारा : गोठकटेरा ।
लैकन : लिएर ।
कुलोको : कुलाको ।
पाणि : पानी ।
सवैलाय : सबैलाई ।
वाद्रिकन : बाडीकन ।
पैंदासितो : पैंदासँग ।
लेनो : लिनू ।
व्यासि : ब्यांसी, उपत्यका ।
सातो : साटो ।
बेचनो : बेच्नु ।
जनापनो : जनाउनु ।
चाइंच्छ : चाहिन्छ ।

यो ताम्रपत्र नेवारी लिपिमा छ ।

—:o:—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३२

अडैभुम मलैभूम सन्तान

ताम्रपत्र (सं. १७७९)

स्वस्ती श्री सस्वत्सरे १६४४ साल वासे फाल्गुण दिनगता ७ तिथौ सुदि १२ वासरे रोज ५ मा दुलुका राजा मु०अडैभुम: मलै भुम: का सन्तान ईम पिरति भुम्मले मेरो जग्गा चामन्कोट पम्सिम् रामागाड पूर्व षेतगाउ मेहेलपा उतर कटसषोला दषिन इति ४ किला भित्तको जगाको धनसंख्य र धर्मसंख्य गरि कालो अपलग घोडो १, गाजिना धान २, पुर्सो डाफ्य १, चाषुडो १, नुन्, धार्नि १, कोस्यालि डासो १, इति धन जुमला सिजा लुपाचडि वस्न्या रनुकान्य कुसमपाध्यवाट धन षाई धनसंख्य र धर्मसंख्य गरि यो जगा चलन गर्नु भनि दिया भैंछ। रनुकान्य कुसुमपाध्याले पाया भैंछ। सिउमल सेराषेत र रामगाड्को दवालो आस्य होइ षानु। रामगाडको दवालो दषिन कर्नालीसम्म कसैले माछा आउन्य थुंन्य भन्य रनुकान्यले जाई थुन्यको फालि दिनु भनि राजा पिरोति भुम्मले मया भईछ। कुस्मपाध्यले राजाका वचं पाया भैंछ। अरु कसै गास्पताभित्त चल-भोग गन्य भन्य उसबाट दह्रिसाग रनुकान्यले षानु भनि मया भैंछ। मालेयुका रु. ५२, कन्वन् धं रु. ५२. स०।

विशेष शब्दहरू

दुलु : दुल्लु।
मु० : ?
अपलग् : घोडाको प्रकार विशेष।
गाजिना : धानको नाप (?)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मलैभुम : अडै ब्रह्म; तुलनीय पृथ्वी-मल्लको कनकपत्रको "छिद्यांका अडै अधिकारी वियापारि" इत्यादि (पृष्ठ ६)।

मलैभुम : मलयब्रह्म, मलय वर्मा।

ईम : ईन (?)

पिरति भुम्म : प्रीति वर्मा।

पस्सिम् : पश्चिम

कटसषोंला : एक ठाउँ, कटुस खोला।

भित्तको : भित्रको। प्रगत समीभवन (*Progressive Assimilation*) ले गर्दा भित्र > भित्त भएको हो। अझै जुम्लामा यो बेहोराको प्राचुर्य छ।

विशेष

पुर्सो डाफ्य : भाले डाँफे।

कोस्यालि : कोसैली।

आस्य (आँस्या) : अंशियार।

ह्रोइ : भएर।

दवालो : दुवालो, बाँध।

जाई : गएर।

पिरोति भुम्म : प्रीति वर्मा।

गास्पता : चारकिल्ला। व्युत्पत्ति कठिन।

दह्रि साग : दही, साग (?)

मालेयुका : जिन्सी। व्युत्पत्ति कठिन।

कन्चन् : नखत।

धं : धन।

स० : ?

सेरा षेत : सेरा र खेत। जुम्लामा ठुला ठुला खेतलाई सेरा भन्ने चलन छ। गाउँ खाने कथामा भनिने 'सेरोफेरो' ले पनि यसैको संकेत गर्छ।

यस ताम्रपत्रमा कानुनानी (ा) धेरै ठाउँमा उपेक्षित छ, हेर्नोस् चामन्यकोट (चामन्याकोट), धनसंख्य (धनसंख्या), धर्मसंख्य (धर्म संख्या) डाफ्य (डाफ्या), रनुकान्य (रनुकान्या), कुसुमपाध्य (कुसुमपाध्या), आउन्य (आउन्या), थुन्य (थुन्या), भन्य (भन्या), थुन्यको (थुन्याको), गन्य भन्य (गन्या भन्या) इत्यादि।

—:०:—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४

प्रेमनिधि पन्त

(क) प्रायश्चित्त दीप (सं. १७८०)

(क) पहिलो अध्यायबाट

श्रुति स्मृति पुराणोक्त नित्यपूजा जप श्राद्ध नैमित्तिक ग्रहण स्नान दानादि नगऱ्या लसुनादि भक्षण रजस्वलादि स्पर्शन गऱ्या लग पाप हुंछन् ती पाप आठ भांतिका छन् । महापातक, उपपातक, अनुपातक, जातिभ्रंशकर, अपात्रीकरण, संकरीकरण, मलिनीकरण, प्रकीर्णक नाउँका । ब्राह्मणको मार्नु, मद्यको पीनु, वामनका सुनाको चोरनु, स्वमाता प्रसंग गर्नु एत्तीमा एक थोक गर्न्याको पनि संग रहणु एति पांच महापातक कहींछन् ।

गुरुलाई मिथ्याभिशाप लाउणु वेद अप्रमाण छकै सिद्धांत गर्नु मित्रलाइ मार्नु पऱ्या वेदको विर्सनु लसुनादिको खांणु अपनी वडाइका निमित्त लवारि गर्नु रजस्वला स्त्रीका मुखको प्रसंग गर्नु, घोडा रत्न मनुष्य गाइन्को वामनन्का नासाको लगचोर्नु, अपना मित्रकी स्त्री, अफुहोइ ठुलि जातीकी नव्याही कन्या, वहिणी, चांडाल्नी, अपना पुत्रकी स्त्री, हौर जातीकी पनि कन्या, अपनी फुफु, माताकी वहिणी, माइज्यु, शानिमा, अपना गुरुकी स्त्री, गुरुकी छोरी, अपनी छोरी, वुहारी, शानिमाकी वहिणी, अपना शरण आयाकी चान्द्रायणादि व्रत गर्न्या राजाकी राणी, संन्यासिनी, अफुहोइ उत्तम जाती स्त्री, सगोत्रा, शिष्यस्त्री प्रभृति एति एकैश स्त्रीसंग गर्भ योग्यावस्थाः पर्यन्त प्रसंग, एती वाइस अनुपातक कहींछन् ।

गाइ मारुकै मनमहा ठाणिकन गाई मार्नु, ब्राहण क्षत्रिय वैश्यनका अपना अपना कालमाहा जन्योउ नदिणु, वामनको सुनु घोडा रत्नादि छोडि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन् हौर ताम्र रुप्यादिको चोरणु, देवता कि पितरमनुस्यको ऋण नतिर्णु, अग्निहोत्र नगर्नु, लाक्षा लवण मांसको वेचणु, जेष्ट ला (भा ?) इ छता (ना ?) पनि कानाशाको व्याह गर्नु, एति तोलाइ दिउला मलाइ पढाउ एस्तो भाषा गरिकन पढनु, एती दिया हुनी पढाउला एस्तो भाषा गरिकन पढाउनु, पैली कह्याकी स्त्रीन्होइ हौर स्त्रीको प्रसंग गर्नु, काणसाको विवाहादि भयो पनि ज्योठाको विवाहादि नहुणु, व्याज खाइकन निर्वाह गर्नु, लुण उवजाउनु, रजस्वला होइ वामणी होइ लग हौर स्त्रीन्लाइ मार्नु, यज्ञमहा नवैठ्याका क्षत्रिय वैश्यको शूद्रको लग मार्नु, अन्यायका धनले जिउणु, परलोक नाइ आथीकै सिद्धान्त गर्नु, व्रतको संकल्प गरिकन छोडनु, अपना छोरा छोरिको वेचनु, सप्तधान्यको राङ्को सीसाको गाई भैंसीको चोर्नु, जातीले कर्म्मले दुष्टन्लाह याग गराउणु, कन्यान्को अंगुल्यादिले गोप्यांगमहा क्षत गर्नु, ज्येठा भाईको विवाहादि नभया पनि अपनो विवाहादि गर्न्या काणसाको याग गराउणु, एसैलाइ छोरी दीणु, आचार्यलाइ मिथ्याभिशाप लाउणु, आजदेखि एस्तो गरुला एस्तो गरुन् एसा संकल्प गरीकन नपुन्याउणु, अपना निमित्त रसोई गर्नि, मदपिणिया स्त्रीको प्रसंग गर्नु, स्वाध्याको परिवारका खाणापिणाको व्यग्रताले भुलनु, अग्निहोत्र लीकन छोंडनु, अपना छोराको संस्कार नगर्नु, मामाको अपना भेशको पालना सामर्थ्य भया, पनि नगर्नु, दारुत्राका निमित्त आलो रूख काटनु, स्त्रीलाइ संभोगार्थ पराइकन दीवेर पाया धनले जीउणु, प्राणि मारिकन. औषधादिले राजादिलाइ वश गरीकन जीउणु, कोलु चलाउणु, मृगया धु (द्यू ?) तादि गर्नु, द्रव्य लीलन पराइ चाकरी गर्नि, शूद्रकी सेवा गर्नि, अफुचै घटिकन सख्य गर्नु, अफुहोइ हीन जातीकन पैलो विवाह गर्नु, वेश्या प्रसंग गर्नु, आश्रमविना रहणु, परपाक मात्रले जीउणु, नास्तिक शास्त्रको पढनु, तामाकी खाणी हौर खाणीमा पनि अधिकार गर्नु, अपनी स्त्रीलाइ वेचनु, मारण प्रयोग गर्नु, गाइणावजाउणाले जीउणु एती एकावन्न पाप उपपातक कहींछन् ।

वामनलाइ कृत्यादण्ड प्रहारादिले पीडा गर्नु, लसुन विष्टादिको वास शुघनु, पिता आचार्य्य होइ हौरमहा कपट गर्नु, पुरुषसंग पुरुषैले संभोग गर्नु, एती पाप् जातिभ्रंशकर कहिंछन् ।

गधा, ऊट, घोरा, मृग, हाथी, भेडा, वकरा, माछा, श्याल (क ?) भैंसा एति दश प्राणिनमहा एक एकको पनि मार्नु, एती पाप संकरीकरण कहींछन् ।

लोकमहा जनकी निंदा गर्छन् तनहोइ धन लीणु, वणिज गर्नु, और

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारले निर्वाह नभया पनि शुद्रकी सेवा गर्नु, विवाहै ब्राह्मणरक्षादि कारण-विनाइ लभारी गर्नु—एति चार पाप अपात्रीकरण कहींछन् ।

कृमिकीट पक्षन्को मारणु, मदका संग एक भाणामहा आयाका फल तांवूलादि खाणु, फल आम्रादि दरुवा फूल एतीमा एकको पनि चोर्नु, थोडाइ निमित्त महा मनाक चिंता गर्नु, एती कर्म्म मलिनीकरण नाउँ भयाका पापका गर्नियाछन् ।

नदीमहा रूखकी छायामाहा वाटामाहा गोठमाहा पाणिमाहा भस्म-माहा हातपाउ धोइणु, आगो गाइ स्त्री वामन सूर्य्यन्का सम्मुख पनि हातपाउ धोणु, अंजलिले पाणि पिणु शुतिया आफुहोइ वडालाई व्यूजाउणु, जुवार षेलनु, रोगिका सात सुतनु, उदयास्तका सूर्य्यलाई देखनु नागि स्त्रीकन देखनु, मलमूत्रादि देखणु, पाणिमाहा थूक मात्र पुरीषवीर्य्य फालनु, अग्निलाइ नघा-उणु इत्यादिक भण्याका सव पाप प्रकीर्णक कहीं छन् ।

स्त्रीन्लाइ पनि एति सव कर्म्मन्ले पाप लाग:—

अफुहोइ घटि जातिका पुरुषको प्रसङ्ग, भर्त्तालाई मार्नु, भ्रूणहत्या, गर्भफालनु; शिष्यकन प्रसङ्ग गर्नु एती स्त्रीन्का पातित्यकारी अधिक पाप छन् । एतिमाहा पाँच महापातकी, मातृपक्षमहा पाँच पुर्षाउँध व्याहा गर्न्या, पितृपक्षमाहा सात पुरुषाउँध व्याहा गर्न्या, वहिणीकन प्रसङ्ग गर्न्या, पर-लोकलाई नाइ थी कै सिद्धान्त गर्न्या, लसुनादि भक्षणाभ्यास गर्न्या, पतितन-लाइ निछोडनिया; अपतितस्त्रीपुत्रादिन्लाइ छोडनिया, एती चारसङ्ग व्यवहार नगर्नु ।

प्रायश्चित नगर्ना सम, शरणागतलाइ, लडिकालाइ, स्त्रीन्लाइ मार्न्याको कृतघ्नको त प्रायश्चित गरियाउप्रांत पनि व्यवहार उठणु वैठणु खाणु पिणु इत्यादि गर्नु, एती सव पाप गर्नियाका सहाय गर्न्या गराउणिया वाटो देखाउणिया भलो गर्न्यो भणि सन्तोष दिणिया एति सव पातकी कहींछन् ।

पुण्यका गर्नियाहोइ गराउणियाकन पुण्य अधिक हुंछ । पाप गराउ-णिया होत त पाप गर्नियालाइ पाप अधिक हुंछ । एति सव पापको प्रायश्चित प्राजापत्यादि गर्नु । जाहा सामर्थ्य नभया गोदान गर्नु, गाइ नभया मोल दिणु, अथवा अयुत गायत्री जप गर्नु, किंवा वार वामणको भोजन गराउणु किंवा कपालका रौं शुकाइ शुकाइन वारवेन स्नान गर्नु, अथवा दुइशत प्राणायाम गर्ना, अथवा छै उपवास गर्ना, किंवा उपवास गरिकन दोस्रा दिन नदी स्नान गर्नु, किंवा पांच दिन पर्यन्त तीन तीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिक वाचा मन खवाउणु, अथवा सम्पूर्ण रात पानि किंवा उपवासका दोस्रा दिन एकशत बत्तीस प्राणायाम गरिकन अपनां कपालमहा वारवेर घसि ल्याइवेर पूर्व मुख होइकन गाईलाइ दिणु। अथवा सम्पूर्ण संहिता पाठ गर्नुमा रहनु किंवा काशीमहा एक पंचतीर्थ गर्नु, किंवा योजनमात्र तीर्थो-द्देश्यले जाणु, किंवा चार सहस्र गाइ वामन देवतालाइ नमस्कार गर्नु अथवा एक तिलपात्र दान गर्नु—एतो सत्र कर्म गरिकन प्राजापत्यसिद्धि हुंछे।

महा पापमहा दीन सतसाठि प्राजापत्य गर्ना, अनुपातकमहा अपनि शानिमा छोरी व्वारी एती तीन स्त्रीको प्रसंग गऱ्या दुइ शै शत्तरी प्राजापत्य गर्ना हौर अनुपातकमहा एक शै अशी प्राजापत्य गर्ना।

उपपातकमहा काही णव्वै काही साडि सात काही अढाइ काही तीन काही साडी एघार प्राजापत्य गर्ना। धेन्वादि प्रत्याम्नाय पनी प्राजापत्यै वरोवरि गर्ना। विंध्यपर्वतदेखि उत्तर रहणियाले सेतुवंध रामेश्वरको दर्शन गऱ्या ब्रह्महत्या फालिय। दुइ शै चालीश कोश टाढादेखि यहातहा घाटगंगा स्नान गऱ्या एक शै अशी प्राजापत्य हुन्। एती टाढादेखि प्रयाग स्नान गऱ्या ती शै शाठि प्राजपत्य हुन्। काशी यात्रा गऱ्या सव पाप सव जन्मका फालीन्। हौर तीर्थमहा चार कोशले एक प्राजापत्य हुन्।

अभक्ष्यभक्षणादि सकल पापमहा गृहस्थ वामनलाई पुरो प्रायश्चित दिणु। ब्रह्मचारिलाई द्विगुण, वानप्रस्थकन त्रिगुण, संन्यासिलाई चतुर्गुण प्रायश्चित दिणु।

क्षत्रियलाइ नजाणि अभक्ष्य भक्षणादि पाप गऱ्या वामनका प्रायश्चित होइ आधा दिणु, जाणिकन पाप गऱ्या तीन पाउ दिणु। वणियाकन अज्ञान-महा क्षत्रियको आधा दिणु, ज्ञानमहा वामनका प्रायश्चितको आधा दिणु, शूद्रलाइ अज्ञानमा वैश्यको आधा, ज्ञानमहा वामनका प्रायश्चितको चौथो अंश दिणु।

आफु होइ ठूला वर्णकी स्त्रीका प्रसङ्गमहा वामनवधमहा पनि वामनका प्रायश्चित होइ दुणू क्षत्रियलाइ, त्यगुणु वणियालाइ; चौगुणु शूद्रलाइ प्रायश्चित्त दिणु। वृद्धलाइ वाललाई चतुर्थांश प्रायश्चित दिणु। वृद्ध भण्याको अशी वर्षको कहींछ, वालक पांच वर्षउप्रांत षोढश वर्ष सम्म कहींछ। वामनको पुत्रले त भयादेखि मद्य नखाणु खाया हुनिमा ता पिताले प्रायश्चित गरिदिनु।

स्त्रीन्लाई आधा प्रायश्चित दिणु। अपनी अपनी जातिले पायाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रायश्चितको आधा चौथाइ लिणिकै मै भन्छु । वामनका सम्पूर्ण प्रायश्चित्त होइ आधा चौथाइ गर्नि—एस्तो कोइ भन्छन् ।

अपनु पाप कशैले जाण्याको भया सभामाहा पंडितन्लाइ गाइ तन्मूल्य द्रव्यादि दीकन तनको कायाको प्रायश्चित्त गर्नो । तनले नजाणि भण्या अपनु पाप पण्डितलाइ लागंछ । आफु शुद्ध हुंछ । अपनु पाप कशैले नजाण्याको भया त क्याइ छलले शोधिक प्रकाश प्रायश्चित्त होइ जाति वय शक्ति हेरिकन विशौ भाग त्रिशौ भाग साठिउ भाग प्रायश्चित गर्नु । ठुलाइ प्रायश्चित्तले शानो पनि पाप जाव । जाणि पाप गऱ्या द्विगुण प्रायश्चित्त, फिरि फिरि उ पाप गऱ्या ठुला पापमहा पाप छैन । शाना पापमहा प्रायश्चित पनि फिरि फिरि गर्नु । इसि संक्षेप ।

(ख) दोस्रो अध्यायबाट

वामनकी गाइ मार्नियाले तीन दिन उपवास गर्नु । चौथा दिन एक गोरु दश गाइको दान गर्नु तव शुद्ध हो । श्रोत्रिय वामनकी वहूत दुद दिणिया तरुणी गाइ मार्नियाले वार महिणापर्यंत गाइकी सेवा वहुतभाति गरिकन तेरवा महिना दश गाइ इष्ट षम दिनु तव शुद्ध हो । याग माह वैठ्या श्रोत्रिय वामनकी बहु गुणवंत्त गर्भिणि गाइ मार्नियाले तीन माससम व्रत गोसेवा गरि सहस्रा गोदान गर्नु, जाणिकन यो पाप जा, नजाणिको पापा त तीन महिणासम व्रत गरिकन दुइशत गोदान गर्नु, यो पाप जाव ।

जाणिकन यज्ञकर्ता दरिद्र वहुकुटुंवि श्रोतिय वामनकी वहुत दूद दिणिया तरुणी गाइ मार्नियाले त वर्षसम ब्रह्महत्य व्रत गर्नु । क्षत्रियकी गाइ मारियामाहा एक महिणासम्म गोठ रहणु । गाइका सात वन जाणु आउणु। गाइका वैठिया वशनु, गाइका उठिया उठणु । गइकी छाला पैर्नु । पंचगव्य मात्र षाणु । ब्रह्मचर्य्य गर्नु । एभाति महिणा व्रत गर्नु, एक गोदान गर्नु शुद्ध हो । वैश्यकी गाइ मारिया एक महिणासम अतिकृछ्र गर्नु । शुद्रकी गाइ मारिया महिणासम प्राजापत्य गर्नु । काष्टले मार्न्या संतपन गर्नु, ढुङ्गाले मार्न्या प्राजापत्य गर्नु । वडा लोडाले मार्न्या तप्तकृछ्र गर्नु। लोहाका हत्यारले मार्न्या अतिकृछ्रक गर्नु । गोहत्या प्रायश्चित्त पनि गर्नु यो पनि गर्नु ।

अत्यंन्त वृद्ध रोगि गाइ मारिया त पूर्वोक्त प्रायश्चित्त होइ आधा प्रायश्चित गर्नु । ब्राह्मण भोजन सर्वत्रैव गर्नु ।

एक वर्षकि गाइ नजाणि मारिया प्राजापत्यको चोथाइ प्रायश्चित्त गर्नु । दुइ वर्षकी गाइ मारिया आधा गर्नु । तीन वर्षकी मारिया तीनपाउ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राजापत्य गनु । गर्भिणी गाइ मारिया गर्भ उत्पन्न मात्र भया पादकृछ्र गर्नु गर्भ दृढ भया अर्द्धकृछ्र गर्नु। चेतन पैंश्याका छ महिणाभेतर तीन पाउ प्राजापत्य गर्नु। अंग संपूर्ण भया उप्रांत द्विगुण गोहत्या गर्नु।

मनाक जना मिलिकन एत्र गाइ मारिया सर्व जनाले चौथाई चौथाइ गोहत्या व्रत गर्नु। यो प्रायश्चित नजाणिकन। जाणिकन मनाक जनले यो गोहत्या गरिया त सर्वले पुरो पुरो प्रायश्चित्त गर्नु। एकै पुरुषले एकै वेर मनाक गाइ मारिया त द्विगुण गोहत्या व्रत गर्नु। वैद्यले अपनी जीविकानिमित्त औषध दीकन गाइ मारिया द्विगुण गोहत्या व्रत गर्नु। केवलोपकारार्थ औषध दिया पादकृछ्र गर्नु। यो रीकि राख तसमा दैवात् गाइ मर तहा तसले पादकृछ्र कर्नु।

गाडिमाहा भार दियामाहा हलो वातमाहा गाइ मऱ्या त पादोपकृछ्र गर्नु। अति दाइमहा नासिका छेद गर्ना पादोन (त ?) कृछ्र गर्नु। सायंकालमाहा रोधन वंधन गऱ्या पनि दोष छैन। नारिकेलरज्जु शणवल्क लमौजिवस्त्र लोहश्रृंखलाले वाधिया त दोषै छ। घंटादिले दैवात् गाइमरिया त घाट वाधणियाले अर्द्धकृछ्र गर्नु। जल गर्त वनादिमाहा गाइकी उपेक्षा गर्निया पनि एक प्राजापत्य गर्नु। अस्थिभंग दंतश्रृंगपुछभंग गऱ्या पनि आधा महिणासमय वायू पान गर्नु। यो व्रत गर्नाको सामर्थ्य नभया दश दिन दुग्धपान गर्नु।

मारिकन मूर्छा भयाउप्रांत पाच सात दश पाउसम गाइ अफुइ हिण घास खाव पानि पिव त्त हत्याको दोष नी हो।

गोरुका मार्ना पनि एती प्रायश्चित्त गर्ना।

यो प्रायश्चित्त वामनले गर्नु, क्षत्रियले चौथाइ घटि गर्नु वैश्यले आधा, शूद्रले चौथो हिसा।

यो जैकी स्त्री हो तसले अपना भर्त्ताको आधा प्रायश्चित्त गर्नु, यो जैको लडिका हो तसको चौथाइ प्रायश्चित्त तस लडिकाले गर्नु। यो प्रायश्चित्त तव गर्नु जव मारी गाइ समान हौर गाइ तको मोल किंवा दीकन गाइका स्वामिकन संतुष्ट गर्नु।

धान्य चावल षोड मासा होइ घटि सुवर्ण रौप्यादि धनकी चोरीरि ग एक वर्षसम प्राजापत्य गर्नु। वामनको धान्य वामनै चोर त यो प्रायश्चित्त भण्यो। क्षत्रियले तीन हिसा गर्नु, वैश्य आधा, शूद्रले एकपाउ प्रायश्चित्त गर्नु। क्षत्रियको त धान्य धन चोरिया त तीन पाद प्रायश्चित गर्नु। वैश्यको धान्य धन चोरिया आधा, शूद्रको धान्य धन चोरिया एकपाउ प्रा० गर्नु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षत्रियादिका मनुष्य स्त्री गृह क्षेत्रादि चोरिया चांद्रायण गर्नु । ब्राह्मणका मनुष्यादि चोरिया त सुवर्णस्तेय प्रायश्चित गर्नु । राङ सीसा चोरिया सांत्तपन गर्नु । एकवार तृप्ति गर्न्या भक्ष्य भोज्यादि चोरिया पंचगव्य पिणु । दुइवेर तृप्ति हुणिया भक्ष्यभोज्यादि चोरिया तीन दिन उपवास व्रत गर्नु । कयार काठ गुड शुष्कान्न वस्त्र छाला मांस चोरिया तीन दिन उपवास गर्नु । रूपो चोरिया चांद्रायण गर्नु । तामो पितल लोहा चोरिया पराकव्रत गर्नु । तिल चोरिया चांद्रायण गर्नु । कपास पट्टवस्त्र उर्णावस्त्र एक खुरका पशु, दुइ खुरका पशु, जुरा वाज प्रभृति पक्षि शुठो मर्च पिपला प्रभृति औषध, केसरी कस्तूरी प्रभृति गंध चोरिया तीन दिन सम जलपान मात्र गर्नु । देवता चडाया धन वस्त्र भूमिको चोरि गऱ्या एक वर्ष पर्यंत पानिमाहा पशिकन अघमर्षण गर्नु । लाष लूण मह मासु तेल दूध दहि घिउ महि कस्तुरी केसर कपूर वस्त्र वेचिया चांद्रायण गर्नु ।

(ग) तेस्रो अध्यायबाट

वामनकन पीडा दीकन हौर लग जातिभ्रंशकर्म गरिकन सांत्तपन व्रत गर्नु । अनिछाले सो कर्म भया प्राजापत्य गर्नु । एकवार यो कर्म भया अर्द्ध प्राजापत्य गर्नु । इछाले एकवार यो कर्म भया अर्द्ध सांतपन गर्नु । हाथि मार्‍या पाच नीलवृष भदिना । गधा भेडा वाकरा मार्‍या एक एक गोरू दिनु। घोडी मार्‍या वस्त्र दान गर्नु । सर्प्प मार्‍या लोहादंड तुल्याइकन तसको दान गर्नु । शुवा मार्‍या दुइ वर्षको गोरू दिनु ।

नीलवृषादि दान गर्नाकन सामर्थ्य नभया हाति मार्‍या दुइ मास सम यावक व्रत गर्नु । घोडो मार्‍या एक माससम यावक व्रत गर्नु । भेडा वाकरा मार्‍या त्रिरात्र व्रत गर्नु । शुवा मार्‍या एक उपवास व्रत गर्नु । सर्प्प मार्‍या सप्तरात्र उपवास गर्नु । मत्स्य मार्‍या पनि सप्तरात्र व्रत गर्नु । अनिछा त, एती कर्मका अभ्यासमहा माससम यावक व्रत गर्नु । अधिक अभ्यासमहा चांद्रायण गर्नु । जानिकन थोडा अभ्यासमहा कृछ्रातिकृछ्र गर्नु । मनाक अभ्यासमहा दुइ चांद्रायण गर्ना ।

अपात्रीकरणमहा अनभ्यासमहा तप्तकृछ्र गर्नु । अभ्यासमहा सांतपन कर्नु । जानिकन अभ्यासमहा चांद्रायण गर्नु । मार्जार गोधा मंडूक मूषक चाष काक उलूकनमहा एकलाइ पनि मार्‍या तीन दिन दुग्धमात्र पिनु अथवा पादकृछ्र गर्नु । किंवा एक योजन तीर्थ जानु । अत्यंताभ्यासमहा षण्मासिक व्रत गर्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरिण खंजरीटादि मान्या एक वाछो दिनू । पुष्पमहा फलमहा अन्न-महा गुडादिमहा भया प्राणिन मान्या एकदिने घृतमात्र खानु । विना हाडका एक एक प्राणि मान्या एक प्राणायाम गर्नु । हाड भयाका प्राणिमा एक मान्या आठ मूठ धान्य दिनु । इछापूर्वक मान्या आठ मूठ तिल दान गर्नु, किंवा एक पण तामो दिनु : थोडा अभ्यासमहा रूपो दिनु । जानिकन थोडा अभ्यास महा पण सुवर्ण दिनु ।

हंस सारस चकोर कक्कुठ मयूर वाकरो मान्या एक भक्त गर्नु । शुक पारावति ठिठिम मत्कुण वक मान्या भक्त व्रत गर्नु । चाष काक कपोत सारी तित्तिर मान्या प्रात: संध्या मध्याह्न संध्या कालभरि प्राणायाम गर्ना । वृष जंबूक भल्लूक मान्या एक पाथि तिल दान गर्नु । हौर पक्षि मान्या एक उपवास व्रत गर्नु । इछा त, अल्पांताभ्यासमहा गोहत्या व्रत गर्नु ।

धनिले वराइ मान्या घृतपूर्णकुंभ दिनु, तित्तिर मान्या एकद्रोण भरि तिल दान गर्नु, शुक मान्या दुइ वर्षको वाछो दिनु, क्रौंच मान्या तीन वर्षको वाछो दिनु ।

हौर मलिनीकरण पापमहा अनिछाले तीन दिन यावक व्रत गर्नु । अभ्यासमहा कृछ्रातिकृछ्र गर्नु । जानिकन तप्तकृछ्र गर्नु । अभ्यासमा फिरि फरि तप्तकृछ्र गर्नु ।

जं जं जातिको आत्महत्या गर तं तं जाति मान्याको पाप आत्म-हत्यारालाइ लागंछ । तसका छोरा भाइनले आपना पिता माइका पाप फालनाकन सो सो प्रायश्चित्त गर्नु—एक चांद्रायण, दुइ प्राजापत्य एति, तिन कृछ्र अर्ध्याला गर्ना । वैध आत्महत्यामहा क्याइ दोष छैन । प्रायश्चित्तार्थ मरण नैमित्तिक काम्य दुइ कहीछ । प्रयागादिमरण काम्य कहीछ । अपना भर्त्ताका संग सती हनु पनि काम्य कहीछ । तहा ब्राह्मणीले सहगमन मात्र इछा भया अनुगमन नगर्नु । वलात्कारले गन्या उसका पुत्रादिले आत्महत्या प्रायश्चित गर्नु । तव श्राद्धादिकर्म योग्य हो ।

हौर जातीकि स्त्रीनलाई अनुगमनमहा पनि दोष छैन । चिता होइ डरले भागि आया एक प्रजापत्य गर्नु । विना प्रायश्चित आत्मघातिकी क्रिया गन्या एक तप्तकृच्छ्र एक चांद्रायण कत्तीले गर्नु । आत्मघातिनको नजानि-कन स्पर्श रोदनादि गन्या उपवास गर्नु । वोकिया सांतपन व्रत गर्नु । जानि-कन तप्तकृछ्रद्वय गर्ना ।

ऊर्द्धांग माहा वमन तैलाभ्यंगविष्टा मूत्र रजस्वलामार्जारादिस्पर्शले उछिष्ट भयाको मर त तीन प्राजापत्य गर्ना । अधोछिष्टमहा डेड प्राजापत्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गनु । खड्गादि मरणमहा अंतरिक्षमरणमहा सूनक मध्य मरणा शौच मध्य-मरणा भया लग तीन प्राजापत्य गर्ना ।

(राष्ट्रियपुस्तकालय, सिंहदर्बारका सौजन्यले)

विशेष शब्दहरू

(क) पहिलो अध्यायबाट

वामन : वाहुन ।

अप्रमाण छ कै सिद्धान्त : अप्रमाण छ भन्ने सिद्धान्त ।

लवरि : ढाँटछल । छाँटले तामाकों काम गर्ने पुहुनी श्रेणीका "लवार"हरूसँग यसको सम्बन्ध छ (हेर्नोस् शी २३) । उसो भए यसको शाब्दिक अर्थ हुन्छ "लवारको कर्म" ।

होइ : भन्दा; बाट ।

नव्याही : बिहे नभएकी ।

हौर : अरू ।

फुफु : फुपू ।

वहिणी : बहिनी ।

एकैश : एक्काइस ।

जन्योउ : जनै ।

श्याक (ल) : यो पद मुद्राराक्षसले गर्दा यहाँ अशुद्ध छापिएको हो । हुनुपर्थ्यो "श्याप" (सर्प) ।

सुनु : सुन ।

कानशा (सा) को : कान्छाको ।

तोलाइ : तँलाई ।

भाषा : भाका ।

दियाहुनी : दिएको खण्डमा ।

नाइ आथि : छैन ।

एसा : एस्ता ।

गाइन्को : गाईहरूको

वहुवचनको तिर्यक कारकमा यस पोस्तकमा अन्त पनि–न् प्रत्यय आएको छ,जस्तै वामन्का: वाहुनहरूका, स्त्रीनसँग : स्त्रीहरू सँग; प्राणीनमहा, प्राणीहरूमा इत्यादि । अफु होइ:आफू भन्दा । यस शब्दमा 'प' र 'फ' दुवैको प्रयोग पन्तय गरेका छन्, जस्तै अपना, अपनी इ० ।

दीवेए : दिएर । यो कुमाउनी प्रभाव हो । नेपाली विभाषा (*dialect*) हरूमा यससँग मिल्दा रूप हुन् बैतडेली 'दीवरे' अनि डोटेली 'दिईवर' ।

कोलु : कोल ।

अफुचै : आफूभन्दा । हेर्नोस् माथिको 'आफुहोइ' ।

गाइणा–वजाउणा : गानावजाना ।

एकावन्न : एकाउन्न ।

घोरा, हाथी : घोडा, हात्ती ।

वकरा : बाख्रा ।

भैंसा : राँगा-भैंसीहरू ।

जनकी : जसकी । अचेल नेपालीमा आदरार्थी, जनको,जनका,जनकी छैनन् ।

तनहोइ : तिनबाट ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रसोइ गर्नी : भान्सा (तयार) गर्नु । 'रसोइ' स्त्रीलिङ्गी भएकाले 'गर्नु'को साटो 'गर्नी' छ । अचेल साहित्यिक नेपालीमा 'गर्नु'को स्त्रीलिङ्गी रूप छैन ।

मद पिणि (स्त्रीलिङ्गी) : रक्सी पिउनु ।

दारुवा : दाउरा । (तुलनीय बैतडेली दरुवाँ)

लोडाले : डल्लाले ।

महिणाभेतर : महीनाभित्र ।

कर्नु : गर्नु । कुमाउनी प्रभाव ।

घाट (घाँट) : घाँडो ।

दोष नी हो : दोष हुँदैन ।

जैकी : जसकी ।

जैको : जसको ।

यो जैकी स्त्री हो : जब जसकी (कसैकी) स्त्री हुन्छे ।

लडिकाले : केटाले, छोराले ।

षोड : सोह्र ।

कयार : अयार ? बैतडीतिर 'अङ्गेरी'लाई'अयार' भनिन्छ ।

रूपो : चाँदी ।

लोहा : फलाम ।

जुरा : जुर्रा ।

लाप : लाहा ।

(ग) तेस्रो अध्यायबाट

भदिना : भेद्नु ।

शुवा : लगा ।

सम : सम्म ।

गोधा : गधा ।

चाष : ठेउवा चरो ।

खंजरीट : खंजन चरो ।

विनाइ : बिना नै, बिनै ।

लभारी : छलकपट, तुलनीय'लवारि' (माथि) ।

भाणामाहा : भाँडामा ।

दरुवा : दाउरा, तुलनीय 'दारुवा' (माथि) ।

थोडाइ : थोरै ।

मनाक : प्रशस्त ।

पण : पातो । तुलनीय संस्कृत 'पर्ण' पात ।

कक्कुठ (?) : एक चरो ।

षारावति (?) : एक चर ।

ठिठिम : एक चरो ।

मत्कुण : उडुस ।

सारी : सारुङ चरो ।

तित्तिर : तित्रो ।

आत्महत्यारा : आत्मघाती ।

जै जैको : जस जसको ।

तै तैको : त्यस त्यसको ।

पितामास : बाबु आमा ।

अर्घ्याला : अर्घेला ।

क्याइ : केही ।

हनु : हुनु । संभवतः यो 'हनु' लेख्ताको बिराम हो ।

लग : पनि (तुलनीय गन्या लग : गरेपनि) । वाणीविलास "दिन १४ लगै मध्य ज्वर कइंछ" : १४ दिन नै पनि मध्यज्वर भनिछ (शी. २६) । दावादलले पनि यस शब्दको प्रयोग गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्निया : गर्नै अचेल नेपालीमा कृदन्तमा जुन ठाउँमा—ने प्रत्यय हुन्छ, पहिले न्या हुन्थ्यो। प्रेमनिधिले यस न्यालाइ विकल्पले-निया अथवा-णिया पारेका छन्। यो उनको मातृभाषा कुमाउनीको प्रभाव हो।

धोइणु, धोणु : धोइनु, धुनु।

जुवार : जुवारी।

रोगीका सात : रोगीका साथ।

नागि : नाङ्गी। अझै 'नागो' भन्ने चलन छँदैछ।

पुरीष : पुरुष।

नाइ थि : छैन।

निछोडनिया : नछोड्ने।

नगर्नासम : नगर्दासम्म।

वार : वाह्र।

प्राणायाम गर्ना : प्राणायाम गर्नु। 'गर्नु' को बहुवचनमा र तिर्यकमा 'गर्ना' अचेलको साहित्यिक नेपालीमा छैन।

सात साठि : सत्सट्ठी।

व्वारी : बुहारी।

दुइ शै : दुई शय।

णव्वै : नब्बे।

साडिसात : साढे सात।

साडी एघार : साढे एघार।

फालीय : फालियोस्। तुलनीय पृथ्वीमल्लको "सो पुण्य-पाइय"।

फालीन् : फालिऊन्। फालिय, फालिन्को विधिलिङ्गको भन्दा पनि साधारण वर्तमानको अर्थ छ।

पुरो : पूर्ण।

तीनपाउ : तीन भागमा एक भाग।

दुणु : दोब्बर।

त्यगुण : तीनगुना।

वणिया : वैश्य।

गर्नो : गर्नु। तुलनीय रानीपोखरी-को "केहि पाप यो पोषरि-माहा गर्नो नाहि"।

लागंक्ष : लाग्छ।

त्रिसौ : तिसौं।

साठिउ : साठियौं।

ठुलाइ : ठुलै।

(ख) दोस्रो अध्यायबाट।

दूष : दुःख।

तेरवा : तेह्रौं।

इष्टपम (इष्टसम): चाहेजति(?)।

पैर्नु : पहिरिनु।

सूचना—यस पोस्तकका तीन अध्यायमध्ये सबैबाट केही अंश प्रस्तुत गरिएका छन्।

(ख) नृपश्लोकी

श्री गणेशायनमः। नृपश्लोकी भन्याका ग्रन्थमा महापातक प्रभृति पाप र तनै पापको प्रायश्चित्त संक्षेपले कहिन्छ। महापातक अतिपातक अनुपातक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपपातक जातिभ्रंशकर अपात्रीकरण संकरीकरण मलिनीकरण अवकीर्णीकरण प्रकीर्णक एति दश प्रकारका पातक छन् । इनैमा पनि पातकिले गऱ्याको पाप प्रकाश भयो भन्या प्रकाश पाप कहिन्छ । गुप्तै रह्यो अरूले जानेनन् भन्या गुप्तपातक रूहिन्छ । प्रकाश पाप र गुप्त पापको प्रयोजन प्रायश्चित्तमा आउन्या छ ।

प्रथम अर्कालाई मार्न्या मनुष्यकन सात प्रकारको पातक हुन्छ। तेसको तप्सील—ब्रह्महत्या, पितृहत्या, मातृहत्या जो छ महापातक हो । समान जातकी सपत्नमाता छोरो छोरीको बालक बाबुका भाईहरू तनैका स्त्री मामा मान्जिजु सासु ससुरा मित्र मित्रकी स्त्री वैन्ही प्रभृतिको हत्या जो छ अनुपातक हो । गोहत्या जो छ उपपातक हो । हाती घोडा उँट गदाहा प्रभृतिको हत्या जो छ संकरीकरण हो कीटपतंगहरूको हत्या जो छ मलिनीकरण हो आत्महत्या जो छ प्रकीर्णक हो । आत्महत्याकन प्रकीर्णकमा गन्यो भनि सानू पातक नभंनु ।

परस्त्रीगमनले छ प्रकारको पातक हुन्छ । तेसको तप्सील—मातृगमन जो छ महापातक हो । एस् पापको प्रायश्चित्त देह त्यागेले मात्र हुन्छ अरू कुराले हुँदैन । समान जातकी सपत्नमाता छोरी बुहारी गुरुस्त्रीमा गमन गर्नु जो छ अतिपातक हो । वैन्ही सासु मान्जिजु जेठाबाबु कान्छाबाबुका स्त्री सानिमा फुफू मित्रकी स्त्री रानी चांडालीहरूमा गमन गर्नु जो छ अनुपातक हो । अरु सामान्य स्त्रीमा गमन गर्नु जो छ उपपातक हो । गाई भैंसी प्रभृतिमा गमन गर्नु जो छ जातिभ्रंशकर नामा पातक हो । आपनै स्त्री छ त पनि पर्वमा दिनैमा संध्याकालमा श्राद्ध दिनमा व्रतमा रजस्वला गमन गऱ्यो भन्या प्रकीर्णक नामा पातक हुन्छ ।

अभक्ष वस्तुको भक्षण गर्नाले चार प्रकारको पातक हुन्छ । तेसको तप्सील—मदिरा पान गर्नु जो छ महापातक हो । लसुन भक्षण जो छ अनुपातक हो । मांस भक्षण जो छ उपपातक हो । मदिरा प्रभृति अभक्ष वस्तुमा पऱ्याका फलफुलको भक्षण जो छ । मलिनीकरण हो । अभक्ष वस्तुको भक्षण गऱ्यामा पातक कह्याको जात विशेषले हो सबैजनालाइ होइन ।

कुटिल बुद्धि भयाका मनुष्यकन दुइ प्रकारको पातक हुंछ । तेसको तप्सील-गुरुमा कुटिल बुद्धि गर्नु जो छ अनुपातक हो । अरुमा कुटिल बुद्धि गर्नु जो छ उपपातक हो ।

नास्तिक बुद्धि गर्नाले तिन प्रकारको पातक हुन्छ । तेस्को तपसील-नास्तिकले गर्न्या कर्म गर्नु अनुपातक हो । नास्तिकको मत लीं आस्तिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्ममा वचनले दोष दिनु जो छ अनुपातक हो। मनले दोष दिनु जो छ उपपातक हो।

चोरी कर्म गर्नाले चार प्रकारको पातक हुन्छ। तेस्को तप्सील–सुवर्णको चोरी गर्नु जो छ महापातक हो। हाती घोडा रत्न मनुष्यहरूको चोरी जो छ अनुपातक हो। चाँदी ताँवो धान्यहरुको चोरी गर्नु जो छ उपपातक हो। फलफूल काष्ठहरूको चोरी जो छ मलिनीकरण हो।

वेदको निन्दा गर्नाले दुइ प्रकारको पातक हुन्छ। तप्सील–वेदलाई अप्रमाण भन्नु, वेदको हेला गर्नु जो छ अनुपातक हो। वेदमा श्रद्धा नराषी वेदविहित कर्म गर्नु जो छ उपपातक हो।

तस्तै वेदाध्ययनको त्याग् गर्नुले दुई प्रकारको पातक हुन्छ। तप्सील– सहजैमा आलस्यले वेदाध्ययनको त्याग् गर्नु जो छ अनुपातक हो। स्त्री-पुत्रादिको पालन पोषण गर्नामा व्यग्र भै वेदको त्याग् गर्नु जो छ उपपातक हो।

तस्तै गुरुको अहित गर्नाले पनि दुई प्रकारको पातक हुन्छ। तप्सील– गुरुका धन संपत्ति हानि गरिदिनु जोछ अनुपातक हो। दुर्वचनले मात्र चित्तमा खेद गराई दिनु जो छ उपपातक हो।

झुटो बोल्नाले चार प्रकारको पातक हुन्छ। तप्सील–अनाहकमा अर्काको जिउ जान्या अथवा आफुलाइ केही लाभ हुन्या एस्तो झुटो वचन बोल्यो भन्या अनुपातक हुन्छ। सज्जन मनुष्यको परिणाममा अहित हुन्या एस्तो एस्तो झुटो वचन गऱ्यो भन्या उपपातक हुन्छ। जस् कसैले अहित हुन्या झुटा वचनले अपात्रीकरण नामा पाप हुन्छ। ठट्टा मस्करी गर्दामा पनि झुटो वचन बोल्यो भन्या प्रकीर्णक नामा पातक हुन्छ।

दशविध पातक भन्याका यिनै हुन्। अब उप्रान्त इनैपातकको प्रायश्चित क्रमैले कहिन्छ।

(वीर पुस्तकालयका सौजन्यले)

विशेष शब्दहरू

तत्तै पापको : तिनै पापको।	आफ्नै : आफ्नै।
पातकि : अपराधी।	भयामा : हुँदा।
तप्सील : सूची।	लशुन : लसुन।
माञ्जिजु : माइजु।	अनाहक्मा : बेर्थै।
हाती : हात्ती।	मस्करी : ठट्टा।
गदाहा : गधा।	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३४

कल्याल राजा सुदर्शन शाह

(क) महल निर्माण हुंदाको ताम्रपत्र (सं० १८०८)

श्री वद्रिनाथो जयेति । श्री मुक्तिनाथ शहाय । ओम् स्वस्ति श्री श्री श्री गगनहेमगिरिराजचक्रचुडामनिनरनारायणेत्यादिविविधविरुदावलिविराजमान मानोन्नतः श्री महाराजाधिराज जुवराज श्री श्री श्री श्री मत्सुदर्शन साहदेवज्युले जावेस्वरदेसे छिनाशिम रजस्थाने श्री शाके १६६७ वैशाषमासे दिनगता १ सुक्लपक्षे अष्टम्यां तिथौ तिष्य नक्षेत्रे शुक्र शनि अंतरे रात्रौ गतघटिका २३ र गते कुंभलग्ने वृश्चिकनवांशके सिलास्थापना मया । देशमाथि ध्वांग धार्नु हालि गात जाग्यो । उस् ध्वांग धार्नाका भडारि सत्यधन् साहि, गोर्सा इथ साहि, शिवराम विष्ट, लछिमन् जोइसि । इनुलाइ गात जाग्यो । अव धँनको लेषो ६००० (छ हजार) षसांनको ३००० (तिन हजार) जडांनकों सुद्दा धँन ९००० (नो हजार) जावत् भयो । अव जावतको लेषो ९ रुपियाँ आग्ला २०० रुपियाँ कोइचिन् पटम्मर पंचरंगका ५ फाल्सा पंचतिर्थको जल १ धार्ना, तांमाका कुंभ र दिया १, तांम्मुल्फल १, मथेडो —येति सिला स्थापना हुँदा लाग्यो । साइज्यु पा लाग्या । वाइस् पष्यालि थर ब्रोंह्मन् पारोषालि गया । जँइत्षम्व ठुला भरोट् अस्नौट अँनाइ गात जाग्यो । ल्याया । शजाउँन्या उकिल्दार वैजिनाथ् शाहि वार्कोटचा वसन्त राजा माध्या भँडारि पिरोज्या कार्किलाइ गात जाग्यो । कुल्या भँडारि रांम्महरि ढुंगा गडाउन्या कँम्ठैलाई गात जाग्यो । चारै जातका गोरुवाँ वेठलाइ गात जाग्यो । २५ जँना ओड् महल् चिठ्न्यालाइ गात जाग्यो । ४० जँना ढुँगाको षांन् गाड्न्या डेढ हजाक वेठेरि गारो गर्न्या ढुँगा वोक्न्या षगर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वोक्न्या दार वोक्न्यालाई गात जाग्यो । ७ रुपियाँ आग्ला ७ विशरुपियाँ ५२ थाँन् कपडा उकिलदारतिर लाग्या । ४४ रुपियाँ आला ८०० रुपियाँ १५ कोडा कपडा ओडातिर लाग्या । २५ रुपियाँ आग्ला ६०० रुपियाँ ढुँगाको षाँन् गाड्न्यातिर लाग्या । १९ रुपियाँ आग्ला १४ सय रुपियाँ १५ थाँन आग्ला १३ कोडा पाषा विश पाठ ४ थाँन् भाँडा वेठेरी कुलाला षर्च जाँड्—पिनि लाग् लाग्यो । ४ रुपियाँ घटि २०० रुपियाँ ३ कोडा कपडा पट्मरि घोडचासँमि रिन्याल ढुँगा वोक्न्या चित्रा वन्न्यातिर लाग्यो ।

ओम् स्वस्ति श्री शाके १६६८ फाल्गुनमासे दिनगता १४ बुधवासरे दिनगत घटिका गते लग्ने श्री महाराँनि गंगावति तस्य पुत्रो श्री जुवराजज्यु-सहिते महलप्रवेस गरि गात जाग्यो । गँणपति मथु जोइसि, अचार्ज चुचु अचार्ज मनिराँम अचार्ज होतु, व्यासँ देव उपाध्या, ब्रह्मा वासुदेव जोइसि, ओष्ठवोर्ज्यु माधु जोइसि, विस्वामित्र पंडित । इनु सइत् २०० ब्राह्मण येति जग्यथि वरिया थिया । ९ रुपियाँ, आग्ला २०० रुपियाँ, ६९ रुपियाँका ३२ थान् कपडा १५ रुपियाँका पंचरंगका ९ फाल्सा, १० रुपियाँको १ वछरो साडि २८ धानि घ्यु, १६ पाषा, ३२ पाठा, ४४ रुपियाका धान्, ५० रुपियाँका कोइचिन पटम्मर सइत् १० थाँन धजा पताका तोरँन् भया, २ गाइ २ धानि ताँमाका कुम्भ ८ दिया देउषर भया—यति जग्य वास्तुदेवता दत्तभैरउ उन् शवु ब्राह्मण दक्षिना इनाम लाग्यो । सिरपेज सइत् २४ रुपियाँका कपडा ४ जना जषिराका भँडारिकँन पेराँउन् लाग्यो ।

ओम् स्वस्ति श्री शाके १६६९ भाद्रपद मासे श्री महाराजको महल प्रवेस् भयो । सुनका कलम षम्ब देवस्थल चडाइ गात जाग्यो । श्री जुवराज-ज्युको राज् गर्ना सइत सिरपाउ वक्सित भयो । १८ रुपियाँ आग्ला २ सय रुपियाँका वाला मंद्रा कपडा भया चार घोडा १५ वछेरा, चउ उकिल्दार ओडकँन पेराउन् भयो । शाडि २२ रुपियाँ, ९ थाँन् कपडा वडेतिर लाग्या। सुद्दा ८४ मन लवाषड सइत साडि ७००० लाग्यो ।

श्री शाके १६७३ जेष्टमासे दिनगता १२ संनिवासरे दिनगता घटिका १८ गते सिंघलग्ने हातिको महल प्रवेस भयो ।

सिला स्थापना हुदाका ब्राह्मण जोतिषि मथुजोइसि, शुकदेव अचार्ज जक्तु उपाध्या, कृतोधज जोइसि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

जयेति (जयति) : जित्छ ।
हेमगिरिराज : हिमगिरिराज ।
चक्रचुडामनि : चक्रचूडामणि ।
जुवराज : युवराज ।
सुदर्शन साह : सुदर्शन शाह ।
जावेस्वर देसे : जावेश्वर देशमा ।
छिनाशिमरजस्थाने : छिनासिम राजधानीमा ।
सुक्लपक्षे : शुक्लपक्षमा ।
तिष्यनछेत्रे : तिष्य नक्षत्रमा ।
ध्वाँग धार्नु । पाथी र धार्नी (?) । तुलनीय 'ढ्वाङ' ।
गात जाग्यो : शरीर जाग्यो, अर्थात् कृपा भयो ।
गोसाँ : मालिक (?) ।
इनुलाइ : यिनलाइ ।
धँन : धन ।
लेषो : हिसाप ।
षसाँन : खसभूमि, खसान ।
जडाँन : भोटभूमि, जडयानं ।
सुद्दा धँन : जग्गा धन ।
उकिल्दार : एक दर्जा ।
राँम्महरि : रामहरि ।
कंम्ठै : कामदार (कर्मठ)
गौरुवाँ : गुरुवा ।
बेठ : वेठीको काम गर्ने ।
ओड : कर्मी विशेष ।
वेठेरि : बेठ ।
षगर : चिउरी ढुङ्गा ।
दार : काठ ।

नो : नौ ।
जावत् : यावत्
आग्ला
कोइचिन
पटम्बर, पट्मरि
पंचरंग
कोडा
} कपडाका विभिन्न जातहरू
फालसा : कपडाका टुक्राहरू ।
१ धार्ना तामाका कुंभ र दिया : एक धार्नी ताँमाको कुंभ र दिया ।
मथेडी : अर्थ अज्ञात ।
शाइज्यु पा लाग्या : शाहीज्यूको सवारी भयो ।
पष्यालि थर : पाखेली थरका ।
पारोषा : अगरु धूपका काठ ।
जँइत्षँम्व : विजयस्तंभ ।
भरौट अस्नौट : ?
अंनाइ : उम्याई । व्युत्पत्ति अज्ञात ।

शजाउन्या : सजाउने ।
होतु : होता ।
व्यांस् : व्यास ।
ओध्वोज्यु : अध्वर्यु ।
जग्यथि : यज्ञमा ।
वरिया थिया : बरिएका थिए ।
वछरो : बछेडो ।
देउषर : ? ।
दत्तभैरउ : दत्तभैरव ।
शवु : सर्व ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाषा : राढी, पाखी ।
शाडि, साडि : साढे ।
जाँड्पिनि : जाँडपिउनी ।
लाग् : खर्च, व्यय ।
तस्य पुत्रो (तस्या पुत्रो) : उनको छोरो ।
प्रवेस : प्रवेश ।
गँणपति : गणपति, यज्ञमा प्रतिष्ठित गणेश ।
अचार्ज : आचार्य ।
मनिरांम : मणिराम ।
सिरपेज : टोपी ।
राज् गर्ना सइत : राज गर्ना साथ ।
सिरपाउ : पुरस्कार, तुलनीय नेवारी सिरपा (< शिरपाद) ।
वक्सित : वकस ।
वाला : गहना विशेष ।
मंद्रा : मुन्द्री, गहना विशेष ।
पैराउन् : पहिरन ।
वडै : काठकर्मी ।
लवाषड : ? ।
कृतोधज : कृतध्वज ।

(ख) लालमोहर (सम्वत् १८१४)

(बलभद्र जोसिलिखित)

श्रीवद्रिनाथ जयति । श्रीं मुक्तिनाथ शाहाय । श्री महाराजाधिराज सुदर्शनचक्र साहदेवज्युका आग्य । ओम् स्वोस्ति श्री महाराजको रजाइश । श्री शाके १६७९ मागमाशे दिनगता १६ तिथौ २ वुधवाशरे नक्षत्रे ९ क्षेत्र-पुररजस्थाने श्री श्री श्री श्री श्री महाराज सुदर्शन शाहादेवज्युले चैनाल चउ-डिलागाइउपर मया येशि मैंछ । अध्यार्त वीरभद्रशाहका शमय ऐश्ले रेष पायाकै थियो । शताश कान राषनाले माथि त छायाक्षेत्र यात रिनमोक्षको रेष वक्शि मया भैंछ । यांत आपु पडता भया त क्या या त वाउन्या लाया त क्या इनु चैनाल छाडि कशि पाउनु नाहि । इनुकै छ । जव त इ कोइ पडता मयेन त अरू शताइस लै आ। यां पुडा २ भाग् रेषिका १भाग पँडताको ऐस्तै गरि वग्सित् मया भै छ ज्यु ।

पात्र शाचि—हित् भाना, हित् घं भडारि, जगनाथ भडारि, माला भडारि, हरिकन्ठ काकि, चडिग्रार माधु कठाइत । मोहोर छाल गर्न्या—शिवभक्त पाध्या । शाज गर्न्या—भिमा भाम, मधु भाम । वित्यारू—वैकुंठ जोइशि, क्षत्याल वेशारि राजा, प्रदिपशाइ गोशाइ, राराका शुत्या बुडो, चाप्धार जगदेव षवश, षवर्धार जगतमल्या वुडो । लिषित शाचि वलभद्र जोइशि । शुभमस्तु रामप्रसादात् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

शाहाय : सहाय ।

आग्य : आज्ञा ।

रजाइश : राजादेश ।

बुधवाशरे : बुधवासरमा ।

अघ्यार् त : अघिबाट त ।

कान : काँध । कान राषनाले : शिरोभरो लिनाले ।

यात, यांत : संभवत: यो स्थानीय थेगो हो ।

ऐश्ले : बसले

रेषि : तलसिङ ।

ऐस्तै : यस्तै ।

वाउन्या : खेताला ।

छडिघार : पद विशेष ।

षपर्धार : कपर्दार ।

वित्यारू : निवेदक ।

रारा : जुम्लाको एउटा रमणीय स्थल। यहाँको "रारादह" फेवातालको तुलनामा आउँछ ।

पडता : मोही ।

—:०:—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३५

अजीर्ण मंजरी- बेनामी

रचनाकाल– संभवत: सं. १४५० पूर्व

प्रतिलिपि काल– स. १८०९

प्रतिलिपिकार– गङ्गा विष्णु द्विज

भाषा-प्राय : प्रतिलिपिकालीन

श्री गणेशायनम: । नालिकेलेति । नारियलकी गरीको पाक चावलले अथवा पिपलाले गर्छ । घियको पाक जंवीरादि अंविलाले गर्छ । केराको घियले गर्छ । गहुको पाक कर्करोले गर्छ । मासुको पाक कांजिले गर्छ । गुड मह दहिको काजि धानका भकारीभित्र ३ रात्रि राष्याका काजिले । नारिंग कवला सुंतोलाको पाक गुडले गर्छ । पिंडालुको पाक कोदाले गर्छ । दूदको पाक मही । काचा आमको पाक ताता पानिले गर्छ । माछाको पाक आमका कोइलाले गर्छ ।

वहुत पानि पियाको पाक महले गर । अथवा मद्यादि पानविकारे मध्वंवु । सिहरादि तालदेखि भयाका वस्तुको पाक करुवातेलले गर । पौष्करजे त्रिकटु । शेष बुद्धिले जान्नु ।

कटहरको पाक केराले केराको पाक घियको घृतको पाक जांविरले अविलाको नूनले नूनको चौलानिले । नरिवलको तालको पाक चावलले गर । चावलको पाक यवक्षारादिको क्वाथ । अथवा खार हुन्या वृक्षनूका रसले क्वाथले तंडुल पाक गर्छ ।

डाडिम अम्ला ताल तिंदु विविरो लवली एति फलको पाक वकुलका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फलले गर । वकुलको पाक तसँका जराका रसले गर । भङ्गा खिनी फर्सा खजूरा कपित्थ एतिकको पाक नीमको फल घोटि पिनु । घिउको महीको पाक पनि निवले गर । गहु मास चणा अलस मूगीको पाक धतुराका फलले गर । खजूरा कमलनाल कसेरु सितापाड एतिको पाक सिहराले गर ।

मासु कटहरको पाक आमका कोइलाले गर । खिचो भैंशिका दूधको पाक सिधा नूनले गर । कपूर शुपारी पान केशरी जाइफल जाइपत्री कस्तूरी सिल्हक सुगन्धि द्रव्य नरिवल्को दूध एतिको पाक समुद्रफेनले गर ।

शामा वनको श्यामा गहत शाठी धान वोडिका गुनाको पाक दहिका तरले किंवा काजिले गर । अमिलिको गहतको पाक तिलतेलले गर । आमको पाक मोथ्याका जराले गर । कसेरू सिहारा कमलनाल दाप षजूरो षांडको पाक शुठाले गर । इक्षुविकार अदुवाका रसले गर । पलाशका काष्टपत्र कस्मले गर ।

घियको पाक अमिलीले पिराले तप्तोदकले गर । तिलादि सर्वतेलको पाक कांजिले गर । कटहर अवलाका फलको पाक शल्लाका वीजले गर । वहुत मासु माछा यथेष्ट षाया पनि सूक्त चुक्र पिया पाक तत्क्षणै गर । केवल आगोले पोल्याका माछाको पाक मासुले गर । शिकर्णिको पाक त्रिकटुले गर । गाइका दूधको पाक ताता माडले गर । भैंशीका दूद दहिको पाक शंखचूर्णले गर । वटूकको पाक वेशवारले गर ।

स्नेहो (स्नेहो ?) निशाहिंगुलवंगकैला
हपाकजीरार्द्रकनागराणि ।
अम्लोषणं सैंधववर्णमत्र,
यथोचितं संस्कृतये प्रणीतं ।।

एति सर्व पातका पोकामाछा पकाउनु वेशवार हो ।

फिनिको पाक लवंगले गर । पपरा नाव् गन्याका खाजाको पाक सैंजिउनका बीजले गर । लड्डुको पाक पिपलजरीले गर । पुवा शया रोटी मांड सर्व पकवानको पाक पिपलजरीको क्वाथले गर ।

गोहरो शाउलो दुम्शी सुङ्गुर वराह कछुवा एतिका मासुको पाक जवाषारले गर, चित्रतैलले गर । षीरको पाक मुगिका क्वाथले गर, समुद्र फेनले गर, काजिले त अवश्य गर ।

सूप की रुपो तातो गरि वहुतवार पानिमाहा चोभनु पनि तातो भया पिनु वहुत दिनदेपि भयाको पानि वहुतै पियाको विकार हुर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पालंगो करेला ठुसा तामा मुला पत्रो लहुको परवर तोरिया इत्यादि शाकको पाक चौलाइका जराले गर शश्र्युंका छोपले गर। सुंठो तिसी नारंग सुंतोला जामीरको पाक कोदाले गर्छ। मद्य गेरु श्रीषंडसंग सेवन गऱ्या वुढों तरुनु हुंछ।

परवर तामा टुशा करेला लहुका इत्यादि शाक वहुत षायाको पाक पलाशपत्रको भस्म पानिसग रयाली षाया तत्क्षणै वहुत पान पोज।

शूरणको पाकगुडले गर्छ। तरुलको पाक चौलानिले गर्छ। हलेदाको पाक जामीरका रसले गर्छ। चूनको विकार नागरमोथाले हर्छ।

लटिया तोरि वेथुवाका शाकको पाक षयरका क्वाथले गर्थ। और सब पत्र-शाकको पाक तिलका झिङटा पोल्याको भस्म जलसंग पिनु तब सद्य पाक गर्छ।

अमारो डुम्री पिपल षरि वर एतिका फलको पाक वाशी पानिले गर।

रोगि मनुष्यकन चिल्लाको अजीर्ण मुगिका चूर्णले हर्छ। अतीसारको शूल मोथाका क्वाथले हर्छ। माषाका इड (उ ?) राको पाको नीमका जराले गर्छ। अविलिका फनमाहा चून लाया पटाइ हर्छ।

गर्मि वस्तुले चिसो हर्छ। चिसाले गर्मि हर्छ। अविलाले नुन्यालाकन गुण गर्छ। चिल्लाले रुनाइ हर्छ। वांति यववहुत हो त मिश्रि थोरा थोरा गरि षानु वांति थामस्।

विरा महा अधिक चूनले मुख पोलियाको भया तेलका कुल्ला गनु सुख हो। दिन घाम रात शीतमहा रह्याको वाशी पानि नाकवाट पिनु विनाश हर्छ। स्त्रीका दूधले आषा धुनु आषाको रोग हर्छ। धुवाका विवारले भयाको रोग शिलाजुका क्वाथले हर्छ। यव यव वहुत विरोचन हो त अवलाको लेप कपालमहा हात पाउमाहा गनु सुख हो।

थकाइ भयाका रोगकन मृगको मासु षानु सुख हो। स्त्रीसंभोगका थकाइमहा प्रातःकाल दुइचार घरी सुत्या निको हो। जव वहुत स्त्रीप्रसंगले निर्घातु निर्बल हो त पिपला सिधो दूधसंग पकायाको वाकाको अंड थोरा थोरा पचन्या गरि षानु शुक्र वृद्धि वहुत हो।

कानका रुन्याइ तिलतेल घरि दुइ मंम कान भरि राषनु दिन ७ सातमाहा सुख हो। मुखका रोगकन अदुवा षानु तस्का रसका कुल्ला गनु मुखकी विरसता हर।

खर्भुजो तर्भुजो कुम्भिडो काक्रो फर्शी एतिको विकार भया करंजका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वीज घोटी पिनु तत्क्षण पाक गर । गिन्यारिका जराले जसो अतीसार थाम्छ तस्तै गरि पाक गर्छ ।

स्त्रीदोष भया स्त्रीको चुलठो धोइ पीन दिनु एक पाणिअवला (भूइका फल) को रस पिन दिनु शुठो धनिउको क्वाथ दिनु स्त्रीदोष हर ।

मद्य पियापछि लगतै घिउ चिनि पिनु मदमत्त नहवस् । नागरमोथो जेठी मधु अलैंची कूज धनिआ एलवालु भन्याको सुगंधि द्रव्य एतिको वरि वाधि मुख घालि राष्या मदको गंध नवाव् ।

अफीम लाग्या मर्च की शुठो खानु निको हो, गर । पाया सुन मान्याको खानु किंवा धतुरो खानु । मद लाग्या गुड खानु। दूधका विकार खाड खानु सुख हों ।

पत्र शाक फूलशाक फलशाक यावतशाक छन् तन्को पाक यवक्षारले गर । तिलका झिगटा पोल्याका क्षार पानिले सर्वथा सर्व शाकनको पाक गर्छ । ग्रीष्म ऋतुमा वायुको उत्पत्ति हुंछ । वर्षा ऋतुमा वायुको वृद्धि हुंछ । शरदमा वायुको नाश हुंछ । वर्षामा पित्तको उत्पत्ति हुंछ । सरदमा पित्तको वृद्धि हुछ । हेमंतमा पित्तको नाश हुन्छ । शिशिरमा कफ्को उत्पत्ति हुन्छ । वसंतमा कफ्को वृद्धि हुन्छ । ग्रीष्ममा कफ्को नाश हुन्छ । इत्यजीर्णमंजरि भाषा संपूर्णम् । श्रृत्यगर्त्विंदुशाकेऽर्के मैत्रे गौरीदिने सिते गंगाविष्णु द्विजेनेयं लिखिताजीर्णमंजरी ।

(वीर पुस्तकालयवाट)

विशेष शब्दहरू

नारियोल : नरियोल ।
गरी : नरियोलको फूल ।
घिय : घिउ ।
अँविलाले : अमिलाले ।
कर्कंरीं : काँक्रो ।
गहु : गहुँ ।
कांजि : कांजि । गुँड, मह, दही मिलाएर तयार गरिने औषधी ।
नारिंग : सुन्तला विशेष ।
कपित्थ : कैथ ।
एतिकको : यतिको ।
चणा : चना ।
अलस : आलस :
कसेरु : वनस्पतिविशेष ।
सिताषाड : मिस्रीविशेष ।
शुठाले : सुठाले ।
अमिलि : अमिली, रामझिङ्नीको जत्रो एक थरी बोट र यसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कवला : कमला (फल) ।
सुंतोला : सुन्तला ।
आम : आँप ।
कोइलो : आँपको कोयाभित्रको गुदी।
गर : गर्छ ।
सिहारा : एक प्रकारको पानीभित्र फल्ने फल ।
ताल :ताड; दह ।
करुवातेल : तोरीको तेल ।
जांविर : ज्यामिर ।
नरिवल : नरियोल ।
मङ्का : ?
इड (उ) रा : ?
षटाइ : अमिलोपना ।
गर्मि : तातो ।
नुन्यालाकन : नुनिलोलाई ।
रुषाइ : रूखोपना, फुस्रोपना ।
वांति : वान्ता ।
यव : जब ।
थामस् : थामोस् (थाम्ला) ।
विरा : पान (को विडा)
कुल्ना : कुल्ला ।
शिलाजु : शिलाजित ।
यव यव : जब जब ।
विरोचन : वनस्पतिविशेष ।
सिघो : सिधेनून ।
फूल ।
अवला : अमला ।
वेशवार : मसला विशेष । तुलनीय नेपाली रूढ 'बेसार' ।
शरण : भुइकन्द विशेष ।
नागरमोथा : जरीविशेष ।
लटिया : लट्टे ।
वेथुवा : चाङे विशेष ।
षयर : खएर ।
झिङटा : झिक्रा ।
षरि : खरि (वृक्ष) ।
मोथाका : मोथेका ।
वाक्राको : बाखाको ।
अंड : राजखानी ।
करंज : झारविशेष ।
गिन्यारि । गिंदेरी ।
जसो : जस प्रकारले ।
चुलठो : चुल्ठो ।
पीन दिनु : पिउन दिनु ।
कूज : ?
धनिआ : धनियाँ ।
एलवालु : कैथको बोक्रा ।
मर्च : मरीच ।
खाड : मिस्त्री ।
यवक्षार : जौखार, जौको खरानी ।

—:०:—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३६

लीलाम्वरको अजीर्ण मंजरी

(सम्भवतः गङ्गाविष्णु द्विजमा आधारित)

समय- सं. १८२१

भाषा- विशुद्ध पृथ्वीनारायणकालीन

नारीकेलकी गरीको पाक चावलले अथवा पिपलाले गर्छ। आमका रसको पाक दूधले गर्छ। घिवको पाक जंवीरादि अविलाले गर्छ। केराको घिवले गर्छ। गहुको पाक ककडीले गर्छ। मासुको पाक काजिले (गुड मह दहिको काजि धानका भकारीभित्र ३ रात्री राष्याका काजिले)। नारिंग कवला सुंतोलाको पाक गुडले गर्छ। पिडालुको पाक कोदाले गर्छ। ज्याक्या-हि पिशाकों अन्न छ तस्को पाक वाशि पानिले गर्छ।

पिपलफलको पाक हडडाले गर्छ। माषान्नको पाक षाडले गर्छ। दूधको पाक मही। काचा आमको पाक महले गर्छ। अथवा मद्यादिपानविकारे मध्वंबु। सिधारादि तालदेंषि भयाका वस्तुको पाक करुव'तेलले गर। अथवा मध्वंबुपानात्यये तैलं। पोष्करजे त्रिकटु। शेष बुद्धिले जान्नु।

कठहरको पाक केराले, केराको पाक घियले, घृतको पाक जाविरले, अमिलाको नूनले; नूनको चौलानिले, नरिवलको तालको पाक चावलले गर। जव (च ?) र कादिले छ तवले। चावलको पाक यवक्षारादिको क्वाथ। अथवा क्षार हुन्या वृक्षको रसले क्वाथले तंडुलपाक गर्छ।

दाडिम अवला ताल तिंदु विविरो लवलि एति फलको पाक वकुलका फलले गर। वकुलको पाक तसंका रसले गर। मङ्का (मल्हा) खिर्नी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फर्शा खजुरा कपित्थ एतिकको पाक नीमको फल घोटि पिनु । घिवको महीको पाक पनि निवले गर । गहु मास चणा अलस मुगीको पाक धतुराका फलले गर । खजूरो कमलनाल करेरु सिताषाड एतिको पाक सिहराले गर । मध्या (थ्या ?) का फलको पाक वडा माथ्याले गर ।

मासु कटहरको पाक आमका कोइलाले गर । खिचो भैंशीका दूधको पाक सिधानूनले गर । कपूर शुपारी पान केसरी जाइफल जाइपत्री कस्तूरी सिल्हाको सुगन्धि द्रव्य नारियलको दूध एतिको पाक समुद्रफेनले गर । शामा-वनको शामा गहत शाठिधान वोडि कागुनुको पाक दहिका तरले किंवा काजिले गर । अमिलीको गहतको पाक तिलतेलले गर । आमको पाक मोथ्याका जराले गर । करेरु सिहरा कमलठाल दाख खजूरो खांडको पाक शुठाले गर । इक्षुविकार अदुवाका रसले गर ।

घियको पाक अमिलिले पिराले तप्तोदकले गर । तिलादि सर्वतेलको पाक काजिले गर । कटहर अवलाका फलको पाक शल्लाका वीजले गर । वहुत मासु माछा यथेष्ट षाया परि सूक तवु (-चु ?) ऋ पिया टाक तत्क्षणं गर । केवल आगोले पोल्याका माछाको पाक मासुले गर । वटुकको पाक वेशवारले गर*

एति सव पातका पोकामाहा पकाउनु वेशवार हो ।
यातिले वटुकको पाक गर ।

फिनिको पाक लवंगले गर । पंपरा नाव गन्याका खाजाको पाक सैंजिवनका विजलें गर । लाडुको पाक पिपलजरीले गर । पुवा शयारोटि माड पकवानको पाक पिपलको जरीको क्वाथ चूर्णले गर । गोहरो शाउलो दुम्शी गंडक स्युगुर वराह कछुवा एतिका मांसको पाक जवाषार चित्रतैलले गर । षीरको पाक मुगीका क्वाथले गर, समुद्रफेनले गर, काजिले त अवश्य गर ।

× × ×

कुंभिडाको रस गुड पिनु कोदाको मद लाग्याको निको हो । दूध चिनि पिनु धतुराको मद लाग्याको निको हो । सुपारीको मद लाग्या अपनु कोषि सुंघनु वनको ढुंगो सुघनु किंवा सिधो षानु चिनि षानु थोरा किंवा चिसो पानि, चामले पिनु सुपारी लाग्याको निको हो ।

---

*यहाँ त्यही संस्कृत श्लोक छ जो पृष्ठ १७९-८० मा पनि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उटकी असवारीका विकारले भया सुतिरहनु निको हो । पाउले हिंड्याको विकार भया भोजन घृत दुग्ध मांसादि षानु सुष हो । हातिका असवारीको विकार भया मैथुन गऱ्या सुख हो । घोंराका असवारीको विकार भया मर्द्दन गऱ्या सुख हो । बिजपाले मात्या कनटुवाको रस किंवा अम्मिलो ज्या क्वाहि हो सो पिनु । अफीम लाग्या मर्च की शुठो षानु । गर पाया सुन मा~याको षानु किंवा धतुरो खानु । मद लाग्या गुड षानु । दुधका विकार खाड खानु सुख हो । पत्रशाक फूलशाक फलशाक फूलशाक यावंत शाक छन्, तन्की पाक : यक्षवारले तिलका झिगटा पोल्याका क्षारले सर्वशाकनको पाक गर्छ । राम सिता लक्ष्मण । श्री शाके १६८६ जेष्ट शुक्लदशहरायां लिखितमिदं पुस्तकं लीलाम्बरेण शुभम् ।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

नारीकेल : नरियोल ।
चावल : चामल ।
घिव : घिउ ।
ककडी : काँक्रो ।
ज्याक्याई : जेसुर्क ।
पिशाको (पिस्याको) : पिसेको ।
हडडा (हरडा) : हर्रो ।
सिघारा : सिहारा ।
कठहर : कटहर ।
जाविर : ज्यामिर ।
दाडिम : दारिम ।
तिदु : तिंदु : तिजु ।
विविरो : बिमिरो ।
लवलि (लवसि ?) : लौसी ।
निंव : नीम ।
करेरू : कसेरू ।
खिचो : खिचो ।
भैंशीं : भैंसी ।
पंपरा : पापर ।
शाउलो : सालक (?)
स्युगुर : सुंगुर ।
अपनु : आफ्नो ।
कोषि : काषी ।
चामले : हत्केलाले ।
कनदुवा : औषधीविशेष ।
मर्च कि शुठो : मरिच अथवा सुठो ।
गर : यदि (> अगर) ।

—०—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३७

अजीर्णमंजरी

बेनामी (१८३० पूर्व)

श्री गणेशाय नमः । जो रामचन्द्र शंग्रामविषे पृथ्वीकी भार गर्न्या रावणकन मारी जगत्को वडो उवकार गर्दा भया, (जन्ले पृथ्वीको भार गर्न्या रावणकन संग्रामविषे मारी जगत्को वडो, उपकार गर्दा भया, जन्ले वानरहरूको फौद समेत ब्रह्मस्वरूपी समुद्रजलका पार हेलैले गर्दा भया) उस ब्रह्मस्वरूपी रामचन्द्रकन भक्तहेरू हृदयविषे धारण गर्दा भया, ब्रह्मादि देवताका पनि पर भयाका, सीताका हृदयका हार जंस्ता भयाका एस्ता श्री रामचन्द्रकन नमस्कार गरि काशिराज नामा ग्रन्थकार जो छं अजीर्णमंजरी नाउ भयाको ग्रन्थ वनाउँछन् ।

नरीवलका गरिले कुपथ गऱ्याका चावल षाया पाक हुंछ । आपले कुपथ गऱ्यामा पाया पाक हुंछ । घिउले कुपथ गऱ्यामाँ ज्यावीर आदि गऱ्याका अमिलाले पाक हुंछ । केराले कुपथ गऱ्यामा घिउ षाया पाक हुंछ ।

गहुले कुपथ गऱ्यामा काक्रो षाया पाक हुंछ । मासुले कुपथ गऱ्यामा दहिका पानिले पाक हुंछ ।

उक्तंच–गुड मह दहिको काजि भऱ्याको शुक्त हो । शुक्त भऱ्याको नऱ्या माटाका भाडामा गुडको द्विगुण मह महको द्विगुण कांजि कांजिका द्विगुण महि इ चार हाली धानका भकारिमित्र तीन रात्रि राष्याका काजिले पाक गर्छ ।

नारांगी, कमला, सुंतलाले कुपथ गऱ्यामा गुडले पाक हुंछ । पिडालुले कुपथ गऱ्यामा कोदाले पाक हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिश्याका अन्नले कुपथ गऱ्यामा वासि चिसा पानिले पाक हुंछ । चिरौजीले कुपथ गऱ्यामा हरांले पाक हुंछ । मासले गऱ्याका कुपथमा षांडले पाक हुन्छ । दुदले कुपथ गऱ्यामा महीले पाक हुंछ । वयरले र काचा आपले कुपथ गऱ्यामाँ ताता पानिले पाक हुंछ । माछाले कुपथ गऱ्यामा आपका कोईलाले पाक हुन्छ । बहुत पानि षाइ कुपथ भयामा मइ षाया पाक हुन्छ । अथवा मदिराले कुपथ गऱ्यामा महमा पानि मिसी षानु पाक हुन्छ । कमलगठाले कुपथ गऱ्यामा करुवांतेलले पाक हुंछ । शेष आफ्ना बुद्धिले जान्नु ।

कटहरको पाक केराले गर्छ । केराको पाक घिउले गर्छ । घिउको पाक ज्याविरका रसले गर्छ । ज्याविरका रसको पाक नूनले गर्छ । नूनको पाक चौलानिले गर्छ ।

नरीवलको र ताडफलको पाक चावलले गर्छ भनि चरकादि ग्रन्थकारले भन्याको छ, तनैले चावलको पाक जौवाषारका पानिले गर्छ अथवा लप्सिले गर्छ अथवा षार हुन्या अपमार्गादिका रसका क्वाथले गर्छ भंछन् । दारिम अमला ताडफल तिंदु विभिरा लवसी (एसैलाइ मधेसमा हर्फारेवडी भंछन्) एतिको पाक अशोकका फलले गर्छ । अशोकका फलको पाक तसैका जराले गर्छ ।

महुवा वेल खिर्नी फर्सा खजूरी कैथ एतिको पाक निमको फल घोटि पिउनु, पाक गर्छ । घिउको महीको पाक पनि निमका फलले गर्छ । गहु मास चणा केराउ मुगि एतिको पाक धतुराका वीजले गर्छ । खजूरी कमलको गानां कशेरू चिनि एतिको पाक सिगांडाले गर्छ । दाषको पाक नागरमोथ्याले गर्छ ।

मासु कटहरको पाक आमका कोइलाले गर्छ । षिच्रो भैंसीका दुदको पाक सिधा नुनले गर्छ । चिहुराको पाक पिपला अजमोदाले गर्छ । द्विदल भन्याका मासु मसुरादि । तन्को प्राक तुषांभले गर्छ । दलि भूस सितको दोड पानिमा रापनु तिन दिनपछि तुषांभ कहिछ ।

कपुर सुपारि पान केशर जाईफल जाईपत्री कस्तूरि शिलारस नरिवलको दुद एतिकों पाक समुद्रफेनले गर्छ । शामा वनमा आफै भयाकों धान गहत साठिधान बोडी भटमास कागुनु एतिको पाक दहिका तरले गर्छ । अमिलिको गहतको पाक तिलका तेलले गर्छ । आमको पाक मोथाका जराले गर्छ अथवा लुङ्याले गर्छ । कशेरू शिगाडा कमलको जरा दाष छोहोरा षांड एतीको पाक शुठाले गर्छ । उषुका रसको पाक अदुवाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रसले गर्छ अथवा पलासको पातको भस्ममा पानि रयालि षानु पाक हुंछ ।

घिउको पाक अमिलाले अथवा मरिचादिका पिराले अथवा ताता पानिले गर्छ । तिल आदि गऱ्याका सबै तेलको पाक दहिका पानिले (सुक्त भऱ्याको नजा माटाका भाडामा मह गुड दहिको पानि हालि धानका भकारिमा तिन दिन राषनु र त्यो शुक्त कहिंछ) गर्छ । कटहरको अवलाको पाक शल्लाका वीजका गुदिले गर्छ । वहुतै मासु माछा यथेच्छ षाया पनि परिपाक हुंछ भनि यस्मा क्या आश्चर्य छ । आगामा पोल्याको माछा षाया-की पाक मासुले गर्छ ! यो पो वडो आश्चर्य छ !

मालुवा परेवा मयूर भद्राई यतिको मासु षाई अपच भयामा कांसको जरो पिसि पानिमा रयालि पिनु र तसै क्षणमा सुख हुंछ । यो वहुतैवार वैद्येले अनभोब गऱ्याको छ ।

सिर्षणिको पाक शुठो मरिच पिपलाका चूर्णले गर्छ । गाइका दुदको पाक मंताता माडले गर्छ । भैंसिका दुद दहिकी पाक चाडै शंखचूर्णले गर्छ । सिधो नून शुठो मरिच पिपला धनिञ्यू जीरो हुलेदो हिङ इ सम्पूर्ण औषधि पिसि दाडिमका त्रियाको रसमा मिसि गोलि बनाउनु यो बेशवार कहिंछ । वटुकको पाक एसैले गर्छ । फिनिको पाक ल्वाँगले गर्छ । गुडपाप्रीको पाक षुरसानिका वीयाले गर्छ । लडु मालपुवा रोटी सेल मोहनभोग इत्यादि पक्वान्नको पाक पिपलजरीका क्वाथले गर्छ । दुम्सी गोहोंरो गैंडा एतिको मासुको पाक अरिंडका तेलले गर्छ । वनेल कछुवा इत्यादिका मासुले कुपथ पाऱ्यामा यवाषारले पाक गर्छ । षीरको पाक मुगीले गर्छ । अनारको पाक समुद्रादि पाँचनूनले गर्छ । सुन अथवा रुपो वारंवार तताउँदै पानीमा चोंभदै गर्नु त्यो पानि जाहासम्म तातो भयाको छैन ताहा पर्यन्त गर्नु, त्यो पानि पिया पछि ढेरै कालसम्म रह्याको पानिको कुपथ समन हुंछ ।

(वीरपुस्तकालयबाट)

विशेष शब्दहरू

कोक्रो : कांक्रो ।

पिश्याका : पिसेका ।

चिरौजी : औषधीविशेष ।

कमलगठा : कमलगट्टा ।

नागरमोथ्या : नागरमोथे ।

हिङ मिलाएर बनाउने औषधी ।

गुडपाप्रो : पंपरा (हेर्नोस् लीला-म्बर) ।

लडु : लड्डु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अजमोदा : ?
अनभोव : अनुभव ।
धनिव्यू : धनियाँ ।
वेशवार : नून,सूठो, मरीच, पिपला, धनियाँ, जीरा, हलेदो,
मलुवा : मलेवा ।
अरिंड : अँडिर ।
अरनाल : ?
ढेरै : धेरै ।

—:o:—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३८

पृथ्वी-साहित्य

(क) दोलख्या प्रधानलाई पत्र

(सम्वत् १८०२)

स्वस्ति श्री सर्वोपमा योग्य राजभारासामर्थ इत श्री दोलष्या देसवार प्रधानकेषु आशिकपूर्वक पत्रमिदं ।

इहां कुशल तांहां कुशल चाहिय जेहिते परमानन्द होइ । आगे इहाको समाचार निको छ । उप्रान्त तिमि प्रजापात हौ । नालदुमपूर्व मेरो अम्वल भयो । तुमि मेरा हुजुर आव । तिम्रो धन-जियको म रछा गरुला । पिछाडि आर्को त्रह गरु त.. को कुदृष्टि । धर्म दिकन तुमि नआयादेखि तिम्रो जहोजात गरुँला । उप्रांत पाल्हुग तिष्ठुग चितलांग हामिथ्यौं सोझ भै मिल्या र उनको रछा हामिले गर्यंको छ । किमथिकं विशेषु । भाद्र वदि ४ रोज ४ मुकाम नुवाकोट शुभम् ।

('नेपाली गद्यसङ्ग्रह' बाट)

विशेष शब्दहरू

तुमि : तिमी ।
जियको : जिउको ।
रछा : रक्षा ।
गरुला : गरुँला ।
पिछाडि : पछाडि ।
त्रह : तरह ।
गरु त : गरेंछु भने ।
हामिथ्यौं : हामीछेउ ।
अम्वल : विजय (अरवेली अमल : काम)
हुजुर : समीप, महोदय । अरवेली हुजुर : उपस्थिति, श्रीमान् ।
जहोजात : धनहरण । तुलनीय फार्सेली जायदात : धनमाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) पण्डित राजीवलोचनलाई पत्र
(सम्वत् १८१२ तिर)

स्वस्ति श्री सर्वोपमायोग्य निखिल गुणगरिष्ठ राजभारासामर्थ श्री राजीव लोचन पण्डितके प्रणामपूर्वक पत्रमिद । जहाँ कुशल ताहाँ कुशल क्षेम चाहिय येहिते चित्त सानन्द होइ । पत्र आयो पत्रार्थ विदित भयो । आगे जाहाँको समाचार भलो छ ।

उप्रान्त आउँदा जीवनपक्षमा काज हवस् भनि आग्या गरि पठाउनु भएछ । भलो आज्ञा गरि पठाउनुभएछ । परन्तु हाम्रा जहाँ चाँगु साँखुको काज लाग्दा तहाको काज वलियो गरि हुन्या छैन । तहाँबाट काज गऱ्या एतावाट हामिले हेरिरहोइनो । जो होइ आउला काज गरौला । दोहोरो काज गरदा एताबाट वलियो काज हवोइन ।

उप्रान्त गोर्खा चिन्हि कास्किले अर्को ठाउँ कहाँ जानु छ भनि जहा हाम्रा धनिछेउँ विन्ति गऱ्याँ भनि लेखनु भएछ । तहाँ भाइका पाउमा भलो विन्ति गर्नु भएछ । योग्य हो । कास्किलाई छोडि गोर्खाले कहा जानु छ । गोर्खालाइ छोडि कास्किले पनि कहा जानु छ ? आज कास्कीबाट काज भएन ता पनि काल्ह गोर्खाबाट काज भै गोर्खाको बनला । आज गोर्खाबाट काज भएन ता पनि काल्हु गोर्खाबाट काज भइ कास्किको वनला । परन्तु गोर्खाको र कास्किको रेषजोष गर्नु ढुंगो हो । आज काज भएन ता पनि काल्ह होला । कामले लामु छोटो पऱ्या पनि लंजुं घटाइ भाइको काज बनाउन्यै आकांछा छ ।

उप्रान्त काजिका कविला थाम्न्या भनि आग्या गरि पठाउनु भएछ । हामिले काजिका कविला थाम्दा त काजिका कविला काजिदेखि अप्सरिया हुन लाग्या र काजिका कविला थाम्न सकेनौ । एक त काजि हामिसित अनुचित गऱ्या र जान माहा पस्या । दोस्रो काजिको र काजिका कविलाको फाटो पर्न्या क्यन गरौं भनेर काजिका कविला जान दिऱ्यौ । तहाँ भाइको पाउमा हुनुहुन्छ' तपाइ पनि हुनुहुन्छ. यहावाट भला मानिस पठाउँछौं, तहाँ काजिकन बुझाइ सझाइ जहा पठाइ दिनु हवस् । किमधिकं विज्ञेषु । माघ वदि ९ रोज ७ मुकाम नुवाकोट माडी शुभम् ।

('ऐतिहासिक पत्रसंग्रह'बाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

आउँदा
ठाउँ
पठाउँछौं
] शुद्धरूप क्रमशः आउँदा (आँवदा), ठाउँ (ठाँव) र पठाउँछौं (पठाँवछौं) हुनुपर्थ्यो ।

आच्या : आज्ञा ।

हेरिरहोइनो : हेरिरहोइनौं । लेख्ता झुक्किएर ौं मात्रा ो लेखिए झैं छ ।

होइ : भएर ।

हवोइन : नहोला ।

धनिछेउ : मालिकसित ।

भाइ : कास्केली राजा प्रताप शाही ।

काल्ह : भोलि । तुलनीय 'अच्काल'-को 'काल' । उहिले यो शब्द नेपालीमा प्रचलित रहेछ ।

रेषजोष : हेरचाह ।

ढुंगो : राज (धनवज्र); यो 'टुङ्गो' त होइन ?

आकांछा : आकांक्षा ।

काजी : कालुपांडे (१) ।

कविला : जाहान ।

थाम्न्या : रोक्ने ।

थाम्दा : रोक्ता ।

अप्सरिया : विद्रोही । यस शब्दको मूलमा छ 'अवसरिया' अर्थात् अवसरछोपुवा तर यहाँ 'विद्रोही' भँसकेको स्पष्ट छ ।

अनुचित गऱ्या र : अनुचित गरेर ।

जानामहा पस्या : जान तम्सिए । अचेलको बैंतडीमा यो अभिव्यक्ति जीवित छ, जस्तै "झान पस्यो जान लाग्यो" ।

क्यन : किन । अचेल पर्वतखण्डका वासिन्दा 'केन' भन्दैछन् । यो शब्द विद्यापतिमा पनि पाइएको छ ।

जीवनपत्र : राहुले भोग गरिसकेका तेह्र नक्षत्रहरू ।

(ग) कीर्तिराजानन्दउपाध्यायलाई पत्र

(सम्वत् १८१४)

स्वस्ति श्री सर्वोपमा योग्येग्यादि श्री कीर्तिराजानन्द उपाध्याके प्रणाम पूर्वक पत्रमिदं । इहां कुशल तहां कुशल चाहिय । आगे इहांको समाचार भलो छ । उप्रान्त तिमि भन्का वडा मनुष्य हौ । तिम्रो र हाम्रो षलासि गर्नाको इच्छा छदै थियो । हाम्रा काजिका स्नेहले वहुतै वन्यो । अव तिम्रा वडाबाबा र काकासित पेट मिलाई काठमाडौंका तषतको काज पुऱ्याव ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रो साँपु चाँगु पाटन काठमाडौं पर्वतको बाँधा वृत्ता घर्षेत जजमान्ताको पूजासमेत् माफ गरि बक्स्यौं । किमधिकम् । आश्विन वदि ६ रोज ४ मुकाम किर्तिपुर शुभम् ।

(ऐतिहासिक पत्रसंग्रह'बाट)

विशेष शब्दहरू

षलासि : खलासि, मनपरिमार्जन ।

अरबेली खलास : मुक्त ।

पेट मिलाई : चित्त मिलाई ।

तषत : सिंहासन (फार्सेली तख्त) ।

वृत्ता : बिर्त्ता ।

जजमान्ता : यजमानगिरी ।

बक्स्यौ : दिएँ । फार्सेलीमा 'बख्सी'को अर्थ 'दाता' हुन्छ । अनि संज्ञासँग जोडिंदा 'बख्श' पनि पाइन्छ, जस्तै खुदाबख्श, बख्शनाम इत्यादि । यही फार्सेली स्रोतबाट नेपालीमा नामधातुको निर्माण भएको छ ।

(घ) जयप्रकाशमल्लले लेखेको/धर्मपत्र

(सम्वत् १८१४)

स्वस्ति श्रीमन्महाराजाधिराज श्री श्री मज्जयप्रकाशमल्लदेवले स्वस्ति श्रीमन्महाराजाधिराज श्री श्री नृप पृथ्वीनारायणशाहदेवकन धर्मपत्र लेखि दियाँ । काठमाडौंको गोर्खाको टकसार चलाउनु । रुपैंजा महाकपट नघाल्नु । दुवै टकसारमा एकै चास्नो गर्नु । गोर्खाका रुपैंजा काठमाडौंले चलाउनु । काठमाडौंका रुपैंजा गोर्खाले चलाउनु । भोट रुपैंजा जिनिस पठाउँदा दुवैको बराबर पठाउनु । भोटमा गोर्खा काठमाडौंको वकील बसाउनु । दुवै वकीलले ठेची मारो माल चलाउनु । दुवैका मनवाहिकको ल्यायाको लैंगयाको माल खोस्नु । काठमाडौंले खोस्या आधा गोर्खाकन दिनु गोर्खाले खोस्या आधा काठमाडौंकन दिनु । काठमाडौंका रुपैंजा तहाँ गोर्खाले नचलाया सास्ति गर्नु दण्ड गर्नु गोर्खाको रुपैंजा इहाँ काठमाडौंले नचलाया सास्ति गर्नु दण्ड गर्नु ।

पाटनवाटो आयाका महाजन लुटि नखानु । काठताडौंमा गोर्खाको उकील बसाउनु । गोर्खामिहा काठमाडौंका उकील बसाउनु । उकीलका मतले भारि फोर्नु, माल हेर्नु ।

भोट वेपार गर्दा नुवाकोटको वाटा गर्नु । गोर्खाको माल जाहिर गरि ल्यायाको काठमाडौंले नखोस्नु । काठमाडौंको माल जाहिर गरि ल्यायाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोर्खाले नखोस्नु । लुकाइ ल्यायाको खोस्नु । भोटवाट आयाका सुना-रुपा वरोवरी लिनु । मधेशवाटो आयाका सिक्का वरोवर लिनु । पाटन गोर्खाले खानु । नालदूम काठमाडौंलाई दिकन काठमाडौंको काम गर्नु । पाटन गोर्खाका हात चढ्याका दिन काठमाडौंले थाम्नु, पस्नु, काठमाडौंका हात आयाका दिन गोर्खाकन सौंपि दिनु । अधिका गोर्खाको पछिका काठमाडौंको ।

एस करारमा रह्या धर्मको वृद्धि होस् । करार नराख्या पञ्चमहा-पातक लागोस् संवत् १८१८ रोज ३ मिति पौष बदी ८ लिखितमिति शुभम् ।

("प्रगति" पूर्णांक १० बाट)

विशेष शब्दहरू

नधाल्नु : नहाल्नू ।
वकील, उकील : राजप्रतिनिधि ।
ठेची : लाहाछाप ।
मनवाहिक : इच्छाविरुद्ध ।
पाटनवाटो : पाटनबाट ।
जाहिर : जाहेर ।
सुना–रुपा : सुन, चाँदी ।

(ङ) अभुदसि प्रधानलाई पत्र

(सम्वत् १८१६ पछि)

स्वस्ति श्री अभुदसि प्रधानको आशीष् पूर्वक पत्रमिदं । आहाँ कुशल ताहाँ कुशल चाहि, जेहिते सनंद होइ । आगे आहाँको समाचार भलो छ ।

उप्रान्त भँडेल भन्याका परदेसि मेरा इष्ट हौ । आज जसो गरि हुंछ मेरो काम पुऱ्याव । आफनु रहेछ भनि कार्ममहाँ जानिन्छ । तांहाँ चिर् फोर् गरि यो काम पुऱ्याव । आफनु पट पीठ पनि पूरण गरुला । उचो तिषो पनि गरुला । सुरो पुरो गरि काम गर । उत्तरा चाडो पठाव । किमधिक विज्ञेषु । श्रावण सुदि २ रोज ४ सुकाम काश्र्या शुभम् ।

("ऐतिहासिक पत्र संग्रह" बाट)

विशेष शब्दहरू

अभुदसि: काठमाडौंका कुनै पूरण:पूर्ण प्रधान ।
पुऱ्याव : पुऱ्याऊ ।
आफनु : आफनो ।
भंडेल : प्रधानको थर । तुलनीय छ अचेलको "धौभडेल" शब्द ।
चिर्फोर् : तोडिम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(च) रुक्का

(संवत् १८२३)

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का–आगे भगवतिवन् लछिमनवन् के पिछा लिखौं । भादगाँउँको सांषु मुल नागोसिटारको रोपनि १२ षेत, डिहिसमेत गोकर्नको षेत मुरि ८०० डिहिसमेत भादगाँउँ सहरको रोपनि ४० षेत मठ समेत माफ गरि वक्स्यौं । पाउ, आनन्द गर । दरदस्तुर भेटि सलामि अरू सभैंकन परला, सो दस्तुर तिमिहरुले पनि चह्रावनु परला। इति सम्वत् १८२२ पौष वदि १० रोज ६ । मुकाम नुवाकोट राजधानी शुभम् ।

विशेष शब्दहरू

रुक्का : भाका–पत्र (राजाद्वारा जारी) ।

अरवेली रुक्कअ : पुर्जी (अथवा) छोटी चिठी ।

माफ : क्षमा ('अरबेली मुआफ')

सलामि : भेटी । (फार्सेली सलामी : दर्शनविधि)

अरवेली सलाम : दर्शन ।

दरदस्तुर : तिरोभरो यसमा 'दर' कुनै अलग शब्द होइन । नेपालीमा शब्दार्थमा गहक ल्याउन केही शब्दहरूमा प्रथम अक्षर (*syllable*) को द्वित्व हुन्छ; जस्तै मसला (मरमसला) हिसाब (हर हिसाप); (छिमेक (छर छिमेक); बन्दोवस्त (बर बन्दोवस्त), सल्लाह (सर सल्लाह), झगडा (झरझगडा, झँझगडा), लगान (लर-लगान), सामान (सर-सामान) इत्यादि । यसै गरी 'दस्तुर' (फार्सेली दस्तुर : रीति) को पनि यहाँ द्वित्व भएको छ । यस्तो द्वित्व नेपालीमा अरवेली फार्सेली स्रोतका एवं घरव्यवहार एवं प्रशासनमा निकै रत्तिएका शब्दहरूमा मात्रै पाइएको छ ।

मुकाम घर : । > अरबेली मकाम : निवासस्थल ।

(छ) पौड्यालहरूलाई पत्र

(सम्वत् १८२३)

आगे विसंषुका भवानीशंकर पौड्याल, चामु पौड्याल, विरेश्वर पौड्यालके । तिमिहरुथि नेपालका भाजुदेउ टौढिकका दुइ हजार महिंद्रमलि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् भनि लाँगाँथ्युँ । ति रुपैयामध्ये सिक्का १२० शिवानन्न पण्डितहस्ते सर्कार लाग्या । सिक्का १२० विरु थङ्काहस्ते सर्कार लाग्या । फेरि सिक्का ८० विरभद्र उपाध्याहस्ते सर्कार लाग्या । वाकि भाजुदेउ टौढिक नेवारका दुइ हजार महिंद्रमलि वापत् माफ गरि वक्स्यौं । अत्र उप्रांत कसैको दावा धक्का नास्ति संवत् १८२३ फाल्गुण शुदि १ रोज १ मुकाम चागु शुभम् ।

("ऐतिहासिक पत्रसंग्रह"बाट)

विशेष शब्दहरू

सर्कार : सरकार (फार्सेली) ।

सिक्का : रुपियाँ (अरबेली सिक्का : छाप)

वापत् : विषय (फार्सेली बाबत) ।

दावा : दावी (अरबेली दावा : हकको लागि दिइने नालिस अथवा दर्खास्त) ।

(ज) हरिपण्डितलाई छ पत्रहरू

(१) सम्वत् १८२३ फागुन

स्वस्ति श्री गिरिराजेत्यादि श्रीमन्महाराजाधिराज श्री श्री श्री मत्पृथ्वीनारायण साहदेवानाम् सदा समरविजयिनाम् स्वस्ति श्री सर्वोपमा-जोगेत्यादि श्री हरिपंडितकेषु जेथा जोगेपूर्वक पत्रमिदं ।

ईहाँ कुशल ताँहाँ कुशल चाहिय जेहिते परम आनन्द होइ । आगे पत्र आयो । अर्थ मालुम भयो । उप्रांत ज्या विन्ति गरि पठाया छौ जोगे विन्ति गरि पठाया छौ । तर अलिक ढिलो गरेउ 'चाँडो गर्न्या काम हो । अब ढिलो नगर । ताँहाँको जस्तो षवर पाँउछौ तस्तो षवर चाँडो पठावन्या गर ।

उप्रांत "म कुति गर्ना र भोटचाहरूले स्वन्हको भावमहाँ त भयन अठार भन्या दिन्छौं भन्या सुना पनि दिन तयार भया । १८ भावमाहाँ नमिल्लदा म पासाको जगातसम्म उठेर आउँदा भोटचाले थामि पठाया र म थामिजाँ । भोटचासँग मैले यति बोल्याँ—'कुटन फुकन नाहि भाव सोन्है ।' भनि मैले भनिराष्याको छ" भनि पठाया छौ । "अठार भन्ना अलिक कपट मस्छौं भन्दा हाँमि ढेवा स्वद्धछौं भनेर स्वद्यन गइरह्याछन्" भनि पठाया छौ। परन्तु कुटि फुकि नाहि उसै स्वह्नलाइ दिन्या भया पनि आँट, क्यां एतिमाँहा पनि कदाचित्त नपस्या पनि नकुटि नफुकि सत्रसम्म भया पनिआँट। परन्तु तेहि सत्रको भावसम् तेति रुपिया मात्रै मिलन्या भया तेत्तिकै राष र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन लेव नाहि । सुन ज्मा वाह्र पंध्र हजार तोला मिलन्या भया एहि चास-निमाँहा कुटि फुकि अठारसम्म भन्या पनि आँट। परंतु वाह्र पंध्र हजार तोला निसकन्या भया आँट । यो पल्लो छेवको कुरो हो । पेट राषि गर । परन्तु सुन आफ्ना नजरदेषि विरीवोहण भनि आतपा इष्टमित्र बुझि विनति गरि पठाव । ताँहाँ वन्दोवस्त वन्यादेषि सुना किनि पठाइदेव । एति रुपिया पठाइ देव येति सुना मिलन्या छ भनि णिस्तुक पनि बिनति गरि पठाव । भोटको क्या हकिगत छ स्व पनि विधिविस्तार विनति गरि पठाव ।

उप्रांत इहाँको हकिगत सुवेहेका रु पनि साँधमाहा पुऱ्याइउँ । अरु समाचार पनि आनन्द छ । उप्रान्त राहा ता वन्दै गर, छोडनु छैन । विधि-विस्तार नराज वस्न्यात चंद्रभान पंडित कहनान्, स्व सहि । ताँहाँ चालिस पचास मुरि अन्न भोट गयो भन्याको सुनिउँ । त्यो कसको वाटोवाट गय, विसेद गरि राष । विज्ञेषु किमधिकम्। मिति फाल्गुन सुदि ६ रोज ५ मुकाम नुवाकोट माडि सुभं ।

(द्वारिकाराज उप्रेतीबाट प्राप्त)

विशेष शब्दहरू

जोगे : योग्य ।
जेथाजोगे : यथायोग्य ।
चाहिय : चाहिन्छ ।
जेहिते परम आनन्द होइ : जसबाट परम आनन्द होस् ।
गरेउ : गऱ्यौ ।
पाँउछौ : पाउँछौ ।
तस्तो : त्यस्तो ।
स्वऱ्ह : सोऱ्ह ।
भाव : भाउ ।
माँहा : मा ।
नमिल्लदा : नमिल्दा ।
पासा : खासा, कुतीनेरको ठाउँ ।
जगात : भन्सारकर, राहकर ।
अरबेली जकात : दान ।
कुटन फुकन : बास्नो ।
नाहि : होइन, नाइँ ।
पठाया छौ : पठाएछौ ।
मस्छौ : परिस्कार गर्छौ ।
ढेरा : भोटको उच्चपदाधिकारी ।
मालुम : थाहा (अरबेली मालूम : ज्ञात)
सुवेहे : अर्थ अज्ञात ।
पुऱ्याइउँ : पुरायौं !
नराज : रणराज (?)
कहनान् : कहलान् ।
सुनिउँ : सुन्यौं ।
विसेद : खोजो ।
इहाँ : यहाँ ।
ताँहाँ : त्यहाँ ।
षवर : समाचार (अरबेली)।
हजार : सहस्र (फार्सेली)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वघ्रन : सोध्न ।
नलेव : नलेऊ । लेब : लेऊ ।
राषनु चाहिन्छ : राख्नुपर्छ ।
सुना : सुन ।
भावसम् : भाउसम्म ।
लेव नाहि : नलेऊ ।
ज्मा : जम्मा ।
छेत्र : छेउ ।
भोट्या : भोटे ।
तस्कारण : त्यसकारण ।
आपना : आफ्ना ।
विरौ वोहण : अर्थ स्पष्ट ।
पठाव : पठाऊ ।
पठाइदेव : पठाइदेउ ।
णिस्तुक : निस्तुक निर्णय ।
हकिगत (अरबेली हकीकत) : समाचार ।
स्व : सो ।
नजर : आँखा (अरबेली)
वन्दोवस्त : प्रबन्ध (फार्सेली)
हकिगत : दशा ! (अरबेली हकीकत : हालत) ।
राहा : बाटो (फार्सेली राह) ।

(झ) संवत् १८२३ फागुन

स्वस्ति श्रीगिरिराजेत्यादि श्रीमन्महाराजाधिराज श्री श्री श्री मत्पृथ्वी नारायण साहदेवानां सदा समर विजएनाम् स्वस्ति श्री सर्वोपमाजोगे त्यादि श्री हरिपंडितकेषु जेया जोगे पूर्वक पत्रमिदं । इहाँ कुसल ताँहाँ कुसल चाहिए जेति ते परमआनन्द होइ ।

उप्रांत ताँहाँ भोट्यासँगको काम कस्व भयो विसेद लेषि पठाव । काम चाँडो गर । ताँहाँ काम वन्या एत्ति रुपैया पठाव भनि पठाया हाँमि पठाइदिदा हुँ । रुपिय मागी पठाउदा सुन आफ्ना नजरले हेरि एति छ भनि तवलि ल्याउ भनि आफ्ना इष्टछेउ वुझिकन मागि पठाव । सुन एति छ भन्या उइमाफिक रुपियाँ हामी पठाउला । विज्ञेषु किमधिकं । मिति फागुन वदि ७ रोज ६ मुकाम नुवाकोट सुभं ।

(द्वारिकाराज उप्रेतीबाट प्राप्त)

विशेष शब्दहरू

विजएनाम् : विजयीनाम् ।
कस्व : कसो ।
विसेद : समाचार ।
एति : यत्ति ।
रुपिए : रुपियाँ ।
तवलि : जोखेर ।
माफिक : अनुकूल (अरबेली 'मुवाफिक') ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ञ) संवत् १८२३ चैत

स्वस्ति श्री गिरिराजेत्यादि श्री मन्महाराजाधिराज श्री श्री श्री मत्पृथ्वी नारायण शाह देवेषु सदासमर विजयीषु ।

स्वस्ति श्री हरिदेउ पडितके जथोचित पूर्वक पत्रमिदं । उप्रांत भोटचाले सरासर सुना दिन्या भया कपट नमिसि अठार महिंद्रमल्लिको भाव पनि आँट । सरतु वनाइ कुटि फुकि फट्कि दिया आँट । मधेसबाट माहांजन्का मानिसहरू रुपियालीकन इहाँ आइ रह्या छन् । ऐकपटक टक्सार चलावनु पर्‍यो । अठारैलाइ पनि आँट । परन्तु हामीले त कपट त मिसना छैनौं । आज भोटचा लो भन्नान् यो वनाइ वुझ परन्तु काम चांडो गर । श्री नुंदुको जेथोचित पत्रले वुझौला । विशेषु किमधिक । मुजवानि पत्रवालाकि सहि । मिति चऐत्र शुदि २ रोज २ मुकाम् नजाकोट माडि राजधानि शुभं ।

(द्वारिकाराज उप्रेतीबाट प्राप्त)

विशेष शब्दहरू

हरिदेउ पंडित : हरिदेव पण्डित ।

महिंद्रमल्लि : नेवार राजाको पालाको मुद्रा ।

सरंतु : परन्तु (?)।

ऐकपटक : एकपटक ।

भन्नान् : भन्लान् ।

पत्रि : छोटो चिठी ।

चऐत्र : चैत ।

मुजवानि : मौखिक वर्णन ।
मु < मुह < मुख
+ जवानि < फार्सेली

जबानि : मौखिक ।

पत्रिवाला : पत्रवाला ।

पत्रि : स्यानो चिठी ।

सहि : ठीक (अरबेली सहीह) ।

(ट) संवत् १८२४ असार

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री मत्पृथ्वीनारायण शाह देवानां सदा समरविजयिनाम् ।

आगे हरि पंडितके-जयप्रकाशले रुपैया षाइकन दियाको षेत डिहिको साँधलाइ साँधभित्र चलेन् गर्‍याको जति हो तति घर्‍याडिसमेत हाँमिले वक्स्यौं। हिजो छिजामध्य कसैले लाग नगर । इति सम्वत १८२४ आषाढ शुदि ५ रोज शुभम् ।

(द्वारिकाराज उप्रेतीबाट प्राप्त)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

हरिपंडितके : हरिपण्डितलाई
घऱ्याडि : घरेडि ।
चलँन् : चलन ।
छिज्पा : ?

(ठ) संवत् १८२४ साउन

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविद विरुदावलिविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्रीमत्पृथ्वीनारायण शाह देवानां सदा समरविजयिनाम स्वस्ति श्री सर्वोपमा जोग्य राजभारासामर्थ श्री हरिदेउ पंडितके जेथोचित पूर्वक पत्रमिदं ।

इहाँ कुसल ताँहाँ कुसल् क्षेम चाहि जेहि ते परमानंद होइ । आगे इहाँको समाचार भलो छ । उप्रांत तिमिहरू चाँडो गरि जाउ । चाँडो कुरो बाँध । हाँमिले पनि वाटोको ३ दियाको छ । कुतिमाहाँ रह्यायो रुपयाको सोना पनि चाँडो गरि ल्याब । अरू माथि भोटवाट पनि सोना चाँडो मगाउ । सर्व काम चाँडो गर । ढिल नगर । चाँडो गर । विज्ञेषु किमधिकं । मुजवानि पतृवालाकि सहि । मिति श्रावण वदि १३ रोज ५ मुकाम नऱाकोट राजधानी शुभम् ।

(द्वारिकाराज उप्रेतीबाट प्राप्त)

विशेष शब्दहरू

सोना : सुन ।
पतृवाला : पत्नीवाला ।
ढिल : ढिलो ।
नऱाकोट : नुवाकोट ।
मुजवानि : मौखिक वर्णन ।

(ड) संवत् १८२४ भदौ

स्वस्मि श्री गिरिराजेत्यादि श्रीमन्महाराजाधिराज श्री श्री श्रीमत्पृथ्वी नारायण साहदेवानां सदासमर विजयिनाम् ।

स्वस्ति श्री सर्वोपमेत्यादि श्री हरिदेव पंडित श्रीजमदग्नि उपाध्याके यथोचित प्रमाणपूर्वक पत्रं इदम् । आगे इँहाँको समाचार भलो छ । उप्रांत सुनु साहेब्ज्यु छचौ र मौजंज्यु छचो हज्जार रुपयाका सुना रह्याको छ । त्यो चाँडो मागेर पठाइदेउ । उप्रांत षासाका भोट्या र विगुका भोटचाले अघि ता ज़गातिसँग नमिलि धामधुम गऱ्या पछि हाम्रो नालदुम घेर्दा सभँ उठिकन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तलतलसंम पिट्या, तस्कारण ति हाम्रा साइधुवा हुन्। हाम्रै प्रजा हुन्। तन्कन हामि तस्नस् गर्छौं। तस्नस् गर्दा कुतिका ढेवाहरू महाजनहरू चम्कनान्। यो चमक मेट्या। तेस्ता साइधुवालाइ राष्या फेरि धामधुम होला। उप्रांत तांहांको कुरोकहनि चांडो बुझि उत्तरा चांडो पठाउ। उप्रांत तांहा हाम्रा रुपयाले सुना मिलन्या भया यांहा रुपया भयाका छन्। यो उत्तरा चांडो गरि पठाउ र रुपया पठाइ दिउला। जति भन्यौ तति रुपया भयाका छन्। विशेषु किमधिकं। मुहजवानी पत्रवालाको सहि। मिति भाद्र वदि १२ रोज ४ शुभम्।

(द्वारिकाराज उप्रेतीबाट प्राप्त)

विशेष शब्दहरू

छ्यौ : सँग

जगाति : भन्सार अड्डाका कर्मचारी; राहकर संग्रह गर्ने कर्मचारी।

धामधुम : विद्रोह।

साइधुवा : बगावती (राजद्रोही)। साइ < फार्सेली शाही + धुवा।

(दस्यु ?)। तुलनीय अचेल प्रचलित साईंदुवा।

चमक : दच्काइ।

मेट्या : मेट्नु।

कुरोकहनि : कुराकानी।

उत्तरा : उत्तर।

(ढ) करिया-अमलेख

(सम्वत् १८२५)

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—आगे रामकृष्ण उपाध्या पौड्यालका छिम्याक् वस्न्या धनदत्त्या नेवारकन द्विजो हामिले पक्रिकन विश्वामित्र मिश्रलाई वक्स्याको हो। जाज विश्वामित्र मिश्रले पार गरि दियो। हाम्रा देशमाहाँ आ। जाहाँ तेरो सुभिता पर्छ ताहाँ वस्। कल्कला मासीयाको हो भनिकन पनि विश्वामित्र मिश्रको कमारो हो भनिकन पनि कसैको दावा धक्का नास्ति। सम्वत् १८२५ भाद्र शुदी १ रोज २ मुकाम लुटिकोट सुभम्।

("ऐतिहासिक पत्रसंग्रहबाट")

विशेष शब्दहरू

कल्कला : द्विजो-अस्ति। शी-१७ को 'कत्रकता' यही त होइन ?

रुक्का : रुक्का।

छिम्याक : छिमेक।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ण) बस्नेतहरूबारे पत्रहरू

(१) संवत् १८२७ तिर

स्वस्तिश्री सर्वोपमाजोग्येत्यादि श्री अभिमानसिंहके आसीकपुर्वक पत्रमिदं ।

आहा कुसल ताहा कुसल चाहिए जेहिते परम आनंद होई । आगे आहाको समाचार भलो छ । उप्रान्त जेठा चौतरीया मदेशमा राजा हुन लाग्या भनि जेठि चौतानिथं तैले कलपिन भनिस भनि तसित जेठा चौतरीया झगडा गर्न पोजदछन् गरे । त्यो कुरा यस्तो हो । जेठा चौतरीयाको विजिनिस् पत्र वीचमा पक्किन कहरले मेरा हजुरमा चढाई पठाउदा उसं चिठीका वुजले 'जेठा चौतरीया त राजा हुन लाग्या छन् । जा, समाचार सुनाई आ, क्या भन्छन्'' भनी तँलाई जेठी चौतानीछेउ नुवाकोट् छदा कलीया पठायाको मैले हो । प्वामिदले अरायाको सेवकले हुकुम मान्नैपर्छ । तैले आफ्ना उचितले भन्न गयाको पनि होइन । जोर गाँथ गऱ्याको पनि होइन । तेस वापतमा चौतरियाको वादी उनैको विजिनिस्पत्र छंदैछ । उहि सहिले कलिया पठायाको हो । तेस कुरामा तलाई दोष छैन । उनै दुहुदा हुन् । तसित तकरार गर्न आया यहि मोहर देखाई दिएस् । आफै कायल हुनन् । उप्रान्त पुरश्चरणको सराजाम नपुग्या हो मागि पठा । विज्ञेषु । किमधिकं । कार्तिक सुदि रोज ३ मुकाम भादगाउँ ।

(त) सम्वत् १८२७ तिर

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलिविराजमानमानोन्नत श्रीमन्महाराजाधिराजकुमार श्रीमन्महोद्दाम कीर्तिसाहदेवेषु सदासमरविजयिषु आशिष पूर्वक पत्रमिदं ।

ईहा कुसल ताहा कुसल चाहिये । आगे आहाको समाचार भलो छ । उप्रान्त कहर वस्न्यातमाथी दगा गर्न्या डबल गर्छस् गरे । दया गऱ्या आषा कढाई मागलास् ! यस कुरामा कहर साचो छ । तैले लेष्याको कागत र मानीस माव पक्रेर हामी छेउ पुऱ्यायो । आफ्ना हात मुखले भनि गरी केहि विरायाको छैन । आफ्ना कर्तव्यले तहि झट्टो छस् । झटो भयाप्रांत चुप लागीरहनु ।

(थ) सम्वत् १८३१

स्वस्तिश्री राजभारासामर्थ श्रीअभिमानसिंह, पारथभंडारी, कीर्तिसि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षवास, वलि वानिआके आशीकपूवक पत्रमिदं ।

आहाँ कुसल ताहाँ कुसल चाहिये । आगे आहाको समाचार भलो छ। उप्रान्त पत्र आयो, अर्थ मालुम भयो । चौदंडमहा गढि तुल्याउनाको विस्तार औ कुन्हिल्यावाट फौज हिड्याको तिनै मुषले गर्न्या काजको चाँजो, लिम्बु श्रृंग्याका सुवा सुवाले मान्न आयाको सर्व विस्तार विति गरि पठाया छौं। विधिविस्तार सुन्यौं । इस्लिम्बा चांथापुसम्म जति हाम्रो फौज पुग्या त अव त्यो जग्गा छोड्नु छैन, वलिया गरि गढि तांहि वनाउना छन्, वनाव । बाँकि इस्लिम्वा, चांथापुसम्म हाम्रो अम्वल भयापछि कनकापूर्व तिष्ठापश्चिम पनि अम्वल गरि हाल्न्या हो । घटिया देस् आफुले षाईकन आमद हुन्या वढिया देश छोडनाको प्रयोजन केहि होइन । अम्वल गर्न्यै हो । तर इस्लिम्वा चांथापु सांध गरिकन पनि सुषिमले हामीसँग घायै गर्न पस्यो कटक गर्नामहा पसेन त कनका हेरि वुझि तर्नु । इस्लिम्बा चांथापु लिदा सुषिम चंकि गयो धा तोडि हाल्यो त आषिर तेत्तिमहा पनि चटकि गयो त मधेस छोडन्या होइन, हिन्दु-पतिको सांध तिष्टासम्म चाँडै गरि हालन्या हो । यो काज बुझनु ताँहि पन्याको छ ।

उप्रान्त बुफ्रिकर्णको हाति राम्रो छ गरे । त्यो हाति माहुतलाई लायर वहाँको माहुत कमाईकन सय ४।५ रुपैया कवोलिकन सो हाति चोरि ल्याउन पठाउन्या हो । माहुतले चोरि ल्याउ भन्या त केहि वेर छैन । ति माहुतका कुल कविला त हाम्रै देशमहा हुनन् । केहि कवोलि षातिर्जामा दिकन पनि त्यो काम गर ।

उप्रान्त तेस देशमहा बुद्धिकर्ण राईलाई पाया पछि कल मरि जान्या थियो, पायियेन । केही जुक्तिले कोहि सिपाही कमायेर हजार वाह्र सय कवोलि सर्सिरोपाउ कवोलि हुन्या भया तेस्लाई मराउन्या हो । तेसो भया-पछि कल सर्व मरिजान्छ । त्यो काम षामषा गराउ ।

उप्रान्त अम्वरपुरका तरियानिका रुपैया विर्जपुरका तरियानिका रुपै-याले ताहाँ सिपाहिहरूको षर्च र ताहाँ लगात षर्च उठाउना गर । बाँकि हजार २००१ रुपैया चह्राइ पठाया छौ, आईपुग्या । कवच गरि पठायाको छ पुगला । बाँकि इस्लिम्वा चाँथापुदेखि पुँढो अम्वल गर्न जानु छैन। सुषिम आई लाग्या एका ठाउ वनाइकन कत्तल गर्न्या चाँजो गर सुषिमका पुराना देशमहा गया माथि लासासँग विग्रन जाला तस्अर्थ उपल्ला मुषतिर लासा-का देशमहा चार अंगुल पनि सांध चापनु छैन । प्रजालाई दुष दिनु पनि छैन । विज्ञेषु । आश्विन वदि ३० रोज ४ मुकाम काठमाडौं शुभम् । वाल-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्ण जैसी विरभद्र पाध्याके प्रणाम ।

विशेष शब्दहरू

(१)

चौतरीया : राजाका भाइ ।
चौतानिथें : 'चौतारिया'की पत्नीसँग
षोजदछन् गरे : खोज्दछन्रे ।
विजिनिस् पत्र : व्यापारसम्बन्धी पत्र । तुलनीय अंग्रेजी *Business* (बिजिनेस) : व्यापार ।
जोरगाँथ : हातपात ।
दुहुदा : दुहुंदा (१)

(२)

डवल : चालामाला, ढाँचा !
भयाप्रांत : भएपछि ।
तहि : तैं ।

(३)

चौदड : चौडन्डी, उदयपुर जिल्ला ।
जति हाम्रो फौज पुग्यो त : यदि हाम्रो फौज पुग्यो भने ।
वनावना छन् : बनाउनु छ । 'वनावनु' को बहुवचन । यसैले यसको लागि 'छन्' क्रिया आएको हो ।
अम्वल : विजय ।
सुषिम : सिक्किम ।
घायें गर्न पस्योःसन्धि नै गर्न लाग्यो।
कट्क गर्नमिहा पसेन : लडाइँ गर्न लागेन ।
चटकि गयो : चर्केर गयो ।
माहुत् : माहुते ।
कुलकविला : जाहान छोराछोरी ।
सर्सिरोपाउ : पुरस्कार इत्यादि ।
षामषा : अवश्य । यो फार्सेली खुवाहमखुवाहको अपभ्रंश हो ।

(द) कालु खँड्काका नाउ लालमोहोर (सम्वत् १८२९)

श्री दुर्गासहाय । स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलिविराजमानमानोन्नत श्री मन्महाराधिराज श्री श्री श्री महाराजे पृथ्वीनारायण साह बहादुरशम्शेरजंगदेवानां सदासमरविजयिनाम् ।

आगे कालु षडकाका सापट् सर्कार लाग्याको सुना तावो सिसा गैह्र नगद जिनिस सर्वे लेखा गरि वुझिकन जम्मा रुपिया चार हजार येक सय त्रिपन्न रुपैया तेह्र आना ४१५३।।।– सर्कार लाग्याको हो । अद्याड पाति-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाहो विति गर्नु र वक्सौला । सम्वत् १८२९ साल आश्वुन सुदि ५ रोज शुभम् ।

("पुरातत्व-पत्रसग्रह"बाट)

विशेष शब्दहरू

आश्वुन : आश्विन । अघाड पाति : ?

(ध) रामकृष्ण कुँवरका नाउँ तीन पत्रहरू

(१) संवत् १८२९

स्वस्तिश्री सर्वोपमायोग्यराजभारासामर्थ श्री सर्दार रामकृष्ण कुवरकै आशीषपूर्वक पत्रमिदम् । इत नीक तहा कुशल चाहिये । आगे यहांको समाचार भलो छ । "उप्रान्त कालु पांडे कीर्तिपुरमा पर्दा ३ सहर नेपाल अब मैले मार्न सकोन भनी मेरो मन हान्याको थियो तिम्रो वुद्धि र तरवारका जोरले मान्याको हो यसको मिहिनेतदेषी तिम्लिाई केही दिउँ-भन्या यो आधा राज्य दिया पनि पुग्न्या छैन । सिवुको हेरोफेरो र धुली-खेल तिम्रा संतान दरसंतानतकले षानु भनी वक्स्यौ । तिमामका तिम्रा भाइ पर्दा वहुतै फिक्री लाग्यो, अब किरांत हान्नालाई भर तिम्रो छ ।" मिति आश्विन वदी ५ रोज ४ मुकाम कान्तिपुर शुभम् ।

(न) सम्वत् १८२९

"उप्रान्त मझुवा, कुलुम, महादिग्ला पौवामा आयाका वैरीलाइ काटर्यौ, यति खस्या, यति घाइत्या भया भन्न्या लेषी पठायाको वढीया घडा २१ वारुद र ५ हजार गोली अस्ती पठाई दिञ्याथ्यौं यसपाला पनि घडा २० वारुद र ६८२५ गोली, तोला ४५ इस्पात्, गोटा ७५० पत्थर, सये ९ कागत पठायाको छ । वांडी दिनु ।" मिति माघ वदि ५ रोज १ मुकाम कान्तिपुर शुभम् । (यो पत्र अमरसिंह थापा समेतका नाउँमा लेखेको थियो,

(प) सम्वत् १८२९

"उप्रान्त किरांत हान्यु ४।५ सय कत्तल भयो भन्या पत्रार्थवाट जाहेर भयो, वहुतै वढीया गन्यौ । तिमीदेखी बहुतै षुसी भया । नेपाल मार्दाको किरांत मार्दाको मिहिनेत अरू सर्दारभन्दा तिमी मुख्य भयौ । तिम्रो मिहि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेत देखी षुसी भै २२ जोर सिरोपाउ वक्सी पठायाको छ पैह्ले । अरू सुबा सदारलाई पनी पठायाको छ । नाउँको कागत हेरी वांडीदेउ । वन्दूक नाल २५ पठायाको छ पुग्ला" मिति फाल्गुन वदि ९ रोज मुकाम कान्तिपुर शुभम् ।

('पुरुषार्थ' मासिकबाट)

विशेष शब्दहरू

हेरोफेरो : सेरोफेरो ।
पर्दा : (रणभूमिमा) पर्दा
दिन्नाथ्यौं : दिएथ्यौं ।
सिरोपाउ : पुरस्कार । यसको शाब्दिक अर्थ हुन्छ उर्दी-पोशाक अर्थात् 'शिरको टोपीदेखि लिएर खुट्टाको जुत्तासम्म' नेवारीमा छोटिदा छोटिदा यो 'सिरपा'(सिर्पा) भएको छ, तुलनीय "श्रेष्ठ-सिरपा" ।

(फ) भगन्तनाथलाई पत्र

(सम्वत् १८३१)

स्वस्तिश्री परमहंस परिव्राजक सकलचक्रचक्राधीश्वर श्रीमन्महाराजाधिराज श्री श्री श्री श्री श्रीमदभगन्तनाथदेवदेवेषु सदासमरविजयिषु स्वस्ति श्री गिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलि विराजमान-मानोन्नतश्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे पृथ्वीनारायणसाहवहादुर संसेरजङ्गदेवानां सदासमरविजयिनां साष्टाङ्गदण्डवत्प्रणामपूर्वक पत्र-मिदम् ।

यहाँ कुशल, तहाँ चरणारविन्द क्षेमकुशल नै हामरो उद्धार होला । आगे यहाँको समाचार भलो छ । उप्रान्त कृपापत्रसमेत शशिधर उपाध्याय आईपुग्या । पत्रार्थ मुहजमानी विधिविस्तार विनती गऱ्या । सुन्यौं । "नाति पैदा भयो भन्दा सुन्यौं र वहुतै हर्ष भयो १ श्री गोरक्षनाथका कृपासै सदा वडती होला" भनि हुकुम आएछ । गर्न्या गराउन्या भन्याका १ श्रीनाथजी छन् । उनैका कृपाले जन्म भएथ्यो उनैका इच्छाले लिनुभयो । यो संसार भन्याको यस्तै छ । इच्छा १ श्रीनाथको छ । परन्तु आफना पावले आशी-र्वाद वक्स्या अरु जन्मदा पनि जन्मनन् जन्म्याका पनि चिरञ्जीवी हुनन् । आशीर्वाद वक्स्या जावस् ।

उप्रान्त जुमला जाजरकोटसँग या गर्न्या मिठास वहुत राखन्या भनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुकुम आयेछ । वढिया एक जोल्या मानिस हाम्रा यतावाट जुमला गयाका थिया । उहाँवाट पनि महतारा १ वुढाथोकि १ द्विजना जुमलिया यहाँ आई-रह्या छन् । गोर्खा जुमलाको एकतत्व गरौं भला मानिस लिन आऱ्यू भन्न आया र यहाँवाट पनि महेश्वर पन्थको छोरो वीरभद्र पन्थसमेत जना आठदश मानिस जुमला जान्छन्, तैयार भैरह्या छन् । तेही वाटो पठाउँ भन्दा चौविसिले मुख्य मानिस पनि जान देवैनन् । मानिस जान दिया पनि सौगात त्यो वाटो दैवैनन् जान भन्ना निमित्त हाम्रै उही भोटको वाटो गरि जान्छन् । आफ्ना मानिस पनि तहाँवाट जुमला पठाउन्या जुमला जाजर्कोटसँग राम्रो वनाइवक्सन्या । वाकी शल्याना जाजरकोटलाई पनि यहाँवाट मानिस आउँछन् । प्यूठाना पनि भला मानिस आउँछन् ।

उप्रान्त किरातका काजलाई तरवार हुकुम बक्सी पठाया गयेथ्यो । किरातको अम्वल मदेस पहाड भोट जति थियो आपना आशीर्वादले सर्व फत्य भयो । मध्येशमाहाँ कनकाई नदी पहाडमाहाँ साभा खोलो तमोर नदीको साध लाग्यो । मानिस काट्न पाइयेनन् । भाग्यो । कति मोगलाना-तिर गयो, कति सुखिमतिर गयो । अरू झार जङ्गश महाँ जना ८५ वेसि काटिया । वाँकी सुखिमसङ्ग हाम्रो घा हुन लागिरहेछ । घा वन्यादोख किरातवाट भागी जान्याकन पकरेर हामीलाई सौंपी दिन्या छ । घा नवन्या अब हामीले सुखिमसँग लड्नु पर्न्या छ । सुखिम आइजाला । आफ्ना आशीर्वादले कत्ताल गरौंला ।

उप्रान्त, अव मैले दाङ्ग जान्या हो कि शल्याना वसन्या हो भनी हुकुम आएछ । हाम्रो वुझयाको त शल्यानामहाँ थोरो यादर हुन्या भया दाङ्गमहाँ धेरै यादर हुन्या भया पनि शल्यानैमहाँ वसन्या हो । शल्यानाले कत्ति यादर नगन्या त क्या गर्नु होला । आदर नगर्न्या भया छाड्नै पर्ला वाँकी मण्डलसित हिजैदेखि हामीले आफ्ना पाँवमहा चढायाकै छ ।

उप्रान्त हाम्रा विश्वामित्र उपाध्याय गङ्गानन्द आचार्य सुखिम गया-का छन् । बृहस्पति पण्डित पुरैनिया गयाका छन् । किरीटमाली पटना गयाका छन् वैकुण्ठ उपाध्याय नवाव सुजाउद्दौलाछेउ गयाका छन् । यति ठाउँ मानिस वस्यैका छन् । दिनानाथ उपाध्याय कलकत्ताकन गैरह्या छन् । अलिक दिनमहाँ पुगनन् । वाँको लासा पनि भीमगिरीको शिक्ष्ये राजगिरी जान्छन् । इनको कोठी काशीमहाँ पनि छ । जाहाँ पनि घर खेत कोठी छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उप्रान्त लमजुङ्गसित पनि हाम्रो ललोपोतो छदैछ । विश्वेश्वर उपाध्याय र सिवा घिकिन्या वस्याका छन् । कास्कीसंग पनि ललोपोतो छदैछ । हाम्रो वीरभद्र थापा कास्की वस्याको छ । कास्कीका जना द्वि वामन् यहाँ वस्याका छन् । अरू चोविसीसंग त हाम्रो जस्तो छ आपना पाँवै महाँ मालुमै छ । भरिसक्य हामिलाई हान्नै खोज्छन् । उनको पुरदैन र खूम्ची रह्या छन् । विस्तार शशिधर उपाध्या विनति गर्नन् । बिज्ञेषु किमधिकमिति भाद्रपद शुदि ४ रोज ६ मुकाम काठमाण्डु (संवत् १८३१) ।

('नेपाली गद्यसङ्ग्रह'बाट)

विशेष शब्दहरू

हाम्रो : हाम्रो ।
आगे : उप्रान्त ।
मुहजमानी : मौखिक ।
कृपासे : कृपाले; ब्रजभाषाको प्रभाव ।
वडती : बढती, उन्नति ।
श्री नाथजी : श्री गोरखनाथजी ।
पावले : पाउले ।
अम्वल : इलाका, राज्य ।
फत्य : विजय ।
कनकाई नदी : झापाको एक नदी ।
सभा खोलो, तमोर नदी : अरुण कोसीमा मिसिने शाखा नदीहरू ।
सुखिम : सिक्किम ।
झारजङ्गस : झचाङाझडी ।
वाँकी, वाकी : किन्तु; बाँकी ।
वक्स्या जावस् : बक्सियोस् ।
घा : सन्धि ।
एक जोल्या : एक जोडी ।
महतारा : महत्र, महत्यारा ।
जुमलिया : जुम्ली ।
आर्य्यू : आर्यो ।
देवैनन् : नदेलान् ।
पठाया गयेथ्यो : पठाइएको थियो ।
आइजाला : आइहाल्ला ।
कत्तल : कर्तन ।
थोरो । थोरै ।
यादर : आदर ।
पुर्नेनिया : भारतको विहारमा पर्ने पुर्निया जिल्ला ।
सुजाउद्दौला : सुराजुद्दौला ।
ललोपोतो : मेलमिलाप ।
वामन : बाहुन ।

(ब) दिव्योपदेश

बुढा मरे भाषा सरै भनि भन्छन् । तिमिहरू सबैछेउ सुनाइ गयाको भया तम्रा सन्तानलाई सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुनाउनं र यो राजे थामि थामन् ।

उप्रान्त हाम्रा मुमाहरू तिन हुन। हामि तिन पोपिका पाच पांडुवाको अवतार भयाका थिनुं । मेरो विवाहा मकवानपुरमा भयाको थियो । डोला सुम्प्याको थियन र डोला पनि लेयाउ नेपाल पनि देखि आउ भनि मकुवानपुर गनु र पुग्यापछि दिकबन्दसेनलाई यवटा कुराको करेउलि लियेर भन्यां, "एकदन्ता हाति र नवलाषि हिराको हार दिन्छौ भन्या डोला पनि लैजाँला दिन्न भन्या काढि तरवारसित पनि लैजाँला" भनि हाक पारि नेपाल्या राजाले चिन्नन् र पक्रनन् भनि स्याष् वढि रापतिका तिर तिर भानु जैसि कुलानन्द जैसि अरु थर घर पनि साथैमा थिया चण्डागिरिमा आइपुग्या पछि नेपाल कुन् हो भनि सुध्याना ।

र त्यो भादगाउ हो त्यो पाटन हो त्यो काठमांडौं हो भनि देषाया र मेरो मनमा यि तिनै सहरको राजा हुन पाया ता हुँदो भन्न्या यस्तो मनमा परि रह्याथ्यो ।

उस्तै वेलामा उ दुवै जैसिले भन्या, "हजुरको मनकान्छया अविलाष् पुग्ला महाराजा" भन्या र मलाई आसर्ज लाग्यो र "मेरा पेटका कुरा कसो गरि जानेउ र त्यस्व भनेउ र ?" भनि मैले भन्दा "जसै नेपालमा नजर दिनु भयाथ्यो उसै वेला मोचमा बाहुलि दिंदा मनमा नेपालको राजा हुन पाया ता हुँदो हो भन्या जस्तो परेछ भनि विन्ति हजूरमा गन्याकै हो' भन्या र ।

"यो कुरा पुग्ला ? भनि मैले भन्दा "हजूरले गोब्राह्मण अतित फकीर देउ देवताको मानिता बहुतै राष्नु भयाको छ हाम्रा हातमा पनि सरसोतिको वर्दान छ हजुरलाई नेपालको राज वक्स्या हुनै छ" भन्या ।

र थांकोटको ठुलो भन्ज्यान् काटि रात दिन गरि कल्हारिघाट तरि घादिन् उक्लेउँ र "चेप्याको षावा लिग्लीग्को आड गरि राष्याका मेरा तिन विर छन् तिनलाई वोलाहाटको रुका लेषन जैसि" भन्दा "तिनको नाउ क्या क्या हो" भनि सुध्याया।

र रणजित् वस्न्यात् मानसिं रोकाहा विरभद्र पाठक मैंधिमा रात दिन गरि आईपुक" भनि लेषी पठाना र आइपुग्या र तिन छेउ यकांत गन्यां । भन्यां, "दिकवन्दसेनसित हाक दि आनां । नेपाल पनि देषि आनां । हान्नाको मनसुवा पनि रापो आनां । तिमीहरू क्या भन्छौ ?"

भनि मैले भन्दा "हान्नु हवस् महाराजा" भन्न्या सल्लाह दिया ।

र मैले भन्यां "म आर्काको छत्रभङ्ग गर्न म जांछु मेरो छत्रभंग गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकौं आयो भन्या कसो होला ?

भनि मैले भन्दा "हजूरका हाति हउवा ई । वाईस् चौबिसि आयो भन्या चेप्यामा रगतको नदि वहाउला महाराजा" भन्या ।

र यकान्तबाट उठि गोर्षा गयउँ र पुग्यापछि मामाज्यू पनि निलकण्ठ पसुपतिको दर्सनलाई देउघाटको वाटो गरि जानु भयाको रहेछ । निलकण्ठ पसुपतिको दर्सन भयापछि श्री गोरषनाथको दर्सनलाई गोर्षामा आउनु भयो र दर्सन भयापछि मसित भेट भयो। र मैले भन्याँ, "मामाज्यू मकुवानपुर पनि पुगि आऊँ, नेपाल पनि देषि आऊँ । हाम्राको मनसुवा पनि राषि आऊँ । कति कुराले मेयो काज फत्ये होला, अति वक्सनु भया हुँदो हो ।"

भनि मैले भन्दा "मलाई पनि पञ्चरात्रीमा दृष्टान्त भयो हामिले देषता पाच पाण्डुवाको अवतार भया जस्तो लाग्दछ । कुरुक्षेत्रको मेला नभै नेपाल फुटन्या छैन । लमजुन् भन्याको गरुड हो गोर्षा भन्याको सरप हो नेपाल भन्याको भ्यागुतो हो । अघी गरुडको आँषा छलनु तव सर्पले भ्यागुतो षान पाउँछ ।"

मेरा साथमा चार जातका सिपाहि छन् । इन्मा कस्को सवार गऱ्या चाँडो काज फत्य होला" भनि सोद्धा "क्या क्या जात छन्" भनि सोधनु भयो र ।

र "वाहुन्, षस, मगर, ठकुरि इनमा कस्को सवार गऱ्या चाडो काज फत्य होला" भनि सोद्धा "वाहुन्को सवार भन्याको बयेल हो, पातक् लाग्छ । ठकुरिको सवार भन्याको सिंघ हो पछाडि दगा हुन्छ । मग्रको सवार भन्याको टागन घोडा हो ढिलो हुन्छ । षसको सवार भन्याको ताजि तुर्कि घोडा हो । षसको सवार गऱ्या चाँडो होला भन्या जस्तो लाग्छ" भनि अरु ढेरै कुराको अति दि जानु भयो थ्यो ।

उनै अति लिजा र लमजुंग्या राजा रिपुमर्दनसाहसित भेट गर्न भनि गयां र चेप्या घाटमा भेट भयो । र घाहा घरेस्का वात गर्दा जौना कुराले घाहा वाघुला भन्या जढ कुरो मेरा पेटमाथियो सोहि जढ कुरो कालु पाँडेले गऱ्यो । र घाहा वलियो वस्यो र मलाई आसर्ज लाग्यो र ।

तर मलाई ता रिझ यो दुनिजा जस् देषी राजि रहन्छन् उसैलाई कजाई दिनु भन्या सास्त्रमा पनि कह्याको छ। दुनियामा वुझि हेरुँ भनि वुझि हेर्दा दुनिजाँबाट पनि कालुपाँडेको चाहा रहेछ र "कालुपाँडेलाई कजाई दिनु भया हामी दुनिजाँदारमा छाहारि रहंदो हो" भन्या सल्लाहा दिया ।

र अव वाइसि चौविसिले क्या भन्छन् भनि वुझ्नुहुँदा वाईसि चौविसिवाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि कालुपाँडेकै चाहा रहेछ र "कालु पाँडेलादे कजाजि भया धाहास् धराईस् वलियो राषर्न्यं छ" भन्या सल्लाह दिया ।

मेरा मनमा ता बिराज वषेतिलाई कजाइ दिन आँटचाको थियो तर ज्याधा वुद्धी कालुपाँडेकै ठहऱ्यो र कालुपाँडेलाई कजाजि भयाको हो ।

अव पाँडे वस्न्यातको जुग वाधि दिन्छु तेरि छोरि सिवराम वस्न्यातको छोरो केहेसि वस्न्यातलाई देउ" भनि मागि विहे पनि गरि दिआँ । र पाँडे वस्न्यात्को जुग वाँधि पाँडको ढाल वस्न्यातको तरवार गरि नेपालमा चढाई गऱ्याको हो ।

उप्रान्त रणजित वस्नात्, मानसिंह रोकाहा वीरभद्र पाठक इनलाई गौटान्को विराइ लिग्लीगको आडमा राषि म पनि "सल्यान् कोटकी देवी साछचात् छन् भनि भन्छन् म पनि सायत गरि जान्छु" भनि विदा गरायाँ र सायेत गरि म पनि गऱ्ऱु । र वारिमा थपुं पऱ्यो । र सल्यानोको थर घर वराहा उमराउहरुसित सुधाजा, "माइको दर्सन् गर्नु हुन्छ की ?" भन्दा भित्र दर्सण पुजाहारि टहलुवालाइ मात्रै भित्र दर्सन गर्नु हुन्छ जो हुकुम" भन्या र "ढोकामा ता हुन्छ कि" भन्दा "ढोकामा ता हुन्छ" भन्या र साँझ विह्यान ढोकासम्म जाइ पाठ पुजा जप् दर्सन गर्थ्या ।

र यक दिनका रातमा सोंपना भयो र दुइ हातमा दुइ षड्ग लियाकि सात आट वर्षकी कन्या कुसुम्या पछिउराको घुगूटि पारि मछेउ आइन् र मैले सोध्याआँ "तिमी कसकी छोरी हो ?"

भनि मैले भन्दा "पुजाहारि रानाकि छोरी हुँ" भनिन् र उ दुवै षड्ग मेरा हातमा दिन् र, आरसि प्रमानको लाल टलवल गर्थ्यो, षोकिलाबाट झिकी मेरा मुषसम्ममा ल्याई यो पनि निल भनिन् । र "तम्रो मन कान्छचा पुऱ्याई दियाको छ, म पनि केही माँग्छु थपि जाउ" भनि जसै दुई पाईला गैथिन् उसै वेलामा म पनि विमर्ज्यों र भानु जैसि कुलानन्द जैसि पुजाहारि रानालाइ डाक्याँ र सोध्याआं ।

जैसिले पनि पुजाहारिले पनि "ति माइ हुन् दर्सन पाउनु भयछ" भन्या र उसै वेलामा धुप दिप धजा नैवेदे नित्यपुजालाई सात राँगा सातै वोका थपि वोर्ला घाटको आम्दानी र घाटै छेउको टार माईलाई संकल्प गरि दिआ र उसै घरिकों सायत गरि रात दिन गरि सरासरी आयाँ ।

र सिमल् चौर चोतारामा थपुं हालि वस्याको थीआ दावा भन्न्या नुवाकोट्को वइना भन्या षिच्यात्को कुलो काटि षेत विराउनाको गरि राष्यथ्याँ वेत्राबतिको वेनि इन्द्रायेनिका थानमा डुंगा तरि जप पाठलाई जांथ्याँ। ध्यान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्या सल्ल्यान् कोट्की देवीको र इन्द्रायनि भैरवीको गथ्यौं।

महामण्डल भन्न्याको नुहाकोटको सवता रहेछ! महामण्डलमा ग्यामि राना थीयो। "तं हाम्रा भरको ग्यामि होस्, माहामण्डल छोडिदे, म छेउ आईज" भनी पठाना र " हुना ता हजुरैको हुँ, तर जकप्रगासमल्लको नुन् षाई हाल्यौं मरि मेटन्या छु" भनि हाक पारि पठायो।

र येक दिन कचहरिमा वस्याको थियौं तान्रा लागेछ र तान्रैमा ता इन्द्रायनिका थानमा वस्याको रहेछु, आजका साता दिनमा ठुलो सायेत छ तेसै दिनको सायतले नुहाकोट साध्ये हुन्याछ" भन्याको सुन्यौं र "पात्र हेरन जैसी" भन्यौं।

"र पात्रो हेन्या र "आजका साता दिन विहाउँदो सनिश्चरवार ठूलो सायत रहेछ" भनि विन्ति गन्या। र उहि सायतमा महामण्डलमा उक्लेउँ ? र तरवार पन्यो। र हाम्रा नुनका सेषले झुकाई दिन्या पन्थ वान्है वर्षमा मेरा भाई दलमर्दन् साहले जेठी तरवार रानाको थापलामा हान्यो र नुहाकोट साधे गरि बढाई गरेउं।

र ककनि सिवपुरिमा ठाना हालि मुर्चालाई राष्थ्यऊँ मजाइ प्रसुराम थापाले नेपाल हान्न आउ भनि हात दिई राष्याथ्यो। आफ्ना भाईलाई लाष-विषि पुन्याउनु वाईसि चौबिसी उठाई पछाडि हान्नु भनि पठाएछ र मैले थाहा पाना र "काहाँ पुक्याको छ ?" भनि सुग्याना। र पोषराको "हटि-यामा डेरा गरि वस्याको छ" भनि सुन्याँ। र "त्यसलाई वैठाई आउन को सकोला" भनि सल्लाह गर्दा कसैले पनि ठहराउन सकेन र मैले भन्यौं, गुरु सक्ला।"

भनि डाको अन्हाई मेरो कमरको कोताषान् दियां र गयो र पुगि गाईन्याको भेष गरि हातमा बल्छोको ठागो लि काषिमा सारङ्गी च्यापी २।४ धानिको सहर लैंगी अरु उसका लस्करहरु भात पान्या वषत्मा अवसर हेरि वैठाई आयो। र पछाडी सुद्ध गरि नेपाल षोल्याई पुरुव पश्चिम्मा दुनिआं हात गरि नेपाल लियाथ्यौं।

उप्रान्त यो राजे दुई ढुंगाको तरुल जस्तो रहेछ। चीन वादसाहसित ठूलो घाहा राषनु। दषिनको समुद्रका वादसाहसित घाहा ता राष्नु तर त्यो महाचतुर छ। हिन्दुस्थाना दवाई राषे छ। सरजिमीमा परि रहेछ। हिन्दु-स्थाना जाग्यो भन्या कठिन् पर्ला भनि किल्ला पोजन आउन्या छ। सन्धी सर्पन् हेरि गढि तुल्याई राषनु र रस्ता रस्तामा भाजा हालि राष्नु र यक दिन त्यो वल आउन्या छ। जाई कट्क नगर्नु झिकी कटक गर्नु र चुन्या घाटि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षुपै काटिन्या छ । पाच सात पुस्तालाई षजना पनि मिल्न्याछ । श्री गंगाजिको साध पनि लाग्नै छ । लडाईंमा पुगेन भन्या लोलोपोतो अनेक कल छल गरिकन पनि यो नेपालको तषत किल्ला हो यो किल्ला पायो भन्या चारै वादसाहलाई वह्राला लाउनै छ । ईश्वरले रचना गन्याको किल्ला रहेछ । स्वघनु पर्न्या रहेनछ । सिवपुरी १ फुल्चोक् २ चन्द्रागिरि ३ महादेउपोषरि ४ पालु ५ दाप्चा ६ काहुल्या ७ ईनमा पनि किल्ला पकी बनाउनु । किल्लापिछे तोप लत्छट् गरि राषी दिनु र जति भन्ज्याँई छन् भज्यां पीछे यक यक फलाम्याँ ढोका वनाई ढोकापिछे यक यक तोप लमछट् गरि राषी दिनु र पपाँच मिपाहि राषी दिनु र यस्व भयापछि चेवा गर्न्या चर्चा गर्न्या भागन्या नास्न्या ढुकूवा फसादि षुनि यस्ताहरुको पनि केही चल्न्या छैन । चारै वादसाही चढाई गरि आयो भन्या पनि कसैको केही चलन्या रहेनछ ।

उप्रान्त राजा रामसाहले वाध्याको स्थिति पनि हेरि सक्यां ? जयेथिति मल्ले वाध्याको थिति पनि हेरि सक्यां । राजा महिन्द्रमल्लले वाध्याको थिति पनि हेरि सक्यां ! इस्वरले दियो भन्या म पनि यस्ता बन्देजको वान्ह हजार-को थीती वांधि जांला भन्न्या अवीलाषा थीयो । पुरुव पश्चिमको रस्ता वन्ध गरि नेपालको रस्ता चलाई दिउला । आपना अनाजात विसेषको कर्म गर्नु (भन्न्या) भन्देज गरि जाला । यो तिन सहर भन्याको चिस्व ढुंगो रहेछ । षेल षाल मात्रै ठूलो रहेछ । कुपको पानि षान्याछेउ वुधि पनि हुदैन, सुरो पनि हुदैन । षेल षाल मात्रै रहेछ । मेरो मनसुवा ता दहचोकमा दरवार वनाउला र चारै दिसा थर करको गुरु प्रोहित भैयाद भारादार मिर उम-राउको घर वनाई छुट्टा दरवार वनाउला र ई तिन सहरमा ता दरवारवाट स्वष सयललाई मात्रै जाला भन्न्या यस्तो अविलाष थीयो ।

उप्रान्त देसका महाजन्लाई गोड प्रसाह देषी उभो आउन नदिनु । देसका महाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनिलां कंगाल गरि छाड्द-छन् । हामीले च्यागा पाँगालाई तिन सहर नेपाल र नौलाष किरायत र हिन्दुपतिको राज आर्ज्या थ्येउ । देसका कपरा लगाउनालाई मन्हाई गरि दिनु । आपना देसका कपरा वन्न जान्न्यालाई नमना देषाई सधाउनु र वन्न लाउनु र यस्व भया नगद विदेस जादैन । आपनो देसको जिनीस् जरि वुटि देस लैजानु र नगत पैचनु । नगद षैचि राषनु र प्रजा मोटा भया दर्वार बलियो रहन्छ । राजाका भंडार भन्न्याका रैतानहरू हुन् । मुलुकमा ईजारा पनि नदिनु । सर्षारवाट अमानित् राषि सर्षारिया तहसिल् राषी साल वसा-ल्को कचा लिनु । क्या चुनी सिपाई भया क्या भैभारादार भया इनलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दवलथ् कमाउन नदिनु । आदमी हेरि हुमंत् मात्रै राषी दिनु क्यान मनौला दवलथ् भयाकाले तरवारमा पसि मर्न मार्न सकैनन् र हरिपको चमक हुन्छ । सिपाहि भैभारादारले स्वष गऱ्यानन् भन्न्या चारे षुट्मा मेरो तरवार वजनै छ । स्वषमा पसो भन्या मेरा साना दुषले आर्ज्याको मुलुक होईन; सर्वै जातको फुलवारि हो, सर्वैलाई चेतना भया । यो फुल्वारिको छोटा वडा चारै जात छतिसै वर्नले, यो असिल् हिन्दुस्थाना हो, आफ्ना कुलाधर्म नछोड्नु । ष्वामित्को नुनको उधार गर्नु । कालु कवर्दारका सन्तानलाई कवर्दारि नछुटाउनु । दषिनको घाहा सिवराम वस्न्यात्का सन्तानलाई नछुटाउनु । भोटको घाहा कालपांडेका सन्तानलाई नछुटाउनु। पाडे वस्न्यात् पंथ भैयाद मग्रलाई माराताप् दिदा आलो पालो गरि षान दिनु । ई मेरा नुन् गुनका स्वझा सेवक हुन् । ईनीहरुको जीव जान्या विराम गऱ्याको भया पनि आफुले नमार्नु । वरु माराताप दियेर लडाजीमा झोसि दिनु र जीव जोगाई प्रायो भन्न्या वढिया भयो, मरि गयो भन्न्या आफुले मार्नु, अर्कैवाट मारि दियाको वढिया हुन्छ । तव राजाले सेवकलाई घरमा नमार्नु । तव राजाले ठुलो निजा निसाफ हेर्नु । अन्याय मुलुकमा हुन नदिनु । निजा निसाप विगार्न्या भन्याको घुस् दिन्या र घुस पान्या । ईन दुईको ता धन जीव गरि लियाको पनि पाप छैन । ई राजाका महासतुर हुन् ।

उप्रान्त जढ कुरो राजालाई चाहीन्या सिपाहिहरूको घर षेत् मिलाई दिनु र मल जल गर्छन् र दुवौ वोटि भिन्न हाल्न पाउछन् र कविलाको निर्फिक्री हुन्छ। ढोकामा भया पनि गौडामा भया पनि सिपाहिहरूको छाति बलियो रहन्छ । पजनि गर्दामा पनि सये नालका कम्पनी जमाउनु र सये नालका सुवेदार चार पाच लडाजीमा जस पाई आयाका यस्ता आफुले जाचि सुवेदार हाल्नु सुवेदारले पनि सात पगरि दुई चार वाढ षायाका यस्ता पगरि हाल्नु । सात पगरिले स्वह्र हुदा हाल्दा आफुसित मर्न्या मार्न्या जाची १६ हुदा हाल्नु । १६ हुदाले पनि आफुसित मर्न्या मार्न्या जाचीं सिपाही हालि आफ्ना आफ्ना पट्टि भर्ना गर्नु । पट्टी पट्टीमा सिपाहि पनि षस् मगर गुरु ठकुरि:ईनै चार जात मात्रै षिचोला गरि हाल्नु । र तर्वार पर्दा साह्रो हुन्छ । लुहा च्यापन्या पनि यिनै चार जात मात्रै हुन् । र तरवार पर्दा साह्रो हुन्छ। र वैरि त क्या इन्द्रको आसन् पनि डगाइछ। हजारौं धना हजारौ पथर्काला हजारौ षुडा हजारौ तोप भया इन्द्रको आसन पनि डगाईछ । लडाजीमा पनि हान्न्या र सष दिन्या इ दुवै वरोवर हुन् । जागिर दिदा पितल् दिदा दुवैलाई वरोवर दिनु । मऱ्यो भन्या उसका छोरा षुडा हान्न्या नहुन्ज्याल् मरवट् दिनु। षुडा हान्न्या भयापछि जागिरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उकालि दिनु र राजाले विवेक राषी दिया देस देसका सिपाहि पनि आसा राषी आउन्छन् । र यस्व भया तरवारीया सिपाहि हात लाग्छन् । राजाका सार भन्याको सिपाहि र रैतिहरु हुन् । राजा चतुर भया सिपाहि र रैति हात हात गरि राष्नु र हुलकुल् हुन पाँउदैन। सिपाहि भन्याको तिषारी राषनु। तिषारि राष्याका सिपाहि कसैका मलाजामा पस्तैनन् र आफ्नो काज फत्य हुन्छ । गुरु मगर षान जादा भैयाद भारादार मिर उमराउ थर घर पुराना पुरानो जाची घुँडा गौंडामा राषनु । पुर्व पछिम्का षसवाहुनलाइ दरवारमा पैठ् हुनु नदिनु । क्यान भनौला वाहिडा मान्छयाले दरवारमा विथिद गराउँ-छन् । राजाको हुकूम् जफत गरि राषनु । मैले ति थुम्कां वह्राहा उमराउ-लाई ईन्द्रवज्र तुलाइ राष्या थ्या । नगरा निसान पनि दिई राख्या थ्या। वाह्र विसको गाडो वाबी (नी) दियाको थियो । र सल्ल्यानि लिग्लीग् धार्दिका मुहुडामा जाहा जाहा काज गर्थ्यो फत्य गर्थ्या । र यो अस्वर्ज गन्याको हो । आफ्ना घरका पुराना सेवक जाची हजूरमा हरोदम राषी दरोवस्त वाधि घर बलियो राखनु । यस्व भया दरवार बलियो रहन्छ । राजाको चतुराई भाया सिपाहि रैति हात गरि राषनु । कसैका मलाजापछि गुणपछी लाग्नु नदिनु । नुन्पछि लाउनु ।

उप्रान्त टक्सार पनि चोषो लगाउनु । अदालथमा पनि ठकुरि जाचि डिठ्ठा राष्नु । मगर जाचि विचारि थाप्नु । कचहरिपिछे यक् यक् पण्डीत राषि निजा सास्त्र वमोजिम् अदालत चलाउनु। अदालतका पैसा दरवारभित्र नहाल्नु । फकीर फकिडा अतित जोगि सन्यासि ब्राह्मणहरू इनैलाई दछिना भोर्जन चलाई दिनु । उप्रेका पैसा दक्षिना चलाई धोति रुमाल चलाइ दिनु । यस्व भया असत्यको दोस् लाग्दैन । षानी भयाका ठाउमा गाउ भयां पनि गाउ अरु जग्गामा सारिकन पनि षानि चलाउनु । गह्रो वन्न्या जग्गामा घर भया पनि घर अरु जग्गामा सारि कुलो काटि षेत बनाई अवाद गर्नु ।

उप्रान्त केही वेलामा हात दिनामा पस्या र मलाई झिकाया र पछाडी दगा दिया र महादुष गरि पछाडि सुद्ध गरि नेपाललाई मुर्चा लाग्या थ्या । जयप्रकासमल्लका मतलप्लाई दषिनबाट नागा झिकाया र नेपालभित्र पस्ननदि सात गाउ भित्रैमा भिजाजां । कास्मेरि षान नवाफ मकवानपुरमा चढ्यो र छअविस् षोडाले काटि घर्काई सिवाना कटाई आजां । तिन चार पल्टन लियेर सिदुलि गढिमा हाँडोसाहेब चढ्यो र वाहीं पनि काटि पथर्काला च्यापिल्याजां। र लषनौबाट तिन् मुसल्मां मेरो चाकरीलाई नुवाकोटमा पिछा परि आयाका थिया। इनै वन्दुकको तुल कलायेत तिनै मुसरमानले जान्याको रहेछ र सेषजर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर ममतकि भेषासिं तिनै जनालाई अजिटनी दिया र तिलङ्गा सधायाको हो। नेपालको किताप हेर्दा तुरकाना मंग्रात् मुग्लाना हुन्या रहेछ र तुरकाना अघि भइ गयेछ, मगरात्को राजा मैं हु । मुग्लानाको दोष मेटनालाई आधा थुम मेटी कंपनी जमायाको हो । आधा षुडा आधा पथरकाला वनायाको हो । सहे नालका कंपनीले छरितो हुन्छ । र यस्व भया सये नालका कंपनी-ले हजार जवान्लाई पाउछ । किल्ला किल्लापिछे यक् यक् कंपनी राषी गर्षा वाडी दिनु र जगेरा बाधी भरि राषनु ।

उप्रान्त मलाई यवटा कुराको संष्यह लागि रहेछ । कुन् कुरो भन्या मुग्लाना नजिकै रहेछ । त्यम् जग्गामा छोकडा पत्तीया रह्याछन् । चित्रकार भन्याका कोटामा ढोलक् सितार राग तानमा भुलनन् । राग तानमा बडो ठुलो मोहो हुन्छ र दवलथ पनि षोलिन्छ । देसको भेद पनि तिनैले लैजान्छन् र हरिपले दगा गर्छ । रागको अभ्यास् पनि कसैले नगर्नु । तिन जातलाई पहाड आम् फदरफ पनि कसैले नषोल्नु । अथवा फागुलाई यक् दुई गरी झिकि चाडै विदा गराई दिनु र देषको भेद पनि पाउदैनन् । आफ्ना स्वष सयेललाई ता सास्त्रवमोजिम्को तिनै सहर नेपालको नेवार-हरुको नाच झिकाई हेन्या पनि हुन्छ यिनमा ता दिया पनि आफ्नै देसमा रहन्छ । यस्व भना आफ्नु देस मगन रहन्छ ।

(दोस्रो संस्करणवाट)

विशेष शब्दहरू

वुढा मरै भाषा सरै : बूढो मर्छ भाका (पर) सर्छ । यो उखान अचेलचाहिं प्रचलित छैन । संभवतः यो खस अप्र-भ्रंशको उद्देश्य हो । मरै ‘ट प्राकृत मरइ < संस्कृत *मरति (:म्रियते) सरै < प्राकृत सरइ < संस्कृत सरति ।

तम्रा : तिम्रा ।

सुनाउनं : सुनाउलान्।

राजे : राज्य ।

षानन् : खालान्

मुमा : आमा ।

दिकवन्दसेन : दिग्बन्धनसेन मकवानपुरे राजा ।

यवटा : एउटा । यो आएको हो * ‘एकटा’ देखि, *एवटा > * एअट > एउटा (एउटा) ।

करेउलि : आग्रह । कर+यौलि ।

नवलाषि : नौलक्खा । हार विशेषको नाउँ ।

हाक पारि : हकारी ।

स्याषु : स्याखु, ओढो विशेष ।

रापति : हेटौंडाको खोलो ।

भानु जैसि : एकजना अर्ज्याल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षोपि : खोपी ।
पाचपाँडुवा : पञ्चपाण्डव ।
थिनु : थियौं ।
विवाहा : विवाह ।
लैयाउं : लिईजाऊँ ।
गनु : (गयौं एकवचनको अर्थमा) ।
अभिलाष् : अभिलाषा ।
आसर्ज : आश्चर्य ।
जानेउ : जान्यौ ।
त्यस्व : त्यसो ।
भनेउ : भन्यौ ।
जसै : जब ।
मोच : जुङ्ग ।
सरसोति : सरस्वती ।
मानिता : मानितो, मान्यता ।
बोलाहाट : बोंलाहट ।
रुका : रुक्का ।
मैंधि : मैंध्यालहरूको पूर्वथलो ।
पुक : पुग ।
यकान्त : एकान्त ।
हउबा : हातीः हाउ । अचेल तर्सा-उनेलाई हौवा भनिन्छ । ज्ञातव्य के छ भने बैरीलाई तर्साउन उहिले हात्तीले निकै बल दिन्थ्यो ।
मामाज्यू : पृथ्वीनारायणका मामा पाल्पाली युवराज उद्योतसेन ।
फत्ये : तामेल ।
सरप : सर्प ।
वयेल : गोरु ।
सिंघ : सिंह ।
मग्र : मगर ।
ज्योतिषी ।
कुलानन्द जैसि : एकजना ढकाल ज्योतिषी ।
चण्डागिरि : चन्द्रागिरि ।
सुधाञा : सोधें ।
मनकान्छचा : मनोकांक्षा ।
षस : थापा, कार्की, वस्नेत कंवर इत्यादि तृतीय पक्तिका पर्व-तेहरू । यी पहिले वर्णाश्रम-धर्म मान्दैनथे । अझै पनि कर्णाली प्रदेशका केही जिल्ला-हरूमा यिनीहरूले वर्णाश्रम-धर्म ग्रहण गरेका छैनन् । तर अन्य अधिकांश जिल्लाहरूमा यी जनैधारी भइसके । अचेल यिनकै नामबाट समस्त पर्वते हरूलाई खस भन्ने चलन छ ।
ढेरै : धेरै ।
घाहा : संघ ।
घरेस् : घरायसी माम्लो ।
जौना : जुन ।
जढ कुरो : जड कुरो, मुख्य कुरो ।
कजाई : काजीको पद, कजाइँ । छाँटले 'ई' मा अनुस्वार लेख्न बिर्सिए झैं छ ।
सास्त्र : शास्त्र ।
छाहारि : छाया, ओत, सुरक्षा ।
कजानि : कजाइँ ।
घराईस् : तुलनीय घरेस्'(माथि) ।
जुग : जोडी ।
नेपाल : काठमाडौं उपत्यका ।
साछ्यात् : साक्षात् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सायेत : साइत ।
दर्सण : दर्शन ।
सोपना : सपना ।
पछिउरा : पछघौरा ।
घुगूटि : घुम्टी ।
सोध्याऱ्ा : सोधें ।
दिन् : दिइन् ।
प्रमाण : प्रमाण ।
तम्रो : तिम्रो ।
विम्ज्यौं : विउँझ्यो । एक वचनको लागि बहुवचनको प्रयोग) ।
पुजाहारि : पूजारी ।
थपुँ : पाल ।
नुहाकोट् : नुवाकोट ।
सवता : सवूत (१)
जयप्रकास : जयप्रकाश। काठमाडौंका समकालीन राजा ।
तान्ना : तन्द्रा ।
सायेत : साइत ।
पाप्र : पाप्रों ।
विहाउदो (शनिश्चरवार) : लाग्दो (स-सरवार) । विहाउदो > वि (उपसर्ग) + मा (धातु) ।
तरवार पऱ्यो : लडाइँ भयो ।
मुर्चा : मोर्चा ।...
यक यक : एक एक ।
पपाँच : पाँच पाँच । नेपालीमा संख्यावाची शब्द (प्रायः दुई, तीन, चार, पाँच, सात, दस-हरू (दोहोरिदा यी शब्दका दोस्रो व्यंजनको लोप हुन्छ

प्रसुराम(थापा) : परशुराम(थापा)
लापविषि : लाखविसी, सैनिक सहायता ।
पुक्याको (पुग्याको) : पुगेको ।
हुटिया : हाट ।
वैठाई : समाप्त गरी ।
कोताषान् : खुकुरी सहितको पेटी ।
(धार्निको) सहर : (धार्नीभरिको) सहरमाछो ।
लैगी : लगी ।
लस्कर : पल्टन ।
समुन्द्र : समुद्र ।
हिन्दुस्थाना : हिन्दुस्थान ।
सरजिमी : सम्मो स्थल ।
जाम्यो भन्या : जम्यो भने, एक भयो भने ।
भाजा : भाँजा । बाटो छेक्ने घराप-हरू ।
कट्क : लडाइँ ।
जाई कट्क : प्रतिरक्षात्मक युद्ध ।

लोलोपोतो : मेलमिलाप ।
वह्राला : ओह्राला ।
भञ्ज्याँई : भञ्ज्याङ । संभवत यो लेख्ताको विराम हो ।
भन्ज्यां : भञ्ज्याङ । यहाँ चन्द्र-बिन्दुले ङ को काम गरेको छ।
स्वष सयल : सौख सयल । समानार्थी सदस्यहरूबाट बनेको द्वन्द्व समास, जसमा पहिलो (सौख)संस्कृत र दोस्रो(सयल) अरबेलीबाट आएका हुन् ।
गोड प्रसाह : गौर–पर्सा (दुई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(व्यंजन नभएको ठाउँमा स्वरको लोप हुन्छ) र अघिल्लो स्वर 'आ' छ भने 'अ' हुन्छ, जस्तै दुई+दुई > दुदु, तीन+तीन > ती तीन, चार+ > चचार, पाँच+पाँच > पपाँच, सात+, ससात > सात, दस+दस < ददस इत्यादि ।

चेवा : चियो ।

ढुकूवा : चियो गर्ने सी. आई. डी. ।

फसादि : विध्वंसक ।

पुरूव : पूर्व ।

विसेष : विशेष ।

भन्देज : नियम: । व्युत्पत्ति कठिन ।

तिन सहर : तीन सहर (काठमाडौं, पाटन, भक्तपुर) ।

चिस्व : चिसो ।

वुधि : बुद्धि ।

षेलषाल : ढाँचाकाँचा ।

सकैनन् : सकोइनन्, नसक्लान् ।

असिल् : वास्तविक ।

कुलाधर्म : कुलधर्म ।

स्वामिन् : स्वामी । अन्त 'स्वामित्' मात्र पाइएको छ । यस प्रकारको यो एकलो उदाहरण हो ।

माराता (त) प् : अधिकार । भारा (?)+ताप (?) ।

निआ निसाफ : न्यायनिसाफ । यो पनि माथिको 'स्वष-सयल' कै कोटिको समास हो ।

निसाप : निसाफ ।

ईन दुईको : यी दुईको । तर अचेल जिल्लाहरू)

देस : हिन्दुस्तान ।

च्यागा : च्याँगा। घरवुना (पुरूषको) वस्त्रविशेष ।

पाँगा : घरवुना (स्त्रीको) वस्त्र विशेष ।

कपरा : कपडा ।

मन्हाई : निषेध ।

नमना : नमूना ।

जिनीस् : वस्तु ।

ईजारा : ठेक्का ।

सर्षार : सर्कार । अचेल पनि कथ्य नेपालीमा 'सर्खार' कम प्रचलित छैन ।

अमानित् : अमानत ।

कचा : लेखोचोखो ।

चुनी सिपाई : ? ।

इमंत् : इज्जत ।

हरिप : शत्रु ।

मलाजा : मोलाहिजा ।

गुरु : गुरुङ ।

घुँडा : साथमा : शाब्दिक अर्थ हो 'घुडामुनि' ।

बाहिडा : बाहिरी ।

मान्छया : मान्छे ।

विथिति : बेथिती ।

जफत : हस्तगत ।

अैस्वर्जे : ऐश्वर्य ।

भोर्जन : भोजन । तुलनीय अचेलको दर्जन < अंग्रेजी दजन (*Dozen*)

उप्रेका : उप्रेका । 'उपरि' बाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनेको धातु ।

(*postposition*)को बीचमा कुनै शब्द पस्यो भने तिर्यक (*oblique*) 'यिन' को साटो सरल (*direct*)'यी' नै प्रयुक्त हुन्छ ।

सतुर : शत्रु ।

पितल् : विर्ता, वितलप ।

मरवट : मृत्युमत्ता ।

आउन्छन् : आउँछन् । अनुस्वारको ठाउँमा 'न'कार लेख्नेको विराम हुन सक्छ ।

तरवारीया : तरवार चलाउने ।

हुल् कुल् : विद्रोह, गोलमाल ।

मुग्लाना : हिन्दुस्तान ।

छोकडा पत्रीया : छौंडा पातर वेश्याहरू ।

चित्रकार : चित्रकारी ।

मोहो : मोह ।

आम् फदरक : साधारण आउ-जाउ ।

गमन : गहकिलो ।

फागु : होली । यहाँ फागुलाई एक दुई गरी बिदा दिने कुरा छ ।

गह्रो : खेत ।

(दिनामा) पस्या : (दिन) लागे ।

नागा : नाङ्गा साधु ।

कास्मेरि : काश्मिरी ।

छअविस : छबीस, एक सय बीस ।

षोडा : खुँडा ।

सिबाना : सिमाना ।

हाँडी साहेव : हार्डी साहेव ।

पथर्काला : पत्थर कोइलाबाट चल्ने बन्दूक ।

तुल कलायेत : तुल कलामत ।

मुसरमान : मुसलमान ।

कितप : वृत्तान्त ।

यसबाट थाहा हुन्छ फागु नेपालको अराष्ट्रिय चाड भएका ले यसलाई अनुसरण गर्ने पक्षमा पृथ्वीनारायण थिएनन् । आफ्नै देशमा रहन्छ । आफ्नै मुलुकमा रहन्छ । यहाँ पृथ्वी-नारायणले 'देश'लाई 'विदेश' को अर्थमा प्रयोग गरेका छैनन्। स्वदेशकै अर्थमा प्रयोग गरेका छन् ।

खुरे टिपोट :-

यहाँ अघोष ध्वनिको ठाउँमा सघोष र सघोषको ठाउँमा अघोषको प्रयोग केही उदाहरणहरूमा भएको छ । सघोषको ठाउँमा अघोष पाइन्छ (षर्च-पर्च, ठाँट-पाँट, पुक्नु, पुकोइन इत्यादि) मा । अघोषको ठाउँमा सघोषचाहिं देखिन्छ धाग (=धाक) मा । संभवतः यो भोटबर्मेली भाषा बोल्ने कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिले तयार पारेको प्रतिलिपि हो। स्वयं नपाली भाषाका परपच्छिमाली भाषिकाहरूमा पनि यस्तो देखिन्छ (जस्तै सिकान =सिगान)।

(झ) वंशावलि

कोही समयमा मडुवार देशको उजीर सहरमा नरजीत राजा थिया। तन्का जेष्ठा छोरा वित्तछीन् साहेब थिया, कान्छा छोरा नरिन्द्र साहेब थिया। तेस्ता दुवै साहेब सहित भै आनन्दपूर्वक राज्येमा वस्याका समयेमा नरजित राजाको मनमहा चिन्तना हुर्दो भयो कस्तो भन्या, "मेरो जिउ छदै इ दुवै छोरालाई राज्य छुट्याई नदिया पछि मेरो शेषपछि जेठो छोरा वीतछिन् कान्छा नरिन्द्र साहेबकन षाँन पनि देवैनन्, दुःषकन देला। तस् निमित्त राज्ये छुट्याई दिनु पर्‍यो।"

भनि मनमहा निश्चय गर्‍या र समुन्द्रगढिको रजाई दिनु पर्‍यो भनि ठहर्‍याया र जैसिकण वोलावण पडाया, र हुकुम् गर्ण लाग्या– "हे जैसी, समुन्द्रगढिको रजाई नरेन्द्रसाहेबकन जियभरि दिघो छ कि छैन, राम्रो गरि हेर। फेरि १४ जातमा सेवक कवण कवन जातमा शुभ छन् त्यो पनि राम्रो गरि हेर।" भनि हुकुम भयो।

र तव जैसिले पनि हेर्‍या र विन्ति गर्दछन्—"हे महाराजा, समुद्र गढिको रजाई नरेन्द्र साहेबलाई जिउभरि दीघो छ। १४ जातमा सेवक कोनै पनि वढिया आयेनं।"

भनि विति गर्दा राजा फेरि भन्दछन् "हे जैसि, वासुदेव भट्टराई शुभ आउछन् कि हेर।" भन्दा फेरो जैसि विन्ति गर्दछन्, "हे महाराजा, वसुदेव भट्टाराई पत्नी वढिया छन्। वसुदेव भट्टराईका सन्तान नरेन्द्र साहवका सन्तानका साथमा छञ्ज्यालसम्म नरेन्द्र साहेबका सन्तानको रजाई कहीले पनि छुटन्या छैन। पुर्व दिशाको रजाई नरेन्द्र साहेबका सन्तानले नछाडनु। छाडचादेखि निफल हुन्या छ, हे महाराज।" भनि जैसिले विन्ति गर्‍या।

र तव राजाले पनि वसुदेव भट्टराई पत्नीकन वोलावन पठाया। तव वासुदेव भट्टराई पनि आया र "क्या हुकुम हुन्छ?" भनि विन्ती गर्दा राजा भन्दछन्—"हे वसुदेव भट्ट पत्नी, नरेन्द्र साहेबलाई समुद्रगढिको रजाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनु पर्‍यो, तस् अर्थ तिमिले तन्कासाथ जाउ !" भनि हुकुम भयो ।

तव वसुदेव भट्टराई षत्रीले पनि "ई मेरा भाई गर्भराज राईपट्टि वसि मतो गर्न जान्छु" भनि विन्ति गर्दा "लौ" भनि राजाको हुकुम भयो । जाँदा भया । ताँहारछि सम्पूर्ण विस्तार भाईसंग गह्या र तव दाजुको बचन सुनि गर्भराज राइभट्ट विन्ति गर्दछन्, "हे दाजु, वावा महतारिकन मैले जानिन । अब तिमिलाई छोडि कहाँ जाँला ? कर्त जान्या । छैन सन्देह मान्नु पर्दैन ।"

भनि भाई गर्भ राईभट्टले भन्या र त्यो वचन सुनिकन बहुतै षुसि भया र "जान्छु" भनि विदा भै वसुदेव भट्टराई राजासंग जाई विन्ति गर्दा भया । तव राजा भन्दछन् "नरेन्द्र साहेव, वसुदेव भट्टराई, तिमि दुवैजना छिप्कानदीमा जाइ अस्नान गरि पूर्व मोहोडा गरि वस ।" भनि हुकुम भयो तव दुवै जना पनि नदीमा गया र अस्नान गरि पूर्व मोहोडा गरि वस्ता भया ।

ताँहाप्रान्त संपूर्न सराजाम तयार गरि रजाई दिनाकन तयार भयामा नरजित राई राजा भन्दछन्, "नरेन्द्र साहेवलाई समुद्र गढिमा रजाई थापनाले, हे वसुदेव भट्टराई षत्री, आजदेषि तिम्रो षत्री पद भयो पद रह्यो । अवप्रान्त वसुदेव भट्टका सन्तानमा लाटा गाडा बोल्न नाजान्या हुदा पनि, राजाको धन कदाचित षावस् तापनि, उठावस् तापनि दरवारमा जाँदा छेकन्या थुन्या धन षाजु भनि नरिन्द्र राजाका सन्तान भै सास्ति शासना नगर्नु । तिलगेडा प्रमाण पनि तनको धन नषानु । षाया सासना गर्‍या भन्या नरेन्द्र राजाका सन्तानलाई निर्फल हवोस् । वसुदेव थापाका सन्तानले नरेन्द्र राजाका सन्तानलाई छोड्या पाप चिताया भन्या निर्फल हवस् । छिप्कानदीको श्राप लागोस् ।" भनि येति शिलापत्र गरि समुद्रगढि का ढोकामा टासी नरीन्द्र साहेवलाई टोका दी समुन्द्र गडिको रजाली अभिसेष गर्दा भया ।

प्रान्त नरीन्द्र राई राजाका दरवारमा जेठो दसै वसुदेव थापाका सन्तानले गराउनु, तसलाई नषोसनु । अघिवाट निज दसैको पूजा नरीन्द्र राजाका सन्तानको गर्नु, पछिवाट वसुदेव थापाका सन्तानको गर्नु । गर्भ राई भट्टलाई दसैमा सम्पूर्न दछिना दिनु । ओढन धोति दिनु । १ बोका दसैको नेग दिनु । —यति वन्दवस्त गरि नरीन्द्र राजा समुद्र गडिमा रजाई गरि रह्याका १३ वर्षमा तन्का वावा रणजित राई राजा स्वर्ग भया ।

('इतिहास प्रकाश'बाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

भडुवार : मारवाड ।
साहेब : राजकुमार ।
जैसि : ज्योतिषी ।
रजाई : राज्य ।
जियभरि : आजीवन ।
कवण कवन : कुन कुन ।
छञ्ज्याल : छउञ्जेल ।
निर्फल : निष्फल ।
नरिन्द्र : नरेन्द्र ।
प्रान्त : उप्रान्त ।

(म) पृथ्वीनारायणको जीवनी
(बेनामी)

वाहादेषिन् श्री ५ महाराज पृथ्वीनारायण शाह अति षुसि हुनु भइ कालु पाँडेलाइ "टँ काम गर्न सक्न्यै रहिछस् भनि स्यावासि वक्सनु हुँदो भयेछ। वहादेषिन् रणरुद्रशाहि कालुपाँडे इ दुइजनालाई बोलाई हुकुम हुँदो भयो "हाम्रा जेठा मुमा, हाम्रा भाइ मोद्दामकृत्तिशाह दलमर्द्दन शाह कच्चै उमेर-मा छन् त पनि बुद्धिका गाढै छन् । सेरका वच्चा सेरै हुन्छ । तदर्थ इनिहेरू-सित साधि सोधि तिमिहेरुले आहा दर्वार भाइहेरुको राज्यको बहुत तरहसित सम्भार राष्नु । मेरा अर्थलाइ श्रीकशि जानाको मन्सुवा भयो मैं श्रीकशि जान्छु ।"

भनि हुकुम भइ योतिर्विद कुलानन्द ढकाललाइ साइत हेर भनि हुकुमँ भइ योतिर् कुलानन्द ढकालले साइत ठहराइ विन्ति गर्दा भया ।

वाहादेषिन षजांचि भानु जौसि अर्ज्याल, चतुर्भुज पत्र, रामकृष्ण जोसि अर्ज्याल, शक्तिवल्लभ अर्ज्याल पण्डित इ चारलाइ "षर्चपर्चको तयारि गर्नु केती तोसापानावाट तयारि गर्नु केहि साहु षोजि,तिमिहेरूका घर् घरानाबाट भयो उभो लाष तल ८०।९० हजार नभै हुँदैन । तेति षर्च तयारी गर । क्या अर्थले भन्या पाहाडका राजा हामि श्रीकाशिमाँ गया पछि दानपुण्य पनि गर्नुपर्छ । ठाँट पाँट पनि देशमाँ गर्नु पर्छ । देस अन्सारको षर्च नगन्या नाम पनि रहँदैन । धाग पनि रहँदैन ।

भनि हुकुम भयो र षर्चपर्च तयारि गरि पाल्की आसा-गुर्जा समेत्को सकल राजचिन्हको नग्रा सराजाम तरारि हुँदो भयो । आफुसित पाउरषवारि जान्या मानिस्हेरूको पनि परपोसाक तयारि हुदो भयो !.

पाउरषवाल जान्या विष्णुशाह, चन्द्रप्रगासशाह, तुलाशाह, भद्रुशाह, सुरधर साहि, लक्ष्मिनारायण पाँडे, गुणनिधि पन्त, भानु जोसि अर्ज्याल, रामकृष्ण जोसि अर्ज्याल, शक्तिवल्लभ पण्डित अर्ज्याल, योतिर्वित कुलानन्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढकाल, श्रीपाध्या कडरिया, नन्दुपाध्या कडरिया, जज्ञेश्वर जोसि अर्ज्याल, शिवराम वस्न्यात्, जसिवन्त राना, वैद्य महेश्वर जोसि, मनिकण्ठ राना वुसाल, चामु षतू वझा, रामकृष्ण थापा, चामु रोकाया, जस्कर्न वोहोरा, गंगाधर पंत, रघुनन्द पाध्या कोइराला, देवु राना, जथा वानिला, विराज वषेति, जैकृष्ण थापा, मुढचा थापा, सोव्या वनुवा थापा, अगंद द्वान्या, ठुन्या द्वान्या, नैचाराम द्वान्या, सतै द्वान्या, भदाल द्वान्या, गर्जमनि इ प्रभृति तवलकरि भया १५।२० जना केटा थर थरमा वलवर्कत् भयाका जांन्या पाका थरैपछि २।४ जना नगर्चि विस्या दमाञि, इ सव जम्मा भै आफ्ना तयारि सित श्री ५ महाराज पृथ्वीनारायण शाहका हजूरमा सामेल हुदा भया।

वाहादेषिन ज्येठा मुमाका हजुरमा विदा हुन पाउ लाग्नु भयो र ज्येठा मुमावाट "कैल्हे परदेस नगयाको परदेश जान लाग्यौ सब बातमा हुसीवारि राषि वहुत षवर्दारि भै रिस पनि ज्यादा नगर्नु, आफ्नु चतुराँनि-सित मध्येसको जग्गा डाँकु चोरदेषिन्को भय पनि वहुत वचाई रहनु। विरानु मुलुक् संभवातवाम संभार गरि वषतैमा डेराडंडा गरि वस्नु। वषतैमा षानामा पनि गुनि पथ्य कुरो षानु। आफ्नु संभार गर्न जान्यै भयाका छौ। तीर्थ व्रत दान पुण्य गरि आनन्दैसँग ञाहाँ आई पुग्या।" भनि हुकुम भई विदा वक्सनु भयो।

श्री ५ महाराज पृथ्वीनारायण शाह आफ्ना ज्येठा मुमाको दर्शन गरि विदा भै आफ्ना भाईलाई अह्राउनु लाग्नु भयो र आफ्ना भाई माहारानी पाउमा अँगालो हाली वडा प्रीतिपूर्वकले रुन लाग्नु हुदो भयो। तस् वषत्मा कस्तो देषियो भन्या जस्तो राजा रामचन्द्रले वन वास हुँदामा दसरथ कौसिल्या सुमित्रा सकला अजुध्यावासीले रोदन गऱ्याथ्या, तस्तै हुंदो भयो।

तेस्ता वषतमा गोर्षा सहरवासि वृद्ध वृद्ध आया। सवकेहिले "विराना मुलुकमा पाउ लाग्नु हुंछ कसो होला" भनि आँसु षसाल्न लाग्याको श्री ५ महाराज पृथ्वीनारायण शाहवाट देख्नु हुँदा वहाका नजरवाट पनि अस्रुपात हुँदो भयो। वाहाँदेषिन् सकललाई "तिमीहेरू मेरो फिक्री नगर मं आउन्यै छु" भनि वुझाइनू भयो।

शुभमूर्त्तमा सकल मगल दीप गणेश पूजन ब्राह्मण पूजन गरि श्री काशि जानालाई प्रस्थान हुदो भयो। प्रस्थान भै चतुर्भूज पन्तका घरपाउ लाग्नु भै तिन रातु तँहि राज गर्नु हुँदा चतुर्भूज पंतका छोरीहेरूले वाहाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजाको सराजाम् टक्याउन्या गन्याछन् र चौथा दिनमा पाउ लाग्नु हुँदा ति कन्याहेरूलाई "म श्री काशीबाट फिन्यापछि तिमीहेरूलाई वक्सन्या कुरो वक्सौंला" भनि हुकुम भई पाउ लाग्नु हुँदो भयो ।

वाहाँदेषि पाउ लाग्नु भई जब मधेस उत्रनू भयो मकवानि राजा हेम-कर्ण सेनले थाहा पायाछन् र षर्चपर्च ली सर्सीपाहि पाउरषवार जानालाई तयारि गरि पठायाछन् र ती मानिस्लाई "ग्रैल्हे र मं तिर्थ रन आयाको छु, षर्च–पर्च पनि मसंग छ, मानिस् पनि छन् तिमीले षर्चपर्च पनि ल्याउनु पर्दैन, तिमीहेरू पनि आउनू पर्दैन जो लिन्या कुरो डोला लिन आउँदा उस वषत्मा लिनुंला' भनि हुकुम भयो । फिराई वक्सनु भयो ।

वाहाँदेषिन् जो आफ्ना साथमा गयाका मानिस्लाई कपडा समेत कान्याटोपी ठुला वाहुला येस्तो पोसाक षुकुरी षुँडा ढाल धनू टोक्रो वाँध्या-का देष्तामा वडा भयानक् एस्तो सकल लस्करलाई मधेसका जीमिदार, राजा, रजोटा सवले देष्या र वडो आश्चर्य मान्दा भया । कैल्हे पनि तेस्ता डउल्को लस्कर नदेष्याको हुनाले षुंडाका मार् कस्तो हुंछ भनि भनि मध्येस्याहेरू सोद्धा भया । षुंडा कांढ झिकी देषाउदामा भाग्दा हुन्थ्या ।

तस्तै तरहले जांदा श्रीकाशिमा पुक्नु हुदो भयो । श्री ५ महाराज पृथ्वीनारायण शाह श्री काशिमा पुक्नु भयाको समहेमा श्रीकाशिका राजा वयवदनसीङको पालो थियो । ती राजा कस्ता हुन् भन्या वडा प्रतापि थिया । नवाफले भारि लस्कर ली लडाञो गर्न आउँदा ३।४ वषत् लडानि गरि जित्याका रह्या छन् ।

पर्वत पाल्पा पिउठानाका मानिसहेरू पनि श्री ५ माहाराज पृथ्वी-नारायण शाह श्रीकाशि पाउ लाग्नु हुंछ भनि सुंदा अघि पछि जैल्हे कैल्हे ठुलो गोल् नगरि जांदा डांकु चोरको भय हुनाले मधेश टाढाको तिर्थ गर्न जान सक्तैनथ्या । पर्वत्या वलीभञ्जन मल्ल सर्दार इसित सामेल भै गयाका रह्याछन् । जति गयाका पाहाडिया मानिस् श्री ५ माहाराज पृथ्वीनारायण शाहका लस्करमा सामेल भै एकैक गोल भइ रह्याका रह्याछन् र वाहांदेषिन् पर्वतका वलीभञ्जन सर्दारलाई र पर्वत पाल्पा पिउठानाका मानिसलाई श्री ५ महाराज पृथ्वीनारायण शाहबाट हुकुम हुँदो भयेछ । कस्तो भन्या "विदेशमा आई रह्याछौ । आँहाको वांत व्यवस्ता बुझचको छैनौ । हामीलाई जो पर्ला सो विहोरुला भनि भंछौ भन्या हाँमिसित एक्गोल्-वोल् गरि रहौ। काल फाल् जोर्न्या छौन भन्या छुट्टै वस ।"

भनि हुकुम हुँदा वलिभञ्जन् मल्ल सर्दारले विति गर्दा भया–"हामि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाहाडमा रहन्वा सबै हजुरसित काल फाल् जोन्याछौं,क्या अर्थले भन्या पाहाडमा रहंदा पो गोर्षा पर्वत पाल्पा पिउठाना येस्तो थियो । मधेसमा आयापछि त हामी पहाडिया एकै हुंछौं । हजुरलाई छोडि मधिस्यातिर किन लागुंला । जो पर्ला सो हजुरैतिर लागी काम गरौला ।" भनि विति गर्दा भया ।

श्री माहाराज पृथ्वीनारायण शाह षुसि हुनु भई "वेस् विति गऱ्यौ । तसै हो । मन्सुवी रह्याछौं। मैसंग रहु ।षर्चपर्चलाइ पनि पुकैन भनि नडराउ, मं दिउँला ।" भनि हुकुम भयो र वाहीका साथमा रहंदा भया ।

(वीरपुस्तकालयबाट प्रकाशित "श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी" बाट)

विशेष शब्दहरू

मोद्दामकृतिशाह : जेठा चौतरिया पृथ्वीनारायणका भाई महोद्दामकीर्ति शाह (द्रष्टव्य छ) शी. ३५ ण) ।

सम्भार सह्यार :

मेरा अर्थलाइ : मेरा हुकमा ।

योतिर्विद् : ज्योतिर्विद ।

योतिर् (जोतिर्) : जोतिसी ।

षर्चपर्च : खर्च-वर्च ।

ठाँटपाँट : ठाँटबाँट ।

संभवातबाट : संभाव्य आपतबाट ।

गुनि : गुनिलो ।

सर्सीपाहि : सरसिपाही ।

पाउरषवार : पाउरखवाल ।

अैल्हेर : अहिलेको हुकमा ।

रंन (रम्न) : रमण गर्न ।

लिजंुला : लिउँला ।

सपेत : सफेद ।

ठोक्रो : काँड राख्ने ढुङरो ।

डउल् : ढाँचा ।

कांढ : काँड, वाण ।

(देस) अन्सार : (देश) अनुसार ।

धाग : धाक ।

परपोसाक : पोशाक सोसाक ।

पाउरषवाल : पाउरखवारीमा जाने मानिस ।

षतृ : खत्री ।

वझा : ओझा ।

तवलकरी : तवलची ।

हुसीवारि : होसियारी ।

चतुराँनि : चातुर्य ।

अजुध्यवासी : अयोध्यावासी ।

सवकोहिले : सबैजनाले ।

पाहाड : पर्वत । नेपालमा उहिलेदेखि अहिलेसम्म 'पाहाड'लाछ 'पहाड' बोलिन्न,तर, आजभोलि हिन्दीको प्रभावले गर्दा लेखाइमा कतिपय मानिसहरूले'पहाड' लेख्न थालेका छन् : बंगाली भाषामा नेपालीमा झैं 'पाहाड' बोल्ने र लेख्ने चलन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुक्नु : पुग्नु ।
समहे : समय ।
लडाऊँ : लडाइँ ।
गोल् : हूल ।
कालफाल् : सम्बन्ध ।
मधिस्या : मधिसे ।

कौन : किन । : पृथ्वीनारायण धर जसो 'क्यान' पाइन्छ ।
मंसुवी : इच्छुक, दिलदार, मनकारी।
पुकोइन : पुगोइन ।
वाहीका : उहाँको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३९

दोस्रो विश्राम

(क) अभिलेख

दोस्रो उठानमा हामी पहिलो उठानमा झै अभिलेख बाहेक का ग्रन्थ अरू पनि पाउँछौं विभिन्न विषय–आचारबिचार,औसधीमूलो इत्यादि । तँपनि अभिलेखको महत्वलाई दोस्रो उठानमा पनि न्यून मात्रामा लिन सकिन्न। अतः यो काल पनि मूलतः अभिलेखकाल नै ठहरिन्छ ।

भेरी, कर्णाली र सेतीका बगरहुँदा शताब्दियौंदेखि चली आएको यो परम्परा यहाँ आई पुग्दा पनि झन्डै उही ढाँचामा चालु देखिन्छ । यसका प्रमाण हुन् सुरतीशाहको ताम्रपत्र (सं १६८३), काशी जोइसि लिखित ताम्रपत्र (सं. १७३६), नरू जोइसिलिखित ताम्रपत्र (सं. १७४९, मथु जोइसी लिखित ताम्रपत्र (सं. १७७६), अडँभुम र मर्जभुमका सन्तान मानक ताम्रपत्र (सं. १७७९), सुदर्शनशाहको महल निर्माण हुँदाको ताम्रपत्र (सं. १८०८), निर्जको वलभद्र जोइसिलिखित लालमोहर (सं. १७१४) । ययरी पुण्यमल्लको पालादेखि पाइएको अभिलेख गद्य झन् झन् धेर मात्रामा सिर्जित हुँदै नव नेपालका जन्मदाता पृथ्वीनारायणको समयमा आएर उन्नतिको चुचुरोमा पुगेको हामी पाउँछौं । बृहत्तर नेपालको निर्माणमा लागेका राष्ट्रपिता पृथ्वीनारायणका रुक्का र चिठीहरुमा पहिलेका भूमिदानमा सीमित भाकापत्रहरूमा भन्दा सजीव र सप्रेको गद्यको मुख हेर्न पाइन्छ । यही सप्रेको र सजीव गद्यमा आईपुगेर हाम्रो दोस्रो उठान टुङ्गिन्छ । तेस्रो उठानमा हामी देखतछौं, बृहत्तर नेपालको जन्म भएपछि नेपाली गद्य औषधीमूलो, आचार-विचार, भाकापत्र,रुक्कापत्रलाई नाघेर अनि बिशुद्ध साहित्यिक बिषय वस्तुलाई लिएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अघि बढ्दछ ।

बृहत्तर नेपालको जन्म भएपछिको उच्चस्तरीय नेपाली गद्यको अध्ययनको काममा तल्लीन विद्यार्थीले समकालीन अभिलेखहरूलाई पढ्ने चासो साधारण परिस्थितिमा कमै पर्ला। तर यसअगाडिका अभिलेखलाई बेवास्ता गर्ने हो भने एकसरो अध्ययन पनि पूरा हुन धौ धौ पर्छ । पछि गएर विशेष अनुसंधानहरूले अवस्थामा परिवर्तन ल्याएछन् भन्ने कुरा अर्कै हो तर अहिलेसम्म त आरम्भदेखि पृथ्वीनारायणसम्मको नेपाली गद्यलाई अभिलेखकालीन गद्य भने पनि हुन्छ । यो नामकरण कुनै कठोर सिद्धान्तमा त आधारित छैन, तर यसले अभिलेख परम्पराबारे मात्र भए पनि मनन गर्न सजिलो तुल्याउँछ । झन् सजिलो पार्ने हो भने अझ यसलाई चार खण्डमा बाँड्नु ठीक पर्छ–मल्लकाल, वर्माकाल, शाहीकाल र शाहकाल । यिनमध्ये अन्तिमचाहिँलाई फोरेर विभाजन गर्दै आधुनिक समयसम्म आईपुग्न सकिन्छ, तर यति धेरै गहिरिएर जानु यहाँ आवश्यक छैन, किनभने हामी यहाँ गद्यसाहित्यको एक शाखाको दृष्टिले मात्रै अभिलेखलाई महत्व दिदैछौं ।

(ख) मल्लकाल

पाइएका अभिलेखहरूमा पुण्यमल्ल, पृथ्वीमल्ल र अभयमल्लका ताम्रपत्र र कनकपत्रहरू नै यस कालका जे भएका चार अवशेष तर सौभाग्यवश अब मल्लकाल अभिलेखको धनी भएकोछ तापनि बिस्तारभयले तीसबै अभिलेखलाई समावेश गर्न सकिएको छैन । पुण्यमल्लको र ती अघिका अभिलेखका लेखकको नाम दुर्भाग्यवश उल्लिखित छैन । पृथ्वीमल्ल र अभयमल्लका अभिलेखमा चाहिँ लेखकहरूको नाम पनि थाहा दिन्छन् । यिनीहरूको नाम हो शिवदेव पण्डित (हेर्नोस् शी० ८क), जुठाद्यो जोइसि (हे० शी० ८ख) र धर्मराज जोइसि (हे० शी० ९) ।

(ग) वर्माकाल

सम्वत् १४५० देखि लगभग आधा शताब्दी सम्मका अभिलेखहरूलाई वर्मा उपाधि भएका शासकहरूले जारी गरेका छन् । यिनमा बिष्णुदासलिखित (हे० शी० १२) अनेकु पण्डित लिखित (हे० शी० १३) बोधु जोइसीलिखित (हे० शी० १६) का साथै क्षेमादत्तलिखित (हे० शी० १४) र एउटा बेनामी (हे० शी० १५) पहिलो उठानमा पनि परेका छन् । बलिराजले आफुलाई वर्मा भनेका छैनन्, तैपनि समयक्रम मिलाउन उनका भाकापत्रहरूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बर्माकालमै गाभ्नु बेस छ । यसै गरी हाम्रो संग्रहमा नपरेको सं. १४७१ को मानराज शाहीको ताम्रपत्रलाई पनि शाहीकालमा नराखेर बर्माकालमै राख्नु राम्रो हो ।

(घ) शाहीकाल

मानराज शाहीलाई अपवादको रूपमा लिने हो र वत्सराज नरेश (सं. १५०७) लाई शाही–उत्तर नमान्ने हो भने वर्मा उपाधिको पछि लगत्तै शाही उपाधिको थालनि भएको ठहरिन्छ । यस कालमा धवकर्मठ (हे०शी. १७), श्यामल जोइसी (हे० शी. १८), विष्णुदास (हे० शी. १९), चाड्डभट्ट (हे० शी. २०), इंदु सेजुवाल (हे० पृष्ठ १४) हरूद्वारा लिखित अभिलेखहरू पहिलो उठानमा परिसकेका छन् । साथै यस कालको एउटा वेनामी लालमोहर (हे० शी. २१) पनि पहिलो उठानमा परिसकेका छन् । दोस्रो उठानमा ४ ओटा शाहकालीन अभिलेखहरू दिइएका छन् । यिनमा पर्दछन् काठमाण्डौका शासक लक्ष्मीनृसिंहमल्ल (सं १६९८) र प्रतापमल्ल (सं.१७२७) का शिलालेखहरू पनि । शाहीकालमा पश्चिमी नेपाल मात्रै नेपाली भाषाको क्रीडा-भूमि नभएर बाग्मती अञ्चल पनि यस भाषाको क्रीडा–भूमि भइसकेको कुरो यी दुई शिलालेखहरूले बताउन्छ र । शाही कालमा दोस्रो उठानमा परेका अरू सामग्री हुन् नरू जोइसी लिखित ताम्रपत्र (सं. १७४९) र काशी जोइसिलिखित कागत (सं. १७२६) यस कालका यस अतिरिक्त अरू पनि धेरै ताम्रपत्र छन्, जसमा कतिले आफ्ना लेखकको नाउँ पनि बताउँदैनन् । बाँकी एक थरीमा लेखकहरूको नाम अंकित भए तापनि स्थानाभावले ती सबै हाम्रो संग्रहमा आउन सकेनन् । यसरी हाम्रो संग्रहमा आउन नसकेका सामग्रीहरूमा प्रमुख छन् मामु षँडगाहा (सं.१५०७), चिन्तामणि (सं.१५३२) छेदिया जोइसि (सं. १६४८), इन्दु सेजुवाल (सं.१६५५), करुणाकर जोइसि (सं. १६५५–१६५९), इन्द्रजित सेजुवाल (सं. १६५६–१६५७), सुन्तु जोइसि (सं. १६५६) लछो जोइसि (१६५७), पशुपति जोइसि (सं.१७२९) आदि कृत अभिलेखहरू । यी अभिलेखकारहरूमध्ये इंदु सेजुवाल, करुणाकर जोइसि र इन्द्रजित सेजुवालका विषयमा तल एक वाक्यदुई लेखिन्छन् ।

इन्दु सेजुवाल : यिनले लेखेका हुन् सिलिमशाहीको (सं. १६५५) ओ संग्रामशाहीको (सं. १६६१) ताम्रपत्र । पहिलो ताम्रपत्र राजधानी छिनासिमबाट जारी भएको छ र दोस्रोचाहिं राजधानी तिब्रीकोटबाट ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अघिल्लो चाहिं ताम्रपत्र यिनले मात्रै लेखेको नभएर त्यसलाई लेखनमा करुणाकर जोइसिको पनि हात थियो । छाँटले सेजुवाल सिलिमशाहीका दर्बारिया ज्योतिषी थिए । सिलिमशाहीकै समयमा हामी तिब्रीकोट विशेष-राजको हातमा पुगेको देख्छौं । विशेषराजका उत्तराधिकारी संग्रामशाहीको पनि यी सेजुवाल दर्बारिया ज्योतिषी रहे । तर संग्रामशाहीकों अधीनमा छिनासिम राज्य थिएन । संग्रामशाही जुन बेलामा तिब्रीकोटमा देखिन्छन् ठीक त्यसै वेलामा छिनासिममा विक्रमशाही देखिन्छन्। यसले सिलिमशाहीको राज्य दुई प्याकमा विभाजित भएको छर्लङ्ग हुन्छ । हाम्रा इंदु सेजुवाल परे विशेषराज र त्यसपछि संग्रामशाहीतर्फ अर्थात् तिब्रीकोटतिर । हुन सक्छ सेजुवालको पैतृकभूमि पनि तिब्रीकोट नै थियो ।

करुणाकर जोइसि : यिनी पनि इन्दु सेजुवाल झैं सिलिमशाहीको दर्बारिया ज्योतिषी थिए । सिलिमशाहीपछि यिनी छिनासिम दर्बारका ज्योतिषी भएर बिक्रमशाहीलाई रिझाउन लागे । छाँटले करुणाकरको थात-बास छिनासिममै थियो । इन्दु सेजुवालसँग मिलेर लेखेको माथि वर्णित ताम्र पत्रबाहेक अन्य दुई ताम्रपत्रहरूमा यिनको नाम पाइएको छ । यिनमा एउटा हो सिलिमशाही (सं. १६५६) को ताम्रपत्र अनि अर्को विक्रमशाही (सं. १६५९) को ताम्रपत्र । यी दुईको राजधानी पनि छिनासिम नै छ ।

इन्द्रजित सेजुवाल : यी पनि इंदु सेजुवाल झैं तिब्रीकोटका निवासी थिए । जब सिलिमशाही जीवित छँदै तिब्रीकोटमा विशेषराजको अधिकार भयो इन्द्रजित यी नयाँ तिब्रीकोटे राजाको दर्बारमा धाउन लागे । 'इतिहास प्रकाश' मा प्रकाशित विशेषराजका तीन ताम्रपत्रहरूमध्ये एउटा(सं. १६५६) "उँतजित सेजुवाल" र दुइटा (सं. १६५७) मा चाहिं "अजित सेजुवाल" लेखिएको छ । घोरिएर हेर्दा यी दुवै शब्द अलग अलग नामका द्योतक नभ-एर एउटै नामका द्योतक हुन् । यी दुवैको सहायताले स्थापित भएको तेस्रो शब्द हो "इन्द्रजित सेजुवाल" । यी दुवै शब्दहरूलाई एउटै व्यक्तिको नाम ठान्नाको कारण के हो भने प्रथमतः "उँतजित" सुन्दै विचित्रको छ, द्वितीयतः "उँतजित" र "अजित" मा ध्वनिसाम्य निकै टड्कालो छ, तृतीयतः यी दुवै एकै शासकमा ताम्रपत्रमा वर्णित छन्, चतुर्थतः यी दुवैको समय मिल्दछ ।

(ङ) शाहकाल

इतिहासका बिद्यार्थीलाई थाह भएकै कुरो हो–शाही र शाह दुवै एकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थर हुन् । तैपनि यही शाही कालदेखि भिन्न शाहकालको विभाजन गरिएको छ । यस्तो किन गरिएको हो भने शाहीवंसका राजाहरूले पछि गएर आफ्नो पदवीलाई 'शाह' दर्साएका छन् । तिब्रीकोट र छिनासिमका राजा सुरथ शाह; क्षेत्रपुर, तिब्रीकोट र छिनासिमका राजा सुदर्शन शाह र राष्ट्रपिता पृथ्वी-नारायण शाहका अभिलेखहरूले शाहकालीन सामग्रीका नमूना पेश गर्छन् । सुदर्शन शाहको सं. १८१४ को लालमोहरका लेखक छन् बलभद्र जोइसी । यो लालमोहर हाम्रो संग्रहमा समाविष्ट छ । सं. १८०८ को ताम्रपत्र पनि हाम्रो संग्रहमा परेको छ, तर यसमा लेखकको नामको उल्लेख छैन । तैपनि यो कम महत्वपूर्ण छैन, किनभने सुदर्शन शाहले आफ्नो राज्यलाई 'जडान' र 'खसान' जस्ता दुई भेदमा बाँडेका छन् । अवश्य पनि 'खसान' को शाब्दिक अर्थ हो खसभूमी यसै गरी 'जडान' को शाब्दिक अर्थ हो जाड–भूमी । यी दुई शब्दले हामीलाई बालकहरूले खेल्दा फलाक्ने निम्नलिखित गीतको हेक्का हुन्छ :–

जाडो भयो जडिनी आगो लेउ थपिनी
थापाका छोरा छोरी अन्न न पानी
अलिकती मोही लेऊ बहुनी नानी

जुम्लामा नै यस गीतको रचना भएको होला । यस गीतमा जड र खसको सामाजिक घनिष्ठता पाइन्छ । यसमा जडिनीलाई जाडो हुँदा सहायतार्थ आगो प्रदान गर्ने आह्वान थपिनीलाई गरिएको छ, यसै गरी थपिनी-लाई भोक लाग्दा खाने कुरा प्रदान गर्ने आह्वान बाहुनीलाई गरिएको छ । यो सामाजिक सहअस्तित्वको रोचक उदाहरण हो । जब सुदर्शन शाहको अभिलेखमा हामी 'खसान' र 'जडान' शब्द पाउँछौं हामी पुस्तान पुस्तादेखि चली आएको यस गीतलाई झलक्क सम्झिहाल्छौं ।

सुदर्शन शाहको तेस्रो अभिलेख जगतमल्या बुडो (सं. १८१४) द्वारा लिखित छ । यसरी बाहुनबाहेक अरूले ताम्रपत्रमा लेखक भएको ज्यादै कम पाइन्छ । जगतमल्या लिखित ताम्रपत्र हाम्रो संग्रहमा परेको छैन । हाम्रो संग्रहमा नपरेको अर्को एउटा अभिलेख हो महादेब–जोइसी (सं. १७६३) लिखित सुरथ शाहको ताम्रपत्र ।

शाहकालका अभिलेखकारहरूमा मथु जोइसीको त्यही स्थान छ जुन स्थान शाहीकालका करुणाकर, इंदु र इन्द्रजितको छ । हाम्रो संग्रहमा मथु जोइसीको केवल एउटा ताम्रपत्र (सुरथ शाह, सं. १७७६) मात्र परेको छ, तापनि हामी मथु जोइसीको नाम अन्त पनि पांच ठाउँमा पाउछौं, जसमध्ये

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चार (सं. १७७७ को ताम्रपत्र, सं. १७७७ को अर्को ताम्रपत्र, सं. १७८१ को ताम्रपत्र, सं. १७८६ को ताम्रपत्र) चाहिं सुरथ शाह सम्बन्धी छन् वांकी एउटा (सं. १८२८) सुदर्शनशाह सम्बन्धी छ ।

यस कालका अभिलेखहरूमा पृथ्वीनारायणको भिन्नै महत्व छ । पृथ्वीनारायणका अभिलेख प्रायः जम्मैंजसो नेपाली कागतमा लेखिएका छन् र स्वयम् राजा नै लेखकको रूपमा छन् । यसभन्दा पहिलेका अभिलेखहरूमा पनि भाका राजाहरूकै हुन्थ्यो, तर पुछारमा लेखकहरूको नाउँ जनिन्थ्यो, यसको अर्थ हुन्थ्यो राजाज्ञावमोजिम ती लेखकहरू आफै ताम्रपत्रको रचना गर्थे । तर पृथ्वीनारायणका अभिलेख यस कोटिका होइनन् । यिनको रचयिता कुनै अर्को पुरुष हुँदैनथ्यो । स्वयम् राजाका मुखारबिन्दबाट निक्लेका वचन-हरू वर्णबद्ध भएर कागजमा लेखिन्थे । यसैले पृथ्वीनारायण नै नेपाली भाषा को इतिहासमा प्रथम राजा हुन आएका छन् जो शासक मात्रै नभएर लेखक पनि हुन् । यस विश्रामको अन्त्यमा लेखक पृथ्वीनारायणको बारेमा हामी दुई चार कुरो अझै गर्नेछौं ।

(च) औषधीमूलो

औषधीमूलोवारे नेपालीमा भएका रचनाहरू प्रशस्त संख्यामा पाइन्छन् । यो सबैमा लेखकको नाउँ र लेखिएको कालको उल्लेख प्रायः हुँदैन । यस्तो लाग्छ पश्चिमी नेपालमा धेरै अघिदेखि बैद्यहरू संस्कृत ग्रन्थबाट आफूलाई चाहिने श्लोकको अनुवाद नेपालीमा गर्न गर्दथे । यस्तो व्रजमिश्रित भनी पहिले मानिएको "बाज परीक्षा" अब दोस्रो उठानमा नठहरी नेपाली भाषाको विशुद्ध प्राचीनतम ग्रन्थ ठहरिइ दोस्रो उठानबाट झिकिई पहिलोमा ससम्मान स्थानान्तरित भएको छ । बाज पालेर चराचुरुङ्गीहरूको ऐरो खेद्ने चलन कर्णाली प्रदेशमा प्राचीनकालदेखि चली आएको रहेछ । त्यहाँ पनि जुम्लामा त अझै पनि बाज पाल्नेहरू पाइन्छन् । यसैले हुन सक्छ "बाजपरीक्षा" को रचना जुम्लामा भएको होस् ।

कर्णाली-प्रदेशमा बाजले मानिसको मनमा कत्रो ठाउँ पाएको छ, तलका गीतले प्रष्टयाउँछन्। कहांसम्म भने यी लोकगीतमा 'बाज' ले 'आत्मा' अथवा 'प्रेमी' अथवा 'प्रेमिका' को सम्म अर्थ व्यक्त गरेको पाइन्छ । वास्तवमा खशहरूको समाजमा बाज धर्माधिकारको प्रतीक भएकैले यहाँ बाहुनलाई बाजे भनिएको पनि हुनसक्छ । बाजसनेय संहिताको बाज सम्बन्ध यसै बाजसँग छ । हेरौं लोकगीत के भन्छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोटान बाज पड्यो भन्दा, गेला पुजारीको ।
दर्शन पाउँला भन्दा भन्दै, मैंना गुजारीको ।।
डोटी राम्रो सिलगडीय, आछाम राम्रो साँप्या ।
गाड माछा थला बाज, लेख लेख डाँफ्या ।।
हंस बाज गड्डुलको सर्गमुथि बाटो ।
मिल्काउँला मथिङ्गल उइको, जैले पाड्यो फाटो ।।
अङ्कुस्यामा हाती बस्यो, पाउटी बस्यो बाज ।
माइस बस्यो मर्ज्यादामा, चल्यो राज काज ।
धान काटी कुनियां लाया, गौं काटी खत्याया ।
म ढिलामाँ बाजथलो, अक्काले हत्याया
चारै पाउ पट्कन लाग्या, चौधान चाँदी घोटी ।
थला जाई क्या बाज पाडौला, टाँगों घर छोडी ।।
काइँलाको पहरी बास्यो, पूर्व दिशा रातो ।
शाही बाजका गाँजा पड्यो परेवाको सातो ।
पाट्न चढ्दी घोडीं भेडी, मेला चढ्दी गाइय ।
कस्तुरी बाजको खेलो, कत्य गढ्दो भाइय ।।
इत्चा लाया रानीजडो, भिट्टा लाया गुड्या ।
गैंजान्या गैंजान्या बेला, थलाका बाज उड्या ।।
औलो लाग्दो तिर्वेनीको, सरौटो घाडीको ।
थलो पनि पुरानी गो, बाज पनि टाडी गो ।।
एका गोजी लाड्डु चिउडा, एका गोजी मेवा ।
छोडी दियौं सिकार खेल्लुँ, बिर्सी गयौं खेवा ।।
भिनाजु लैंजान आयो, दिदी गैंजान्या हो ।
शाहीबाजकन लिन्या काल मुकी लै जान्या हो ।।

("इतिहास प्रकाश" बाट)

प्राप्त 'बाज परीक्षा' का केही पत्रहरू खण्डित भएकाले पाइएनन् । सबै पत्राहरू पाइएका भए यसका लेखक र लेखन-कालबारे पनि केही किटान गर्न सकिन्थ्यो होला । भलै साहित्यिक दृष्टिले महत्वपूर्ण नहोस् एक हजार वर्षभन्दा पनि पुरानो यस कृतिलाई हामी उपेक्षा गर्न सक्तैनौं । यसैले यसको विषयमा भविष्यमा पर्याप्त खोजी हुनुपर्छ ।

'बाज परीक्षा' पछिका औषधीमूलो सम्बन्धी रचनाहरू हुन् वाणी-विलास ज्योतिर्विद, दावादल शाह, गङ्गाविष्णु द्विज र लीलाम्बरका कृतिहरू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(छ) वाणीविलास ज्योतिर्विद

यिनले सं. १७७३ मा गरेको "ज्वरोत्पत्ति चिकित्सा" नामक भाषाटीका पाइएको छ । लेखाइको ढङ्गले यिनको घर महाकाली नदीको गडतिर हुँदो हुनुपर्छ । परन्तु सं. १७७३ लाई ठानी यो ग्रन्थ पहिलो उठान तर्फ लागिसकेको छ ।

(ज) दावादल शाह

वाणीविलासले जुन विषयको टीका गरेका छन् त्यही विषयको टीका दावादलले पनि गरेका छन् । यसको शीर्षक छ "शीर्षक रसायन" अर्थात् "माशानिदान" दावानलले "ज्वरोत्पत्ति चिकित्सा" लाई पढेर "औषध-रसायन" को टीका तयार पारेको बुझिन्छ, किनभने यी दुई कृतिहरूका वाक्य ठाउँ ठाउँमा उस्तै छन् । फरकचाहिं के छ भने दावादलको भाषामा डोटी अथवा बैतडीको विशेषता मात्र नभएर केही पूर्वीय चिन्हहरू पनि परेका छन् । वाणीविलासले छोटकरीमा आफ्नो टीका टुङ्गाएका छन् तर दावादलले चाहिं अलि व्याख्या गरेका छन् । विचार गर्दा दावादलको टीका सं. १८०० भन्दा पहिले नै तयार भएको हो । दावादलले एक ठाउँमा "आफ्नो लागि" यो टीका तयार भएको लेखेका छन् । यिनले आफूलाई "शाहदेव" भनेकोबाट यिनी साधारण घरानका नभएर राजकुलमा उत्पन्न व्यक्ति थिए । यिनलाई औषधीमूलोमा विशेष रुचि थियो, यसैले, आफ्नो घरेलु उपचारको लागि "औषधरसायन" लेखे । यो ग्रन्थपनि पहिलो उठानमा स्थानान्तरित भएको छ ।

इतिहास प्रकाशनमा छापिएको शाहवंशावलीमा यकोब्रह्मशाहका सन्तानहरूमा एकजनाको नाम दावादल शाह छ ।

दावादलको समयबारे यस प्रकारले अनुमान गर्न सम्भव छ । यिनी अन्तिम लम्जुङे राजा वीरमर्दन शाहका बराजु हुन् । लम्जुङ नेपालमा गाभिए-को हो सं.१८३९ मा । यसै समयलाई वीरमर्दन शाहको प्रामाणिक काल मान्ने हो भने र उनीभन्दा पहिलेका उनका पुर्खालाई कम्ती पनि प्रतिपुस्ता २० वर्ष दिंदै जाने हो भने दावादलको शासनकाल सं. १७७० भन्दा अगावै आरम्भ भएको देखिन आउँछ । यसकारण 'औषधरसायन'को प्रतिलिपि सं.१८०० भन्दा अगावै भएको मान्नामा कुनै बाधा छैन । तर उल्था वा रचना भने 'औ सफर सायम'को शताब्दीयौं पहिले भएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्नोस्

यशोब्रह्मशाह

गोर्खातिर | लम्जुङतिर

गोर्खातिर	लम्जुङतिर
१. द्रव्यशाह (सं. १६१६)	१. नरहरिशाह
२. पुरेन्द्रशाह (सं. १६२७)	२. अजीन्द्रशाह
३. छत्रशाह (सं.१६६२)	३. नवराजशाह
४. रामशाह (सं. १६६३)	४. रक्षेश्वरशाह
५. डंवरशाह (सं. १६९०)	५. चूडाशाह
६. कृष्णशाह	६. केहरिशाह
७. रुद्रशाह (सं. १७२०)	७. दावादलशाह
८. पृथ्वीपतिशाह (सं. १७३६)	८. भीमशाह
९. वीरभद्रशाह	९. रिपुमर्दनशाह
१०. नरभूपालशाह (सं. १७७३)	१०. वीरमर्दनशाह (सं.१८३९)

भूपाल रिढीवाट प्रस्थान गरेर भोरकोट (खिलुं) भन्ने ठाउँमा सं. १५५२ मा गएका हुन भन्ने वर्णन वंशावलीमा पाइन्छ । भूपालका छोरा हुन् मिचाखान । मिचाका छोरा जयन्त खान, जयन्तका छोरा विचित्रखान, विचित्रका छोरा जयदेव खान,जयदेवका छोरा कुलमण्डन र कुलमण्डनका छोरा हुन् यशोब्रह्म । यसरी भूपाल पछि दाबादलसम्मका १३ पुस्ताहरूमा कम्ती पनि प्रतिपुस्ता २० वर्षको समय दिंदै जाने हो भने पनि माथि स्थापित भएको समय एकदम निराधार ठहरिन्न । तर सो समय स्थापना उल्था कालका निम्ति नभई प्रतिलिपिकालका निम्ति सार्थक छ ।

माथि भनियो नं. १७७० सम्म दावादल लम्जुङका शासक भई सकेका थिए । अब प्रश्न के उठ्न सक्छ भने स. १७७० मा शासनमा आई सकेका व्यक्तिले सं. १८०० को लगभगमै 'औषधरसायन' को प्रतिलिपि गरे भनेर मान्नु किन आवश्यक भयो, यसभन्दा निकै अगाडि यसको रचना भएको हुनु पनि के उत्तिकै संभव छैन र । यहाँ के प्रस्टिनु असल छ भने सं. १८०० को लगभग भनेर ठोकुवा गर्ने कुनै प्रयोजन छैन । दावादलले यो प्रतिलिपि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सं. १७७० र सं. १८०० को बीचमा कुनै समयमा पनि गरेको हुन सक्छ। वाणीविलासको प्रतिलिपिसँग यसको जुन साम्य देखिन्छ त्यसलाई पनि हृदयङ्गम गर्ने हो भने चाहिं यो "ज्वरोत्पत्ति चिकित्सा" भन्दा केही कान्छै हुनुपर्छ।

नेपाली साहित्यको इतिहासमा ज्यादै रहरलाग्दो कुरा के फेला पर्दछ भने यसले साधारण नागरिकलाई मात्र होइन स्वयम राजारानीलाई पनि लेखक-लेखिकाका रूपमा पाउँदै छ। 'राजधर्म' की लेखिका ललिता त्रिपुर-सुन्दरी देवीलाई पाउँदा हामी हर्षले कम उल्लसित भएका थिएनौं। फेरि पृथ्वीनारायणको "दिव्योपदेश" फेला पर्दा पनि हाम्रो हर्षले प्रकट हुने मौका नपाएको होइन। अब त झन् पृथ्वीनारायणभन्दा पनि चार पुस्ता जेठा दावा-दल हाम्रा मुख्याञ्जि लेखकको रूपमा उपस्थित भएका छन्। दर्बारिया पण्डितहरूले रचेको रचनालाई आफ्नो नाउँमा प्रचार गर्ने काम पनि केही शासकहरूबाट नभएको होइन, तर जहाँसम्म दावादल, पृथ्वीनारायण र ललिताको प्रश्न छ, हामी यिनीहरूलाई त्यस कोटिमा दर्न सक्तैनौं।

(झ) गङ्गाविष्णुद्विज

यिनी पनि कर्णाली प्रदेशतर्फका थिए होलान्। तर यिनले आफ्नो "अजीर्णमंजरी" को टीका पूर्व आएर लेखेझैं छ, किनभने भाषाको प्रवृत्ति अचेलको साहित्यिक नेपालीतर्फ झुकेको छ। तर पूर्णतः कर्णाली प्रदेशको भाषाशैलीबाट यो "अजीर्णमंजरी" ले छुटकारा पाएको छैन। यस पुस्तिकाको उल्था पनि पक्कै सं. १४५० पूर्व भएको हो तापनि भाषा नयाँ भएकोले यलाई दोस्रो उठानमा राखिएको हो।

(ञ) लीलाम्बर

यिनले सं० १८२१ मा गङ्गाविष्णुको "अजीर्णमंजरी" को प्रतिलिपि गरेका हुन्। अतः यो प्रतिलिपिको पनि प्रतिलिपि ठहरिन्छ। तर यो विशुद्ध प्रतिलिपि नभएर केही मात्रामा छुट्टै रचना जस्तो भएको छ। गङ्गाविष्णुका केही शब्द हटाएर तिनको साटो लीलाम्बरले आफ्ना शब्द प्रयोग गरेका छन्। फेरि कति वाक्यहरूलाई तलको माथि माथिको तल पनि पारेका छन्।

यी दुईबाहेक अर्को एउटा भाषाटीका पनि "अजीर्णमंजरी" को भएको छ। जब सर्वप्रथम मैले यसलाई पढें यसको टीका सं० १८५० तिर भएको (हेर्नोस् ने. भा. क. पृष्ठ २१) झैं मलाई लाग्यो। यसको भाषा पृथ्वी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारायण र त्यसपछि संवत् १८५० सम्म पाइएका गद्यको संग मिल्दछ । अत-एव संवत् १८२५ देखि संवत् १८५० को बीच समयमा यसको उल्था भएको हुनुपर्छ । अझ यो पृथ्वीनारायणकै जीवनकालमा तयार भएको हुनु धेरै संभव छ । यस पुस्तिकाले हामीलाई कुनै अज्ञात कलमतर्फ औंल्याउँछ, जुन कलमको परिचय दुर्भाग्यवश उक्त पुस्तिकामा परेको छैन ।

वीरपुस्तकालय र खोजी पसेको खण्डमा अन्त पनि औषधीमूलो सम्बन्धी अरू पनि निकै ग्रन्थहरू पाइन सक्छन् । यिनको संग्रहले भाषाको साहित्य झलमल हुने आशा नभए पनि भाषाको प्राचीनताको पुष्टिचाहिं निश्चय नै हुन्छ ।

(ट) आचारविचार

यस विषयमा प्रेमनिधि पन्तले धाहेक अरूले लेखेका पृथ्वीनारायणभन्दा पहिलेका रचना पाइएका छैनन् । प्रेमनिधि थिए कुमाउबाट आएका ब्राह्मण । उनी पर्वत राज्यमा आएर त्यहाँका राजा मलैबमका पुरोहित भएका थिए । उनले आफूले लेखेका ग्रंथहरूमध्ये सं. १७८० मा तयार भएको "प्रायश्चित प्रदीप" प्रसिद्ध छ । यो उनको संस्कृत रचना हो तर हरेक अध्यायको समाप्ति-मा नेपाली सारांश पनि दिइएको छ । मलैबमको लागि तयार भएको हुनाले यो सारांश नेपाली भाषामा छ, तर लेखकको मातृभाषा कुमाउनीको मिश्रण पनि यसमा कम छैन । जुन प्रति नेपाल राष्ट्रिय पुस्तकालय सिंहदर्बारमा छ त्यो सं. १८४५ को प्रतिलिपि हो । मैले यस प्रतिलाई वीरपुस्तकालयको संग भिडाउन चाहें तर वीरपुस्तकालयमा खोज्दा सो ग्रन्थ गोलमालमा परेकाले भेटिएन । यसैले प्रतिलिपिकारले उनको मौलिक भाषाउपर के कति न्याय दर्साएका छन् थाहा पाउन सकिएन ।

हाम्रो दोस्रो उठानमा प्रेमनिधिको "नृपश्लोक" को पनि नमूना परेको छ । "प्रायश्चित प्रदीप" र "नृपश्लोकी" को भाषा उस्तै छैन । यो प्रेमनिधिको संस्कृत ग्रन्थको नेपाली अनुवाद हो । भाषामा नयाँपना निकै देखिन्छ तापनि यो धेरै पछिको अनुवादचाहिं होइन । तुलनात्मक अध्ययन गर्न सुविधा होस् भनी यसलाई "प्रायश्चित्त प्रदीप" सँग राखिएको छ ।

(ठ) जीवनी

आरम्भिक कालका दुई जीवनी भेटिएका छन्– एउटा रामशाहको जीवनी अर्को पृथ्वीनारायणको जीवनी । तर रामशाहको जीवनी यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्करणले समावेश गरेको छैन । यस जीवनीको प्राचीनता अझै सिद्ध हुन नसकेकोले यसो गरिएको हो ।

हालै वीरपुस्तकालयले पृथ्वीनारायणको जीवनी प्रकाशित गरेको छ । यसमा उनको संपूर्ण जीवनको वर्णन नभएर बेलकोट-विजयसम्मको मात्र वर्णन छ । यस पछिको वर्णन पनि प्राप्त हुन सकेदेखि यसको रचना कहिले र कसद्वारा भएको हो किटेर भन्न सकिन्थ्यो, तैपनि यो पृथ्वीनारायणको मृत्युको धेरै पछि लेखिएन होला न ता यो उनको दर्बारदेखि धेरै टाढाको मानिसद्वारा नै लेखियो होला । अझ संभव त के छ भने यो कुनै यस्तो व्यक्तिद्वारा लेखियो जो पृथ्वीनारायणको परिचित मात्र नभएर घनिष्ठ पनि थियो । हुन पनि यस जीवनीमा कति यस्ता घटना र विवरणहरू चित्रित छन् जो टाढाको मानिसका दृष्टिका लेखि अगम मात्रै होइन असम्भव पनि छन् ।

यो कृति नेपाली जीवनी साहित्यको इतिहासमा गौरवपूर्ण वस्तु हो । हिजोसम्म जसलाई भर्खरै वर्बर स्थितिबाट माथि उक्लन आँटेको भाषा भनिन्थ्यो, आज त्यसै भाषामा विशुद्ध साहित्यिक ओजले भरिभराउ यति पुरानो जीवनी फेला परेको छ । नेपाली गद्यको प्रौढता र प्राचीनतालाई अचेल ठानिएभन्दा धेरै सत्य घोषित गर्दै साहित्यका विद्यार्थीहरूलाई यसले ठोस सघाउ पुऱ्याएको छ ।

(ड) पृथ्वी-साहित्य

यस संग्रहका संग्राहकले पृथ्वी-साहित्य भन्ने शब्दलाई अलि उदार अर्थमा व्यवहार गरेको छ । यसअनुसार पृथ्वीनारायणको कलमले जे जति लेखेको छ ती सबै पृथ्वी-साहित्यका सामग्री हुन् । यति मात्रै होइन उनको बारेमा अरू समकालीन लेखकले केही लेखेका छन् भने ती पनि पृथ्वी-साहित्यको अन्तर्गत आउँछन् । यति मात्रै पनि होइन, यदि पृथ्वीनारायणको समयमा जारी भएका ऐन, सवाल पाइन्छन् भने ती पनि पृथ्वी-साहित्यकै विषयवस्तु बन्दछन् ।

पृथ्वीनारायणको जीवनीको चर्चा माथि भई सक्यो । उनले स्वयम् रचना गरेको "दिव्योपदेश" पनि धेरै पाठकहरूले पढिसक्नु भएको हुनुपर्छ । आफ्नो अन्तिम समयमा पृथ्वीनारायणले आफ्ना भाइ-भारदारहरूलाई नुवाकोट दर्बारमा भेला गरेर जुन उपदेश दिएका थिए त्यसले 'दिव्योपदेश" को रूप लिएको हो । राष्ट्रिय समस्याहरूलाई सूक्ष्म रूपमा विवेचना गरेर दिइएको यो उपदेश लिखित रूपमा सुनाइएको हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने यसमा सोह्रै भारदारहरूलाई संबोधन गरिएको छ । यस उप-देशको सुरक्षा सुरथसिंह रानाले गरेका हुन् कि भन्ने पनि लाग्छ । किनभने "बुढा मरै भाषा सरै" आरम्भ हुनुभन्दा पहिलेका केही शब्दहरूमा सुरथसिंह रानालाई पृथ्वीनारायणको घनिष्ठ देखाउने चेष्टा गरिएको छ । तर यसलाई जसलेसुकै अक्षरबद्ध गरेको भए पनि यो पृथ्वीनारायणको कृति हो भन्ने कुरामा दुई मत हुन सक्तैन ।

तर एउटा दु:खको कुरो के छ भने प्रतिलिपिहरूको ऐरो हुँदा हुँदा "दिव्योपदेश" को भाषामा निकै अशुद्धिहरू पनि देखिएका छन् । प्रतिलिपि-कारहरूले पृथ्वीनारायणको भाषालाई जस्ताको तस्तै सार्ने चेष्टा गरेका छन्, तैपनि बिचराहरू कति ठाउँमा चिप्लिएका छन् । तिनीहरू कुन कुन ठाउँमा चिप्लिएका छन् त्यो औंल्याएर देखाउन सकिन्छ। र त्यसलाई पृथ्वीनारायण-को समयको व्याकरणको नियमले सच्याउन पनि सकिन्छ । मेरो विचारमा, जस्ताको तस्तै छपाउने भएर यस अद्वितीय कृतिलाई अस्वाभाविक किसिमले पाठकको सामु राख्नुभन्दा यसलाई विशेषज्ञहरूको सहायताले सुद्धयाउनु नै उचित हो । नभए हाँसको बथानमा बकुला पस्ता झैं यी अशुद्धिहरूवाट पनि हुनेछ । यसैले मैले आफ्ना अनुभवी साथीहरूको सहायताले सकेसम्म होशि-यार हुँदै जहाँ मौलिक पदावीलाई पुन: प्राप्त गर्ने चेष्टा गरेको छु त्यहाँ यदि कुनै त्रुटि भएको छ भने विद्वद्वर्गसँग उचित दिग्दर्शनको अनुरोध गर्छु ।

"दिव्योपदेश" खोजी भएर पाठकहरूका सामु आइपुगेको दस वर्ष पनि भएको छैन, तैपनि यसको लोकप्रियता नेपाली समाजमा आजभन्दा भोलि धेर बढ्दैछ । यस बढ्दो लोकप्रियताको कारण के ? कलाको दृष्टिले हेर्ने हो भने पनि यो निकृष्ट नठहरिएला तैपनि यसलाई उत्कृष्ट कलाकृतिको नमूना भन्न पनि सकिन्न । उसो भए यो किन हाम्रा लागि यति प्रिय भएको? किन पाठकहरूले यसलाई यो भाँडिम स्वागत गरेको ?

यसका विभिन्न कारण छन् । एक, नव नेपालका जन्मदाता पृथ्वी-नारायणको नामैमा गजबको टुना छ जसले प्रत्येक नेपालीलाई विभोर पार्छ। दोस्रो, "दिव्योपदेश" का वाक्य यति सजिला र सोझा छन् जसलाई बुझ्न कुनै प्रकारको धौ पर्दैन । तेस्रो, सजिला र सोझा हुँदा हुँदै पनि यसका वाणी अमर र मार्मिक छन् । यी वाणी साधारण र फोस्रा ध्वनि नभएर एक वीर योद्धाका मुखबाट वर्षौं पछिको संघर्षमय जीवनपछि निस्किएका उद्गार हुन् । यी वाणीहरू त्यस अभिमानी एसियालीका उद्गार हुन् जसले अठारौं शताब्दीमा फलाकेका कतिपय नारालाई आज बीसौं शताब्दीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएर हामी अनुकरण गर्दछौं। चौथो, युगौं (सम्वत् १८५०-२०१७) सम्म वरालिदा बल्ल तल्ल होशमा आएको नेपाललाई यसले बत्तीको काम दिन्छ। पाँचौं, यसले चारै वर्ण छत्तीसै जातलाई अलग अलग फूलवारी तयार पार्नतिर नलागेर एउटै फूलबारीमा मिलीजुली काम गर्ने आव्हान गर्छ। ती महापुरुष्ले जेलाई फूलवारी भनेका छन् ठीक त्यसैलाई आज हामी संस्कृति भन्दैछौं। अतः पृथ्वीनारायणको यस कृतिले हामीहरूलाई पेवा रीतिथिति, पेवा चाल चलन, पेवा चाडबाड पेवा पूजा आजा, पेवा भेषभूषा, पेवा बोलीभाषालाई महत्व दिएर अनेकता एवं विघटनलाई रोज्ने साटो साझा रीतिथिति, साझा चालचलन, साझा चाडबाड, साझा पूजाआजा, साझा भेषभूषा र साझा बोलीभाषालाई महत्व दिएर एकता एवं संघटनलाई रोज्नेपाठ पढाउँछ। यो पाठ ज्यादै सामयिक भएकाले नै आज 'दिव्योपदेश' लाई जनताले हृदयैले स्वागत गर्दो छ।

यस संग्रहको दोस्रो उठानमा पृथ्वीनारायणका २१ पत्र परेका छन्। पृथ्वीसाहित्य भन्ने शब्दलाई उदार अर्थमा प्रयोग गरिएको छ भन्ने कुरा माथि व्यक्त भई सकेको छ। संग्राहकको रहर थियो, पृथ्वीनारायणका सबै पत्रहरू छपाउने। तर त्यो रहर पूर्ण हुन सकेन। किनभने यी २१ पत्रभन्दा धेरै मैले फेला पार्न सकिनं। राम्ररी खोजी पसेको भएदेखि केही सफलता हासिल हुन्थ्यो होला, तर आंशिक रूपमा व्यस्तताले र आंशिक रूपमा म्यादको लघु-ताले यति २१ पत्रहरू मात्रै लिएर पाठकहरू छेउ उभिनुपर्‍यो।

जुन ह्याउले मैले यस सङ्कलनमा पृथ्वी-साहित्यको पूर्ण संग्रह प्रस्तुत गर्न चाहेको थिएँ त्यसको मुखेन्जि मलाई मिलेकों सफलता नगण्य छ भनेर चाल पाउनु ती मर्मज्ञको लागि औधि सरल हुनेछ जो पृथ्वीनारायणलाई एउटा विचारकको रूपमा राम्ररी चिन्न चाहन्छन्। साधारण उद्देश्यले पढ्न चाहनेको लागि चाहिं, जति मैले प्रस्तुत गरेको छु त्यो पनि बढ्ता हुन बेर छैन। तर साधारण पाठकहरूसँग मेरो कर जोरी विन्ति छ—युगपुरुष पृथ्वी-नारायणलाई सम्झने काममा अल्छी नगरौं। तिनलाई विर्सनुको मतलब भीर-को बाटोमा आँखा चिम्लेर हिंड्नु। यसैले जब जब पृथ्वीनारायणका दुई हरप पनि कतै भेटिन्छन्, तिनलाई चर्मचक्षुले मात्रै होइन हृदयचक्षुले पनि पढी हालौं— चाहे ती हरपहरू यस संग्रहमा परेका हून् या नपरेका हून्। यी वाणीलाई हामीले हेला गर्‍यौं भने हाम्रो देशको सङ्कट मोचन कसरी होला? कसरी अर्को पृथ्वीनारायण हामीले पाऔंला? कसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो देश उन्नतिको चुचुरामा पुग्ला ?

नवनेपालको जन्म कसरी भयो, यसको ज्ञान पृथ्वीनारायणका चिठी पढ्नासाथ हुन्छ ।

सम्वत् १८०३ मा दोलखा देघवार प्रधानलाई लेखेको पत्रबाट थाहा हुन्छ, पृथ्वीनारायण तर्वारको भरमा मात्रै विजय हासिल हुन्छ भन्ने कुरामा पत्यार राख्तैनथे । जुन ठाउँमा आफ्नो अधिकार जम्दथ्यो त्यहाँका वासिन्दा लाई उनी अभयदान दिएर आफ्नै रैती पारी रहन चाहन्थे ।

सं. १८१२ तिर राजीवलोचनलाई लेखिएको चिठीमा कुनै काजी र उनका जाहानहरूको चर्चा छ । इतिहासकारहरूले के शङ्का गरेका छन् भने यी काजी कालुपाँडे हुन् । कालुपाँडे एकताक पृथ्वीनारायणसँग सैद्धान्तिक फाटो उत्पन्न भएकाले कज्याइँ छोडी कास्की गएका थिए भन्ने वर्णन वंशावलीले गरेको छ । यस पत्रले उक्त वर्णनलाई पुष्टि दिएको छ (हेर्नोस् ऐ०प० सं. पृष्ठ२२–२३)। यसको अनुसार पृथ्वीनारायणले कालुपाँडेमार्फत कास्की-को र गोर्खाको मैत्री बढाउन चाहेको बुझिन्छ । कास्की र लम्जुङसँग राम्रो सम्बन्ध स्थापित नभई पूर्व अथवा काठमाडौंतिर बढ्नु असंभव छ भन्ने कुरो यसमा व्यक्त भएको छ ।

सम्वत् १८१४ पछि कीर्तिराजानन्द उपाध्यायलाई लेखिएको पत्रमा पृथ्वीनारायणमा काठमाडौं लिने उत्कट ईच्छा जागेको पाइन्छ । यही कुरो सं. १८१६ पछि अभुदसि प्रधानलाई लेखेको पत्रमा पनि छ । यी दुई चिठी-हरूमा उपाध्याय र प्रधानलाई उपत्यकामा गुप्तचरको काममा तैनात गर्ने पृथ्वीनारायणको इच्छा देखिन्छ ।

सं. १८२३ को रुक्कामा भगवती वन र लछिमन वनलाई पृथ्वीनारा-यणले भादभाउँ, साँखु र गोकर्णका केही खेत माफ गरी दिएका छन् । यो रुक्का नुवाकोट दर्बारबाट प्रेषित भएको छ । आश्चर्य के कुरामा छ भने सं. १८२३ मा भादगाउँ पृथ्वीनारायणको अधीन आएको थिएन । यस्तो परिस्थितिमा यो रुक्का देखिनु रहस्यमय छ । यो रहस्य संभवतः अझै उद्घाटित भएको छैन ।

सं. १८२३ मा पौडेलहरूलाई लेखेको पत्रले के जनाउँछ भने आसामीले ऋण नतिर्दै साहू सर्कारविरोधी भएको खण्डमा ऋणीले साहूलाई तिर्नुपर्ने रकम सर्कारलाई तिर्नुपर्दो रहेछ ।

हरिपण्डितलाई पृथ्वीनारायणले लेखेको ६ थान चिठीहरूलाई छपाउने मौका सर्वप्रथम यसै संग्राहकलाई मिल्दैछ । यस कामलाई सफा पार्नुमा हरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितका वंशज द्वारिकाराज उप्रेतीज्यूको ठूलो हात छ। उहाँले सहयोग नगर्नु भएको भए संभवत: यी चिठीहरूदेखि यो संग्रह वंचित रहने थियो।

यी ६ चिठीहरूवाट थाहा हुन्छ हरिपण्डित ल्हासास्थित नेपाली ओकिल-हरूमा सर्वप्रथम हुन्। यिनीभन्दा पहिले ल्हासामा अरू ओकिल तैनात भएको कुनै सूचना पाइएको छैन। यी हरिदेव उप्रेती थरका वाहुन थिए। यिनले पूर्व १ नंबर काभ्रे पलानचोकको पिपलटार भन्ने ठाउँमा बिर्ता पाएका थिए। यिनलाई लेखिएका चिठीहरूमा सबै नै भोटेहरूसँग सुन किन्ने विषयसँग सम्बन्धित छन्, तर एउटा (सं. १८२४ असार) चाहिं भूमिदानसित सम्बन्धित छ। यसमा जयप्रकाश मल्लले रुपियाँ लिईकन हरिपण्डितलाई दिएको एक टुक्रा भूमि पृथ्वीनारायणले थामी दिएको कुरो वर्णित छ।

सम्वत् १८२५ को रुक्का काठमाडौं विजयकै सालको हो। यसमा एक दासलाई पृथ्वीनारायणले मोचन गरेका छन्।

अभिमानसिंह बस्नेतका नाउँको सं. १८२७ तिरको पत्रमा आफ्ना भाइ महोद्दाम कीर्तिशाहप्रति पृथ्वीनारायण सजग छन्। उपत्यकाविजयपछि उनका भाइहरू अम्मल भएका राज्यलाई फोरी अंशवंडा गर्न चाहन्थे, जो पृथ्वीनारायणलाई मान्य थिएन। उनी आफूले आर्जेको मुलुकलाई फोरफार गरेर फेरि विनाशको बाटोतिर धकेल्न चाहन्नथे। राज्यलाई धनमाल झैं बाँडेर उपत्यकाका मल्ल शासकहरूले, मधेस र भित्री मधेसका सेनहरूले अनि पाहाडका बाइसी चौबिसीहरूले जुन गल्ती गरेका थिए त्यही गल्ती दोहऱ्याउनु उनलाई मान्य थिएन। यो कुरो यस पत्रले भन्दछ। यसै साल सहोद्दाम कीर्तिशाहलाई लेखेको पत्रमा पनि यही आशय छ। सम्वत् १८३१ मा अभिमानसिंहलाई लेखेको पत्रमा इस्लिम्बा चांथापुसम्म विजय भएको र कनकादेखि तिस्टासम्मका विजयको लागि पृथ्वीनारायणको उत्साह जागेको देखिन्छ।

सम्वत् १८२९ मा रामकृष्ण कुँवरको नाममा लेखिएका तीन पत्रहरू मा किरात विषयको चर्चा छ।

सम्वत १८३१ मा भगवन्त नाथलाई लेखिएको पत्रमा पृथ्वीनारायणको एउटा नाति जन्मिएको र शीघ्र मृत्युशय्यामा परेको वर्णन छ। यहाँ जुम्ला र जाजरकोटसँग मैत्री राख्ने पनि चर्चा छ।

गोर्खा वंशावलीको पूर्वार्धवाट केही अंश झिकेर यहाँ छापिएको छ। यहाँ परेका हरप र यसपछिका पनि केही हरपसम्म पृथ्वीनारायणको आफ्नै हस्ताक्षरमा छन् भनेर योगी नरहरिनाथ र जनकलाल ढकालले लेख्नुभएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । (हेर्नोस् इ० प्र० भाग १ पृष्ठ १४३) । तर यस वंशावलीको पछिल्लो अंश अर्कै कसैको हस्ताक्षरमा छ भनेर उहाँहरूले भन्नुभएको छ। परन्तु हस्ताक्षर अमिल्दा भए पनि दुवै अंशको भाषा र शैली समान छ । यसैले यो दुवै अंश एकै जनाका कृति ठहरिन्छन् । के यी पृथ्वीनारायण स्वयम्को कृति त होइन ? अघिल्लो अंशको हस्ताक्षर साँच्चै पृथ्वीनारायणको हो भने यसलाई पृथ्वीनारायणको कृति मान्नमा केही आपत्ति छैन ।

कुनै अज्ञात व्यक्तिले लेखेको पृथ्वीनारायणको जीवनीबारे माथि चर्चा भई सकेको छ ।

पृथ्वीनारायणको पालाको ऐन पनि यहाँ छपाउन पाएको भए पूर्ण पृथ्वीसाहित्यको नमूना यस सङ्कलामा पाइने थियो, तर हतारमा त्यसलाई खोज्न भ्याइएन । दोस्रो संस्करणमा त्यो पनि पूरा होला भन्ने आशा छ।

पृथ्वीनारायणलाई अरूले लेखेका पत्रहरू खोज्दा पनि धेरै पाइएनन् । जयप्रकाशको धर्मपत्र यस प्रकारको एकलो उदाहरण भएको छ ।

(ढ) उपसंहार

सं. १६६३ मा दोस्रो उठानको श्रीगणेश थालेबापत पाठकहरू आश्चर्यमा पर्नु होला । यो मिति रामशाहको जीवनीमा देखिन्छ तापनि यो यसको रचनाकाल होइन वरु रामशाहको राज्याभिषेक काल हो । त्यसो भए यस मितिलाई साहित्यिक दृष्टिले महत्व दिने के प्रयोजन ? यो थाहा हुँदा हुँदै पनि झन् यसलाई दोस्रो उठानको सिरानमा राख्नु कत्रो अन्याय !

पाठकहरूको यस्तो अभियोग मलाई अमान्य हुने छैन । मैले त केवल एउटा लोभको वशमा परेर यसो गरेको हुँ । त्यो हो रामशाह झैं युगपुरुषको समयदेखि साहित्यको नयाँ उठानलाई थाल्ने लोभ । जबसम्म मेरो लोभले कुनै पूर्ण प्रामाणिक सामग्री पाउने छैन त्यस वेलासम्म यही जीवनी यस नयाँ उठानको सिरानमा वसोस् भन्ने मेरो धृष्टता हो ।

अन्तमा वाणीविलास ज्योतिर्विद, दावादलशाह,गंगाविष्णुद्विज लीलाम्बर जस्ता पुराना साहित्यिकहरूलाई परिचित गर्ने सौभाग्य पाएकोमा एवं पृथ्वीसाहित्यको अपूर्ण नै भए पनि एउटा घतलाग्दो नमूना प्रस्तुत गर्ने मौका पाएकोमा हर्ष प्रकट गर्दै यस उठानको यहीं विसर्जन गरिन्छ ।

दोस्रो उठानमा परेका ग्रन्थहरूमा स्याना र छोटाहरू सिङ्गै छापिएका छन्, तर लामा र ठूलाहरूलाई फोरेर छापिएको छ। सिङ्गै नछापिएर छापिएका ग्रन्थहरू यी हुन्—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"प्रायश्चित्त प्रदीप" : यसमा केही थालनीका, केही माझका र केही पुछारका अंश परेका छन् । यसबारे संकेत (शी० २८ क को पुछारमा) दिइएको छ ।

"नृपश्लोकी" : यसमा थालनीको नमूना मात्र यहाँ परेको छ ।

लीलाम्बरकृत "अजीर्णमंजरी" : यसमा केही आरंभबाट र केही पुछारबाट लिइएको छ ।

"अजीर्णमंजरी" (बेनामी) : यसमा पनि थालनीको नमूना मात्र दिइएको छ ।

"दिव्योपदेश" : यसमा पृथ्वीनारायणले नलेखी अरू कसैले लेखेको शुरूको स्यानु डफ्फा परेको छैन ।

"वंशावली" (शी. ३८ भ) : यसमा योगी नरहरिले र जनकलाल ढकालले पृथ्वीनारायणकै हस्ताक्षर भनेर दावा गर्नुभएको ठाउँभित्रबाट दिइएको छ ।

"पृथ्वीनारायणको जीवनी" : यसमा माझबाट नमूना झिकिएको छ।

दोस्रो उठानमा कन्जुस्याइँ गरूँ भन्दा भन्दै पनि निकै अभिलेखहरू दिनै पऱ्यो । तिनमा २१ अभिलेख केवल पृथ्वीनारायणका मात्र छन् । बाँकी १३ मा २ काठमाडौं उपत्यकाका शासक र रैतीहरूका छन् । सात अभिलेख मात्र कर्णाली प्रदेशका शासकका छन् ।

यस उठानमा केही ग्रन्थहरूको पनि चर्चा छ । यी ग्रन्थहरूमा केही उच्च साहित्यिक स्तरका छन् । यिनको उपयोगितालाई स्वीकार नगरी रहन सकिन्न । यी ग्रन्थहरूमा केही ग्रन्थहरू बेनामी छन्, तर बाँकी चाहिं लेखक फेला परेका छन् । अभिलेखका लेखकलाई पनि गणना गर्ने हो भने गाभिन आउँछन् दुर्गा, काशी जोइसि, नरु जोइसि, दैवज्ञ जयनारायण, मथु जोइसि, बल भद्र जोशी एवं जयप्रकाश ।

अब तेस्रो उठान थाल्नुभन्दा पहिले हामी एक थोक मनमा खेलाऔं । त्यो के भने अन्य छिमेकी भाषासरह नेपालीमा पनि पद्यदेखि नै साहित्यको प्रस्फुटन भएको हो भनेर अड्कलनेहरूको मतको लागि आजसम्म भेटिएका सामग्रीहरू त्यति सहायक हुन सकेका छैनन् जति तीं नेपाली साहित्यलाई गद्यदेखि प्रस्फुटित भएको हो भनेर अड्कलने (कमल दीक्षित इत्यादि)हरूको मतको पुष्टिको लागि सहायक भएका छन् । वृहत्तर नेपालको गठन हुनुभन्दा पहिलेको पद्य अहिलेसम्म ज्यादै नगण्य मात्रामा फेला परेको छ भने गद्यचाहिं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आशाप्रद फैला पर्दो छ । मेरो विचारमा नेपालीको सर्वप्राचीन स्तरीय अभि-लिखित कविता मलयीवम र तिनमा वंशको वर्णन भएको एक वंशावली ।

अन्तमा पाठकहरूछेउ विषयवस्तुको प्रतिपादनमा त्रुटिहरू केही भएका छन् भने तिनको सूचना दिने कृपा गर्नु होला भन्ने अनुरोध गर्दै यस विश्राम-लाई यहीं टुङ्गाइन्छ ।

—:o:—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो उठान

(भानुदत्तदेखि भानुभक्तसम्म)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४०

भानुदत्त

(क) हितोपदेश मित्रलाभ

(पहिलो पाण्डुलिपि)

सं. १८३३

श्री गणेशाय नमः । एस्ता धूर्जटिभन्ना महारुद्रका प्रसादतँहँ सज्जन-सर्वको कार्यसिद्धि हवोन्—जस् महारुद्रका वस्याकि शिरजटामा गंगाको फीन जस्तो सेतो चंद्रमाको कला शोभायमान नै रहंछ ।

यो हितोपदेश सुन्याले संस्कृत वाणी बुझीन्छ । बोलनाकन चतुर हुंछ। नीतिशास्त्रको ज्ञान हुंछ । एस् सँसारमाहाँ ज्ञानिजनले कहिले बुढो हुन्या आथिन, सधैं अमर झैं भै रहौंला झैं मानिकन विद्याको चिंतना गर्नु, धन आर्जनाको उपाइ गर्नु । मृत्युले मानिकन जगटामा समातिकन राखेंछ भनि मनले मानिकन झटपट गरि धर्म गर्नु । संसारमाहा सर्व धनचाहिं ठुलो धन् विद्या हो क्याहा भन्या हुनि विद्याधन् राजाले हरिशक्नु छैन, मोल गरौ भन्या ले मोल गरिशक्नु नाहिं । कैल्हेइ क्षय हुन्या छैन । तस्कारणले विद्याचाहिं ठुलो धन् होइन । जसो नदिले जल वगाइ लैजाइकन दुःखले पनि जाइनशक्ला एस्ता समुद्रसंम पुन्याउँछन्, तस्तै विद्याले नीच मनुष्यकन पनि राजासम्म पुन्याउँछ । आहापछि भाग्यअनुसार फल पाउँछ ।

एस् संसारमाहा दुइ विद्या विख्यात छन्—एक शस्त्र विद्या, दोस्रो शास्त्र विद्या । दुइमाहा अघिल्ला विद्या वृद्धकाल भयापछि पराक्रम घटला तव लोकमा हास्य होला । दोस्रा विद्याको आदर जन्मभरि सर्वले गर्नन् । तस्कारणले शास्त्र विद्या ठुलो हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानीजन विद्या भयापछि विनयव्यवहार जानिइंछ, विनयव्यवहार सुपात्र बोलाइंछ, सुपात्र बोलायापछि धनप्राप्ति हुंछ, धनले धर्म गर्नु, धर्मले एस् लोकमा पनि परलोकमा पनि सुखि हुंछन् । जसो माटाका भाँडामाहा राख्याको वस्तु असुद्ध हुँदैन तसो बालपैमा पढ्नायाका केटा अज्ञानि हुँदैनन्, तस्कारणतँहँ बालकहेरुकन नाना कथाछलले नीतिशास्त्र कहंछौं ।

पंचतंत्र आदि अनेक ग्रंथदेखि संग्रह गरिकन मित्रलाभः १, सुहृद्भेदः २, विग्रहः ३ संधिः ४ एस् चारै थोकका कथाले हितोपदेश हुंछ ।

भागीरथीभन्नी गंगाका तिरमाहा पटना भन्याको एक नगर छ । तस् नगरमाहा संपूर्ण राजगुणले संयुक्त भयाको सुदर्शन नाम भयाका राजा थिया । तन् राजाले एकदिन कर्मका ण्ड) पढदा हुँदि दुइ श्लोक सुनि पाया-"मनको संदेह सबै आफल्या नदेष्याको कुरा देषाउन्या एस्तो जो शास्त्र सबैको आँखा हो सो शास्त्र जस्थि आथिन तस् मनुष्यकन अंध भन्नु । यौवनमद, धनमद, राजमद, निर्विवेकी यो चार थोकमह्या एकै थोक भया पनि अनर्थ हुन्या हो । चारै थोक हुन्या मानिसका कुरा ता गरिशक्ना पनि आथिनन् ।"

यी दुइ श्लोक सुनिकन सुदर्शनभन्ना राजाले आफ्ना चेलाहरू सबै मूर्ष कसैले शास्त्र पढ्याकौ छैन इनकन कसोगरि सुपैंडामहा चढाउनु भनिकन मनमहाँ वडो चिंता गऱ्या-"एस्ता छोरा भयाले क्या प्रयोजन् जो छोरापंडित ज्ञानि भयेनन्, धर्मात्मा भयेनन् । जस्तै कान आँखो भयाले आफुकन कुनै प्रयोजन नाहि, केवल सरीरकन पीडा मात्रै हुन्या हो, तसै मुर्ख भयाले आपु-कन पीडामात्रै हुंछ । भन्याकौ छ-जस् छोराका जन्मले वंशकन जस्-प्रतिष्ठा हवस् तस्को जन्म जन्म भन्नु । कुह्यालका चाक फिर्दा झैं फिर्दै रह्याका संसारमाहा मरिकन को जन्म लिदैनन्! विद्यावंत सज्जन भयाहुँदि एकै सुपुत्रले कुलैकन उज्यालो हुंछ—जस्तै अँध्यारि रातमहाँ चंद्रमाले सारा पृथ्वीकन उज्यालो गर्छन्, तस्तै बुझनु ।

"दानले तपस्याले संग्राममहा शूरो बोलाइकन विद्याले धनको एति थोकमहा एकै थोकले पनि जसले सख्यार्थ गर्न सकेन तस्ले महतारिकन आँमै पनि बैलाउनाकन मात्रै जन्म लिएछ भनि जान्नु । आफुकन शोक संताप दिन्या पुत्र बहुत भयाले कुन् काम, जो जन सारा वंशकन अवलंब दिन्या, जस्थि आफ्ना कुलकन विश्राम हवस् एस्तो एकै पुत्र भया हुँदि पनि निको हो । अथवा एस्ता छोरा हुनान् भनि जान्या स्त्रीप्रसंगै नगर्नु वरु निको अथवा जन्मदा जन्मदै मरिगया वरु निको अथवा एस्ता छोराचांहि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरी जन्म्या वरु निको अथवा एस्ता मुर्ष छोरा भयाचाहिं वांझि रह्याहुँदि वरु निको अथवा कपूत छोरा भयाचाहिं गर्भमहा षस्याहुँदि वरु निको हो ।

"अरू पनि भन्याको छ— गुणिजनका लेषा गर्दा हुँदि जो छोराले अघ्यारै लेखा परेन त तस् छोराकी महतारीकन छोरा भयेनन् वांझी रही भनि जान्नु । पूर्व जन्ममहाँ जस् मनुष्यले ठूला पुन्यतीर्थमहा वडो सहिकन तपस्या गरेछ त तस् धर्मका धर्मात्मा ज्ञानि पंडित धनवंत आफ्ना वश्य भै रहन्या एस्ता छोरा पावनु छ । विना पुन्यले तस्ता भला छोरा हुँदैनन् । भन्याको छ—नित्य धनप्राप्ति हवस्, शरीर निरोगी हवस्, पियारी स्वास्नि मधुर वचन बोल्न्या हवस्, छोरा आफ्ना वश्य हउन्, धन आर्जिदिन्या विद्या हवस्, संसारमाहा सुख भन्ना इ सर्व थोक हुन् । तस्कारणतँहँ मेरा इ छोरा हरुकन अब कस्तरहे गुनीज्ञानी गराँउ ?

"भन्याको ता छ आयु, कर्म, धन, विद्या, मृत्यु यो पाँचै थोक जस्कन जैल्हे जति हुन्या हो तस्कन तति विधातले गर्भैदेषि रचना गरि राष्याछन् । अरू पनि भन्याको छ-संसारमहाँ भाविको भोग्य सबैले गर्नुपर्छ, क्या साना क्या ठुला । दृष्टांत पनि छ, भाविका ख्यालले त्रैलोक्यका ईश्वर नीलकण्ठभन्ना महारुद्रले पनि नग्न भै रहनु, हरिभन्ना वैकुण्ठमहा वस्न्या विष्णु कन पनि शेषनागका विछयाउनामहा सुतनु । तस्कारणतँहँ, ठुलाले पनि भाविको भोग्य गर्नै पर्छ ।

"अरू पनि भन्याको छ--जो नहुन्या सो कहिलेई हुन्या छैन जो हुन्या सो हुन्यै छ । एस् ज्ञानको ज्या औषध चिताविष आफालन्या सो लोक-हेरू क्याहा पिउदैनन् ? यो वचन उद्यम गर्न नशक्न्या अलिस मानिस्कन हो। क्याहा भनौला त जसो एकै चक्रले रथ चल्दैन, जब दुइ चक्र हुंछन् तब रथ चल्छ, तस्तै विना उद्यमले भाग्य फल्दैन । जब मानिसले उद्यम गर्छन् तब भाग्य छ कि आथिन भनि जानिछ। पूर्वजन्ममहा गऱ्याको जो कर्म, तस् कर्मकन एस् जन्ममहा दैव भंछन्,तस्कारणतँहँ उद्यमी पुरुषले उद्यम यत्न गर्नु, अलसि भै नरहनु । उद्यम गर्न्या पुरुषथि लक्ष्मी आफैं आइ वस्छिन् । जो कापुरुष हुंछ सो उद्यम छोडिकन दैवले जो गरला सो होला भनि दैव मात्रै पुकारिकन बस्छन् ।

"तस्कारणतँहँ ज्ञानि पुरुषले दैवको भरोसा छोडिकन उद्यममहा यत्न गर्नु । यत्न गर्दा उद्यम गर्दा जब फलेन त मनुष्यकन कुनै दोष छैन । जस्तै कुह्यालले एकै माटाका नाना तरहका भाँडा बनाउँछ, तस्तै पूर्व जन्ममाहा आफुले गऱ्याको कर्म एस् जन्ममाहा नाना तरहसित आपुकन आइमिल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"अरू पनि भन्याको छ—काकताली झैं असंभवमहाँ मुख्याँजि गड्याको धन पनि दैव आफलि दिंदैनन्, आफ्ना हातले उठाइ लिनु पर्छ । तसै भन्याको छ—जस् छोराकन बालषैमहा नपढाया तस् बालककन वैरिभन्नु वावा, भन्नी महतारि । क्याहा भन्या हुँदि जसो हंसका सभामहाँ काग वस्या झैं तसै ठुलाका छोरा मुर्ख भया सज्जनका सभामहाँ शोभा हुँदैनन् । देषनाकन सुंदर हवन्, शुवान् हवन्, ठुला वंशमहा जन्म लिउन् तैपनि विद्या नभया हुँदि उस् मनुष्यकन सोभा हुँदैन । वास्ना नभयाको फूलको आदर हुँदैन तस्तै मनुष्यको पनि आदर हुँदैन ।"

सुदर्शन प्राजाले इति मनमहा विचारिकन सभामहा सबै पंडितहरू वोलाइकन भन्या—"हे पंडित हो, सुन्नु हवस्, तिमी पंडितका फौदमहा बडा मनुष्य को छौ, जो कुपैंडामहा चढिरह्याका मेरा छोराहरूकन नीतिशास्त्रका उपदेशले पुनर्जन्म गऱ्या झैं सुपैंडामहा चढाउन सकन्या छौ कि? जसो कांचन सुनले वढाया हुँदि मरकतमणिका जस्तो तेज हुंछ, तस्तै सज्जनका संगले मूर्ख पनि ज्ञानि हुंछ । भन्याको पनि छ नीचसित सग गऱ्या हुँदि नीचै मति हुंछ, मध्यमसित संग गऱ्या मध्यमै मति हुंछ, ठुलासित संग गऱ्या ठुलै मति हुंछ । तस्कारणतँहँ तिमिहेरू सज्जनका सगले मेरा इ छोराहरूकन सुधार्नान् कि भनि म भंछु ।"

एति राजाले भन्याछि वृहस्पति जस्ता सबै नीतिशास्त्रमहा प्रवीन भयाका विष्णुशर्मा भन्याका पंडितले राजाथि विति गऱ्या "हे महाराज ठुला कुलमहा जन्म लिया राजपुत्रकन पढावनकन क्याहा सकियैन ? अजोग्य ठाँउमा गऱ्याको काम कहिलेइ फल्दैन । कसो भन्या हुँदि, मेरुकन पल्हाया झैं वहुतै मस्कत गरि पढायाहुँदि पनि वकुल्ला कहिलेइ पढ्दैनन् । भला स्थानमा गऱ्याको काम निस्फल हुँदैन । अरु कारण पनि छ । एस्मा महाराजा का निर्मलकुलमहाँ जन्म लिन्या सुपुत्र छोडि कुपुत्र हवैनन्, क्याहा भन्या हुँदि पद्मरागमणिका पानिमहा कांचमणि कहिले उपजन्या होइन । तस्कारणतँहँ, महिनाभित्र मैले महाराजका छोराकन नीतिशास्त्रमहा पंडित गराँउँला ।"

एति विष्णुशर्माका वचन सुनिकन हर्षमान भै विनयभाषासित नम्र भै राजाले विति गऱ्या "हे पंडित ! ठुला मानिस्हेरूले प्रतिष्ठा गऱ्या हुँदि ढुंगा पनि देउता हुंछन् । जस्तै फुलसित किरो पनि सज्जना शिरका चढ्छ तसै सज्जनका संगले नीचले पनि ठुलो वोलांउछन् । जसो उदयाचलमहा रह्याका द्रव्य धातुकन सूर्यका किरण लागंजि वडो तेज हुंछ तसै सज्जनका संगले पनि हीनवर्णले पनि ठुलो वर्ण वोलाँउँछन्। तस्कारणतँहँ मेरा इ छोरा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन सुपँडामहा चढावन्या एक तुमिथि भरोसा हुंछ ।"

एति राजाले भनिकन आफ्ना छोराहरू डाकिकन विष्णुशर्माको सौंपि दिया । जाँहापछि विष्णुशर्मा पंडितले राजपुत्रहरूकन दर्वारका उपल्ला तलामा बसाइकन उनका मनपर्दा कथा कहन आरंभ गर्न्या–हे राजपुत्र हो, ज्ञानिजनले काव्यशास्त्रका कथा सुनिकन दिन काट्छन् मुर्खजनहरू जुवा षेलिकन ख्याल-मस्करिले अथवा सुतिकन खैरयाल गरिकण दिन काट्छन् । तस्कारणले तुम्रा मनमा सुख दिनाकन काग कछुवाहरूको वडो विचित्र सुंदर कथा म कहंछु ।"

तव आज्ञा गर्नु हवस् भनि राजपुत्रहरूले भन्या । तव विष्णुशर्मा कहंछन्–"हे राजपुत्र हो, सुन्नुहवस् । अघि मित्रलाभका कथा कहंछु जस् मित्रलाभको अघिल्लो श्लोक–काम सिद्ध गर्न्या वस्तु नहुन्या धन सम्पत्ति नहुन्या तंपनि वुद्धिका वलले मित्रका वलले काक कछुवा मृग मुसो हितहरूले कार्य सिद्ध गर्न्याथ्या ।"

राजपुत्रहरू भंछन्–"यो कथा कसो हो आज्ञा गर्नुहवस् ।"

तव विष्णुशर्मा कहंछन्–"हे राजपुत्रहरू,सुन । गोदावरीभन्नी नदीका तिरमहाँ एक वडो सिमलको वृक्ष छ तस वृक्षमहा नाना दिशादेषि आइकन पंछि हरू रात्रिमहा वस्तछन् । एसो गरि रहँदा वहुतै दिन वित्यापछि एक दिन उषाकालमा अस्ताचल पर्वतमाथि कुमुदिनायक भन्ना चंद्रमा पुग्यापछी लघुपतन भन्याको तस् कागले मनमहाँ चिंता गर्न्यो–"आजु प्रभात कालैमाहा अरिष्टदर्शने भयो, नजानिय कस्तो भै पर्छ । भनि मनले वडो व्याकुल भै काग उडिकन गयो ।

जस्कारणतँहँ जो मुर्ख छन् तिनका मनमहाँ दिनदिनै हजारहजार शोकस्थन उपजंछ, सय सय भयस्थान उपजंछ, जो कोहि ज्ञानि पंडित हुंछन् तन्कनु हुँदैन । अरू पनि भन्याको छ । संसारमहाँ रहिकन मनुष्यले एति गर्नु क्याहा भन्या हुँदि, आफुकन मरण व्याधि सोक भयका लक्षण केहि भयेछ कि भनि आफुले नित्य प्रातःकाल उठि लक्षिण विचार गर्नु ।

"उहाँपछि तस् व्याधाले वनमहा जाइकन महा वडो जाल फिंजि चाँवल छरिदिकन आफु लुकि रह्यो । तसै समयमहा चित्रग्रीव भन्याको परेवाको राजाले आफ्ना परिवारीसुद्धा आकासमहाँ उडँदाहुँदि व्याधाले छरिराख्याको देषिपाया । तव तस् चावल षानकन सवै परेवाले लोभ गर्दा देषिकन चित्रग्रीवभन्ना परेवाका राजाले सवैकन भन्या–'हे परेवाहरू ! मनुष्यको संचार नभयको एस्ता वनमहाँ चावल कतावाट आया ? जाहा केहि कारण होला । कारण नवुझिकन एस् लोभमहा पर्न्याहुँदि भताना देषिँदैन । जाहा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाँवलका लोभले हामिकन पनि तसै होला जसो कंकणको लोभ देषाइकन बुढा वाघले वडा सिममहा पारि वटुवाकन मार्‍योथ्यो।'

"एति सुनिकन पारेवाहेरू भछन्–'हे महाराज चित्रग्रीव ! यो कथा कसो भयोथ्यो, हामिकन आज्ञा गर्नु हवस् ।"

"तव चित्रग्रीव राजा कहंछन् 'हे परेवा हो, सुन । एक दिन दक्षिण-दिशा चर्न गयामा मैले देष्याँ । एक वुढा वाघ थियो । तस् वाघले स्नान गरि हातमा कुश लिकन वडो तलाउका तिरमा उभीरह्यो । उहि वाटो एक वटुवा आयाको देषिकन वाघले भन्यो–'हे वटोहि, इहाँ चलाइ गर । यो सुवर्ण–कंकन लिन्हवस् ।' तव वटोहिले अलिक् लोभि भैकन आफ्ना मनले विचार गर्‍यो–'आज मेरा भाग्यले धन प्राप्ति हुन ठांछ कि ? क्या जानि, विपरित भै पर्छ कि ? यो संदेहमा पर्‍याले भलो देखिदैन । जस्कारणतँहू दुर्जनका हातबाट आपुकन चाँहिदो वस्तु प्राप्त भयाहुँदि पनि भलना हुँदैन, जसो विषसँग रह्याको अमृत पनि षायाहुँदि नमरि रहला तैपनि धन आर्जदा हुँदि संदेह हुंछ । भन्याको पनि छ– मनुष्यले संशय नपरंजि सुख पावनु छैन, संशय पर्दै जि गया हुँदि सुष पावनै छ । तस्कारणतँहू, अघि एस् वाघसँग वात गरि ता हेरौं, भनि मनमहा विचारिकन वटोहिले भन्यो—काँहा छ तेरो कंकण हेरौं ? एति वटोहिले भन्यापछि वाघले हात पसारिकन कंकन देषायो । तव तेरो विश्वास म कसोरि मानु भनि वटोहिले भन्यो । तव वाघ भंछ—अहिले म स्नान गरि शुचि भै दान दिनकन तयार भै रह्याँछौं, उहाँ-पछि वुढो भै रह्याँछु, मुषमा दाँतै छैनं, हातमा नखै छैनं, कसो भयो र मथाँइ विश्वास हुँदैन? संज्या भन्नु यज्ञ गर्नु वेद पर्न्हु दान दिनु तपस्या गर्नु सत्यता रहनु ढैर्य भैरहनु सवैपर क्षमा गर्नु लोभ नगर्नु इ आठथोक धर्मको वाटो हुन् । तस् आठ थोकमहाँ अघिल्ला चार थोकमा दंभ अहंकारले ठुला वोलावनाकन पनि मानिस्हरू गर्छन्, पछिल्ला चार थोक जो कोहि ठुला मनिस छन् । तिनहेरूथि मात्र हुंछं, सवैथि हुँदैनं । तस्कारणले मैले लोभ छोड्याँ । लोभ नछोड्याहुँदि अफ्ना हातमा रह्याको सुवर्ण–कंकण जस्-तस् लाइ दिनकन मन गर्दा हुँ? तैपनि वाघ मानिस्कन षांछ बनि लोकहरू भंछन् तसकारणले मैले सत्य कुरा गर्‍याहुँदि पनि तुम्रा मनमहाँ विश्वास हुँदैन । लोकव्यवहारमा रहन्या मानिस्हरू कुट्टिनि स्वास्तिले भलो उपदेश दिया हुँदि पनि प्रमान् मांदैनन् । जस्तै गाइ मारि ब्राह्मणले धर्म गर्‍या हुँदि पनि लोक प्रमान् मांदैनं तस्तै मैले भन्याको कुरा तुमि प्रमान मान्दौन मैले ता धर्मशास्त्र पढ्याको छ । सोहि म कहंछु, सुन । संसारमा आफ्नु प्राण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आपुलाइ पियारो लाग्छ, तसै अरूकन पनि आफ्नु प्राण उत्तिकै लाग्छ। तस्कारणतँहँ, जो कोहि साधुसंतजन छन्। तिनहेरूले जत्तिको आफ्नु आत्मा तत्तिकै पर आत्मा जानिकन सर्वपर दया गर्छन्। अरू पनि भन्याको छ,कथा गर्दामहा दान दिंदामहा सुखदुःख प्रियअप्रिय एति थोक लोकहरू सर्वथि आफै अनुसार प्रमान मांदछन्। तस्कारणतँहँ बडो दरिद्र देषि तुमिकन यो सुवर्ण-कंकण दिन ठन्छौं। श्रीकृष्णले युधिष्ठिरलाई भन्याको पनि छ–हे युधिष्ठिर, जो कोहि दरिद्र कंगाल छन् तनकन भरिपूर्ण गरिद्यौ, जो धनी छन् तन्कन दिनु पर्दैन,क्याहा भन्या रोगिजनकन औषध दियाहुँदि तत्काल औषध फल्छ, रोग नहुन्या मानिस्कन औषध दियाले कुनै प्रयोगन आथिन। अरू पनि भन्याको छ आपुथि जस्को उपकार लाग्याको छैन तस्ता सुपात्रकन पुन्यकाल पुन्यभूमि विचारिकन जो कोहि दान् दिछन् तस् दानकन सात्विक दान भंछन्। तस्कारणतँहँ मनको शंका आफालिकन एस् सरोवरपहा स्नान गरी इहाँ चलाइ गर। सुवर्ण कंकण लिनु हवस्– एति व्याघ्रका वचन सुनि मनमा विश्वास मानिकन वटोहिले सरोवरमा स्नान गर्नकन जांदा हुँदि वडा सिममहा जाइ पऱ्यो। सिमदेषि उकसन सामर्थ रहेन तव व्याघ्रले भन्यो–परष पर्ष, सिमदेषि म उकासौंला। भनि हलौं हलौं जाइकन तस् वटोहिकन समात्यो। व्याघ्रले समात्यापछि वटोहिले चिंतना गऱ्यो–जो कोहि दुष्टात्मा छं तिनेहरूले शास्त्र पढ्याले पनि वेद पढ्याले पनि विश्वास मान्नु छैन। जस्को ज्या स्वभाव सो अन्यथा हुँदैन। जसो गाइदुध स्वभावैले मधुर हुन्छ तस्तै दुष्टको स्वभाव दुष्टै हुंछ भलाको स्वभाव भलै हुंछ। दुष्ट चित्तहरूका गऱ्याको क्रिया सर्वै व्यर्थ हो। जस्तै हातिले स्नान गऱ्याको व्यर्थ हुंछ कुनै काम आँउदैन जस्तै स्वामिका मन नपऱ्याकि स्वास्निले गहना फुल लायाले भारि वोकनै मर्ने हुंछ, गहना लायाले प्रयोजन केहि हुँदन तस्तै ज्ञान भैकन कर्त्तव्य गर्न नसक्या हुँदि तस् ज्ञानकन पनि भारै भन्नु। तस्कारण मैले भलो गरिन, आपुकन मार्न्याथि विस्वास गऱ्यौं। नीतिमा पनि भन्यैको छ–प्रथमैमाहाँ प्राणिको स्वभावै विचार्नु, पछिवाट गुण शील विचार गर्नु, क्याहा भन्या हुँदि गुण शील सर्वै जितिकन स्वभाव भन्याको प्राणिका मस्तकमा चढिरहंछ।–एति चिंता गर्दागर्दै वाघले वटोहिकन मारि षायो।'

"चित्रग्रीव राजा भन्छ–'हे परेवाहेरू, एस्कारणले म भंछु, कंकणका लोभले वटोहि पर्दा झैं हामि पनि चांवलका लोभले पडौंला कि भनि सर्वथा विचार नगरि कुनै काम गर्नु आथिन। भन्यैको छ–निको गरि पकायाको अन्न षाया गुनि ज्ञानि भै विचक्षण भयाका छोरा वासु ससुरा स्वामिका आज्ञामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रह्याकि स्वास्नि, एक मनसित निको गरि सेवा गरि राष्याका राजा, मनले विचारिकन बोल्याको कुरा, विचारिकन गऱ्याको काम, यो सर्वथोक कहिलेइ पनि विगार गर्दैनन् ।"

"इहाँपछि तस् वुढा स्यालले कर्पुरतिलक भन्याका हातिथि जाइकन अष्टांग प्रणाम गरिकन विति गऱ्यो–'हे महाराज, मतिर नजरले हेरिकन कृपा गर्नुहवस् ।'

"तव हाति भंछ तँ को होस् ? काँहाँदेषि आइस् ?"

"तव जँवुक भंछ–'हे महाराज, म जंवुक हुँ । सर्व वनवासिहरूले मिलिकन पठाया । विना राजाले हामि सक्दौंन । तस्कारणले जस् वनका राज्याभिषेक दिनाकन योग्य सर्व स्वामिगुणले संयुक्त भयाको तुमिकन ठहराँला । जस्कारणतँहँ, भन्याको छ–जो कोहि कुलाचार लोकाचारले शुद्ध भै रहन्या, वडो प्रतापि हुन्या, धर्मात्मा हुन्या, नीतिशास्त्र जान्या एतिकन राजाका भागि तुल्यावनाकन जोग्य हो । हे महाराज, अरू पनि भंछौं·· (देषि ?) राजा तुल्यावनु···भनि धन संपत्ति तुल्यावनु । अरु पनि भन्छौं– जसो प्राणिको प्रतिपाल गर्न्या मेघ हून् तसै सर्व प्रतिपाल गर्न्या राजा हुन्,वरु मेघ नवर्स्यामा प्राणि जिउँछन्, राजा नभयाहुँदि जिउदैनन्। अरू पनि भन्छौं- एस संसारमा दंडका डरले प्राणिहेरू आफ्ना ठिगानमा रहंछन् । परायाका वशमा रहन्या मानिस दुर्लभ हुंछन् । स्वास्निहेरु पनि दंडैका डरले आफ्नु षसमाथि वरु रोगि वुढो भया पनि मांदछन्, छोड्दैनन् । जस्कारणले, हे महाराज, जस्तै लग्न वेला नवितोस् झटक्क चलाइ गर्नु हवस् । विलंव गर्णु चाँहिदैन ।'

"एति भनिकन जंवुक अघि अघि दगुरि गयो । ताँहापछि राज्यका लोभले हातिले स्यालपछिपछि आउँदा वडा सिममा वुड्यो । तव हाति भंछ- 'यो विधि कसो भयो ।'

'तव स्याल हाँसिकन भंछ—'मेरा पुछ्रमा समाति आव । भंदा कहाँ हुंछ, हाति वुडि मऱ्योथ्यो ।'

"तव, हे महाराज, संतजनको संग गऱ्या वढिछ, दुर्जनको संग गऱ्या घटिछ ।

"तव दूति भंछे–'हे महाराज, एस्कारणले म भंछु, उपाइ गर्नु हवोस् ।' तव राजाले कुट्टिनीका उपदेशले वानिआलाइ राजाले सेवक तुल्याइ चाकरराष्या ।

"तव चारुदत्त वानिआलाइ सर्व काममा भारा दिकन आफ्ना विश्वासमा राष्यो।एसो रहँदा वहुत दिनपछि एक दिन पर्व पाइकन राजाजे स्नानतिलक गरि सुचि भै सुवर्ण रत्न गहना मुष्यांजि राषिकन चारुदत्त वानिआथि भन्यो–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'हे चारुदत्त वानिजा ! मैले महिनादिनसम्म गौरी व्रत गर्णकन भँछौं, सो तँले आजुदेषि नित्य रात्रिमा वडा कुनीन तरुणी हेरिकन एक स्वास्नि डाकिनन ल्याव । तस् स्वास्निकन जोग्य गरि पुजा गर्छु ।'

"आहाँपछि चारुदत्त वानिजा, राजाका आज्ञाले नीकि स्वास्नि ल्याइदियो, राजा क्या गर्छ भनि लुकिकन हेर्न लाग्यो । तस तुंगवल भन्ना राजाले तस् स्वास्निकन नछोइकन वढिया कपरा गहना दिन पूजा गरिकन मानिससँग दिकन घर पठाया । एस् तरहले दिन दुइ चार गयापछि चारुदत्त वानिजाले राजाको धर्म विश्वास पाइकन आफनि ल्याइ सौंप्यो । तब लावण्यवती आफ्ना मन पऱ्याकिकन राजाले लावण्यवतीकन चिन्हजि उठिकन सान्हो गरि अंकमालिका गरी रसले आँखा अलिक् चिम्लिकन सुखसित पलंकमा वस्या । वानिजाका छोराले चित्र लेख्या झैं हेरिमात्र रह्यो—चेत हराइकन वडा सतापमा पऱ्या ।"

हिरण्यक भंछ—'हे मित्र लघुपतनक, तुमिकन पनि तस्तै संताप होला ।"

हिरण्यकले भन्याको सुनिकन मंथर मोह डर मानिकन जलाश्रय छोडिकन चल्यो । हिरण्यकहरू पनि मंथरपछि चल्या । आहाँपछि इनहेरू जांदा एक व्याधाले घुमदा फिर्दा मंथरकन फेला पाऱ्यो । तव ताँदांले मंथरकन गलामा वाँधि धनुका टुपा झुंटाइकन घर जान लाग्यो । आहापछि मृग काग मुसो इ तिनै जनाले विषाद मानि व्याधाका पछि पछि गया । तव जांदा हुंदि हिरण्यकले विलाप गऱ्यो—"एक दुःखसमुद्रका पार नजाइ दोस्रो दुःखको समुद्र आइपऱ्यो । जब विधाता विमुख पऱ्यो अनर्थैमाथि अनर्थ आइपर्छ । स्वभावैसित भया मित्र वडा भाग्यले पाउनु छ । तस मित्रले आपदामहाँ पनि सहजमाको मित्रभाव छोडदैन । महतारिथि पनि स्वास्निथि पनि सहोदर भाइथि पनि आत्मैथि पनि उत्तिको विश्वास हुँदैन जत्तिकी मित्रति हुंछ । पूर्वजन्ममा गरि आयाका कर्म फलले शुभाशुभ अर्का जन्ममा पावनु छ भनि भन्याको छ । मैले ता एसै जन्ममा देष्यौं । जस्तै प्राणिहेरुका जन्म फिर्दै रहंछन्, एक जन्ममा दशा पनि फिर्दै रहंछन् । अथवा यो पनि सहि हो ।—जाँहाँ शरीरको उत्पत्ति भयो ताँहाँ तस्को नाश पनि सँगै रहंछ; जाहाँ संपत्ति ताहाँ विपत्ति सँगै रहंछ; जाहाँ संयोग ताँहाँ वियोग पनि रहंछ । तस्कारणले एस् संसारमा सर्व थोकको उत्पन्न पनि छ नास पनि छ ।"

अनेक विचार गरिकन हिरण्यकले भन्यो—"मनको शोक आफालि दिन्या शत्रुका भयदेषि रक्षा गर्न्या प्रीति विश्वासको आश्रयमा रहन्या एस्ता मित्र भन्याका दुइ अक्षर कौन विधाताले सृष्टि गऱ्यो हो ? धन्य ! अरू पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भंछौ– सहज मित्रसँगको मैत्री संसारमा बडो दुर्लभ हो। कस्तो हो भन्या, दुई आँपाका प्रीतिरसायन हुन्, चित्तकन आनंद दिन्या, सुख दुःख दुवैका पात्र संघाति हुन्। अरू दुष्ट मित्रहरू आफ्ना चढतिकालामा धन्का लोभले आइ मिल्दछन्, इनका काम त विपत्ति पर्दा जानिंछन्।"

एति बहुत विलाप गरी चित्रांग लघुपतनक दुवैथि भन्यो—"हे मित्र चित्रांग, एस् व्याधाले वनदेषि निस्कन नपाइ जावत्काल मित्र मंथरकन छोडा-वनकन यत्न गर्नु हवस्।"

तर दुवैजना भंछन्—"हे मित्र, यो सहि हो। एस् कार्यकन जो जोग्य छ सो काम झटक्क गर्नु हवस्।"

तव हिरण्यक भंछ—"हे मित्र चित्रांग, अघि तुमि जलछेउ जाइकन मन्या झैं अचेष्ट भै रहु। वाहापछि हे मित्र काग, इनका शरीरमा चढिकन चुचाले ठुँगदै रहु। तव निश्चय व्याधा कछुवा छोडि मृगका लोभले चाँडो छोडला तव मंथरको वंधन म काटि दिउँला।

हिरण्यकले यति भन्यापछि चित्रांग लघुपतनक जसो हिरण्यकले भन्योथ्यो तसै पानि छेउ जाइकन दुवैले गन्या। तव व्याधाले तस् तलाउमा पानि पिन आयो। कछुवा छोडिकन आयेछ। तसंछेउ पडिरह्याको मृग देषिपायो। तव व्याधाले हर्ष मानिकन मृगका नजीक गयो। एहि औसर पाइकन हिरण्यकले मंथरको वंधन काटिदियो। तब मंथर दगुर्दै जाइकन पानिभित्र पस्यो। तव मृगले व्याधा नजीक आयको देषि उठिकन मृग भाग्यो। तव व्याधा फिरि आइकन रूषमनि हेर्दा मंथर देषेन। तव मनले चिंता गन्यो—"हेरि विचारि-कन काम नगर्न्या मानिस् कन एस्तै हुंछ, बुझियो। जस्कारणतहँ भन्याको छ–जस मनुष्यले निश्चल भयाको वस्तु छोडिकन अथिर वस्तुको इच्छा गरोस् तसको निश्चल वस्तु पनि हात रहदैन, अथिर वस्तु ता गयैको हो।"

वाँहाँपछि व्याधा भाविका ख्यालले निराश भैकन राजाका सेनाभित्र पस्यो। तव हिरण्यक चित्रांग लघुपतनक मंथर इ चारैजनाका सबै आपदा छुट्या। सुखसित आफ्ना आफ्ना ठाँवैमा वस्या।

एति कथा विष्णुशर्माले सुनायापछि राजपुत्रहेरूले आनंदसित वस्यामा भन्या-"इ चारैजनाले पनि तिम्रो प्रसादले सुख पायो। हामिले सुन्न इछा गन्याको पनि सिद्ध भयो।"

तब विष्णुशर्माभन्ना पंडित भंछन् "हे राजपुत्र हो! तुमिहेरूले सुन्न इछा गन्याको यो पूर्ण भयो। अरु मेरो आशीर्वाद पनि फलोस्। क्या आशीर्वाद भन्या हुँदि, हे राजपुत्र हो, तुमिहरूकन सज्जन मित्रलाभ हुवोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रा देशमा लक्ष्मी आश्रय गरुन् । राजाहरू पनि आफ्ना धर्ममा रहिकन पृथ्वीको पालना गरुन् । जस्तै भाषकि तरुणी स्वास्नि सबैका मन पर्छ तस्तै मैले भन्याको नीतिशास्त्र सज्जनहरु सबैका मन परोस् । अर्द्ध चंद्रचूडामणि भयाका भगवान् सदाशिवले सबैका कल्याण गरुन् ।" इति श्रीहितोपदेशे नीतिशास्त्रे वालबोधाय भाषा कथ्यते मित्रलाभप्रथमकथासंग्रहः समाप्तः ।

वस्वंकभूपैः प्रमिते शकेऽब्दे ।
सर्पस्य तिथ्यां शनिवासरे मुदा ।।
हितोपदेशाभिधपुस्तकं तदा ।
श्री भानुदत्तो व्यलिखद् धनार्थे ।।

श्रीमद् भगवतीधवी जयति । अनेन लिपिकर्मणा मंत्रीपाणिगृहीताऽवल प्रसाद्याऽस्तु ।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

धूर्जटिभन्नाः धूर्जटी नाउँका । यो 'भन्नु' को आदरार्थी हो । यसलाई 'भन्या' भन्दा छुट्टै मान्नु पर्छ

प्रसादतहँ : प्रसादले । भानुदत्त बाहेक अरूले–तहँ अथवा तँहँ(–ले, बाट)को प्रयोग गरेका छैनन्। काली प्रसादद्वारा सम्पादित 'बृहत् हिन्दी कोष' मा हामी अव्यय 'ते' र प्रत्यय 'तँ' पाउँछौं, जसको अर्थ ठीक भानुदत्तको 'तँहँ' संग मिल्छ । व्युत्पत्तिको दृष्टिले हेर्दा बंगाली 'ते' (तुलनीय नदीतेः नदीमा) एवं असमिया 'त' तुलनीय हमा–जन : समाजमा) को पनि यससित संबन्ध देखिन्छ ।

सुन्याले : सुनेकाले ।

आथिन : छैन । तुलनीय प्रेमनिधिको 'नाइथि' ।

राषेछ : राखेको छ ।

सबै धनचाँहि : सबैभन्दा 'चाँहि'को प्रयोग 'भन्दा'को अर्थमा अरूले पनि गरेका छन् । हेर्नोस्-"आफ्नो छोरो मर्नु चाँहि त निको मीतेको छोरो मरोस्" (गुमानी)। अफुचे घटिकन सख्य गर्नु" (प्रेमनिधि) ।

क्याहा भन्या हुनिःकिन भनेदेखि ।

नाहि : छैन ।

जसो : जसरी ।

जाइनशक्ना : अगम्य । यहाँ -'शक्ना' बहुवचनको द्योतक छ ।

वोलाइंछ : कहलाइन्छ ।

वोलायापछि 'कहलाएपछि' ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पन्हायाका : पढाएका ।

तस्कारणतँहँ: त्यसकारणले ।

कहंछौं : कहन्छु ।

भागीरथीभन्नी : भागीरथी नामकी । 'भन्नी' हो 'भन्नु'को स्त्रीलिङ्गी रूप ।

तन् राजाले : ती राजाले । 'तन्', 'जन्' जस्ता बहुवचनका तिर्यक रूप अचेल छैनन् ।

जस्थि : जससँग । भानुभक्तको 'थैं' सँग यो मिल्न खोज्छ । 'थि' अथवा 'थैं'को शाब्दिक अर्थ ठाउँ' हुनुपर्छ, तुलनीय हिन्दी थाइ, ठाँहीं ठाँई : ठाउँ । बंगालीमा पनि यसको दर्शन पाइन्छ, जस्तै 'कोथाइ' : कहाँ । नेपाली भाषामा यसका अरू भौगोलिक विभेद पनि पाइन्छन्, जस्तै 'हिंती' 'हेइँति', । यहीनिर । कतैकतै 'हिंच्ची', 'हेइँची' पनि सुनिन्छ । यो 'चौ' चाहिं 'छेउ'को विकार हो । अझै पनि नेपालीमा 'छेउ'को प्रयोग पाइन्छ, मछेउ : मसँग

आथिनन् : छैनन् । यो शब्द शशिधरले सिंहप्रतापलाई लेखेको चिठीमा पनि छ ।

चेलाहरू : छोराहरू ।

सुपँडा : असल बाटो । तुलनीय हिन्दी 'पँड' अथवा

आपुकन : आफुलाई ।

रह्यहुँदि : रहेमा । 'हुनि' र 'हुँदि' लाई हेतुमत् अर्थमा भानुदत्तले निकै रुचाएका छन् ।

अँध्यारि रातमहाँ : अँधेरी रातमा । अचेल नेपालीमा निर्जीव पदार्थलाई नपुंसक मानिन्छ । तर पहिले चाहे निर्जीव होस् चाहे सजीव हिन्दीमा झैं नेपालीमा पनि स्त्रीलिङ्ग र पुलिङ्ग मात्रै हुन्थे । भानुदत्तले 'रात'लाई स्त्रीलिङ्ग मानेका छन् । निर्जीव पुलिङ्ग र स्त्रीलिङ्गको अस्तित्व कुनै बेला थियो भन्ने संकेत अचेलका काली माटी, पहेंली मकै, पहेंली माटी, उज्यालीं पख, अँध्यारी पख इत्यादि प्रयोगहरूले पनि दिन्छन् । कर्णाली प्रदेशमा त अझै पनि यसको प्रस्ट अस्तित्व छ ।

बोलाइकन : कहलाएर ।

महतारि : आमा ।

आँमैं : आमा । पहिले संबोधन गर्दा मात्रै यो शब्दको प्रयोग हुन्थ्यो । साधारण अवस्थामा 'महातारी'ले नै काम दिन्थ्यो ।

बोलाउनाकन : कहलाउन ।

हुनान् : हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'पैंडा' : बाटो ।

कस्तरहे : कुन तरहले । यहाँ विभक्ति-ए निकै महत्वपूर्ण छ । बंगालीमा-ए विभक्तिको बाहुल्य छ, हेर्नोस् लोके : लोकले, लोकमा (लोके बले लोकले भन्छ) ।

गरांउ : गराऊँ ।

जैल्हे : जहिले ।

कहिलेइ : कहिल्यै ।

आफालन्य : आफल्नै ।

क्याहा : किन ।

पड्याको : परेको ।

वालर्षमहा : बालकैमा ।

शुवान् : सुन्दर ।

इति : यति

फौदमहा : फौजमा । तर यहाँ यसको अर्थ छ 'समूह' । 'ज' एवं 'द' ध्वनिहरू फार्सेलीमा पनि अंत : परिवर्तनशील थिए, हेर्नोस् जस्त : हात (आवेस्ताली), दस्त : हात (प्राचीन फार्सेली) ।

सवै पंडितहरू वोलाइकन : सवै पंडितहरू डाकेर ।

कुपैंडा : कुवाटो ।

सँग : मित्र ।

सुधार्नान् : सुधार्छन्, सुधार्लान ।

प्रवीन : प्रवीण ।

सकियैन । नसकिएला ।

अजोग्य : अयोग्य ।

ठांउ : ठाउँ ।

पह्राया झैं : पठाए झैं ।

गरेछ : गरेको छ ।

मस्तक : परिश्रम । <अरवेली

मश्क : अभ्यास ।

हर्वनन् : नहोलान् ।

चर्द्धछ : चढ्छ ।

लागंजि : लाग्नासाथ ।

तुमिथि : तिमीसँग ।

विष्णुशर्मा क्षौ : विष्णुशर्मासँग ।

ख्यालमस्करि : ख्यालठट्टा ।

तुम्रा : तिम्रा ।

हित : मित्र ।

गान्याथ्या : गरेथे ।

आजु : आज ।

नजानिय : कुन्नि ।

जोकोहि : जोसुकै ।

लक्षिण : लक्षण ।

चाँवल : चामल ।

परिवारी : जाहानिया ।

सुद्धा : समेत ।

भलाना : भलाइ ।

मान्योथ्यौ : मारेथ्यो ।

भयोथ्यो : भएथ्यो ।

वटोहि : वटुवा ।

इहाँ : यहाँ ।

चलाइ गर : सवारी होस् ।

क्या जानि : कुन्नि ।

म...तयार भै रह्याँ छौं : म तयार भई रहेछु ।

मथाँइ : मसँग । हेर्नोस् माथि 'थि' ।

पर्न्हे : पढ्नु ।

सवैपर : सबैमा ।

कुट्टिनो : कुटुनी ।

स्वास्नि : आइमाई ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमान् : प्रमाण ।
आवन्या : आउने ।
मान्दौन : मान्दैनौं ।
मैले ता धर्मशास्त्र पढ्याको छ :
मैले त धर्मशास्त्र पढेको छु । यहाँ 'पढ्याको छ' क्रियाको संबन्ध कर्ता 'मैले' सँग नभएर कर्म 'धर्मशास्त्र' सँग छ । यो कर्मणि प्रयोग अझै कसैको मुख अथवा लेखनीमा प्रचलित छैंदैछ, हेर्नोस् "मैले भात खाएको छ" (कर्मणि प्रयोग), 'मैले भात खाएको छु (कर्तरी प्रयोग) यो कर्तरि प्रयोग नेपालीको नवजात मौलिकता हो । यस प्रकारका वाक्यमा हिन्दी इत्यादि भाषाहरूमा कर्मणि प्रयोग नै पाइन्छ ।
पुन्यकाल पुण्यभूमि : पुन्यकाल, पुण्यभूमि ।
सिम : थलथले, भास ।
परष पर्ष : पर्ख पर्ख
म उकासौंला । म उकासुँला ।
हलौं हलौं: सुस्त सुस्त ।
गाइदुध : गाईको दूध । षष्ठी तत्पुरुष समास ।
मैले...गऱ्यौं : मैले गरें ।
भन्यैको छ : भनेकै छ ।
पर्डौला : परौंला ।
सक्दौंन : सक्तैनौं ।
षसमाथि : पतिसँग ।
गर्णु चाँहिदैन : गर्नु पर्दैन ।

पुछ : पुछर ।
आव : आऊ ।
काहाँ : कहाँ ।
मऱ्योथ्यो : मरेथ्यो ।
उपाइ : उपाय ।
वानिजा : वैश्य ।
मुष्यांजि : सामुन्ने ।
गर्णकन : गर्नाकन ।
मैले....भन्छौं: म भन्छु ।
कुनीन : कुलीन ।
जोग्य गरी : उचित प्रकारले ।
कपरा : कपडा ।
चिन्हंजि : चिन्नासाथ ।
धनुका टुपा झुंटाइकन : धनुका टुप्पामा झुण्डाएर ।
आहा : यहाँ ।
आपदा : आपत्ति ।
आत्मैथि : आफैंसँग ।
मैले...देष्यौं : मैले देखें ।
सवै थोकको उत्पन्न पनि छ :
सवै थोकको उत्पत्ति पनि छ ।
आफालि दिन्या :आफली दिन्या ।
हलौं हलौं : सुस्त सुस्त ।
गऱ्यो हो । गऱ्यो होला ।
चढतिकला : उन्नति । अचेल ।
'चर्तीकला' शब्दको अर्थ विस्मृत-प्राय भैसकेको छ ।
जावत्काल : यावत्काल ।
भन्योथ्यो : भनेथ्यो ।
फिरि : फेरि (अथवा फिरेर ?)
यस पाठले दुवै अर्थ दिन्छ ।
जस्कारणतँहँ । जसकारणले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथिर : अस्थिर । कतिखेर <कति + क्षण ।
गयैको : गएकै । जाहाँखिरि <गच्छन्+क्ष ।
ठाँवँमा : ठाउँमा । नेपालीमा अर्को एउटा 'खेर'
भर्षर्कि : भर्खरकी । (नष्ट, नाश) छ, जुन 'क्षण'
<भर+क्षण । नेपालीमा यो बाट आएको होइन, 'क्षय'
र यससँग व्युत्पत्यामक बाट आएको हो । 'क्षय' लाई
साहिनु भएका अरू केही 'खेर' बनाउन अवश्य 'क्षण' को
पदहरूमा 'ण' ध्वनि 'र' मा ध्वनिसाम्यले पनि केही काम
परिणत भएको पाइन्छ जस्तै गरेको हुनुपर्छ ।

खुरे टिपोट— पहिलो पाण्डुलिपिबाट दुई अंश यहाँ प्रस्तुत छन् । पहिलो अंश थालनीका केही पत्राहरूबाट लिइएको हो । त्यसपछि बीचका केही पत्राहरूलाई छोडेर पुछारका केही पत्राहरू मिलाएर दोस्रो अंश तुल्याइएको छ । यस पोस्तकको राम्रो चिन्हारी होला भन्ने आशाले यसो गरिएको हो । ज्ञातव्य के छ भने यस पोस्तकका जम्मा ३२ पत्रा एवं ७१ पृष्ठ छन् ।

(ख) हितोपदेश मित्रलाभ (दोस्रो पाण्डुलिपि)

चित्रग्रीवका यति वचन सुनिकन सब परेवामा एक परेवामा एक परेवा वडो अहंकारी थियो तस्ले (भन्यो)- "हे महाराजा, एसो क्याहा आज्ञा हुन्छ? सुनुहवस् । विपत्तिकालमहा वृद्धहरूका वचनले व्यवहार गर्नु, सर्वत्र वृद्धहरूका वचन विचार गन्या हुँदि भोजम पनि पाउला ? यस संसारमा अन्न पानि आदि गरि सर्वत्र शंकाले व्याप्त गन्याको छ । शंका नभयाको केहि छैन । तव शंकाको निवृति कतै पनि छैन । शंका गर्न लाग्य कसो गरि जीवनु? तस्मात् संका गर्न्याको काम पनि नपुग्न्या । तस्मात् शंका नगर्नु । सर्वसित ईर्ष्या गर्न्या दया नहुन्या सदा असतोषि भैरहन्या वडो क्रोधि हुन्या सर्वत्र शंका मान्या पराइका भाग्यले जिउन्या इ छ वडा दुःखि हुन् ।

एतिवचन सुनिकन सर्व परेवाहरू चावलमाथि जाइ पन्या । जस्कारण-तहा सर्व धर्मशास्त्र पन्हचाको भया पनि पुराण सुन्याको भया पनि संशय आफाल्न्या भया पनि लोभा भायादेषि दु खै पाउनु छ ।

उहापछि चावल षादाहुदि सव परेवा जालमा पन्या । तव जस्का वचनले षान गया, तस्कन सर्व परेवाहरू गालि गर्न लाग्या । तसै भन्याको छ-वहुतै लोकमा आफुले अघि सरि काम नगर्नु । काम वन्या हुदि सर्वकन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बरोबर जस हुंछ काम विग्न्या हुदि अघि सर्न्याको कपाल पर्छ ।

ताहापछि तन् परेवाले गालि गर्न्याको सुनिकन चित्रग्रीव परेवाको राजाले बोलन लाग्यो–"यस् परेवाको दोष आथीन, क्याहा षै गर्छौं ! आपदा पर्दाहुदि सधैंको मित्र पनि शत्रु भै रहंछ । दृष्टांत—आफ्नी आमाको दुद षाया हुदि बाछाकन गाइका पाउ शत्रु हुंछन् । आपदा पर्दामा जस्ले उद्धार गर्न सक्यो त बंधु तस्कन भंनु । मुखले लोकाचार पार्न्याकिन मित्र नभंनु । विपत्कालमा अलमलि रहन्या मनुष्यलाइ कापुरुष भंनु । तस्कारण धैर्य भैकन उद्धारको बाटो सोचना गर्नु ।

"शास्त्रमा भन्याको छ– विपत्कालमा धैर्य गर्नु, आफ्ना चर्तिकलामा क्षमा गर्नु, सभामा वस्ताहुदि सिपले बोलनु, संगाममा पराक्रम गर्नु, जस पाउनामा इछा राषनु, शास्त्र सुनाकन इछा गर्नु, एति थोक बडा जनका शोभा हुन् । दुःख पर्दामा दुःख झैं नमांन्या सुखमा पनि हर्ष नहुन्या संग्राममा पनि धैर्य हुन्या यस्ता यस्ता छोरा जन्माउन्या महतारि कहिकहि हुनन् । निद्रा, तंद्रा भय, क्रोध, आलस्य, दीर्घसूत्रता भंनु ढिलो जगाउनु, इ छ दोषकन कल्याण हवस् भन्या मनुष्यले छोडनु । तस्कारण सबै जनामिलिकन यो जाल उडाइकन लैजाउँ, जस्कारणतहा सानाले पनि एक मन भयादेषि कार्य सिद्धि गर्दैछन् । दृष्टांत–बाबियाका जेउराले पनि मात्याका हाति बाँधेछ । अरू पनि भन्याको छ-पुरुषका स्वकुल थोरैले पनि गोल मिल्याको कल्याण हुंछ । भूस नभयाका धानले चावल फलदैन ।"

यति राज का वचन सुनिकन सबै परेवाले जालसुद्धा एकैचोट उठिकन आकाश गया । उहाँपछि परेवाका पछि पछि त्यो व्याधा पनि धाउँदै गयो । उहादेषि मनमा चितना गर्न्यो–"ऐले ई परेवाहरू एकमत भै रह्याछन्, तब मेरा जाल ली उड्या । जब आपस्तमा खस्ला तब जालसुद्धा त पर्ला ।" एति मनमा चितना गरि परेवा गयापछि व्याधा फिर्न्यो ।

व्याधा फिर्न्याको देषिकन परेवाहरू मत गर्न लाग्यो, "हे महाराजा, अब कसो गर्न्या हो ?"

तब चित्रग्रीव राजा भंछन्, "बाबा महतारि मित्र ई तिन् स्वभावैले हित हुंछन्, अरु जात जो छन् कानले हित हुंछन् । तसकारण मेरो मित्र हिरण्यक नाम मुसा एक छन् ति गण्डकीका तीरका चित्रवन्मा बस्दछं, सो हाम्रा पाश काटि दिनान् ।"

भनिकन विचार गरि परेवाहरू हिरण्यक मुसाका दुलाछेउ गया । हिरण्यक मुशाले पनि कतैबाट आपदा आइ पर्ला भनि शंकाले शय दुला हुन्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुलातुल्याइकन चित्रवनमा वस्थ्यो । तव परेवा आयाका शब्दले हिरण्यक मुशो डरले भित्र पस्यो ।

तव चित्रग्रीवले दुलाभा मुषराषिकन हाक पऱ्यो, "हे हिरण्यक मित्र, हामिहरूकन देषि भलाकुशालि क्यान गर्दौन ?"

हिरण्यक मुशाले मित्रको वचन सुनिकन चाडै दुलादेषि निस्किकन भन्यो, "आजु, म तम्रा दर्शनले पवित्र भया, वडा मित्र चित्रग्रीव चलाइ पर्नु भयेछ ।"

जालमा पऱ्याको देषि केहि दुःख मानि सोध्यो, "हे मित्र चित्रग्रीव, कसो भयो ?"

तव चित्रग्रीव भंछ, "हे मित्र, हामिहरूले पूर्वजन्मका पापको भोग्य भयो, अरू क्या होला । जस्कारणतहा, रोग शोक संताप वंधन कष्ट यो सर्व थोक आफुले पूर्वजन्ममा अपराध गऱ्याको हो । जो वृक्ष लावनु सो फल पावनु छ ।"

हिरण्यकले एति वचन सुनिकन आफ्ना मित्रको वंधन काटनकन चाडै अघि सऱ्यो । तव चित्रग्रीव भंछ, हे मित्र, यसो होइन । अघि जोकोहि मेरा आश्रयमा रहन्या छन् तन्हरूका आशा काटि देउ ।"

तव हिरण्यक भंछ, "हे मित्र, मेरो वल थोरै छ, दात पनि कवलै छ । सर्वका पाशा काटनकन कसो गरि सकुँला ? तस्कारणले मेरा दात नटुतंज्यै अघि तिम्रा पाशा काटि दिउँला । उहापछि जति सकौला तत्तिको काटौला ।"

तव चित्रग्रीव भंछन्, 'हे मित्र, एसो त हो तैंपनि जत्तिका हुंछ तत्ति काटि दिनु हवोस् ।"

उहापछि हिरण्यक भंछ, 'हे मित्र, आफ्ना आत्मा छोडिकन आश्रयका रहन्याको रक्षा गर्नु वडाको नीति भन्याको छैन । तस्कारणले भन्याको छ, कैले आपद पर्ला कि भनि धनको रक्षा गर्नु, धनले स्वास्नि छोराछोरीको रक्षा गर्न स्वास्निले छोराछोरीले पनि निरन्तर गरि आत्माको रक्षा गर्नु ।अरू पनि छ,धर्म अर्थ काम मोक्ष यो चारै थोक पदार्थ सिद्ध गर्न जो सक्न्या प्राणि तस्कारण मान्याले सर्व मान्या झैं भयेन, रक्षा गऱ्याले सर्व रक्षा भयन । अरू पनि, ज्ञानी जनले धन जीव षर्च्चीकन पनि परोपकार गर्छन्, क्याहा भन्या एस् संसारमा कसैले स्थिर भै रहनु छैन । एक दिन त अवश्य नाश हुन्यै छ । तस्कारण धन जीउलाई उपकार गर्नु ।

(एउटा खण्डित प्रतिलिपिबाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

पै : हल्ला ।

सोचना : चिंतना ।

चर्तिकला : हेर्नोस् 'चढ्तिकला' शी० ३७ क ।

कहि कहि : कताकतै ।

गर्दैछन् : गर्छन् नै ।

गोल मिल्याको : एकता भएको ।

ऐले : अहिले ।

हाक पान्यो : पुकान्यो ।

भलाकुशाली : भलाकुसारी । यो आएको '✗भलाकुशली'बाट हो ।

लावनु : लाउनु ।

कवलै : कोमल नै ।

नटुतंज्यै : नटुट्तै ।

(ग) खुरे टिपोटः—दोस्रो पाण्डुलिपिका जम्मा ३१ पृष्ठ मात्रै प्राप्त भएका छन् । यस पोस्तकका मालिक कुनै शाह थर भएको व्यक्ति हुनु पर्छ, किनभने पहिलो पत्रको खाली चाहिं पृष्ठमा यस्तो लेखिएको छ—

प्राणसाह
सम्सेरसाह
पुष्करसाह
ठुन्टावाहादुरसाह
कउडंडजित्, अलिवाहादुर दल्मुषिसाह
हर्कप्रसाद्साह
गङवाहादुरसाह

उक्त पृष्ठमा अपरिपक्व हातले मानिस र फूलको चित्र कोरेको छ । १ देखि ५० का अंक केटाकेटीहरूले लेखे झैं लहर मिलाएर लेखिएकाछन् । डेढा, पौना सबाई इत्यादिको हिसापको अभ्यास पनि अङ्कित छ । अनि एक ठाउँमा लेखिएको छ 'हेतुउपदेसः' हेतुउपदेस ।

यस पाण्डुलिपिका प्रतिलिपिकारले भानुदत्तको मौलिकताको उति राम्रो सुरक्षा गरेका छैनन् । दोस्रो पाण्डुलिपिको विशेषता जाहेर हुनाको साथै भानुदत्तको भाषा र शैलीमा पनि धेरै ज्ञान उपलब्ध होस् भनी यहाँ छुट्टै स्थलबाट नमूना झिकिएको छ । तर यस नमूनाको कथानक पहिलो पाण्डुलिपिबाट लिइएको प्रस्तुत प्रथम अंशसँग गाँसिन पुग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४१

शशिधर उपाध्याय

प्रतापसिंह शाहलाई पत्र

सम्वत् १८३४

स्वस्ति श्रीगिरिराजचक्रचुडामणि नरनारायणेत्यादि विविधविरुदावलि-विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे प्रतापसिंह साह वहादुर संसेरजङ्गदेवेषु सदा समरविजयिषु इतभिक्षुक ब्राह्मन ससिधर पाध्याको वेदोक्त शुभ आसिष आसि (ष) आसिष तम् पूर्वक पत्रमिदम् ।

ताहा चरणारवृन्द ह (र) हमेश कुशल मंगलतै सेवकको उद्धार प्रतिपाल होला । आगे यहाँको समाचार षामिदका (पुण्य) ल्ये प्रतापले भलो छ ।

उप्रान्त पाद्रीसँगको झगडा भयापछि चौथा दिनमाँहां मलाई कान्छा चौतरियाले डाक्न पठाया छन् र पाद्रीले पनि क्या भन्छन् जानै हो भन्या र गयाँ । कुरा भन्या ढेरै गऱ्या । निदान पुर्पछे गर्दामाहा अघीको कुरो पनि गऱ्याँ । "मैले होइन मेरा दुर्दशाले पाऱ्या" ·····भन्या । ताहाउप्रान्त डाक पऱ्याको कुरो भयो । मैले पनि साफ जुवाप दिदा हो भनी कयेल भया । तर "मैले हुकुम दियाको होइन साऱ्या पवास (ले प) ठायेछ, साऱ्या षवासलाई वाँधेर श्री ५ महाराजका हजुर पठाउला भन्दा सुनेछ र किस्त्यांन भो" भनी मछेत्र भन्या । "आहा पनी मेरो अर्को कोहि छैन, मुल्टिन साहेवको भरोसा छ म भला भनी राखेछ । तर मैले गोर्षामाथी तरवार वाछनु वेर्था हो । मैले ता गोर्षा माऱ्या पनी वहादुर साहको भारे भैषानु । मैले पाप सोचनु केही होइन । तर म अभागी रह्याछु र वृद्ध समयमा कुल्याहाको पदवी पायाँ ।" भनी निस्कदाका दिन श्री ५ महाराजका हजुरवाट दियाको मोहर देखाया ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उप्रान्त "आज पनी रनगंजंन् कासिनाथ पनि हानौं भन्थ्या र कासिनाथ रनगंजंन्लाइ पनि यही जवाव दिया 'म मेरो वादि भइस आज भन्या मलाइ कटाउनाको कमाइ गर्नु लागिरहिछ' भनि राख्याँछु ।" भन्या कुरो पनि गऱ्याथ्या। जमक पनि हेर्दा···को लागथ्यो ।

उप्रान्त आजभोली र माझिला साहेबबाट पनि चिठिपत्र आयो । जयनसिं भन्याको नेवार गंगासि मधेस्या पाल्पाबाट आउँदा लाल जि भन्याको मधेस्या कलकत्ताबाट आयो । प्रमाना ल्यायो भन्दा हिजो आजर सिपाही राखनी लागी रह्याछन् । वादासाहाका मानिसहेरु र लालाजि भन्या मधेस्या पटना गया । वृहस्पतिवार गया ।

उप्रान्त भौमद्वाऱ्या र कासिनाथ पाध्या पाल्पा वहादुर शाहलाई लिन जान्छन् भंन्या कुरो छ । गयाका आथिनन्; तर जनन् । कात्तिकका दिन हामीले काम गर्नेछ भन्छन् भन्या कुरो छ ।

उप्रान्त पाद्रिलाइ आयाको चिठिको नकल उतारि जवाफ पाद्रीले दियाको नकल उतारि चराइ पठायाको छ, मालूम भया जाला ।

उप्रान्त जगा जगाको साहेबहरू वदलि हुन्छन् भन्या कुरो छ। पटनाका वबा साहेव पनि वदलि हुन्छन् भन्या सोहोरा छ ।

उप्रान्त कान्छा चौतरियाका केटाकेटी भन्या गोर्षा जाउ भन्य वाटामहा फेला परौला भन्नाका दहसतले आउन सकदैनन् । कति ता किस्ताहान हुंछौ भन्न लागीरह्याछन् भन्या कुरो छ भन्दा सुनिरहेछु ।

उप्रान्त सरूप पनि मछेव र क छ । मैले 'विरायाको केही होइन्या होइन' भनि विन्ति गरिउ, लागेन । 'इनको निमक षायाको थियौ, गर्या । मेरो विराउ भयो र लागिरहेछ । हुकुं मान्या होस् । माफ वक्स्या आपनु घर हो हामीले जानु छ । भन्न आइरहेछ । हिजोका अर्थकन पनि गर्न्यौं होइन भनि विंति गऱ्याथिउ, लागिन । ऐस वातको साछि भन्या लक्ष्मिनारायण पाध्या जान्दछन् । निसित दुवाऱ्या भन्छ "त्रहा पनि वुझदा कासि जान्याहो भन्न लागिरहेछ भन्दा सुनिछ । विंति गरि देउ हामि जान्छौ भन्न आइरह्याछन् ।" जो मर्जि सो सहि । हिजो कोठा वसि उफ्ऱ्याका कुरा आज निस्कन लागीरह्याछन् ।

उप्रान्त भीमा मात्रै आयाको आथिन। कुरा सुन्दामाहा पनि "वाहादुर साहालाई झिकन्या हो, काम गर्न्या हो ।" भनि भन्या भीमा र कासिनाथ पाध्या लागिरह्याछन् भंन्या कुरो छ ।

उप्रान्त कान्छा चौतरियाको रुपिया ६ हजार पान सय तहा कोही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगामा राख्याछन् भनि मानिस लिन ताहा गयाका रह्याछन् । पछिबाट बाल पाया, ति रुपिया जहा निस्क्या कोहिरोज धुम गर्न्या जमक पनि छ । ति मानिसकन पाया इनका नर्व नारी सुकीरह्याछन् । ताहा को आयाको हो भनि मर्जि होला । विरमनि र ·· पनि भन्याका सोराला षवास्या आयाका रह्याछन् । जगा भन्या श्री ५ महाराजका हजुरबाट बुझ्या जाला । ताहा उप्रान्त जो होला सो विति गरि पठाउला ।

उप्रान्त पाद्रिको हाति आँष दुष्या र पर्सा पठाइ राख्याछन्, निको भया ल्याया निको (रा) ष्या वाहि छाडि आया, भनि पठाइ राख्याछन् । हातिलाई भैसो भयो, ताकिति आया निको होला । विग्रिजान्या आथिन ।

उप्रान्त सिउदिसवाका कविला पनि ताहाका डरले वकुललहरसारि-राखेछ भन्दा सुनिरहेछ । उप्रान्त तां मानिस पठाउ भन्या पनि आथिनन् ।

उप्रान्त वाहादुर साहा आया ता निश्चय एकवेर धुम लाग्या । सो बुझ्या जाला । गोल्टिन साहेवले हाम्रो टोपि अड्क्याको छ भन्या कुरो सुनि-रहेछ । वाहादुर साहालाई पहाडैमा थाम्न सक्या वहुतै राम्रो बढिया छ । जहा झन्यापछि ··रैमा इनलाई ता जसो भन्यो तसै होला । पाद्रिको पट पनि वाहादुर साहा आया ता फिलंगी पनिकाम भन्या जस्तो गर्छन् । सो श्री ५ महाराजका चरनचिच दाषिल गर्न्या हौ । ज्या ज्या गरि प · इ···को··· सनिका ··वक्स्या जान्या–बुझ्या··· ··· ··· ··· ···

("ऐतिहासिक पत्रसंग्रह"बाट)

विशेष शब्दहरू

षामिद : खवामित ।
पाद्री : पादरी ।
जानै हो : जानै पर्छ ।
पुर्पछे : वादविवाद ।
भोरोसा : भरोसा ।
कुल्याहा : कुलद्रोही ।
जमक : चेष्टा । तुलनीय 'जमर्को', 'जम्को' ।
माझिला : माहिला ।
जयनर्सि : जयनरसिंह ।
मधेस्या : मधिसे ।
जुवाप : जवाफ ।
कयेल : कायल ।
क्रिस्त्यांन : क्रिश्चियन ।
मछेव : मसित ।
विराउ : विराम ।
माग्या होस् : मागियोस्, मागी बक्स्योस् ।
लागिन : लागेन ।
ऐस : यस । यो लिपिदोष हो ।
आथिन : छैन ।
धुम : उपद्रव, तुलनीय धुमधाम,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बादसाह : बादशाह ।

आथिनन् : छैनन् तुलनीय पृष्ठ २३१।

गर्नेछ : गर्नु नै छ ।

मालूम भया जाला : थाहा होला ।

वदलि : सरुवा ।

सोहोर < सोहरा : हल्ला ।

दहसत : डर ।

किस्ताहान : क्रिश्चियन ।

क···छ : कराउँछ (?) ।

धामधुम इत्यादि ।

कुशल मंगलतै : कुशल मंगलद्वारा । तुलनीय भानुदत्त 'तहँ' शी० ३७ क (तस्कारणतहँ) ।

वुझ्या जाला : वुझिएला, वुझी वक्सेला ।

भैंस : भैंसी ।

कविता : परिवार ।

वकुललहर : बकुलतांती, ग्वाग्वांति ।

फिलंगी : फिरङ्गी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४२

श्रीहर्ष आचार्य

औषधी-ग्रन्थ

सम्वत् १८४८

अथ माडकलप परिकार कह। दुद माड षानु प्रमायो जावस् । माडसंग भेला: षानु पेटको वाञ्युगोला जावस् । माडसंग दहि षानु हरसा रोग जावस् । माडसग मह षानु जरोहदर जावस् । माडसंग मरिच षानु निठ्याइ प्रदो जावस् । माडसंग जवानी षानु कासो उपसासो जावस् । माड गुड षानु हियो डहदो जावस् । माड मरिच नुन षानु अर्जिन भयाको जावस् । माडसंग गउत षानु संधिपात्र जावस्। माडसंग भक्या अमिलो षानु अत्रिको जाल फुकै। माडसंग चिताइन खानु मंदा अग्नि जावस् ।

लसुन मह षानु उप्र-ललि जावस्।लसुन अवला षानु सरिर पुष्ट हवस्। लसुन गाइघृत षानु धातु गलीत जावस् । लसुन् ताता पानीसंग षानु वाञ्यु-सुल जावस् । भेडिका दुदसंग लसुन षानु वाझि अस्त्रि पुत्र होइ। लसुन त्रिफला षानु सेतो कुष्टी नीको हवै । गाइदुद लसुन षानु सरिर पुष्ट होइ । लसुन गाइ-दुद षानु रहि इन्द्रि जागै । लसुन हरिताल लेप गरनु सिरवाथ जावस् । लसुन हरिताल लेप गरनु रतौजि जावस् । लसुन भाँग षानु उषाल गरन्या जावस् ।

अथ मुसलिको परिकार कह । मुसलि गंउत्तसित षानु तिजरो जावस्। मुसलि दधि षानु सरिरको दुभिक जावस् । मुसलि गाइदुध षानु रहिइंद्रि जागै । मुसलि केरा षानु हनुफुटा जरो जावस् । मुसलि तिल षानु सरिर पुष्ट होइ । मुसली लसुन षानु गाडको रोग जावस् । मुसली दधि षानु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पांडरोग जावस् । मुसलि सिधो नुन षानु आँलाको जरो जावस् । मुसली पिपला वडिमुल षानु । फियो रोग जावस् । मुसली भाँग षानु हरसा रोग जावस् । मुसलि जवानी षानु अपच रोग जावस् । मुसलि मह षानु पेटको जुका जावस् । मुसली अवला षानु विष नलागे । मुसली षाड षानु प्रमायो जावस् । मुसली वासि पानी षानु तिजरो जावस् । येति मुसलीको परिकार कहुं ।

हलेदो २ षंड, षुदो येक षंड १ षानु पित जावस् । मोथ्याका जरा १ अरिडका जरा १ दुभो सानु पात भाग ये १ रति १ किंग अरूवा चावल १ मसिनु गरि पानीमा गरमि गरि कपाल लेप गरनु कपाल दुष्याको भिको हो ।

हर्रा व्रह्रा अवला गाइको गंउत महसंग गोली गरि षानु पुष्ट होइ । समंद्रफल मरिच नस दिनु अस्ष्टोत्र सरिरका किरा जावस् । समंद्रफल गाइ-घृत्सँग गाड लावनु गाड सुकि जावस् । समंद्रफल सिवालीको नीरगुंडि अंजन् गरनु आषाका फुल्लो जावस् । समंद्रफल वड नीवुको अमिलो लावनु सभ षटिरा जावस् । अंतको षटिरो फुटि जावस् । ··· संग दिनु ।

समंद्रफल वासि पानी पीनु पिनास जावस् । समंद्रफल वाक्रिदुद घोटि लावनु हालनु नीहाइ जावस् समंद्रफल वाक्रिदुद पीनु अर्जिन भयाको जावस् । समंद्रफल बोझो नस दिनु भुत डाहिनो जावस् । धुपको नस् समंद्रफल वड-नींवुको अमिलो नस दिनु सनीपात भयाको जावस् । समंद्रफल वाक्रिदुद आषामा अंजन गरनु तिरिमिरि जावस् । समंद्रफल वाक्रिदुद अजन् गरनु आषाको वादल जावस् । समंद्रफल तिल घोटि अंजन गरनु आषाको वेथा जावस् । समंद्रफल बाक्रिदुद घोटि अजन् गरनु आषा पाक्याको रोग जावस् । समंद्रफल सिवाली नस् दिनु अधाहा कपाल दुष्याको जावस् । यिति समंद्र-फलको परिकार कहु ।

अथचिताकलपं । चिता भाग ६ मरिच भाग १ पिपला भाग १ मोथ्या भाग १ भिरंगिराज भाग १ जुवाइँ भाग १ हरडा भाग १ सिधो भाग १ यति मिसनु मसिनु गरि वस्त्रमा छांनु तिन अँटा प्रमान ताता पानि संग षानु मंदा अग्नि जावस् । करवाइ तेलसंग समंद्रफलसंग गरमि गरि अंगमा अदं गरनु संनिपात जावस् । उसै तेलसंग अदं गरनु अस्त्रीको दोष जावस् । चूत्राका पातसंग षानु कवल रोग जावस् । चिता भलायोसंग षानु जरोदर जावस् । येति चिताकलप ।

सिलाज्यु पिन्हु वत्रमा छांनु गउत्तसित भिजावनु हरडा पिपलासंग षानु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फियो रोग जावस् । सिलाज्यु अवला षानु कासी उपसासो जावस् । सिलाज्यु कटाइ वासक षानु प्रमायो जावस् । षयेर भलायो षानु हरसा रोग जावस् । सिलाज्यु त्रिफला षानु पाँडरोग जावस् । सिलाज्यु पिपलाको जरोसित षानु फियो रोग जावस् । सिलाज्यु हिग सुठो जवानु महसंग षानु पेटको वह जावस् । अरिडको जरो सिलाज्यु मह षानु पेटको सुल वह जावस् । येति सिलाज्युकलप परिकार कहः ।

मुसली भिरंगिराज षानु कासो उपसासो जावस् । मुसलि दहि षानु वाढुली लागन्या जावस् । मुसलि दहि षानु रहिं इंद्रि जागस् । मुसली केरा षानु सिरवेथा जावस् । मुसलि महि षानु पेटका जुका जावस् । मुसलि भाँग षानु पेटको वाञ्युगोला जावस् । मुसलि सिवालीको नीरगुंडि षानु सरिन्ह पुष्ट होइ । यति मुसलीकलप ।

मुसली गोमुत्र पकाउनु फेरि दुदसंग पकाउनु तव चौलानिसंग षानु वंध्या अस्त्री पुत्र हो । मुसली गोमुत्र पकाइ षानु नित्य जरो जावस् । मुसली मह षानु नित्य जरो जावस् । मुसली विहि कटाइका वियासंग षानु दुदसुल जावस् । कृमित्रासंग मुसली भिरंगिराज षानु कासी उपसासो जावस् ।मुसली लसुन षानु गानु ठाउ जावस् । मुसली दहि षानु दुभिक जावस् । मुसली दहि षानु पिडारोग जावस् । मुसली कुभिडो षानु हियो डहदो जावस् । मुसलि पिपला षानु पियोरोग जावस् । मुसली पिपला षानु मरिच आषा डहन्या नीका हँउन् । मुसलि महि षानु तिरिमिरि जावस् आषाको । मुसली भिरं-गिराज षानु हरषा जावस् । मुसली जवानु षानु वादल जावस् आषाको । मुसलि भाँग षानु सर्व वाञ्यु जावस् । मुसली सिवालीको निरगुंडि षानु पुष्ट होइ । मुसली अजादुद षानु पुष्ट होइ । मुसली चितोको जराको झोल हालनु कान पाक्याको निको होइ । मुसली अवला षानु लेकको विष नलागस् । मुसलि षाड षानु प्रमायो जावस् ।

(मदनपुरस्कार पुस्तकालयका सौजन्यले)

विशेष शब्दहरू

दुद : दूध ।

कलप : क्वाथ : < उर्दू कलफ : माड । < संस्कृत 'कल्प'

षानु : खानू ।

प्रमायो : प्रमेह ।

साल : सुत्केरी हुँदा नानिसितै आउने साथी ।

मंदा अग्नि : मन्दाग्नि ।

उप्रतलि : झाडाबान्ता, हैजा अचेल काठमाडौंमा यो 'उपरथली'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जावस् : जाओस् ।
भेला : सखर ।
वाञ्युगोला : वायुगोला ।
निठचाइ : ?
प्रदो : पर्दो ।
जवानी : ज्वानु ।
कासो : खोकी । तुलनीय काशो (शी० २६; शी० ३०) ।
उपसासो : दम । तुलनीय उपशाशि (शी० २६), उवशाशि (शी० ३०) ।
हियो : मुटु ।
डहदो : दाह गर्दो ।
अर्जिन : अजीर्ण
गउत : गौंत ।
संधिपात : सान्निपात ।
भक्या अमिलो : भकी अमिलो ।
अत्रि : स्त्री । 'अत्रि' लेखताको विराम हो । हुनुपर्थ्यो 'अस्त्री' ।
उषाल : नाश ।
गंउत्त : गौंत ।
हनुफुटा ? ।
गाड : गाँड, गलगण्ड ।
पाँडरोग : पाण्डुरोग ।
अपच रोग : अजीर्ण ।
षाड : मिश्री ।
पित : पित्त ।
अरुवा : आलो, नउसिनेको ।
हर्रा : हर्रो ।
बर्हा : बर्रो ।
संमद्रफल : समुद्रफल ।
सिवाली : सिमाली, पानीभित्र । अएको छ । पूर्व नेपालमा बोलिने 'उपरतली' झन् पुरानु रूप देखिन्छ । यस शब्दको शाब्दिक अर्थ हो माथि (उप्र) एवं तल (तलि) । जुम्लातिर 'उप्र' र 'तलि' दुवै शब्द प्रचलित छन् ।
सरिर : शरीर ।
गाइघृत : गाईको घिउ ।
अस्त्रि : स्त्री । यो पनि लेखताको विराम हो । हुनुपर्थ्यो 'अस्त्री' ।

होइ : होस् ।
हवै : होस् ।
गाइदुद : गाईको दूध ।
रहि इंद्रि : रहि (?) इद्रिय ।
जागै : जागोस् ।
गरनु : गर्नू ।
सिरवाथ : सिरवात ।
करवातेल : तोरीको तेल ।
अदं : मर्दन ।
अस्त्री : स्त्री ।
सिलाज्यु : शिलाजी ।
पिन्हु : पिष्नू ।
वत्र : लुगा । यो लेखताको विराम हो । हुनुपर्थ्यो 'वस्त्र' ।
हरडा : हर्रो ।
त्रिफला : त्रिफला ।
वह : कष्ट ।
(?) किमिला (?)
सरिह्र : शरीर ।
वंध्या : बाँझी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उब्रने ध्याउ ।

वाकिदुद : बाखाको दूध ।

तिरिमिरि : आँखा कमजोर हुने रोग ।

भिरंगिराज : भृङ्गिराज ।

पुदसुल : थुनेलो ।

कृमिला : अर्थ अज्ञात । किर्मला

लेकको विष : हिमाली प्रदेशमा अग्ला अग्ला डाडाँहरूमा पाइने नीलो फूल फुल्ने विष ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४३

रणबहादुर शाह

भारदारहरूलाई पत्र

सम्वत् १८४९

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादिविविधविरुदावली-विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे रण वहादुर-साहवहादुरसम्सेरजङ्गदेवानाम् सदा समर विजयिनाम् ।

स्वस्ति श्रीसर्वोपमायोग्यराजभारासामर्थ श्रीकाजी जगजीतपाडे श्रीसर्दार अम्वरसिं थापा श्रीकप्तान गोलजा षवासके आशीषपूर्वक पत्रमिदम्।

यहा कुसल ताहा कुसल चाहिये । पत्र आयो अर्थ मालुम भयो । आगे यहांको समाचार भलो छ । उप्रान्त कौडचामा वैरि आइ वस्याको कतिले तहां अर्का मुष आयाकालाइ थामन बसी अम्वरसिं थापाले पल्टन अरू फौज समेत ग्वाहार दिन गयाको वैरिलाइ धर्काई कत्तल गरी काटचाको हानमार गऱ्याको फर्दसमेत विति गरी पठाया छौ । फागुणमा लेष्याको चिठी रहेछ, असोजका ८ दिन जाँदा यहां आइपुग्यो ।

उप्रांत आजकल भन्या ताँहाबाट आयानन् । उप्रांत धैंवु सम्म चिनियाको लस्कर आइपुग्दा र हाम्रा मानिसको मनसुभ घट्ता ढुंगा थामन्या घरी पऱ्यो दोहोरो फौज राषी पनी वैरि हटाउनु पऱ्यो । एस्तो काज परि आउँदा ताहां तिमीहरूसंग जान्या भारा तिलंगा ढलेत खोसीन गयाका हुन् । कहि न्या पनि कहि अन्याय पनी पऱ्यो तपनी कसैलाइ धान कसैलाइ दाम गरी वक्स-न्याछौं । धसमा कसैले उदास हुनुपर्दैन । विवेक हामी राषन्याछौं । सवैले यो कुरा सुनी षातिरजामा रहनु । वांको वैरिदेषि काठमाडौ येक दिनको दर-म्यान रहन्या थामिन्या ठाउँ थामी मनाइ सनाइ सप्रन्या ठाउमा मनाइ सप्रन्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउमा छोडी यहाँ यस्तो पर्न गयो तिमिहरू धावा गरी आउ भनी लेषी पठायाँथ्यौ । (ईश्वरीका) कृपाले आयाको वैरी जुझ बुझ ढु'गो ठाडो राषी फर्काऔं ।

उप्रान्त ताहाँ तिमीहरूले कुन कुलच्याको जिमी थामी आयाको टान्या छौ । अहाको वन्दोवस्त भयापछि काज तेतै येकोहोरियो, तसर्थ तो जगा वडा ऐश्वर्यले मिल्याकौ छ, नछाड । यहा यस्तो पर्दा केहि कुरामा थामपुर पुग्न गयेन तापनि अव हाम्रो हो थामपुर गरीवक्सन्याछौं ।

उप्रांत देवनिधि पन्तले चिठि लेख्याको ४० दिमा यहां आइपुग्यो । तस चिठीमा क्या लेष्याको रहेछ भन्या "श्रीमोरिया राजाको फौज मदतलाई लंगुरगढमा थिया, गढवालाका राजाले कवोल्याको रुपैंजा नदिंदा फौज फिन्यो, नवाफका सल्लाहासित अलखनंदामा भेट भै घाको वन्दोवस्त भयो, श्रीयमुना-पार श्रीमोरियाले षानु, वार गोर्षाल षानु, यो वन्दोवस्त गरी राजा फिन्यो श्रीनगर गोर्षाको अम्वल भयो" भनी लेष्याछन् । यहि समाचार ···वस्न्या २।४ जना मानिसले पनि लेष्याछन् । ताहावाट आइपुग्याको छैन तपनी समाचार साचै ठहरायौं । समाचार साचै भयापछि त बडीयै काम गन्याछौ भनी षुसी भयौं । अव गर्न्या काजका अर्थ कन कालुपाडे भगु षवासलाई ताहा पठायाको छ । इ २ समेत इनको पल्टन औ जोगमल्ल भक्तीयापा तस नजा देसका सुवा ताहा यति फौजले ताहां संभार रहन्या भनी काजी जगजीत पाडेका चित्तमा देष्या सरदार सुवा उमरा सुवेदारलाई तैंले षताई तहा राषनु। काजीले षटायाका मानिसले षटनमा रहनु । जो रहदैन सो अपसरिया जो रहला सो सरिया । काजी जगजीतगंडेले चाहिंदा मानिस ली तहांको वन्देज गरी यस समय पजनी सवेरै गर्नु छ मोहोर देषत हजुर आ ।

उप्रांत हाम्रो फोज डिगर्चा पुगी फिरि आयाको बिस्तार अघि तिमी-हरूलाई लेषेकै हो । ताहा पछि यहां भयाको समाचार डिगर्चा लुट्याको र भोट्याका काजीहरू पक्रियाको समाचार चीन पुग्दा चीनका वादसाहाको उजीर ज्वाइ टुङ्गथाङ भन्याको र अरु च्यानचुन हैकुन अंवा गैह्र समेत सर्दार फौज औ चिनिजा सोक योग्या गरुम्वा षम्ब्रा गैह्र समेत निगलदा फागुनमा लासा आइ पुग्याथ्या । लासावाट १।२ चिठी केही कुरा सलुकको साह्रो कुरा भन्या हाम्रा पीछा गनं आयाका स्यामररा लामालाइ र तिमीहरूको छेक्यामा लासाका धुरीन काजी इतों काजीलाइ हाम्रा छेउ पठाइदेउ भनी उसले २।३ पटक लेषता हाम्रा पीछा पन्याकालाई पीछाको धर्म थामना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त नर्सोपदा उजोर टुङथाङ आफ्ना जीय अघि सरी फौज ली आषाढ सुदी २ रोज ५ का दिन कुकुरघाटमा हाम्रा छुट्टै ठाना मिच्यो । १ ठाना रह्यंको छ । भनी केरुङ हाम्रा लस्करका सर्दार छेउ षवर आउदा सर्दार शत्रुभंजन मल्ल आफ्ना तैंनाथी सिपाहीसमेत तुलाराम उधौ २ सुवेदार कंपनी समेत केरुङवाट हिड्याछन् । वैरिले कुकुरघाटको ठाना छिनी गुहार आउन्या फौज हानौंला भनी आपनो चांजो पारी वाटमा वस्याको रहेछ । वैरिका चांजो नवुझी पाङसीङटारका पल्लाछे हाम्रा गुहार जान्या मानिस पातलै पुरन गयाछं । तेसै ठाउँमा लडाइ जोरियेछ । तुलाराम सुवेदार समेत २०।२५ मानिस हाम्रा षेत रह्याछन् । वैरिका पनि १०।१५ षेत रह्याछन् । केहि घाइता भयाछन् । हाम्रा पछि हटतै लड्दै केरुङ आयाछन् । केरुङका ठाना-का ढोकामा हाम्रा उधौ षवास सुवेदारलाई गोली लागी मरेछ । शत्रुभंजन मल्ल सर्दारले पनि १।२ आफुले पनि हानी आफुमाई पनि कंडामा र पाषुरामा तीरको घा लागी भागी लस्करसंग केरुङमा आइ सामील भयाछन् । केरुङ-भित्र २ गढी वाहिर १ गढी हाम्रा थिया । हाम्रा कुहन्या मानिस पातलै रह्याछन् । उसै दिन किल्लामा वैरिले हम्ला गरेछ । किल्ला नफुट्तापछि हटी बसेछ । उसका भोलीपल्ट फेरि लडाइ गर्न आयेछ । २ पहरसम्म लडाइ भइ नसकी पछि हटेछ । चौथा दिनपछि येक पहर रात वांकी छ भन्दा आइ लागेछ। वन्दुकतिर वरुदका सिधिया झारपात आगो फुलटा हाली मीचो पहिले वाहिरको किल्ला ४।५ घडी दिन चढ्या अम्वल गरेछ । भीत्रका २ किल्लामा तमाम दीन लडाइ भयेछ । वैरिका पनि ३।४ सय मऱ्याछन् । हाम्रा पनि २ सय मऱ्या छन् । घडी ४ येक रात चढ्दा हाम्रा २ किल्ला फुटेछ । हाम्रा मानिस केही निसकी भागी आया । उसै रातमा लपेता ली २ घडी दीन चढ्दा रसुवा आइपुगेछ । दिनभर वारपारवाट गोलीको लडाइ भयेछ, १०।८ वैरिका मऱ्याछन् । रसुवा षोला माथिवाट तरी छेका हाल्न्या गरी वैरी आउदा हाम्राले रसुवा छोडी भाग्याछन् । रसुवावाट भाग्याको हाम्रा र यता वाट जान्या भास्कर जगवल सुवेदार कंपनी समेतको भेट स्याप्रुकमा भयेछ । षोला वारपार वैरिको र हाम्रो आड वारावार भयेछ । गाउ स्याप्रुकका सह्यारलाई प्रवलराना भारत षवास रणकेसर पांडे श्रीनाथ कंपनी केही उमरा समेत पुग्याकाछन्। पुग्याका ७।८ दिन पछि तर्न्या भैकन वैरि आउँदा वारीवाट हाम्राले वंदुकको सनक लाउदा तर्न पायेनछ, हटेछ । २ ३ दिनपछि माथि-वाट वाकलो फौज तर्याको देषता हाम्रा लस्करलाइ उकालो पर्दा स्याप्रुकमा गाउँवेसीमा वस्याका हाम्रा फौज सल्लाहसित धुंचे मऱ्याछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर हाम्रो भारी फौज दामोदर पांडे समेत धुंचेमा वस्याका थिया। भास्कर गजवल मुवेदार कंपनी समेत धुंचेको थापलो देउराली भन्याको जगा मा हातमाला पुगन्या गरी वस्याका रह्याछन्। वैरिले उसै जग्गामा कटक गर्न आउंदा २ पल्ट हाम्राले घर्काई तेस्रो पटक हाम्रा सुवेदार ४०।५० पन्याछन्। वैरिका दुइ सये अढाइ सये परि उ जगा अंवल गरेछ। उसै जगालाई धुंचे-वाट गुहार गयाछन्। वीचमा वैरिले हान्न आइलागेछ। येक पटक हाम्राले हटायाछन् फेरि उसको भारी फौज आउँदा हाम्रा २।४ उसका २।४ मानिस मन्याछन्। हाम्रा हटी धुंचेका भारादारसंग सामेल भै असजिलो जग्गा थियो र धुंचे छोडी धैंवुङ आया। वैरिले पछेडा लिइ आउँदा कमान्यागढछेउ लडाइ जोरियेछ। हाम्राले जित्याछन्, ४०।५० वैरी गोली तरवारले मान्या-छन्, सय डेढ सय भीरमा लडी मन्याछन्।

रामच्यामा वैरीको लस्कर बसेछ। धैंवुङमा हाम्रा लस्कर वस्याछन्। तेस्तै बीचमा धुंचेबाट वैरिले सलुक गर्न्या आसयेको चिठी उसले पठाउंदा हामीले ईहाबाट उस चिठीको प्रतिउत्तर ली चितिया पांडे र धुरीन काजीका साथको ढेबा १ छेकी राष्याको चिनिन्ना १ पठाजाथ्यां। इनले हाम्रा भारा-दारलाई धैंवुङ भेटी रामच्या गयाछन्। उजीर टुङथाङदेषि मनिको फौजको सर्दार हयेकुन र चंटु ई २ सर्दारसंग चिठी पत्र पुग्याछन्। चिठी पत्र उजीर टुङथाङछेउ पठायाछन्। हाम्रा जान्यालाई मुषजवानी क्या अराया छन् भन्या हाम्रा लस्कर भला मानिसलाई वस्न यो जगा सागुगो छ, धैंवु छाडिदेंउ, गोर्षाका भला मानिस कुराकहानी गर्नालाइ आउन्। भरी राता कपरामा अक्षर लेषी उहि कपरातिरमा "आ उनी हाम्रा देउरालीको मुखतिर पनि यहि तीर अक्षर देखा तेरा लस्करलाइ पनि देषा हामीले पनि हात थाम्यौ तिमिहरू-का लस्करमा हाथ थाम" भनी अह्राइ पठायेछ। सोही तीर देउरालीका लस्करतिर पनि देषाइ दोहरै हाथ थामियो। धैंवु मा हामीलाइ जुझन पनि असजिलो थियो। उसले पनि भनि पठाउदा भारादारले पनि छाडिदियाछन्। वेत्रावती सांघ वारी हाम्रो लस्कर पारी भै रह्या।

ताहा छेकी राष्याका चिनिया र धुरीन काजी इती काजीलाइ पठाइ देउ भनी उजीर टुङयाङले धैंवु वाट चिठी लेख्याको थियो र ई मानिसलाइ ली रणजीतपांडे भोटु पांडे नरसिंह टक्सारी रामदास पन्थ वलभद्र पनासलाई उजीर टुङथाङछेउ पठाऔं। सावनका ३१ दिन जांदा शनिश्चरवार वेत्रावती तरी पारी वैरिका लस्करका मुहुडाका अम्बाहरूसंग रातीमा भेटघाट भयेछ। उसै रात रह्याका चिनिन्ना र धुरीन काजीलाई उजीर टुङथाङछेउ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लैगयेछ । बीहायापछि आदित्यवार हाम्रा यतावाट जान्या आरदारहरूलाइ दोपहरमा उजीर टुङ्थाङसँग मुलाकाद भयेछ । इहावाट लै गयाको चिठीको प्रतिउत्तर ली मँगलवारका दिन रणजीतपांडे र वलभद्र षवासलाइ यता पठाइ दीय छन् । बुधवारका दिन यहा आइपुग्या । चिठीमा वहुत तरहका कुरा लेष्याका रह्याछन् । असली कुरा भन्या हामीलाइ "धैवुङ सागुरो छ, नुवाकोट आई मुष्य राजा राजाका काका नुवाकोट हामीछेउ आई मील, सलुकका बन्दोवस्त गरौं । राजा र राजाका काका नआया भलामानिस भारा आउन् कुराकहानी गरौं । हामीलाइ नुवाकोट आउन पनि दियेनौ । तिम्रा दुइ मुषका लस्कर पनि झिक्तैनौ त हामी वलैसित आउँछौ ।" भनी चिठीमा लेष्याको रहेछ ।

फेरि दोस्रो चिठी लगत्तै यस बुझको आयो । पछिल्ला चिठीको जवाफ हामीले लेषीराख्याथ्यौं । वलैसंग वारी आया हान्नु भनी हाम्रा लस्करलाइ हुकुंवक्सी राष्याको थियो । भदौको ८ दिन जांदा सोमवारका विहान वैरिका १००० नौ दस देत्रावती तरी चोकदे दामोदरपांडे भयातिर १ मुष साम्ने दुष्या थुम्कामा १ हाम्रो ठाना थियो उता १ मुष मुलवाटो गेर्षुतिर कृतिमान सिंह भयापट्टि १ मुष गरी आयेछ । तीनै मुषतिरवाट हटाइ काट्तै वेत्रावती सम्म लपेट्दै लै गयाछन् । वेत्रावतीका सांगुमा मुष्य चिनिजा भाराले आफनु भागन्या लस्करलाई काट्न लाग्येछ । सांगुबाट वाटो नपाउँदा वेत्रावतीमा धेरै वग्याछन् । भीरवाट लडी मऱ्याका तरवार गोली कांडमा पऱ्याका वेत्रावतीमा वग्याका सब जम्मा वैरिका हजार बाह्रमय पऱ्याछन् । हाम्रा तरवार गोली तीरले घाइत्या ९।१६ भऱ्याछन् । चिनिजा जो भागी पारी गयामध्ये सरदार २ को नाक काटी दियाछन् र देषता देषतै वेत्रावतीमा फाल हाली मऱ्याछन् । वाकी वैरीका लश्करमा भोटुपाडे उरसिंह टक्सारी छदैछन् । त्यो कटक भया पनि घाको संला वैरिले छाड्याकों छैन । हामीले पनि छाड्याको छैन ।

वादसाहलाई चिठीपत्र सरसौगात ली पगरी वाधन्या भारा चीन जान्या भै पठाउँदा "डिगर्चा लुटी ल्यायाको तम्रा दर्वारमा आइपुग्याको केही माल पठाइदिनु । अघी केरुङमा भोटका काजी स्यामरपा लामा तिसीहेरुका भारा वसी गऱ्याको धर्मपत्र त्यो पनि पठाउ । स्यामरपा लामा भन्या मरी गयो उनका परिआर आलमाल चाकर पनि पठाइदेउ । उनेका गुम्वामा राषिदिउला ।" भनी वारंवार उजीर टुङथाङले २।३ चिठी लेषदा यो सवै थोक ली हरि बलभद्र षबासलाई बडा टुङथाङका साथ चीन जान विदा गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिडाऔं । बादशाहलाई चिठीपत्र सरसौगात ली पगरी बाधन्या भारदारलाई चीन पुगन्या बादशाहको दर्शन गर्न्या आफ्नो केही बताउन्या गरी पठाउछौ । पठायाका भारालाइ घाको ठेगाना बाधी आफ्नो लस्कर ली फिन्यो भन्या बढीयै भयो ।

उप्रान्त असौजका ५ दिन जांदा चीन बादसाहलाई अर्जी सौगात ली काजी देवदत्तथापा सुत्रा प्रतिमन राना जेठा बुढा नरसिंह टकसारीका छोरा जयन्त साही षर्दार बिष्णुसंकरको छोरो बलभद्रलाई बडा टुङथाङका साथ चीन बिदा गरी हिडायौं । असोजका १० दिन जांदा उजीर टुङथाङछेउ धैवुं मा भेट मुलाकात भयेछ । हम्रा भारा काजीहरूलाई देषी उजीर टुङथाङ बहुत षुसी भयाछन् । चिनियाको लस्करलाई पनि षानालाइ गाह्रो पन्याको रहेछ: दुषता पनि बहुतै दुषता रह्याछन् । मर्दा पनि बहुतै मर्दा रह्याछन् । हाम्रा भारा पुग्यापछि दुषन्या पिरन्या लस्कर षजना फिराउन लाग्याछन् । आफु टुङथाङ उठ्तासाथ हिंड्न्या लश्कर मात्र रह्याछन् । असौजका २४ दिन जांदा शनिबार ६ तिथिका दिन उजीर टुङथाङ लस्करसमेत धैवुङ छाडी हाम्रा काजीहरू साथ ली चीनलाइ फिन्या । इति संवत् १८४९ साल कार्तिक बदि ७ रोज १ मुकाम कान्तिपुर राजधानी शुभं ।

("ऐतिहासिक पत्रसंग्रह"बाट)

विशेष शब्दहरू

ग्वाहार : मद्दत ।

फर्द : सूची । अरबेली शब्द ।

मनसुभ : इरादा । < अरबेली मन सुब ।

ढुंगा : राज्य । तुलनीय 'गोर्खाको र कास्किको रेषजोष गर्नु ढुंगो हो' (पृष्ठ (१५५) ।

जिमो : भुई ।

घा : सधि ।

सरिया : जो अवसरवादी छैन, आज्ञाकारी ।

सलुक : सन्धि । अरबेली सलूक आचरन; भलाइ ।

भारा : भृत्यसेना ।

ढलेत : ढाल बाँधेका सिपाही ।

न्या : न्याय ।

षातिरजामा : संतुष्ट । < अरबेली 'खातिरजमा' । खातिर (मन) + जमा ।

दयाराम : बीच । फार्सेली शब्द ।

सलक : सल्काउने अर्थात् दाग्ने काम ।

कटक : युद्ध ।

गुहार : मद्दती ।

पछेडा : पछ्याउने काम ।

कुराकहानी : कुराकानी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सान्हो : सार ।

पातलै : कम संख्यामा ।

षेत रह्याछन् : लडाइँमा मरेछन् ।

षेत : (रण) क्षेत्र ।

कंडामा : पिठिउँमा ।

तीरको घा : तीरको घाउ ।

फुलटा : पुल्ठो, झुम्रो बेरेर तेल घिउमा चोभेर बल्ने दीप विशेष मसाल ।

लपेटा ली : लखेटेर ।

सह्यार : सुरक्षा ।

बीहायापछि : उज्यालो भएपछि । तुलनीय पृष्ठ १८५ 'विहाउदो शनिश्चरवार' ।

लपेट्तै : धकाउँदै, खेद्दै ।

संला : संलाप, वार्ता ।

परिग्रार : परिवार ।

ग्रालमाल : मालमत्ता ।

ग्रर्जी : निवेदन । < ग्ररबेली ग्रर्ज ।

दुषता रह्याछन् : बिरामी पर्दा रहेछन् । ग्रचेल पनि नेपालीमा बिरामी पर्नुको ग्रर्थमा 'दुख्नु' प्रयोग हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४४

रामभद्र पाध्या

लक्ष्मीधर्मसंवाद (सम्वत् १८५१)

श्रीगणेशाय नमः

यतो सत्यः ततो लक्ष्मिः यतो लक्ष्मीः ततो हरिः ।
यतो हरि ततो धर्म्मः यतो धर्म्म ततो जयः ।। १ ।।

यसो अर्थ यसो भन्याको छ । सत्य भयाका ठाउमा लक्ष्मी वास गर्दछन् । जाहा लक्ष्मी वास गर्छिन् ताहा हरि वस्छन् । जाहा हरि ताहा धर्म्म रहंछन् । जाहा धर्म्म ताहा जय हुंछ ।

धर्म्म उवाच । तव धर्म्मले लक्ष्मीछेउ विति गर्दा भया हे लक्ष्मी संसारमा सर्व तंरो पुजा सेवा गर्छन् सर्वका घरमा वास क्याहा गर्देउन । कति मनुषे धनाडेय कति मनुषे कङ्गाल हुंछन् क्या कारण हो । क्याहा तिमि भोर पऱ्यौ ? क्याहा तिमिले पल गऱ्यौ ? भनि धर्म्मले लक्ष्मीछेउ विति गऱ्या ।

लक्ष्मीरुवाचः । तव लक्ष्मी आग्या गर्दि भइन्—'हे धर्म्म ! तिमि छेउ म विति गरि विस्तार कहंछु सुंनुहवस् । मेरो वास स्त्रिजनका हातमा छ । स्त्रिजनका हातमा म वस्छु । स्त्रिजनको अलछिण म कहंछु सुंनुहवस् ।'जो स्त्रि असुचि छ, जो स्त्रि कर्कशा छ, जो स्त्रि कलह गर्छे, जो स्त्रि अनाचारि छ, जो स्त्रि अतिनिद्रा छ, जो स्त्रि अलिसनि छ, इति थोक स्त्रिजनको गऱ्या स्त्रिजनको अलछिन हुंछ । अरु अलछीं म कहंछु सुंनुहवस् । षकाऱ्याको थुक नाकको सिगान भितामाहा कपरामा लिपि पोति राषऱ्या, पोषिया ढोलियाको लउकेऱ्या,जुठो चोषो नहेऱ्या,भाड़ा वजाऱ्या सिल स्वोभाव नभयाकि, आगमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मयल राषन्या, कपरा कुचौल गरि राष्न्या, रूषा केस फिजारि राष्न्या, वोव्वाना गोडासग षान्या, चिसा पाउसग सुत्न्या, इति थोक स्त्रिजनका अलछिन हुं ।

'अब षादाको अलछिन म कहंछु, सुंनुहवस् । परिवार स्वामिक नषुवाइ आफै लुकि षान्या, षादाको स्वाद नजानि ढेरै षान्या येति सोभाव भयाकि अस्त्रि जनका घरमा म वास गर्दिन । तस्तिका घरमा भुतप्रेत वास गर्छन् । उनइले षाइ जांछन् । येस्ति स्त्रिजनले रातदिन कमाया पनि अन्न पानि वहुतै वगेर पस्या पनि आयाको मात्रै देषिछ, भुतप्रेत मात्रै षाइ जांछ । जस्तो ताता भाडाको पा(नि)विलाउछ तस्तै गरि आया पनी सवै विलाउछ। भूतप्रेतले षाइ जांछन्' । इति श्रीलक्ष्मीधर्म्समवादे प्रथमोध्याय ।

लक्ष्मिरुवाच । लक्ष्मिले धर्म्मछेउ आग्या गर्दि भइन्—'हे धर्म्म ! अस्त्रिजंका लछि म कहंछु सुंनुहवस् । जो स्त्रि सिलवंत छ, जो स्त्रि छिमावंत छ, जो स्त्रि ग्रंभिर छ, जो स्त्रि सुचिवंत छ, जो स्त्रि अल्पनिद्रा छ, जो स्त्रि अल्पआहारि छ, जो स्त्रि अल्पकामना छ, जो स्त्रि कलह नगर्न्या छ, जो स्त्रि सुचि छ,जो स्त्रि सुघर छ, जो स्त्रि दयावंद छ, यति थोक स्त्रि जनका लछिन् हुं । तव स्त्रिजनले १ प्रहरी त छ भंदा उठ्नु, वाहिर जानु, हात् पाउमा माटो लाइ धुनु, सक्या स्नान् गर्नु, नसक्या मार्द गर्नु, सूर्यार्घ दिनु, सुचि हुनु, भित्र वाहिर कसिगर् लाउनु, घर् लिप्नु, कपाल कोर्नु सींधुर् लावनु, तव देवताको चर्नको सामगृहि गर्नु । तव परिवारकन अह्रावनु तब सिकावुनु आफ्ना स्वामिकन मैलो कुचिल गरि नराष्नु, आफुले पनि सुचि भै रहनु, येस्ति स्त्रिजनका घर म वास गर्छु । येस धर्म्मले अनेक धर्म्म अनेक दर्व्य, अनेक अंन पानि अनेक सिप अनेक गुण अनेक धन होला। भित्र वाहिह्र भरिपर्न होला । धनको नास केल्ये पनि हुन्या छैन' । इति श्रीलक्ष्मिधर्म्म-संवादे दुतियोध्याय ।

धर्म्मउवाचः । तव धर्म्मले लक्ष्मीछेउ आग्या गऱ्या—'हे लक्ष्मि ! पाप पुन्यको कथाहा म कहँछु सुंनुहवस् । येक नंग्रमा अस्त्रिजनले आफ्ना पुरुषकन रिसले हेऱ्याका पापले नकटि भै पुरुषकन वांगो मुषले हेऱ्याका पापले डेरो आषो भयो । पुरुषले भन्याको नमानिकन काम गऱ्याका पापले लाटि जंम भयो । स्वामि परिवारकन नदेषाइ लुकाइ आफै मात्रै एक्लै षायाका पापले अभछे षानु पर्ला लुकाइ षायाको पाप लाग्छ, पुनस् जंममा रउ झऱ्याकि कुकुनिको जंम होला । पुरुषसग उतरा गऱ्याका पापले वैह्रि जन्म होला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामि भन्याको सेवा नगर्न्याका पापले जाहा जालि ताहा दुषि भै रहलि ।
इति श्रीलक्ष्मीधर्म्मसंवादे तृतीयोध्याय ।

धर्म्मउवाच । अब धर्म्मले लक्ष्मिछेउ आग्या गर्दा भया—"हे लक्ष्मि ! धर्म्मका कथाहा म कहंछु सुंनुहवस् । तव स्त्रिजनले स्वामिदेषि अर्को तरह नगर्नु । स्वामि भन्याको स्त्रिजनको वडो श्रिगार छ । समस्त देवता समस्त तिर्थ समस्त धर्म्म समस्त पुन्य: सर्वधर्म्म स्वामिजनको सेवा गन्या हुंछ । स्त्रि जनका अर्को केहि छैन । तस्कारणले स्वामिको सेवा स्त्रिजनले गर्नु । वहुतै गरि गर्नु । दुतिय गृह धर्म्म छैन । स्त्रिजनका येहि वडो गृहधर्म्म छ । स्त्रि-जनले मनमाहा कुचित् ठानिकन विराना पुरुषको मुष हेर्न्याका पापले अधि हुंछे । येस्तो जानिकन जो स्त्रिजनले वहुतै गरि पुरुषको सेवा वहुतै तरह गरि गर्छे येस पुंन्यले येस लोकमा परलोकमा पनि वडि भाग्येमानि भइरहलि। जंम जंममा अैभाति भैरहलि । पुत्रउंति होलि । धर्मउंति भइरहलि । सुषउंति भैरहलि । गुणउंति भैरहलि । क्षमावंत भैरहलि । सोहि ठानि स्त्रिजनले स्वामिको सेवा स्त्रिजनले वहुतै गरि गर्नु । स्वामिकन वहुतै गरि देवता हो भनि मांनु" इति श्रीलक्ष्मिधर्म्मसंवादे चतुर्थोध्याय ।

धर्म्मउवाच । तव धर्म्मले लक्ष्मिछेउ आग्या गर्दा भया—"हे लक्ष्मि ! पुनर्जंमका कथाहा म कहंछु सुंनुहवस् । क्याहा भन्या, कोहि मनुषे कि चेलि गहना वस्त्र समेत लक्ष्मिनारयन ठानि सुद त (रह) गरि जो कंन्यादान देवस् ता वैकुंठफल पावस् । जो मनुष्यले कन्याको नेग्वार (तेग्वार ?) पावस् येहि पापले जुवाइका घरमा ससुराले ७ जंम गोरूको जंम भइ रहनु पर्ला येहि पापले केटिले पनि कमारि भैरहनु पर्ला ७ जंम सम्म । कोहि मनुष्यले यो कथाहा जानि जुवाइको प्रतिपाल गर्ला तस्कारं सहश्र ब्राह्मन् भोजन् दियाको फल् पावला, १०० गाइ तर्प्याको फल पावला । जो मनुष्यले येति जानि धर्म गरोस् ता परम ग्यान पावला, पंडित होला । इति श्रीलक्ष्मि-धर्मसंवादे पंचमोध्याय ।

तव धर्म्मले लक्ष्मिछेउ त्रिति गर्दा भया । धर्मउवाच—"हे लक्ष्मि ! पुर्वजन्ममा चोर्न्याको पाप येहि जन्ममा देषिन्छ । सुंनुहवस् । सुन् तातो चोर्न्याका पापले सुं चोर्न्याका पापले अंगमाहा षटिरा हुंछन्, कासो चोर्न्याका पापले वैंह्रो हुंछ । लोहोचोर्न्या गोरूको जन्म हुंछ । कपास् चोर्न्या सेतोकोह्र हुंछ । भूमि चोर्न्या जलग्रह हुन्छ । पोथि चोर्न्या लाटो होला । देवता गुरुको निंदा गर्न्या गुण विद्या छराइ रोगि भइरहला । अन्न चोर्न्या कंगाल भैरहला । ब्राह्मन्को निंदा गर्न्या दरिद्रि भइरहनु पर्ला विरानाको द्रवे चोर्न्या अपुत्रि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भइरहेनु पर्ला ब्राह्मन् क्षेत्रिले हलो जोत्यां ८ जन्म कमारो भइरहेनु पर्ला। तव उस् मनुष्यकन मोक्ष होला।" इति श्री लक्ष्मिधर्म्मसंवादे षष्टमोध्याय। श्रीशाके १७१६ श्रीसंवत् १८५१ साल चैत्र बदि १२ रोज ४ नक्षत्रे धनेष्टा योगे मैत्र। यादृसि पुस्तकं दृष्ट्वा तादृसि लिषितं मया यदि सुधोमसुधावा मम दोषो नदीयते। लिषितं रामभद्र पाध्याय सुभमस्तु राम राम राम राम राम राम राम राम राम राम राम राम राम राम राम राम। सुभमस्तु।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

येसो अर्थ : यसको अर्थ।
क्याहा : किन।
गर्दउन : गर्दिनौ।
मनुषे : मनुष्य।
धनाड्ये : धनाढ्य।
भोर : भुल।
पन : पक्षपात। < संस्कृत प्रण।
अलछिण : अलक्षण।
अल्सिनि : अल्छिनी।
इति थोक : यति थोक।
षकान्याको : खकारेको।
भितामाहा : भित्तामा।
कपरामा : कपडामा।
ढोलियाको : पोखिएको।
नउकेर्न्या : नउठाउने।
आगमा : आङमा।
मवल : मएल।
कुचौल : खजमज।
वोव्वाना : ओभाना।
सोभाव : स्वभाव।
अस्त्रि : स्त्री।
तस्तिका : त्यस्तीका।
उनइले : उनैले।

वाहिर जानु : (मल त्यागको लागि) वाहिर जानु। हेर्नोस् वाणी-विलास "भाइर थोका हो" (शी. २६); दावादल "वाहिर वस्था मल थोकों आव्" (शी. ३०)।
अन्हावनु : अन्हाउनु।
सिकावुनु : सिकाउनु।
दर्व्य : द्रव्य।
वाहिल्ल : बाहिर।
भरिपुर्न : भरिपूर्ण।
आग्या : आज्ञा।
पुन्य : पुण्य।
कथाहा : कथा।
येक : एक।
नग्र : नगर।
अभछि : अभक्ष।
रउ : रौं।
उतरा : उतर।
श्रिगार : शृङ्गार।
तस्कार्णले : त्यसकारणले।
अैभाति : ऐभांती।
पुत्रवंति : पुत्रवती।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिलउंत : शीलवान् ।
छिमावंत : क्षमावान् ।
गंभिर : गंभीर ।
सुचिवंत : सूचिवान् ।
दयावंत : दयावान् ।
चर्नको : चरणको ।
सामगृहि : सामग्री ।

पुनुर्जं म : पुनर्जन्म ।
क्याहाभन्या : किनभने ।
पावला : पाउला ।
सुं : सुन ।
लोह्रो : फलाम ।
सेतोकोह्र : सेतोकोर ।
द्रवे : द्रव्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४५

भट्टचार्य शक्तिवल्लभ अर्ज्याल

हास्यकदम्ब (सम्वत् १८५५ तिर)

(क) प्रथम उल्लोल

पूर्ण सामग्री तयार भयो । नटुवाहेरू सर्वजना नाना प्रकारका चन्दन, सिन्दूर, गहना, पोसाक पहिरिकन तयार भया । ताँहाँ उप्रांत रंगभूमिमा जाई-कन गाउन्या वजाउन्या प्रभृति नाच नचाउन्या षलक सर्वजना मिलिकन नान्दी मंगलाचरण गऱ्या । अव ढेरै प्रसंग कहिरहनाको केही प्रयोजन छैन । नान्दी मंगलाचारण भयापछि सर्वै नाचन्या नटुवामध्ये पहिले रंगभूमिमा निस्कन्या सूत्रधार भन्याको नटुवा जो-छ-सो सम्पूर्ण पृथ्वीमंडलविषे जति देश छन् ति संपूर्ण देशका तिलकजस्तो भयाको नेपाल-देशका अधिपति नेपालेश्वर श्रीमन्महाराजाधिराज रणवहादुर साह आफै विराजमान हुनाले अति उज्वल भयाको वढिया भयाको साभामा प्रवेश गरिकन "हे महा(रा)ज,जय-जयकार रहोस्" भनि श्री राजाधिराज महाराजकन प्रणाम गर्दो भयो ।

ताँहापछि सूत्रधारले आकाशतिर कान् थापिकन केही शब्द सुन्यो र बोल्नु लाग्यो–"अहो, मेरो प्राणपियारी नटी नभैकन जाहाँ कसो गरि वस्नुसकिएला?" एति भनिकन रंगभूमीमा नाच्न्याहेरू पहिले निस्कँदामा राषन्या पर्दातिर हेरि नटीकन वोलाउदो भयो–"हे कुरंगनयने नटि ! आजु आकाशतिर कान् थापि सुन्दाषेरि सकल भूमंडलमा जति भयाका राजाहेरूमध्ये नायक भयाका हीम प्रतापसेन भन्याका माहाराजाधिराजका वढिया कथाकन मले सुन्याँ । तस अर्थ सोही कथाको प्रस्ताव गरिकन हाजीहेरू सर्वजना मिलिकन नाचौं । रंगभूमिमा पर्दा टाँगी तयार गऱ्या । आफ्ना साज–बाज सामाजिकहेरू सर्वजनाले संयुक्त भया हुँदि जाँहा रंगभूमिविषे प्रवेश गर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे कमलनयने ! हे कामदेवका अहंकारले परिपूर्ण भयाका सुन्दर कटाक्ष भयाकी ! हे श्रीषंड, चन्दन, कस्तुरी इत्यादि सुगंधले लेपित भयाका दुई कुचमंडल भयाकी ! हे कुरंगनयने नटि ! हे प्रिये ! शीघ्रताहा रंगभूमिमा आउ ।"

एति सूत्रधारका वचन् सुनि रंगभूमिविषे कुरंगनयना भन्याकी नटी प्रवेश गर्दी भई । तांहापछि कुरंगनयना नटी बोल्दी भई–"हे आर्यपुत्र ! यो साभा कस्की हो ?"

सूत्रधार बोल्दछन्–"स्वस्ति श्री-शोभाले जुक्त भयाका आपना बाहु-दण्डले कुंडलाकार गरी पैंच्याको कठोर भयाको धनुदेषिन् छुट्याको※प्रचण्ड कांडले सारा भूमण्डलका राजाहरूलाई खण्डित पार्ने नेपालेश्वर महाराज पृथ्वीनारायणका छोरा प्रतापसिंह शाहका पुत्र श्रीमन महाराजाधिराज पर्वतचक्रवर्त्ती श्री रणबहादुर शाहको विशाल सभा हो यो ।

नटी– हे स्वामी ! तपाईं पनि कस्तो ? विचारै नगरी त्यहाँ मझैं पतिव्रतालाई किन लान लाग्नु भएको ?

सूत्रधार (हाँस्तै)– आपनै घन्दामा अलमलिएका सिङारपटार र मोजमज्जा गर्ने मात्रै हुती भएका यी आइमाईहरूलाई के थाहा छ ? तिनी-हरू त खालि घरमा के छ के छैन भन्ने कुरा सोच्छन्, पोइहरूसित ठट्टा गर्छन् गिजिन्छन् । लोभी को छ धनवान् या मूर्ख औ पण्डित को छ भन्ने कुराको ज्ञान तिनीहरूलाई कहाँ ? हे चित्तलका झैं आँखा भएकी आइमाई ! तैंले लाज मान्नु पर्दैन । किनभने, हे मानिनी ! पुराण पढ्ने काममा विद्वान्हरूलाई, राज्यको अनुशासनमा आदर्श राजाहरूलाई, लोग्नेको गोडा धुने काममा घरानियाँ पत्नीलाई, आफ्नो बेच-बिखन गर्नामा बनियाँहरूलाई, माग्ने काममा मगन्तेहरूलाई र नाच-गान गर्ने काममा अर्काको आङनमा पुगिसकेका मारुनी र गणिकाहरूलाई लाजै केर ?

नटी–हे प्राणनाथ ! तपाईंले हेक्का दिलाउनु भयो, मैंले सम्झें । (लोग्नेको ओरिपरि घुमेर हाँस्तै) यहाँबाट एक सय योजनपर किञ्जल्कपुर नाउँ गरेको सहर छ । त्यहाँ धवलप्रतापसिंह नाउँ गरेका राजा छन् । मेरो निवास (माइत) पनि त्यहीं छ । उहिले कुनै दिन मेरा बाबु जयपालले आमा कौमुदीको अगाडि नेपालेश्वर श्रीरणबहादुर शाह महाराजको यश

※यस पोस्तकको पाण्डुलिपि खण्डित भएकाले मूल संस्कृतको सहायताले हराएको अंशलाई मैंले पुनः प्राप्त गर्ने चेष्टा गरेको छु । यस प्रकारको अंश यहाँ बेग्लै टाइपमा छापिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवम् प्रतापहरूको जुन प्रकारको वर्णन गरेका थिए, अहिले तपाईं पनि तो सबैको वर्णन गर्दै हुनुहुन्छ । आहा ! म धन्य रहिछु । म धन्य रहिछु ।

सूत्रधार हे प्यारी ! मेरा बाबुले नेपालेश्वर श्री रणबहादुर शाह महाराजको यशलाई कसरी थाहा पाएछन् ?

नटी–हे मेधावी ! सुन्नुहोस् । नगरा बजेको शब्द एक योजनसम्म सुनिन्छ, चटयाङ परेको दस योजनसम्म सुनिन्छ, तर दानी मानिसको यश र प्रशिद्धि त तीनै लोकसम्म पुग्छ । दानी मानिसको छेवैमा समुद्रकी छोरी लक्ष्मी बस्तछिन् । उसले गरेका अनौठाका कामहरू गर्ने मानिसको यश हुन-हुनाउँदै दसै दिशामा फैलन्छ ।

नटी-(नेपथ्यतिर हेर्दै)-हे मादले, वासुरीवाल अनि सारङ्गीवाल-हरू हो । झट्टै असल सभामा आओ । (उनीहरू सबै सभामा पस्छन्) ।

नटी- हे कुलका नायक ! कुन कविको नाटक खेल्ने ? नौ रसहरूमध्ये कुन रसलाई लिएर नाटक गर्ने ?

सूत्रधार–(छक्क पर्दै)–हे अबला ! के यति पनि तँलाई थाहा छैन ? धिक्कारै होस् ! यस नेपाल-सहरमा मान पाएका धेरै पण्डितहरू छन् । तिनमध्ये एकजना यस्ता छन्, जसको कुराको अगाडि अरूहरूको कुरो कर्णकटु ठहरिन्छ । त्यसैगरी कोही काव्यका पण्डित छन् कोही वैद्य छन्, कोही कुखुराले झैं पेट पाल्ने जैसीहरू छन्, कोही नैयायिक छन्, कोही तान्त्रिक छन्, हे मेरी दुलही! तर म तिनलाई मन पराउन्नं । त्यसैले विद्याका पल्लव कवि शक्तिवल्लभकै माधुर्यको बयान गर्नुपर्छ । मुस्किलले मीमांस काव्य, ज्योतिषविज्ञान, साहित्य, अमरकोष, साङ्ख्य, वेदान्त शास्त्र, व्याकरण, तर्कशास्त्र, वेद औ धर्मशास्त्रको अध्ययनले के हुने ? जो व्यक्तिको आधार कृष्ण छन्, त्यस व्यक्तिको सामुन्ने कविता नटुवी झैं रमाउँछे । नौ रसहरू मध्ये हास्यरस श्रेष्ठ हुनाले, पहिले हास्यरसकै नमुना लिनु वेस छ । त्यसमा पनि झन् अहिले वसन्तऋतुको समय छ । अहिले आइमाईहरू सिरिसका फूल-हरू चुंड्दैछन् । राम्रा-राम्रा रूखहरू फूलले युक्त हुँदैछन् । अहिले भुमराहरू झ्याङको भित्र बसेर भनभनाउँदै छन् अनि कोइलिहरू चाहिं कुहुकुहु गर्दैछन् । आकाशमा चराचुरुङ्गीहरू खेल्दैछन् । अशोकका रूखहरू फग्रिदैछन् । हे चित्तलका झैं आँखा भएकी आइमाई ! यसरी वसन्तोत्सव हुँदैछ ।

नटी–हे आर्यनन्दन ! यी राजाहरूका शिरोमणि श्री रणबहादुर शाह महाराजको कुलको बयान गर्नोस न ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूत्रधार–"हे चन्द्रामा झैं चम्किने मुख भएकी नारी ! तो राजाको कुलका बयान गर्दछु, तँ कान थाप् । उहिले हिमालको नजिकै गोर्खा भन्ने सहरमा द्रव्येश नाउँका राजा थिए । तिनका पूर्ण नाउँका छोरा भए । तिनबाट राम जन्मे । रामबाट डम्बर जन्मे । तिनबाट फेरी कृष्ण जन्मे । कृष्णबाट पनि उत्तम यश भएका रूद्र जन्मे । तिनबाट फेरि पृथ्वीपति भए । तो पृथ्वीपतिका पुत्र महायश भयाका श्री वीरभद्र साह उत्पन्न भया । पुत्र पुण्यकन सर्वदा कमाउन्या श्री नरभूपाल साह उत्पन्न भया । तन्का पुत्र विश्वसंसारविषे प्रख्यातकीर्ति भयाका सर्वदा शत्रुका राज्यकन जित्न्या भयाका श्री पृथ्वीनारायण साह महाराजा उत्पन्न भया । कस्ता श्री पृथ्वी-नारायण साह उत्पन्न भया भन्याउप्रांत तेजले सूर्यसमान भयाका, सत्पात्रविषे दान गर्न्या स्वभाव भयाका, निर्मल वुद्धी भयाका, संसारविषे प्रख्यातकीर्ति भयाका, जन्का युद्ध गर्ना निमित्त आफ्ना सेनाले सहित भैंकन चल्दामा लस्कर चल्याको चमक्ले हातिका घंटाको रणत्कार शब्दले एस् पृथ्वीकन धारणा गर्न्या कूर्म्म, अनंत, शेषनाग, वराहसमेत संपूर्ण पृथिवी डोलमाल भैंजांछिन् । अरू राजाहेरू काँप्या तर्स्या भंसाको कौन कुरा छन् ? क्या आश्चर्य छ ? एस्ता श्री पृथ्वीनारायण साह जो-छन्-सो चन्द्रकुलविषे जय-जयकार छन्, जौन श्री पृथ्वीनारायण साहले रणभूमिविषे मान्याका वैरीहरू जो-छन् सो मेघमंड(ल) फोरिकन, सूर्य्यमंडल फोरिकन एक २ गरि सबैजना स्वर्गमा अमरावती नगरमा जाईकन सुषपूर्वक वस्याका छन् । यि मेघमंडल छिचोलि जाँदि(?)-षेरि मेघमंडलमा अनेक प्वाल पन्या ।। तिनै दुलाहेरूदेषिन् इन्द्रले पृथ्वीमंडल-विषे पानि वर्साउछन् । एस्ता वीर भयाका नेपालेश्वर श्री पृथ्वीनारायण साह जो-छन्-सो अफ्ना वल पराक्रमले संपूर्ण राजाहेरूकन जिति अनेक दिन-पर्य्यन्त राज्यभोग गरि संतुष्ट भैंकन दैवका वशले श्रीनरेन्द्रलक्ष्मी महारानी र दुई भिल्यानी, एगाह्र गोटी केटीहरू सती भयाका स्त्री जनहेरूले सहित भैंकन स्वर्ग लोककन जांदा भया ।"

एति सूत्रधारको वचन् सुनिकन "एस्ता वीर भयाका राजा पनि स्वर्गी भया छन्, हा धिक्" भनि शोकले व्याकुल भैंकन भूमिमा लोट्दो भई ।

ताँहापछि सूत्रधार वोल्दो भयो–"हे प्रिय उठ, उठ । संसारमा जन्म्याका प्राणीहेरूका एस्तै दशा छ ! जन्म्यापछि अवश्यमेव मर्नुपर्छ । यो वृत्तांत शास्त्रमा पनि कह्याको छ कतिएक लोकपालहेरू भै वित्या, कतिएक ब्रह्मा, विष्णु, शिव, गणेश, कुमार, मनुराजा, इन्द्र, अग्नि, वसु, चन्द्रमा, काल, समुद्र, पृथिवी, इत्यादि देवताहेरू कतिफेरा उत्पन्न भया कति एकपल्ट क्षीण भै गया । अरू प्राणीहरूको क्या कथा छ ? हे प्रिय ! पृथ्वीनारायण साह स्वर्गी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयापनि तन्का पुत्र श्रीप्रतापसिंह साह महाराजाधिराज जो-छन्-सो, उत्तम भयाको सिंहासनविषे लक्ष्मी वस्याकी छन् जन्का, क्रोधविषे हालाहाल विष छ, जन्का जिभ्राविषे सरस्वती र उज्ज्वल भयाकी कीर्ति नाच्दछिन्, जन्का हृदयकमलविषे कुलेष्ट देवता छन् जन्का नजरका कामदेव छन्, जन्का दुई वाहुमा अश्विनीकुमार वस्याका छन्, जन्का अति प्रचण्ड किरण भयाको खड्गविषे कालानल अग्नि वस्याका छन् ।"

एति सूत्रधारले भन्याको अमृततुल्य भयाको वचन सुनि पृथ्वीमा लाट्याकी नटी उठ्दी भई । फेरि सूत्रधार वोल्दो भयो—"कुरंगनयना नटि ! ति श्रीप्रतापसिंह साह महाराजा पनि कालवशले स्वर्गी हुँदा भया ।" एति सूत्रधारका वचन् सुनि कुरंगनयना नटी फेरि मूर्छा भई ।

ताँहाउप्रांत सूत्रधार वोल्दो भयो—"हे शरत्कालका चन्द्रमा समान मुख भयाकी कुरंगनयने नटि ! केही चिंता मांनपर्दैन । श्रीप्रतापसिंह साहका पुत्र श्री मन्महाराजाधिराज रणवहादुर साह जो-छन्-सो नेपालराज्यका उत्तम सिंहासनविषे विराजमान भैरह्याका छन् ।

एति सूत्रधारका वचन् सुनि कुरंगनयना नटीले अलिक आँखा षोलिकन हेरि केहि वुझिन्या केही नवुझिन्या गरी वोल्दी भई—"हे प्राणनाथ ! नेपाल-राज्यको प्रमाण कति हो सो मकन आज्ञा गर ।"

अव सूत्रधार वोल्दछन्—हे प्रिय ! चकोराक्षि ! पहिले नेपालराज्यको प्रमाण म कहंछु, तँ एकाग्र चित्त गरि सुन् । जौन् नेपालराज्यविषये हेमालय पर्वतका कंदरादेषिन् पार्वतीका पसेना उत्पन्न भयाका फेरि चारैतिरबाट वडा-वडा मुनिजनहेरूले सेवा गरियाका कौशिकीका धारा वेगले वहंछन्, जौन् नेपालराज्यविषये हेमालय पर्वतका कंदरादेषिन् सप्तगंडकीका धारा वेगले वहंछन्, जाँहाँ संसारविषये प्रख्यात भयाका नीलकण्ठ विराजमान भयाका छन्, सोहि नेपाल देश हो । जाँहाँ पर्वतविषये श्रेष्ठ भयाकी वाग्मती छन्, जाँहाँ वरकन दिन्या भयाका पशुपतिका प्रत्यक्ष भयाका शिवलिंग छन्, जाँहाँ चाँगुनारायण छन्, जाँहा संपूर्ण भयकन हर्न्या भयाकी वज्रयोगिनी छन्, जाँहा पचलिंगेश्वर पचलीभैरव छन्, एस्ता नेपालदेशविषे श्री महाराजाधिराज रणवहादुर साह जय-जयकार भयाका छन् ।"

एति वृत्तान्त सुनिकन कुरंगनयना नटी वहुत षुसी भैकन चाँडै उठिकन सूत्रधार परिक्रमा गरि वोल्दी भई—"हे प्राणनाथ, श्रीमन्महाराजाधिराज रणवहादुर साहका शोभाकन फेरि पनि विस्तार गरि वर्णन गर ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एति नटीका वचन् सुनि सूत्रधार बोल्दा भया—" दुष्टे ? बहुतवेर तँकन मैले सिकाउँथ्या । मसँग वेर २ नसोध्नु भनि राख्याको थियो, तैले मानिनस् । फेरि २ मसँग सोद्धछेस्। कर्कशा भयाकी स्वास्नीले जितिराख्याको मानिस्को जिउनु पनि धिक्कारै हो । धिक्धिक् । शास्त्रमा भन्याको छ–'कर्कश स्वास्नी कस्ती हुंछे भन्याउप्रांत आफ्ना षसम्ले नम्र भैकन कोमल वचन गरि बोल्या पनि क्रोधले लाल २ नेत्र गरि षसम्कन हेर्दछे । भोक्ले दुब्लाई गयापछि आफ्ना षसम्लाई अलिक अंन पानुकन् दिंछे । जब वस्त्रविनु दिगम्बर भयो तब षसम्कन आफुले पहिन्याको पुरानु वस्त्र दिन्छे । तस्अर्थ ऐस्ती कर्कसा स्वास्नीले जित्याको मानिस्को जिउनाकन धिक्कार धिक्कार !' शास्त्रमा अरू पनि भन्याको छ–'स्वभाव भन्याको कसैको पनि फिर्दैन । देष, आफ्ना स्वभावैले शीतल भयाको जलकन, आगाले अथवा घामले तातो गराया पनि फेरि शीतल हुंछ, स्वभाव छुट्दैन । अरु पनि देष, कस्तै प्रकारले सिकाया पनि बाँदरको चंचल स्वभाव छुट्दैन । कुकुरको पुछर सोझो हुँदैन । जुवान्याहेरूले झूठो बोल्नु छोड्दैनन् । तस्तै प्रकारले स्वास्नीहेरुको हठ् छुट्दैन ।' हे पूर्णचन्द्रमुषि ! श्रीमन्माहाराजाधिराज रणवहादूर साहका प्रताप वर्णन गर्नु को सक्छन् ? कोही सक्दैनन् । तथापि थोडा-बहुत जो म जांदछु सो वर्णन गरि कहंछु । सुन । जन्ले रजाञि गर्दामा चंचल भयाका भंवराहेरु मात्रै थिया, अरू प्रजा प्राणी कोही पनि चंचल थियानन्, युद्ध भन्याको कसैसित पनि हुदैनथ्यो, दुई नदीका तरंगको मात्रै युद्ध हुन्थ्यो, उन्मत्त भन्याका हातिहेरू मात्रै थिया, अरू कोही थियानन्, कठोर छाती भयाका सोह्र वर्षका स्वास्नीहेरू मात्रै थिया, अरू कोही थिएनन्, कटक भन्याका वृक्षैमा मात्रै थिया, अरू कोही थियानन्, डंड भन्याको वचन् छत्रमा र चँवरमा मात्रै थियो, अरू प्रजा-प्राणीविषे थियानन्, टेढा भै चल्न्या नदीहेरू मात्रै थिया, अरू प्रजा-प्राणीहेरू थियानन् । हे कुरंगनयने नटि, श्री रणवहादुर साह महाराजाधिराज कस्ता छन् भन्याउप्रांत मानमा इन्द्रसमान भयाका, डाँकु–चोरहेरूकन दग्ध गर्नामा अग्निसमान भयाका, बुद्धिले बृहस्पति समान भयाका, दुर्जनहेरूकन दंड गर्नामा यमराज जस्ता भयाका, संग्रामविषे नैर्ऋत्य जस्ता भयाका, शत्रुहेरूकन बाँधन्या कामविषे हातमा पाश लियाका वरुणसमान भयाका, वसमा वायुसमान भयाका, संपत्तिविषे कुवेरजस्ता भयाका, दुष्ट-दुर्जनहेरूकन मर्दन गर्नाविषे रुद्रसमान भयाका, एस्ता प्रकारले अष्टदिक्पालका ऐश्वर्य्यले संयुक्त भायाका श्री रणवहादुर साह महाराजाधिराज हुन् ।"

एति सूत्रधारका वचन सुनि नटी बोल्दी भई–"हे नायकश्रेष्ठ ! बहुतै वृद्ध भयाका राजाहेरूले अमरावतीविषे जानु जोग्यै छ । श्री रणवहादूर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साह महाराजाधिराज सिंहासनमा विराजमान भयाका छन् भन्या उप्रान्त मेरो सम्पूर्ण मनोरथ पूर्ण भयो ।"

फेरि सूत्रधार बोल्दा भया "हे मनमा नचिताउना भयाका कुराकन चिताउन्या भयाकि ! हे नटि ! वृद्ध भयाका राजाहेरूले स्वर्गी हुनु जोग्य छ भनि तैंले क्या निमित्त भनिस् ?"

नटी बोल्दी—"हे नाथ ! स्त्रीजनहेरूका कुचमंडलविषे लगायाका कुंकुम, श्रीषंड, चन्दनका सुगन्धले, आँखाँका कटाक्ष मानलि, आँषिभौ चलाउनाको सीपले,नाना प्रकारका हावभावले हातमा पहिन्याका कंकणका झणत्कार शब्दले, अंग-अंग चलाउनाले, पानका रसले लाल भयाका सुंदर ओठ चलाइकन बोल्याका मधुर वचनले, एति सरोजामले गरिकन स्त्रीजनहेरू-का कौन् जुवान्कन वश गरेनन् ? वृद्धहेरूमाथि भन्या स्त्रीजनहेरूका केही पुरुषार्थ चल्दैन । तस् निमित्त वृद्ध भयाका राजाहेरूले अमरावती नगरीविषे जानु जोग्यं हो भनि मैंले भन्याको हो ।'

एति नटीका वचन् सुनि सूत्रधारले श्री महाराजाका सभा वर्णन गर्नु लाग्या—'हे नटि ! एस् सभाविषे चतुर भयाका शास्त्रकन जान्या भयाका वडा २ ब्राह्मणीहेरू वस्याका छन्, अनेक गुणिजनहेरू वस्याका छन् । एस् सभाका मालिक् नेपालेन्द्र श्री रणवहादूर साहका हजूरविषे देश २ का वडा २ राजाहेरूले छातिमा अंजलि बाँधिकन विति गर्छन् । हे नेपालेन्द्र महाराजा ! हामिहेरूका देशविषे षानिविषे उत्पन्न भयाका अनेक प्रकारका चीज-वीज कर दिनाको निमित्त ल्याई राष्या छौं लिनुहवस्' भनि विति गर्छन् । एस्ता प्रकारका नेपालेन्द्रका साभा देषिकन अर्को साभामा को जाला ? हे प्रिये ! जस्ता प्रकारले श्री महादेवका दुई चरणकमलमा जस्को भक्ति लाग्याको छ तस्को अरू देवताविषे चित्त जान्दैन, भवरा जो-छ-सो कमल, मालती इत्यादि फुलको सुगंध रसपान गर्नु छोडिकन चंपाको फुलमा जाई पर्दैन, तस्तै नेपालेश्वर महाराजाका साभा छोडिकन अरू साभामा को जाला ?"

एति सूत्रधारका वचन् सुनि नटी बोल्दी-भई—'हे प्राणप्रिय ! ई नेपालेन्द्र महाराजाका ऐश्वर्य कति छन् सो मकन कहु ।"

एति नटीले सोध्यापछि अलिक हाँसिकन सूत्रधार बोल्दा भया—"हे प्रिये! इन्का देशमा सिसाषानि, तामाषानि, लोहाषानि, जस्ताषानि, रांगषानि, रूपा-षानि, सुनषानि, काँसाषानि, पितलषानि, मनसीरषानि, रत्नषानि, एति संपूर्ण षानिहेरू जन्का राज्यमा छन्, हे प्रिये नटि! किरातदेषिन् मायापुरी भोट्पर्य्यंत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमल हुनाले इन्का ऐश्वर्यको केही पारावार छैन । सोमवंशमा जन्म्याका राजाले शत्रुको राज्यकन जिति अमल गर्न जोग्यं हो । यो कुरो शास्त्रमा पनि कह्याको छ, 'जौन राजाले मंत्रीको मंत्रको अभ्यास गऱ्यानन्, व्रत गऱ्यानन्, पूजा अर्चाले गरिकन देवताहेरूकन संतोष गरायानन्, जन्ले दुःखका समुद्रमा पऱ्याका आफ्ना दाज्यु-भाई, जाति, कुटुंवहेरूकन उद्धार गऱ्यानन्, जन्ले रणभूमिविषे आफ्ना धनुविषे जोजना गरि प्रहार गऱ्याका शरले शत्रुहेरूकन षंडन गर्नु सक्या(न) न्, जन्ले गयामा पिंडदान गरिकन आफ्ना कुलकन उद्धार गऱ्यानन्, एस्ता राजाका व्यर्थ जीवनकन धिक्कार रहोस्। धिक्कार रहोस्!' अरू पनि भन्याको छ, 'जौनराजाले गंगास्नान गरिकन आफ्ना शरीरका पापकन् धोयानन्, जनले परापूर्वदेखि चलि आयाका राजनीति चलाईकन प्रजाहेरूकन पालना गऱ्यानन्, हे प्रिये ! ति राजाले गर्नु पर्न्या कौन् काम् गऱ्या ? केही काम गऱ्यानन् ।' हे मीनचंचलनयने ! हे नायिके ! एस्ता प्रकारले नीतिशास्त्रमा कह्याको छ ।' अब समस्त राजगुणले युक्त भयाका शत्रुका राज्यकन आफ्ना वशमा ल्याउन्या भयाका, वीर भयाका श्री मन्महाराजाधिराज रणवहादुर साहकन हामिहेरूले गीत, वाजा, राग, ताल, लय, ग्राममूर्छना इत्यादिले संयुक्त भयाको नाचले पुसी तुल्यानु सक्याहुँदि अधिक दौलतकन पाउन्याछौं, महालाभ हुन्याछ ।''

एति सूत्रधारका वचन् सुनि नटी बोल्दी भई–''हे कामज्वरनाशन! पर्व्वतचक्रवर्ती भयाका नवीन वयस भयाका नेपालेश्वर श्री रणवहादुर साह –महाराजाकन मनमोहित गराउला ।' एस् कुरामा सदेह नगर ।''

एति भनिकन नाना प्रकारका चित्रविचित्र गहना, पोशाक पहिऱ्याका, साजवाजले सहित भयाका आफ्ना सामाजिकहेरूले सहित भैकन नेपालेश्वर महाराजाका कांतीपुर सहरविषे कचहरीविषे नाना प्रकारका वीणा, मृदंग, बाँसुरी इत्यादि बाँसका वाज, झ्यालि इत्यादि काँसाका वाजा, ई चार प्रकारका वाजा वजाईकन, गीत गाइकन नटी, सूत्रधार इ दुवैजना नाच्दै रंगभूमिविषे घुम्नु लाग्या ।

ताहाउप्रांत सूत्रधार बोल्दा भया–''अयि नटनायिके ! तेरा मधुर भयाका वचनले, अंग २ चलाईकन नाच्नाले सामाका वस्यामा सवैजना मोहित भया । सावास् २! एति भनिकन कमलनयना नटीकन अंकमालिका गरि फेरि केही वचन् बोल्दा भया––''हे प्रिये! यो गाउना बजाउनाले, नाचले मोहित गराउनु भन्याको जोग्गं हो । शास्त्रमा पनि भन्याको छ—'जस्ता प्रकारले गानविद्याले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यहेरूकन कैलास पर्वत (त) विषे लैजानु सक्छन्, जस्ता प्रकारले कैलास पर्वतमा लैजानु गंगा पनि सक्दैनन्, सरस्वती पनि सक्तैनन्। एस्ता प्रकारका गान—सरस्वतीले सवै लोक षुसी तुल्यायौं, जोग्यं हो। हे प्राणपियारि नटि! अब कथावार्त्ता गरिकन अति विस्तार गर्नु छैन! अबउप्रांत हे सामाजिक हो! हास्यरस लीकन तिमीहेरू सवैजनाले श्रीमन्महाराजाधिराज हीमप्रतापसेन राजाका साभामंडलकन बनाउ, रचना गर।"

एति सूवधारका वचन् सुनि ति सामाजिकहेरू सवैजनाले हीमप्रताप सेन राजाका संपूर्ण राज्यांग—राजा, मंत्री, गुरु, पुरोहित, राजाका भाई-छोरा इत्यादि सवैजना—का स्वरूप बनाईकन एक २ गरि सवैजनाका नकल उतारी, स्वरूप बनिकन नटुवाहेरू तयार भया। सामाजिकहेरूले गाउनु वजाउनु लाग्या। तांहा उप्रां(त) संपूर्ण नाच्न्या नटुवाहेरू नाच्दै रंगभूमिमा निस्क्या। इति शक्तिवल्लभ भट्टाचार्य विरचिते हास्य कदम्ब नाटके प्रथमोल्लोलः।

(ख) द्वितीय उल्लोल

अबउप्रांत कथाका प्रस्ताव चलाउनाकन श्री गणेशका स्तुति गर्छन्। श्रीगणेश जो-छन्-सो सवै अर्थले जय जयकार भयाका छन्। कस्तो गणेश भन्याउप्रांत आफ्ना भक्तहेरूकन संसारस्वरूपी समुद्रदेषिन् सुषले तार्न्या भयाका, संपूर्ण देवताहेरूले जन्का चरणकमलका मेवा गर्दछन्, फेरि शत्रुस्वरूपी वनको वन्चरा जस्ता भया, कंठदेखिन् हृदयसंम लंवायमान भयाको पारिजात-फूलको मालाले शोभित भयाका, गजासुरकन विदारण गर्न्या भयाका, तिन् प्रकारका तापकन नाश गर्न्या भयाका, छ मुख भयाका, कुमारसहोदर भयाका, देदीप्यवान, भयाका, एस्ता लंवोदर जो-छन्-सो जयकार छन्।

अबउप्रांत सूत्रधारले नाचकी प्रवंध कहँछन्—"हिमालय पर्वतका निकटविषे पुण्यकन काट्न्या काममा दन्चराजस्ती भयाकी पुण्यकुठारा भन्याकी कोही एक नदीका तीरमा महारण्यपुर भन्याको सहर छ। तांहाँ हीमप्रताप सेन भन्याका राजा छन्। तन्का दीपकलिका भन्याको पटवंधा रानी छन्। तन्का पुत्र अद्भुत दर्शन भन्याका युवराज भया।

तांहाउप्रांत कोही एक दिनमा दर्वारभित्र रहन्या चल्न्या फिर्न्या भयाका केटीहरू जाईकन साभामंडलकन वढारि, लिपि, पोति तयार गर्न्या। तांहा-पछि द्वारपालेहेरूले तांहा साभाविषे विछाउनाको तयारी गर्नु लाग्या। राजाका सिंहासन ल्याईकन साभामा राष्या। फेरि जग्गा २ मा मसलंद,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वालिष्ट नाना प्रकारका चँदुवा, पर्दा इत्यादि वस्त्रकन विस्तार गरी साभाको शोभा गर्नु लाग्या । तांहा उप्रांत छत्र, चँवर, आसा, गुर्जा इत्यादि राघलक्षण, राजचिह्नले युक्त भयाका, राजाधिराज श्रीहीनप्रतापसेन महाराजा जो-छन्-सो साभाविषे सिंहासनमा जाइकन वस्दा भया। राजाका बाँउपट्टिमा दीपकलिका रानी वस्दी भईन्, दाहिनुतिर अद्भुतदर्शन् जुवराज वस्दा भया । तांहापछि जथाजोग्य प्रकारले राजाका भैयादेहरू, गुरुपुरोहित, मंत्री, सेनापती, पजांची, कपर्दार, वैद्य, रथी, सारथी, सवारी, दरोगा, ज्योतिषी, लेषक, देवान्, द्वार-पाल, चोपदार, कोटवाल, भाट, नाउ प्रभृति सबैजना आईकन आफ्ना आफ्ना जग्गामा जथाक्रमैले वस्दा भया ।

राजाका सहोदर भाईहेरू कस्ता भन्याउप्रांत सर्वागमा षरानि घस्याका, वाँदरहेरूले सहित भयाका, मद्यपान मत्त भयाका, संग्रामदेषिन् नफर्कन्या भयाका, कामशास्त्रकन वहुतै अभ्यास गर्न्याका, अर्काको द्रोह गर्नाविषे तत्पर भयाका, अति धर्मी भयाका : एस्ता तरहका भाईहेरू आईकन सभामा बस्दा भया ।

ताहापछि भैयादहेरू कस्ता भन्या उप्रांत युद्ध गर्नाविषे सदा तत्पर भयाका, वीर भयाका, स्वास्नीहेरूका वशमा रहन्या भयाका, गाउनाविषे-वजाउनाविषे तत्पर भयाका । एस्ता भाई-वंधुहेरू आईकन कचहरीमा वस्ता भया ।

तांहापछि रौरव मिश्र भन्याका गुरु आया । ति गुरु कस्ता भन्या-उप्रांत मल्लशास्त्र, कुस्ति गर्न्या काम विषे निपुण भयाका कामशास्त्रका रससमुद्रकन दान गर्न्या भयाका, वहुतै गुमानी भयाका, वास्तु-पूजा गर्न्या विज्ञानमा चतुर (श) त्र लिषनामा वहुतै चतुर भयाका, एस्ता रौरव मिश्र गुरु आईकन साभामा वस्दा भया । तांहाँउप्रांत हीनप्रतापसेन राजाले रौरव मिश्र गुरुकन प्रणाम गरि केही वोल्दा भया—'हे गुरो ! तपाञिले मकन कस्तो देष्नु हुन्छ ?''

एति राजाका वचन् सुनि गुरु वोल्दा भया-'हे राजन् ! शोभासौंदर्य्यमा तिमि साक्षात् कामदेव जस्ता छौ । सत्यवचन वोल्नामा कुंतीपुत्र धर्मराज युधिष्ठिर राजा जस्ता छौं । दुषी, दरिद्र, जाचकहेरूलाई दान दिनामा कर्ण-समान छौ । शत्रुस्वरुपी समुद्रकन सुकाउनामा वाडवाग्नि जस्ता छौं । स्मरण गर्नामा महादेव जस्ता छौ । अर्काको उपकार गर्नामा अगस्त्य मुनिसमान छौ । हे महाराज ! तिमीजस्ता राजा कौन युगमा भयाका नहुनान् ।''

एति रौरव मिश्र गुरुका वचन् सुनि दीपकलिका रानी वोल्दा भइन्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"हे गुरो ! तपाञ्जिले मकन कस्तो देष्नु हुन्छ ?"

रौरव मिश्र त्रोल्दा भया–"हे दीपकलिके ! तिमिजस्ती स्वास्नीवर्गमा अमरावती नगरमा पुलोमजा भन्याकी इन्द्राणीकन देख्याँथ्यां, पातालका नागराज तक्षककी स्वास्नीकन देष्याँथ्याँ, एस् पृथिवीमंडलविषे तिमी समानको सुन्दरी ब्राह्मणका कुलमा, क्षत्रियका कुलमा वैश्यका कुलमा, शुद्रका कुलमा मैले कतै पनि देषिन ।

एति रौरव मिश्रका वचन सुनि राजा।रानी दुवैले विमना भैकन मुष फेऱ्या । ताहाँपछि रौर(व) मिश्रले आफ्ना मनमा विचार गर्नु लाग्या-वढिया सफ्ल्याँटो वचन् वोल्नाले ईं राजा रानी दुवैका संतोष भयेन, अव विपरीत वचन् वोल्दछु ।" एति मनले विचार गरिकन प्रकाश गरि वोल्नु लाग्या–"हे राजन् ! तिम्रा दर्वारमा वज्रको भय हवस्, वज्र गिरस् । स्वास्नीसंग तिम्रो विछोड हवस् । तिम्रा दर्वारमा भूत प्रेत पिशाच राक्षस गृद्ध वाँदरहेरू षुसी भैकन नाचन् । योगिनीगणहेरू नाच्दै ख ख ख ख एस्तो शब्द गरि साऱ्है हासन् । तिम्रा दर्वारमा वगैंचामा षयर, कदम्ब, सुंतोला इत्यादि फलमूल दुभो इत्यादिका अंकुर जो छन् ती सवै सर्पले व्याप्त भै जाउन् । तिम्रो दर्वार उन्जस्तो भ जावस् ।"

एति राजालाई आशीर्वाद दीकन अवउप्रांत रानीलाई आशीर्वाद दिंछन्—"हे दीपकलिका रानि ! अंन्याईमध्ये श्रेष्ठ भयाका कुस्ती लडनामा कुशल भएका ई तिम्रा स्वामीकन छोडिकन एकांतमा जाईकन एक भाला काषमा लीकन सुत । अथवा द्वारपालहेरूका कोही एकजना ल्याईकन तस्सँग सुत । हे महारानि ! तिम्रा योनिदेषिन् घाँटिदेषिन् भिरंगी भन्याको व्याधिले ग्रास गरोस् ।" एति रौरव मिश्र गुरुले आशीर्वाद दियाको सुनिकन राजा–रानी दुवैजना षुसी भया । ताँहापछि राजाले रौरव मित्र गुरुकन आदर सत्कार गरि वस्नाकन आसन दिया।उस् आसनविषे रौरव मिश्र वस्दा भया ।

ताँहापछि कचहरीविषे यवभंग भन्याका पुरोहित आउँदा भया। कस्ता पुरोहित भन्याउप्रांत वाल्य अवस्थादेषि चीन देशमा भोटचाहेरूसित वस्याका, कर्मशास्त्र धर्मशास्त्र वेदले हीन भयाका, स्वास्नीहेरूका तीचमा वडा जोधा भयाका । एस्ता यज्ञभंगगामा पुरोहित जो छन्-सो राजसाभाविषे प्रवेश गर्दा भया । ताँहाँउप्रांत जौंरा नरिवल हातमा लीकन आशीर्वाद दिनु लाग्या—'हे राजन् ! जाँहाँसंम गंगाजीकी धा (रा) हिमालय पर्वतदेषिन् गीर्दछन्, जाँहाँसंम आकाशमार्गविषे तारागण–चन्द्र सूर्य्य रहंछिन्, जहाँसम्म पृथिवी रहंछिन् स्वर्गविषे इन्द्र रहंछन्, जाँहासंम यमुना नदी रहंछिन्,जाँहासम समुद्रकी छोरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मी रहंछिन्, जाँहासँम सुमेरु पर्वत रहंछन् ताँहासंम, हे महाराज ! मंत्री-हेरुले, सेवक-चाकरन्प्रजाप्राणीले सहित भँकन एस् सिंहासनविषे सुस्थिर भँक (न) राज गर्नुहवस् ।"

'एति यज्ञभंम पुरोहितका आशीर्वाद सुनिकन हीनप्रतापशेन राजा बोल्दा भया–"अहो! एस् अधम पुरोहितका मुख जसले देषायो तस् दैवकन धिक्कार! धिक्कार !!" एति भनिकन चोपदारकन अह्राउदा भया–"हे चोपदार ! ग्रहणका दान थाप्नाविषे चतुर भयाको एस् पुरोहितकन गलहत्ता दीकन कचहरीदेषिन् निकालि देउ ।"

एति राजाका वचन सुनि यज्ञभंग पुरोहितले आफ्ना मनमा विचार गर्नु लाग्या–"अहो ! मदिरा पीकम ई राजाको चित्तभ्रांति भयाको रहेछ । इन्लाई विप्न्याँटो गरि बोल्नु पन्यो ।" एति मनले विचार गरिकन प्रकाश गरि बोल्दा भया–"हे राजन् ! शत्रुहेरुले तिम्रा राज्यविषे संपूर्ण देश-गाँउ-हेरुकन लुटुन् । जारहेरूले तिम्रा रानीहेरुकन हरि लैंजाउन् । विषधर भयाका सर्पहेरूले तिम्रा गलामा चुंबन गरुन् । फेरि सर्पहेरूले तिम्रा अंग २ मा दाँतले काटुन् । हीनप्रतापसेन राजाकन यमदूतहेरूले साह्रो गरि बाँधीकन यमलोकविषे चाँडै लैंजाउन् ।"

एति राजालाई आशीर्वाद दीकन रानीलाई आशीर्वाद दिनु लाग्या–"हे महारानी ! तिम्रा पुत्रहेरुसित विछोड हवस् । दाज्यु–भाइहेरुसित तिम्रो वियोग हवस् । तिमि सृंगारले हीन भया। तिम्रा दुवै स्तनमंडल लतरी पतन भैंजाउन् । तिम्रा दुवै जाँघका माझमा ढेरै रोंवाले छोपि राष्याको भगको माझमा रह्याको मणि जो-छ-सो लामु भँकन निस्की जावस् ।" एति यज्ञभंग पुरोहितका आशीर्वाद सुनि राजारानी दुवै बहुत षुसि भया ।

ताँहाउप्रांत मंदबुद्धि भन्याका मंत्री जो-छन्-सो साभाविषे प्रदेश गर्दा भ (या) । कस्ता मंत्री भन्या, गोठाला,पोलाहा,कसाईहेरूका नायक भयाका, सिल्पकाटीहेरू, जाल् षेलन्या माझीव्याधाहेरू, चोरहेरूले जुक्त भयाका, वलले हीन भयाका । एस्ता प्रकारका मदबुद्धितामा मंत्री वेगले आइकन साभाकन परिक्रमा गरि साभामा वस्दा भया ।

ताहापछि कालकेतु भन्याका सेनापति साभाविषे प्रवेश गर्दा भया । कस्ता सेनापति भन्या दाहिनु हातले ढाल लियाका, बाँउ हातले तरवाल लियाका; शत्रुहेरुकन नजितन्या भयाका । एस्ता कालकेतु भन्याका मंत्री जो-छन्–सो राजसाभाविषे प्रवेश गर्दा भया । ताँहापछि वडो अहंकार गरिकन उँचा स्वर गरि बोल्दा भया–"हे राजकुलविषे श्रेष्ठ भयाका महाराज !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हजूरका प्रतापले एक क्षणमा दिल्ली सहरकन त विदारण गरौंला । वडो विस्तार भयाको मुकसुदावाद सहरकन म लुटौंला। विदर्भदेश, द्रविडदेश,चीन, महाचीन प्रभृति देशहरूकन लुटि ताँहाका संपूर्ण राजाहेरूकन बाँधि ल्याउँला। अंगदेश, वंगदेश, कलिंगदेश, खसदेश, खुरासानदेश, कामरुदेश, कास्मीरदेश, अंध्रदेश इत्यादि संपूर्ण राज्य जितिकन देश २ का राजा-मंत्री सेनापतीहेरु-लाई बाँधि हजुरमा म ल्याउला ।"

एति कालकेतु सेनापतीका वचन् सुनि हीन प्रतापसेन राजा बोल्दा भया—'आजु प्रातःकालमा सवेरै कालकेतु नामा कसाईको मुख मैले देख्यां । आज कति प्रकारका विघ्न आई लाग्न्याछन्, को जानि ? हा धिक् ! हा धिक् । क्या गरु? मैले वालकैदेषि पालिराख्याको होस्। वस् ।''एति राजाका वचन् सुनि कालकेतु भःयाका सेनापति कचहरिविषे वस्दा भया ।

ताँहापछि उछिष्ट नामा चाकरले सहित भयाका जीवांतक भन्याका वैद्य जो-छन्-सो साभाविषे प्रवेश गर्दा भया । कस्ता वैद्य भन्या, मोथ्या, सुँठो, वचाका धुलो हातमा लियाका । एस्ता वैद्य जो-छन्-सो घर-घर फिर्दै नोंगीहेरूकन हेर्दै राजसभामा आई पुग्या-राजालाई आशीर्वाद दिनु लाग्या-"हे राजन् ! श्री मृत्युंजय शिवरूपी मेघकन भज । कस्ता मृत्युंजयरूपी मेघ भन्या, डमरुका गर्जमास शब्दले चारै दिशाकन व्याप्त गराउन्या भयाका मा स्थित किरणको समुदायरूपी पानीले युक्त, पार्वतीको आङरूपी विजुली, व्यासादि मुनिगणरूपी प्रसन्न मुजुर,फङ्कार गरिरहेकी वासुकीको कालकूटरूपी अन्धकार आफ्नै छातीरूपी इन्द्रेनी अनि ब्रह्मा-विष्णु-अष्टदिक्पालरूपी चातकहरूले परिपूर्ण ।"

राजा—हे रोग नाश गर्ने पापी ! मेरो सभामा तँलाई कसले बोलायो ?

जीवान्तक (मनमनै)- रक्सीले गर्दा यो भ्रान्तचित्त भएका रहेछन् । (मुखले) प्रतिदिन तिम्रा शत्रुहरूको संख्या वढोस् । धन-मालमा रिन लागोस्। उग्र तापले गर्दा रोगव्याधि बढ्दै जाओस् । चोरहरू पनि बढ्दै जाऊन् । हातिको वृद्धि हुँदै जाओस् । विदु (?) र जालक (?) ले ढाकिएका हात्ती औ गाईहरू बढ्दै जाऊन् । हे महाराज ! हे क्षितिपति ! तिमीलाई शत्रु-हरूको डर बढ्दै जाओस् ।

राजा (खुसी हुँदै)-हे वैद्यशिरोमणि जीवान्तक ! मेरो छोरो यो अद्भुतदर्शन पाँच वर्षको बुढो भयो फेरि यो कुमारो बुहारीचाहिं दुई शय वर्षकी भई । तैपनि सन्तान भएका छैनन् । त्यसैले कुनै उपाय गर्नुपर्यो ।

जीवान्तक (खुशीसँग औरिपरि घुमेर उच्छिष्ट नाउँको नोकरतिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्दै) ए चाकर उच्छिष्ट ! आज इच्छा माफिकको मनचिन्ते रूख फल्न लागे झैं छ । कुनै धन हात लाग्ने छाँट छ । देखाउने म भएँ ।

उच्छिष्ट (हात जोरेर प्रणाम गर्दै)—हे मालिक ! मसित मृगको छालाको थैलो छैंछ नि ।

जीवान्तक—हे महाराजाधिराज ! उसोभए मेरो औषधिको महिमा सुन्नुहोस् । अँडिरको जरालाई पानीमा घोटेर पर सरेको वेलामा आफ्नी बुहारीलाई दिनुभयो गर्भ रहनेछ । यो चाहिं सजिलो काइदा । अथवा हे राजा ! सन्तानको इच्छा भएमा दिन ढल्केपछि अद्भुतदर्शको राजखानीलाई तताएको कैंचीले बलपूर्वक काटिदिनोस् । यो उपाय रामबाण झैं छ र यसको लागि पथ-परेज यस प्रकारको छ-सिउँडीको दुध, थारै निमको साग,अँडिरको तेल,माउसीको सुकुटी औ पौतद्रूको चोपको घिउलाई मिलाएर खानुपर्छ ।

राजा—(आफ्नो घाँटीवाट मोतीको हार फुकालेर जीवान्तकलाई बकस दिन्छन् ।)

दीपकलिका—हे प्राणका मालिक ! धेरै सन्तुष्ट भएको खन्डमा ठुलाबडाले थोरै बकस दिनु लाजमर्दो कुरो हो । यदि दिनै चाहनुहुन्छ भने, हे स्वामी ! मेरो यो रत्न जडेको कुण्डलको छातीमा लाएको चहकिलो मोतीको माला र तपाईलाई बादशाहले दिएको अंनि तपाईले चाहिं प्रेमपूर्वक मलाई दिनुभएको यस नौलाखी मुक्ताहार पनि ग्रहण गर्नोस् । (राजाले त्यो माला पनि वैद्यलाई दिन्छन् । जीवान्तक ज्यादै सन्तुष्ट भएर सभामा बस्छ ! त्यसपछि आग्लै नभएको टकसारको हाकिम वित्तहर नाउँको कपर्दार पस्दछ।)

वित्तहर (सभामा पस्दै-हे महाराज ! तपाईका प्रतापले टकसार हर्दन बढ्दैछ ।

राजा--ए वित्तहर ! अहिलेसम्म रुपियाँ कति पुगे हँ ?

वित्तहर-"कोषमा हाडैहाड छ। गाग्रामा धुलै धुलो छ। पेटीमा कपालै-कपाल छन् । लुगाफाटाहरूको पनि लेखो छैन। अरू मणि माणिकहरूको बयान जटा मंडल काँहासंम कहुँ ? भंडारमा जति भयाका भाडा वर्त्तन् कस्ता छन् पर्वतका ओडार जस्ता वडा-वडा प्वाल पऱ्याका, फुटचाका, भूस भरिराख्याका छन् । हे महाराज कौन २ भाँडा मैले भरिराख्याका छैनन् ? सबै षजानाले परिपूर्ण गरि राख्याका छन् ।"

एति धनहर नामा कपर्दारका वचन् सुनि हीनप्रतापसेन राजा बहुत षूस् भया र जुरुक्क उठि कचहरीमा एकतेरा घुमि फेरि वस्या । केही वचन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि बोल्दा भया–"रे धनहर ! संपूर्ण वस्तुको संग्रह गर्न्या तँ रहेछस्, एसै कारणले मंत्रीमध्ये प्रवल भयाका मंनवुद्धि नामा कपर्दारी भारामा तँलाई लायाको रहेछ ।" एति राजाका वचन सुनि धरहर नामा कपर्दार वस्दा भया ।

ताँहाँउप्रांत हातिका दरोमा, रथका मालीक रथी, घोडाका मालीक सवारी ई तिनैजना राजसाभाविषे प्रवेश गर्दा भया । ति तिनैजना कस्ता भन्या, कुरा गर्नाविषे कुशल भयाका हाति–घोडा–रथ् चह्रनाविषे कुशल भयाका, यो वस्तु एस्तै हो भनि विवेक गर्न्या भयाका, वेदले वतायाको मार्गमा चल्न्या भयाका, परद्रव्यकन नहेर्न्या भयाका,आफ्ना ष्वामिदका कार्य्य गर्नाविषे तत्पर भयाका, संग्रामदेषिन् नफर्कन्या भयाका । एस्ता हातिका दरोगा, रथी, सवारी ई तिनैजना साभामा प्रवेश गरि आफ्ना २ परिचयकन कहँनु लाग्या ।

दरोगा वोल्दछन्–'हे महाराज ! मर्दन नाउँ गन्याको हातिमा चढन्या दरोगालेरूका मालीक रंकु नामा म हुँ ।"

रथी वोल्दछन्–"हे ष्वामिन्! अग्लो भाँचियाको रथमा चढ्न्या रथीहे-रूका मालीक रुषकटहर जस्तो आँण भयाको लनशाण्ड नामा रथीनायक म हुँ।"

सवारी वोल्दा भया–"हे महाराज ! खुरंडा घोडामा चढन्या गलामा वडो गँड भयाको गलगंड नामा सवारी–नायक म हुँ ।"

एति उच्चा २ स्वर गरि वोल्दै षुसि भैकन नाच्दै सभा परिक्रमा गरिकन राजसभाविषे आफ्ना २ जगाविषे वस्दा भया। ताँहापछि एक अक्षर पनि नजान्या निरक्षरशर्मा भन्या तांत्रिक पंडित जो–छन्–सो राजसभाविषे प्रवेश गरिकन हीनप्रतापसेन राजालाई आशीर्वाद दिनु लाग्या–"राजहंसविषे चडचाका संपूर्ण संग्रारकन सृष्टि–पालना गर्न्या भएका एस्ता ब्रह्माले हजूरलाई रक्षा गरुन् । वायु पीउन्या भयाका, सवै सर्प्पहेरुका शत्रु भयाका गरुडमा चढचाका, ज्ञानले मात्र बुझि सक्ना भयाका एस्ता विष्णुले हजूरकन रक्षा गरुन् । शिवविषे चढचाकी, गाजलकी जस्तो वर्ण भयाकी, एस्तो कालिका भवानीले हजूरकन रक्षना गरुन् । वसहाविसे चढचाक, शिरविषे चंद्रमा लायाका, एस्ता शिवले हजूरकन रक्षा गरुन्।" एति निरक्षर सर्म्मा ताँत्रिकका बचन सुनि हिनप्रतापसेन राजा जोछन्–सो रिसाईकन मुख् फेर्दा भया ।

ताँहापचि निरक्षर सर्म्मा तांत्रिकले आफ्ना मनविषे विचार गर्नु लाग्या–'अहो ! एस् राजाले घटिया कुराकन वढिया मांदछन्,वढिया कुरा-कन घटिया मांदछन् । यो वडो अश्चर्य छ ! अव मैले पनि घटिया कुराको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आशिर्वाद दिन्छु ।" एति मनले विचार गरि प्रकाश गरि बोल्दा भया–"हे महाराज ! पुत्रशोकले गरिकन सधै संतुष्ट भया । पाहुँनाहेरुका पूजा सम्मान गर्नाले सधै नापुसो भया, विष पांले सधै पुष्ट भया । हजूरका सरिरमा कुष्टरोग हवस् ।"

एति राजालाई आशिर्वाद दीकन फेरी रानीलाई आशिर्वाद दिनु लाग्या–"हे दीपकलिका महारानी! हीनप्रतापसेन राजाका परलोक भयापछि रामनाम सत्य भनि बोल्न्या भयाकी, सिंदुरले कपालदेषिन् केशसम व्याप्त भयाकी, कपालका केश संपूर्ण लालैलाल भयाकी, मल्हामेमीलेरूले चारैतिर-बाट घेरी मशानतिर लै गयांकी, फेरि चितामा सुताईकन चारैतिरबाट आगो लगाईकन आगाभित्र पन्याकी, सिरमा वीरपट्ट बांध्याकी, एस्ती हजूरकन म कैल्ह्ये देषनु पाउँला ?"

एति आशीर्वाद दीकन पुसी भैकन नाच्दै सभा परिक्रमा गरिकन उच्चा २ स्वर गरि आफ्ना प्रभावकन कहँनु लाग्या–"हे प्रभो ! गंगाजीका तीरमा जाईकन परिश्रमले गरिकन कौन २ मंत्रहेरूकन मैले जप गरिन ? सर्व मंत्र-हेरुकन मैले जप्याका छन् । जति भयाका वडा २ पुस्तकहेरूकन सर्वैकन मैले देष्याका छन् । फेरि यस् पृथिवीविषे जति भयाका कौम २ तिर्थविषे म पुग्या-को छैन ? सर्व तीर्थविषे म पुग्याको छु । एसै कारणले आठ दिनसंम्म रहन्या शीतला ज्वरको भय मकन हुंछ ।" एति सुनिकन राजारानी दुवै पुसि भया । निरक्षशर्म्मा तांत्रिक पनि राजसभाविषे वस्दा भया ।

ताहापछि जगसंसारकन ठग्न्या जगद्वंचकशर्म्मा भन्याका जैसो जो-छन् सो राज–साभाविषे प्रवेश गर्दा भया । ती कस्ता भन्या, कंमरमा कलमदान घुसान्याका, कपालमा कान्नेरा कलम् घुसान्याका, वंद काटचाका, कागतका पत्राहेरूकन कपराले वेह्रिकन काँषि च्याप्याका,लाहा र कैंची हातमा लियाका। एस्ता जगद्वंचकनामा राजसभामा अक्षर लिष्न्या षरदार जो–छन्–सो सभाविषे प्रवेश गर्दा भया । अब ई जैसीहेरू जगद्वंचक भनि क्या निमित्तले भन्या ? लोभले गरिकन विवाहादिको लगन दिंछन् । जैसिहेरू दियको लगन भनिकन उस लगनमा विव(हा)दि कार्य्य गर्छन् । ताँहापछि विवहा गन्याका पंध्र १५ दिनभित्र,महिनादिनभित्र,अथवा वर्षदिनभित्र,दुलहा–दुलहि ई दुईजनामा एक १ जना मरिजांछन् । एसै कारणले ई जैसीहेरूलाई जगद्वंचकनामा जैसी–जो-छन् सो पुसी भैकन सभापरिक्रमा गरिकन उच्चा स्वर गरि राजालाई आशी-र्वाद दिनु लाग्या–"हे महाराज हीनप्रतापसेन ! स्वर्गविषे, आकाशमंडलविषे जहांसंम सूर्य–चंद्र–मंगल–बुध–वृहस्पति–शुक्र–शनैश्चर–राहु–केतु एति नव-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रह रहन्छन्, जाँहासम पाहालविषे संपूर्ण नागाका राजा वासुकी शेषनाग रहन्छन् ताँहासम्म हजूरले एस् राजसिंहासनमा वसिकन राज्यभोग गर्नु हवस् ।''

एति जगद्वंचकनामा जोतीषीका आशिर्वाद सुनि राजाले मुष फेऱ्य ताँहापछि साभामा वस्याका मंत्रीप्रभृति सर्वजनाकन राजा वोल्दा भया—' हे लोक हो ! माथिवाट स्वर्ग रहन्छन् मनिवाट पृथिवी रहन्छिन् । ति पृथिवी पचासकोटि विस्तार भयाकी, वर-व शेष-कूर्म इत्यादिका आधारमा रह्याको छन् । पृथिवीदेषिन् उँभो मेघमंडल रहन्छन्, उँधोतिर पानी वर्साउँछन् ।एति शकल शास्त्रमा प्रसिद्ध भयाको मत हो।अब ई मूढ भयाका जैसीहेरूका मतमा उँधो स्वर्ग उँभो पृथिवी, ति पृथिवी पनि गोलाकार भयाकी, केह्नो आधार नभैकन आकाशमा रह्याको छन् । उँधोतिर मेघमंडल रहन्छन् उँभोतिर पानि वर्साउँछन् । उ जैसीहेरूक एस्तो विप्ल्याँटो मत् छ ।''

एति राजाका वचन् सुनि साभा वस्या सर्वजना वोल्दा भया—"हे महाराज ! यो विपरीत मत् कसो गरि भयो ?

राजा वोल्दछन्—''हे लोक हो ! एस् विपरीत मतको कारण म कहंछु, सुन । पूरापूर्वना कोही एक दिनमा देवासुरसंग्राम भयो । ताँहा दैत्य-हरूको पराजय भयो । त्यसपछि दानवहरू पाताल पसे । एक दिन त्यहाँ ब्रह्माण्डगोलकज्ञानको खाँचोले नै आफ्नो हार भएको हो भन्ने उनीहरूका निर्क्योल निस्क्यो । दैत्यधिराज हिरण्यकशिपुले भय दानवलाई अह्रायो—'आकाशमा हरघडी घुमिरहने हुनाले ब्रह्माण्डसमूहको ज्ञान सूर्यलाई छ, अरूलाई छैन । त्यसैले तिनलाई गुरु मानेर ब्रह्माण्डकोषको शास्त्रको ज्ञानलाई अभ्यास गर । त्यसपछि भय दानव पनि उसको आज्ञालाई मानेर सूर्यको नजीकै गएर भन्न लाग्यो—'हे गुरु दिवाकर ! मलाई यो ब्रह्माण्डकोष ज्ञान-शास्त्र सिकाइदिनोस् ।' अनि सूर्य मनमा विचार गर्न लागे—'पहिलो कुरो, यी दानव हुन् यसैले स्वभावैले बलिया छन् । यदि त्यसपछि झन् ब्रह्माण्डज्ञान भयो भने त यी निति-नसक्ना हुनेछन् ।' यति सोचेर उसलाई छक्याउनको लागि फोस्रो शास्त्रको रचना गरेर सिकाए । त्यसै शास्त्रलाई वृद्धपरम्परा-अनुसार सत्य मानेर यिनीहरू देशहरूलाई वञ्चित तुल्याउँछन् । यसैले कुखुराले झैं पेट पाल्ने जैसीहरू मिथ्याभाषी हुन् मन्दै मानिसहरू तिनको निन्दा गर्छन् ।''

यति नृपतिका वचन् सुनि साभामा वस्याका मंत्रीप्रभृति सर्वजना हा हा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरि हाल्या ।

तांहा उप्रांत जगद्वंचकनामा षर्दारले आफ्ना मनमा विचार गर्नु लाग्या "हाय २ ! धिक्कार २ ! कौन पापको फलले एस् सभामा म आना छु । निर्विवेकी भयाका राजाको सेवा गर्नु वृथा रहेछ । शास्त्रमा पनि भन्याको छ, "काफरको सेवा, जुवा आदि गर्न्याका घटिया व्यसनमा लाग्याका मानिस्को सेवा, वैरिको सेवा, अहंकारी निर्विवेकी राजाको सेवा, स्त्रीजातिको सेवा, मूर्षको सेवा, रोगीको सेवा, कपटी–कुर्चीको सेवा एतिजनाका सेवा व्यर्थ छ। फस् २ का सेवा सफल हुंछ भन्या, श्री भुवनेश्वरी महामायाका दुई चरणका सेवा, तस्तै प्रकारले श्रीमहादेवका सेवा, दैत्यहायक मधुकैटभका शत्रु भयाका श्रीविष्णुका सेवा, श्रीसूर्य्यका सेवा, श्रीविघ्नविनायक गणेशका सेवा, श्रीगंगाजीका सेवा । एति देवताहेरूका सेवाले इहत्र-परत्र दुवै जन्ममा शुभफल दिन्छन् ।"

एति मनमा विचार गरि फेरि प्रकाश गरि वोल्दा भया–"हे महाराज ! एस् कचहरीमा हामि जस्ताको काम् छैन । तस् अर्थ हामीहेरू अर्को देशमा जान्छौ । हे महाराज ! वृत्तांत सुन्नुहवस्। म कस्तो हुँ भन्या, हजुर्को महतारीले, हजूरका मित्रपत्नीले, हजुरका भाईहेरूका पत्नी–वोहारीहेरूले, हजुरका पितामही प्रपितामहीले, दिदीवहिनीहेरूले, नातिनी,सखी,सासु, भानिजहेरूका स्त्री, जुवाई, छोराहेरूले, एति हजूरका कुलविषे उत्पन भयाका सवैजनाले रातदिन पूजा सन्मान गरिराख्याको मकन कसो जान्नु हुँदैन ?"

एति जगद्वंचक नामा ज्योतिषीका वचन् सुनि राजा षुसी भया र वोल्नु लाग्या—"जगद्वंचक ! जति कुरा तिमीले भन्यौ सो निश्चय हो । तिमी मेरा कुलपूज्य हौ । अव तिमीले मेरो जन्म पत्रिका हेर । मेरा दिन्दशा कस्ता छन्, वढियातरहसित विचार गरि मकन कहु ।" एति भनि राजाले आफ्ना जन्मपत्रिका सौंपिदिया ।

एति राजाका वचन सुनि जगद्वंचक षर्दारले राजाका जन्मपत्रिका लीकन हेर्नु लाग्या । हेरीकन फल वताउनु लाग्या—"हे महाराज ! हजूरका जन्मपत्रिका मैले हेर्न्याँ । वहुत सुन्दर जन्मपत्रिका रहेछ । हजुरका आठौं चन्द्रमा रह्याछ, वाह्रौं आदित्य र केतु छन् । चतुर्थस्थानमा मंगल र शनैश्चर वस्याका छन्, योगिनी दशामध्ये संवटाकी दशा छ, तस्मा पनि भ्रामरीको अंतर्दशा छ । एस्तो जन्मपत्रिका हुन्या हजूरका धन-संपत्तिको क्या कुरा छन् ? कुवेरको जस्तो धन–संपत्ति हजुरको होला । हे राजन् ! आउँदो चैत्र महिनामा हजूरका विवाह हुन्या जोग छ । अवस्य विवाह होला ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा बोल्दा भया—"हे जगद्वंचक ! तिमि साक्षात् बृहस्पति जस्ता रह्या छौ ।" एति भनि राजाले जगद्वंचक नामा षर्दारलाई भारी सिरोपाव दिया ।

तांहाउप्रांत वेश्याहरूकन आनन्द गराउन्या भयाका गणिकानन्दन शर्मा भन्याका धर्माधिकारी जो-छन्—सो राजसाभाविषे प्रवेश गर्दा भया । साभामा प्रवेश गरि आफ्ना मनमा विचार गर्नु लाग्या-"ई साभामा वस्याका सर्वजना पापिष्ठ छन् । इनिहेरूलाई म प्रायश्चित्त बताई दिन्छु।" एति विचार गरि सर्वजनालाई सुनाईकन बोल्दा भया-"हे लोक हो । तिमिहेरूले अनेक प्रकारका पाप गरि राष्याछौ । अब पाप काट्नाको निमित्त प्रायश्चित्त गर । तिमिहेरूले कौन २ काम गर्नाले पाप कमायौ भन्या, म कहंछु, सुन । त्रिवेणी -प्रयाग तीर्थमा स्नान गर्नाले, गोदान गर्नाले, पितृहेरूका पिंडदान गर्नाले, तीर्थाटन गर्नाले, पुराण पढनाले, नाना प्रकारका व्रतोयापन गर्नाले, दुर्गादेवी-का पूजा गर्नाले, शिवपूजा गर्नाले एस्ता २ काम गर्नाले तिमिहेरूले ढेरै पाप कमाई राष्या छौ । अब तिमिहेरूले इ संपूर्ण पाप काट्नुकन धर्मशास्त्रले बतायाको प्रायश्चित चान्द्रायण व्रत गर ।"

एति गणिकानन्दन धर्माधिकारीका वचन् सुनि राजा बोल्दा भया-"हे गणिकानन्दन ! यो चान्द्रायण व्रत भन्याको कस्तो हो ? कसो २ गर्नु-पर्छ ? एस्को सपुर्ण विधि मकन कहुँ ।

गणिकानन्दन धर्माधिकारी अलिक नजीक जाईकन षुसी भैकन कहंछन्-"हे राजन्! प्रातःकाल, मध्यान्हकाल संध्याकाल ई त्रिकालमा नाना प्रकारका षट्रसले जुक्त भयाको तिहुन तर्कारीले सहित गरिकन मेही चाँवलका भात षानु । रात्रिमा मनोग्य गरि स्वास्निसित रतिक्रीडा गर्नु । चांद्रायण व्रत भन्या-को एति हो ।"

एति वृत्तांत सुनि हीनप्रतापसेन राजा षुसी भया । तांहाउप्रांत सर्व-जना नाच्न्या नटुवाहेरू नाच्दै रंगभूमिमा निस्क्या इति शक्तिवल्लभ भट्टाचार्य विरचिते हास्यकदम्बनाटके द्वितीयोल्लोलः ।

(नेपाल राष्ट्रिय पुस्तकालय, सिंहदर्वारबाट)

विशेष शब्दहरू

उल्लोल : अंक। शक्तिवल्लभले आफ्ना नाटकहरूमा कल्लोल (जयरत्ना-कर र उल्लोल (हास्यकदम्ब)

वढिया : उत्तम ।

साभा : सभा ।

बोल्नु लाग्यो : बोलन लाग्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता शब्दहरूलाई 'अंकको' अर्थमा प्रयोग गरेका छन् ।

नटुवा : नर्तक ।

–हेरू : बहुवचनबोधक अनुसर्ग ।बहुवचनमा शक्तिवल्लभले 'हरू' अनुसर्गभन्दा धेर 'हेरू' अनुसर्गलाई रुचाएका छन् ।

ताँहाँ (ताँहा, ताहाँ) उप्रांत : त्यसपछि ।

जाईकन : गएर ।

षलक : कलाकारमण्डल । < अरबेली खलक : लोक, जगत् । अचेल नेपालीमा 'खलक'ले झन्डै-झन्डै 'वंश' को अर्थ दिन्छ ।

ढेरै : धेरै ।

जन्का : जसका । नेपालीमा सर्वनाम 'जो'दुवै वचनहरूमा प्रयुक्त हुन्छ उहिले यसका दुई तिर्यक् रूप थिए 'जस्' (एकवचन) अनि 'जन्' (बहुवचन) । तर अचेल वहुवचनमा पनि'जस'(जस)बाट काम लिइन्छ ।

डोलमाल : थर्थर ।

कौन् : कुन ।

विषे, विषये : मा ।

जाँदि षेरि : जाँदाखेरि । संभवतः 'जाँदि' लेख्ताको विराम हो ।

पानि : पानी ।

एगाह्र : एघार । वर्तमान नेपालीमा 'ह' को संसर्गले 'गा' भएको छ 'घा' । 'गा'लाई 'घा' पारेर 'ह्र'–चाहिं'र'मा परिणत भएको छ ।

वस्नु सकिएला : बस्न सकिएला ।

आजु : आज शक्तिवल्लभले 'आज' पनि प्रयोग गरेका छन् ।

तयार गऱ्या : तयार गरे (विधि अर्थमा) ।

सामाजिक : कलाकारमण्डल। संस्कृतम 'सामाजिक'ले 'दर्शकवृन्द' जनाउँछ ।

जुक्त : युक्त ।

देषिन् : देखि। अपादानवाचक अनुसर्ग 'देषि'भन्दा धेर शक्तिवल्लभमा 'देषिन्' पाइन्छ ।

तन्का : तिन्का वहुवचन "ती" को तिर्यक्रूप अचेल"तिन्"छ,तर शक्तिवल्लभमा 'तन्' देखिन्छ । 'बेर' नेपालीमा अझै पनि कतै सुनिन्छ,जस्तै भोलीबेर :भोली 'जस्' (एकवचन) अनि 'जन्'

वस्त्रदिनु : वस्त्रविना ।

षसम् : पोइ खसम ।

देष : हेर (विधि अर्थ) ।

जुवाऱ्या : जुवारे । अचेल 'जुवाडे' पनि बोलिन्छ ।

सक्दैनन् : सक्तैनन्। काठमाडौंमा धेरै पहिलेदेखि 'सग्दैनन्'बोलिन आरंभ भएको हो तापनि लेखाइमा भने 'सक्दैनन्' नै प्रचलित छ । अचेल त काठमाडौंमा यो बोलचालमा "सौदैनन्" हुन पुगेको छ ।

थियानन् : थिएनन् ।

चँवर : चमर । 'चँवर'को उच्चारण 'चँउर' तर्फ ढल्केको थियो भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोटो : ओटो ।

स्वर्गी भया : स्वर्गे भए ।

हेमालय : हिमालय ।

कंदरा : गुफा ।

पसेना : पसिना ।

जाँहाँ (जाहा, जाँहा, जाहाँ) जहाँ । वरकन दिन्या भयाका । वर दिने भएका । यहाँ कर्मवाचक अनुसर्ग 'कन' अचेलको अनुसार अलि उदेकलाग्दो ठहरिन्छ । उहिले 'कन'को साटो'लाई'पनि पाइन्थ्यो । तर 'लाई' र 'कन' मा अन्तर थियो । 'कन' झैं 'लाई' निर्जीव पदार्थमा उस्तो लाग्दैनथ्यो ।

वहुतवेर : धेरैपल्ट । 'पल्टको' अर्थमा

जुवान् : तन्नेरी ।

गरैनन् : गरोइनन् ।

तस् निमित्त : त्यसकारण ।

जान्दैन : जाँदैन । संभवत: यहाँ 'जान्दैन' लेख्ताको विराम हो ।

कहुं : भन ।

रूपाषानि : चाँदीखानी ।

मनसीर : मन:शीला । नेपालीमा'मन-सील' पनि पाइएको छ ।

माया पुरी : भोट् ।

पारावार : साँघी ।

गरायानन् : गराएनन् ।

जोजना : योजना ।

धोंयानन् : धोएनन् ।

षुसी : खुशी ।

सावास : स्याबास ।

अंकमालिका : अंकमाल ।

प्रमाण 'चोरीलाई' ले दिन्छ ।

संजुक्त : संयुक्त ।

वहुतै : धेरै ।

जोग्यै : योग्यै । तुलनीय 'जोगे' (शी. ३५ ज, ३५ झ) ।

गऱ्यानन् : गरेनन् ।

क्यानिमित्त : केलाई ।

भन्याउप्रान्त : भनेदेखि ।

नताउना : जो चिताउन योग्य छैन । यो हो "नचिताउनु" को तिर्यक् रूप ।

आंषिभौं : आँखीभौं । कोही कोही 'आँखीभुई' पनि भन्छन् ।

हावभाव । हाउभाउ ।

सरोजाम : साधन ।

विमना : अन्यमनस्क ।

सप्ल्याँटा : सुल्टो ।

गिरस् : गिरोस् ।

नाचन् : नाचून् ।

हासन् : हाँसून् ।

जाईकन : गएर ।

तस्सँग : त्यससँग ।

कचहरी : सभा ।

जोधा : योद्धा ।

जौंरा : जमरा ।

लतरी : लत्रेर ।

रोंरा : रौं ।

पोलाहा : छुल्याहा ।

तरवाल : तरवार ।

मुकसुदावाद : मुर्सिदाबाद ।

को जानि : कुन्नि ।

कँहुँ : भनूँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मसलंद : अंडेस लाग्ने तकिया ।
आसा : राजचिह्नविशेष ।
गुर्जा : राजचिह्नविशेष ।
वाँउँ : देव्रे ।
दाहिनु : दाहिने ।
जथाजोग्य : यथायोग्य ।
कपर्दार : टकसारको हाकिम ।
सवारी : रिसल्लाको नायक ।
दरोगा : हात्तीको नायक ।
चोपदार : राजसभाको पिउन ।
कोटवाल : नगरको हाकिम ।
जाचक : याचक ।
नहुनान् : नहोलान् ।
ओडार : ओढार ।
भारा : जागीर ।
नाषुसी : अप्रसन्न ।
सरीर : शरीर ।
कांषि : काखी ।
लिष्न्या : लेख्ने ।
कर्चो : ठग ।
वोहारी : बुहारी ।
षर्दार : ज्योतिषी ।
सिरोपाव : पुरस्कार ।
मेही : मसीनु ।
चाँवल : चामल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४६

शिवनृसिंह

बाजहोव (सम्वत् १८६४)

अथ शुभाशुभलक्षणं– बाजको परमायु वर्ष २५ आहादेषि अधिक जियाको बाज कस्तै लक्षणयुक्त भयाको पनि तेजि हालनु ।

बाटुलो पुष्ट भयाको ठोर १. पृष्ठि वक्षथल चाकलो भयाको २, न बहूत ह्रस्वदीर्घ अंग भयाको ३, गला पान उस्तै भयाको ४, सिर चेपटो ५; भ्रुकुटि पातलो ६, वेगपुछ पातलो ७, डाडि ठुलो ८, आखा साना ९,छातिका रूपक छिचरो १०, चीउडो चाकलो ११, एति लक्षिणले युक्त भयाको बाज शुभ हो अति चमत्कारी हो ।

कालो शरीर १, श्वेत आषा २, ठुलो कपाल ३, लामु गलो ४, गधर्न्या ५, लामु पुछर ६, पुछरमनि कालो विन्दु भयाको बाज वडो दोषि छ नजिक पनि नराषनु ७ ।

चीरभोजी ८, थोरै षान्या ९, लामा नख १०, हरियो शरिर ११–यो पनि दोषि छ तुजि हालनु ।

सेतो १, रातो २, मतिया रातो ३, निलो ४, कैलो ५, पीहली ६, वदामि ७, कलुवा ८, एति छातिका वाना हुन् । विडुला १. सुर्पा २, कौडया ३, पिपल्पात्या ४ एति पुछरका वाना हुन् । माथी चेपटा १, भ्रुकुटि पाता २, आखा साना ३, चुचो पुष्ट ४, नाषको छिप वाटुलो ५, ठुलो ६, थुला जुघा ७. छाति चाकलो ८, रूपक छिचरो ९, लेग स्याना १०, पातलो ११, छोटो १२, तिषो १३, ठुला डाडि १४, साह्रा १५, पुछ पातला दुई पुछ षापिकन तलवाटका डाडि देषिय १६, डाडि सेता काला लामा पनि १७, नला डोला १८, गाजा षर्सा १९, नखडोला २०, नग वहुत् ननुयाका २१ । अंग स्यानु भयो त त फुल्सीकार भन्नु १, ठुलो भयो त सिकार भन्नु २ । निउडिको पोष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेतो भया फुल्मुडो भन्नु ३, सवै कपाल सेतो भया धुलमुडो भन्नु ४ । कपटि कैसो भया पाटन्यासिकार भन्नु ५ पिठ छातिका रूपक कालो भया सिकार भन्नु ६ । एसैमहा आधा लक्षण भया मध्यमसिकार भन्नु ७, थोरै लक्षण भया अधमसिकार भन्नु ८। कोनै लक्षण नभया गाजा मसिना नला चेपल भया षर्स्या ओरांगना भन्नु ९ ।

कालो पिठ सेतो छाति रूपक तेर्छो लेग वाकला साफ्रा सोझा नला चेपटा अंग साह्रो हो त केसरि भन्नु १०, रछायो कालो पीठ तेहि रंगको तेर्छो रूपक वेग वांगा साह्रा अंग साह्रो काषिमनिको पोष रामोव्याचो (माचो ?) भन्नु ११। वाकला वांगा कउंला वेग पुछ कालो पीठ तेर्छा रूपक चेपटा नला मसिना गाजा हो त धापृ भन्नु १२।

अर्थ धारकीको लक्षण । अम्वल नषान्या क्रोध नहुन्या आलस्य चंचल नहुन्या, दृढ पुष्टि दृढासन हुन्या सावधानीकन बाजको धारकी गर्नु तव सप्रा वाजकन धुवा ओरांगनाकन सीत जोगाउनु । धुवा सवै पषेरुकन जोगाउनु । विरालो कुक्र उलुकको गम्य नहुन्या थात वाजकन राषनु ।

अथ पषेरु अंष मुदो राषनु प्रतिकार । वाजकन दिन ३०, जुर्राकन दिन २२, ओरांगनाकन दिन १५, वेसराकन दिन १० संम अंषमुदो राषनु । तेर्छा नछत्र योग वार शुभ पारिकन आखाको धोई दिनु दिन ५अथवा दिन ३ संम एकै थात लिनु पछिवाट केहि नआउन दिनु । पछिवाट जर्क्याको वाज कहिले पनि मिल्दैन । वाजकन उचा थाव कुहि वहरिकन निचा थात ओरांग-नाकन घरेभोत्र लिनु तव वनाईकन मिलमोटो गर्नु ।

उपाय । पहिले स्त्रीका दुधसंग दिन ७ पछि वाक्रिका दुदमा चारो भिजाईकन दिनु वहुतै गुण गर । षुवासित जा पुस्ट हो ।

अथकारणं । नउनीको भया पनि मिश्रिको भया पनि झारण (कारण?) दिनु, मिश्रि मासा १०, सिधानुन रति ६ प्रमाण गर्नु । मिश्रिको तिन् ३गोली गर्नु दुई गोलिभित्र तौल्याको लवंग घालनु आधा २ एका गोलिभित्र मेथि पिपला सम गरि मकैका गेडा प्रमान घालनु,पहिले तातो पानि पियाउनु पछि गोलि दिनु, फेरि पनि पियाउनु पछि अर्को गोलि दिनु मुंटो समायाको छौंडि दिनु दुई तिनवेर पषालो हो तव मेथि पिपलाको गोलि दिनु पानि पियाउनु उपाल भयापछि निको हुंछ । दिउसो पनि तातापानि पियाउनु वटुकामा राषि दिनु व्यालुका फिक हेर्नु, वरिपरि सेतो माझमा हरियो विंदा वस त निष्न्यो भनि जान्नु ।

(वीर पुस्तकालयवाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

तेजि हालनु : त्यागी हाल्नू ।

ठोर : चुच्चो ।

पृष्ठि : पिठिउँ ।

वेग पुछ : पखेटा र पुच्छर । वेग : पखेटा, पुछ : पुच्छर

डाडि : दाह्री ।

छिचरो : पातलो ।

गर्धन्या (गर्धन्या ?) : ठूलो गर्धन भएको

मतिया रातो : मोतिया रातो (?)

पीहलो : पहेंलो ।

कलुवा : कालो रङको

वाना : प्रकार

विडुला)
सुर्पा) बाजका पुच्छरका
कोडचा) प्रकारहरू
पिपल्पात्या)

टंकारि)
नटंकारि) बाजका
गोपडि) विशेषताहरू
मोरावो)

माथो : टाउको ।

नाष : नाक ।

जुघा : जुङा ।

तलिवाटका : तलतिरका ।

देषिय : देखिन्छन् ।

फुल्सीकार)
सिकार)
फुलमुडो) ओरांगनां भन्ने
धुलमुडो) बाजका विभिन्न
पाटन्यासिकार) श्रेणी
मध्यमसिकार)
षर्स्या)

साफ्रा : साँप्रा ।

कसेरि : एकथरी बाज

कउला : कमला ।

सप्र : सप्रन्छ ।

कुक्र : कुकुर ।

मुदो : बन्ध ।

षर्सा : खस्ना ।

नख : नङ ।

ननुयाका : ननुहेका ।

पोष : प्वाँख ।

एका गोलिभित्र: एक गोलोभित्र। यहाँ 'एका'निकै महत्वपूर्ण छ । अचेल पनि हामी 'एकाघरका', 'एकादेशमा' भन्छौं । यो हो '*एको' को तिर्यक रूप । अचेल 'एक' वाची' *एको नेपालीमा जीवित छन । कुनै ग्रन्थमा पनि यो पाइएको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४७

दैवज्ञ ज्योतिनरसिंह

तुलसी-स्तव (सं १८६६ असार)

स्वस्ति श्रीगणपतीभ्यो नमः । श्रीगुरुभ्यो नमः ।

सदानन्द ऋषिले ऋषेश्वरहरूथि आग्या गऱ्याछं – "हे ऋषिश्वर हो, रहस्य पदार्थ सुन । जो कोहि पुरुषले स्त्रीजनले तुलसि भनि स्मरण गर उनदेषि परमेश्वर संतुष्ट हुन्छ पापको नास पुन्यबन्त हुन्छ । विशेष कलियुग-महा तुलसि जस्ता भनि जस्–कसैले तुलसिको मंत्र जाप गर त सो मोक्षपद जांछं ।

'संसार लोकले तुलसीको नित्य दर्शन पूजा गर । तुलसिको स्मरण गर । एक पत्र देष्यापार कोटि गोदान गऱ्याको पुण्य हुंछ।'

"जस् कसैले शुचिस्थानमहा सालिग्राम-स्थापना गर तुलसि लाव त उस भूमिकन पुंन्य भूमि भनिया । जो कोहि गर धन्य पुरुष भनिया ।

"जस् कसैले श्रीकृष्ण ठानिकन भूमिमहां तुलसि लाउंछ गोडना गर्छं हस्त जो कहिये सुनका ।

"जस् कसैले तुलसीका पातले परमेश्वरको पूजा गर परमेश्वरका अति पृय हुंछं ।

"जो पुरुष भैकन मंडल वनाउंछ तुलसिकी देवल वनाई अनेग चित्रविचित्र तुल्याउंछ सो प्राणि मोक्ष पदविकन जांछ ।

"जस् कसैले स्नान दान ध्यान अन्नप्राणन गऱ्या पनि परमेश्वरको गऱ्याचांहि तुल्लसिको कीर्त्तना गर । सो अधिक पुण्य छं ।

"तुलसिका जराको माटो सर्वांग लेपना गर, परमेश्वरको पृय हुन्छ । माटो लायाका हार अति पवित्र हुछ !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"जो यो पाठ गर हरिको पूजा गर तुलसि स्मरणागर सो देहि अति पवित्र छ ।

"जो तुलसिको मंत्र जाप-गर तुलसिको वीज ववन् गर लक्ष कोटि वर्ष पर्य्यन्तसम्म इस्वरसँग रहंछं ।

"परमेश्वरको पियारो पितवस्त्र तुलसिदल । इहादेषि अर्को आथिन । सिद्ध गन्धर्व नाग लोकहरू एहि स्तुति गर्छं ।

"समुद मथन गऱ्याका समय कृष्णले चरित्र गऱ्या । तुलसि आपना पसिनादेखि उत्पन्न गऱ्या र देवकिले स्तुति गरि ।

"जस् कसंले पुरुषले तुलसिकि माला धारणा गर्छं । पुण्य-फल कस्तो हो ? कृष्णले कंस मारिकन गोकुलमहा वृद्धि गऱ्या जस्तो हो ।

"गोमतिका तिरमाहा तुलसी रोपना गऱ्या । कृष्णले पालनाका पुण्यले सोल सहस्र गोपिनिसँग कृडा गऱ्या ।

"परापूर्वमहा वसिष्ठ ऋषिले उप (देश) गऱ्याथ्या,सरजूका तिरमहा तुलसि रोपना गऱ्याका पुण्यले रामचन्द्रले रावन मार्याथ्या ।

"रावनले सिता चोरि ल्याथाका समय रामकन वियोग भयो र सिताले अशोकवनिकामहा तुलसि रोपना गरिन् । उस पुण्यले फेरि रामचन्द्र पायिन् !

"परापूर्वमहा हिमालयपर्वतमहा पार्वतीले तुलसि लाईन् । उस पुन्यले महादेव स्वामि पायिन् ।

"प्रयागवेणि नीकटमहालक्ष्मीले तुलसि रोपना गरीन् उस पुण्यले नारायणकन स्वामि पायिन् ।

"परापूर्वमहा सावित्रीले तुलसि रोपना गरीन् । उस पुंण्यले ब्रह्मा स्वामि पयिन् ।

"देवस्त्रिले किन्नरस्त्रिले सर्प्पास्त्रिले स्वप्रांतमहा तुलसिको भक्त गऱ्या र स्वामिभक्त भया ।

"आपना स्वामिकन रूचावनाकन धर्म्मारण्यविषय पितृलोककि स्त्रीले तुलसि रोपना गऱ्या र स्वामिभक्त भया ।

"दण्डकारण्यविषये रामचन्द्रले तुलसि रोपना गऱ्या र लक्ष्मनले सिंचना गऱ्या सिताले निदान गरिन् ।

"तिन त्रिलोकमहा गंगा ठुलि, शास्त्रमहा गीता, देवतामहा ठुलि तुलसि ।

"किस्किन्ध्या नगरिमहा सुग्रीवले तुलसि रोपना गऱ्याका पुण्यले वालिमोचन घरिकन तारा पाया ।

"हनुमानले समुद्र पार भयाका समय तुलसिकन नमस्कार गऱ्याथ्या र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उस पुण्यले लंका जाईकन स्वामिकार्य्यं गऱ्या ।

"जस् कसैले तुलसिको वन देष्यापार ब्रह्महत्या गऱ्याको पातक जांछ ।

"तुलसिका पातको जाल कपाल चह्राव त गंगास्नान गऱ्याका दश गाई दान गऱ्याका पुण्य हुंछं ।

प्रसीद मम देवेशि, प्रसीद हरिवल्लभे ।
क्षिरोदमथनोद्भूते, तुलसि त्वां नमाम्यहम् ॥

"यो सिलोक वाचिकन तुलसिका पातकी जलले सिंचनु ।

जस् कसैले द्वादशीका दिन जागृत गरिकन तुलसि-स्तव पाठ गर त वत्तिस अपराध गऱ्याका श्रीकृष्ण माफ गर्छं ।

"तुलसिको स्तुति पाठ गर्निमात्रै वाल यौवन वृद्ध अवस्थाका पातक छुट ।

"तुलसि-स्तव पाठ गऱ्यापार ईश्वर श्रीकृष्ण संतुष्ट हुंछं । लक्ष्मीवृद्धि विद्यायुक्त शत्रुनाश हुंछन् ।

"तुलसि-स्तव पाठ गऱ्यापार ईश्वर संतुष्ट हुंछं । पापमोचन गरि अल्प-मृत्यु जान्छ ।

"जस् कसैले नित्य पाठ घर गर, यो पोस्तक तुल्याउँछ, अशुभ (अ) मंगल हुंदैन ।"

श्रीणाके १७३१ मासे ३ मलमास वदि १ बुधवासरे श्री ५ महाराजे गीर्वाणयुद्धविक्रमसाह राज्यभोगविराजमानसमये (श्री) मत्कांतिपुरे नेपालमंडले महापुंन्यभूमौ लिखितं दैवज्ञ संकरसिंहकस्य पुत्र दैवज्ञ जोतिनरसिंह लिखितं शुभम् (वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

थि : सित (हेर्नोस् 'ऋषेश्वरहरूथि' माथि) ।

जो कोहि : जोसुकै ।

जस् कसैले : जोसुकैले ।

देष्यापार : देखेको खन्डमा ।

(पुंन्यभूमि) : भनिया : (पुंन्यभूमि) भने (अह्राउँदाको अर्थमा) ।

हस्त जो कहिये सुनका:भनेदेखि हातलाई सुनैको ठान्नू । यहाँ 'जो'को अर्थ छ 'यदि' । यो वाक्यांश हिन्दीसित मिल्दछ ।

गऱ्याचाहिं : गर्ने साटो । नेपाली भाषामा 'चाहिं' का दुई अर्थ पाइएका छन्—(१) भन्दा, (२) भने । तर यहाँ दुवै अर्थ अलिक मिल्दैनन् ।

ववन् गर : रोप ।

इहादेषि : यसमन्दा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आथिन : छैन ।

रामकन वियोग भयो : यहाँ 'कन'को अर्थ 'बाट' छ । यो विचित्रको प्रयोग हो ।

पृय : प्रिय ।

अनेग : अनेक ।

रुचावनाकन: रुचिउत्पन्न गराउनलाई

गन्यापार : गरेको खन्डमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४८

वाणीविलास पाण्डे

वाग्मतीपुल स्तंभअभिलेख (सम्वत् १८६८)

श्री गोर्खा देशमा पाहिले श्री द्रव्येश साह महाराजा हुनुभयो । उहापछि उनका पुत्र श्री पूर्णासाह उनका पुत्र संपूर्ण लोकमा स्थिति वाधन्या श्री रामसाह उनका पुत्र श्री डंवरशाह उन्का पुत्र श्री कृष्णसाह उन्का पुत्र श्री रूद्रसाह उन्का पुत्र श्री पृथ्वीपतिसाह उन्का पुत्र श्री वीरभद्र साह उन्का पुत्र देवताको प्रसाद पायाका अनेक सिद्धिले युक्त भयाका श्री नरभूपालसाह इनैका पुत्र वाल्यावस्थ-मा श्री काशीयात्रा गरि फिर्दामा छेकन आउन्या चौकीदार प्रभृति शत्रुसैन्यकन कतल गरि गोर्खा सहरमा प्रवेश गन्या ।पछि नवाकोट नेपाल प्रभृति देश मारी श्री महाराजे वहादूरसम्सेर जङ पदवी पाउन्या श्री पृथ्वीनारायणसाह महाराज हुनुभयो इनैका पुत्र प्रजा रंजन गर्दामा निपुण भयाका श्री सिंहप्रताप साह महाराजा हुनुभयो । यिनैका पुत्र अति सुन्दर मूर्त्ति भयाका सकल शत्रुको संहार गर्न्या दातामा अग्रगण्य देश देशका वडा वडा राजाविषे पनि हुकुम चलाउन्या शस्त्र शास्त्र संगीत तंत्रादि सकल विद्याका निधान श्रीरणवहादूर साह महाराजाधिराज पुत्रलाई राज्य दीकन स्वामी हुनुभयो । इनैका अत्यंत सौन्दर्यले युक्त भयाका प्राणभन्दा पनि पियारा श्रीकान्तिमती नाम भयाका पत्नी स्वामिनी हुनुभयो । आफ्ना पुत्रकन पर्वत देशमा चक्रवर्त्ती महाराज हुनु भयाका सिंहासनमा चढ्याका यस्ता देषन पाईकन संतोषले युक्त भई शास्त्रमा लेख्याका जो जो दान छन् ती सबै दान गरीकन अंतकालविषे पनि आफ्ना स्वामिले सँग भई वाणीविलास पण्डितका मुखदेखिन् संपूर्ण श्रीभागवत पुराणको अर्थ श्रवण गरी नारायणकन हृदयविषे राखी परम धाममा प्राप्त हुनुभयो ।

इनै रणवहादूर साह महाराजाधिराजका श्रीललितत्रिपुर सुन्दरीदेवी कांछा माहारानी हुनुभयो। वहुत सौंदर्यले युक्त भयाका,कैलासविषे विराजमान भयाकी साक्षात् पार्वती जस्ता, श्रीस्वामीज्यूले आफ्ना काखमा राखिदियाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्र श्री गीर्वाण युद्ध विक्रम साह महाराजाधिराजविषे प्राण राखीकन नारायणका चरणारविन्दविषे चित्त लगाई सर्वदा पुण्यकर्म गर्न्या भयाका, दीन अनाथ जस्का गति केही पनि छैन यस्ता जनविषे करुण्य वहुतै गर्न्या पतिव्रता मा अग्रगत्य भयाका यस्ता सो कांछा महारानी हुनुहुंछ ।

श्रीरणवहादूर साह महाराजाधिराजदेषिन् समुद्रदेषि उदायाका पूर्णचन्द्रले झैं सकललोकन अत्यंत आल्हाद गर्न्या डेढ वर्षका उमेरमा आप्ना पिता देषिन् राज्याभिषेक पायाका कर्णभन्दा पनि वडा दाता कामदेव भंदा पनि अांत सुन्दर धर्मराज जस्ता अति सत्यवादी सदा धर्मकर्म गर्न्या अर्जुन जस्ता वडा शूर समुद्र जस्ता अति गंभीर पनि धीर पनि भयाका सूर्यजस्ता वडा तेजस्वी भोजराज भन्दा पनि कविता सुन्दामा वडो प्रसाद दिन्या इत्यादि सकल राजगुणले युक्त भयाका श्रीगीर्वाणयुद्धविक्रम साह महाराजाधिराज पैदा हुनुभयो जस्का जेठा महारानी श्रीसिद्धिलक्ष्मीदेवी हुनुहुंछ । कांछा महारानी गोरक्षराजलक्ष्मी देवी हुनुहुंछ । इनै महाराजा महारानीमा कलियुगका महिमा ले फेरी भूमीमा जो जो भारका कारण छन् तन्को विनाश गर्नानिमित्त कृष्णजीकी अवतार महाराज रूक्मिणीजीको र सत्यभामाजीको अवतार ई दुई महारानी हुन् भनि लोक यस्तो तर्कणा गर्दछन् जस् महाराजका सकल मंत्रिविषे शिरोमणि भयाका भीमसेन थापा काजी छन् जो काजीदैववशले श्रीस्वामीज्यूको अकस्मात् परलोक हुनुपछि घोर विघ्न आउँदामा पनि धीर गंभीर वुद्धिले सकल उपद्रवको नीवारण गरि श्री महाराजको रक्षा गर्न्या श्री महाराजको आयुष्य पुण्य प्रताप कीर्ति राज्य वढोस् भन्नानिमित्त वहुत दिनदेषि जीर्ण भयाको भडारखाल्कन अनेक तरहका चुनागिरिले जग् जग् भयाका अनेक तरहका फल् फूलका वृक्ष ओषधि लतादिले पूर्ण भयाको अति सुन्दर तुल्याउन्या जग्गा जग्गामा वाटाको संस्कार गरि सडक् वनाउन्या सहरका ढोका, ढोका छेउका पार्टीहेरू दर्वारको सुनको ढोकाहेरू वनाई संस्कार गर्न्या वारूत्खाना मजाक् देवल विष्णुमतीको पूल वारी पारीका धर्म्मशाला घाट् सुनको धारा गोर्खाको दरवार इत्यादि वनाउन्या आप्ना प्रभुकन वाल्यावस्थाका धनु हान्न हरिकथा श्रवण गर्न घोडा चढन पौह्रन इत्यादि सकल राजनीतिमा कुशल तुल्याउन्या जस्का क्रोधमा सव थर्थरायमान कांपदछन् जो आप्ना प्रभुविषे महतारि झैं हित गर्दछन् पिता झैं उपदेशको वार्त्ता विति गर्दछन् वंधुवर्ग झैं स्नेह गर्दछन् सत्स्त्री झैं सुख दिंछन् सेवामा दास झैं जो रहन्छन् जस्का मंत्रणामा चिनका पात्साहसितको घाहा पनि, वंदीजां छ जस्का मंत्रणाले आप्ना वावा अमरसिंह थापा काजीलाई सिमानामा राषनाले वढचाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फिरंगी पनि आकन शक्देन जस्का भाई नयनसिंह थापाले पनि काङडाकोटमा प्रभुका निमित्त लडाञिमा प्राण दिया जो काजी यो नेपाल उपद्रवको घर हो प्रभुभन्या वालक मैले सह्यार गर्न्या हो भन्ना निमित्त गृहसुख छोडि पनि दरवारैमा वसी भित्र वाहेर सर्वत्र नजर दि खवर्दार भैरहन्छन् जस्ले लगाया-का भाई वखतवारसिंह काजी श्रीमहाराजका हजूरैमा वसी महाराजको रक्षा रातदिन गर्दछन् जस्का रक्षानिमित्त वडा भातृभक्त भयाका अमृत काजी र रणवीर काजी इ दुई भाई सर्वदा साथ रहन्छन् जस् काजीले सेवा गरियाका श्रीमहाराजाविषे कविजनहेरू यस्तो वर्णन गर्दछन् श्रीमहाराजा कृष्णजीका अवतार हुन् भन्या इ काजी गरूड (गहृद्र) का अवतार हुन् भन्या इ काजी हनूमानका अवतार हुन् भनि इत्यादि प्रकारले वर्णन गर्दछन् यस्ता काजी प्रभुको सर्वप्रकारले हितै गर्न्या जस् महाराजाका प्रीतिपात्र छन् तिनै भीमसेन थापा काजीसित सल्लाहा गरी श्रीललितत्रिपुर सुन्दरीदेवी नाम भयाका श्रीस्वामी रणवहादूर साहका काँछा महारानीले कीर्ति र श्रीस्वामीज्यूको उद्धार हवस् भन्नानिमित्त यो वाग्मतीको पूल वनाउनाकन इच्छा गरी हुकुम वक्सनु भयो ।

वहादेषी सकल राज्यको भार पायाका प्रभुका भक्त भयाका वडा वुद्धि-मान् भीमसेन थापा काजीले एस काममा वहुत चित्त लगाई लक्ष्मीनारायण डिट्टा मुक्य गरी लोकनाथ पाँडे सुव्वा जयद्रथ सुवेदार दलवार सुवेदार पिहु-वर लामा सुव्वा प्रभृति अनेक मनुष्यकन लगाई शाके १७३२ सम्वत् १८६७ सालका मार्गशीर्ष महिनाका शुक्लपक्षका एकादशी तिथि रेवती नक्षत्र सिद्धि योग वणिक्करण वृहस्पतिवार मकरलग्नमा शिलान्यासपूर्वक एक वर्षमा तेह्र शय त्रिपन्न हातको यो पूल सुवर्णसिंहको ध्वज भयाको कीर्तिस्तंभले शोभमान भयाको वारी पारी धर्मशाला ग्रामहेरू भयाको सिद्ध गरी महाराजा महारानी-कन संतुष्ट गराया। वाहादेषी १८६८ सालका चैत्र कृष्ण सप्तमी वृहस्पतिवार अनुराधा नक्षत्र हर्षणयोग ववकरण मिथुन लग्नमा कुंभको (?) आदित्य छदामा यज्ञ दान पुण्य गरी पुत्र श्री गीर्वाणयुद्धविक्रम साह महाराजले संग भई श्री ललितत्रिपुर सुंदरी महारानीले श्रीजगदीश्वर प्रीतिपूर्वक श्रीस्वामी-ज्यूको उद्धारनिमित्त बारी पारी धर्म्मशाला गुठी खेतले सँग भयाको यस पूल को उत्सर्ग गर्नुभयो । शुभम् भूयादीश्वर प्रसादात् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

यस्ता सो कांछा महारानी हुनुहुंछ : कान्छी महारानी यस्ता हुनुहुन्छ। उहिले आदर गर्दा स्त्री लिङ्गी शब्दले पनि पुलिङ्गी विशेषण पाउँथ्यो । अचेल प्रचलित 'बडामहारानी' त्यसैको अवशेष हो ।

काजी : मंत्री। नेपाली भाषामा 'मंत्री' को साटो 'काजी' को चलन पहिले धेरै लोकप्रिय थियो। पछि राणा-कालमा अंग्रेजीको प्रभावले गर्दा 'मिनिस्टरले 'काजी' लाई आत्म-सात गऱ्यो । सात सालपछिका-हरूले पनि कुन्नि किन हो 'काजी' मन पराएनन् । हेर्नोस् "काजी-का कबिला" शी. ३५ ख "कजाई" शी. ३५ ब इत्यादि ।

वारूत्खाना : बारुदखाना ।

महतारी : आमा ।

पात्साहा : बास्सा ।

फिरंगी : अंग्रेज ।

तर्कणा : तर्कना ।

चुनागिरि : चूर्णकर्म ।

आप्ना : आफ्ना ।

वंदोजां छ : प्रबन्धित छ (अथवा 'बन्दोजान्छ' ?)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४९

दशकुमारचरित

(बेनामी)

सम्वत् १८७५ भदौ

ब्रह्माण्डच्छत्रदन्डः शतधृतिभवनाम् भोरुहो नालदण्डः ।
क्षोणीनौकूपदण्डः क्षरदमलसरित्पट्टिकासेतुदण्डः ।।
ज्योतिश्चक्राक्षदण्डस्त्रिभुवनाविजयस्तम्भदण्डोऽङ्घ्रिदण्डः।
श्रेयस्त्रैविक्रमस् ते वितरतु विबुधद्वेषिणां कालदण्डः ।।

संपूर्ण भगरीकन आफ्ना सौन्दर्यले क्षीण गराउँदि मगधदेशका शिरोभूषण स्वरूप भयाकि पुष्पपुरी नाउँ भयाकी नगरी छ । तांहाविषय शत्रुसेना-रूपी समुद्रका मथन गर्दामा मन्दराचल स्वरूप भयाका लंवायमान वाहुले शोभायमान भयाका इन्द्रका नन्दन वनमा क्रीडा गरी रह्याका अप्सराले वार-वार गान गरिंदा चन्द्रमा कुन्दपुष्प कर्पूर जस्तो सपेत दश दिशामा व्याप्त भयाका कीर्तिले सुन्दर सुवास भयाका आसमुद्रान्तपृथिवीको भोग गर्न्या दिन दिन गरिंदा यज्ञका दक्षिणाले शिष्ट विद्यावान् ब्राम्हणको दुःख हर्न्या प्रताप्ले शत्रुको सन्ताप गर्न्या सर्वदा मध्यान्हसूर्यसमान कामदेवका जस्तो सौन्दर्य भया-का राजहस नामा राजा भया । तन्की पृथिवी जस्ती सहनशील हावभावकटा-क्षकन जान्न्या वसुमती नाउँ भयाकी रानी भइन् ।

पुष्पपुरविषय वस्दा तस् मगधदेशका राजाले पृथिवी झैं ती रानीसँग भोग परी (?)। तस् राजाका अत्यंत आज्ञाधारी धर्मपाल पद्मोद्भव सित-वर्मा नाउँ भयाका कुलपरंपरागत तीन मंत्री थिया । तस्मा सितवर्माका सुमती र सत्यवर्मा, धर्मपालका सुमन्त्र सुमित्र कामपाल, पद्मोद्भवका सुश्रुत रत्नोद्भव एति पुत्र भया ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्ना धर्मस्वभाव भयाको सत्यवर्मा संसारकन निःसार बुझि तीर्थ-यात्राको अभिलाषाले देशान्तर गयो । राँडमाँडमा आरक्त भयाको व्यमर्यादाको कामपाल पिताको ज्येष्ठभ्राताको आज्ञा उल्लंघन गरी पृथिवीमा भ्रमण गर्दो भयो । रत्नोद्भव व्यापारमा चतुर हुनाले समुद्रका वारपार गर्दो भयो । और चार मंत्रीपुत्र पितृभक्ति भै घरैमा वस्दा भया ।

वडो पराक्रमी सो राजहस राजा एक कोही समयमा मालवदेशका मानसार राजासँग युद्ध गर्नाका निमित्त हाति घोडा रथ पयादाको लस्कर ली पुष्पसरी नगरीदेषि नी स् कदो भयो । मानसार राजा पनि वहुत हातिका सवार समेत सेना सन्मुख भै निक्ल्यो । रथका घोडाका पाटले उठायाको धूलाको समूह नया पतिको वरणी गर्नालाई स्वर्गलोकदेषी आकाशका उपरमा आयाका अप्सराका वीचमा विवाहमा वरकन्याका माझैमा हालिन्या अन्तर्पट जस्तो भैकन आकाशमा व्याप्त भै रहँदामा नगाराका शब्दले दश दिशाकन वधिर गराउँन्या शस्त्रशस्त्रले हातहातले हानि मारियाको सेना भयाको तन् द्वैं राजाको युद्ध भयो ।

तस् वीचमा मगध देशका राजा राजहंसले मालव देशका राजा मान-सारकन पत्रिकन फेरि दयालु हुनाले तसैकन राज्यमा राजा थाप्तो भयो । ताँहाउप्रान्त त्यो राजहंस राजा राज्यको कारोवार गर्दै पुत्रका निमित्त जगत्का कारण भयाका नारायणको आराधना गर्दा भया ।

तँहाँ देषि कोहि समयमा तस् राजाकी वसुवती रानी कल्पवृक्षको फल देवताले दिन आयाको वारिख् स्वप्न प्रातःकालमा देषि समय पाई गर्भवती भइन् । राजाले पनि आफ्ना इष्ट मित्र राजाहरूलाई वोलाई ती रानीको सीमन्तोत्सव गर्दा भया ।

एक समयमा मित्रले मंत्रीले प्रोहित भै देदीप्यमान भयाका सभाका बीचमा सिंहासनका उपर वीराजमान भयाका तस् राजाका हजुरमा षडा भै अंजलि वाँधि विति गरि द्वारपालले एक सन्यासी ल्याउँदो भयो । राजा पनि दूरदेषि चेवाको चालकाल बुझि सन्यासिको भेष धार्‍याको चेवा ठहराई मंत्रिले सहित भै तस्थाँइ सोद्धा भया ।

त्यो सन्यासी पनि "हे महाराज ! सन्यासिको भेष धारि मालवदेशमा मानसार राजाका सहरमा पसि तँहाका संपूर्ण गुप्त वात जानि आयाको छु । क्या हो भनौला त मानसार राजा पैल्हे तिमीदेषी हारीकन विस्मयले (विस्म-यले) युक्त भयाका छदा सदाशिवको आराधना गरि सन्तुष्ट भयाका तन्वाट एक वीरलाई मार्न्या गदा पाई आफुसंमको अर्को योद्धा नठहराई वडो गर्व गरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तम्रा उपर त्यो गदा चलाउदाको मनसुवा गर्छ । और जान्या हजूर ।" भनि विन्ति गर्दो भयो ।

तस् बीचमा देवता सहाय भयाको त्यो राजा जुझीशक्नु छैन भनि मंत्रिहरूले विन्ति गर्दामा पनि क्षत्रिय कर्म हो भनि गर्व राषि मंत्रिको वचन अनादर गरि राजहंस राजा तस्सँग जुझनैको मनसुव् राषता भया । मानसार राना पनि लडाँईको मन्सुवा गरि शिवले दियाको गदाको भरोसा धरि तयार परि सव सेनाका अगाडि पाउ गरि मगध देशमा पस्तो भयो ।

तस् वषतमा तस् देशका मंत्रिले राजालाई वडा कष्टले वुझ ई वैरिको गम् नभयाका विध्याचलका वनमा रक्षा गर्न्या नजीकीले समेत सव कविला राष्या । राजहस राजा वहुत सेना ली जलदि गै अधिक शुद्ध भयाका मानसार-कन छेकता भया शूर वरोवर अमर्ष भयाका तस् दुवैको अद्भुत लडाईमा जयको इच्छा गर्न्या मालवदेशको रक्षा गर्न्या मानसार राजा नाना प्रकारका हतियार चलाउनाले संग्राममा इन्द्रसमान भयाका मगधदेशका राजा राजहंसका उपर सदाशिवले दियाकि तस् गदाकन चलाउदो भयो । राजहंसले चलायाको तीषा तीरले बीचैमा दुवै टुक् भयाकि पनि त्यो गदा शिवको बचत झुटो नहो-इशक्न ले पैल्हे मारथि मारि रथमा चढ्याका राजा राजहंसकन मूर्छित गरा-उँदि भई । तँहा उप्रान्त पुलस्त लगाम भयाका घाउ नलाग्याका घोडा षाली रथकन ली राजपरिवार वस्याका तँही विध्याचलका वनमा दैवगतिले पस्ता भया ।

मानसार राजा त जयलक्ष्मीले युक्त भै वढ्याका मगधदेशको राज्य पाई सवलाई आफ्ना कावुमा ल्याई पुष्पपुरीमा जाई वस्तो भयो । तस् समयमा हतियारका चोटले मूर्छित भयाका काजीहरू दैवगतिले प्रात:कालका शीतल वायुले विउति रणभूमिमा राजालाई नपाई गरीप भै रानीका हजूरमा पुग्दा भया ।

वसुमती रानी त सव सेना मरि मेटियाकी राजा नमिल्याको वात मंत्रीहरूका मुखदेषी सुनि आकुल व्याकुल भै शोक समुद्रमा डुव्याकि छँदि सह-गमन गर्नाकन तयार हुँदि भईन् ।

"हे महारानि ! एकत महाराजाको मरणको निश्चय छैन, दोस्रो त वडो पराक्रमी संपूर्ण पृथिवीको एक राजा हुन्य सुन्दर सुकुमार कुमार तम्रा गर्भदेषि जन्मन्या छ भनि ज्योतिषीहरूले भन्याको छ । तस् निमित्त आज तिमिले मर्नु योग्य छैन ।" भनि मंत्री पुरोहितले वुझाईयाकि छँदि निश्वास मात्र छोडि चुप् रहँदि भइन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तँहापछि अर्धरात्रमा सबलो निदायाका बीचमा कसैले चाल नपाउँन्या गरि तँहदेषि निक्लि रथ आयाको बाटो पक्रि रणभूमिका नजिकका वरका एक हाँगामा दोपट्टा बाँधि झुंडिई मनोकन तयार भई आँशु गिराउँदि कोइलीका भन्दा ज्यादा मधुर स्वरले "हे महाराजा ! अर्का जन्ममा पनि तिमि मेरा पति भया !" भन्दै विलाप गर्दि भईन् ।

राजहंस राजा त चन्द्रमाका किरणले विउँत्याका छँदा त्यो बोली सुनी रानीकन ठहराई पियारा वचनले बोलाउँदा भया । रानी पनि आश्चर्य मानि राजालाई जानी आदरले तँहा आई मन बढाई मुख उज्यालो गराई मानो उपास गन्याका झै भयाका आँषाले परेला कत्ति नलगाई राजालाई हेरि नजीकमा गै मन्त्री पुरोहितलाई उच्च स्वरले बोलाई राजालाई तन्थाँई देषाई रहीन् ।

मन्त्रीहरूले प्रमाण गरि "हे महाराजा ! घोडाले सारथि नहुनाले बडो वेगसँग रथकन वनमा लैगया ।" भनि विति गन्या ।

"मानसार राजालाई सदाशिवले दियाका गयाका चोटले मूर्छित भयाको म रातका शीतल वायुले विउँत्याँ ।" भनि राजाले आज्ञा गन्या ।

र मन्त्रिहरू षुषि भै पालकी मगाई तस्मा चढाई जखम् थकाई बात बनाई प्रीति बढाई महारानीलाई प्रमुख गराई "हे महाराज ! सब राजामा श्रेष्ठ तिमि आज वनका बीचमा वस्याका छौ । संपत्ति भन्नु विजुलीको चामक् हो । सुख दुःख दवका अधीन छ भनि निश्चय गर्न्नु । पैंलहे हरिश्चन्द्र रामचन्द्र प्रभृति राजा पनि दुःखको भोग गरि पछि बहुत वर्षसंम राज्यमा रहि सुखभोग गर्दा भया । तस्तै तिमि पनि कोहि समय प्रर्यन्त देवताको वन्दगि गरि अप्सोच नगरि दिलमा धैर्य धारीरहु ।" भनि राजालाई बुझाउँदा भया ।

तँहाउप्रांत राजा आफ्नु मन्सुव् पुऱ्याई दिन्या तपस्याले देदीप्यमान भयाका वामदेव नामा तपस्वीथैं गई तन्लाई प्रणाम गरि दियाको मेजवानी ली आपनु सब वृत्तान्त कहि आश्रममा केही दिन रहि "हे ऋषि ! मानसार राजाले दैववलले मलाई जिति मेरा राज्यका भोग गर्छ । म पनि तम्रा करुणाले बडो तपस्या गरि तस् शत्रुकन जितुला भनि तिमिथैं आयाको छु ।" भन्दा भया ।

तँहाउप्रांत तीन् कालको बात जान्या ति ऋषि राजालाई भन्छन्, "हे सखे शरीर कृश गराउन्या तपस्याले केही हुन्या छैन । परन्तु सब वैरिदंश-को नाश गर्न्या वसुमतीका गर्भदेषी पुत्रजन्म हुन्याछ । केही समयसम्म चुप् भै रहु ।" भन्या । ऋषिले भन्याको बात साँचो हो भनि आकाशवाणी पनि भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा पनि ऋषिको वचन ली चुप् भै रह्या ।

तांहापछि वसुमती रानीका गर्भ दश महिना पुगी संपूर्ण राजलक्षणले युक्त भयाका पुत्रकन जनमाउदी भईन् ।। तांहापछि तपस्वी पुरोहितलाई अग्रेसर गराई पुत्रको जातकर्मादि संस्कार गरि राजवाहन भनि नाउँ राषता भया ।

तसै समयमा सुमती सुमंत्र सुमित्र सुश्रुत इ चार मंत्रिका प्रत्यक प्रमति मित्रगुप्त मंत्रगुप्त विश्रुत चारै पुत्रा भया । राजवाहन मन्त्रिपुत्रले संग लडिक्याईं खेल गर्दै वढ्दो भयो ।

कोही दिनमा एक तपस्वी आई राजलक्षण भयाका सुन्दर सुकुमार कुमारकन ल्याई राजाथां (ई) दी 'हे महाराज ! कुश समिधा लिनानिमित्त वनमा गयाका मैले निःसहाय भयाकी गरीप भयाकि आशु गिर्राउँदि रुँदि एक स्त्रीकन देष्यां । क्या निमित्त रुन्छेन् भनि सोध्यां र हातले आशु पछि गगल्साईं दै मथाई भन्दी भई, 'हे ऋषि ! मगधदेशका राजा राजहंसका सीमन्तोत्सवमा निउँता मानि मित्र जानि मिथिलाका राजा परिवारसमेत भै मगध देश गई केहि दिन पुष्पपुरीमा रह्या । तसै वीचमा मानसारको र राजहंसको लडाई हुदा सक्यभर सहाय भै लडदा पनि दैव वलवान् हुनाले मानसारले जित्नाले लडाईमा मरि वाच्याका सेकासँग वनको रास्ता पक्रि मिथिलामा आउँदा भिल्लका सेनाको डाक् पर्दा राजाका सब हामि लाजिमा एता उता गई अस्तव्यस्त भै रह्यौं । तस्मा छोरिसमेत म राजाका जुम्ल्याहा २ छोरा की धाई हुँ । राजालाई भेटाउन नशकि वनमा रहदा खानाकन मुख वाई आयाको वाघ हेरि तस्देषि उठि चाडो हिन्नाले पत्थरमा गिरि काषमा लियाको राजपुत्र छाडि दियां । वालक त भिल्लका वाघ मार्न्या षोरका नजीकमा घुस्रँदो भयो । वाघ त सिनु घिसार्दामा चल्याका धनुर्यंत्रज्ञ देषि छुगचाका वाणले मर्दो भयो । वालक् भिल्लले आफ्ना घरमा लैगया । अर्का राजकुमारलाई लियाकि मेरि छोरि कहां गई जान्दिन । छोरिलाई नपायो निःसहाय भै व्याकुल भयाकि छु । एक्लै पनि राजालाई षोज्दै जान्छु ।' भनि।

'इ वात सुनि तम्रा मित्र मिथिलाका राजालाई विपत्ति पर्याको सम्झि विषाद गरि तस् वालकलाई षोज्दै चण्डिकाका थानमा पुग्यां । तँहा चण्डिलाई नरबली दिनानिमित्त एस् वालककन रूषमा वाँधि ससेरले मारौं कि वालुमा गोडा गाडि तीरले तारो मारौं कि कुकुरका छाउँरा लगाई कटाउँ कि भनि आपसमा वात गर्दा कुसुन्दाकन देष्यां र 'हे भिल्ल ही! एस् वनमा वालक् छोरो काष ली हिंड्दा वाटो भुल्यां र एस् रूषेका छायामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरो राषि वाटो षोज्न लाग्यौं र फेरि आउँदा छोराकन देषिन । कँहा गयो? कस्ले लै गयो ? तिमिहरूले देष्याथ्यौ कि ? तनको मुख नदेष्याका ब्रहुत दिन भया बुढौं म अब कसो गरू ? कहाँ ?' भन्यौं ।

"र 'हे ब्राह्मण ! एक वालक लाहाँ छ । तम्रै पुत्र हो कि, लेउ ।' भनि दिया । तन्लाई आशीर्वाद दी वालकलाई काषमा ली चिसा पानिले विउँतायी निःशंक भै तम्रा हजुरमा ल्यायाँ । अब एस्कन तिमि रक्षा गर । भनि भन्दा भया ।

राजा पनि यो वृत्तांन्त सुनि मित्रलाई विपत्ति पन्याको जानि मनमा उपज्याको ग्लानि तस् वालकलाई हेर्नाका सुखले कत्ति नमानि उपहार वर्म्मा नाउँ राषि राजवाहनकन झैं पोल्दाभया ।

कोही दिनमा तीर्थयात्रा निमित्त भिल्लका घरको वाटो गरि जाँदा तन् राजाले भिल्लकी स्त्रीले खेलाई राष्याको सुन्दर वालक देष्या र "राज-लक्षणले युक्त भयाका यो वालक तम्रा वंशमा जन्म्याको होईन । कस्को हो ? कसो गरि तेरा हात पन्यो ? जस्ताको तस्तो भन् ।" भन्या ।

र भिल्लकी स्त्रीले प्रणाम गरि 'हे महाराज ! हाम्रा गोठका नगी-चमा मिथिलाका राजालाई भिल्लले लुट्या । मेरा लोगन्याले त एस् वालक-लाई पाई मथाई ल्याया ।' भनि विति गरि ।

राजाले त्यो विचार गरि ऋषिले भन्याको धाईकि छोरिका हात पन्याको मिथिलाका राजाकी दोस्रो छोरो एहि हो भनि निश्चय गरि भिल्लकी स्त्रीलाई दी-फुल्याइं वालक ल्याई अपहारवर्मा नाउँ वनाई वसुमती रानीलाई पाल्न दिया ।

कोही समयमा वामदेवको शिष्य सोमशर्मा एक वालक ल्याई राजाका अगाडि राषि हे महाराज ! रामतीर्थमा स्नान गरि फिर्दो मैले वनमा एक स्त्रीले काषमा लियाकी एस् बालकलाई देष्याँ । 'हे वुढिया ! एस् वन वीचमा वालक लियाकी तँ कौंन होस् ? क्यानिमित्त डुल्फिर् गर्छेस् ?' भनि सोध्याँ र 'हे ऋषि ! कालजवन् नाम भयाका दीपमा कालगुप्त नामा धनाढ्य एक वैश्य थियो, सुवृत्ता नाउ गन्याकी तस्की छोरीकन एस् दीपदेषी गयाको राज-हंसको मंत्रीको छोरो रत्नोद्भव नामा तस्ले विवाह गन्यो । समय पाई गर्भ-वती भयाकी सुवृत्तालाई साथ ली ससुराथैं विदा भै भाइहरूसँन भेट गर्नाका आशयले नावमा चढि पुष्पपुरीमा आउनानिमित्त हिंड्यौं । त्यो नाव समुद्रका लहरी हान्नाले डुब्यो । गर्भका भारले थाक्याकि सुवृत्ताकन एक फलियामा चह्राई हातले षियाई दैवगतिले तीरमा लाग्यौं ओर जनले सँग रत्नोद्भव त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तँही डुब्यो कि कित केही उपायले तीरमा लाग्यो, यो जांदिन । वहुत दुःख पाई रह्याकि सुवृत्ताले एस् वन वीचमा आज छोरा पाई प्रसूतिका वाधाले विचेत भयाकि छँदि शीतल छायामा वसि । एस् वनमा वसि नशक्नाले गाउँ जान्या वाटो पैल्याउँन तस् थाई एस् वालकलाई छोडन नशकि साथ ली आयाको छु ।' भनि ।

"उसै वीचमा वनको हाति देषियो र डरले वालकलाई छोडि भागदी भईन् । म पनि नजीकमा लहराका झाँगमा पसि हेरिरह्यां । वालककन पालुवा पातको गासझैं गरि तस् हातिले सोंढ पक्रदा वीचमा वडो सोर गरि अकस्मात् सिंह आई पऱ्यो । तस्का भयले कहालियाका तस् हातिले चाँडै उँभो फेक्याको वालक रूषमा वस्याका वानरले पाक्याको फल हो भनि समुझि हातले पक्रि पछि फल होइन भनी ठहराई तस् रूषका मूलहाँगाका कापमाछोडि दियो । त्यो वानर पनि अन्यस्थान गयो । सिंह पनि हातिकन मारि वनैमा गयो । तस् झागदेषि निक्सी वाजकन रूषदेषि सुस्त उतारि (वनमा) वनमा वालककि आमालाई षोजदा नपाई वालकमात्र गृहयैं ल्याई तन्का आज्ञाले तम्रा हजूरमा ल्याको छु ।' भनि भन्दा भया ।

सव मित्रका एकै समयममा विपत्ति पऱ्यो त पनि दैव सहाय हुनाले तवका सन्तानको संभार रह्यो भनि आश्चर्य मानि रत्नोद्भव कस्तो भयो अनि फिक्र गरि पुष्पोद्भव नाउँधारि तन्का काका सुश्रुतनामा मंत्रिलाई वोलाई वोलाई सव वृत्तान्त सुनाई राजाले तस् वालकन सौंप्या ।

(वीर पुस्तकालयवाट)

विशेष शब्दहरू

ताँहाविषय : त्यहाँ ।

सपेत : सेतो ।

तन्की : तिनकी ।

राँडभाँड : रन्डी र भाँड । 'राँड'को अर्थ थियो 'पोइ नभएकी आइ माई' तर अचेल यसले 'विधुवी' को अर्थ दिन्छ ।

व्यमर्यादा : बेमर्यादा 'य' को उच्चारण नेपाली भाषामा 'ए' हुन्छ भन्ने प्रमाणहरूमध्यको एउटा प्रमाण यो पनि हो ।

पयादा : पदाति सैन्य । तुलनीय प्राकृत 'पयाइ' । अचेल 'प्यादा' ले साधारण अर्थमा 'सिपाइ'को अर्थ जाहेर गर्न लागेको छ र 'प्यादा लगाउनु' जस्ता टुक्काहरूमा त 'सिपाइ' भन्ने अर्थ पनि पाइन्छ ।

लस्कर : फौज । तर अचेल 'लस्कर'ले 'जुलुस' भन्ने अर्थ व्यक्त गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वारिख स्वप्न : शुभस्वप्न । वारिख < फार्सेली बारीक : सूक्ष्म, गूढ ।

चालकाल : छांटकांट ।

तस्थांइ : त्यससँग ।

नठहराई : पत्ता नलगाई ।

जुझीशक्नु : जुधीसक्नु, जेय ।

गम् : गमन, प्रवेश ।

नजीकी : उद्देश्य । व्युत्पत्ति कठिन ।

'कविला' : परिवार । अरबेली 'कविला' : कुल, वंश ।

जल्दि : चाँडै । < अरबेली जल्दः द्रुत ।

विउति : बौरेर ।

गरीप : दुःखी । तर प्राय नेपालीमा यस शब्दको प्रयोग निर्धन अर्थमा हुन्छ । यो आएको हो अरबेली 'गरीब' (बटुवा; विचित्र; निर्धन; दुःखी) बाट ।

विउँत्याका : बौरिएका ।

पियारा : प्यारा ।

उपास : उपासना ।

लैगया : लगे ।

विउँत्याँ : बौरिएँ ।

जखम थकाई : घाउ निको पारी । अरबेली 'जख्म' : घाउ ।

वन्दगि:आराधना । फार्सेली 'बंदगी' ।

अप्सोच:खेद. < फार्सेली 'अफसोस' । 'अप्तोच'को निर्माणमा संस्कृत उपसर्ग 'अप' अनि संस्कृत संज्ञा 'शोच' को सादृश्य (Analogy) को पनि हात हुनुपर्छ ।

तपस्वी थै : तपस्वीसित । तुलनीय 'थाई' माथि ।

अग्रेसर : अग्रसर ।

लडिक्याई : बालखपन ।

गगल्साउँदै । गिडगिडाउँदै । अचेल हिन्दी 'गडगिडाना'को प्रभावमा आएर नेपाली 'गगल्साउनु' झण्डै विसिइसकेको छ ।

निउँता : निम्तो ।

सक्यभर : भरिसक्के ।

डाक् : डँकैती ।

वाघ हेरि : बाघ देखी ।

षोर : खोर ।

संसेर:तर्वार। < फार्सेली 'शमशेर'।

तारो मारौं कि : तारो हानौं कि ।

छाउँरा : छाउरा :

कटाउँ कि : टोकाऔं कि ।

कुसुन्डा : भिल्ल ।

लैगयो : लग्यो ।

भुल्याँ : विर्से ।

विउँतायी : बौराई ।

दो–फुल्याई : बकस दिएर प्रसन्न तुल्याई ।

कालजवन् : कालयवन) ।

फलिया : फलेक ।

सोढ : सुँड ।

पक्रदाका वीचमा : पक्रनासाथ ।

समुझि : ठानेर ।

फिक्र : फिक्री । <अरबेली 'फिक्र': चिन्ता ।

सौप्या : सुम्पिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५०

'मुन्सी'

तीन आहानहरू

(सम्वत् १८७६)

(१)

एउटा मानिस् राजा छेउँ फरयाद गरनु गयो। कस्तो फरियाद गऱ्यो भन्यादेषि घरमा मानिस् सधै आइकन मेरो सुवास्निसित प्रिति गरछ तर मैं तेस्लाइ कहिले देखनु पाउँदइनुँ। कुन् हो कुन् हों। तपाइको न्यावको आसरा: राखिकन तेस्लाइ सभातनु खोज्छुँ:।

तव राजाले उस्लाई एउठा अतर भऱ्याको सिसि दिइकन आग्याङ गरे-"यो सिसि तेरो सुवास्निलाइ सोन्पिकन कसैलाइ नदेउ भन्या भनि दे।" उ मन्छेले उसतै गऱ्यो। राजाले चिवाहेरुलाइ खतायो र अह्रायो-"कस्सँग वास्ना आउन्या (?) भनि उस्लाइ समाइ ल्याउनु हुइ।"

परन्तु जारले वेला पाइकन सुवास्निछेउ गयो:। तेस सुवास्निले लुगामा अतर लाइ दियो र भन्नु लाग्यो-"मेरा लोग्न्याले कसइलाइ नदेउ भनि भन्याकों छ:। तर तिमि मेरो प्रानिजहिन् रहेछौ। तिमरो काम नआयादेखि कस्को काम आउला: ?" भनि।

परन्तु जार घरवाटो निस्कन्दाखेर चिवाहेरुले वास्नाको थाहा पाइकन तेसलाइ समाइकन राजालाइ पुऱ्याइ दिया।तव राजाले सुवास्निको लोग्न्यालाइ दाकिकन भनयो-"लौ तेरो जारलाइ लियेर जा। मन् पऱ्या भनि हान् मन् पऱ्या भनि छारिदेउ। १८७६॥+॥×॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२)

कोइ सहरमा कपासको भन्सारिको पसल्बाटो ढेरि कपास चोरिगयो भन्सारिहेरू राजाछेउ फरयाद गरनु गयो । चोर समातनु अनेक जुग्ति गरयो र तर फेला पारेन । एउटा भारदारले त्रिनति गऱ्यो–'तपाइको आग्या भया भनेर तेस चोरलाइ झिकुला ।"

"लौ" भनि राजाले अह्रायोः । भारादार विदा भयो र घर आयो र निमन्त्रणको निहुन्ले सहरको ठुलौं सानुचाहिलाइ दाक्यो । सर्वजना वाटुलो भयो रः एका ठाउमा वस्यापछि भारादार साभामा आइकन सर्वको मुख हेरि कन भनलाग्यो–"कुन् अभाग्ये रान्डाको छोराले कपास ङोरिकन थुन्का थुन्का दाह्रिमा चेप्त्याइकन मेरो निउता खानु आयो ।" भनि यो कुरा सुन्यादेखि कति मन्छेले आपनु दाह्रिमा हाथ लाउनु लाग्यो । उसैइ वेलामाः भारदारले तिनिहेरुलाई चोर ठहराइकन राजालाइ पुऱ्याइ दियो । राजाले उस्को जुक्ति हेरि तँ धँन् धँन् भनि स्वावास भनि रिझ्यो ।

१८७६।।=।।=।।

(३)

दुइ जनाले एउटा बुह्रिछेउ माल् सोन्पिकन भन्यो–"हामि दुइजना विदेसवाटो सनगइ फर्क्याइकन लिउँला ।" भनि भनेर गयो । कति दिन वित्यापछि एउटा वुह्रियाछेउँ आइकन भन्नु लाग्यो–"हाम्रो साझि भन्या मऱ्यो । हाम्रो सोन्प्याको माल् मँलाइ फरकाइ दिउः । "

सुवासनिले असको भइकन दिहाल्यो । अलिखेर पछि अरकौं साझि आईकन अपन माल् मान्गनु लाग्यो । सुवासनिले भन्यो–"तिम्रो साझि आइकन तिमि मऱ्याको समाचार मँलाइ सुनायो । तेस्ले भन्याको करा फर्काउनुलाइ मैंले ढेरि धिपि गऱ्युँः तरं नास्ति नमानिकन माल भन्या स्वाहँ लेगये ।"

तेस मन्छेने सुवास्निलाई द्रिष्टाको मुख्यान्जि ले जाया र न्याउ मान्ग्योः । द्रिष्ठाले अलिखेर घुरिकन सुवासनिको विराउँ छैन भनि चितमा थाने । मन्छेंलाई भन्नु लाग्यो–"तैंले विदेस जान्दाषेर सुवासनिसित भनिस्–"हामि दुइ जना साझि सँगि फर्कि आयापछि माल् लिउँला ।" अहिले तिम्रो साझिलाइ दाकिकन तिम्रो माल् लेजाउ । तँ येकलइ कसो गरि पाउलास् ।" मंछेले केहि भन्नु सक्न्या । घरमा फरकि आयो

१८७६।।=।।

(मदनपुरस्कार पुस्तकालयका सौजन्यले)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

(१)

सुवास्नि : स्वास्नी ।
आइकन : आएर ।
पाउँदइनुँ : पाउँदिन ।
न्याव : न्याय ।
खोज्छुँ : खोज्छु ।
आग्याङ : आज्ञा ।
सोन्पिकन : सुम्पेर ।
मन्छे : मान्छे ।
चिवा : सी. आई. डी. ।
खतायो : खटायो ।
हइ : है !
लोग्न्या : लोग्ने ।
यरवाटो : घरबाटा हेर्नोस् 'पाटन । वाटो' शी. ३५ घ ।
निस्कन्दाखेर : निस्कँदाखेरि ।
दाकिकन : डाकेर ।
मनपन्या भनि : मनपरेमा ।
भनि : भने ।
छारिदेउ : छाडीदेऊ ।

(२)

भन्सारि : आढतको मालिक ।
जुग्ति : जुक्ती । < संस्कृत जुक्ति ।
आग्या भया भनेर : आज्ञा भएमा ।
निहुन्ले : निहुँले ।
दाक्यो : डाक्यो ।
वाटुलो भयो : भेला भयो । तुलनीय 'बटुलो' ।
साभा : सभा । हेर्नोस् शी. ४२ क–ख ।
आपनु : आपनु ।
निउता : निम्तो ।
हाथ : हात ।
धँन् धँन् : धन्य ! धन्य ! !

(३)

वुह्लिछेउ : बुढीसँग ।
विदेसवाटो : विदेशबाट ।
फर्क्याइकन : फर्की आइकन ।
साझि : साथी (अथवा साझेदार ?)
सोन्प्याको : सुम्पेको ।
फरकाइ दिउ : फर्काईदेऊ ।
सुवासनि : आइमाई ।
असको : असमंजस ।
अपन : आफ्नो ।
ढेरि धेरै ।
धिपि : ढिपी ।
गन्युँ : गरें ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लैगयो : लग्यो ।
द्रिट्ठ : डिट्ठा, न्यायाधीश ।
लेजायो : लग्यो ।
द्रिष्टा : डिट्ठा ।
घुरीकन : घोरिएर ।
बिराउँ : बिराम ।
थाने : ठाने ।
जाँन्दाषेर : जांदाखेरि ।
दाकिकन : डाकेर ।
लेजाउ : लैजाऊ ।
सक्न्या : सकेन ।

—०—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५१

पं. दैवज्ञकेशरी अर्ज्याल

गोरक्षयोगशास्त्र

(सम्वत् १८७७)

गोरक्षनाथ योगी म जो छु वडा भक्तिले श्रीगुरुकन प्रणाम गरि पूर्वजन्ममा गऱ्याका योगाभ्यासले यस् जन्ममा योगमा भक्ति हुन्याला‍ई अति संत म उत्तम ज्ञानको साधना अद्वैतवोध दिन्या योग शास्त्रकन कहंछु ।

कर्मले र भक्तिले शुद्धचित्त हुन्याको यस् शास्त्रमा अधिकार छ । अधिकारि र वाच्यावाचभावसंवन्ध तृतीय श्लोकले जनाया ।

योगिजनका उपर करुनाले गोरक्षशतक योगशास्त्रकन गोरक्षनाथ म कहंछु । जस् योगशास्त्रको गुरुदेषि उपदेश पाइ योगभ्यास गर्न्याकन जीवन्मुक्त भाव मिलि जाहाँ पुगि फेरि फिर्नु छैन तस्ता परमपदको लाभ हुस्छ ।

यदि पुरुषको मन विषयभोगदेषि विरक्त भइ परमात्माविषे आसक्त होवस् तस्तालाई गोरक्ष योगशास्त्र कालमृत्यु छलनाको सामर्थ्य दिछ, मुक्ति-मार्गको सिढि हुंछ ।

हे सज्जन हो ! मुनिजनरूपी पंक्षिहरूले आश्रय गऱ्याका हांगा हुन्या वेदरूपी कल्पवृक्षको फल योगं हों । जन्ममरणरूपी वारंवारको संताप हर्न्या योगाभ्यासको सेवा गर ।

आसन प्राणायाम प्रत्याहार धारणा ध्यान समाधि इ छ योगका अङ्ग हुन्। यमनियमसम्पन्न पुरुषले इनकों अभ्यास गरिन्या संप्रज्ञात समाधिको लाभ हुंछ । तेस्का अभ्यासले निर्विकल्प समाधिनामा राजयोग सिद्ध हुन्छ । जस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणीका चौराशीलक्ष योनि छन् तस्तै आसन पनि चौराशीलक्ष छन्। आसनका चौराशीलक्ष भेद जान्या श्रीसदाशिव मात्र छन् ।

चौराशीलक्ष योनिको एक आसन लिई श्रीसदाशिवले सर्वधारणा चौराशी आसन मात्र सार छन् भनि अरू योगग्रंथमाकहृदा भया । चौराशी आसन सर्वमा गनि अत्यन्त सार सिद्धासन र पद्मासन । इ दुवै उत्तम छन् भनि सदाशिवले कह्याका दुवै आसनमात्र कहंछु ।

गुह्यको र लिङ्गको बीच योनिस्थान हो । तस्कन एक पाउका पैतालाले दृढ गरि अँचेतनु । अर्का पाउकन लिङ्गमूलमा स्थिर गरि अडचाउनु । दृढ सोझो शरीर गरि चंचल नभं निश्चल मन गरि एकाग्र गर्न्याका दुवै नेत्रले भ्रूमध्येमा दृष्टि स्थिर गर्नु । कुण्डलिनीले रोक्याको सुषुम्णा द्वार षोल्न्या यो सिद्धासन हो ।

वाम तिग्राका उपर दाहिना तिग्रा वाम पाउ उत्तानो गरि चढाउनु । दुवै हात पीठतिर लैगी दाहिना हातमाथि वाम हात वाम हातमाथि दाहिनो हात गरि दाहिना पाउका अंगुष्टाकन दाहिना हातले वाम पाउका अंगुष्टाकन वाम हातले दृढ गरि समाति चिउडो छातिमा अडचाई एकाग्र गर्न्याका दुवै नेत्रले नासिकाग्रमा दृष्टि दिनु । असेष रोगको नाश गर्न्या काम क्रोधधारि घटाउन्या यो वद्ध पद्मासन हो ।

विषय वासनाले चंचल मनकन नरोकि योग हुन सक्दैन । विना अलम्बनले मन रोकिदैन । तस् निमित्त मन अडचाई एकाग्र गर्नालाई षट्चक्र सोह्र आधार दुई लक्ष पाँच आकाश चार प्रकरणको भेदले उनन्तीस् स्थान कहंछन् । षट्चक्र इति ।

(मदनपुरस्कार पुस्तकालयबाट)

विशेष शब्दहरू

सिढि : सिढी, खुड्किलो ।
अँचेतनु : अँचेट्नू ।
तिग्राका उपर : तिग्रामाथि ।
लेगी : लगेर ।
दाहिनो : दाहिने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५२

धर्मपुस्तक

सुसमाचार मातिउरचा

(संवत् १८७८)

१ अवराहामका संतान दाउद उस्का संतान यिशु ख्रीष्टका पूर्व्वपुरुषाको पोस्तक इयो ।

२ अबराहामले यिस्साकलाई पाया अवर यिस्साकले यग्राकुवलाई पाया अवर यग्राकुवले यिहुदाहलाई अवर उस्का

३ भाइलाई पाया अवर यिहुदाले फारेस्लाई अवर जेराखलाई तामारदेखि पाया अवर फारेसले खेसरोणलाई पाया ।

४ अवर खेसरोणले रामलाई पाया अवर रामले अमिनादाबलाई पाया अवर अमिनादाबले नाखशोनलाई पाया अवर

५ नाखशोनले शालमालाई पाया अवर शालमाले बोग्राजलाई राखावदेखि पाया अवर बोग्राजले ओबेदलाइ रातले

६ पाया अवर ओबेदले यिशिलाई पाया उन्पछी यिशिले दाउद राजालाई पाया अरु पनि दाउद राजाले शलमनलाई उस्देखि पाया कि जो उरियाहको स्वासनी थी ।

७ अवर शलमनले रेखनग्राम्लाई पाया अवर रेखयग्राम्ले ग्राबोयाहलाई पाया अवर ग्राबोयाहले ग्रासालाई पाया ।

८ अवर ग्रासाले यिहोशापाटलाई पाया अवर यिहोशाफाटले योरामलाई पाया अवर योरामले उजीयाहलाई पाया

९ अवर उजीयाहले योतामलाई पाया अवर योतामले ग्राखाजलाई पाया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवर आखाजले खिजिकीयाहलाई पाया अवर

१० खिजिकीयाहले मनाशेहलाई पाया अवर मनाशेहले

११ आमोनलाई पाया अवर आमोनले योशीयाहलाई पाया अवर योशी. याहले याकिमलाई अवर उसका भाइयोंलाई पाया अरु पनि बाबेलमां ले जानेका समय याकीमले

१२ यिकोनीयाहलाई पाया । उन्होका बाबेल पुगेपछी यिकोनियाहले शलातिएललाई पाया अवर शलातिएलले

१३ जिरुबाबललाई पाया अवर जिरुबाबेलले आबीउदलाई

१४ पाया अवर आबीउदले एलीयाकिमलाई पाया अवर एलीयाकिमले आजुरलाई पाया अवर आजुरले सादोकलाई पाया अवर सादोकले आकिम-लाई पायो अवर आकिम

१५ ले एलिउदलाई पाया । उहांपछी एलिएजेरला

१६ ई पाया अवर एलीएजेरले मतनलाई पाया अवर मतनले यआकुवलाई पाया अवर यआकुवले युसफलाई पाया । उ मारियाका पुरुष कि जस्देखि यिशुको जन्म भयो कि जो ख्रीष्ट नामजादा भयो ।

१७ उस्देखि अब्राहामदेखि दाउदसम्मो सबमुठ चौदह पुश्ता अवर दाउ-देखि बाबेलमां ले जंजालसम्म चौदह पुश्ता अवर बाबेलमां ले जंजालसम्म ख्रीष्टतक चोदह पुश्ता ।

१८ यिशु ख्रीष्टका जनम एस्तो थियो । उसकी आमा मारिया युसफलाई आषा गऱ्यापछि उ दुई भेटनाका अघि उ धर्म्मा–

१९ त्मादेखि गर्भ जानी गई । उस्को स्वामी युसफ साधु भइकन अवर प्रकाशमा उस्लाई कलंकीनी गराव्नेकन मर्जी नगरि

२० कन उस्लाई लुकायकन छोडनकन मनमा आंटयो । तर उ उस्माथी सुर्ता गर्दा देख ईश्वरका दूतले स्वप्नमा उस्लाई दर्शन दियाअवर कह्यो कि हे दाउदका पुत्र युसफ आफ्नी स्वासनी मारियालाइ लीन्कन नडरो, क्याहा तस्मां

२१ जो जनम्यो उ धर्मात्माले छ । अरु पनी सो छोरा जनमाब्ली अवर उस्का नाम तं यिशु राखलिस, क्याहा सो आफ्ना लोगलाई उन्का पापदेखि उद्धार गर्ला ।

२२ इ सभै भयो कि ईश्वरकी इन् कुरा पूरा हो कि यो भयीले

२३ भनीयो कि देखो एवटी छोरी गरभा होली अवर छोरो पाव्ली अवर सो उस्को नाम एमानुएल राख्लि अर्थात् ईश्वर हामोसंग ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४ इस्पछि ईश्वरका दूतले उस्लाई जस्तो भनेथ्यो युसफ्ले नीददेखि विउझिकन तेसै गरीकन आफ्नी स्वासनीलाई

२५ लिया । तर उस्का अघिला छोरा जन्मेका अघी उस्लाई स्वास्नी झैं जानेनन् । उस्पछि उस् छोराका नाम यिशु राख्यो ।

(मदनपुरस्कार पुस्तकालयबाट)

विशेष शब्दहरू

पुरुषा : पुर्खा ।
पोस्तक : पुस्तक ।
इयो : यो ।
अवर : और (अनि)
यआकुब : याकुब ।
अरु पनी : साथै ।
रेखयआम् : रेख्याम ।
भाइयोंलाई : भाइहरूलाई ।
ले जानेका समय : लाने वेलामा ।
उन्होका बावेल पुगेपछि : उनीहरू बावेल पुगेपछि ।
पुरुष : लोग्ने ।
नामजादा : नामक ।
दाउदसम्मो : दाउदसम्म ।
चोदह : चौध ।
ले जंजालसम्म : ली जाउन्जेलसम्म ।
भाषा गऱ्यापछि : वचन दिएपछि ।
भेटनाका अघि : भेट्नुभन्दा अघि ।
गराव्नेकन : गराउनलाई ।
लुकायकन : लुकाईकन ।
लिन्कन : लिनलाई ।
नडरो : नडराऊ ।
क्याहा : किनभने ।
जन्माव्ली : जन्माउली ।
इन् कुरा : यी कुरा ।
मयीले : मैले ।
देखो : हेर ।
एवटी : एउटी ।
गरभा : गर्भवती ।
हामोसंग : हामीहरूसंग ।
इस्पछि : यसपछि ।
जानेनन् : थाहा पाएनन् ।

—०—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५३

सेरामपुर बाइबल

(सम्वत् १८८४)

एक मानसको दो गदेला थ्या । अरु उन्को सानुने आपनो बुबाअन बोल्यो ए बुबा धनको जो चिरा मेरो अशम होंदो हो उ मंअन देउ उस्को पछि उस्ले उन्को बरी धनको चिरा गऱ्यो । उपछि ढेरै दिन न होंदेई सानू गदेला आपनो सभैंअन वटोर गरिकन दुरदेशम तनक्यो अरु उहीं रंडीबाजीम आपनो धनअनखरच गऱ्यो । अरु सभैंअन खरच गरनेपछी ठूलो अनिकाल उ देशम भई अरु उ लाचारिम पछरने लाग्यो । उस्को पछी उ तनकिकन उस् तनकिकन उस् देशको एक प्रजाको नेरे रह्यो अरु उस्ने बदोलोंको चरानेको बरी उअन गरहाम वठायो । अरु उ बंदेलोंको घिचनेको खुदिसित आपनो भुंडि भरने चाह्यो वाकी कोई मानसने उअन नदियो । होशम हिरकिकन उस्ने बोल्यो मेरो बुबाको कति नफर परचुर अरु उस्सिय जेय दा रोटलो पाँवदो हो अरु मं भुकसित मरदो हुं । मं उठिकन आपनो बुबाको नेरे तनकुंलास अरू उस् अन वोललास ए बुबा मं सरगको बिबलांटोम अरु तेरो सामु तकसिर गऱ्यो । अरु अवैंसित तेरो गदेला नावजदि होने लायक नहुंमंअन तेरो एक नफरको एसतो गर । अरु उ उठिकन आपनो बुबाको नेरे हिरक्यो अरु उ ढेरै टाढा रंहदे उस्को बुबाने उस्अन हेऱ्यो दया गऱ्यो अरु तनकिकन उस्को घोकरो अँठ्यायो अरु उन्अन चुम्यो । अरु गदेलाने उअन बोल्यो ए बुबा मं सरगकी बिबलांटोम अरु तेरो सामु तकसिर गऱ्यो अरु अवैंसित तेरो गदेला नावजदि होने लाएक नहुं । बाकि बुबा नफरोंअन बोल्यो सभैंसित निको पोशाक लाइकन उअन पैराव् अरु उस्को डुंडलुम मुंद्रा अरु उस्को खुट्टोंम लतडा पैराव् । अरु मोटो वाछुरअन लिकन मारो अरु हामि घिचिकन खोश होउंलास्। किन इय नेरो गदेला सिजिकन जियो हो उ हरायो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थ्यो अरु फेरि मिल्यो हो । अरु उईं आनन्द गरने लाग्या ।

अरु उस्को जेठा गदेला गरहाम थ्यो अरु हिरकदे हिरकदे उ खोपरोको नेरे भरिया अरु बाजा अरु नाच सुन्यो । अरु एक नफरअन डाकिकन उस्ने पुछ्यो कि इय क्या हो । उस्ने उअन बोल्यो तेरो ए भाइ हिरक्यो अरु तेरो बुबाने मोटो बाछुरअन मान्यो किन उस्अन निको दशाम पायो । अरू उ रिसायो थ्यो अरु भीतरं तनकने नचाह्यो । उस्सित उस्को बुबाने निसकिकन उसअन विनति गन्यो । उस्ने जबाब दिकन आफ्नो बुबाअन बोल्यो हेरो मंने एतो बरष तेरो टहल गरी अरु तेरो आज्ञा कभैं न लांघ्यो बाकि तंने कभैं मंअन एक चेंगडा वी नदियो कि मं आफ्नो गंयोंको संघ खुशी गरुं वाकि तेरो जिस् गदेलाने पतरियोंको सघ रहिकन तेरो सभै धन खरच गन्यो तंने उस्को हिरकनेम उस्को बरी मोटो बाछुरअन मान्यो । उस्ने उअन बोल्यो ए गदेल तं सदै मेरो नेरेरहँदो हो अरु मेरो सभैं चिजों तेरो हो । हमिको खुशी अरु आनन्द गरना प्रयोजन हो किन तेरो ए भाइ सिज्यो थ्यो अरू जिन्दो होन्दो हो उ हरायो थ्यो अरु मिल्यो हो ।

विशेष शब्दहरू

मानसको : मान्छेनाई (तुलनीय बैंतडेली मान्स) ।

दो : दुई (तुलनीय हिन्दी दो) ।

गदेला : छोरा ।

थ्या : थिए ।

उन्को : उनमाको ।

सानुने: सानुले(तुलनीय हिन्दो छोटेने)

अरु : अनि, र ।

आपनो : आफ्नो ।

बुबा (अन) : बुवा (कन : लाई) ।

बोल्यो : भन्यो (हिन्दी बोला) ।

चिरा : भाग, चिरो ।

आंशम : अंशमा ।

होन्दो हो : रहँदो छ, छ (हिन्दी होता है) ।

मं (अन) : म (कन : लाई) ।

उस्को पछि : उसपछि (हिन्दी उसके बाद) ।

उस्ने : उसले (हिन्दी उसने) ।

बरी : लागि ।

उपछो : उसपछि ।

ढेरं : धेरं ।

नहोन्देई : नहुँदै ।

बटोर : जम्मा ।

तनक्यो : हिंड्यो ।

गरनेपछि : गरेपछि (हिन्दी करनेके बाद) ।

उ देशम : उस देशमा !

भई : भएर ।

पछरने लाग्यो : पछुताउन लाग्यो (हिन्दी पछताने लगा) ।

नेरे : नेरं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बन्दोलोंको चरानेको बरो : बँदेलहरू-लाई चराउनको लागि (हिन्दी सुअरोंको)
उअन : उसलाई ।
मरहाम : गरामा, खेतमा ।
बन्देलोंको घिचनेको खुदीसित : बँदेलले खाने कनिकासँग ।
भरने चाह्यो : भर्न चाह्यो ।
बाकि : तर ।
कोइ मानसने : कुनै मानिसले ।
न दियो : दिएन(हिन्दी नहीं दिया)।
होशम हिरकिकन : होशमा आएर ।
नफर : नोकर ।
परकुर : प्रचुर ।
उस्सिय : उससित ।
ज़ेयादा : ज्यादा ।
रोटलो : रोटो ।
पाँवदो हो: पाउँछ(हिन्दी पाता है)।
भुकसित : भोकँ (हिन्दी भूखसे)
मरदो हूँ : मर्दो छु (हिन्दी मरता हूँ) ।
तनकुलास : हिडूँला ।
बोलुलास : भनूँला।
सरगको बिबलांटोम : स्वर्गको विपरीतमा ।
तकसिर : अपराध ।
अवेसित : अबदेखि(हिन्दी अभी से)।
नावजदि : नामकरण ।
होने : हुने (हिन्दीं होने)।
न हुँ : म छैन (हिन्दी नहीं हूँ)।
नफरको एसतो गर: नोकरको जस्तो गर (हिन्दी नौकरका ऐसा) ।
रहदे : रहँदै (हिन्दी रहते) ।
हेन्यो : देख्यो ।
घोकरो : घोक्रो ।
उनूअन : उनलाई ।
चुम्यो : म्वाई खायो ।
गदेलाने : छोराले ।
नफरोंअन : नोकरहरूलाई (हिन्दी नौकरोंको) ।
सभैसित निको : सबैभन्दा राम्रो (हिंदी सबसे अच्छा) ।
लाइकन : ल्याइकन ।
पैराव : पहिराइदेओ ।
डुंडुलोम : नारीमा ।
खुट्टोंम : खुट्टाहरूमा (हिन्दी पैरों में)
लतडा : जुत्ता ।
बाछुरअन : बाछोलाई ।
मारो : मार (हिन्दी मारो) ।
हमि घिचिकन खोश होउँलास : हामी खाएर खुसी होला ।
किन : किनभने ।
इय : यो ।
सिजिकन : मरेर ।
जियो हो : बाँचेको छ (हिन्दी जी गया है) ।
हरायो थ्यो : हराएको थियो(हिन्दी खो गया था) ।
मिल्यो हो : भेटिएको छ(हिन्दी मिल गया है) ।
उइ : ती ।
गरने लाग्या : गर्न लागे(हिन्दी करने लगा) ।
गरहाम थ्यो : खेतमा थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिरकदे हिरकदे । हिड्दा हिड्दा (हिन्दी चलते चलते) ।
खोपरोको : घरको ।
भेरिया : भिडियो ।
पुछ्यो : सोध्यो (हिन्दी पूछा) ।
ए भाइ : यो भाइ ।
निको दशाम : निको हालतमा ।
रिसायो थ्यो : रिसाएको थियो ।
भीतरे तनकने नचाह्यो : भित्र जान चाहेन (हिन्दी भीतर जाने नचाहा) ।
हेरो : हेर (हिन्दी देखो) ।
मंने : मैले (हिन्दी मैंने) ।
एतो बरख : यतिका वर्ष (बंग्ला एतो वर्ष)
न लांघ्यो : मैले नाघिन । (हिन्दी नहीं लांघा) ।
तंने : तैले (हिन्दी तूने) ।
कभं : कहिल्यै, कवं (हिन्दी कभी)।
चेंगडाबी : च्याङ्ग्रा पनि (हिन्दी भी: पनि) ।
गँयोंको संघ : साथीहरूसँग ।
पतरियोंको संघ : पात्तरहरूसँग ।
रँहदो हो : रहन्छस् । (हिन्दी तू रहता हो)
चिजों : चीजहरू (हिन्दी चीजें)।
हमिको : हामीलाई (तुलनीय हिन्दी हमको) ।
गरना प्रयोजन हो : गर्ने प्रयोजन छ।
सिज्यो थ्यो : मरेथ्यो ।
जिन्दो होंदो हो : जिउँदो हुँदो छ (हिन्दी जीवित होता है) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५४

विजयानन्द

महाभारत गदापर्व

सं. १८८६ मंसिर शुक्ल एकादशी

श्री गणेशायनमः। श्रीशारदायै नमः! श्रीगुरवे नमः। श्रीकृष्णाय नमः श्रीभीमसेनाय नमः।

राजा धृतराष्ट्रकन संजयले कह्याका शल्यपर्वका सर्व वृत्तान्त सुनि फेरि गदा पर्वमा भयाको वृत्तान्त सुनानिमित्त संजयकन आज्ञा गर्छन्—'हे संजय, रण भूमिमा पांडुका छोराहरुले हाम्रा सर्व सैन्य मार्दा बाकी सेख रहन्याहरूले क्या पुरुषार्थकन गऱ्या? यस् समयमा कृतवर्माले कृपाचार्य्यले पनि वलिया भयाका द्रोणाचार्यका पुत्र अस्वत्थामाले थोरै बुद्धि भयाका राजा दुर्योधनले पनि क्या गर्दा भया ?"

येति राजा धृतराष्ट्रको आज्ञा सुनी संजय विति गर्छन्– "हे महाराज धृतराष्ट्र, महात्मा भयाका क्षत्रियहरुका गढमा रह्याका स्त्री बालषहरू भागि जादा गढ सुन्य भयामा तिनजना महारथीहरू जो छन् बहुतै उत् विघ्न हुदाभया। तेस[1] रणसंग्राममा सबैलाई जितने भयेका पाण्डवहरूको जयशब्द र विग्रेको पालहरूको सरादाम् सबै देषेर फेरि बराबर सायंकालमा महाराज दुर्योधन-

---

१. यस चिह्नपछि एक पत्र हराएकाले पछि कुन्नि कसले हो सो क्षति-पूर्तिका लागि एउटा स्यानु पत्रमा आफ्नो अनुवाद पेश गरेका छन्। तर यो पछि जोडिएको अंशको भाषा आजभन्दा २० या २५ वर्ष पुरानु हुनुपर्छ। यस भाषालाई यहां भिन्नै टाईपमा दिइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाई षेजदा कृतवर्मा कृपाचार्य द्रोणपुत्र इ ३ त्यो सायंकालमा यस् रणभूमीमा वसनको इच्छा गर्दा भयेनन् । कहा गये भने जौन तलाउमा राजा दुर्योधन लुकेका थिये तस तरफ जादा भये । महाराज युधिष्ठिर पनी बडा धर्मात्मा भाइहरूलाइ साथमा लियेर लडाइमा खुसि भयेका दुर्योधनलाई मार्नाको इच्छा ले षोजदा यत्नले तलास् गरदा महाराज दुर्योधनलाई देखता भयेनन् । सो महाराज दुर्योधन गदा लियेर सोहि तलावमा आपना विद्याका वलले जल-स्तम्भन गरेर पानीभित्र प्रवेश गर्नुभयो ।

"पाण्डवहरू पनी थाकेका फौजलाइ लीयेर आरामसंग आपना २ पालमा वसदा भये । वाकी रहेका कृपाचार्यहरू ३ पाण्डवहरूले लडाइ छोडेर वास वसेका बुझेर जाहा महाराज दुर्योधन सुकला भयेको थियो सोहि तलावमा पुगदा भये । तलावमा सुकला भयेका महाराज दुर्योधन लाई बिन्ति गर्दछन् 'हामी ३ लाइ लियेर महाराज युधिष्ठिरसंग युद्ध गर्नुहोस्, सुकला गर्ने वषत् छैन । उठि वक्सनु होस् ।' भनि विन्ति गर्दा भये । 'जिति वक्सनु भयो भने राजा हुनु होला येसैमा मर्नु भयो भने स्वर्ग पाउनु होला। पाण्डवहरूको फौज पनी हजुरले सबै नास गरि बक्सनु भयेको छ । बाकी रहेका जो छन् सो पनी घाइते छन् । हजुरको वेग सहन सक्ने छैनन् । हामी पनी हजुरलाई मद्त गर्नेछौं । धन्दा धेरै नगर्नुहोस् । उठी वक्सीयोस् ।[1]

राजा दुर्योधनले तिनैजनाका तस्ता वचनकन सुनि तिनिहरूकन आज्ञा गर्दा भया– 'हे वीर हो, एस्ता प्रकारका सबै वीरहरू रणभूमिमा पर्दा तपाञि-हरू वाचिरह्याका मेरा भाग्यैले देष्यौं । पांडवको कौरवको युद्ध पर्दा बहुतै कटल् हुदामा पनि पुरुषमा श्रेष्ट भयाका तपाञिइरू जीइ रह्याका देषि बहुतै षुमी भयौं । हामिहरू सबै थाकि रहनाले विस्रां गरि परिश्रमकन छोडि सबै पांडव-हरुकन जितूंला । ऐले भन्या तपाञिहरु पनि परिश्रमलाग्याका म भन्या सर्वांग सरीरमा घाउले व्याप्त भै रहेछ । हे वीर हो, पांडवहरुका भन्या बहुतै हर्षले चम्कीरह्याका सेना भैरहेछ । तस्कारणले तिनिहेरुसित युद्ध गर्नुमा मेरो त मन्सुव् छैन । तपाञिहरुका पांडवहरुसित लडनामा ठुलो मनसुवा गर्नुभयाको छ,तस्मा केहि आश्चर्य छैन । हामिहरुकन जिताउनालाई तपाइँहरुले भरिसक्या जत्न गर्नु भयो थ्यो तरपनि कालकन जित्नु त कसैले सक्न्यारहेन छ । एस् रातमा ऐले तपाञिहरु याहि विस्राम गर्नु हवोस्। ताँहाँपछि तपाञिहरुले सहित भै रणभूमिमा भोलि युद्ध गर्नाकन म सक्न्या छुँ येसमा सदेह छैन ।"

तस्ता प्रकारले राजा दुर्योधनको र कृपाचार्य्य अश्वत्थामा कृतवर्मा तिनिहरुको संवाद भयाका वृत्तान्त धृतराष्ट्रकन संजय कहंछन्– "तस्ता

---

[1] यसपछिको अंश चाहि बिजयानन्दकै मूल ग्रन्थको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारले दुर्योधनले आज्ञा गऱ्यापछि अश्वत्थामाले ति वचनकन सुनि युद्धमा डुर्मद भयाका राजा दुर्योधनकन आज्ञा गर्दा भया– हे दुर्योधन, उठ्नु हवोस् । हजूरको कल्याण हुन्याछ । रणभूमिमा सत्रुहरुकन हाँमिहरुले जित्नै छुँ । हे महाराज, अग्निहोत्र गऱ्याका तपस्या गऱ्याका सत्यमा रह्याका वेदले पवित्र भयाका पाहुनाकन मान्याका वलिविस्वेदेव गऱ्याका कुवा वनायाका इनार वनायाका तलाउ वनायाका देवताका मंदिर वनायाका अंनदान गऱ्याका सत्यमा वस्याका जप गऱ्याका इत्यादि सबैले गरि सोमकहरुकन मैले मारुँला भनि आज प्रतिज्ञा गऱ्यां । आजका रात् नबिताइ प्रातकाल नहुनु पाइ रणभूमिमा सत्रुहरुकन मैले नमाऱ्या सजनहरुले उचित कुरा भन्याका जज्ञ गऱ्याका धर्म मकन नहवोस् । हे महाराज, सबै पांचालहरुकन नमारि मेरा कवच्कन छोडन्या छैन । हे महाराज, यो कुरो सत्यै मैले भन्युँ । तस्ता वचनकन सुनु हवोस् ।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

वाकि : बाँकी ।

सेख : शेष ।

विग्रेको पालहरुको सरादाम् : पालहरुमा भएको बिग्रेको सामग्री । यहाँ 'विग्रेको' शब्द सरादाम्को विशेषण हो ।

कटल् : कत्तल ।

विस्रां : विश्राम ।

थुलो : ठुलो । < प्राकृत थुल्लो < संस्कृत स्थूलः ।

जत्न : यत्न, जतन ।

याँहि : यहीं ।

डुर्मद : दुर्मद ।

जित्नै छुँ : जित्ने नै छौं ।

सजन : सज्जन ।

मैले भन्युँ : मैले भनें ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५५

हीनव्याकरणी विद्यापति

गीतगोविन्द [सम्वत् १८८८]

(श्रीगणेशाय नमः श्रीशरस्वत्यै नमः श्रीराधामाधवान नमः)

श्रीगणपति राधाकृष्णजिकों करिके वारंवार प्रणाम शरण ।
विनु वैयाकरण विद्यापति कठिन काव्य गीतगोविन्द भाषा करण ।।

एकांत कोहि यमुनाजिका तीरविषे कामरतिरसलीलाले युक्त भयिकन राधासंग रममान गरि खेल्दा श्रीकृष्णजिको सभै प्राणिजनलाई पालना गर्नामा शक्ति सामर्थ हुवस् भनि जय प्रणाम गरिकन श्रीकृष्णजिमा प्रीति हुवस् भक्त जनको चित्तरंजन हुवस् सर्प पाप क्षय हुवस् भन्ना निमित्त श्रीजयदेव नामा कविले श्रीगीत गोविंद नाम भयाको ग्रंथ गीतवाणीले व्याख्यान गर्दछन् ।

राधा भन्याकि गोपस्त्रिमाहा मुख्य स्त्री हुन् । माधव श्रीकृष्णरूपी नारायण । इ दुवै इच्छावसले पृथ्विभार हर्नानिमित्त लीलापूर्वक अतिसुंदर मनुष्यदेह धारण गरि प्राप्त हुदा उमामहेश्वरजहिँ राधाकृष्णस्त्रीपुरुषका व्यभिचाररसमा तत्पर भयिकन यमुनाजिका तीर, वाटाका झाडि वीचवीच घना तमालवृक्षवनमा मानहुँ हवेलिका कोठा हुन् कि भन्या झैं कामिजनले रमण गर्नामाफिक्का अनेकतरहका ढेरै संकेत स्थान भयाका वाटाका वन झाडि झुट वीचवीचमाका कुंजघरविषे कामसरले मत्त भयीकन कहिले कोहि जग्घामा कहिले कुनै स्थानमा गरि खेल्दा कृष्णजिलाइ देषि सभै अहिरमध्ये मुख्य नंदजि यमुनातटमा गोठ राषि पुत्रमा भय मानि राधाप्रति केहि वचन् वोल्दछन्—"हे राधे ! यो रात्रिसमये वनमा बालकृष्णलाइ भय होला तसर्थ तिमिले चाँडै घरमा लैजाउ ।" भंदा नंदजिका वचन् शुनि राधा वचन् वोल्दछिन्—"अहो !" आश्चर्य मान्दि "श्रीसूर्योदय भयाका वेलामा क्या डर होला" भन्दि राधाप्रति नंदजि वचन् वोल्दछन्—"अरे ! मेघले आछादन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरि आकाश ढाकनले फेरि घना तमालवृक्षका झाडि बीचमा अंधकार रात्रितुल्य कालै सर्वत्र हुनाले रात्रि नभया पनि अजानक बालपलाइ डर होला तसर्थ माता यशोदाका नगीचमा" पुऱ्याउ भनि वारंबार आज्ञा दिंदा हुंथ्या।

सरस्वतीका प्रसादले जयदेव कविले सहजैमा गीतगोविंद नामा ग्रंथको रचना गर्दा भया। कस्तो गरि भन्या–जस्का मनरूपी घरमा नाना प्रकारका चित्रविचित्र चरित्रले सोभायमान गरायिकन साक्षात् आफै सरस्वती इष्टदेवता रूपले वस्याकि छन्। फेरि कस्ता—पद्मावतीलक्ष्मीका चरणटहलुवासेवकहरू-मध्येका चक्रवर्ति महाराज जस्ता भयाका। फेरि—पद्मावती नामा आफ्नि ब्राह्मणी (भगवद्गुणवर्णन गर्दा समयमा इश्वरका अगाडिमा नाचकला गर्दि ब्राह्मणी) का नाचकलाविषे महाराज जस्ता भयाका। फेरि कस्ता–लक्ष्मी-रूपिणी राधा; वसुदेवका पुत्र वासुदेव; पृथ्वीभारहरण कंसादिदैत्यमारण सज्जन भक्तजनको उद्धारण गरि जगतपालन निमित्त मनुष्यरूपले देवकीगर्भ देषि अष्टम अवतार गरि राधासंग रति प्रीति गऱ्याको, रासरचना गऱ्याको; नना तरहका ख्याल हास्यविनोद क्रीडाकौतक गरि खेल्याको, अथवा जति चित्र विचित्र नाना प्रकारका गर्न्या कर्म लीलासमेत व्याख्यान कथा। हे भक्तजन हो! जयदेव कविकि सरस्वती गीतवाणी सुन्नामा जति तिमिहरूका मनमा भक्ति श्रद्धा रस बढ्दछ त शन। सम्झना गर्ना मात्रै पाप हर्दा हरि। तस्ता हरिको चिंतन् गर्नामा, जति कौतुक काला ६४ कलाविषे कामका कलाका क्रीडाख्यालमा, कस्ती भन्या, अति मधर अति रसिक, अति कोमल, अति मृदुल, अति सुंदर अति रमणीय, अति चतुरपदमालाले युक्त भयाकी गीतवाणी, शुन।

अहिले सरस्वतीका प्रसादले जयदेव कविकी गीतवाणी खंडन गर्नामा कोहि कविहरू अधिक समर्थवान् हुँदा भयेनन्। अति कोमल वाणी वोल्नामा मात्र उमापतिधर कवि। वचन्को संदर्भ शुद्धि नजान्नाले जयदेवै समर्थवान् जानिछन्। तस्तै सरण नामा कवि झट् चाडै तर्क गरि वोल्नामा मात्रै चतुरः तस्तै गोवर्द्धन नामा आचार्य श्रृंगाररसरचना गर्नामा मात्र अति कुशल। तस्तै धोयि नाम कविराज। तस्तै क्ष्मापति नामा कविराज। लक्ष्मणसेन। तस्तै श्रुतिधरनामा कविराज। ज्या सुन्याको सुन्नामात्रैमा धारण गर्न शक्त्या जयदेव कविकी गीतावाणीको मधुरानि, ललितानि, सुंदरतानि, कोमलानि, शुद्धानिको परिपाठि देषिकन दूषण गर्नामा नसकि जयदेवै समर्थ मानि छकित हुँदा भया।

हे केशव धृतमीनशरीर! माछाको देह धारीकन महाप्रलयेमा समुद्रतल-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देषि सहजै सुषसित वेदको उद्धारण गरी सृष्टिसमयमा नाभिकमलदेषि ब्रह्मा उत्पन्न गरायिकन सृष्टिनिमित्त वेद दिंदा भयो । कस्तो वेद भन्या–यो कुरो गर्न्या हो यो नगर्न्या हो भन्नामाहा निर्णयसरूप भयाको, गर्न्या कुरो गरायि नगर्न्या कुरावाट छुटाइ दिंदो, तसर्थ संसारसागरको तारक डोंगा झैं चरित्र भयाको । हे जगदीश ! तिमी कस्ता भन्या गर्न पनि सक्दा नगर्न पनि सक्दा; आकाले गऱ्याको झुटा गर्न पनि सक्दा, सभैंदेषि तमि अधिक समर्थवान् हौ । तम्रो जय हुवस् । हे हरे ! तम्रि मायाका वंधनरूपी पाशामा वल्ल्याका प्राणिजनलाइ उद्धारण गर्नामा शक्तिमान् हौ । हे प्रभो !

हे केशव धृतकछपरूप ! कछुवाको रूप धारीकन पृष्ठभागमा पृथ्वि धारण गर्दा भयौ । अति विशाल पृष्टमा फेरि अनेक पर्वत वृक्षादिले युक्त रक्तमांसपिंडको ग्रंथी चक्राऽकार हुनाले वहुतै गऱ्हूकि पृथ्विको धारण गरि जगतपालना गर्दा हे कछपरूपधारी ! सभैंदेषि तमि वडा सामर्थवान् । हे प्रभो !

हे केशव धृतसूकररूप ! वाराहरूपले पृथ्विको उद्धारण गर्दा भयौ । श्वेता दाह्राका वीचमा पृथ्वी धारण गर्दासमयेमा चद्रमाविषे मृगलाँछन् कलंको झैं सोभा देषिदो भयो । हे समर्थ प्रभो !

हे केशव धृतनरहरिरूप ! तम्रा हातैरूपी कमल भया, तस्का अग्रभागमा अति अद्भूत डरलाग्दा नगरा बहुतै तिषा तिषा अपूर्व कसैले नजांदा । फेरि कस्ता–कालो भमरा झैं हिरण्यकशिपु नामा दैत्यको देह विदारण गऱ्याको छ जश्ले । हे नरसिंहजि !

हे केशव धृतवामनरूप ! माङ्गनका छलले पहिले वावन्या झैं भयिकन गयेर पछि त्रिविक्रमरूपले वलिराज दैत्यको दर्प दमन गरि छल्ला भयौ । ऊर्द्ध सत्यलोकपर्यंत गयाका पावमा ब्रह्माजिले अर्घ दियाको जल तेहि पादनख पखालि आयाकी गंगाजी हुन्। पापको दहनगर्दि जनलाइ पवित्र गराउदछिन् । हे समर्थ प्रभो !

हे केशव धृतभृगुपतिरूप! तमिले परशुरामरूप धारण गरिकन यो जगत् क्षत्रियको रगतैमय तुल्यायि उसै जलविष स्नान गर्दा भयौ । क्षत्रिय-हरूको रगतमय भयाका तम्रा सरूपको कुरुक्षत्र नामा तीर्थ हुदो भयो । तस समयमाहा यो जगतै पापदेषि विमुक्त हुदो भयो । फेरि कस्ता—भवसंसारको जन्ममरणको संतापदेषि पनि मुक्त हुंदा भयाका ।

हे केशव धृतरघुपतिरूप ! तमिले राम शरीर धारीकन संग्रामविषे वडो अभिलाषा गर्दा इन्द्रादिदशदिक्पालहरूको पूजा गरिकन अनेक रत्नषचित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुकुटले सोभा भयाका रावणका अति रमणीय दश शीरको नैवेद्ये वलिदान दिंदा भयो । हे राम !

हे केशव धृतहलधररूप ! वलरामरूप धारीकन तम्रा श्वेता देहविषे नीला मेघका जस्तो कांतिप्रभा भयाको नीलो पिछौंराले वडो सोभायमान भयाका । फेरि कस्ता यमुनाजिलाइ मारीला कि भन्या झैं गरि हलाले आकर्षण गर्दासमयेमा वडा भयेले मिल्याकि यमुनाको जलसमेत नीलो तुल्याइ दिंदा भयो । हे वलरामजि !

हे केशव धृतवृद्धशरीर ! तमिले वेदको सरूप धारीकन अग्निष्टोम अश्वमेध गोमेध आदि यज्ञले स्वर्ग हुंछ भन्या वेदवाक्यको निंद्रा गर्दछौ क्यानिमित्त भन्या ब्रह्मादि मसकपर्यंत सर्भ प्राणिमा ब्रह्म एकै हो भनि दयायुक्त हृदय भयाका प्रभुले गौ आदि गऱ्याका पशु मार्‍याको देख्दामा 'अहह !' इति वडो खेद गरि "यज्ञ गर्न्या गराउन्यालाइ धिक्कार-धिक्कार हो !" भंदछौ ।

हे केशव धृतकल्किशरीर ! तमिले अत्यत अद्भूत डरलाग्दो तरवार क्यानिमित्त हातमा लियाका छौ भन्या वेदले भन्याको धर्म नजांदा म्लेछ ज्यवनादि दुष्ट कर्म गर्न्या कुमार्गीहरूको विनाशनिमित्त धारण गऱ्याको छौ । फेरि कस्ता भन्याकराल अति भयंकर मान्हु अग्निज्वाला झैं दुष्टग्रहका उत्पात झैं वज्रतुल्य भयाको ।

हे भक्तजन हो ! श्री जयदेवकि गीतवाणीको उदय अति उदार सुंदर तिमिहरू शुन । शुन्नामात्रैले सुष दिन्या शुभ हुन्या कल्याण दिन्या । फेरि कस्तो भवसार, जन्मको सार, श्री, ऐश्वर्य, हर्ष मगल वढांउदो ।

हे देव कृष्ण जि ! तिमिलाइ नमस्कार छ । कस्ता तिमिलाइ–आदि अंत्य जन्म मरण नभयाका, केवल परब्रह्मरूपि हौं त पनि जस्तै नटुवाले नाना प्रकारको पैंह्रन् पैंह्रि नाचमा कला देषांउदा भिन्नै जस्तो देषिन्छ तस्तै तिमिले पनि मायाको वेश गरिकन दश प्रकारको देह धरिकन जगतको पालना गर्दा प्रथम मत्स्यरूपले वेदको उद्धारण गर्दा १, कछरूपले जगतधारण गर्दा २, वाराहरूपले पृथ्वीको उद्धारण गर्दा ३, नृसिंहरूपले हिरण्यकशिपुको हृदय दारण गर्दा ४, वामनरूपले वलि छल्दा ५, परसुरामरूपले २१ वार निक्षत्रिय गर्दा ६, रामरूपले रावण जिद्धा ७ वलरामरूपले हलो लिंदा ८, वुद्धरूपले दयाको विस्तार गर्दा ९, कल्किरूपले म्लेछ मोह गर्दा १० ।

विशेष शब्दहरू

रसमान : रसबस ।
सर्प : सर्व ।
सर्भ : सर्व ।
(गोपस्त्री)माहा : (गोपस्त्री)मा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईछावसले : ईच्छाका वशले ।
उमामहेश्वरजहिः महादेव पार्वती झे।
मानहुँ : मानौं ।
ढेरै : धेरै ।
झुट : झाङ ।
जग्घा : जग्गा ।
अजानक : अज्ञानी ।
वालष : बालक ।
नगीच : नजिक ।
जति : यति ।
शुन : सुन (< V सुन् ।)
मधुरानि : माधुर्य ।
सुंदरतानि : सौंदर्य ।
कोमलानि : कोमलता ।
शुद्धानि : विशुद्धता ।
दूषन : दोष ।
महाप्रलये : महाप्रलय ।
समये : समय ।
डौंगा : डुंगा ।
(सभै) देषि : (सबै) भन्दा ।
तमि : तिमी ।
तम्रो : तिम्रो ।
तम्रि : तिम्री ।
वाराह : वराह ।
श्वेता : सेता ।
सोभा : शोभा :
नगरा : नङरा ।
जश्ले : जसले ।
माङन : माग्न ।
बावंन्या : वाउन्ने ।
कुरुक्षत्र : कुरुक्षेत्र ।
तस् : त्यस ।
(संग्राम) विषे : (संग्राम) मा ।
< विषये ।
पिछौरा : पछचौरा ।
म्लेछ : म्लेच्छ ।
ज्यवन : यवन ।
मान्हु : मानौं (तु. 'मान्हुँ' माथि)
नटुवा : नर्तक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५६

ललितत्रिपुर सुन्दरी

राजधर्म

सम्वत् १८८८ पूर्व

वैशंपायन ऋषि जो-छन्-सो जनमेजय महाराजलाइ कहन्छन्, "हे जनमेजय महाराज ! सब बान्धवहरूलाई अजलि दान् गरी सक्यापछि पांच पाण्डव,विदूर, धृतराष्ट्र राजा, भरतवंशीका संपूर्ण स्त्रीहरू अशौच वारेर एक मैन्हासम्म सहरदेषि वाहिर गंगाजीका तीरमा वस्याका थिया । त्यै वषत्मा पाण्डवहरूलाइ भेटनाका निमित्त वडा वुद्धिमान् सिद्धहरू, ब्रह्मर्षिहरू,व्यासजी, नारदऋषि, देवलऋषि, देवस्थान ऋषि, कण्वऋषि, ई ऋषिहरूका शिष्यहरू अरू पनि वेद जान्या, आचार्मा लाग्याका पंडित ब्राह्मणहरू, संन्यासीहरू, ब्रह्मचारीहरू आउदा भया।इनीहरूलाई आयाको देषी युधिष्ठिर राजा जो-छन् -सो त्यस वषत्मा जस्तो पूजा गर्नु पर्न्या हो सोही वमोजिम् विधिपूर्वक पूजा गरी अमोल्य विछाउनामा वसाल्दा भया। ती ऋषिहरू पनि युधिष्ठिर राजाले गऱ्याको पूजा लिइ युधिष्ठिर राजालाइ घेरेर आफ्नो दर्जावमोजिम् गंगाजीका तीरमा वस्दा भया।शोकले आकुल भयाका युधिष्ठिर राजालाइ हजारन् ऋषि-हरू जो-छन्-सो फुल्याउन सम्झाउन लाग्दा भया ।

"त्यै वषत्मा नारद ऋषि जो-छन्-सो व्यास आदि गऱ्याका ऋषिहरू-संग कुरा गरी तिन्को सल्लाह लिइ युधिष्ठिर राजालाइ कहन लाग्दा भया, 'हे युधिष्ठिर राजा ! तिम्रा हातका वलले र कृष्णजीका मेहर्मानीले संपूर्ण इ पृथ्वीलाई धर्मले जित्यौ । संपूर्ण लोकलाई डर्लाग्दो भयाको येस् लडाविदेषि भाग्यले वाच्याका क्षत्रियका धर्ममा लाग्याका तिमी खुशी छौ कि छैनौ ? संपूर्ण शत्रुलाइ मार्न्या भयाका तिमीले मित्रहरूलाइ खुशी गरायाका छौ कि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैनौ ? यो ऐश्वर्य पाइसक्यापछि तिमिलाइ शोकले छोड्यो कि छोड्याको छैन ?

'येस्ता नारद ऋषिका वचन सुनी युधिष्ठिर राजा जो-छन्-शो नारद ऋषिलाइ विन्ती गर्दछन् 'हे भगवन् ! कृष्णजीका पिछा पऱ्याका हुनाले,ब्राह्मणहरूका प्रसादले र भीमसेन् अर्जुनका वलले संपूर्ण पृथिवी मैले जित्या,संपूर्ण पृथिवीमा मेरो राज्य भयो तपनि, लोभले आपना वंशको नाश गऱ्यां भंन्या मेरा मनमा ठूलो दुःख लागिरह्याको छ । सुभद्राको छोरो अभिमन्यु,द्रौपतीका ५ छोरा, यस्ता पियारा छोरालाइ मरायेर यो राज्यले पो क्या गर्नु छ ? हे भगवन् ! ती छोराहरूलाइ सम्झदामा जित्याको पनि हाऱ्यं जस्तो मेरा मनमा लाग्दछ ।...''

(जगदम्बाप्रकाशनमालाको २१ औं ग्रन्थबाट)

विशेष शब्दहरू

त्यं वषत्मा : त्यसं बखतमा ! अमोल्य : अमूल्य ।

—०—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५७

भवानीदत्त पाँडे

(क) मुद्राराक्षस

(तेस्रो अंकको कथासार)

(सम्वत् १८९२ अगावं)

"राजगद्दना कपडा पैह्नी मिठो षाई प्रभु कहलाउँदैन । सबैका उपर हुकूम चलाउन्या अटल आज्ञा भयाको तपानि जस्तो प्रभु भन्याको सोही हो।" भनी दोस्रा भाटले राजा चन्द्रगुप्तको स्तुति गऱ्यो।

तब चाणक्य मनैमा भन्छन्—"देवताको स्तुतिरूपले शरद ऋतुको वर्णन दुइ श्लोकले भयो। पछिल्ला भाटले कह्याको श्लोकको आशय क्या हो; यो मैले केही बुझिन ।

भनी एक छिण विचार गऱ्यापछि मनमा ठहराईकन भन्छन् "अब मैले बुझ्यां । राक्षस मंत्रिले गऱ्याको यो प्रयोग हो । यो भाट पनि त्यसैका पेटकों रहेछ । हे दुष्ट राक्षस ! तेरो कल वल छल मैले बुझ्याको छ । थोरै दिनपछि मेरै हातमा पर्लास् । म जागा भै रह्यैको छु ।" भनि चाणक्यले मन मन भन्या ।

तहांपछि कवित्व पहर्न्या भाटहरुदेषि षुस भै राजा चन्द्रगुप्त चोप्दार-कन भन्छन्, "हे वैहिनरि, ई दुईजना भाटहरूलाई एक लाष असर्फी देऊ। विलम्ब नगर ।"

भनी एती कह्याको सुनी आज्ञा शिर चह्राई चोपदार उठ्यो । तब बडा क्रोधले चाणक्य रोक्दछन्, "हे वैहिनरि, एसै स्थानमा बस । राजाका सहिमा लागी नजा। हेचन्द्रगुप्त,विना कामैमा ढेरै धनको नाश क्यान गर्छस्?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकारणमा धनको नाश गनु जोग्य छैन ।"

भनी चाणक्यले कह्याको सुनी रिसाईकन राजा चन्द्रगुप्त भन्छन्, "हे आर्य, वात वातमा तिमिले यस्तो गरि मेरो मन्सुवा भंग गराई दिन लाग्यौ भन्या यो राज्य पनि मेरा लेषा बन्धनै जस्तो भयो । राज्य भएन ।"

चाणक्य कहन्छन्, "हे चन्द्रगुप्त, आप्नु मनपरि गर्न षोजन्या राजाले आफुदेषी उँमोका गुरुजनको स्वातंत्र्य सहंदैनन् तसर्थ मैले भन्याका पाठमा चल्दैनस् भन्या आप्नु मन्पर्दो गर ।"

यति चानक्यका वचन सुनी चन्द्रगुप्तले आफ्ना कार्यमा हामी आफै कुशल छौ भनि जवाप दिया, तव चाणक्य भन्छन्,"उसो भन्या वढिया भयो। हामी पनि आप्ना अग्निहोत्रादि नित्य कर्ममा लाग्छौं ।" भनि कह्या ।

राजा चन्द्रगुप्त कहन्छन्,'एही निश्चय थियो भन्या कौमुदी महोत्सव-को निषेध गर्न्याको क्या निमित्त हो । तस्को फल सुंनाको मेरा इच्छा छ । कहनुहवस् ।"

चाणक्य भन्छन्, 'हे चन्द्रगुप्त कौमुदी महोत्सव गर्न षोज्याको क्या निमित्त हो, म पनि तेस्को फल सुंनाकन इच्छा गर्छु ।'

भनी कुराकौ थापाथाप हुँदा चन्द्रगुप्त थोरो रिसाइकन भन्छन्, 'तपाईले उत्सव हुन नदियाको मेरो आज्ञा भंग गराउनु एत्तिकैमात्र फल रहेछ मैले बुझ्यौं ।'

चाणक्य कहन्छन्, 'हे चन्द्रगुप्त ! तैंले बुझिछस् । एस् उत्सवकन हुन नदियाको तेरे आज्ञा भंग गराउँला भनि हो । मेरा मुख्य प्रयोजन एही छ । क्यानभन्या ढेरै तमाल वृक्षका पालुआ हुनाले व्या (म व) र्णका वनहरू तीरमा भयाका औ पर्वतजस्ता अनेक जलजंतुले हिड्दै रहँदा अंतरको जल उठी अति चंचल भेल तरंग भयाका एस्ता चारै समुद्रका पारसम्म टापू टापूमा रहन्या सयकरन् राजाहरुले पनि फुल को माला धार्दा झैं गरि शिरमा धार्न्याको एस्तो हुकुम आज (मेरा) उपर चलेन, उल्टो मेरा वशमा तैंले रहनु पर्न्यो भन्या एस् कुराले तेरो बड़ाना ठहर्न्यो । भू मंडलमा हुकुम फिराउन्या भैंकन गुरुजनमा नम्र भैरह्याकाको नम्रता जो छ गहना झैं शोभाकन दिन्या हुन्छ ।

'हे चन्द्रगुप्त, कौमुदिका महोत्सवका (निषेध) को एक प्रयोजन मैले कह्यौं । अर्को प्रयोजन पनि सुंनाको इच्छा छ भन्या त्यो पनि कहन्छु सुन ।'

एति चाणक्यले भन्दा तयारै छु, कहनुहवस् भनि राजा चन्द्रगुप्तले भन्या । तब चाणक्य जो छन् शोणोत्तरा नाम भयाकी दुग्रान्याकन भन्छन् 'हे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोणोत्तरा, मनमा द्वेषभाव राखी अहाँदेषी भागीकन मलयकेतुको आश्रयण गऱ्याका एस्ता भद्रभट प्रभृतिहरुले लेष्याको चिठि देऊ भनी अचलनामा कायस्थसित मागी ल्याऊ।' भनी चाणक्यले अह्राया।

शोणोत्तराले पनि आज्ञा शिर चह्राई कायस्थका घरमा गै तेसले दियाको चिठी ली चाणक्यका नजिकमा आईकन सौंपी दी। त्यो चिठि लीकन चाणक्यले चन्द्रगुप्तलाई हेर् भनि दिया। तब राजा चन्द्रगुप्त जो छन् हातमा लीकन मनमन वाँच्छन्–

'स्वस्ति श्रीमन्महाराजाधिराज श्री चन्द्रगुप्तका वालसंगाती भयाका राक्षसमंत्रिका मतिमा लाग्या मलयकेतुको नाश गर्न भनि तहाँदेषी भागी मलयकेतुको आश्रयण गऱ्याका एस्ता प्रधान पुरुषकस्य पत्रम आगे श्रीदारोगा भद्रभट, श्रीअसुवारी पुरुषदत्त, श्रीदुवाऱ्या चन्द्रभानुका भानिज डिंगरात, श्रीमहाराजको हितकारी पुरुषका कोही एक सबन्धी बालगुप्त, तनै श्रीमहाराज बालकै छंदादेषी सेवा गर्न्या राजसेन, श्रीसर्दार सिंहवलका कान्छाभाई भागुरायण, मालवदेशका राजाका पुत्र श्रीराजकुमार लोहिताक्ष, क्षत्रियका गुणले परिपूर्ण भयाका विजयेवर्मा एती हामी सवैजना प्रधान पुरुषहरु श्रीमहाराजका काममा लाग्यैका छौं।' भनि लेष्याको चिठि आदरपूर्वक मनमन बाँची लोकहरुका देष्ता हेला गऱ्या झैं गरी सवै जनालाई सुनाईकन चाणक्यसित राजा चन्द्रगुप्त भन्छन्–

'हे आर्य, तम्रो चिठि एही हो? हामीमा विरोधभाव राषी शत्रुपक्षमा मिल्न गयाका मनुष्यले लेष्याको पत्र हेरी क्या प्रयोजन छ? एस्तो पत्र हेर्नाको केही प्रयोजन छैन। परतु इनहरुले हामीमा विरोधभाव राषी मलयकेतुका दरवारमा गयाको कारण क्या हो? मेरा सुनाको ईच्छा छ। आज्ञा हवस्।'

भनि कहँदा चाणक्य कहन्छन्, 'हे चन्द्रगुप्त, त्यो सवै विस्तार गर्छु, समाधानचित्तले सुन। तिनहरुका बिचमा भद्रभट र पुरुषदत्त जो छन् स्त्री जुवा मदिरा सिकारमा भुली आफुले गर्न्या हाती घोडाको काम चित्त लगाई गर्न्या भएनन्। एस्तै देषी मैले पनि अधिकारदेषी छुटाई जीविका चल्न्या मात्रै गरी दिनाँ। सरकारको काम दोन ··तब एसै कारणले आहादेषी गै मलयकेतुको आश्रयण गऱ्या। आप्नु आप्नु अधिकार पनि ती दुइजनाले पाया। तस्तै तैले दियाको द्रव्य थोरै देष्न्या असंतोषि वहुतै लोभी भयाका एस्ता डिंगरात र बालगुप्त इ दुइजना पनि मलयकेतु दरवारमा ढेरै धन दौलथ पाउला भंन्या अभिप्रायले मलयकेतुकै घरमा भागी गया।'

('गल्लीमा फ्याँकिएका कसिंगर' बाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

पढ्न्या : पढ्ने ।

शिर चन्हाई : शिरमा चढाई, अर्थात् पालन गरी ।

ढेरै : धेरै ।

जोग्य : योग्य, उचित ।

आप्नु : आफ्नु ।

जवाफ : जबाफ ।

थापाथाप : हानाथाप ।

थोरो : थोरै ।

क्यानभन्या : किनभने ।

पालुआ : पालुवा ।

सयकरन् : सयकडौं ।

बडाना : गौरव, बढाइँ । तुलनीय 'भलाना': भलाइ(शी. ३७ क)

दुआन्या : द्वारे ।

दरोगा : माहुते ।

असुवारी : घोडे, घोडचढी ।

बाँची : पढेर ।

इनहरु (ले) : यिनीहरूले । पहिले 'यिनी' । सरलकारक र 'यिन'चाहिं तिर्यक-कारकमा आउँथे । यिनमा तिर्यक-रूप त्यस वेला प्रयुक्त हुन्थ्यो जब यसपछि ले,लाई, मा बाट इत्यादि अनुसर्ग (*Postposition*) हरू गाँसिन्थे । तर अचेल त उहिले अशुद्ध ठहरिने'यिनीहरूले, यिनी-हरूको' जस्ता रूपहरू पनि निकै लोकप्रिय भइसके ।

तिनहरू(का) : तिनीहरू (का)। यो पनि 'इनहरु' जस्तै तिर्यकरूप हो ।

आश्रयण : पसरा, शरण ।

असंतोसि : असंतोषी ।

सूचना—

यसमा भोलानाथ पोडेल र धनवज्र वज्राचार्यज्यूहरूले गरेको संपादन-लाई नै कायम राखिएको छ । चिन्हहरू मात्रै थपिएका अथवा स्थानान्तर गरिएका छन् । 'ब' र 'व' पनि उहाँहरूकै अनुसार छन्। उहाँहरूले नाटकको रूपमा ढाल्नलाई आफूतिरबाट बडा कोष्ठभित्र राख्नुभएका थप प्रयोगहरू चाहिं यहाँ परेनन् । सोही उद्देश्यले छोटा कोष्ठभित्र राखिएका केही शब्द या वाक्यहरू पनि कोष्ठबाट बाहिर निकालिए । किनभने यहाँ यस अंशलाई नाटकको रूपमा प्रस्तुत नगरेर कथाकै रूपमा प्रस्तुत गरिएको छ। विशाखदत्त-कृत नाटक "मुद्राराक्षस" को नेपालीमा भएको अनुवादका केही पन्नाहरू फेला परेका छन् । यहाँ प्रस्तुत पाठ तिनै खण्डित पन्नाहरूमध्येबाट रोजिएको एक अंश हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) आत्मबोध

श्रीसाम्बशिवाय नमः । चांद्रायणप्रभृति शुभ कर्म गर्नाले पापदेखी मुक्त भै शांतचित्त भयाका इहलोकमा पनि परलोकमा पनि भोगको इच्छा नभयाका मोक्षको मात्र इच्छा गर्न्या एस्ता ज्ञानी जनका हितनिमित्त तत्वज्ञानकन बताउन्या आत्मबोध भन्याको ग्रन्थ कहिन्छ ।।१।।

मोक्षको कारण तत्वज्ञानै छ । तत्वज्ञानविना मोक्ष हुँदैन । जप तप व्रत पूजाहरु त पापको नाश गर्न्या मात्रै हुन्—मोक्ष दिन सक्न्या होईनन् । जस्तो दारुवा पानी भांडाहरु छन् त पनि अग्निविना भात पाक्तैन, अ(ग्नि) भया मात्र (पाक्) छ, तस्तै मोक्ष पनि तत्त्वज्ञानले मात्र (मि) ल्छ । अरू कुराले मिल्दैन । तत्त्वज्ञानले त अज्ञानको नाश गरी (मोक्ष) कन दिन्छ ।।२।।

अश्वमेध प्रभृति बडा बडा कर्मले पनि अज्ञानको नाश गर्नन् । अज्ञान छुट्यापछि (आ) फै मोक्ष होला । ज्ञानको केही प्रयोजन छैन । भंन्या एस्तो शंका नगर्नु । क्यानभन्या कर्मको र अज्ञान (को त) वैर नहुनाले अज्ञानको नाश कर्मले गर्दैन । अज्ञान रह्यंको भन्या मोक्ष कदाचित् पनि हुँदैन । ज्ञानको र अज्ञानको त परस्पर वैर छ । तसर्थ श्रीसूर्यको उदय हुँदा अन्धकारको नाश हुँदा झैं ज्ञानको उदय हुँदा अज्ञानको नाश हुन्छ । रहन पाउँदैन ।।३।।

मनुष्य हाती घोडा कीट पतंग प्रभृति छोटा बडा शरीरमा आत्मा जो छ, भिन्न भिन्न गरि सानु ठुलो झैं देषियाको पनि अज्ञानै हो । तसर्थ तत्त्वज्ञानले अज्ञानको नाश भयो भन्या अज्ञानलें कल्पना गऱ्याका ती भिन्न भिन्न शरीर हराउँछन्। बादल हराउँदामा श्रीसूर्यको प्रकाश भया झैं अद्वितीय परमात्मा मात्रै आफै आफ प्रकाशमान हुन्छन् । अरु वस्तु केहीं देषिदैन ।।४।।

ज्ञान भन्याको जीवात्माको अंतकरणमा प्रतिबिंब पऱ्याको आत्माभास हो । तसर्थ जान्दछु भंन्या यो अंतः करणको वृत्ति भिन्न रह्याको छँदाछँदै अद्वितीय एक परमात्मा मात्रै कसो गरि रह्यो, अद्वैत (सि) द्धि पनि कसो गरि वन्या भनि संका नगर्नु। क्यानभन्या ढेरै दिनदेषी अभ्यास गऱ्याको ज्ञान जो छ अज्ञानले मलिन अंतःक(रण) भयाका एस्ता जीवात्माका अंतःकरणको नाश गर्छ । तहाँपछि जलमा पऱ्याका निर्मलिले जलकन निर्मल गराई आफु पनि नष्ट भया झैं त्यो ज्ञान जो छ जीवकन निर्मल गराई आफु पनि नष्ट हुन्छ । अर्थात् आत्माको प्रतिविम्ब हुनाले आत्मैमा मिल्छ । तब अद्वैतसिद्धि हुन्छ ।। ५ ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राग द्वेष काम क्रोध प्रभृतिले भरिताको संसार त कस्तो हो भन्या जस्तो स्वप्नमा देष्याको वस्तु छंज्याल मात्र सत्य झैं देषिन्छ, जागा भयापछि झुटै ठहर्छ, तस्तै अज्ञान दशामा सत्य झैं देखिया पनि ज्ञानदशामा आत्मा-बाहिक केही देषिदैन । संपूर्ण झुटै देषिन्छ ।।६।।

जस्तो अन्धकारमा यो सिपि हो भनि जहाँसम्म जान्याको छैन तहाँ-सम्म चाँदी हो भंन्या ज्ञान हुन्छ । पछि सिपि रहेछ भनि बुझ्यापछि त्यो चाँदी हो भनि जान्याको झुटै हुन्छ । तस्तै अद्वितीय ब्रह्मकन जाहाँसम्म जान्याको छैन तहीसम्म जगत पनि सत्य झैं देखिन्छ । ब्रह्मज्ञान भयाउप्रांत अघि ज्या-केही देष्याको स्वप्नतुल्य हुन्छ–रहँदैन ।।७।।

सुवर्णमा गहनाको कल्पना गन्या झैं व्यापकझैं रह्याका एस्ता सच्चिदा-नंदस्वरूप ब्रह्ममा अज्ञानले जगत्को कल्पना हुन्छ । तत्त्वले विचार गर्दा ब्रम्ह मात्र एक रहन्छ, ब्रह्मदेषी भिन्न जगत् रहँदैन ।।८।।

सम्पूर्ण इन्द्रियको प्रवर्तक ब्रह्म जो छ, मायाले कल्पित एस्ता हाती घोंडा मनुष्य कीटपतंगमा भिन्न भिन्न झैं देषिन्छ । तत्त्वज्ञानले हाती घोडा प्रभृति उपाधिको नाश भयापछि एकै हुन्छ । जस्तो एकै आकाश जो छ घडा लोटाप्रभृति अनेक उपाधि छँदामा नाना प्रकारको देषिन्छ, ती सबै उपाधि छुट्यापछि एकै हुन्छ, तस्तै हो ।।९।।

इनै उपाधि हुनाले शुद्ध आत्मामा यो ब्राह्मण यो क्षत्रिय यो वैश्य यो शूद्र यो गृहस्थ यो वानप्रस्थ यो संन्यासि यो गोरो यो कालो भंन्या कल्पना हुं (छ परंतु तत्त्वज्ञानीका वि) चारमा ई कौनै उपाधि छैनन् । आत्मा नित्य मुक्त छ । कसैले बाँधियाको छैन। मधुर स्वभाव भयाका जलमा अरु वस्तु पर्दा त्यो जल जस्तो तितो टर्रो पिरो अ(मिलो आदि हुन्छ) आत्मा पनि तस्तै हो ।।१०।।

अबउप्रांत अज्ञानले कल्पना गन्याका तीन् उपाधिकन (विस्तार पूर्व) कले कहन्छन् । पृथिवी जल तेज वायु आकाश ई पाँचको प्रत्येक दुइ भाग गरी एक भागकन फेरी (खंड खं) ड गरि आप्ना भागवाहिक अरु भागमा चार खंडकन मिस्नु जो छ पंचीकरण हो । एस्ता त (रहले) पंचीकरण गरियाका पंचमहाभूतले बन्याको प्रारब्ध कर्मले मिल्याको सुख दुःख भोगको स्थान भयाको एस्तो स्थूल शरीर एक उपाधि कहिन्छ ।।११।।

प्राण अपान समान उदान व्यान ई पंचप्राण, मान १, बुद्धि १, ज्ञानेन्द्रिय पाँच, कर्मेन्द्रिय पाँच एति सत्र तत्वले सहित भयाको पंचीकरण नगन्याको पंचभूतले बन्याको सुख दुःख भोगको कारण भयाको परलोकमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि साथ जान्या एस्तो लिङ्गशरीर द्वितीय उपाधि कहिन्छ ।।१२।।

एस्तै छ भनि नशकिन्या स्थूल शरीर लिङ्ग शरीर ई दुवै कारण भयाको एस्तो अनादि अविद्या जो छ कारणोपाधि तृतीय कहिन्छ । एती तिन उपाधिका साक्षी जो छन्, तनैकन आत्मा भन्नु । अविद्या भन्याको माया हो ।।१३।।

("गल्लीमा फ्याँकिएका कसिगर" बाट)

विशेष शब्दहरू

दारुवा : दाउरा-हेर्नोस् प्रेमनिधि पन्त शी. २९ क ।

गर्नन् : गर्लान् ।

निर्मलि : निर्मली ।

भरियाको : भरिएको ।

छंज्याल मात्र : छउन्जेल मात्र ।

आत्माबाहिक : आत्माबाहेक ।

भया : उप्रांत : भएपछि ।

ज्याकेही : जुनसुकै, जेसुकै ।

कसैले बाँधियाको : कसैद्वारा बाँधिएको ।

भागबाहिक : भागबाहेक ।

नशकिन्या : नसकिने ।

तनैकन : तिनैलाई ।

सूचना—

यसमा कोष्ठभित्र परेका शब्द या वाक्यहरू खण्डित अंशका पुनः प्राप्ति हुन् । यी हुन् तेह्र सिलोकहरूका अनुवाद हो । भवानीदत्तको 'आत्मबोध' जम्मा सत्सठ्ठी सिलोकहरूको अनुवाद हो ।

[ग] महाभारत [उद्योग पर्व]

५३ यौं अध्याय

हेकृष्ण, दुःख जान्या सुख आउन्या एस्तो काल कदाचित् आउला त महतरीलाई सुखमा राखौंला ।।४३।।

वनवास गर्ननिमित्त हस्तिनापुरदेषि प्रस्थान गर्दामा पुत्रका प्रीतिले टिठाउँनी भई रूँदी हाम्रापछि धाँउदी एस्ती महतारीलाई छाडीकन हामी वनमा आयाका हुँ ।।४४।।

तस् निमित्त आनर्त देशका प्रजाले सम्मान गरियाका हे श्रीकृष्ण, पुत्रका निमित भयाका मनका व्यथाले अत्यन्त दुःखित भयाकी महतारी जो छन्, यदि दुःखले मऱ्याकी छैनन्, निश्चय जिउँदई छन् भन्या, हे विभो, तपाञ्जिले मेरो नाउँ गरी दण्डवत्प्रणाम गरि दिनु होला । कुरुवंशमा उत्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयाका धृतराष्ट्र राजाकन अरु वयले वृद्ध भयाका राजाहरुकन पनि भीष्म-पितामह भया, अश्वत्थामा भया सोमदत्त राजा भया इन्कन अरु संपूर्ण भरतवंशीहरुकन पनि,बडा ज्ञानी भयाका गहिरो बुद्धि भयाका धर्मकन जान्न्या संपूर्ण कौरवका मंत्रणाकन गर्न्या एस्ता विदुरकन पनि हे श्रीकृष्ण, अंकमाल गरी मिल्नु होला ।।४५-४८।।

युधिष्ठिर राजा जो छन् संपूर्ण राजाहरूका मध्यमा भगवान्क्षेउ एस्ता वचन् विन्ति गरी आज्ञा मागी भगवान्लाइ प्रदक्षिणा गरी फर्कदा भया ।।४९।।

ताहाँदेषी अर्जुन जो छन् हिंड्दैमा पुरुषमा श्रेष्ठ भयाका शत्रुका वीर योधाकन मार्न्या भयाका कसैले जित्न नशकिइने भयाका आप्ना मित्र भयाका श्रीकृष्णछेउ विन्ती गर्न लाग्या ।।५०।।

हे विभो श्रीकृष्ण, पहिले मन्त्रणाको निश्चय गर्दामा जो हामिलाई आधा राज्य दिनु भन्न्या सल्लाह भयाको हो सवै राजाहरुलाई मालुम छ ।।५१।।

तस् राज्यकन लोभ नगरी अपमान नगरी सम्मानसित हामिलाई दिया भन्या बढियै भयो, ति दुर्योधनहरू पनि संपूर्ण भयदेषि फुक्नन् ।।५२।।

हे कृष्ण, पापी दुर्योधनले अर्को तरह गन्यो भन्या लडाजी गरी क्षत्रियका नाश निश्चय गरुला ।।५३।।

अर्जुनले भगवान्सित विन्ति गन्याका एस्ता वचन् सुनीकन भीममेन खुसी भया । दुर्योधनलाई सम्झी क्रोधले वारवार काँप्न लाग्या ।।५४।।

काँप्न लाग्याका भीमसेन जो छन् अर्जुनका वचन् सुनीकन मनमा हर्ष गरी सिंहले कराया जस्तो बडो शब्द गन्या ।। ५५ ।।

भीमसेनले करायाको वडो शब्द सुनीकन धनुर्धारी योधाहरू सवै काँप्न लाग्या । हाति घोडा प्रभृति संपूर्ण वाहन्हरू पनि विष्टामूत्रकन छाड्दा भया ।। ५ ।।

× × ×

(घ) ८९-९० यौं अध्याय

आप्ना पियाँरा भयाका वडा मित्र सर्वदा धर्मार्थमा लाग्याका कत्ति क्रोध नभयाका सज्जन वडा बुद्धिमान् तन् विदूरकन सवै कुरा देख्यै झैं गरि-कन जान्न्या एस्ता श्रीकृष्ण पाण्डवहेरूले गन्याका सवै कामको विस्तार गर्दा भया भन्न्या एस् कथाकन वैशंपायन मुनि जनमेजय राजासँग कहँदा-भया ।।२६-२७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्योग पर्वका भगवद्यानको अठार्रौं अध्याय समाप्त भयो ।

वैशंपायन मुनि जनमेजय राजासँग कहन्छन् । हे जनमेजय, श्रीकृष्णले विदुरका घरमा गै सर्व कामको विस्तार गरीकन वाहाँपछि अपरान्ह समयमा आफ्नि फुपु जो कुन्ती छन् तनका घर गया ।। १ ।।

कुन्तीले पनि सूर्यका जस्तो तेज भयाका आफ्ना नजीकमा आयाका श्रीकृष्णलाई देषीकन आफ्ना पुत्र युधिष्ठिरहरुलाई संझीकन भगवान्का गला समातीकन रुन लागिन् ।। २ ।।

कुन्ती जो छन् श्रीकृष्णलाइ आतिथ्य सत्कार गरीकन बिछाउनामा वसाइ आँसुले पूर्ण भयाका शोकले सुक्न लाग्याको मुखले जगत्साक्षीकन बोल्न लागिन् ।। ४ ।।

हे श्रीकृष्ण, जो मेरा पुत्रहरु बालकैदेषि गुरुका सेवामा तत्पर भयाका सर्वत्र बरोबर समदृष्टि भयाका दाज्युभाइमा परस्पर मित्रता राख्न्या, राज्य गर्नाको लायक भयाका, कसले आफ्नु द्वेष गर्दामा पनि रीस नगर्न्या, कसैले आफ्नु (षु) सामत गर्दा पनि षुसी नहुन्या, ब्राह्मणलाइ मान्न्या साँचो बोल्न्या भयाका एस्ता मेरा पुत्रकन शकुनीहरूले कपट-जुवाले राज्यदेषि निकाली कोही मनुष्य नरहन्या एस्ता निर्जन बनमा पुऱ्याया ।। ५-६ ।।

× + + ×

(ङ) ९९ यौं अध्याय

तहादेषि अर्का जग्गामा गैकन नारद ऋषि कहन्छन् । हे मातलि ! जहा पातालमा बस्याका प्राणीहरू जो छन् दिनमा सूर्यका किरणले डढिकन मऱ्या जस्ता हुन्छन्, रात्रिमा फेरि जिउँछन् ।। (।।

जहा चन्द्रमाको नित्य उदय हुन्छ र चन्दमा जो छन् वाहु जस्ता अमृत ले युक्त भयाका किरण शररीमा लगाइकन प्राणिहरूकन जिआउँछन् ।।१०।।

जहा इन्द्रले ऐश्वर्य हरियाको केही कालले दुःखित भै बाँधियाका कर्ममा लागी रह्याका दैत्यहरू बस्याका छन् ।। ११ ।।

जहाँ संपूर्ण प्राणीका अधिपति भयाका भूतपति नाउँ गऱ्याका महादेव जो छन् संपूर्ण प्राणिहरूलाइ ऐश्वर्य हवस् भनि ठूलो तपस्या गर्छन् ।। १२ ।।

गोव्रतकन गर्न्या वेद पन्हलि दुब्लायाका रेचक नाउँ गऱ्याका प्राणायामकन गर्न्या स्वर्गकन जित्याका ब्राह्मण बडा ऋषिहरु वस्याका छन् ।।१३।।

जहाँ पायो तहीं सुत्नु जो मिल्यो सोही खानु जो मिल्यो सोही पैहनु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो छ गोव्रत भनि कहिन्छ ।।१४।।

हातिको राजा भयाको ऐरावत भयो वामन भयो, कुमुद भयो, अंजन भयो इ जो छन् सुप्रतीकका कुलमा उत्पन्न भयाका श्रेष्ठ दिग्गज कहिन्छन् ।।१५।।

हे मातलि, यदि इन्मा गुणले गरि कोही बर तिम्रा मन पर्छ भन्या हेर, गैकन यत्न गरि तेस्कन बरौंला ।। १६ ।।

शोभाले बल्छ कि त भन्या झलि देषिन्या यो ब्रह्माण्ड जो छ प्रजाको उत्पत्ति हुञ्ज्यालसम्म जलमा रह्याको छ, फुट्ता पनि फुट्तैन चल्दा पनि चल्दैन ।। १७ ।।

एस् ब्रह्माण्डको जन्म र स्वभावकन कसैले कह्याको सुन्दिन । एस्का पितामाताकन पनि कोहि जान्दैन ।। १८ ।।

हे मातलि, एसैनिमित्त प्रलय हुन्या कालमा सकर्षणका मुखदेषि निस्क्याको ठुलो अग्नि जो छ वृक्षादि स्थावर मनुष्यादि जंगम सबै लोककन ग्रास गर्न्या छ ।। १९ ।।

मातलि जो छन् नारद ऋषिका वचन् सुनिकन विन्ति गर्दछन् । त्राहा कोहि वर मेरा मन परेन । अरु जग्गामा हिड्नुहवस् भनि मातलिले नारदसित कह्या भनि कण्व ऋषिले दुर्योधनकन कह्याका कथाकन वैशंपायन जो छन् जनमेजय राजाछेउ कहदा भया ।। २० ।। इत्युद्योगे भगवद्याने मातलिवरान्वेषणो अध्याय ।। ९९ ।।

+ + + +

(च) १४६ औं अध्याय

हे माता, दुर्योधनका सेवकहरुले आजसम्म (खायाको) अन्न पानीको ऋण तिर्न्या वेला आईरहेछ । तसर्थ प्राणको माया नराषी ऋण तिर्नु जोग्य छ ।। १५ ।।

राजाले अनेक धन दौलत दी कृतार्थ ग (न्याका) यस्ता मनुष्यले काम पर्दाका बेलामा पछी सर्नु उचित छैन । जो पछि हुन्छन् ति बडा पापिष्ट हुन् ।। १६ ।।

यस्ता निमकहरामी पापिष्ठकी (म य) स् लोकमा पनि कल्याण हुँदैन । परलोकमा पनि नरकै हुन्छ ।। १७ ।।

तसर्थ हे कुन्ती, दुर्योधनका निमित्त तम्रा पुत्रहरुसंग मैले युद्ध (गर्नु) छ, तिम्रा अघि झुटो बोल्न्या छैन । आपना सक्यभर दुर्योधनको भलै गर्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ ।। १८ ।।

कपट नगर्नु, वचनका धरानमा रहनु सत्पुरुषकों एही धर्म हो । तसर्थ राज्यको लोभ नराषी तिम्रा वचनकन मैंले नाघ्नू पर्‍यो, क्षमा गर ।।१९।।

आजसम्म जस्ले ज्या माग्यो त्यो मैंले नाही भन्याको छैन। तस्कारण तिम्रो उद्योग पनि मैंले वृथा गर्नूं छैन। केही वरदान दिन्छु सुन । तिम्रा पुत्र जना चारकन मार्न्या छैन भनी अभयदान दिन्ना ।। २० ।।

ति चारजना पनि नतारी छोडीदिना लायक होइनन् त पनि युधि-ष्ठिर जना १ भीमसेन १ नकुल १ सहदेव १ एति जना चारकन तिम्रो वचन राष्नानिमित्त मारैन । जिती काबू तुल्याई छोडी दिउँला ।। २१ ।।

अर्जुनसँग द्वन्द्वयुद्ध हुँदामा त सक्यां भन्या तसलाई मार्नै छ । एही कर्म गर्दामा यस हुन्या छ । अथवा अर्जुनैले मकन मार्‍यो भन्या पनि जसै हुन्याछ ।। २२ ।।

हे माता पाँच जना पुत्र सर्वथा तिम्रा रहन्यै छन् । मैंले अर्जुनकन मार्‍यां भन्या कर्णले सहित पाँच हुनन्। अर्जुनले मलाई मार्‍यो भन्या अर्जुनले सहित पाँच हुनन् ।। २३ ।।

धैर्यले युक्त भयाका कर्णका एती वचन सुनी दुःखले युक्त भयाकी कुन्ती काप्न लागिन् । आँसुका धारा पनि षसाइन् । अघि मैंले नजानी दिदा दुइमा एक पुत्रको नाश भयो भनी निश्चय गरिन् । ताँहाँपछि कर्णकन अङ्कमाल गरी कुन्ती भन्छिन् ।। २४ ।।

हे कर्ण, भावीका गर्दा एस्तै भयो । तिमिले भन्याको सबै सत्य हो । कौरवको नाश हुन्या वेला आयो भनि तिमि पनि भन्दछौ । दैव जस्तै वलियो अर्को कोही रहेनछ ।। २५ ।।

हे महावली कर्ण, आफ्ना भाई जना चारलाई तिमिले अभयदान दियौ मैंले पाञ्चा । चारजना पुत्र त बाँच्या भनी मैंले चिन्ह्याँ । आफुले गर्‍याका प्रतिज्ञाकन संग्रामविषे तिमि विश्रन्या छैनौ ।। २६ ।।

भनी एती कुरा कर्णलाई कुन्तीले अनेक प्रकारका आशीर्वाद दिइन् । कर्णले पनि कौनै कुराको सन्देह मान्नु पर्दैन क्षत्रियधर्म यस्तै क्रूर छ भन्या । तहाँपछि कुन्ती र कर्ण ई दुइजना परस्पर विदा भै आफ्ना आफ्ना घर चल्या भनि वैशंपायन मुनि जनमेजय राजाछेउ कहँदा भया ।। २७ ।।

यो महाभारतका उद्योगपर्वमा कुन्ती र कर्णको संवाद भयाको पचहत्तरी अध्याय समाप्त भयो । कुन्तीको र कर्णको संवाद पनि समाप्त भयो ।

('गल्लीमा फर्याँकिएका कसिगर' बाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

टिठाउँनी : टिठलाग्दी ।
महतारी : आमा ।
हामी वनमा आयाका हुँ : हामी वनमा आएका हौं ।
जिउँदई छन् : जिउँदी नै छिन्; (अथवा जिउने काम गर्दै छिन् । पुराना ग्रन्थहरूमा आदरार्थी क्रियामा लिङ्गभेद हुँदैन।
अरु : अन्य ।
भगवान् क्षेउ : भगवान्सँग ।
जित्न नशकिइने : जित्न नसकिने ।
फुक्नन् : मुक्त होलान् ।
आहादेखि अर्कोतरह । यसको प्रतिकूल ।
पियाँरा : प्यारा ।
तन् विदुरकन : तो विदुरलाई ।
कँहन्छन् : कहन्छन् ।
अपराह्न : अपराह्न ।
फुपु : फुपू ।
बिछाउना : ओछ्यान ।
इन्द्रले ऐश्वर्य हरियाका : इन्द्रद्वारा धनदेखि वंचित भएका ।
पन्हाले : पढ्नाले ।
बर : बिहेका लागि केटो ।
जोग्य : उचित ।
निमकहरामी : निमकहराम ।
सक्यभर : शक्यभर ।
धरान : आधार ।
ज्या : जे ।
जना चारकन : चार जनालाई ।
छोडी दिना लायक : छोडी दिनु लाएक ।
'दिना' ले बहुवचनको संकेत गर्छ ।
तसलाई मानँ छ : त्यसलाई मानु नै छ।
यस : यश ।
रहन्यै छन् : रहने नै छन् ।
विश्रन्या : बिर्सने ।
पचहत्तरी : पचहत्तर ।

सूचना—

भवानीदत्तले संपूर्ण महाभारतको उल्था गरेकोमा हाललाई प्राप्त छन् विराटपर्व र शान्तिपर्वका अल्प अंशहरू । माथि पाइए 'जति 'उद्योग पर्व' जम्मै दिइएको छ ।

[छ] मार्कण्डेय पुराण

(१६ अध्याय)

श्री गणेशाय नमः कोही एक ब्राह्मण आफ्ना ज्ञानी पुत्रछेउ सोद्धछन्; "हे पुत्र, आसक्त हुन योग्य नभयाका एस्ता संसारको व्यवस्था चक्र जस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घुम्दै रहन्या कल्ले पनि नछुट्न्या एस्तो संसारको स्वरूप पनि तैंले कहिस्। मैंले पनि यो संसार झुटो रहेछ भनि जान्या। परंतु संसार छुट्न्या ज्ञान त मैंले केही जान्याको छैन। अब मैंले क्या गर्न्या हो त्यो कह।"

एस्ता पिताको वचन सुनी पुत्र बोल्न लाग्या, "हे बाबा, यदि मेरा वचनमा श्रद्धा गर्छौ, कत्ति शङ्का छैन भन्ना एस् गृहस्थाश्रमकन छोडी वानप्रस्थ धर्म लिकन वनमा जाउ। विधिपूर्वक सो वानप्रस्थ धर्म चलाइकन पछि अग्निहोत्रादि कर्म पनि छोडिकन परमात्मा चित्त लगाई सुख दुःखको त्याग गरी संग छोडीकन एकांतमा रही मन पैंची सावधान चित्त भै सन्न्यासी भैकन रहु। श्रस् सन्यासाश्रममा तुच्छ भयाका सब इन्द्रियका सुख छोडीकन योगमा लाग। तस्तो सन्न्यास धर्म गर्दामा संसाररूप दुःखकन छुटाउन्या औषधजस्ता भयाका मुक्तिकन दिन्या एस्तो हो भनि कसैले नकहीसक्नु संगले रहित भयाका एस्ता योगकन पाउला। हे बाबा, एस्तो योग भयाउप्रांत तिमिलाई संसारमा दुःख गर्नु परैन। फेरी मुक्तिरूप ऐश्वर्य होला!"

एस्ता पुत्रका वचन् सुनी पिता बोल्न लाग्या, "हे पुत्र, मलाइ अब मुक्ति हुन्या योग कह। पंचभूत भन्याका पृथिवी जल तेज वायु आकाश। इन् जुक्त भै जउन् योगले, हे पुत्र, फेरी एस संसारका दुःखकन नपाउँ।

"हे पुत्र, जस् संसारविषे आसक्तभयाका परमार्थ ज्ञानले त सुख दुःखादिको अनुभव नगर्न्या अज्ञान दशाले म सुखी म दुःखी भनि अनुभव गर्न्या एस्तो जो मेरो आत्मा छ त्यो संसारका बंधनले जुक्त नहवोस् एस्ता योगकन कह। संसाररूप सूर्यका तापका पीडाले जल्न लाग्याको छ शरीर र चित्त जस्का एस्ता मकन ब्रह्मज्ञानले जुक्त भयाका तेरा शीतल भयाका वचन रूपै जलले सेचन गर।

"हे पुत्र, अज्ञानरूप कृष्ण सर्पले डस्याका तस्का विषले पीडित भयाका मन्याका मकन तेरा वचनरूपै अमृत पान गराइकन फेरी मलाइ जिया। इ मेरा पुत्र यो मेरो घर यो मेरो षेत भन्न्या एस्तो ममतारूप वेडीले बाँधियाका मकन आफ्नु हित हुन्या एस्ता उत्तम ज्ञानरूप साँचाले षोलिकन चाँढो फुका"।

एस्ता पिताका वचन सुनि पुत्र बोल्न लाग्या, "हे पिता, पैल्हे अलर्कले सोद्धामा बडा बुद्धिमान् भयाका दत्तात्रेयले जउन् योग विस्तार गरीकन कह्याथ्या तेही योग म कहन्छु सुन।"

एस्ता पुत्रका वचन सुनि पिता सोध्न लाग्या, "हे पुत्र, दत्तात्रेय भन्याका कस्का पुत्र हुन्? कस्ता प्रकारले योगकन कह्याथ्या। जनूले योग-सोध्याथ्या एस्ता अलर्क भन्याका पनि को हुन्?"

("गल्लीमा फ्याँकिएका कसिंगर" बाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

कह : भन् (आदेशार्थी) ।
संग : साथी ।
परंन : परोइन ।
जुक्त : युक्त ।
जउन् : जुन ।
वेडो : नेल ।
चांढो : चांडो ।

सूचना—

यो हो सोह्रौं अध्यायको श्लोक १ देखि श्लोक १३ सम्मको अनुवाद । यसै अध्यायको श्लोक ५० देखि श्लोक ६९ सम्मको अनुवाद फनि फेला परेको छ।

[ज] हितोपदेश

(मित्रलाभ)

संसारमा जो कोही धनी छन् तनै वलिया कहन्छन् । राजाहरू पनि धन दौलथ खजानैले वडा कहिन्छन् । एतो भनीकन तस् संन्यासीले प्रातः कालमा खन्ती लीकन मेरो वस्याको ठाउँ खन्यो र मेरो ढेरै दिनदेखीन्संचीत गरी राष्याको सबै धन लियो । तव तस् दिनदेखिन् मेरो बल पराक्रम उत्साह घट्यो । आहारा खोजी खानाको पनि सामर्थ्य भयेन । उहाँपछि डरले सुस्त सुस्त भागी जाँदा चूडाकर्णले देखी पायो र तव आफ्ना मित्र वीणाकर्णकन कहन्छ–'हे मित्र,संसारमा धनैले सबै वलवान् पनी पण्डित पनी हुँदा रह्याछन् । हेर्नू हवस्, यस् दुष्ट मुसाको अनजानाले बल उत्साह हरायो,आफ्ना जाती बरोबर भयो । हे मित्र,जस्तो जेठ वैशाखका दिनमा साना नदी सुकी जान्छन्, तस्तै धन नहुन्या साना बुद्धिका पुरुषले गन्याको कर्म सबै नसी जान्छ । हे मित्र, तस्तै जस्को धन ढेरै छ तसैका मित्र पनी ढेरै हुन्छन्, दाज्यूभाइ पनी बहुतै मान्दछन्,लोकमा बडो पुरुषार्थी पनि तेही कहलाउँछ, जांन्या पनी कहलाउँछ।

"हे मित्र, तस्तै यस संसारमा मनुष्यका इन्द्रिय साबुज् छन् भन्या तनैकन इन्द्रिय भन्नु । कोही अजस् नपरीकन सधै एकैतार रह्याको छ भन्या नाउँ भन्या को तेही हो । परि आयका काममा नहडबडाउनु बुद्धि भन्याको तेही हो । जस् कसैका अगाडी वरोबर बोल्नकन शक्नू वचन भन्याको तेही हो। प्रसस्त धन जस्का छ तसैकन पुरुष भन्नु । ई सबै कुरा घटी गया भन्या उही पुरूष छ त पनि एकै क्षणमा अर्को होई जान्छ । यस्मा केही अश्चर्य छैन ।' भनी एती सबै चूडाकर्णले आफ्ना मित्रसँग कह्याको सुनी, हे मन्थर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मामा मित्र, हिरण्यक नाउँगन्याका मैले मनमा विचार गर्न्यां 'अब मैले यस जग्गामा बस्नू योग्य छैन । यो विस्तार अरुकन कहनू पनि उचित छैन। भन्याको पनि छ– धनको नाश भयाको आप्ना मनमा संताप भयाको आप्ना घरमा केहि घटिया काम भयाको आफुलाई कसैले ठग्याको आप्नू अपमान भयाको एती थोक जांन्या मनुष्यले वाहिर प्रकास नगर्नु । तस्तै दैव विपक्ष हुनाले पुरुषार्थ···गन्याका यत्न सर्व व्यर्थ हुँदामा दरिद्री भयाका अभिमानी पुरुषको वनवास छोडी अन्यत्र सुख हुँदैन । तस्तै जस्तो अग्नि वरु निभी जान्छ शीतल भै रहँदैन तस्तै मन्सुवा भयाको पुरुष कस्तै आपत्ती पन्या पनी वरु मरी जान्छ तैपनी अर्काको मुख्यांजी गरीप भै रहँदैन ।

"अरु पनी कह्याको छ। फुलको र मनसुची पुरुषको एकै स्वभाव हुन्छ; क्या भन्या जस्तै फूलको थुँग की सबैका शिरमा रहन्छ की वनैमा सडी जान्छ तस्तै मनसुबी पुरुष पनी की सबैभन्दा उपर भै रहन्छ,भयेन भन्या मरी जान्छ। —तसर्थ यसै जगामा मैले मागीकन जीविका गर्नु त अति घटिया छ ।

"भन्याको पनी छ संपत्ती नहुन्या मनुष्यले वरु अग्निविषे प्रवेश गरी प्राण छोड्नू निको छ, आफ्नो मान पूजा हरायापछि दुःखी भै मागी खानू निको छैन । अरु पनि भन्याको छ– दरिद्र भयो भन्या लाज हुन्छ। लाज भया पछि सामर्थ हराउँछ । सामर्थ छैन भन्या अनादर हुन्छ । अनादर भयो भन्या शोक हुन्छ । शोक भयो भन्या बुद्धीले छोडछ बुद्धीले छोड्यो भन्या तस् मनुष्य को नाश हुन्छ । तस् निमित्त कंगाल हुनू त दुःखको घर रहेछ । तस्तै झुटो वचन बोल्नुभन्दा न बोली रहनु निको हो । परस्त्रीगमन गर्नुभन्दा नपुंसक भै रहनू निको हो । अर्काको चुक्ली गर्नुभन्दा प्राण छोड्नू निको हो । पराइका घर षाइ सुख गर्नूभन्दा विराना देशमा गै भिक्मागी खानु निको हो ।

"तस्तै आफुलाई मार्न्या, काममा नलाग्या यस्तो गोरु हुँना चाँही रित्तै गोठ हुनु निको । विवाह गन्याकी स्त्री छ त पनी मुखाल्या छ भन्या तस्भन्दा वेश्याकन राष्नू निको । विवेक नभयाका राजाका सहरमा बस्नू-भन्दा वनमा बस्नु निको,छोटा मनुष्यको चाकरी गरी जिउनूभन्दा प्राण छोड्नु निको हो । जस्तो अर्काको सेवा गर्न्या मनुष्यका मान् मर्ज्यादा रहँदैन, चन्द्र-माका किरणले अंधकार रहँदैन, बुढो भयेपछि शरीरको शोभा रहँदैन, शिवको विष्णुको कथा सुन्यापछि पाप रहँदैनन् तस्तै मागी षान्या मनुष्यका सयकरन् गुण भया पनी हराई जान्छन् ।'

"एती भनी विचार गरीकन, मित्र मन्थर, फेरी पनि मनैमा भन्न लाग्यां—'तब आज मैले अर्काले दियाको गास खाई आत्माको रक्षा गर्नु त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो मर्नै हो । भन्याको पनी छ,'शास्त्रको तत्त्व नजानी बोक्राबोक्रैमा हिंडी पडित्याञि चलाउनु' द्रव्य दिईकन स्त्रीसंभोग गर्नु, अर्काको अधीनमा परी भोजन गर्नु ई तिन् कुरा पुरुषले गर्नु त केही होइन, धिक्कारै हो ।

" अरु पनी कह्याको छ—सर्वदा रोगी भै रहन्या ढेरै दिनदेखीन् पर्देशमा रहन्या पराईको अन्न खाई जिउन्या पराईकै घर जाईकन सुत्न्या एस्ता प्राणीहरुले जिउनू त मर्नै हो । वरु तस्तो भै जिउनाचांही मरी गयो भन्या तस्ले सुख पायो ।'

'एती मनमा विचार गरीकन फेरी पनी लोभले त्यो धन लिनाकन केही दिनसम्म तहाँ बसी जत्न गर्‍यां । तसै भन्याको पनि छ—लोभले बुद्धी चंचल हुन्छ, लोभैले तृस्ना बढ्छ । बहुतै तृस्ना भयो भन्या त्यसले एस् लोकमा पनी परलोकमा पनी दुःखै पाउँछ ।

"एती भनी तसै जगामा रह्याको थिया, कोही एक दिनमा त वीणाकर्णले देषी पायो र फुटचाको वांसले मकन मार्‍यो । तव मैले मनमा विचार गर्‍यां— 'लोभी असंतोषी पुरुषले आप्नै आत्माकन दुःख दिन्छ । भन्याको पनि छ—जस् पुरुषका मनमा संतोष छ तस्का संपत्ती छैन त पनी संपूर्ण भयाजस्तो हुन्छ, जस्तो जुत्ता पैह्रन्या मनुष्यका लेखा संपूर्ण पृथिवी छालैले वेह्रिया जस्तै हुन्छिन् ।"

("गल्लीमा फ्याँकिएका कसिंगर" बाट)

विशेष शब्दहरू

साबुज् : ज्युँका त्युँ ।
अजस् : अपजस (अयश) ।
एकैतार : एकैनास ।
प्रसस्त : प्रशस्त ।
घटिया : कम्सल ।
शक्नू : सक्नु ।
मन्सुवा : विवेक ।
मन्सुवी : विवेकी ।
चुक्ली : पोल ।
भिक् : भिक्षा ।
हुँना चाहि : हुनुभन्दा ।
मुखाल्या : मुखाले ।
भयेपछि : भएपछि । वांछित रूप हुनुपर्थ्यो "भयापछि" ।
सयकरन : सयकडौं ।
गास : गाँस ।
तत्व : गुदी ।
पंडित्याञि : पाण्डित्य ।
मर्नै हो : मर्नु नै हो ।
जिउनाचांही : जिउनुभन्दा ।
जत्न (> यत्न) : प्रयत्न ।
तृस्ना : तृष्णा ।
मार्‍यो : पिटयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूचना—

यति हो फेला पर्न सकेको भवानीदत्तकृत 'मित्रलाभ' को अनुवाद। यसबाहेक 'हितोपदेश सन्धि'का केही श्लोकका अनुवाद पनि फेला परेका छन् (हेर्नोस् ग. प्या. क. पृष्ठ २६७–२६९)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५८

योगी अम्बरगीर

(रचनाकाल सम्वत् १८९० अगावै)

(क) गीतगोविन्द सुप्रीतपीताम्बर सर्ग

हे प्रभु ! संपूर्ण गोपीनिहरुकामा गयाका पनि तिमिलाइ गोपिनिहेरुले हेर्दामा कृष्णजी मैंसीत मात्र रह्याका छन् भनि मान्दामा ति गोपिणिहेरुका अघि भयाका कंदर्प्पको दुःख पीडा डाह्रा जो जति थिया सो सपूर्ण जादो भयाका छन् ।

हे विरहले कालो वर्ण भयाका कृष्ण ! तिमिले नटुवाभेष धान्याका जो जति छन् संपूर्ण न्याय प्रमाण छ तदर्थ तिम्रा शीरमा मयुरका पाषको फूलमाला लगायाको पनि ति सोभायमान देषिछ विशोभा देखिदैन ।

हे प्रभू ! तिमी जो-छौ-सो कैल्हे भन्या भति मधूर णईन गरिरहदा देषिहिन्या भयाका छौ कैल्हे भन्या युवति स्त्रीहरुसित विलास गरि रह्याका देषिन्या यस्ता तम्रा चरित्रगानले गरि यी संसार संपूर्णको जन्म-मृत्युरूपी रोगकों शंगति मित्र होईयाका छौ अर्कालाई छैन ।

हे प्रभू ! तम्रा चरित्र यस्तै हो अनि नभनिन्या हामिलाई पनि यो तनरूपी कुचमण्डलमा प्रभूका हातरूपी रश पीयाउनाले गरी हाम्रा तनमंण्डलरूपी कुच जीइरह्याको छ अंन्यथा छैन ।

हे चन्द्रजस्ता नेत्र भयाका प्रभू ! तम्रा सुख जो-छन्-सो फुल्याकमल जस्तामा तल्लो ओठ भन्या अर्द्ध चंद्राकार तेज जस्का यस्ता तिमिदेषि हाम्रा कल्याण चाहिछन् ।

हे प्रभू! फेरि तिमि कस्ता भंन्या तिम्रा कानमाका कुंडल अति चंचल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्यूरिझयी अति सोभित हुनाले र तिमिले आपनु कटिदेश वांगो गरि (वासुलि) वजाउदामा व कवंल हाम्रा कंदर्प जो जत्ति छन् सो पाकेर गलिजांछं रहदैनं ।

हे प्रभू ! तिमि जो छौ हे सुन्दरी भनि वोल्दामा मेरा मनमा अव राशकृडाको वषत् भयेछ क्याण भनि म सुति गयां र तिमि जो-छौ-सो अंतर्ध्यान हुदा भयौ, उल्टो मलाई लज्जा पार्दा भयौ । तम्रा धेरै प्रकारका रस वासुलिवाटो प्रकाश हुंदामा तिम्रा वाशुलिरश यस्तै हो भंनु हुदैन । धन्य छ !

हे प्रभू !हाम्रा सुंदर कटिदेशको नाश गरी रहन्या पनि तिमि जो-छौ-सो आप्ना मंनशुवाको राशकृडामा मात्र अति षुसि होइ रहन्य धन्य छौ ।

हे वुद्धिमान् प्रभू ! आघि तिमि जो छौ-सो वडो शरीर होईकन आफै जलशयन होईरह्या जस्ता समयमा तिम्रा जलरूपि अंग होईदामा जलैका जस्ता थोपला न्हयारूपी तस्तै हामि पनि रहियाका छन् । सरन चाहिंछ ।

यस्ता श्री जयदेव कविले गायाका अति रसिलो रतिकृडाका लीला होईयाको यो गीतगोविंद जो-छ-सो जौना मनुष्य भक्तिपूर्वक यो हरिरश हो भनि गाउला शुन्ला उश्लाई कलियुगको पाप समुदाय कलंष नह्रओस् ।

अव ताहा सखिहेरू निस्कि सक्क्यापछि कृष्ण जो-छन्-सो लाजको मार अति सान्हैं वन्हयाका हुनाले कंदर्पका वसमा पन्याका अभिप्रायले अलि २ हास्नाले ओठ भिजियाका प्रीतियुक्त होईकन नया पाल्हुवा फूलका बिछाउनामा आखा लाउदा छदा राधाकन देषेर कोहि वचन वोल्दा भयाका छन् ।

हे प्रभू ! तिमि जो-छौ-सो यस्ता दल परीपूर्ण भयाका अमृत पीईकन आफ्ना स्वछंदमा चापका फूल पनि धारणा गरि कृडा गर्दामा नाना प्रकारका लतारूपि पाल्हुवाका विछाउनामा नाना प्रकारका रशकृडाकन पनि गर्दा भयाका हुंछौ । भनिसक्नु छैन ।

हे राधे! यस्ता यकछिन मात्र अैल्हे आयाका नारायणसंग आउनु पर्छ। हे कामिनि ! इ नया पाल्हुवाका सयामाथिवाट तम्रा पाउरूपी कमलकन राषा राम्रो पनि यो पावका सपा जो-छ-सो तम्रा पाउ दापी दिन्छु मैले·· रूपीशत्रु-देषि हार्नाको अनुभव होई जावोस् ।

अब याहा सेरा हातरूपी कमलले गरी तिम्रा पाउ दापि दिछु । मैले टाढादेषि ल्यायाका सपा ! तिमि माथिवाट आउ । टाढादेषि लाइयाकी छौ त पनि सुरो होई मलाई आलिंगर गर्नाले उपकार गर्नु चाहिंछ ।

हे प्रिय ! तम्रा मूषरूपी चंद्रदेषि गीन्याको अमृतझई होईयाका योग्य वचनलाई पालना गर्नु चाहिंछ । तम्रा वचन पाईकन छातिमाका कुचलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छाक्या घोला जो-छन्-सो विरहरूपी फल फल्याझैं गरी गफ गरी म फल्दछु ।

हे राधे !मेरा छातिमा रोमांच भयाको अति दुर्लभ प्रीयसीत आलिंगणका उत्साहले गरि युक्त होइयाका झैं तिम्रा कुच अड्याएर मेरा कंदर्पको तापलाई नाश गर्नु चाहिंछ ।

आफ्ना षुसिसित आयाको मलाई तम्रा ओठको अमृतरसकन देउ । मन्याका चाकर जस्तालाई जीयाउनु चाहिंछ । अरुले पनि मन्याकालाई जीयाउंदा अमृतै पियाई जोयाउदछन्।तिमि कस्ता,भन्न्या तिमिमा चित्त लगाईयाका विरहरूपी आज्ञाका इछाले विलास गर्न्या जस्ता होईयाका छौ ।

हे चन्द्रमाका जस्ता मुख भयाका राधे ! आफ्ना कंठमा भयाका शब्द जस्तो मणिका कान्ति कलाप वजाउ र त्यो शब्द जो-छ-सो कोईलिका शब्दले दुखित भयाको मेरा दुई कानमा धेरै दिनसम्मका ताप नास गरिदिनु चाहिंछ।

हे राधे ! यस्ता विनासितिका रिशले व्याकुल भयाको मन जो-छ-सो हेर्न पनि नसकि तिम्रा (आंखा) चिम्लछौ । ऐल्हे त्यो व्यर्थको रिश नगर । अब आफ्ना सुरतकृडाको उद्योग पेलकन गर्नु चाहिंछ ।

अब यस्ता श्रीकृष्णजीका पाउमा आनंद भयाका श्रीजयदेव कविले गायाको गीतगोविन्द जो-छ-सो कृस्नमा रसीकजनहरुलाई शुन्दर श्रृंगार भयाको यो सात्विकरश संचारि आदि भयाकाले विनोद गरोस् ।

ति कस्ता ?कंदर्पका चिह्न भयाका,सुरत आलिंगन चुंवनादि भन्नोला त केलिहरुले व्याप्त भयाका । सग्रामआरंभमा स्त्रीहेरुले थुलो साहस । गरेर लोग्न्याकन जीत्नानिमित्त लोग्न्यामाथिबाट आईकन आरंभ गर्छन् आफु पुरुषझैं हुंदा जस् भमराले राधीकाको जंगन निश्चल भयाका वाहुरूपी लता पनि षुकुली भईन्,छाति पनि कांप्यो,आंषाका पलक पनि लाग्दो भयो । तसर्थ स्त्रीहेरुका पराक्रम गरु भन्या पनि तिन्को मन्सुवा कसो गरि हुंछ ? हुंदैन ।

यस्ता दुई हातले समातियाका कुचमालले गरि निचोरियाका उस्तै नखले घाउ लगाईयाका दांतले ओठ टोकियाका नितम्वले हलियाका हातले केश समाति नहोईयाका ओठका अमृत चुहुनाले मोहित भयाका यस्ता पनि कान्ता जो-छ-सो भनिनसक्नु तृप्तिकन पाउंदछन् । तसर्थ कंदर्पको गति उल्टो रहेछ भनि जान्नु चाहिंछ ।

× × × ×

श्रीभोजदवस्य रामादेवीमा गर्भ होईकन जन्म्याको म श्री जयदेव कविले आफ्ना पारासार गोत्रको र आफ्ना कवित्वसिद्धि गर्नानिमित्त गायाको यो गीतगोविंदका पर्थ निर्नय गरि आज म अंवर्गीर नामा योगी पनि श्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवाणका लीलाको स्तुति गर्दछु—

जाहाँ कृस्न ताहाँ राधा, नही कृस्न जाहाँ ना राधा ।
इनु इनुका मील कहि नआवे अम्वर्गीर वाधा ।।

इति श्री गीतगोविंदे महाकाव्ये जयदेवकृतौ मुप्रीतपीतांब (र) भाषानामा द्वादशः सर्गः । शुभम् ।

(वीर पुस्तकालयबाट)

[ख] ब्रम्हयज्ञउपनिषद्

(संवत् १८९१ अक्षारको प्रतिलिपि)

ओं नमोभगवते वाशुदेवाये । ब्रह्मयेक सुद्धचैतन्य अद्वितिये अद्वितिये ब्रह्मको माया । ब्रह्ममाया क्या हो भन्या वृक्ष र छाँजा जस्तै । छाजा र वृक्ष न्यारा होइनन् । वृक्षविना छाँजा काँहाँ ? येस्तै संजोग छ, ब्रह्म सुद्ध चैतन्ने छन् । माया अनित्य चैतन्ये छन् । तव मायाउपर ब्रह्म छन् । ब्रह्मउपर् कोहि छैनन् । तव परब्रह्म अषण्ड छन् । सो ब्रह्म अणेक हुनाका ईक्षाले तिन सक्ति उत्पन्न भै इक्षा कृया ज्ञान ३ त्यै मायादेषि तिन सक्ति भै ससये मिथ्या विपरित् ३ । ब्रह्मकानाम ५-ब्रह्म जिव काल कर्म सोभाव । तस्को अर्थ अखण्ड हुनाले ब्रह्म आफुले आफुलाई नजान्दा जिव आफुले आफुलाइ नजानि कालै देष्नाले कालै कहायो । सर्व देहमा कर्म कर्तादेष्दा कर्मै हुदा कर्म मिठो नमिठो तितो पिरो मानपमान दुष सुष देषनाले स्वभाउ कहियो । मायाको नाउ पाँच –माया, आकास, सुन्य, सक्ति, परिक्रिति ५ । तस्को अर्थ, ब्रह्म संजुक्त सामर्थ हुनाले माया पिण्ड ब्रह्माण्डको येकै आकार हुनाले आकास जड देष्नाले सुन्य कहायो । सकल संसारलाई जिति भनि सक्ति अर्द्धगामि हुनाले प्रक्रिति कहिन्छ । येस्तै संजोग दुई मिलि श्रीष्टि उपन्ना गराया । पंचतत्व पंचधारणा पृथक् पृथक् पंचतत्व उत्पन्न भया ।

(वीर पुस्तकालयबाट)

[ग] योगवाशिष्टसार

(सम्वत् १९१२ को प्रतिलिपि)

यो मनैले ज्या केहि चराचर प्राणिहरु संपूर्ण जगत्कन रचना गरि राष्याको छ। तदर्थ जव त्यो मन आफै उन्मनिभाव भयो भन्या तव तेही जगत् जो-छ-सो येकै अद्वैत ब्रह्म होई जांछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

येस्ता अचल आनंद शान्तरूप भयाका शिवभित्र चंचल दुःखको घर भयाको जगत्‌रूपिको आदि अन्त्यमा स्थिति रह्याको छा। र वहि रहन्या चंचल जगत्‌को सोभाव छ। ऐस्मा अचंचल आत्माको एकै आत्मा चैतन्यरूप भयाका छन्।

जस्तै सर्पले नछोडयाका काँचुलिकन मेरो हो भनि संभार गर्दै रहंछ सोहि काँचुलि छोडयापछि दुलामा छ ता पनि मेरो काँचलि हो भनि हेर्दैन, तस्तै ज्ञानि पनि अहंकार छुटयापछि यो शरीर मेरो हो भन्या भावना राख्दैनन्।

यो शरीरको दोषबुद्धि छुटयाका ज्ञानिकन वेदले भन्याका कर्ममा यो गर्नु यो नगर्नु भन्या विधि निसेध नहुनाले यो कर्म नगर्न्या हो भनि पर सर्दैनन्, ई वाढया कम हुन् भनि अघि पनि सर्दैनं। जस्तै वालखहरुले गर्नु नगर्नु केही जान्दैनन्, तस्तै होईरहंछन्।

जस्तै थाममा वनायाको पुतलि जो छ थामैको आधार हुनाले पुतलि देषिछ तस्तै ब्रह्ममा रह्याको यो जगत् जो-छ-सो चैतन्यरूप ब्रह्मले चलाउँदामा मात्र चल्दछ। तदर्थ ब्रह्म चैतन्य छं, शून्य छैनन्। शून्य जस्ता देषिछन् मात्र।

जस्त पुतली लेष्याको थाम जो-छ-सो पुतली मेटिया पनि थाम रहि रहंछ, तस्तै ब्रह्ममा रह्याको यो जगत् नहुँदामा पनि ब्रह्म त रहिरहंछ। तदर्थ ब्रह्म चैतन्य छ शून्य छैन।

सुन्दर निर्मल जलमा तरंग हुन्छन् पनि हुंदैनन् पनि। यस्तै तरहले गरिकन ब्रह्ममा पनि यो जगत् जो-छ-सो लय हुँदामा शून्य हुंछ फेरि श्रृष्टि हुँदामा यो जगत् सव देखिछ। तापनि शून्याशून्येको कारण जगत्कै हो, ब्रह्ममा छैन।

भनि श्रीवसिष्ट मुनि जो छन्–सो रामचन्द्रकन कह्याको यो मूलटिका भाषाको अनुसंधान गरि श्रीअम्बरगिर योगीले आफ्ना सत्संगमा कहंदा भया। इति श्रीयोगवासिष्टसारे ज्ञानतत्वनिरूपनं नाम दशमः प्रकर्णम्। इति श्रीसम्वत १९१२ साल मितिकार्तिक शुदि ११ रोज १ तस्मीन् दिने लिखितं पुस्तकं। शुद्धोवामशुद्धोवा ममदोष नदियते। श्री रामायनमः। श्री लक्ष्मणाय नमः। श्री शीतादेव्याये नमः। श्रीहनुमानः।

(वीर पुस्तकालयबाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[घ] असमनको भाषा

(प्रथम उपदेशबाट)

सम्वत् १९२४ को प्रतिलिपि

स्वस्तीश्री णमो जोस्मणि चरनविन्दुभ्यो णमो । श्रीसद्गुरुको सोरुप सिल गति वेवस्था सोभाव कस्तो हुन्छ, वीस्व (?) गरि जान्नु । सद्गुरु भन्याको को हुन् भनि सिषेले सोध्यामा श्रीसद्गुरु आज्ञा गर्छन्– "हे चेला हो: सद्गुरुको कृति कहिन्छ, सुन ·*"

+ + + +

जो आपनु मालिक छन् उन्को सेवा गर्न्या हो, अर्को हो भन्या चोरि जारि लवारि केन गर्दो हो ? आफं हो भन्यां अर्को छ भन्यां नि केन ह(ग ?) दों हो ? कसों हो कस्व हो भन्या अघि केन सर्दो हो? येसं हों भन्या विग्रिफेर केन पर्दो हो ? सर्वकर्मदेषि रहित भै रहन्या आफु हो । नजानि कर्म गर्छं र उ कर्मको अधिका (र) हुंछ र तौन कर्मको कर्ता उसं कर्मले नासिहिन्छ ।

मनको कर्मकर्ता बुद्धि छ । जौन कर्मको अधिकार हुंछ तौन कर्मको कर्ता करनि वुधि हुंछ । जौन कर्मको अधिक अभ्यास हुंछ तेहिमा मन फेरि फेरि रहंछ । देव वुद्धि हुन्छ । मनुषे वुद्धि राक्षस वुद्धि मसुद्धि (पशुवुद्धि ? चौरासि) वुद्धि, भोगवुद्धि दानवुद्धि ईत्यादि आर्नंत वुद्धि हुन जान्छ । तत्व विवेकले सब मेठि सभ मन वुद्धिको प्रपंच मिथ्या हो भनि मेट्नु र वुद्धि विवेकले वुद्धिको विव षोल्नु र आत्माको गति वुझिहिन्छ। आत्माको गति वुझ्या पछि मन थिर हुंछ । आनन्द हुन्छ । ईति वैराग्याम्वरे प्रथमोपदेस भाषा ।

(वीर पुस्तकालयबाट)

[ङ] वेदान्त

यस्ता अद्वैत आत्मालाई पनि नजानि द्वैत देष्न्या मूढ अन्धाकन वारंवार यो भवावि संसारमा कैल्हे विश्राम नपाई फिर्दै रहनु पर्दछ। मुक्त हुनाको अवगास कैल्हे पाउंदैनन् । जस्तै माँहा मूढ अज्ञानि पनि ज्ञानि जस्तो भै यो संसारमा आफुले संचय गरियाका कर्म जो जति छन् संपूर्ण देष्द देष्दै यसं

*गुरुदासको अक्षर ज्यादै क्लिष्ट भएकाले यहाँ सद्गुरुको लम्बे व्याख्यान दिइएन ।

-सम्पादक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकमा नास हुंछन् । तसर्थ तस्तै आत्मा भूलि संचय गरियाका सत्व गुणादि कर्मले जाईन्या पुण्यलोक जो जति छन् सो संपूर्ण उ पनि एस्तै प्रमाणले नास हुन्छं । रहदैनं। भन्याउप्रान्त ब्रह्म माया दुई होईन एकै छ ।

[1] भन्या श्रुतिका अर्थ सुन । जौंना पुरुष आत्माव्यतिरिक्त अर्को देख्दै (न) सुन्दा पनि सुन्दैन जान्दा पनि अर्को जान्दैन । त्यो पुरुष विवेकिमाका अति विवेकि कहाँउँछ । फेरि अर्कै देख्दछ, अर्कै सुन्दछ भन्या त्यो अज्ञानि जो-छ-सो तेहि मरनधर्म भयाको अज्ञानरूपी आत्माले मारियाको छँदो त्यो पापिको वारंवार जन्ममृत्यु छुट्तैन । भन्न्या येहि छन्दोगनामा श्रुतिले कहँदा छँदा पनि ब्रह्म माया एकै हो दुइ होइन ।

★भन्या अर्थ सुन। यो सपूर्ण भूत प्राणि चराचरमा केवल परमात्मा-स्वरूपले गरि उनै परब्रह्म रह्याका छन् दोश्रो छैनं । तदर्थ जान्न्याजनले यो चराचर भूतप्राणि जो जति छन् सो संपूर्ण उनै परंब्रह्म मात्र हुन्, अर्को ह्वैन। भन्न्या श्रुतिले भन्दा पनि ब्रह्म माया दुइ छैन एकै छ ।

★भन्या श्रुतिको अर्थ सुन । अती छोटो सानु बुद्धि भयाका मूढात्मा मनुष्यले मात्र यस्ता अद्वैत ब्रह्मलाई जीवात्मा परमात्मा भन्या अन्तर भै म ध्यान गर्न्या हुँ ध्यान (ग)रिन्या पदार्थ वस्तु अर्कै छ भनि उपास्य र उपासक रूपभेद भयाका देहात्मालाई मात्र भयाको भासित हुंछ भन्न्या अरथले पनि ब्रह्म र माया भन्नु एकै हो दोश्रो ह्वैन ।

★भन्या श्रुतिको अर्थ छ सुन । एस्तै ब्रह्म र माया भन्दा अविद्याले गरि दुई सरिख (छ) ।

मन माया दुनु एक है मनै माया समार ।
तिनलोक संसय पडि काको कहुँ बुझाई।।

यस्तो यो संपूर्ण वेदान्तशास्त्रको मत निचो र जिव र ब्रह्म एकै हो भन्या वेदान्तसास्त्रलाई जश्ले कसैले ह्वैन भनि निन्दा गऱ्यो भन्या ईनै वेदान्तहरूका पापले गरि अनेक योनि नर्कवास फिर्दै रहनुपर्ला भन्दा वेदै प्रमाण छ, अर्को छैन । ईति श्रीब्रह्मयज्ञासवेदान्तामृता अंवरगिरभाषा टिप्पण समाप्तम् संपूर्णम् ।

(वीर पुस्तकालयबाट)

---

१ यहाँ यो चिह्न भएका ठाउंमा संस्कृतका श्रुतिलवजहरू मूलग्रन्थमा छन्, जसलाई यहाँ दिइएको छैन ।

★यहाँ यो चिह्न भएका ठाउँमा संस्कृतका श्रुति लवजहरू मूलग्रंथमा छन्, जसलाई यहाँ दिइएको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ब) ब्रह्मयज्ञवेदान्त

(सम्वत् १८९४ को प्रतिलिपि)

ऊनै अनन्त विश्वका आत्मा शिव जो-छं-सो सम्पूर्ण चराचरमा साक्षी-भूत आत्मास्वरूप भै तिमिमा ममा भित्रवाहीर तीनै लोक सन्सारमा उनै यकै आत्मा रह्याका छं, अर्को छैनन् । भन्या यो श्रुति प्रमाणका अर्थले पनि एस्मा सेव्य र सेवक भै नमस्कार गरिन्या का हो नमस्कार गरिन्या कौन हो? एस्ता मेरा सम्पूर्ण देवताका पनि देवता भयाका आत्मंको नमस्कार छ। भन्न्या श्रुति प्रमाणको ता एस्मा मंगलाचरण छ । एस्तै गरि माया ब्रंह्म एकै छं अर्को छैनन् । सुन,प्रज्ञानमानन्दब्रह्म भन्नी ऋग्वेदका पदमा छ । अहंब्रह्मास्मीति भनी यजुर्वेदको पद बोल्छ । तत्वमसिति भन्न्या पद शामवेदमा छ । अयमात्मा ब्रम्हेति भन्न्या पद अथर्वण वेदमा छ । एस्ता चारवेदका निगम पद पदार्थले पनि ब्रंह्म र माया एकै छ दोश्रो छैन ।

वृक्षविना छाया न छाना विना वृक्ष । एस्ता वृक्ष छायाका प्रमानले पनि ब्रंह्ममाया भिन्न छैन एकै छ । अर्थात् नित्य अद्वितिय चैतन्य ब्रह्म छं । अनित्य द्वितीय (ञ) चैतन्य साया बोलाउँछैन् । तदर्थ ब्रंह्म र माया समीपै छन् भिन्न छैन (न्) भन्न्या श्रुति प्रमान पनी छ ।

× × ×

ऊनै एकै अन्तर्य्यामी ईश्वरमा समष्टि र व्यष्टि रूप होईकन जीव र ब्रह्म भन्या भेद भैरह्याको छ । जीव ईश्वर यकै छ । जस्तै आगाको पोल्न्या र आगो दुई हो क्या होईन तस्तै ब्रह्म र माया दुइ होईन एकै हो। जस्तै आकाश र शुन्य दुई हो क्या होईन तस्तै ब्रह्म र माया दुई होईन यकै हो । जस्तै मानिसको पुरुषार्थ र मानिस दुई हो क्या होईन तस्तै जीव र ईश्वर पनि दुई होईन एकै हो । जस्तै सूर्य्यको किरणी सूर्य्य दुई हो क्या होईन तस्तै ब्रह्म र माया दुई होईन एकै हो। तदर्थ आपना शिष्यलाई शिकाउँदामाद्वैत मत खण्डन गर्दामा यो माँहां वाक्यको प्रति उत्तर गर्दामा ब्रह्म सँमाई प्रति उत्तर गर्न्याप्रत्य वाथ लाग्दैन ।

एकै छ ब्रह्म व्यतिरिक्त अर्को छैन ।
मनै मोक्ष मनै वन्ध मनै देवा निरंजन ।।

देवा एकै छ । वन्ध को छ, मोक्ष को हुन्छ, यो क्या छ तव भनौला । त गंगाघोस न्याय र हटघटिकान्याय मृगतृष्णान्याय कीटभृंग न्याय लोह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चुम्बक न्याय रजवीज न्याय यस्तो यो मुन्द्रा जोत्यो भन्या मात्र परमात्मा स्वरूप होईकन जीवन्मुक्त कहाऊन्छ। अर्कालाई कहिदैन। तदर्थ ब्रह्म माया यकै छ भन्नामा श्रुति प्रमान पनि छ।

★ दोहा

मन माया दुनु यक है मनै माया समाई।
तीन लोक संसय पडि काको कहुं वुझाई॥

यस्तो यो सम्पूर्ण वेदान्तशास्त्र प्रमाण भयाका जीवब्रम्ह यकै हो भन्न्या वेदान्तलाई जश्ले तस्ले कसैले होईन भनि निन्दा गऱ्यो भन्या ईनै श्रुतिका पापले पांचायण देवताको कुदृष्टि होई अनेक योनि नर्कवास होला। भन्न्या वेदै प्रमाण छ। ईति श्रीब्रह्मयज्ञासवेदान्तेस्मृता अम्वरगीरभाषाष्टियन् समाप्तम् शुभम्। ईति सम्वत् १८९१ साल मिति भाद्र शुदि शुभम्।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

(१) गीतगोविन्द

गोपीनिहरूकामा : गोपिनीहरू कहाँ।
गोपिणि : गोपिनी।
डाहा : वेदना।
पाष : प्वाँख।
णईन : नयन।
होईयाका छौ : भएका छौ।
फुल्या कमल : फुलेका कमल।
कल्ल्याण : कल्याण।
चाहिछन् : हुनुपर्छ।
विज्युरिझयो : विजुली झैं।
क्याण : कसो हो ?
वाशुलिवाटो : बाँसुरीबाट।
वासुलिरश : बाँसुरीरस।
शुंदर : सुन्दर।
होंईकन : भएर।
होईरह्या जस्ता : भईरहे जस्ता।
होईदामा : हुँदामा।
न्हयारूपी रहे झैं।
रहियाका : रहेका।
होईयाको : भएको।
जौना : जुन।
कलंष : कलङ्क।
नह्रओस् : नरहोस्।
सक्क्यापछि : सकेपछि।
वन्ह्याका हुनाले : बढेको हुनाले।
पान्हुवा : पालुवा। पूर्व नेपालमा यो शब्द "पाउला" भएको छ।

★ यहाँ संस्कृत श्रुति हटाइयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यकछिन : एकछिन ।
अँल्हे : अहिले ।
सयामाथि : शय्यामाथि ।
झई, झयीं : झैं ।
आलिंगण : आलिङ्गन ।
जीयाउनु चाहिंछ : जियाउनु पर्छ ।
'पर्छ' को साटो अम्बरगिरले 'चाहिंछ'लाई निकै रूचाएका छन्।

विनासितिका : अनाश्यक, व्यर्थका ।
थुलो : ठुलो ।
साहसा : साहस ।
जंगन : जगा (?) ।
नहोईयाका : निहुराएका ।
भगवाण : भगवान्का ।

(२) ब्रह्मयज्ञउनिषद्

छाँया : छायाँ ।
न्यारा : बिराना, पृथक् ।
काँहाँ : कहाँ ?
चैतन्ने : चैतन्य ।
अणेक : अनेक ।
ईक्षाले : इच्छाले ।
संसये : शंका ।
सोभाव : स्वभाव ।

लोभाउ : स्वभाव ।
सक्ति : शक्ति ।
प्रक्रिति : प्रकृति ।
येस्तैं : यस्तैं ।
संजोग : संयोग ।
उत्पन्ना : उत्पन्न ।
धारना : धारण ।

(३) योगवाशिष्टसार

जगत्रूपीको : जगत्रूपी ।
ऐस्मा : यसमा ।

शून्याशून्ये : शून्याशून्य ।

(४) असमनको भाषा

णमो : नमो ।
सोरूप : स्वरूप ।
सिल : शील, वेहोरा ।
वेवस्था : व्यवस्था ।
सिषेले : शिष्यले ।
लवारि : ढाँटछल ।
हेर्नोस् शी २९ तक ।

हेर्नोस् शी २३ को "लबार" पनि ।
केन : किन ।
कस्व : कसो ।
तौन कर्मको : त्यस कर्मको ।
नासिहिन्छ : नासिन्छ ।
मनको कर्म कर्ता वृद्धि छ : मनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्म कर्ता बुद्धि हौं ।
कारनि : कारणी ।
बुधि : बुद्धि ।
मनुषे : मनुष्य ।
आनंत : अनन्त ।
मेठि : मेटि ।
सभ : सबै ।
बुझिहिन्छ : बुझिन्छ ।
थिर : स्थिर ।

(५) वेदान्त

कैल्हे : कहिल्यै ।
अवगास : अवकास ।
जाईन्या : गमल गरिने ।
मरनधर्म : मरनधर्म ।
अरथ अर्थ ।

(६) ब्रह्मयज्ञवेदान्त

ऊनै : उनै ।
यकै : एकै ।
(माया) बोलाउँछिन् : कहलाउँछिन्। तुलनीय 'बोलाईकन', 'बोला-इंछ' (शी ३७ क)
दुई हो क्या होईन : दुई हो के ? होइन।यस्तो विचित्रकोवाक्यांश
नेपाली भाषामा अन्त कम छ ।
पुर्षार्थ : पुरुषार्थ ।
प्रतिउत्तर : प्रत्युत्तर ।
गर्न्याप्रत्य : गर्ने (व्यक्ति) प्रति ।
वाथ : वात, दोष ।
यो क्या छ तव : उसोभए यो के हो ।
कहाऊन्छ : कहलाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५९

महाभारत सभापर्व

(बेनामी)

सम्वत् १८८० साउन

वैशंपायन उवाच–"हे महाराज जन्मेजय ! तहापछि मयनामा दैत्यले श्रीकृष्णका नजीकमा पार्थ अर्जुनकन वेर २ पूजा सत्कार गरिकन अंजलि बाँधिकन मधुर कोमल भयाका वचन बोल्दा भया, 'हे कौंतेय ! हे अर्जुन यो षांडववन दाह गर्न्या भयाको जाज्वल्य भयाका अग्निले दग्ध गर्नु लाग्याको मेरा शरीरकन तिमिले बचायो, रक्षा गर्न्यो। अब मैले तिम्रो क्या काम गर्नुपर्छ, सो मकन आज्ञा गर !"

"भनि मय दैत्यले विति गर्न्याको सुनि अर्जुन बोल्दा भया (अर्जुन उवाच), 'हे मयासुर ! तिमिले सर्व थोक काम गर्न्यैको छ, अब केही काम गर्नु पर्दैन। तिम्रो कल्याण हवस् । तिमि अफ्ना घर जाउ । हामिहेरुविषे सदा प्रीतियुक्त भैरह्या । हामिहेरु पनि तिमिमाथि प्रीतियुक्त भै रहौंला ।'

"एति अर्जुनका वचन सुनि फेरि मयासुरले विति गर्न्या (मयउवाच) 'हे विभो ! हे पुरुषश्रेष्ठ अर्जुन ! तिमिले आज्ञा गर्न्याको वचन् यथार्थ हो, योग्य हो । परंतु प्रीतिपूर्वक केही तिम्रो टहल गर्नाको म इछा गर्दछु । म दानवहेरुका विश्वकर्मा हुँ, महाकवि हुँ । नाना तरहको सिल्पविद्या म जांदछु। हे पाण्डव ! केही अनूठा चीज तिम्रा निमित्त बनाइ दिनाको मेरो इछा भैरहेछ । कौन् तरहको चीज वस्तु बनाई दिन्या हो, सो मकन आज्ञा गर ।'

"भनि मयासुरले विति गर्न्यापछि अर्जुन आज्ञा गर्छन् (अर्जुन उवाच) 'हे मयासुर ! आफ्ना प्राणकन संकष्टदेषि छोडायाको प्रत्युपकार गर्नाको इछा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छौं, त्यो प्रत्युपकारको इछा मलाई छैन । तसर्थ तिमिलाइ केही काम ग्रहाउन म सक्दीन। ग्रथवा कदाचित् मैले ग्रहायाको काम पुऱ्याउनु नसक्या तिम्रो प्रतिज्ञा भंग होला । त्यो पनि मलाई इछा छैन। तसर्थ श्रीकृष्णले ग्राज्ञा गऱ्यामाफीक केही चीज वनाइ देउ ।"

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

ग्रनूठा : ग्रनीठाको ।

इछा : इच्छा ।

छडायाको : छुटाएको ।

ग्राज्ञा गऱ्यामाफीक : ग्राज्ञा गरे ग्रनुसार ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६०

बहत्र सुघाको कथा

(बेनामी)

सम्वत् १८८०-९० तिरको

फेरी प्रभावती भंछे-"हे सुघा ! तिमिले मेरो इछा भंग गरी नदेउ। मलाई साह्रै कामदेवले पीडा दियो।"

भंदा सुघा भंछ-"हे प्रभावती ! तिम्रो शरीरले भार वोक्नु (न) सक्या जान्या हौं जाउ। तर पूर्ना भन्याको आमा मासोपवास गरी वस्याको थियो। एक वनिआको पुत्र भेटदा यौटि स्वास्नीको वडो सर्म पऱ्यो थ्यो। त्यस्तै होला।"

भंदा "त्यो कुरा कसो हो भन" भन्दा सुघा भन्छ-"चंद्रवती भन्याको नगरीमा भीम नाम एक वनिआ थियो। तस्को पुत्र मोहन भन्याको थियो। त्यसै देशमा वस्न्या हरिदत्त बनिआको स्त्री लक्ष्मीसित मोहन वनिआको चित्त गथेछ र धनवंत गुनवंतले पुर्ना भन्याकालाई हरिदत्त नभयाका वेलामा दूत पठाया र पूर्ना गयेर भंछ-'हे नानी ! तिमिछिउ मोहन भन्याको वनिआले विति गर्न पाठायाको छ। क्या भन्यादेषि 'मलाई जिउदान दिनु पर्छ जिउंदो मारी मऱ्याको जियाउनु क्या छ भनी नभनुन्' भनी विति गरी पठायाको छ। मैंले पनी कति कुरा गर्न्या छैन।'

"भंदा लक्ष्मी भंछे 'अघि कोही दिनमा एक तपस्वीले भिक्षा मागन आउदा 'पराईको उपकार जस्तो ठूलो धर्म केही छैन आफुले गरी पुग्न्या काजमा अर्कालाई पीडा दिया जस्तो पाप केही छैन, भनी तपस्वीले भन्याको सुन्याथ्यां। आज तैंले भनीस्। परोपकारनिमित्त मेरो जिउ मर्नु पऱ्या पनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धाम धर्म गर्न पऱ्या पनी बंधनमा पऱ्या पनी तिम्रा बचनको प्रतिपाल गर्ना-प्रति निमित्त मैले गरी पुग्न्या कुरामा म पछि सर्न्या छैन ।'

भंदा पूर्ना भन्याकीले लक्ष्मीलाई मोहन वनिजाछेउ डाकी लैगी र मोहन वनिजा घरमा रहेनछ र लक्ष्मी भंछे-'हे पूर्ना ! मलाई कामदेवले पीडा गऱ्यो । जोसुकी भया पनी यउटा लोग्न्याकन डाकी ल्याउ ।'

"भंदा पूर्नाले उसैको लोग्न्या हरिदत्तकन डाकी लैगी र'अब नास्यो! जुगुत नगरी भयन' भनी आफ्नु लोग्न्याका टुपि समातेर लक्ष्मी भंछे-'हे पापिष्ट ! मछेउ भन्या 'तँदेषि दोसरो स्वास्नीछेउ गयाको छैन' भंथ्यौ,अब कसो भयेछ । अर्को स्वास्नी षोजी आयाको हे पापिष्ट वनिजा ! तिमिलाई स्वास्नी दिन्या कुट्टिनी जही रहेछ, मैले जान्या । तिम्रो धर्म नाश भयो । मेरो धर्म छंदैछ । तिमिले पाप कर्म गऱ्यो तापनी मैले पाप गर्नु छैन । मेरो लोग्न्या दुईजना छैन तिमि एक मात्रै छौ !"

भंदा आफ्नु लोग्न्याले उत्तरा दिनु सकेन र दुई जना लोगन्या स्वास्नी आफ्ना घर घर गयो ।"

भंदा प्रभावतीकन निंद्रा भयो । इति शुकसप्ततौ द्वितीय कथा समाप्तं ।

(मदनपुरस्कार पुस्तकालयबाट)

विशेष शब्दहरू

पऱ्योथ्यो : परेथ्यो ।
लैगी : लिएर गइ ।
जोसुकी : जोसुकै ।
यउटा : एउटा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६१

महाभारत आदिपर्व

(बेनामी)

सम्वत् १८८९ जेठ

वैशंपायन भंछन्"हे जनमेजय ! एति इंद्रका आज्ञा सुनिकन पार्थनाम अर्जुनले संपूर्ण शस्त्रास्त्रविद्या मलाइ दिनुहुबस् भनि इंद्रछेउ माग्या। इंद्रले पनि अर्जुनलाइ शस्त्रास्त्र दिनकन कालान्तरमा देउँला भनि काल बताउँदा भया, 'जब भगवान् महादेव प्रशन्न हुनान् तब तिमिलाइ संपूर्ण शस्त्रविद्या देउँला। हे पांडव कुरुनन्दन ! मैले पनि त्यो कालकन बुझिरहुँला। तपस्याले भया पनि बिना तपस्याले भया पनि जब महादेव प्रसन्न भैकन तिमिलाई वर दिनान् तब मैले पनि वर देउँला। हे धनंजय ! संपूर्ण वायव्यास्त्र भया,संपूर्ण आग्नेयास्त्र भया, मेरा अस्त्र ऐंद्रास्त्र संपूर्ण तिमिले पाउन्या छौ।'

"भनि इंद्रले आज्ञा गर्दा भया। ताँहाँपछि वासुदेवले पनि सर्वदाकालसंम अर्जुनसंग मेरा प्रीति रह्योस् भनि वर माग्या। संपूर्ण देवताका अधिपति भयाका इंद्रले पनि तथास्तु भनिकन श्रीकृष्णलाइ वर दिंदा भया। एस्तो गरि कृष्ण र अर्जुन दुईलाई पनि वर दीकन देवगणले संयुक्त भयाका देवराजले अग्निसँग विदा पाइकन फेरि स्वर्गलोकमा जाँदा भया।

"ताँहाँपछि पावकनामा अग्निले पनि संपूर्ण मृग पंक्षि समेत खांडव बनलाइ दग्ध गरिकन तृप्ति भयेर दिन ६ पर्य्यंत सुस्ताईकन वस्दा भया। मासुहरू पाइकन वोसा रुधिरहरू पीकन तृप्ति भइ भइ परमप्रीतिले संयुक्त भयाका अग्निले ति श्रीकृष्ण र अर्जुन दुइकन भंनु लाग्या,'हे वीरो ! पुरुषमध्ये वीर भयाका तपाई दुइ जनाले मलाइ तृप्ति गरि दिनु भयो। म संतुष्ट भया।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपाई दुइजना पनि इच्छाचारि भैकन जाँहा इछा हुछ ताँहा पुग्न्या भ बस्नु होला। अर्थात् इछागतिवर मैले दिन्ना। मलाइ आज्ञा वक्सनु भया हुँदि म जाँदा हुँ।

"एति विति गऱ्यापछि अर्जुन र कृष्णले अग्निलाइ विदा गरि पठाउँदा भया। एस्ता प्रकारले महात्मा भयाका पावनकनामा अग्नि विदा भइँकन गयापछि अर्जुन र वासुदेव, मयनामा दैत्य तिन्जना पनि खांडववनलाइ परिक्रमा गरिकन एक मनोहर भयाको नदीतीरमा जाइकन तीनजना संयुक्त भैकन बस्दा भया। हे भरतर्षव !"

मुनि वैशंपायन ऋषिले जनमेजय राजालाइ कहंदा भया। यो कथा सूत पौराणिकले नैमिषारण्यमा संपूर्ण शौनकादि ऋषिहरुलाई कहंदा भया। इति श्री महाभारते आदिपर्वखांडवदाहे द्वात्रिंशोत्तरद्विशततमोध्याय: समाप्त:। २ : २ ।। संवत् १८८९ मिति ज्येष्ठ शुदि ५ रोज १ मा यो पुस्तक सिद्ध भयाको हो। यो भाषाको आदिपर्वको पुस्तक श्री जनरल् भीमसेन थापाको हो, शुभम्।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

हुनान् : होलान्
दिनान् : देलान्।
देउँला : दिउँला।
तपाँई : तपाई।
बुझिरहुँला : मनमा लीरहुँला, सम्झीरहुँला।
वक्सनु भयाहुँदि : बक्सनु भए।
भइँकन : भईकन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६२
रामाश्वमेध

(बेनामी)

सम्वत् १८९० अगावै

कल्याणस्वरूप भयाका पुण्यजल भयाकी सरयूमा पुगी त्यो नदीविषे वसिष्ट आदि गऱ्याका मुनिहेरुले सहित भयाका राम जो थिया सीतासमेत भै जलमा प्रवेश गर्दा भया। तस्तै सबै राजाहरू भया जनसमुदायहेरु भया रामका पाउका धूलाले पवित्र भयाका लोकले वन्दन् गरियाका जलमा प्रवेश गर्दा भया। सुन्दर जलयंत्रले गरि आपस्मा परस्पर जलकन सेचन् गर्न्या भयाका अति लाल नेत्र भयाका सर्वजनाले सुन्दर हर्षकन पाउंदा भया।

धर्मले युक्त भयाका राम जो थिया सीता समेत भै ढेरै कालसम्म जलका तरंगमा क्रीडा गरि पुण्यजल भयाको सरयू नदिदेषि निस्कदा भया। उत्तरिय वस्त्र पैह्याका,मुकुट भयो कुण्डल भयो वाजुवन्दको शोभा भयो श्रेष्ट कंकणको शोभाले भयी युक्त भयाको कोटि कामदेवको शोभाकन धार्न्या भयाको राजाहेरुका समुदायले स्तुति गरियाका राजा रामचन्द्र जो थिया शोभायमान हुँदा भया।

सरयूनदीका श्रेष्ट तीरविषे वलयले शोभित भयाका यज्ञका मौलाकन वनाया र वडो मन् भयाका ति रामले आफ्ना वाहुले उपार्जन गरियाको अरुले पाइ नसकीन्या भयाकी आश्चर्य गर्न्या भयाकी तिनै लोककी लक्ष्मीकन पाउंदा भया।

हे वात्स्यायन मुने! एस्तै प्रकारले सीताले सहित भै तिन् अश्वमेध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञकन गर्न्या भयाका ति रामले तिन लोकविषे उपमा नभयाकी वडा दुखले पनि पाइ नसकीन्या भयाकी किर्त्तिकन पाउंदा भया । हे वात्स्यायनमुने ! हे ब्राह्मण ! जो रामको वढिया कथा मलाइ प्रश्न गर्न्याथ्यौ, त्यो कथा तिमिलाइ एस्ता प्रकारले मैले वर्णन गर्न्यां । अश्वमेध यज्ञको कथा पनि भन्यां । फेरि कउन् कथा प्रश्न गर्दछउ, हे ब्राह्मण ! हरिका भक्तिले गरि रामका वढिया यज्ञकन जो सुन्दछ क्षणमा ब्रह्महत्याकन तरि शास्वत ब्रह्मकन पाउंदछ। अपुत्री पुत्रहेरुकन पाउंदछ । निर्धनि धनकन पाउंदछ । रोगि रोगदेषि मुक्त हुंछ । वांधियाको वन्धनदेषि मुक्त हुन्छ । रामको सत्कथा सुन्नाले गरि दुष्ट चण्डाल पनि परमपदकन पाउँदछ । श्रेष्ट ब्राह्मण रामको भक्ति गर्न्या परमपदकन पाउँदछ भनि क्या भन्नु पर्दछ ?

ब्रह्महत्याका समुदायकन नास गर्न्या भयाका एस् कथाकन जो मनुष्यहेरु सुन्दछन्, ति मनुष्यहेरु सर्व देवताले पनि पाउन नसकिन्या भयाका परमस्थानकन जान्छन् । हे वात्स्यायनमुने ! गोहत्या गर्न्या भयो उपकारको निकुता नचिन्ह्या कृतन्ध भयो सुरापान गर्न्या भयो गुरुकी स्त्रीको (प्र) संग गर्न्या भयो एस्तो पापि पनि यो कथा सुन्नाले गरि क्षणमा पवित्र होइजान्छ ।

भनि शेषले वात्स्यायन मुनिकन कहंदा भया ।

(वीर पुस्तकालयवाट)

विशेष शब्दहरू

श्रेष्ट : श्रेष्ठ ।

मौलाकन : स्तम्भलाई ।

गर्न्याथ्यौ : गरेथ्यौ ।

गर्दछउ : गर्दछौ ।

भक्तिले गरि : भक्तिले ।

निकुता : महत्व ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६३

सुन्दरानन्द बाँडा

[क] त्रिरत्न -सौन्दर्य - गाथा

(सम्वत् १८९० तिर)

श्री गणेशो जयति । ओं नमो रत्नत्रयाय । जौना श्री गुरुको प्रसादका ज्वालाले आत्मतत्वज्ञानरूपि हीराका तेजको समुदायले अज्ञानरूप अंधकारकन नाश गरेर भूत भविष्य वर्तमान समयको वृत्तान्त सर्वै थ्यकानमा आइरहंछ, प्रत्यक्ष गरि तत्क्षणमा देष्याको झैं सुन्याको वृत्तान्त मिल्न जांछन्, एस प्रकारका श्रीगुरुरूप सूर्यलाई नमस्कार छ ।

श्रीपदले युक्त भयाका रत्नत्रय भनि नाम भयाका मह उत्साह तेजकन अत्यंत चित्त हर्षले म स्मरण गर्छु, जौना रत्नत्रय भन्याका मह उत्साह तेजले विद्वज्जनका दरिद्ररूप अंधकारकन नाश गरेर धनी तुल्याई चित्त स्वास्थ्य गराई बुद्धिको चमत्कार वढ्छ र पुराणादि ग्रन्थको उक्ति वचन समुझछन् र प्रमाणिक माहात्म्य वर्णना गर्नामा वुद्धि फैलाउंछन् फेरि द्वात्रिंशत् ३२ लक्षणले युक्त भयाका हृष्ट-पुष्टांग अष्टदिक्पालका अंशले सधै मनोहर सुन्दरताले महा आनन्दरूप भयाका एस् प्रकारका रत्नत्रय नाम भयाका तेज आसमुद्रांत पृथ्वीमा विशेषले सर्वै दिशामा ज्योति फैलाई शै वर्षपर्य्यंतको आयुष भई जीवन्, जौना रत्नत्रय भयाका उत्साह तेज गोर्षाधिप श्री ५ पृथ्वीनारायण महाराजाका कुलरूपी समुद्रमा जन्म पाइकन अछिद्र भैकन रेखाविंदु त्रासादि कलंकले रहित भयाका छंदो वाटुला भयाका अर्थात् श्री ५ पृथ्वीनारायण महाराजाका कुलमा जन्म्याका श्री राजा रानी मंत्री जय २ भैरहुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिक्पालका अंश कहिन्छ—देवराज इन्द्रले प्रभुत्व दिंछन्, अग्निले प्रताप दिंछन्, यमराजले कोपकन दिंछं, कुवेरले वित्तकन दिंछन्, रामजीले सृष्टि गर्नु कार्यकन दिंछं, जनार्दनले स्थिति गर्नु कार्यकन दिंछन्,एस् प्रकारले दिक्पालहरूले आफ्ना अंश दिएर राजाका शरीर तुल्याउँछन् ।

नेपाल भूमंडलका ईश्वरहरू एति हुन् । कुन् कुन् भन्या—पद्मपाणि भन्याका बगमलोकेश्वर हुन्,वुगमती भन्याका अमरपुरी हुन्, आजकल मत्स्येन्द्रनाथ पनि भंछन्, शाक्यसिंह भन्याका सर्वत्र प्रसिद्ध छन्, स्वयंभू भन्याका प्रसिद्ध छन् । इनहरूले श्रीगोर्षाका पर्वतराज श्रीमहाराजा पृथ्वीनारायण साहको सन्तानकन रक्षा गरुन् ।

पूर्वकालविषे नेपालका ईश्वर श्रीपशुपति श्रीमत्स्येन्द्रनाथ श्रीकरुणामय श्रीगोरखनाथ कालिका वरप्रसादले उदित भयाका श्री ५ गोर्षेश महाराजा नरभूपाल साह जो छन् अंतःपुरविषे महारानीले सहित भै सुखशयन गरिरहँदा श्रीसूर्य विम्वकन ग्रास गर्न्या भनि श्रीरानीकन स्वप्न हुदा विउझिन् र तत्क्षणैमा श्री ५ महाराजाकन जागो गराई स्वप्नाको वृत्तांत अर्जि गर्दी भइन् ।

श्री ५ महाराजाले रानीका अदभुत स्वप्नका फल अन्तकरणले वुझि मनमा वहुत हर्षित भै तेरा सौताले मलाई कैल्हे पनि उठाउन सक्तीनथि, तैले आज मेरा निद्रा षलवल्याई दिईस् भन्या अपजसकन दि निर्दय भै शासना गर्दा भया । ताहाँ अकस्मात राजावाट शसना पाई वहुत विलाप गर्दि त्यो रातभर निदाउदी भइनन् । रात वितिगई एही स्वप्नका प्रभावले गर्भज्येष्ठ अर्का रानीका भन्दा अघिवाट सातैं महीनाका वीचमा नामतुल्य पराक्रम भयाका श्री ५ पृथ्वीनारायण साहरूपी साक्षात् चतुर्वाहु नारायणका अद्वितीय पराक्रम भयाका पुत्र पैदा हुँदा भया ।

एस्ता श्री ५ पृथ्वीनारायण साहदेव जो छन् प्रतापले उन्नत हुनाले गोर्षाका रजाईदेषिन् तृप्ति नहुँदा नेपाल अंचल गरुं भंन्या मन्सुवाले रुपैंजाकन वटोल्दा भया । ताहाँ एक १ अर्नाका सिङ्भरि रुपैंजा हुंदा वहुत,षुस् भै तेहिं रुपैंजाले भरियाका सिङ्कन तर्कस झैं वोकाई धनुर्वाण ढाल तरवार षुँडा गैंहा हतियारले सहित सिपाहीहरू लि व्याघ्रले मृगको सिकार गर्न्या झैं वहुत धनाढ्य भयाको नेपालका मल्लराजारूपी मृगहरू मार्नानिमित्त निःशंक भै गोर्षादेषिन् प्रस्थान गर्दा भया छन् । नारायण भन्याका सर्वव्यापी हुन् । तनले देषायाका सिङ्भरिका रुपैंजा अक्षयनिधान हुन् । तनलाई ज्यासुकै आत्माको वर्णन गर्न्या पनि कस्तै अपवित्र वोल्या पनि योग्य हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फल्ना आत्माको उपमा गर्दा पनि लाजीम पर्छ भन्या कुरो केही छैन । तस्-
निमित्त किंचित् धनको वर्णन भया पनि अघीका वुढाहरूले कह्याका श्री ५
पृथ्वीनारायण साहको अघि चलिआयाका चरित्रको इतिहासकन संक्षेपले
वर्णना गऱ्याको हो । सिङ्को प्रभावकन जानिसक्नु छैन ।

मृगको सिकार गर्दा झैं सयलपूर्वक शं १०० नालको सैन्य फौद ली
गोर्षा राजधानीदेषीन् कुला (न) न्द जैसोले ज्योतिधर जैसोले दियाका
मुहूर्तमा प्रस्थान गर्दा सहजैले पर्वतका प्रत्येक थुम्का फत्ये गरि त्रिशूलगङ्गा
नाघि श्रीदेवीघाटमा श्रीभैरवीको दर्शन् गरि राजोपचारपूर्वक अलि वलिले पूजा
गरी गाउँभित्रका श्रीमहामण्डपमा वस्ति गर्नुभयाका श्री ५ पृथ्वीनारायण
साहरूपी श्री वासुदेव नुवाकोटमा विराजमा हुदा भया ।

सिहका वच्चाले जन्मनि वत्तिकै दुध खानाको कांक्षा लिदैन, वडा २
हातिका वथानमा आँषा लगाउँछ, त्यो कुरो बषानै छ ।

ताहांदेषि वरीपरीका पर्वतका थुम्का नाना नाउँ भयाका गाउंकन सहजै
जितीतहिंका लोकहरूकन सिपाहीतुल्याई तनैहरूले देषाइदियाका सोझा वाटा गरी
नेपाल जीत्नकन आउंदा आउंदा विष्णुमती गंगाका तीरमा पाल टांकीकन
कीर्तिपुर गाउंकन घेऱ्या । तहा उचा जगा हुंदा उभो र उघो गरि वाणप्रहार
गर्दै अत्युग्र कटक भया, अति उचा पर्षारमाथि राषिछोड्याका ढुंगाका भषारी
षसालिदिंदा महातुमुल युद्धका अधोमुख ऊर्ध्व मुख वाणप्रहारका कटक भैकन
शूरवीर सिपाही ढेर षर्चे हुंदा भया । गाउंभित्रका लोकहरू—स्वास्नी भया,
वालक केटाकेटी भया, वुडावुढी भया इन्हरू—सवै ढुंगा हांन्या भया। सेनाले
छोड्याका तीरको र गाउंवाट हान्याका ढुंगाका सम्पर्क हुंदा आकाशवाट
आगोको पनि वृष्टि हुंदा भया । शुक्याका झारपातमा त्यो आगो पर्दा डढ्यालो
भै हजारन् वृक्षहरूकन भस्म पारिदिया । ताहापछि अगुल्टो फालिराख्याका
मसान भूमि झैं डरलाग्न्या ठाउं भया । मानिसकन पनि लागो भागो भयो ।
गाउंका लोकले पर्षारवाट ढुंगाका भषारि छोर्दा चूर्णीभूत भयाका कोही वीर
सिपाही रक्तले मुछ्याका देह भैकन विना शिरका कवंध जागेर आफ्ना वंधुवर्ग
परियार माता पिताका नाम लिंदै अति दीन भावले शोक लिंदै कारुण्य भावले
रुंदै रात्रिका समयविषे कवंध ख्याकहरु कराउंदै नाचदै मऱ्याका छन् ।

तहां रणभूमिमा श्येन भया, काग भया, मसानकाग भया, गृध्र
भया, चिल्ल भया, श्याल भया, फेरु आदि भयाका पशुजात पंछिजातहरु
शूरवीर सिपाहीका आलो मासु आलो रगत वोसो गिदी आंत्रा भुंडीसमेत
यथेष्ठ षान पाउंदा हृष्टपुष्टांग भयाका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस् प्रकारका कटक हुंदा कोहि आंटिन्या शूर वीर सिपाई अर्दली समेत भै हठले गाउंको ढोका फोहर्नु भनि गयाकालाई गाउँसमेत एकै बल ढुंगा भयाका कीर्तिपुन्याले वीचैमा ढुंगाकाप्रहारले गरि चूर्णीभूत गराया। एसै प्रकारसित दिनका दिन केवल ढुंगाका वर्षाले पीडित गर्दा श्री ५ पृथ्वीनारायण साहका सिपाईघट्दो जांदा भारत संग्राममा गंगाका पुत्र गाङ्गेय श्रीभीष्मले तीर छोर्दा युधिष्ठिरका सेना झै ढेरै सेना षर्च भैगया। ढोका फोरन सकेनन्।

ऐस् प्रकारले कटकको प्रयोगकन हेर्दा उचा जगाका वैरी नीचा जगाका आफुकन वुझदा महाखेद त्रित्तले क्षणभर सुम्केरा राषि तत्कालैमा धीरचित्त भै श्री ५ पृथ्वीनारायण साहले हुकुम गर्दा भयो–"अरे २ ! एति जति भया त अवउप्रान्त सुरुंगको विधान गरेर पर्षार फोर्नु उपाय गर्नु पन्यो। तस्मात् कोहि धनाढ्यसंग नेपाल बाँधा राखेर पनि धनकन ल्याउनु पन्यों। धन ल्यायापछि नाना तरहका हतियार वनाउन लाउंला र वैरी हटाउंला भनि निश्चय गर्दा भया।

आफ्ना सोदर श्री कीर्त्तिमोद साह श्री दलमर्द्दन साह श्री सुरप्रताप साह प्रमुख भयाका पारथ भंडारि कालो पांडे समेत मंत्रीहरूसंग सामदान विग्रह भेद आदि भयाका उपायकन गरि कीर्तिपुरका कटक देषिन् पराजय भया जस्तो पारि फर्केर त्रिशूलगंगा श्रीदेवीघाटमा स्नानादि सध्याबंधन गरेर राजोपचारका विधानले श्री भैरवीको पूजा गरि अलि वलि चढाएर पाँच वर्ष विति छेठा वर्ष लाग्याका कटकमा शुर वार महा महा वलिया सिपाइ षर्च हुंदा दीन चित्तले कृशांग भयाका श्री ५ पृथ्वीनारायण साहदेव जो-छन्-सो गाउंभित्रका श्री महामण्डपका वस्ति अंतपुरमा प्रवेश गर्दा भया।

तहांपछि श्री ५ महाराजाले निश्चय गर्न्याका प्रतिज्ञावमोजोम् नाना प्रकारका शस्त्र भन्याका आफुसग राष्न्या अस्त्र भन्याका तीर वंदुक गोला आदि छोडन्या कंचुक भन्याका आंगमा लाउन्या कवच भयो, फर्सा भयो, अति तीषा छुरिहरु भया, तरवार भया, षुंडा भया,कटारि भया,षुकुरि भया वर्छा भया, कैंची भया, रंडाहरू भया, टंक भया, घना भया, मुंग्रा भया, तिन षुटचा किलो भया,त्रिशूल भया, द्विशूल भया,एकशूल भया,चिम्टो भया, सिकी भया, नेवर भया, अर्धचन्द्रका आकारका भल्लवाण भया, कोदालो भया, खनति प्रभृति हतियारकन हजारन् जुवान सिपालु कमि आद्मीहरूकन राषि चांडै तयार गर्न लाग्या।

तहां पछि एकदिन श्री ५ महाराजा श्री महामण्डपमा कचहरीका वीचमा विराजमान हुंदा अगाडिका उकालो वाटोमाको कुह्याको गोवरदेषिन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निस्क्याका अंगुष्ठ प्रमाणका वलियो एक कृमिकन ढरै वथानका पिपीलिका कमिलाहरूले टोक्तै घिसारी वोकाइ गर्दै फेरि टोकेर घिसार्दै दांतले टोकता टोकतै एक कृमिको र ढेरै पिपीलिका वथानको परस्पर जुझ्याको कृमिकन नजर गर्नु हुदा भया । कचहरीका सर्व काज कामकन छोडी कृमिको र पिपीलिकाको युद्धयात्रा हेर्न लाग्याका थिया । ततत्क्षणैमा पिपीलिकाहरूले कृमिलाई घिसारिकन चार पांच हातको भैंइसम्म पुऱ्याएथ्यो, फेरि उल्टेर गोबरैमा पुग्यो । यस्तै ६ फेरासम्मको टोकाटोक हुंदा सात फेरामा कृमिका वल घट्तो जांदा पिपीलिकाहरूले जौना ज्वालभित्र आफ्ना षामिद पिपीलिका वस्याका छन् तसै ज्वालभित्र कृमिलाई लैग्याको सर्व दुनिआले पनि देख्या । श्री ५ महाराजाबाट त विवेकपूर्वक सर्व तरहसित नजर गर्नु भयो थ्यो ।

पिपीलिका वथानको र एक्ला कृमिको परस्पर जपत् भयाको वलावलकन नजर गर्नु हुंदा श्री ५ पृथ्वीनारायण साहवाट निजवल सिपाई प्रमुख आपंतमा संवोधन गरी चैतन्य गराई हुकुम गर्दा भया—"हे आपंत निजवलहरू हौ ! बुझ्यौ कि बुझ्यौनन् ? कृमिलाई र पिपीलिकालाई देख्छौ कि देख्तैनौ ? कृमिको र पिपीलिकाको गुण लिन्या गरा पांच वर्ष नाघि छठमा वर्ष लाग्यो। किंचित एक गाउ हटाउनामा दीनता नहौ । मेरा यशकन राषना निमित्त फेरि जाउ र कीर्तिपुरकन घेर ।

प्रथम नजीक पऱ्याका कांतीपुरका राजा अत्यंत वैरि हुनगया । वाघ पस्ला धंन्या डरले खिकि वांध्या झैं गरि पर्षाल इत्यादि वनाया । ताहादेषि मध्यस्थ ललितपत्तन मित्र हुनकन चिठीपत्र पठाया । अलिक टाढा पऱ्याका भक्तपुरका राजा उदासीन दोमन चित्त हुन लाग्या । क्यानभन्या कीर्तिपुर जत्रो छिचरो जगा एतिका दुःख पारी वनकन चूर्णभूत पारी अगुल्टो शेष राषि भस्म पारिदियो भनि तिन त्रिभुवनकन शंकाविषेको भय लाग्यो ।

श्री ५ पृथ्वीनारायण साह जो छन् सयलपूर्वक सिकार षेलना झैं दैभुङ नुवाकोट दहचोक किरान्चोक फत्ते गरिकन सिपाहि वढाउंदै नेपाल पाउ लागनु हुंदा उच्च जगा हुंदा कीर्तिपुऱ्यासंग अधोमुख ऊर्ध्व मुख अस्त्र प्रहार गरि हुंदा आकाशवाट असिना वर्साया झैं ढुंगाको राशी षसालिदिदा सातवर्षसम्म व्यतीत भया । तहांपछि सुरुंग खनि लिन्या हो भनि उद्योग गर्नै मात्र श्री ५ पृथ्वीनारायण साहरूपी सूर्यका अद्वितीय ज्वालाले दग्ध भयाका कीर्तिपुऱ्याहरू आतुर भैंगया । ताहां सुरुंग षन्नै नपर्या गरि सहजै कायल भयाका कीर्तिपुऱ्याहरूका नाक काटि आलो रगतले सहित गरि व्याघ्रभैरवमा अर्पण गरि वलि दिंदा भया । एस्ता प्रकारले श्रीनरभूपालका पुत्ररत्न श्री ५ पृथ्वीनारा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यण साह विशेष गरि एस् नेपालमंडलमा जय २ कारले प्रथम युद्धयज्ञमा विराजमान हुंदा भया ।

(धनवज्र वज्राचार्यको सौजन्यले)

विशेष शब्दहरू

जौना : जुन ।
थ्यकान । ठगान ।
स्वास्थ्य : स्वस्थ ।
समुझिछन् : सम्झिन्छन् ।
आसमुद्रांत : समुद्रको अंत नभएसम्म (ससुद्रन्तदेखि ?) ।
विशेषले : विशेष रूपले ।
शै : शय ।
जीवन् : जिऊन् ।
अर्जि : निवेदन ।
इनहरुले : यिनीहरूले ।
रजाई : राज्य ।
अंवल : (क्षेत्र, आधीन क्षेत्र), आधिपत्य ।
जागो : जागृत ।
वटोल्दा : बटुल्दा ।
अर्ना : वनभैंसी ।
तनले : तिनले ।
तनलाई : तिनलाई ।
ज्यासुकै : जेसुकै ।
फल्ना : फलाना ।
लाजिम : अनुचित ।
तसनिमित्त : त्यसनिम्ति ।
वर्णना : वर्णन ।
सयल पूर्वक : आरामसँग ।
फत्ये : विजय ।
अलि-वलि : दानदक्षिणा ।
जन्मनिवित्तिकै : जन्मनेबित्तिकै । 'जन्मनि' अझै काठमाडौंमा बोलेको सुनिन्छ ।
वषान : बखान ।
तनैहरूले : तिनिहरूले नै ।
टांकीकन : टांगेर ।
कटक : युद्ध ।
पर्षार : पर्खाल । 'पर्षार' अरूले व्यवहार गरेका छैनन् ।
भषारि : भकारी ।
ढेर : धेर ।
स्वास्नि : नारी ।
इन्हरू : यिनीहरू ।
डढ्यालो : डढेलो ।
छोर्दा : छोड्दा ।
परियार : परिवार ।
ख्याक : प्रेत ।
चिल्ला : चिल ।
फेरु : फ्याउरो ।
आंटिन्या : आँट्ने ।
षर्च : नष्ट ।
वांधा : बंधकी ।
सोदर : सहोदर ।
कीर्तिमोद साह: महोद्दामकीर्ति शाह-पृथ्वीनारायणका भाइ ।
छेठा : छैटौं ।
रंडा : रंदा (?) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेल : नेवार ।
खनति : खलांती ।
आदमी : मान्छे ।
कचहरी : बैठक ।
पिपीलिका : कमिला ।
भैंइ : भुई ।
जपत् : संघर्ष ।
वलावल : संघर्ष ।

आपंत : आफत ।
बुझ्यौनन् : बुझ्यौन, बुझेनो ।
छठमा : छैटौं ।
नहो : नहोऊ ।
खिकि : झ्याल ।
क्यानभन्या : किनभने ।
छिचरो : तुच्छ ।
कायल : भयभीत, कायर ।
फोहर्नु : फोर्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) श्री अध्यात्मरामायण बालकांड

(सम्वत् १८९६ तिर)

सत्यलोकमाहाँ ब्रह्माले वडो साभा बनाई सृष्टि गर्नानिमित्त परंब्रह्म रामचन्द्रको ध्यान गरि वस्याको वेलामा तस् साभामा नारद मुनीश्वर पुगि ब्रह्माका चरणमाहाँ दँडवत् गरेर अनेक परमतत्व नाना कथाहा नाना ज्ञान ब्रह्माले नारदकन आज्ञा गरि सुनाया र फेरि नारद ब्रह्माछेउँ विन्ति गर्दा भया।

नादर उवाच–"भो वावा ब्रह्मन् ! तपाञ्जिका कृपाले मैंले अनेक ज्ञान कथाहा सुनिसक्याँ र पनि मेरो मन तृप्ति भयेन । परमेश्वर रामचन्द्रका कुरा सुन्नकन वडो इछा भैरहेछ, तसर्थ भो वावा ब्रह्मन् ! अध्यात्मरामायणका कुरा विस्तार आज्ञा गर्नुहवस् ।" भनिकन एस् प्रकार नारदले ब्रह्माछेउँ प्रश्न गऱ्या र ब्रह्माले नारदमुनिका वचन सुनि अध्यात्मरामायणका कुरा विस्तार आज्ञा गर्न लाग्या ।

ब्रह्मवाच–"नारद ! धन्य धन्य ! तिमिले वडो कुरो प्रश्न गऱ्यौ । यो अध्यात्मरामायण कस्तो हो भन्या संसारको हितार्थ हुन्या कुरो हो। निराकार निर्विकार ब्रह्मका कुरा जस्का प्रसादले सृष्टिकर्ता ब्रह्म कहलायाका छन् एस्ता परमेश्वर श्रीरामचन्द्रको कथाहा तिमिले सुन्न इछा गऱ्यौ, तसर्थ धन्य धन्य भन्ना तिमि हौ । हे नारद ! तिमि कस्ता भन्या रामज्यूका वडो भक्ति भयाका महाज्ञानी । तसर्थ ई कुरा तिमिलाई कहनु योग्य हो । जस्लाई ज्ञान छैन, रामज्यूको भक्ति छैन, उस्लाई कुरा कहना योग्य छैन । हे नारद ! ई कुरा कस्ता भन्या भवभय हरण गर्न्या, दुःख सागरमाहाँ वस्नु नपर्न्या महापवित्र कुरा जस्तै जान्हवी गंगा तस्तै ई अध्यात्मरामायणका कुरा,जस्तै गंगामा स्नान गरि पाप हरण हुन्छ उस्तै कुरा जस्ले महापवित्र भई रामज्यूका चरणमहाँ भक्तिभाव लाईकन ई कुरा सुनोस् त उस्को सर्व पापदेषि मुक्त भै रामका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तमा लीन होला । फेरि जस्ले धन वाञ्छा गर्ला तस्लाई लक्ष्मी पूर्ण हुनिन्। पुत्र वाञ्छा गर्न्यालाई पुत्र हुनान्, मोक्ष वाञ्छा गर्न्यालाई मोक्ष होला । फेरि गोहत्या, बालहत्या, ब्रह्महत्या, कांचनहरण, वस्त्रहरण, भ्रूहत्या एस्ता आदि नाना पातक गर्न्याका पनि मुक्त होला । फेरि नाना भय, पृथ्वीभय रोगका भय, दैवका भय, जलमृत्युका भय एस्ता एस्ता भय नाश हुन्छन् । एस्ता अध्यात्म रामायणका कुरा म कैलाश पर्वत गर्या र जगदीश्वर महादेवका मुष कमलदेषि मैले सुन्याको कहन्छु, तिमि एकाग्र चित्त गरि सुन ।" भनि नारद-छिउँ भन्या । कैलासपर्वतमहाँ जगदीश्वर श्री महादेवले रामचन्द्रको ध्यान गरिवस्याका वेलामा पार्वतीले महाभक्त भै श्रीमहादेवछेउ विति गरिन् ।

पार्वत्युवाच– 'हे परमेश्वर ! हे महादेव ! हे प्रभो ! तपाञ्निका चरणमाहाँ कोटि कोटि नमस्कार छ । तपाञि कस्ता भन्या जगत् संसारका गुरु भै रह्याका । तेस्ता तपाञिकी म पियारी जति भया तपाञिछेउ केहि कथाहा विति गर्छु । हे स्वामि! नभन्नु कुरा भया पनि मलाइ कहनुहवस्। हे स्वामि! जस्तै महायोगीन्द्रहरु नकहनु कुरो पनि आफ्ना आफ्ना भक्तजनकन अज्ञानी भया पनी कहन्या नकहन्या कुरो सबै कहन्छन्, तस्तै म स्त्रीजाति छु तपनि तपाञिका भक्त छु, तसर्थ मैले विन्ति गर्ना कुरा तपाञिले आज्ञा गर्नु हवस् । हे स्वामि ! तपाञिले रातदिनै ध्यान गर्न्याका निर्विकार ब्रह्मस्वरूप रामचन्द्र-का कुरा आज्ञा गर्नुहवस् । जस्का कृपाले तपाञिले जरा मृत्युञ्जय नाम कहलाईरहनु भयाको छ, तस्तै मैले परब्रह्म रामचन्द्रका महिमाका कुरा सुनि आफ्नु आत्मालाई हितार्थ हुन्या साधिकन मृत्युकन जितुँला भनि। हे स्वामि! कसै लोकले रामचन्द्र निराकार ब्रह्म भनि मायामा लिप्त भयाका छन् भनि भन्छन् । फेरि कोहि लोकले रामचन्द्र निराकार ब्रह्म होइनन् भनि भन्छन् । फेरि क्या हो भन्या ब्रह्म भयादेषि कसो गरि मायाका वश पर्न्याथ्या ? माया का वश पर्न्यानथ्या भन्या क्यान सीताका निमित्त शोक गर्न्याथ्या ? म ईश्वर हुं भनि कसो गरि जानेनथ्या ? अर्कालै नवुझाई रामचन्द्र केहि पनि जान्दैन-थ्या, तस्कारण श्री रामचन्द्रज्यू मायाका वश्य छन् भनि भन्छन् । हे स्वामि! तस्निमित्त मेरो चित्तमा बडो संदेह तपाञिले मेटिदिनुहवस् ।" भनि एस् प्रकारले पार्वतीका वचन सुनि जगदीश्वर श्रीमहादेव आज्ञा गर्दा भया ।

श्रीमहादेव उवाच– "हे पार्वती ! धन्य २ भन्नी तिमि हौ । रामज्यू कस्ता हुन् भन्या दृष्टिका पनि अगोचर भयाको ज्ञान मात्र गम्य भयाका । एस्ता परमात्मास्वरूप रामज्यूका चरणमा कोटि २ नमस्कार मेरो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे पार्वति ! तिमि पनि नमस्कार गर । रामचन्द्र कस्ता भन्या दुष्ट संहार गर्न्या, साधुको रक्षा गर्न्या, युग २ महाँ अवतार लिन्या, सभै प्राणीका आत्मा भै पाप पुण्यका साक्षी भैरह्याका । एस्ता राम आफ्नै शरीरमा छन् भनि प्राणीहरू जान्दैनन् । जो महाज्ञानी हुन्छ उहि मात्रै जान्दछ। हे पार्वति एस्ता रामज्यूको महिमा म कहन्छु सुन । हे पार्वति ! ई परमेश्वर रामचन्द्र लंका जाई रावणादि समस्त राक्षस मारि अयोध्या फिरि जाई अयोध्यामा राज्याभिषेक लिई सीता सहित सुवर्णका सिंहासनमा आनन्दमय भै रहंदाका वेलामा हनूमान राम सीताका अघिवाट वसेर हात जोरि जप गरि वस्याथ्या । कस्ता हनूमान भन्या—महाज्ञानी, रामज्यू र सीताका वडा भक्त, जो रामले आज्ञा भयाको तयार भैरहन्या, राम सीताको मुखकमल हेरेर वस्या । हे पार्वति ! यो हनूमान क्यानिमित्त एसो गरि वस्याथ्या भन्या राज्य मागुँला भनि पनि होईन । क्या हो भन्या—ठुलो ज्ञान प्राप्ति भै मोक्ष होला भनि वस्याथ्या । हे ! पार्वति ! एस्तो गरि वस्याका हनूमानलाई देष्या र रघुनाथले पनि सीताछेउँ आज्ञा गन्या ।"

श्री रामचन्द्र उवाच—"हे सिते ! ई हनूमान तम्रो पनि मेरा पनि वडो सेवक भक्तजन छन्, तम्रो पनि मेरो पनि चित्त जान्नानिमित्त इछा गरि वसिरह्याछन्, तसर्थ तम्रो मेरो चरित्र तिमि कहिदेउ ।" भनि एस् प्रकारले रामचन्द्रले आज्ञा भयाको सुनि सीता हनूमानछेउँ आज्ञा गर्दी भइन् ।

सितोवाच—"हे हनूमान ! तिमीले वाञ्छा गन्याको कुरो कहन्छु । क्या हो भन्या—परमेश्वर भक्तका वश हुनाले तसर्थ म कहन्छु सुन । हे हनूमान ! रामज्यू कस्ता हुन् भन्या जगत्संसारका गुरु जगद्व्यापी । म कस्ती हुँ भन्या मूलप्रकृति । ब्रह्मले मलाई छोइ मैले समस्त सृष्टि गर्छु । रजोगुण, तमोगुण, सत्वगुण ई गुण मेरा शरीरदेषि बाहिर निस्क्या र रजोगुण ब्रह्मा भै सृष्टि गर्छन् सत्वगुण विष्णु भै पालना गर्छन्, तमोगुण महादेव भै संहार गर्छन् । अयोध्या नगरीमा दशरथ राजाका घरमा अवतार भया, तस् वेलामा विश्वामित्र ऋषिले रामचन्द्रलाई डाकि लैजाइ विश्वामित्रको यज्ञ विघ्न गर्न्या राक्षसकन मारि यज्ञ सिद्ध गराया । फेरि गौतमका आश्रममहाँ श्रापले अहल्या शिला भै रह्याकी तन्कन श्रापमुक्ति गराई जनक राजाका घर पुगि धनुर्भंग गरि मलाइ विवाह गरि परशुरामको अहंकार खसाइ अयोध्या नगर आई मसहित वाह्र वर्ष वसि दण्डकारण्य गमन गरि विराध राक्षसलाई रावणका आज्ञाले मारीच दैत्य सुनको मृग भै आयाको तस्कन मारि फेरि मैले आफ्ना मायाको सीता वनाई म अग्निमहा पसि मायाकी सीता रावणले चोरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लैजांदा तस्कारणले जटायु गृध्रराजले युद्ध गरि मर्न लाग्दा तस् जटायुको मुक्ति गरि ताहांपछि कवंध राक्षसको श्राप मुक्त गरि सौरिमा ज्ञानीलाई दर्शन दिई सुग्रीवसँग मित्यारी लाई किष्किन्धा नगरी जाई वालिलाई मारि किष्किन्धामा सुग्रीवलाई राज्याभिषेक दिई ताहाँ अनेक वानर सहाय गरि सीता षोजन पठाई समुद्रपार मायाकी सीता वस्याकीं जानि जानि समुद्रमाहाँ सायर वाँधि समुद्रपार भै रामलक्ष्मण वानरसहित पुष्पकविमानमा चढ्नि अयोध्या आई राज्याभिषेक लिना । इत्यादि काम मैले गरायाका हुन् एस्ता रामज्यू परब्रह्म हुन् भनि तिमि जान । ईन्को ध्यानबाहिक अर्काको ध्यान नगर ।" भनि आज्ञा गरिन्—"हे हनूमान ! रामनाम कस्तो भन्या संसारको भय नाश गर्ना निमित्त खड्ग हुन् तसर्थ रामनामको खड्ग तिमि कैल्हे नछोड । संकष्टभय जोनिभय तिमिकन कैल्हे हर्वैन, मायाले पनि तिमिकन छुन शकैन ।" भनि हनूमानछेउ सीताले आज्ञा गऱ्याका कुरा महादेव पार्वतिछेउ भन्छन् ।

श्री महादेव उवाच—"हे पार्वति ! एत्ति भयापछि लक्ष्मीस्वरूप सीताले हनूमानकन उपदेश दी हनूमान अत्यन्त हर्षमान भै राम सीताका चरणमा दंडवत् गरि सीताको आज्ञा मानि रामनाम आपना हृदयमा राषि आनन्द भैरह्या । हे पार्वति ! एस्ता रामचन्द्र मायाले छुन शक्तैनन् । जो प्राणीहरु मायाका वश रह्याका ज्ञान नभयाका, तिन्हरू मात्रै रामज्यू वनवास गया, सीतानिमित्त शोक गऱ्या भन्छन् । यो सर्व माया मात्र हो । जो ज्ञानी-जन छन् उन्हरू मात्र राम निराकार निरंजन भनि जान्दछन् । हे पार्वति ! रामचन्द्रका चरित्र कसैले पनि जान्न सक्तैनन् । अपार महिमा छ । मैले पनि रामचन्द्रको महिमा जान्न सक्याको छैन । संक्षेप मात्र तिमिलाइ कह्यां । रामचन्द्र मायाका शरीर भनि तिमिले सन्देह राष्नुपर्दैन । साक्षात् परब्रह्म हुन् । हे पार्वति ! जस्ले यो अध्यात्मरामायणको कथाहा सुन्ला, जस्ले राम सीताका चरणमाहाँ भक्ति लाई पवित्र भै सुन्ला, त्यो इहलोकमा पनि परलोक मा पनि भाग्यमानी भै अर्को जन्ममा वडा ब्राह्मणका कुलमा जन्म भै वैराग्य धारणा गरि मोक्ष पावला ।" भनि एस् प्रकारले कैलास पर्वतमा श्रीमहादेवले पार्वतीलाइ कह्याका ब्रह्मलोकमा नारद मुनिलाइ कह्याका ई कुरा नैमिषा-रण्यमा सूतले शौनकादिकन कह्या । इति श्रीअध्यात्मरामायने उमामहेश्वर: संवादे वालकांडे प्रथम: सर्ग ।

(जगदम्बा प्रकाशनबाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

सभा : ! हेर्नोस् शी. ४२ क

कथाहा : कथा ।

ब्रह्मछेउँ : ब्रह्मसित ।

वक्त : भक्ति, भक्त ।

हुनान् : होलान् ।

तपाजि : तपाई ।

म पियारी जति भया : यदि म पियारी हुँ भने ।

पन्यानथ्या : परेनथे ।

जानेनथ्या : जानेनथे । 'पन्यानथ्या' झैं यो पनि 'जान्नानथा' हुनुपर्थ्यो तर कथ्यभाषाको प्रभावले गर्दा यहाँ 'न्या' का ठाउँमा 'नै' लेखिएको छ ।

तम्रो : तिम्रो ।

तन्कन : तिनलाइं ।

सायर: पुल । संस्कृतसागर > प्राकृत सायर(समुद्र) । तर यहाँ अर्थ-परिवर्तन भएको छ ।

चन्हि : चढी ।

वाहिक : बाहेक ।

शर्कन : सकोइन ।

पावला : पाउला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६४

दशकुमारचरित

संवत् १८९३ असोजमा मंत्री त्रिविक्रमको लागि

लेखक अज्ञात

"तेस् नालिकजंघले अंजली बांधि भन्दामा 'धन् किस्मत्ले पाउँछ व्यकाम्का संन्सारी को जान्छ धर्मको ठाउँ रक्षा हो भनि भाग्यामान्हिरुले षोस्दछन् । हाँम्रा पितामाताले बढिया कर्म गऱ्याका रह्याछन् । हे मालिक-जंघ ! इ राजापुरुष कुमारको शरण लिन्या दैव छन् । साथि म भऊा । देश फिर्थ्या त पनी गुरु पुरोहितको शिक्षा ईश्वरको भजन् आफ्नै वंशले गऱ्याका धर्म अकाला पऱ्याका अनाथ प्राणिको रक्षा चर्चाको साध्य गर्न्या किस्मत् मत्रै गरिथ्यो, आज पनी उस्तै मन् हुनाले इ राजकुमारको सहाय गर्न पाऊा। तिमिले पनि दियौं । साध्य गर्न्या प्रयोग् किस्मत् पनी साध्याका छन् । आ-उप्रान्त कौनै बातको पनी सुर्ता नराष ! एस् राजकुमार, लाइ हाम्रक देशका राजा वसन्तभानुकन राजनीतिवाट गिराइ स्वै गादिमा राखौला ।' भनी प्रतिज्ञा गरी आनन्दसँग रह्यौं ।

"भोकाया तिनिहरुलाइ तांह्रीं डेरा बनाइ राष्यौं र तेसै वेलामा व्याधाहरु देषाहा पऱ्या र 'हे भाइ हो ! येउटा धनु र दुइवटा शरमात्रै देउ र दुइवोटा मृग मात्रै मारुला । शर दुइ भिन्न भिन्न भै रगत् षानन् ।" भन्दा व्याधाले हाँसिकन 'लौ' भन्दै चाँडै दियो र देषादेषैमा दुइ मृग मार्यौं । व्याधाहरु पनी बडो आश्चर्य मानी सह्राइ धनु र दुइ शर लिइरह्या । डढचा-लाका आगाले मासु पोली तिनै जनाले षाऊ र वस्यामा "हे व्याधा हो !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माहिष्मती नगरीको क्या हाल्सुरथ छ कुन्नि, बस्ताको विग्रालो त्यं कुरा गरौं ।' भन्दामा 'हामीले डंडाकको चाला र हातिका दांत् गैरह पायाका वेच्न जांदामा सुन्याको समचार भन्या यो छ । क्या हो भन्नु होला त, चन्द्रवर्माको भाइ प्रचण्डवर्माको मित्रवर्माकी भतिजि नंजुवादिनीकन विवाह गर्नानिमित्त आउँछ भनी सहरमा वडो तैयारिको उत्सव भयाको छ । यं कामको सराजामको धुम्धडाका सराजाम् देथिन्थ्यो ।' भनि व्याधाहरुले भन्या ।

"र त्यो सुनीकन 'हे नालिकजंघ ! त्यो मित्रवर्मा भन्याको वडो धूर्त्त छ । छोरिको विवाह गरी भाउज्यू विचारालाइ विश्वास पारी छोरो षोजि झिकाउन्या उपाय गर्छ। तसर्थ यो वालषलाइ लिईकन म ग्राही वस्छु,तँ रानीजोसँग जा र मेरा विस्तार सवै बालषको क्षेमकुशल् पनी भन् । अन्यात्र भन्या वालषलाइ वाघले षायो भनी यं झुठो समाचार गर्नु । र पापिष्ट मित्रवर्मा त 'म भन्दै थिन्ना तिमि अव शोक नगर ।' भनि वुझाउला। रानिले पनी'जस्का निमित्त तम्रो आज्ञा उल्लंघन गर्थ्या त्यो वालष साहु रहेछ र वाघदेषी मन्यो। क्रिया पुगी म पनी तिम्रो आज्ञामा रहन्याछु ।' भन्नु । र त्यो षुस् भैकन रानिका नजीकमा जसै जाला तसै वष्तमा यो वत्सनाभ नामा विष हाल्याको पानिमा भिजाइकन 'म पतिव्रता छु भन्या यो माला तरवार झैं काट्न्या हवस् ।' भनि तेस् दुष्टका गलामा हालि दिनु र त्यो मर्ला । फेरी त्यं माला यो इलाज्मा डुवाइकन मंजुवादिनीकन लाउन दिनु, केहि हुन्या छैन । सवै भयामा यो तमासा देषीकन भारगैरहरुले पतिव्रता रानी जानी आज्ञामा रहनन् । त्यं वष्तमा प्रचण्डवर्माथाजी'राजा नभयाको यो राज्य र मंजुवादिनी मेरो छोरीसमेत विवाह गरि लिनुहवस् ।' भन्नु र त्यं विचमा जोगीको भेक गरी हांमि दुवै भिक्षा माङ्न आउँला र श्मशानमा गै वास् गरौंला । त्यं दिनमा रानिले पनी मंत्रीहरूलाई येकान्तमा वोलाइ 'आज राति स्वप्नामा आजका चार् दिन्मा प्रचंडवर्मा भन्याछ' पाँचौं दीनमा रेवा नदीका तीरमा मेरा थांनवाट पूजा गरी सवै मानिस् निस्क्यापछि ढोका वन्द भयामा भित्रैवाट ढोका षोली येउटा ब्राह्मणकुमार तेरा छोरालाइ साथमा लिइकन निस्कन्याछ, येस् राज्यको राजा तेरो छोरो हुन्याछ, जहाँसम्म तेरो छोरो मैले मेरो वाहन् वाघ वनाइ राष्याको थियो । यो मंजुवादिनी त्यं ब्राह्मण कुमारलाई विवाह गरीदिनु । मुष्त्यार पनी त्यं हुन्याछ, भनी विन्ध्यवासिनीको यो आज्ञा भयो । यो वात गुप्तै गरीकन तिमिहरूले पनी राष्नु ।' भनी यं वायसम्म ताहाँ भयामा काम पुग्यो, राज्य मिल्यो, वैरी साध्य भयो भनि रानीसँग विति गरि निश्चय लिइकन आ ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"भनी मालिकजंघलाई भन्दा धन्य धन्य भन्दै सहाउवै गयो । विस्तार सुनाइ त्यै पाठ रानीले गर्दा मित्रवर्मा पनी त्यै वहानमा मन्यो । र त्यो जानी हामि दुवैजना पनी योगीका भेसी भै भिक्षा माङ्दै पुग्यु र हामि दुवैलाई देषी हर्षाश्रु गर्दी रानी भित्री भित्री पुस् भै रहिन् । वाहिर पनी 'आफुले देष्याको स्वप्न कस्तो हो ?' भनि आज्ञा गरीन् र 'वढिया हो, अब चाँडै फल प्राप्त होला ।' भन्यु । र यसमशानमा गै वसी त्यै रात प्रचण्डवर्माका कचहरीमा नटुभाको भेक गरी गै नाना तरहका गान टूना चटक् देषाना र सवै मोहित् भया । स्वै झिमिक्मा प्रचण्डवर्माका छातिमा छुरि धसि मार्न्या । 'हजार वर्षसम्म वसन्तभानु जिवस् ।' भनीकन कुदी पर्पाल उक्ल्यां । र तांहांवाट स्मशानमा पुगी विन्ध्यवासिनीको प्रार्थना गरी तनैका स्थानमा भित्ता षोपि दुरुस्त मूर्ति षडा गराइ भित्र वस्न्या पाठ गराइ दुवै जना भित्र पसी षोपा वरोंवर दुरुस्त गरी मूर्तिको ढोकै गरी लाग्यु र दवीईरहचू ।

"सहरमा पनी प्रचंडवर्माकन मार्न्या वसन्तभानुको आदमी हो भनी ठहराया छन् । रातमा दाहा गरी प्रात कालमा सवैर मंत्री फौज रानीका साथ विन्ध्यवासिनीका थानमा आया र पूजा गर्न्या । भित्र हेरचाह गरी सवै वाहिर निस्क्या । ढोका वन्द गरी राष्या । तांहां कचहरी गरी वस्या । हामि दुवैले पनी वषत जानी भित्तावाट निक्ली मूर्ति जस्ताको तस्तो गरी राषी ढोका षोलीं कचहरीमा सरासर गग्यु । र 'हे प्राणनाथ !' भनी छोरालाइ अंकमाल गरी विन्ध्यवासिनीपट्टि हेर्दै छाति ठोक्दै रानीले यो विलाप् गर्दामा भारा पाँचले पनी स्वप्ना साँचै जानी आश्चर्य मानी हर्षाश्रु सवैले गरी कन जोरी रानिका पाउमा परी वुझाँउन लाग्दा यो वात् म भन्न लाग्यां—'हे महारानी ! हे पंच हो ! यो वालष वडा आपत्तिमा पर्न्याको थियो, र मेरै वाहन् वाघको रूप गराइ मैले साथमा राषि दिशाको थियो, यो मेरै धर्मपुत्र हो, राजा मान्नु । येस्ले वडो कल्याण सवैको गर्न्या छ, म पनी सहायै छु । पुग्याइ दे भनि आज्ञाभै पुग्याउन आँजा यो मंजुवादिनी तँलाइ विवाह गरि-दिन्याछन् यो आज्ञा छ, पंच जांन ।'

"भन्दा सवै लोक पाँचले पुस् भै 'विन्ध्यवासिनी परमेश्वरीले वक्स्या का राजा ब्राह्मणकुमारकन समेत पाल्नु हामि सवै बडा भाग्यवानी रैंह्यांछौं ।' भन्दै पुस् भया । रानि बडाका छँदा मुसाइत हेरी मजुवादिनीको र मेरो विवाह गरी दिंदि भइन् । मंत्रीहरु पनी विन्ध्यवासिनीको अंशै हो भनी वडो मानिता गरी रह्या । राजपुत्र ता साक्षाद् देवीपुत्र जानी मानीरह्या ।

"त्यै देवीपुत्रकन व्रतवन्धादि कर्म गराई नीतिशास्त्र पढाइ आचार्यकेतु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम गऱ्याका मंत्रीकन साथ लिइ राज्नीति चलाइ विदर्भ नाना देश सहर्जले लिजा र तांही अनन्त वर्माका गादिमा भास्कर वर्मालाइ वसाजा र हजुरको दर्शन् पाउन्या साइत् आइग्दा हजूरका प्रेममित्रको सहाय पनी भै रह्याका विछमा चरणारविन्दको दर्शन् पाइ आज्ञा वजाई आपनु वृतान्त पनी विती गरी सक्यां । मेरा साष्टांग प्रणाम् सेवा छ ।"

भनी राजवाहनका पाउमा विश्रुत् पत्नी कथाहा सकी प्रणाम गर्दो भयो । भनी शीवले पार्वतीलाइ आज्ञा गऱ्याको दंडीले आपना शिष्य गैह्लाइ सुनायाको दशकुमारका पूर्व पिठकामाका दशकथाहा सम्पूर्ण भन्न्या दशौं वार्ता भन्नु यो दशमको भाव अठौं उछ्वास संपूर्ण भयो ।

यै पाठ् आठ कुग्या दशताहां नौवौं कथाहा भनी ।
तेश्रोच्छ्वास त सोमदत्ततनको वेस् पूर्वपिठ्मा भनी ।।
चौथोच्छ्वास छ पूर्वपीठ विचमा सुन्दर्कथाहा पनी ।
पुष्पोद्भव् गति दश् कुमारहरुका त्ये दश् कथाहा बनी।।

इति श्रीदशकुमार कथा भासायां विश्रुत चरितन्नाम आर्यावर्तीय गोरक्षा वली भासा अष्टमोछ्वासः संपूर्णम् । श्रीशाके १७५८ साल् १८९३ मासे ८ तिथौ वालाचतुर्दशी मंत्रीपाठार्थम् शुभम् ।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

अकाला पऱ्याका : दुर्दिनमा परेका ।
स्वै : सोही ।
देषाहा पऱ्या : देखा परे ।
सह्राइ : प्रशंसा गरी ।
डढ्यालाका : डढेलाका ।
षाजु : खायौं ।
हाल् सुरथ : हालखबर ।
डँडाक : डढाक, पशुविशेष ।
अन्यात्र : अन्यत्र ।
इलाज् : औषधी ।
भारगैरह : जागिरेहरू ।
थाजो : सित ।
माङ्गन : माँग्न ।
पुग्युं : पुग्यौं ।
झिमिक्मा : क्षणमा,पलामा,पलकमा।
भारापांच : जागिरे एवं पंचभलाद्मी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६५

राजेन्द्रविक्रम शाह

रणवीरसिंह थापालाई रुक्का

सम्वत् १८९४ वैशाख

स्वस्ति श्रीमन्मवहाराजाधिराजकस्य रुक्का । आगे छोटा जनरल रणवीरसिंह थापाप्रति ।

पालपातरफ अपराध गर्न्या अपराधीहरूको कुरा कप्तान सेरविक्रमसिंह थापाले·····का चिठि र कायेलनामाका नक्कलले हाम्राहजूर जाहेर भयो । साल ९१ का जेष्ट महिनामा उपाध्यानी विधवा सावित्रा वाहुनी बिराउं गर्न्या रिसि वस्न्या लालवर्ण थावा मगर मरेछ। तेसका भाइ छोराको अंस पर सारि तेसको अंस सर्वश्व लिनु । येसै मगरसंग विराउं गरि जातक जन्माई मार्न्या सावित्रा विधवा वाहुनीलाई मुषमा कालो घसि षलांगा घुमाई पतीत गरि पानीबाहीक गरि देसनिकाला गरिदिनु ।

साल ९३ का आषाड महीनामा उपाध्यानी विधवा ललिता वाहुनीसँग विराउ गर्न्या रामपुर वस्न्या वुध्या कमारो मरेछ । येस कमाराको र येही वाहुनीको करणी भयाको कुरा चतुन्या कमरावाट सुनी निश्चय ठहराई कहुंला भनी १ महिनापछि कहन्या जयंता वाहुनीलाइ नीति गरी प्रायश्चित गराइ दिनु । कमाराको र वाहुनीको करणीको कुरा वुध्या कमारावाट सुनी दवाउन्या वंस्या कमारालाई मासी दिनु ।

साल ९१ का मंसीर महिनामा आफनी झट्क्याली पवित्रा मगर्निसित करणी गरि गर्भ रह्याको जातक वोषती षुवाइ जातक मारन्या तघत गाउँ वस्न्या नागर थापा मगर मरेछ । तेसका भाइ छोराको अंस पर सारि तेसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अंस सर्वस्व लिनु । येसैसँग विराउं गरी जातक मान्यां पवित्रा मगरनिलाई नाक काटि पानी वाहीक गरि दिनु ।

साल ९३ का भदौ महिनामा आफ्नी वाहुनीलाई अर्कासितको करणीको कुरा थाहा नपाई संकामा षुकुरि हसीयाले काटन्या प्रतीमनपाध्या पीडयाललाई, ब्राह्मणी वाँचीछन्, भारी डंड गरि प्रायश्चित गराई दिनु ।

साल ९२ का जेठ महिनामा पेलषा चौर वस्न्या आफनु मामा चलमल्या दमाइसंग वसि सोहि गाउंकी कौसिलि सर्क्यानीकी आमा र कौसिलि सर्क्यानि वर्ष ५।६ की समेत्लाई भगाई लैगी पहिले आमा चाहिको करणी लि उ मन्यापछि सार्कि लौगन्यापट्टितीर जन्म्याकी दमायीका हातको भातपानी षायाकी झट्क्याली कौसिलि सर्क्यानीसंग विराउं गर्न्या विकौट वस्न्या रज्या दमाजीलाई र एसैसंग विराउं गर्न्या सर्क्यानी इ दुइलाई दंड गर्नू ।

षेत हिल्याउंदामा गोरु हिडेन भनी गोरुको मुष हिलामा गाडदा गोरु मन्यावापत् आपचौर वस्न्या कमलापती कडचाल विफरले मरेछ । येस कमला पतिको निमित्त तीर्थसमेत भारी प्रायश्चित्त गराई किरिया गराउनु ।

साल ९३ का आश्विन महिनामा गुल्मीको राङवास वस्न्या टेकन्या सार्किसँग विराउं गर्न्या सोहि गाउंकि ढाटी मगनीका कुरालाई सार्की भागेछ, तेसले भातपानीमा वोन्या नवोन्याको कसो रहेछ, लेषी विति गरि पठाउनु ।

साल ९३ का भदौ महीनामा जुहाङ वस्न्या सधवा जैस्यानी वाहुनीको करणी लिन्या जुहाङ वस्न्या अत्या थापा मगर विफरले मरेछ । तेसका भाई छोराको अंस पर सारि तेसको अस सर्वस्व लिनु ।

चकु ईपन्याकी कम्यानी पट्टितिर जन्म्याकी येसको वावु विस्ताम्या कामीले रंवास वस्न्या कामीलाई दि विहा गरि दियाको विहाइतो लोगन्या छोडि रामनगरका कुम्हालसंग करणी गरि दियाकी कुम्हाल लोगन्या तुल्याई भिडावरि गाउमा आइ पच्या नेवारका घरभित्र वास वसि १०।११ जना दरै कुमालमगरलाई जाँड वाँडि षुवाउन्या इयापि कम्यानिलाई मासी दिनु । भोरमा पर्न्यालाई प्रायश्चित गराई दिनु । जाँनीजानी षान्यालाई पानीवाट काढि थोरो सकस गरि रापनु ।

साल ९२ का आश्विन महिनामा पिङ षेलन जाँदा काली सर्क्यानीलाई दुदमा समाती पिङ मच्चायाको र ३ ठाउमा येकांत गरि मधेस भांगौं भंन्यासंमका कुरामा मगर कायेल छ । करणी भयाको छ भंन्या वादी कोइ छैन । येस्तामा न्या दिन्या हो की भंन्या कुरालाई त्यो मंगल्या मगरका भताहा भाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झिकि वाकको कचहरि गरि सोढा न्यावाट जित्यो भन्या भात षांछौं भंछन्कन षांदौन भंछन्, सो कुरा विति गरि पठाउनु ।

साल ९२ का कार्तीक महिनामा आधा धानको दाँइँ हालदा हातमा हसीया ली पराल छुट्याउ भनी हसियाले परालमा हाँदा भोरमा गोरुका पुछकों थुगो काटी छीन्यावापत रूघ्रा गाउ वस्न्या माधौ षत्रिलाई भारि प्रायस्चित गराई दिनु । आफना गोठका गाई चह्राउन जाँदाँ करणी गरू भनी गाईका सुतमा लिंग जोर्न्या षसेउलि वस्न्या मुक्तिराम पाध्या विफरले मरेछ । प्रायश्चित गराई मुकतिराम पाध्याको किरिया गराई दिनु । कामी चमारका हातको रक्सी घ्यु तेल षान्या दगौन्या थारुहरु र षुवाउन्या कामी चमार थारुसित भातमा मिलि कामीका-हातको रक्सी षाई षजहनीमा वस्न्या अरु षसलाई पानीमा वोर्न्या कासीराम षतृलाई कसो हुन्या हों भन्या कुरालाई अवउप्रांत कामी चमारका हातको रक्सी घिउ तेल नषानु जसले षाला उसलाई सासना होला भनि उर्दि दिनु । आजसम्मका कुरालाई र मधेसमो मध्येस्या वस्न्या दगौन्या पुर्विया कठौरिया थारुहरुका जस्तो चली आयाको छ, सोहि वमोजीम् चलाई दिनु । थारुसित भातमा मिली कामीका हातको रक्सी षाई षजहनीमा वस्न्या अरु षसलाई पानीमा वोर्न्या कासीराम षतृलाई भारि डंड गर्नु । भोरमा पानीमा पर्न्यालाई प्रायचित्त गराइ दिनु ।

दुरुङचुङ वस्न्या सुभान्या कमाराले कास्कीकों विजैपुर गुरुङ गाउँमा म षतृ हुँ भनी ढाटि फकाई दुर्गा भन्यानी गुरुस्यानीको करणी लियाको हो भंन्या कुरा येक कायलनामाका नक्कलमा रहेछ । दोस्रा कायेलनामाका नक्कलमा त्यो गुरुङस्यानीलाई षतृ हुँ भनी ढाटि फकायाको कुरा पानी छैन । विराउं गन्याको कुरा र गुरुङहरुले १६ रुपैया ली छाड्याको कुरा रहेछ । इ दुई कायेलनामाका नक्कलमा कुन साँचो कुन् झुठो जस्ताको तस्तो गरि लेषी विति गरि पठाउनु ।

इस्मा वस्न्या श्रीकृष्ण पाध्या पौडचालले उपाध्या षाँडेकी विधवा जयकला ब्राह्मणीलाई स्वास्नी तुल्याई यसैपट्टितिर भगवंत भन्याको छोरो ४वर्षको पवित्रा भन्याकी छोरी वर्ष डेढकी भयाकी रहिछ । येसै वेलामा गुलमीका राजा सिद्धिप्रताप षस्ता ईनै श्रीकृष्ण पाध्याले काटो षायाछार षायाका २ वर्षपछि आफु मन्याछन् । इ दुइ पादाज्यू वैन्ही पानीको प्रायश्चित पाउन्या हुं भंछन् भंन्या कुरालाई येति वर्षसम्म क्या उसले रहन गयाको रहेछ, भताहा भाई क्या भंछन्; सो कुरा विति गरि पठाउनु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साल ९२ का श्रावण महिनामा जग्यवल्लभ पाध्याकी विवाहिता सधवा ललिता वाहुनीसंग विराउँ गर्न्या षसेउली वस्न्या देउमानी पाध्यालाई भाई छोराहरुको अंस पर सारी सर्वस्व ली मुडि देस निकाला गरिदिनु ।

चिङ षोलाका षेतमा पाक्न लाग्याको धान वंदेलले षान लागेछ र सिकार षेलन जांदा गौंडो वथानी वस्याको वेलामा गौंडादेषी माथिवाट वुटो हल्लदा वंदेल नदेषी इसार्रमा पर्सुराम थापाले विषालु काढले हांदा भोंरमा गोरु मऱ्यावापत पर्सुराम थापालाई तीर्थसमेत भारी प्रायश्चित गराई दिनु । जस्को गोरु मऱ्यो उसलाई मार्न्यावाट मोल दिलाई दिनु । मोल लिन्न भन्यो भंन्या लिन्न भंन्या राजीनामा लेषाइ लिनु ।

साल ९३ का भदौ महिनामा आफुले जांनि जानि रक्सी षाई अरु जातभाईलाई षाजा मासु षुवान्या वगलुंचौर वस्न्या सुरवीर षतृ मरेछ; तेसलाई भाइ छोराको अस पर सारि तेस्को अस सर्वस्व लिनु । सोरमा षाजा मासु षान्याहरुलाई प्रायश्चित गराई दिनु ।

साल ९३ का माघ महिनामा ढाडचाछुत्ति षेलदामा दलजित्या कामी केटालाई लोटाई घोपटो पारी तेसैको मलद्वारमा करणी गर्न्या साङमु वस्न्या महावीर थापा मगरलाई भारी दंड गरि तीर्थसमेत भारी समृती गराई दिनु । साल ९३ का चैत महिनामा आफ्नी सहोदर वैन्हि धनेस्वरासंग जवर्दस्तिसंग विराउं गर्न्या तुलाराम थापा मगरलाई भाई छोराको अंस पर सारि सर्वस्व ली झुंडाइ मारी दिनु । धनेश्वरा मगर्निलाई हाल पानीदेषी पर सारि राषनु।

साल ९३ का फागुन महिनामा रामचन्द्र सुवेडिकी सथवा वसंधरा वाहुनीसंग विराउं गर्न्या मकरंद जैसिलाई भाई छोराको अंस पर सारि सर्वस्व लि मुडि धपाई दिनु । महेश्वरि मगर्नीसंग विराउं गर्न्या दुर्या कामी भागेछ, तेसका भाई छोराको अस पर सारि तेसको अंस सर्वस्व लिनु । तेस कामीलाई षोजनु । यसै कामीसंग विराउं गर्न्या महेश्वरि मगर्निलाई नाक काटि धपाई दिनु ।

साल ९३ का फागुन महिनामा वुटवल तप्पा माझषंडको जोगडा गाउँको स्यु महतोका घरको भित्तो फोरि कसडि भदालो षुपिया धोतीहरु चोर्न्या दोर्दाहा गाउं वस्न्या वलेवा हिर्दैवासी इ दुइलाई अवदेषी चोरी गऱ्या जिउ जाला भनी हपकाई पायसम चोऱ्याको माल झीकि कोडावाजि गरि छाडी दिनु ।

झेलषानामा मर्न्या ति वाहुनहरु वंधनैमा मऱ्याकी वंधनदेषी छुटी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्या, सौ कुरा विति गरि पठाउनु ।

इति सम्वत् १८९४ साल मिति वैसाष शुदि १४ रो ६ शुभम् ।

(जनकलाल शर्माका सौजन्यले)

विशेष शब्दहरू

पालपा तरफ : पाल्पातर्फ ।

चिठी : चिठी ।

विराउँ : अपराध, विराम ।

रिसि : रिसिङ ।

जातक : शिशु ।

षलंगा : सर्कारी अड्डा अदालतले घेरेको क्षेत्र ।

पानीवाहीक : पानीदेखि हटक ।

देसनिकाला : देशदेखि निष्कासित ।

करणी : रतिक्रिडा ।

झट्क्याली: आपनी ल्याइते स्वास्नी-को पहिलो लोग्नेतिरकी छोरी ।

वोषती : ओषती ।

षुकुरि : खुकुरी ।

लैंगी : लगी ।

दमायी : दमाई ।

विफर (< विस्फोट) : बीफर ।

दमाञी : दमाई ।

सर्क्यानी : सर्किनी ।

कम्यानी : कमिनी ।

थोरो : थोरै । हेर्नोस् 'थोरो पादर' शी० ३५ फ ।

कोइ : कोही ।

न्या : न्याय ।

दाँइँ : दाइँ ।

भोरमा : भुलचुकमा, हेर्नोस् 'क्याहा तिमि भोर पन्यौ' शी. ४१ ।

माधौ : माधव । हेर्नोस् "राधौ" (राघव) पृष्ठ ११८ ।

सुत : पशुको जननेन्द्रिय ।

मुकतिराम : मुक्तिराम ।

षस: खस । राजेन्द्रको समयमा आएर खत्रीहरूलाई मात्रै खस भन्ने चलन चली सकेको थियो ।

दगौन्या) थारू जातिका
पुविया) थरहरू
कठौरिया)

विजैपुर : विजयपुर ।

भन्यानी : भन्याकी (?) ।

झुठो : झुट्टो ।

पाध्या, उपाध्या : उपाध्याय ।

काट्टो : मृतकको सुद्धाईमा दिइने दान।

वैन्ही : बहिनी ।

भताहा : जातभात मिल्ने व्यक्ति ।

जग्यवल्लभ : यज्ञवल्लभ ।

देउमनी : देवमणि ।

गौंडो वथानी: गौंडामा बथान लागेर।

ढाङ्याछुत्ति : ढाडमा हिर्काएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुत्याउने खेल, तुलनीय 'घोक्रे छुत्ती' ।
स्यु महतो : शिव महतो ।
कसडि : कसौंडी ।
भदालो : तसलाविशेष (?)
षुपिया : ताम्बे । तुलनीय 'खोपे' ।
हिर्दैवासी : हृदयवासी ।
कौडावाजि : कौरलि हिर्काउने काम।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६६

रूद्राक्षमाहात्म्य

नीलकवि (सम्वत् १८९४)

श्री गणेशाय नमः । महादेव पार्वतीलाई सुनाऊंछन्—"अब उप्रांत व्यक्त गरि रूद्राक्षका माहात्म्य वर्णन गर्दछुँ । मोक्षकामना रूद्राक्षले; कल्याण साधनु पनि रूद्राक्षले हुंछ । रूद्राक्षले दुःखकन नाश गर्छन् । रुद्राक्षले पापकन नाश गर्छन् ।" सर्व पापकन नाश गर्न्या रुद्राक्षै हुन् । कस्को भन्या रुद्राक्ष माहात्म्य पन्हन्या सुन्याहरूको ।

भक्ति राषि वा नराषि नीच जाति होस् वा अत्यंन्त नीच जाति रुद्राक्ष जस्ले धारणा गर्ला, सर्व पापदेषिन् मुक्त हुन्याछन् । रुद्राक्षधारण जस्तो अरू क्या वरोवर होला ? तत्वज्ञानले देषन्या मुनीश्वरहरूले भनि गयाका छन्— महाव्रत भन्याका रूद्राक्षधारनै हुन् ।

हजार रुद्राक्ष जस्ले धारणा गर्ला तस्लाई सर्व देवताहरूले महादेवकन नमस्कार गर्न्या छन् ।

रुद्राक्षधारिकन कोहि थोर काम गन्या पनि वैदिक वा यो ब्राह्मण गर्छन् सो कर्म्म सफ्न्यो भंनु । रुद्राक्षय हिख्याभ ई यत्किंचिद् वैदिक कर्म्म यो ब्राह्मण गरोस् । एति भनि गन्याको कर्म्म सफल होला ।

मांसाहारी होस् मद्य पान गर्न्या होस् कुजातसँग मिसिन्या होस् तैपनि जस्को शिरमा रुद्राक्ष धारणा गन्याको होस् त सद्य पवित्र भयाको आत्मा होस् ।

वेदले देवताहरू पोस्या वैदिकहरू पशु हुन् । सो कौलमार्गमा परन्या तस्का रक्षा गर्न्या आफै शिव हुन् । तस्का रक्षा गर्न्या पृथ्वीविषे रुद्राक्षदेषिन् अरू छैनन्। रुद्राक्ष भन्याका सर्व देवताका मंत्रसिद्धि दिन्या हुन्। रुद्राक्ष घिच्चा-मा भई कुकुर मरोस् त पनि महादेव वरोवर होस् माँछको क्या कथा छ ?

(वीर पुस्तकालयबाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

गदंछु : गदंछु ।

पह्न्या : पढ्ने ।

सफ्र्यो : सप्रियो । < संस्कृत

सफलित : ।

यो ब्राह्मण गरोस् : जो ब्राह्मणले

यो ब्राह्मण गछंन् : जसलाई ब्राह्मणले गर्छन् । यो : जो । गर्ला ।

एति भनि : यदि भने ।

मांछ : मानिस ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६७

सुरेन्द्रको पाठ्यपुस्तक

(सम्वत् १८९४ तिर)

श्रीगणेशो जयति । इङ्गलिस्तानका वादसाहका वंदोवस्तको विस्तार । पहिले वादसाह हुँदा वादसाही तष्तमा वस्नाकन इशामार्गका आइन् वमोजीम पारलमेन्ट कौसल्का साहबान्हरूका सल्लाहमामाफीक "रैयत् प्रजा गैह्रमाथी निसाफ गरौंला । आईन् वमोजीम चलुला ।" भनि अर्चविशप् र विशप भन्याका ईशा मार्गका अष्त्यार औ पारलमेंटका कचहरीका सर्व भलामानीसका वीचमा कवुल गरी इश्वरका नाउँको किताव् हातमा लि "जस्तो अघिदेषि भै आयाको छ तस्तै निशाफ गरूला । रैयत् प्रजालाई दुःख दिन्या छैन। वेनि साफ कदाचित् पनि गर्न्या छैन । कसम् षाना । हे ईश्वर ! ममाथी तम्रो अनुग्रह सधै 'रहोस्' भनि किताव्लाई चुंवन गरि वंद गन्यापछि तेलले अभिसेककन गर्दछन् । एत्तिकुरो सर्वथोक् गिर्जामा हुन्छ ।

तहाँपछि तष्तमा वसि वादसाहत् चलाऊंछन्। तिनैलाई किङ भन्छन्। किङ भन्याको वादसाह भन्याको हो । ति वादसाह आफ्ना मुलुकका ऊपर एकलै हुकुम् चलाऊछन् । आईन्का दस्तुरले बादसाह कहिले पनि मर्दैनन् । किनभन्या मुलुकको दस्तुर अघीकै वमोजिम रहन जान्छ । घटीवढी हुन सक्तैन। अघिल्ला वादसाह मनिवित्तिकै आयर वमोजीम्जीम उनैका संतानमा जस्ले तष्तमा वस्नु पर्न्या हो उनैलाई वादसाही तष्तमा वसाल्दछन् । एसै निमित्त वादसाह कहिले पनि मर्दैनन् भन्याको हो। एति लेषियाका सर्व दस्तुरको चलन् आजतक् छैंदैछ ।

वादसाहका संतानमा कोहि वादसाह हुन्या नठहरी तष्त षाली हुन लाग्यो भन्या पारलमेंटका दुवै कौसल्का सल्लाहका अष्त्यारमा मुलुक् रैयत् रहन्छ । तस्निमित्त तिनहरूका तज्वीजमा जो ठहर्छ ऊसैलाई ठहराई बादसाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुल्याई तख्तमा बसाऊछन् । पारलमेंटका कचहरीवालाले तक्सीर गऱ्यौ भन्या वादसाहले वदली गर्न सक्तछन् ।

वादसाहको वेगं आपनु मार्गमाकी छोरि कसैकी व्याहा गरी ल्यायाकी वादसाह ज्यूँदा रहंज्याल् कुईनकान्सर्ट भन्छन् वादसाह पस्यापछि ईनै वेगंको नाम कुईन डोजवर भन्छन् । वादसाहलाई छोरा भयेनन् छोरिमात्रै जन्मीन् भन्या जेठी छोरीलाई कुईन रिजन्ट भन्छन् । ई सवै तौरले वादसाही तख्तकी मालिक् हुन सक्तछिन् । ईन्माथी र वादसाहमाथी दगा गर्न्याको कसूर वरोवर हुन्छ । वादसाहका जेठा छोरालाई प्रेन्स अफ्वेल्स भन्छन्। यो ज्युंज्याल-सम्म अरु छोराराज्यका मालिक् हुन सक्तैनन् । वादसाहका अरु छोरालाई रायल डयूक् भन्छन् ।

डयूक १, म्यार्कुवीस् १, एरल्, १ विकौनट् १, वरेन् १, एति ५ वादसाही पेताव हुन् । ई पेताव् वादसाहका हजूरबाट दुनिआदार अँगरेजहरु-लाई वक्सीस हुन्छ । जस्लाई यो पिताव् वक्स्याको छ, ऊस्का संतान दरसं-तानसम्म जेठाहिलाई रहंछ जेठो मऱ्यापछि उसको औलादमा जो वडो हुन्छ तेसैलाई यो पेताप रहंछ । जेठाको संतान रहंज्याल्सम्म अरू भाईहरूलाई हुन सक्तैन । जेठाको संतान रहेन, तेस्का भाईहरूको पनि संतान रहेन भन्या तेस्का काकाका छोरालाई हुन सक्छ । किनभन्या यो पेताव् पान्दान्देषि भै आयाको हुनाले माकूफ हुँदैन । तर कौनै वषत्मा ई ५ दर्जाका कसैले ठूलो कसूर औ वादसाहसितको विरोध गर्नु र वादसाहका वैरीसित मिल्नु गऱ्यो भन्या उस्का औलादका यो नाम रहदैन ।

वादसाह षुसी भैकन इनै पेतावले गरि दर्जा बढाउंछन् । पहिले सव-भंदा तल्लो दर्जा वीरन् हो । तेहि मिल्दछ । तेस्पछि विकौन्ट, तांहादेषि एरल्, तेस्पछि म्यार्कुवीस्, तांहादेषी वढीकन डयूक पेताव पाऊंछ ।

यो सवै पेतावका मानको दर्जा घटीवढी छ, तर ई पारलमेंटका पहिला कोसल्का लार्डहरूसँग सवैजना वरोवर गरि वस्न पाऊँछन् । आपुस्-मा दर्जा पनि मिल्दछ । तस्निमित्त ई सवैलाई पियर्स भन्छन् । पियर्स भन्याको अर्थ वरावर वस्न पाऊन्या भन्याको हो । इन्हरु सवैगरि चारसय जति मानिस् हुन्छन् ई सवै लारड कहलाऊँछन् ।

अर्चविशप १, विशप् १ इ २ पेताव् पात्साही हुन् । ईशाको मार्ग वेस्गरि जांन्या वहुर्त चोषिनीति गर्न्यालाई मिल्छ । पारलमेंटका औवल् कौसल्मा ईन्हरू र डयूक वर्गहरू वस्दछन् । ईन्हरूलाई पनि पियर लारड् भन्छन् । ईशाका मार्ग जांन्यामा कोहि गृहस्थी कोही संतान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नहुन्या हुन्छन् । तेसैनिमित्त उनैका संतान्लाई मात्र ई दुई षेताव दिनु भन्या दस्तुर छैन ।

अर्चविशप् भन्यापछि साना दर्जाका विशप्लाई वादसाहका हजूरवाट अर्चविशप् भन्याको ठुंलो षेषाव् दिना लायक हुंछ । विशप्का दर्जामा विशप् देषी तलको ईशा मार्ग जांन्या डीकन १, अर्च–डीकन् १, रिक्टर १, क्यूरिट् १ ईनै ४ जनामा एकजना हुन्छ ।

अर्चविशप् भन्याको राजगुरु जस्तो भन्याको हो । इङ्गलिस्तानका तमाम मुलुकमा ईशामार्गका शास्त्र चलाउन्या इनै अर्चविशप् र विशप्को अष्त्यार छ ।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

इङ्गलिस्तान : बेलायत ।

ईसामार्ग : क्रिस्चियन धर्म ।

आइन् : नियम, ऐन ।

पारल्मेन्ट(≻ *parliament*) : संसद ।

कौंसल (*Council*) : सदन ।

अर्चविशप् (≻ *Archbishop*) : बेलाइतको सर्वोच्च धर्माधिकारी।

विशप् (≻ *Bishop*) : सर्वोच्च धर्माधिकारीभन्दा एक तह मुनिको दर्जा ।

गिर्जा : क्रिस्चियन मंदिर ।

किङ्ग (*King*) : राजा ।

दस्तुर : नियम ।

किनभन्या : किनभने । पुरानु'क्यान' अब बोलचालमा 'किन' भैसकेछ भन्ने यस शब्दले थाहा दिन्छ ।

मनिवित्तिकै : मनेबित्तिकै ।

आयन् : ऐन ।

तक्सीर : अपराध। हेर्नोस् पृष्ठ ३३४ 'तकसिर' ।

व्याहा : विहे ।

कुईन्कान्सर्ट (*Queen consort*) : राजाकी दुलही ।

कुईन डौवजर(≻ *Queen dowager* : राजाकी विधवा दुलही।

कुईनरिजन्ट (≻ *Queen regnant*) राज्यको हकवाली मैयाँ, अथवा राज्यकी शासिका रानी।

प्रेन्स अफ् वैल्स (≻ *prince of Wales*) बेलाइतका युवराजाधिराज ।

ज्युंज्याल : बांचुन्जेल ।

रायल ड्यूक(≻ *Royal Duke*) : बेलाइतका अधिराजकुमारहरू।

ड्यूक (*Duke*) : बेलाइतको सर्वोच्च भारदारी दर्जा ।

म्यार्कुवीस् (≻ *Marqueess*) । ड्यूक मुनिको दर्जा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एरल् (> *Earl*) : म्याकुंवीस मुनिको दर्जा ।

विकौनट् (< *viscount*) : एरल् मुनिको दर्जा ।

वरेन् (> *Baron*) : विकौनट् मुनिको दर्जा ।

तख्त : गद्दी ।

षेताव : दर्जा ।

औलाद : सन्तान ।

वीरन : हेर्नोस् विर्कोन्ट : हेर्नोस्-"विकीनट्" माथि ।

यारल्में वरेन् : हेर्नोस् 'पारल्मेन्ट' माथि । लार्ड (< *Lord*) भारदार ।

पियर्स (> *Peers*) : भारदारहरू ।

लारड् : हेर्नोस् 'लार्ड' माथि ।

औवल् : अब्बल ।

डीकन (*deacon*): विशप मुनिको धार्मिक दर्जा ।

अर्चडीकन् (< *Arcdeacon*) : डीकन मुनिको पद ।

रिक्टर (*Rectar*) : अर्चडीकन् मुनिको धार्मिक दर्जा ।

क्यूरिट् (> *Curote*) : रिक्टर मुनिको धार्मिक दर्जा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६८

पद्मशर्मा

अध्यात्मरामायण लंकाकाण्ड

सम्वत् १८९६ साउन

श्रीगणेशाय नमः । श्रीशिवोवाच । हे पार्वती ! त्राहापछि श्रीरामचन्द्रले हनुमान्‌ले सीता षोजन गया र सीता पाइकन सिताको सर्व वृत्तांत हनुमानले गऱ्याको कुरा सुनी माहा हर्षमान भै श्रीरामले आज्ञा गर्दा भया, "हे मित्र सुग्रीव ! हनुमानले गऱ्याका जस्तो ठूलो सामर्थको कार्य देवताहेरुले पनि गर्नाको सामर्थ्य हुन्या छैन । अरु यो पृथिवीमण्डलमा जन्म भयाका मनुष्यले ता कार्य गर्नु ता क्या कुरा छ, मनैले मात्र चिताउ (नु) पनि सकन्या छैनन्। यस्तो कार्य हनुमानले गऱ्या ।

"कसो भन्या १०० जोजन बिस्तार भयाको समुद्र नाघि जानाको को पुरुषको सामर्थ होला । फेरी राक्षसहरुले रक्षा गरी राष्याको लंकामित्र गैकन चौपट्ट गरी आउनु कस्को सामर्थ होला । हे मित्र सुग्रीव ! एस्ता सेवक वीर हनुमानले सर्व कार्य गऱ्या । हनुमान् जस्ता वी (र) यस् लोकमा पवित्र भयाका छैनन् परलोकमा पनि दुर्लभ हुंछ ।

\+ \+ \+ \+

हे पार्वति ! यो लंकाकाण्ड संपूर्ण सुन्न सकेन भन्या यो रामचन्द्रले राजेभिसेक गऱ्याको अर्ध सुन्यो भन्या सारा रामायन सुन्याको फल प्राप्त हुंछ। यस् कथा सुन्या प्रभावले अनेक कोटि २ गौदान गऱ्याको फल पाउंदछ। कोटि अस्वमेघ गऱ्याको फल पाउंदछ । यस् कथाहाका प्रभावले तेस् मनुष्यलाई आपदा भन्याको कौने कुराको पर्न्या छैन । फेरि यस् कथाहाका प्रभावले चेरको भय अग्निको भय राजाको भय अनेक भूतादिको भय राक्षस डांकिनिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भय पनि दुर भई जांछ । यस् कथाहाका प्रभावले नवग्रह पनि शांत भई जान्छन् । पृथ्विमा अनेक रोग छन् ति रोगको पनि भय होवैनन् । सकल सत्रुको पनि नास भइजांछ । परत्रमा केवल रामका चरनको वास भई जांछ । फेरी माहातारीको गर्भमा वास हुनुपर्दैन। जरामरनर्राहित भईजांछ। हे पार्वति! यस्मा संदेह छैन । सत्त २ ले मैले कह्याको छु ।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

जोजन : योजना ।
कथाहा : कथा ।
कौना पुरुषको : कुन पुरुषको ।
होवैनन् : नहोलान् ।
राजेभिसेक : राज्याभिषेक ।
सत्रु : शत्रु ।
अध्ये : अध्याय ।
चरन : चरण ।
रामायन : रामायण ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६९

शशिधरस्वामी

जोसर्माव जोगशास्त्र

(सम्वत् १९०६ अगावै)

येक कोही जोगि आइकन राजा भर्थरि हरिकन अम्रितफल चढायो। "हे राजा ! जो ये अम्रितफल षाला अजम्वर होला" भनि जोगिले राजाथिउं विति गरे। यस्तो जानि राजाले रानि अजम्बर भआ भलो भनि रानिकन दिआ। रानि विरुवादारासंग लाग्यकि रहिछन्। तेहि अजम्वर भया भलो भनि विरुवादारकन दिइं। विरुवादार वेस्स्यसंग लाग्यको रहेछ। वेस्य अजम्वर भया भलो होला भनि वेस्यकन दिओ। तेहि फल हातमाहा लिकन क्य हो भनि सोधी। "जो यो फल षाआ अजमबर होला" भनी भन्यो।

तव वेस्यले विचार गरि, "मेरा अजम्वरले क्य हुन्य छ र ? राजाकन दिउं र राजा अजुम्वर भया संसारकन पालना होला।" भनि ये फल राजाकन दिइ। राजाले देष्या। फल चिन्या। राजाले सोध्य, "यो फलतइले कांहां पाइंथिस् ?"

भदा वेस्यले विति गरि, "हे महाराज, विरुवादारले पियेथे।"

राजाले विरुवादारलाई डाक्य र सोध्या, "यो फल तोले कांहां पाइथिस् ?"

भंदा "ले महाराजा ! मलाई त रानिले दिइथि।" भनि विरुवादारले विन्ति गरे।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

येक : एक।

भर्थरि : भर्तृहरि।

अम्रियफल : अम्रतफल।

राजाथिउं राजासंग।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भया (भया): भएमा । या—था ।
दिआ : दिए । आ—य ।
विरुवादार : बगैंचे ।
लाग्यकि : लागेकी । ग्य—गे ।
दिइं : दिइन् ।
वेस्य : वेश्या । स्य—स्से ।
दिओ : दियो । ओ—यों ।
क्य (के) : के । य—ए ।

अजमवर : अजम्बर ।
हुन्य छ : हुनेछ । न्य—ने ।
अजुम्वर : अजम्वर ।
सोध्य : सोधे । ध्य—धे ।
तइले : तैले ।
पाइंथिस् : पाइथिस् ।
डाक्य : डाके । क्य—के ।
तोले : तैले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७०

इङ्गलिस्तान-वंशावली

सम्वत् १९०९ भन्दा अगावै

श्रीगणेशाय नमः।इंगलिस्तान् वादशाहहरुको वंशावली र अरु षुलासा विस्तार समेत लेषिन्छ।

पहिला वलीयम् जौन् लडाइ गर्नामा र सुलुक् जित्नामा प्रख्यात् थिया २० वर्ष राज्य गरी लडाइमा मऱ्या। इन्का छोरा दोश्रा वलीयम्वहुतै वुद्धिमान् थिया। ठुला अमीरहरू र पादरीहरू लुट्पिट् गर्दथ्या। इनैले छुटाया। इ बहुत निसाफी थिया। १२ वर्ष राज्य गरी शिकार षेल्न गयामा अर्काको तीर लागी मऱ्या।

इन्का भाइ पहिला हनरी वुद्धि र विद्यामा प्रसिद्ध हुनाले दानिश्मन्दा नाम थियो। १९ वर्ष राज्य गरी मऱ्या। इन्का छोराहरू साना हुनाले पहिला वलीयम्का छोरीका छोरा इष्टचुन्ले जवर्दस्तिसँग मुलुक आफ्ना हात गरी १९ वर्ष राज्य गरी निस्सन्तान भै मऱ्या। इनका भाइ दोश्रा हनरी जवाँमर्दी र वुद्धिमा उस्काल्मा इन्का वरोवर कोइ थियेनन्। तिन्ले इंगलिस्तानका ३ टापू मध्ये आयर्लेण्ड भन्याको टापू जीति इंगलिस्तानमा मिलाया। ३५ वर्ष राज्य गरीं मऱ्या। इन्का छोरा रेचर्ड पहिला शेरशाह लडनामा प्रख्यात् थिया। रूम मुलुकमा मुशल्सानहरूसँग वहुत् लड्या।

निदान् फिर्न्या वेलामा फौजलाइ अर्को वाटो गरी आफ्ना मुलुकतिर हिंडाइ थोरै मालिससँग ली आँफु पनि सहरतिर जाँदा वाटामा कोइ १ राजाले एर्क्ले देषि कयेद गरी २० लाष रुपैया दिया तलाइ छोड्छु भन्दा इन्ले यो षवर आँपना शहमा पठाया। प्रजाहरू उन्लाइ वहुत् मान्थ्या र २० लाख रुपैया दी तिन्लाई कएददेषी छुटाइ ल्याया। १० वर्ष राज्य गरी निस्सन्तान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भै लडाइमा मऱ्या ।

× × × ×

इंगलिस्तान्का वादशाहहरू इगलंड आएर्लण्ड र स्काटलंड ३ टापूमा राज्य गर्छन् । कलकत्तादेषी तहासम्म जहाजको वाटो ८००० कोश छ । ताहाको हावा वान्हे मैन्हा भोटका माफिक् छ । सर्दि गर्मि भन्या हिन्दुस्तान् माफिक हुंछ । बहुर्त हुंछ । जाडाका समयमा कैल्हे तुसारो १ महिनासम्म १ वित्ता वाक्लो रहंछ । नदीको पानि जम्दा मानिसहरु तमासालाइ वहुत् जमा हुंछन् । जाडोज्यादा हुनाले तेस् मुलुकका मानिस् दुःख पाउंदा हुन् भनी हिन्दुस्तानीहरु भन्दा हुन्, तर उहा मानिस् सुखैमा रहन्छन् । उन्काघर प्रतीकोठामा आतीश्षाना वनाइ पत्थरका कोइलाको आगो ताप्छन् । ढोकामा र झ्याल्मा शीशा लाइ गर्मी गराउंछन् । कपडा भन्या पश्मीनै लाउंछन् । वांहा चावल् उब्जदैन । छोटावडा सव गहुँ षान्छन् । भारी वोक्नालाइ गाडी छन्। मानिस् वोक्तैनन् । हामीलाइ पनी यो काम पशुकै हो की भन्या जस्तो लाग्छ ।

वांहांको राजधानी नगर लण्डन तमज् नदीका किनारामा छ । एक करोड पचिस् लाष मानिस् तहा छन् । १ सालको आमदानी ७० करोड हुंछ। राजाहरुको वृद्धि फौजले मार्न हुंदैन, वन्दोवस्त र वृद्धिले वढदछ भनी हामीहरू धेरै फौज राषतौन, वांहाका वादशाहको फौज् तोपषाना र तुरुक् सवार वाहीक् एकलाष पचिस् हजार छन् । इ ३ टापुमा ११७ सुवा छन् । तहां दस्तूरव्यतिरिक्त केही काम कुरो हुन सक्तैन । भारदारहरूसंग सलाह नगरी वादशाह केही काम पनी गर्दैनन् । शुभम् समाप्तमिदं ।

(वीर पुस्तकालयबाट)

विशेष शब्दहरू

वलीयम् जोन (*William*) : विलियम प्रथम ।

हनरी (*Henry*) : हेनरी ।

इष्टचुन् (*Stephen*): विलियमका नाति ।

रेचर्ड (*Richard*) : रिचार्ड ।

रूम (*Rome*) : रोम ।

आएर्लण्ड (*Ireland*) : आयर्ल्याण्ड ।

इंगलंड (*England*): इङ्ग्ल्याण्ड ।

आएर्लण्ड : हेर्नोस्'आएर्लण्ड' माथि।

स्काटलंड (*Scotland*) : स्कोट-ल्याण्ड ।

तमज् (*Thames*): टेम्ज नदी ।

दस्तूरव्यतिरिक्त : नियमबाहेक,नियम नाघी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

× × × ×

७१

मेजर रघुवीरसिंह

सामान्यज्ञान

शान्तिशतक (सम्वत् १९०९)

गंगाका तिरमा हिमाल पर्वतका सिलामा पमासन गरि वस्याका ब्रह्मज्ञानका अभ्यास गर्न्या विधिले योगनिद्रारूपि सान्तसमाधिमा ढेरै दिन रहनाले वनका वुढा मृगहरूको संका नमानि आई मेरा आंगमा कंन्याउन पाउनाले हर्षित् न्हैहुन् ।

वाटका माझमा हिडन लाग्याका जिर्ण भयाका कन्थावढिरह्याका मकन वाट मारि डन्याका मानिसहरूले डर मानि क्रिपा राषि कौतुकले हेरियाका परब्रह्मका तत्वग्यानरूपि अमृत्रसका अनुभव सुषले णिदायाका झैं भयाका मेरा अजुली रह्याका भिक्षान्नकन संका नमानि हातिका सुडले झिकि कैल्हे लिनन् ?

शंशार अनित्य हो भंन्या विवेक मलाई हुनाले हरिणिहरूका जस्ता नेत्र भयाका तरूणि स्त्रि सून्दरि स्त्रिहरूसंग रहनाको ईक्षा मेरा हृदयमा कदाचित्त रहदैन । षशोला कि भंन्या संकाले स्वर्गमा क्षणभर पनि षुसि भै रहन मेरा इक्ष्या हुंदैन । अरू नासिन्या विषयभोगहरूमा पनि मेरो तृस्ना जांदैन । तसर्थ गंगाजीका तिरमा वशि परम उत्कृष्टा भयाका विष्णुहरूका चरणकमलमा ध्यान गर्न मेरो मन इक्षा गर्दछु ।

हे मायारूपि माता ! हे कूमतिरूपि वहिनि ! हे मोहजालिरूपि पिता! टिमिहरू सवै मलाई छोडि जाउ। तिमीहरूको र मेरो कैल्हे पनि फेरि मिलनु

✍ यस कोष्ठमा स्थित पदहरू दोहोरो लेखिएका हुन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपर्न्या वियोग हुवस् । उसै क्षणमा लक्ष्मिका स्वामी विष्णुका चरणदेषि वह्याकि गंगाजिका तरंगले भिजायाका (तरंगले भिजायाका) ढुंगाकामा वशि हृदयकमलमा परंब्रह्मका अनुभव गरि म वस्ता हुं ।

हे अहंकार ! तँ मलाइ छोडि काटि जाई जा । हे पाप ! तँ पनि मसँग (न) वश । हे लोभ ! तँ पनि मसँग नवस्, फरक भै जा । हे क्रोध ! तँ पनि चाँडै अरू ठाउंमा जा । म अब दोषका रहन्या घर होईन। किनभन्या एकचित्त भै ध्यान गर्नाले त्रिभुवनको नाथ भयाका श्रीविष्णु मेरा हृदयकमलमा विराजामान भयाका छन् ।

हे माता पृथ्वि ! हे मित्र वायु ! हे सँगि तेज ! हे भ्राता आकास् हात जोरि तिमिहरूका सँग वस्नाले उपज्याको सतकर्मका प्रभावले प्रकास् भयाका निर्मल ज्ञानले सर्व मोह महिमा नास भयाका म परंब्रह्मपदमा अवश्चिय गरि लिन हुन्या छु ।

विशेष शब्दहरू

सान्त्रिसटक् : शान्तिशतक ।
न्हैहन् : रहून् ।
वाटका : वाटाका ।
वाट मारि : वात मारी ।
णिदायाका : निदाएका ।
शंशार : संसार ।
ईक्षा : इच्छा ।
ईक्ष्या : इच्छा ।
तृष्न्ना : तृष्णा ।
टिमिहरू : तिमिहरू ।
किनभन्या : किनभने ।
अवश्चिय : अवश्य । यहाँ 'अवश्य' र 'निश्चय' दुवै पदहरूको मिश्रण (*Contamination* भएको छ ।

सूचना:— यसको पाण्डुलिपि मदन पुरस्कार पुस्तकालयमा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७२

भानुभक्त आचार्य

[क] रमानाथलाई चिठी

(सम्वत् १९१५ मंसिर)

स्वस्तिश्री चिरंजीवी श्री नानी रमानाथ शर्मणि श्री भानुभक्त शर्मणः शुभाशीर्वादाः सन्तु । उप्रान्त पढ्दैनस् भन्दा सुन्दछु । मेरा कंढापरि जति उमलंछस्, यांहावाट म क्या गरू । म तांहा आयापछि तैंले नपह्याको ठहराग्रा भन्या, वावैं, तेरा ज्यानको आसा नराखि लात मार्न्या छु । कि तैंले मर्नु पर्ला कि मरि सुख पाउँन्याछस् कि पह्रि सुख पाउन्या छस् । कि तैंले मर्नु कि पन्हुं । तेरी आमले पनि यो चिठि हेरि साझ वेहान तलाई लात मारी घोकन लावोस् । आज तेरी आमाका चेत आयेनन् र तलाई षेलन दियी भन्या मैंले लात मारि मर्नान्ति पान्याको तमासा हेर्लि । हेर् वावैं ! पह्रिनस् भन्या तेरो जिउ खंज गराई छोड्ला रति जति तेरा माया मान्न्या छैन । सो जानी तेरी आमाले तलाई अदपमा राषि घोकाउनु, तैंले घोकनु । आजसंम कति पह्रिस्? जाहांसंम पाठ पुन्यायाको छु भनि लेषि पठा । अघि पन्ह्याका पनि विर्सिस् कि आउँछ ? तेरा हातले लेषि पठा । नहि भन्या तेरो ज्यान सावुद राषन्या छैन । धेरै क्या लेषु, किमधिकं ? मिति मागं शुदि १ रोज ३ मुकाम महावोद्ध टोल शुभम् ।

✶ ताहां पढदैन भन्या मानिस साथ लाई मंसिरभित्रे जाहां पठाइदे । म आउँदा । संगै लि आउँला । जाहि पढाउँछु। तांहि पढ्छ भन्या वढिया हो।

(नरनाथ शर्माकृत भानुभक्तको जीवनीबाट)

✶ यो डफ्फा चाहिं भानुभक्तले आफ्नी जाहानलाई लेखेका हुन् । यो डफ्फा चिठीको किनारमा लेखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष शब्दहरू

भन्दा सुन्दछ : भन्ने सुन्दछु ।

कंढापरि : परोक्षमा ।

नपन्हयाको : नपढेको ।

पन्हि : पढी ।

पन्हुं : पढ्नु ।

मर्नान्त : मरणान्त । पूर्व नेपालतिर यससंग मिल्दो 'मर्लान्त' भन्नै बोलिन्छ ।

पन्हिनस् : पढिनस् ।

चिठि : चिठी । कर्तैकर्तै 'चिट्ठि' छापिएको देखियो जुन भानु-भक्तको चिठीअनुसार अशुद्ध ठहरिन्छ ।

वेहान : बिहान ।

पन्हिस् : पढिस् ।

पन्हाका पढेका ।

नहि भन्या : नत्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[ख] कालु जैसीको तमसुक
(सम्वत् १९१७ फागुन)

स्वस्ति श्रीशाके १७८२ मा। धनीकनाम श्रीभानुभक्त उपाध्या। ऋणीकनाम कालु जैसी। ऋणगृहीतं मोहोर रुपना १२ अक्षरेपि वाह्र कर्जा लिना वापत् साल १७ को वालि तिर्ना निमित्त। इ रुपनाले लामा षेत १।८० मध्ये षेत मुरि। २ र यसैको लगा पापामध्ये मेरो अंश भोग बन्धक लेपि दिना। भाका भरिपुसको।

साक्षि श्यामलाल उपाध्या विष्णुहरि उपाध्या, यज्ञलाल उपाध्या, शुकदेव उपाध्याय ढुंगाना, गोपीवल्लभ उपाध्या कोइराला। लेषक साक्षी भानुभक्त उपाध्याय।

इति सम्वत् १९१७ साल मिति फाल्गुन शुदि ३ रोज ५ शुभम्।

(नरनाथ शर्माकृत भानुभक्तको जीवनीबाट)

[ग] साधुरामको कपाली तमसुक
(सम्वत् १९१८ फागुन)

स्वस्ति श्रीशाके १७८३ मासे १२ : एहि सालमा धनीकनाम भानुभक्त पण्डित। ऋणीकनाम साधुराम नेवार। गत मोहर रुपया २० अक्षरेपि त्रिस्। इ रुपयाको व्याज वाइसा। भाका भरिपुस। यस पत्रका साक्षि लक्ष्मीप्रसाद पण्डित।

इति संवत् १९१८ साल मिति फाल्गुन वदि १२ रोज ३ शुभम्।

(नरनाथ शर्माकृत भानुभक्तको जीवनीबाट)

अक्षररेपि : अक्षरे अपि, अच्छिमा पनि। रुपया (रुपयाँ) : रुपियाँ।

[घ] रमानाथलाई चिठी
(सम्वत् १८५९ बैशाख)

स्वस्तिश्री सकलमंगलालय श्रीनानी रमानाथ शर्मणि श्रीभानुभक्त शर्मणः शुभाशिषः सन्तु। उप्रान्त येतिज्यालमा म घर आइ पुगन्या थीना। उत्तरकाण्ड रामायण केहि वाँकि वनाउन रह्याको थियो र समै इष्टिमित्रले भन्यो रामायण समाप्ति गरि जानु भया लोकले गाउँन्या छ तपाजिलाइ पनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जौ हुनु सिद्धि यतैवाट हुन्या छ, सिद्ध गराइ जाउ' भनी वडा वडाले पनी वेस् हो भनी त्यै सिद्ध गराउन लागि रह्याँ छु। सय ढेढ सय सिलोक् वनाउन वाँकि छ। यो सिद्ध गराई भरिवैशाषमा अवश्य आइ पुग्छू।

दुसिमा मगरहरूले हाम्रो सुर वाधि दिया भन्या तिन्को याद पनि हामीले राषनै पर्छ। हेमलाल श्रीप्रसादले रूपया लियेनन् भन्या पनि संतोषमा रह्यास्। येस्ले पछि कल्याणै हुन्याछ।

अवश्य म आउँछू म आइपुगन्ज्याल घरका लालछिन् वस्तुहरूको संभार गन्यास्। भाइलाइ पन्हाउँदै रह्यास्। किमधिकं। मिति १९१९ साल वैशाख वदि २ रोज शुभम्।

★दुसिका थरि लक्षोमन् थापाले मागन आया अट्क्यो भन्छन् भन्या २५।३० दियास्। अरुलाइ म आइ दिउँला।

(नरनाथ शर्माकृत भानुभक्तको जीवनीबाट)

येतिज्यालमा : यतिन्जेलमा।
भरिवैशाषमा : वैशाखभरमा।
रह्यास् : रहेस्।
पुगन्ज्याल : पुगुन्जेल।
लालछिन् : गाई वस्तु।
जुम्लातिर अझै "लालच्छिमी" भनिदैछ।नरनाथले यस शब्दलाई 'लालवाल् भनेर पढ्नु भएको छ (हेर्नोस् भानुभक्तको जीवनी पृष्ठ ६७)।
लक्षोमन् (< लक्ष्मण) : लछुमन।
दियास् : दिएस्।
पन्हाउँदै : पढाउँदै।

[ङ] बिन्तीपत्र

(सम्वत् १९२२ मंसिर)

श्री १

विन्तिपत्रमिदम् .....

करुणानिधान् ष्वामीत्। तनहुँ चुँदि षोलाको वाराह वांदले रोपियिन्या १६।१५ षेत छन्। ति षेत अघि वेलैमा तेस् वराह वाँदवाट पानि चलाइ वेलैमा विउ राषि केहि षेत जेठैमा रोपिन्थ्या। पछि बाँद विग्रन जाँदा वेलामा वांद कुलावाट पानि चलाइ वेलामा वर्सिदियो भन्या वेलामाविउ रहन्या वर्सन ढिलायों भन्या वेलामा त्रिउ राष्नै नपाइ जेठमा रोपियिन्या षेत साउनमा रोप्नु पर्न्या। असोज कात्तिकमा पनि षोलो घट्न जाँदा कुलामा

★ यो डप्फा किनारामा लेखिएको अंश हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पानि कम् हुन - जांदा षेत सुकि मोहि मर्न्या हुँदा वराह वांदले रोपियिन्या १६।७ षेत कमाउन्या सभैं मोहि रून्थ्या ।

२१ सालमा असारका दि जांदासम्म कुलामा पानि चल्याको थियेन । वांद लाइ राष्याको थियो, असारका दिन ९ जांदा चुँदि षोलामा ठूलो वाढि जांदा वांदै पनि वग्यो, षोला पनि ठूलो भयो । वाद लाउन सकियेन । षेत विग्रन वंझियीन लाग्या र·· का सभैं मोहि जम्मा भै वसि वांद कांहां लाउँ भनि सल्लाह गर्दा श्रीधर उपाध्या विरभइ राना श्रीप्रसाद अर्ज्याल् इ तिन् मोहीका षेत काटियिन्या गरि यस ठाउँमा कुलो काटि कस ठाउँमा वांद लाइ पानि चलाया कसैको विग्रदैन सभैका षेत वन्छन् भंन्या सभैको तजवीजमा [ठहरि] "षेत काटियिन्या मोहिं क्या भन्छौ ? तिमी ३ जना तांहां कुलो काट्न सामेल छौ कि छैनौ ?" भन्दा श्रीधर पाध्या वीरभइ राना श्रीप्रसाद अर्ज्याल् इ तिन जनाले सामेल छौ भनि सल्लाह दिया र सल्लाहैसित वांद लाउन्या कुलो काटन्या काम गन्याको हो ।

आज गिरिधर रानाले "मेरा छोरा विरभइ रानाले सल्लाह दियाको होइन वल मिचि कुलो मेरो षेतमा षनि मेरो षेत मुरि । २३ विगारि दिया" भनि हाम्रा नाउमा फिन्याद गरि हामिलाइ दुःख ढेरै दियो । हामीले वल मिचि कुलो काट्याको रहेछ कि तेस्का छोरा विरभइ रानाका सल्लाहाले कुला काट्याको रहेछ वुझि वक्स्या, करुणानिधान्, हामि अनाथका दुःख छुट्ता हुन् । करुणा रह्या जावस् ।

तेस्को रोपनि पिपिल्पा षेत मुरि । २२ पनि विगन्याको छैन । षेत विग्न्याको मेरो भन्छस् भन्या तेस् कुलाले रोपियाको षेतमा जस्का षेतमा चित्त वुझ्दछ सो षेत तँ पा, यी पिपल्पा षेत सोहि मोहि षाला भन्दा पनि मान्दैन। जगा जति काटियाको छ तेस्को मिनहा पनि दिन्छौ भन्दा मिनाहाले पनि मान्दिन षेतसट्टाले पनि मान्दिन तेस् ठाउंमा त्यो कुलै दिन्न भन्छ। करुण-निधान् हामिले कसो गर्न्या हो, जो मर्जी ।

शुभचिन्तक भानुभक्तशर्मण : शुभाशीर्वादकोटयो विलसन्तु ।

इति संवत् १९२२ साल मार्ग शुदि १३ रोज शुभम् ।

("सयपत्री" बाट)

ष्वामीत् : स्वामी । सभैं : सबै ।

वाद (वांद) : बांद । दि : दिन ।

रोपियिन्या : रोपिने । वंझियीन : बांझिन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काटियःया : काटिने । जावस् (पृष्ठ १७३)। पृष्ठ १७४
फिन्याद : उजुर । को 'पठाया गर्यथ्यो' पनि यस्तै
रह्या जावस्। रहोस्। तुलनीय'वक्स्या- खाले प्रयोग हो ।

[च] वेनुपाध्याको दानपत्र
(सम्वत् १९२३ फागुन)

लिषितं तनहुँ चुँदि रंघा गाउँ वस्न्या वेनुपाध्या आचार्य । उप्रान्त मेरो जील्ला डिहिमध्ये ३० तिस् पाथि घैयाको विउ जान्या पापो जगा र साल्बोटचा षेतमध्ये मुरि । १० दश् पड्क्या षेतमध्ये मुरि १० जम्मा मुरि । २० विस् लेषियाको येति षेत पाषा शिवलाले उपाध्यालाइ कागत लेषि तिमिले चलन गर्नु भनि चलन दिन्ना । शिवलाल अधिकारिलाइ दियाको यो जगा मैले कैल्हे नषोसनू भनि मेरा षुसिराजीसित कागतपत्र लेषी दिन्ना ।

येस पत्रका साक्षी काशीनाथ पण्डित, लक्ष्मीप्रसाद पण्डित, श्रीधर उपाध्या ढकाल्, देउदत्त उपाध्या आचार्य । लेषक साक्षी भानुभक्त पण्डित ।

इति सम्वत् १९२३ साल मिति फाल्गुन वदि ८ रोज ४ शुभम् ।

(नरनाथकृत भानुभक्तको जीवनीबाट)

जगा : जग्गा । नाउँ ।
साल्बोटचा : सालबोटे । : खेतको पड्क्या : पड्के । खेतको नाउँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७३

तेस्रो विश्राम

[क] भानुदत्त र मित्रलाभ

नेपाली साहित्यमा 'भानु' शब्दको प्रयोग बारंबार भई रहन्छ किनभने यस शब्दले रातलाई नासेर सन्सारमा दिन निम्त्याउने सूर्यलाई मात्र होइन रम्घा झैं एउटा मामुली गाउँमा जन्मेर पनि आपनो कलमको तागतले गर्दा सबै नेपालीहरूको मनमा तस्विर भएर टांसिन सक्ने भानुभक्त आचार्यलाई पनि व्यक्त गर्छ। भानु शब्दका यी दुई अर्थमा अब एउटा अर्को अर्थ थप्नु पनि आवश्यक भएको छ, त्यो हो भानुदत्त।

यी भानुदत्त को हुन् अझै राम्ररी थाहा पाइएको छैन। वीरपुस्तकालयमा पाईएको मित्रलाभको अन्त्यमा यो सिलोक छ—

वस्वंकभूपैः प्रमिते शकेऽब्दे।
सर्पस्यतिथ्यां शनिवासरे मुदा॥
हितोपदेशाभिधपुस्तकं तदा।
श्रीभानुदत्तो व्यलिखद् धनार्थे॥

यस सिलोकको निकै महत्व छ। यो सिलोक नहुंदो हो त हामी मित्रलाभ लेख्ने रचयिता र यसको प्रामाणिक रचनाकालबारे केही थाहा पाउन सक्ने थिएनौं असंख्य कथा-पुराण सम्बन्धी वेनामी ग्रन्थका रचयिता झैं यिनी पनि अतीतको ओझेलमा बिलाउँथे। यस सिलोकले के छलंङ्ग्याउँछ। भने भानुदत्तले सम्वत १८३३ मा धनप्राप्तिको लागि मित्रलाभको अनुवाद गरेका हुन् कुनै मंत्रीकी दुलहीलाइ रिझाएर भानुदत्त धनको लाभ गर्न चाहन्थे र ती मंत्री वंशराज पाडे थिए भन्ने कुरा एउटा भिन्ने पोस्तकमा लेखिएसकेको छ। ★ यी वंशराज सिंहप्रतापका मंत्रीमध्ये एक थिए।

★ हेर्नोस् बालकृष्ण पोखरेलको "नेपाली भाषाको कथा" पृष्ठ १८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उदात्त उद्देश्यले साहित्यको रचना हुनु पर्छ भन्न बानी परेका हामी-हरूलाई धनप्राप्तिको लोभले लेख्ने भानुदत्तको प्रसंशा गर्न जांगर नचल्ला। बरु हामीहरूको बिच भानुदत्तलाई लिएर कस्तो प्रसङ्ग उठ्ला भने उनी एक-जना पैसा भनेपछि भुतुक्क हुने व्यक्ति थिए, जसको निम्ति साहित्यको रचना गौण अनि स्वामीको चाकरी चाहिं प्रधान थियो। साथै के पनि उल्लेख गरिएला भने कन्याङकुरुङबाट वाल्मीकीमा काव्यप्रेम जागे झैं, आफ्नी दुलही-को ओठे वचनले तुलसीदासमा कवितादेवीको पूजा गर्ने अभिलाषा जागे झैं अथवा घांसीसँगको कुराकानीले भानुभक्तलाई कीर्तिका भोका तुल्याएझैं भानु-दत्त मित्रलाभको रचनाको निम्ति कुत्कुत्याइएका होइनन्, कसैले भानुदत्तमा त्यो उपादेयता छैन जो एउटा साँचो साहित्यिकमा हुनुपर्थ्यो। यस्तैखाले तर्कहरू भानुदत्तको विपक्षमा पेस हुन सक्छन्।

भानुदत्तको पक्षमा बोल्नलाई पनि हामी अशक्त छैनौं। सबैभन्दा पहिलो जवाफ के दिन सकिन्छ भने मित्रलाभ नै उनको पहिलो कृति हो भन्न सकिन्न। उनी हालै फेला परेका हुन् र उनको अहिलेसम्म अर्को कुनै रचना पाइएको छैन। तर यतिकैमा उनको साहित्यिक जीवनको आरंभ मित्रलाभ-बाट भएको हो भनेर ठोकुवा गर्ने आधार हामी पाउन्नौं। यति माझिएको शैलीमा लेख्न सक्ने हुनलाई निरन्तरको अभ्यास बिना उनले सकेनन्, यो पनि स्पष्ट छ। उनले मित्रलाभभन्दा पहिले अरू पनि ग्रन्थहरू नेपालीमा लेखेको हुनु पर्छ, यो पनि कम स्पष्ट छैन। यसकारण भानुदत्तलाई केले साहित्यमा रूचि लिन बाध्य गरायो, यो थाहा पाउनको लागि पहिले के कुरो थाहा पाउनु चासोपर्दो छ भने उनी को थिए र कहिलेदेखि साहित्यमा उनले पदार्पण गरे।

अर्को जवाफ के दिन सकिन्छ भने साहित्यिक जतिसुकै निस्वार्थी होस् पारिवारिक कष्टले गांजेपछि त्यसले छटयाङराको माहात्म्य नगाई सुख पाउन्न। हामी आज बिसौं शताब्दीमा विचरण गर्दैछौं। साहित्यप्रतिको हाम्रो धारणाको एक प्रकारले रेखि बसी सकेको छ। नेपाली साहित्यिकहरू अचेल स्वरमा स्वर मिलाएर के भन्दैछन् भने त्यस वेलासम्म हाम्रो वाङमय उँभ्यौलीको घोरालीमा पुग्न सक्तैन जबसम्म गांसवास जुटाउन लेखकले फाल्टु काम गर्नु पर्छ। के यो पनि धनप्राप्तिको प्रलोभन होइन? यसैले धनप्राप्ति-को प्रलोभन देखाएबापत भानुदत्तको उपादेयतामा शंका झिक्ने हाम्रो के हक?

तेस्रो जवाफ के दिन सकिन्छ भने भानुदत्तको युग सामन्ती युग थियो। कुनै पनि सामन्ती समाजमा कवि, लेखक, कलाकारको वृत्ति प्रभुहरूको कृपा-वेगर चल्न असंभव हुन्छ। यस कुराको विश्वसाहित्यको इतिहासले राम्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्टि दिन्छ । अझै पनि केही कविहरू यस्ता देखिंदै छन् जो रिझाएर धन कमाउनको लागि जजमानको स्तुति गान गर्दछन् । स्तुतिको गानवाहेक यस्ता कविहरूको कृतिमा अर्थोक केही पाइँदैन । जति जति समाज उन्नतिको मार्गमा अग्रसर हुँदैछ त्यति त्यति यस प्रकारका फोस्रा स्तुतिहरूको भाउ पनि घट्दै छ । अब त यस्ता लेखक कविलाई चाटुकारको संज्ञा दिइन्छ । नभन्दै कुनै युगको चाटुकारितालाई पनि साहित्य भन्न सकिन्न । यदि कुनै विख्यात कविले कतै चाटुकारिताको प्रयोग गरेको छ भने हामी प्रथम हेराइमै त्यसलाई पर्गेल्न सक्छौं किनभने चाटुकारिता त्यो कटुरस हो जसले साहित्यलाई चुक अमिलाले दूधलाई फटाए झैं फटाई दिन्छ । तर भानुदत्तलाई हामी चाटुकार भन्न सक्तैनौं। के सत्य हो भने सामन्ती युगका अरू लेखक कलाकार झैं उनी पनि आफ्ना प्रभुहरूको सेवा गर्न बाध्य थिए, तापनि उनले साहित्यको आत्मालाई जुठो नपारीकनै आफ्ना प्रभुहरूको सेवा गरेका छन् । किनभने उनको मित्रलाभ आज वंशराजकी दुलहीको मात्र पेवा छैन । त्यो सारा नेपालीहरूको लागि एउटा मूल्यवान वस्तु छ ।

अन्तिम जवाफ के दिन सकिन्छ भने सित्तैमा वितरण गरिएको कला मात्र कला होइन, ज्याला लिने गरी रचिएको कला पनि कला हो। कुनै रद्दी चिज पनि सित्तैं बाँडिन सक्छ, यसो हुँदा मूल्यको आशा नराखी एवं फलप्राप्तिको लोभ नगरी प्रस्तुत भएको जेलाई पनि प्रशंसा गर्नु ठिक होइन, यसको उल्टो ज्याला पाउने उद्देश्यले प्रस्तुत कति कुरा यस्ता हुन्छन् जो ज्यादै उम्दा हुन्छन्, यसैले फलप्राप्तिको लोभलाई औंल्याएर कुनै कुराको उपादेयतामै शंका झिक्नु अनुचित हो । यसकारण भानुदत्तको मित्रलाभको उपयोगितामा हामी कुनै हालतमा शंका झिक्न सक्तैनौं ।

आजभन्दा झन्डै दुई सय वर्ष पहिले पनि नेपालीमा परिमार्जित कथाशैलीको आरम्भ भई सकेको थियो भनेर हामीलाई यस मित्रलाभले थाहा दिन्छ । पृथ्वीनारायणको नेतृत्वमा विशाल नेपालको गठन हुनासाथ नेपाली साहित्यले फस्टाउने मौलाउने हल्किने स्वाउँदिलो आधार पाएको हो भन्ने कुरामा कसैलाई संदेह छ भने उसको संदेहलाई मित्रलाभले निमिटयान्न पारी दिन्छ । भानुभक्त जन्मनुभन्दा झन्डै चालिस वर्षअगावै एकजना अर्का भानु जन्मी ओरी प्रौढ भई सकेका थिए र उनको कलम नेपाली भाषाको लागि वरदान प्रमाणित भई सकेको थियो भन्ने कुरो भानुदत्तको मित्रलाभलाई एकपल्ट पढ्न पाउनेले अस्वीकार गर्न सक्तैन ।

पाठकहरूले भानुदत्तबारे यहाँ प्रकाशित मित्रलाभको पुछारमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही लेखिएको पाउनु हुनेछ (पृष्ठ २३८)। तेस्रो उठानमा मित्रलाभको दोस्रो पाण्डुलिपि पनि दिइएको छ। मित्रलाभको रचना भएको झन्डै आधा शताब्दि पछि तयार भएको यस पाण्डुलिपिका प्रतिलिपिकारले भानुदत्तको कृतिलाई जस्ताको तस्तै सारेका छैनन्। भानुदत्त पश्चिम नेपालका थिए, त्यसैले उनको भाषामा खसानी तत्त्वहरू पनि मनग्गे पसेका छन्। दोस्रो पाण्डुलिपिमा प्रतिलिपिकारले आफूले बुझ्न नसके जति सबै खसानी तत्वलाई काठमाडौंमा बोलिने तत्कालीन भाषाद्वारा रूपान्तरित गरी दिएका छन्। यसैले दोस्रो पाण्डुलिपिले भानुदत्तको मौलिकतामै आघातपारेको छ। यस कुराको संकेत "नेपाली भाषाको कथा"मा✱ भपनि दिईएको छ र साथै यस कुरालाई बुझ्न झन् सजिलो होस् भन्ने विचारले प्रस्तुत ग्रन्थको तेस्रो उठान (शी. २७ ख) मा दोस्रो पाण्डुलिपिको पनि नमुना दिइएको हो।

भवानीदत्तका काका तारानिधिका छोराको नाउं पनि भानुदत्त पाइएको छ, तर हाम्रा भानुदत्त र भानुदत्त पाँडे एकै व्यक्ति होइनन्। हाम्रा भानुदत्त पाँडे भानुदत्त भन्दा कम्ति पनि आधा शताब्दी जेठा हुनुपर्छ।

[ख] शशिधर

(बेतियाली)

शशिधर उपाध्याले बेतियाबाट सम्वत् १८३४मा प्रतापसिंह शाहलाई काठमाडौंमा पठाएको चिठी हाम्रो सङ्कालामा छापिएको छ। आथिन, आथिनन् जस्ता क्रियापदहरूले के संकेत गर्छन् भने यो शशिधरको मूल स्थान कर्णालीप्रदेश हो। यिनको भाषाको लक्षण केही प्रेमनिधिसँग र केही भानुदत्त सँग मिल्दछ। सल्यानमा बसेका भगन्तनाथलाई संवत् १८३१ मा पृथ्वीनारायणले लेखेको चिठीमा यस्तो लवज परेको छ—"उप्रान्त कृपापत्र समेत शशिधर उपाध्याय आईपुग्या। पत्रार्थ मुहजमानी विधिविस्तार विनती गऱ्या।" छाँटले भगन्तनाथको पत्रवाहक भएर काठमाडौं आउने शशिधर एकै हुन्। यसबाट थाहा हुन्छ यिनी भगन्तनाथका मान्छे थिए र सोहीनाताले यिनले दर्बारमा प्रवेश पाएका थिए।

जोसमनि संप्रदायका प्रवर्तक रेसुङ्गाली शशिधर (सम्वत् १८०४–१९०६) देखि यिनलाई भिन्न गर्नलाई यिनको नाउँको पछिल्तिर बेतीयाली

✱ हेर्नोस् ने. भा. क. पृष्ठ २१।

Prof. Madhav Prasad Lamichhane Collection, Káthmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषण जोड्नु आवश्यक छ । अथवा रेसुङ्गालो शशिधरलाई 'स्वामी' एवम् यिनलाई 'उपाध्याय' भनेर पनि भेद दर्शाउन सकिन्छ ।

[ग] श्रीहर्ष आचार्य

अचेलभरि नेपालमा एकथरी बाहुनहरू आफ्नो थरको ठाउँमा 'आ.दि' भन्ने लवज प्रयोग गर्छन् । यो हो 'आचार्य दीक्षित' को छोटो रूप । 'आचार्य दीक्षितको' साटो कसै कसैले दीक्षिताचार्य अथवा दिक्षित मात्रै भनेको पनि पाइन्छ । तर आचार्य दीक्षित दीक्षिताचार्य अथवा दीक्षित नयाँ थर हुन्, किनभने सर्वप्रथम शिरोमणिले मात्र यो चलाएका हुन् । यसभन्दा पहिले शिरोमणिका पुर्खाहरू आफूलाई आचार्य भन्थे ।

मदनपुरस्कार पुस्तकालयमा एउटा औषधीसम्बन्धी अप्रकाशित ग्रन्थ छ । यसमा शीर्षक दिइएको छैन, यसैले होला पुस्तकालय तर्फबाट यसको एकाछेउमा "तंत्रमंत्र" भन्ने शीर्षक लेखिएको छ । नभन्दै यो ग्रन्थ कुनै एउटा मात्र विषयमा लेखिएको छैन । यसमा औषधीमूलो मात्रै नभएर तंत्रमंत्र पनि पाइन्छन् । तर यो ग्रन्थ थालिन्छ औषधी मूलोदेखि नै र यसको अधिकांश भाग औषधीमूलोमै टुङ्गिन्छ । पुछारमा मात्र अलिकति तंत्रमंत्र परेका छन् । यसो भएको हुनाले तेस्रो उठानमा यस ग्रन्थलाई "औषधी–ग्रंथ" को संज्ञा दिइएको छ ।

मदनपुरस्कार–पुस्तकालयाध्यक्षका अनुसार यो पोस्तक चन्द्रमणि आ. दी. को घरबाट प्राप्त भएको हो । चन्द्रमणिका पुर्खाहरूमा कोही न कोही अवश्य पनि ज्योतिषी हुन्थे । यी ज्योतिषीहरूलाई दैवज्ञ भन्ने पनि चलन थियो । यी दैवज्ञहरू वेलापंचाङ्गमा मात्रै होइन तंत्रमंत्र र औषधीमूलोमा पनि रूचि लिन्थे । यसकारण यो ग्रंथ चन्द्रमणिकै पूर्वजमध्ये कसैबाट रचिएको हो भन्ने कुरामा केही शंका उठ्तैन ।

आचार्य वंशावलीलाई पल्टाउँदा चन्द्रमणिको वंशक्रम यस्तो देखिन्छ– जयनारायण, श्रीहर्ष वीरभद्र, वरपति, शिरोमणि, सदाशिव, चन्द्रमणि । प्रस्तुत औषधी ग्रंथ संवत् १८४८ मा तयार भएको हो । उक्त वंशावलीको आधारमा सोच्ता संवत् १८४८ तिर दुई दैवज्ञ आचार्यहरू थिए झैं लाग्छ, दैवज्ञ श्रीहर्ष र उनका बाबु दैवज्ञ जयनारायण । श्रीहर्ष काशीवास गएका हुन् सम्वत् १८८७ मा । यसो हुँदा संवत् १८४८ तिर उनी पाको उमेरका भैसकेका थिए भन्ने प्रस्टिन्छ ।

यतिकैले पनि श्रीहर्षलाई यस पोस्तकका रचयिता हुन् भनेर तोकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महालौं । किनभने यसका रचयिता जयनारायण हुन् होइनन् भनेर बुझ्नु पनि अत्यन्त आवश्यक छ । आचार्यवंशावली अनुसार जयनारायणले जयप्रकाश मल्ललाई रिझाएर मुड्कु कोल्पुमा बिर्ता पाएका थिए । यसबाट जयनारायण जयप्रकाशका समकालीन थिए भन्ने थाहा पाइन्छ । तर जयप्रकाशको समकालीन हुनुले नै कसैलाई सम्वत् १८४८ तिर पनि जीवित भन्न सकिन्न । के पनि संभव छ भने जयनारायण यस कालसम्म जीवित थिएनन् अथवा जीवित भए पनि ज्यादै बुढा भएकाले लेखपढ गर्ने हालतमा थिएनन् । यसो भन्नाको एउटा कारण छ ।

जयनारायणलाई प्रस्तुत औषधी ग्रन्थका रचनाकार मान्नुभन्दा पहिले के विचारणीय छ भने हामी संवत् १७७१ मा भादगाउँले राजा भूपतीन्द्रमल्लको एउटा ताम्रपत्रका लेखकको नाउँ पनि दैवज्ञ जयनारायण पाउँछौं (हेर्नोस् शी ३५) श्रीहर्षका बाबु जयनारायण र यस ताम्रपत्रका लेखक जयनारायण एकै व्यक्ति हुन सक्दछन् । भादगाउँले भूपतीन्द्रमल्लका ज्योतिषी जयनारायण र कान्तिपुरे जयप्रकाश मल्लका ज्योतिषी जयनारायणलाई कसरी एकै व्यक्ति मान्ने भनेर पनि शंका झिकिएला । यस शंकाको समाधान दुर्लभ छैन । काठमाडौं, पाटन र भादगाउँ राजनीतिक दृष्टिले एक अर्कादेखि पृथक भए ता पनि यो तीन ठाउँका दर्बारमा धाउने व्यक्तिहरू प्रायः साझा नै हुन्थे होलान् । यसैले जयनारायण पनि काठमाडौं दर्बारका पेवा ज्योतिषी नभएर काठमाडौं र भादगाउँका दर्बारका साझा थिए होलान् अतः सम्वत् १७७१ को ताम्रपत्रका लेखक जयनारायणले सम्वत् १८४८ मा औषधीसम्बन्धी ग्रन्थको रचना निर्स्यै गरेनन् । यसैले यस ग्रन्थका रचयिता हुन् श्रीहर्ष ।

यस ग्रन्थको रचना श्रीहर्षद्वारा भएको कुरो स्वीकार गर्नुभन्दा पहिले एक थोक सोच्नु चासोपर्दो छ । नेपाली भाषामा औषधीमूलोसम्बन्धी रचनाहरू कर्णालीप्रदेशबाटै पहिले लेखिन थाले । विभिन्न समयमा अलग अलग व्यक्तिले यस विषयमा हात हाले । तर यस विषयका लेखकमा के विशेषता थियो भने उनीहरू एउटा स्वतंत्र ग्रन्थको रचना गर्नुभन्दा धेर आफ्ना अग्रगामी लेखकको रचनाको प्रतिलिपि गर्न मन पराउँथे। तर यो चोखो प्रतिलिपि चाहिं हुन्थ्यो किनभने प्रतिलिपिकारहरू आफूतिरबाट व्याख्या र टीका पनि थपी दिन्थे । उदाहरणार्थ हामी दावादलको कृतिलाई वाणीविलासको कृतिसँग तुलना गर्न सक्छौं अनि लीलाम्बरको कृतिलाई गङ्गाविष्णुद्विजको कृतिसँग दाँज्न सक्छौं । श्रीहर्षले पनि आफूभन्दा पहिलेका कुनै लेखकको कृतिमा आधारित भएर प्रस्तुत ग्रन्थ तयार पारेको हुनु पर्छ । यसमा देखा परेका थुप्रै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खसानी तत्वहरूले हामीलाई यसो भन्न हुटहुटो लगाउँछन् । यसो नभन्ने हो भने काठमाडौं उपत्यकाको मुङ्खुमा जन्मेका श्रीहर्षद्वारा खसानी शब्दहरूको प्रयोग रहस्यमय हुन जान्छ ।

श्रीहर्ष आचार्यको लेख्ने काममा रुचि थियो भन्ने कुरो संस्कृत भाषामा उनले लेखेको जम्मा २०५ पृष्ठको "बाजसनेयसंहिता" भन्ने पोस्तकबाट पनि थाहा पाइन्छ (हेर्नोस् इतिहास प्रकाश वर्ष १ अङ्क १, पृष्ठ ९६) ।

[घ] रामभद्र पाध्या

सम्वत् २०११ मा "प्रशस्तिरत्नम्" भन्ने एउटा संस्कृत पुस्तिका छापियो । सो पुस्तिकाका रचयिताले आफूलाई करुणाकर उपाध्यायका छोरा कवि रामभद्र भनेका छन् । यो पुस्तिका सम्वत् १८३६ मा लेखिएको हो । यसलाई अचेलको चलन अनुसार चिठी लेख्न सिक्ने पोस्तक भने पनि होला ।

तेस्रो उठानमा परेको "लक्ष्मीधर्मसंवाद"(सम्वत् १८५१) का लेखक रामभद्रले पनि आफूलाई 'पाध्या' भनेका छन् । यसैले यिनी करुणाकर उपाध्यायका छोरा रामभद्र नै हुन् भन्ने मनमा पर्छ ।

"प्रशस्तिरत्नम्" का रामभद्रलाई संस्कृत भाषाको राम्रो ज्ञान थियो, तर "लक्ष्मीधर्मसंवाद"का रामभद्रका तत्सम शब्द अशुद्ध छन्। सम्वत् १८३६ मा "प्रशस्तिरत्नम्"को रचना गर्न सक्ने व्यक्ति यसको १५ वर्षपछि "लक्ष्मीधर्मसंवाद" मा चाहिं किन झन् संस्कृत तत्समको शुद्ध प्रयोगदेखि अनभिज्ञ भए, यो कुरो देख्ता चाहिं कसैले सम्वत् १८३६का रामभद्र र सम्वत् १८५१ का रामभद्रलाई अलग हुन् कि भनेर पनि प्रश्न गर्लान् ।फेरि"यदिशुद्धमशुद्ध" वा 'मम दोषी नदीयते' भन्ने लवजले के दर्शाउँछ भने हाल वीर पुस्तकालयमा प्राप्त "लक्ष्मीधर्मसंवाद" सक्कल नभएर प्रतिलिपि हो र यी रामभद्र यसका प्रतिलिपिकार हुन् । यसो मान्दा सम्वत् १८३६ का रामभद्रदेखि यिनलाई भिन्न मान्नु पर्ने खण्ड आई पुग्छ ।

माथिका कुराहरू हुँदा हुँदै पनि तेस्रो उठानका रामभद्र पाध्यालाई करुणाकरकै छोरा मानिएको छ । एकै कालमा उस्तै नाम भएका एकभन्दा धेर व्यक्ति पाउनु असंभव छैन । तापनि ठोस प्रमाण नपाई उस्तै नाउँ जति ठाउँमा फेला पर्छन् त्यति ठाउँमा अलग अलग व्यक्तिको कल्पना गर्नु उचित होइन । यसैले यी दुई रामभद्र अलग हुन् भन्ने प्रमाण फेला नपरूञ्जेल यिनलाई एकै पुरुष मान्नु राम्रो हो । सम्वत् १८५१ मा रामभद्रले "लक्ष्मीधर्मसंवाद" को नेपाली उल्था गरे होलान्, त्यसपछि कुनै अर्द्धपठित व्यक्तिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनको उत्थाको प्रतिलिपि गऱ्यो होला, र त्यस प्रतिलिपिकारले रामभद्रका शुद्ध शब्दहरू उपर पनि सकेसम्म आफ्नो टपटुंइयांगिरीको गिर खेल्यो होला। यसैले होला रामभद्रका तत्समहरूको अनुहार खलमलिएको ।

करुणाकरका छोरा रामभद्रको वारेमा धेरै कुरा अज्ञात छन् ! तापनि यिनको जन्म सम्वत् १८०० को आसपासमा भएको हुनुपर्छ ।

गोदावरी नौधाराभन्दा पश्चिम र वाणे गाउँभन्दा पूर्वमा रहेको किटेनी गाउँमा एउटा सत्तल र सानो राममन्दिर छ । त्यस सत्तलको शिलालेखमा यस्तो अंकित छ—

श्री मद् गीर्वाणवर्मा क्षितिपालको वर्तते यत्र राज्ये ।
तस्मिन् नेपालदेशे पशुपतिनिकटे वाङ्मतीदक्षिणे च ।।
स्वस्तीश्री रामभद्रात् सुरगुरुसदृशो धार्मिको दानवत्याः ।
पुत्रो जातो द्विजेन्द्रः सकलगुणनिधि गौरिदत्तो महात्मा ।। १ ।।
कीटचानिग्राममध्ये द्विजवरसुधिया तेन संस्थापितो वै ।
संसारार्णवतारणो रघुवरः सीतापतिः सुन्दरः ।।
गौरीदत्तस्य पुत्रः सकलगुणनिधि जीवदत्तो महात्मा ।
तत्पुत्रौ विमलौ अभूवतुरिति श्री विश्वरामाभिधौ ।। २ ।।
अग्न्यष्टसप्तैक १७८३ मिते च शाके ।
च पुष्य शुक्ले दशमोतिथौ च ।।
सुश्लाकसाध्यं कुजवासरे वै ।
भूपेन्द्रदत्तं क्षितिखण्डकैकम् ।। ३ ।।
श्रीविश्वरूपाभिधरामनाम ।
हरिप्रियाभिः परमेश्वराय ।।
श्रीरामचन्द्राय समर्पणं तत् ।
कृतं परेशाय च स्वल्पभूमिम् ।। ४ ।।

यस शिलालेखको अनुसार रामभद्रका गौरीदत्त भन्ने छोरा थिए, गौरीदत्तका छोरा भए जीवदत्त । जीवदत्तका दुइभाइ छोरा (विश्वरूप एवं रामचन्द्र) अनि एक बहिनी छोरी (हरिप्रिया) ले मिलेर सम्वत् १९१८ मा किटेनीको गौरीदत्तनिर्मित रामन्दिरनेरि एउटा सत्तल वनाएका हुन् ।

रामचन्द्रका छोरा गौरीदत्तको सम्पर्क गीर्वाणयुद्धको पालामा राजदर्वारसित पनि थियो । यी गौरीदत्तले सम्वत् १८८६ मा ललितत्रिपुरसुन्दरीवाट एउटा पोस्तक दान पाएका थिए । यो पोस्तक अझै पं. ऋषिभदेवज्यूसँग सुरक्षित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामचन्द्रका पनाति-पनातिनीहरूले बनाएको सत्तल र गौरीदत्तले बनाएको राममन्दिर सम्वत् १९९० को भुइंचालोले भत्केका थिए, जसलाई चूडामणिले पुनरुद्धार गर्नु भयो र आफ्नो शिलालेख पनि एउटा स्थापित गर्नुभयो । चूडामणिज्यूले यस शिलालेखमा आफूलाई विश्वरूपका नाति बताउनु भएको छ। चूडामणिज्यू अझै सप्तरीको पानवारी भन्ने ठाउँमा जीवनयापन गर्दै हुनुहुन्छ। निज चूडामणिका छोरा ऋषभदेव शास्त्रीज्यू हाल "गोरखापत्र" को सम्पादक मण्डलमा हुनुहुन्छ । रामचन्द्रबारे जति सूचना पाइयो यसमा उहाँकै हात छ । उहाँबेगर यी तथ्यहरूको संग्रह ज्यादै कठिन हुन जाने थियो ।

ऋषभदेवज्यूको थर रेग्मी हो गोत्र हो कौशिक । यही थर र गोत्र रामभद्रका पनि हुनु स्वभाविकै छ ।

प्रतिलिपिकारको टपटुइयाँगिरीले र लापर्वाहीले गर्दा "लक्ष्मीधर्म-सम्वाद" को रूप अलिक गजमजिएको छ तापनि हामीले रामभद्रलाई दुइ कुरामा महत्व दिनै पर्छ—एक, उनको नेपाली भाषामा अन्त नपाइएका विशेषता प्रशस्त छन्, दुई, उनको विषयवस्तुले भानुभक्तको "वधूशिक्षा" को हेक्का दिन्छ । संभवत: भानुभक्तले पनि "लक्ष्मीधर्मसम्वाद" पढेर नै "बधू-शिक्षा" लेख्ने प्रेरणा पाए हुन् ।

[ङ] शक्तिवल्लभ अर्ज्याल

शक्तिवल्लभको विषयमा यता केही वर्षदेखि मानिसहरू चाख लिंदै-छन् । पृथ्वीनारायणका समकालीन कविहरूमा यिनको स्थान उच्च थियो भन्ने कुरो निकै पहिलेदेखि नै हाम्रा इतिहासकारहरूबाट हामी सुन्थ्यौं तापनि साँच्चै नै यिनको कवित्वशक्तिबाट हामीले सर्वप्रथम केही कुरो थाहा पाउने मौका पाएका हौं नेपाल सांस्कृतिक परिषदले "जयरत्नाकर" नाटकलाई नेपाली उल्थाका साथ प्रकाशित गरेपछि ।

१८४९ मा तयार भएको 'जयरत्नाकर' नाटक संस्कृतको ग्रन्थ हो तापनि यसले हामीलाई शक्तिवल्लभबारे धेरै कुरा थाहा दिन्छ । यसले भन्छ, पृथ्वीनारायणका एकजना लक्ष्मीनारायण नाउँ गरेका आत्रेयगोत्रमा उत्पन्न पुरेत थिए, यिनै लक्ष्मीनारायणका छोरा शक्तिवल्लभ हुन् । शक्तिवल्लभ पृथ्वीनारायणको साथ लागेर गोर्खादेखि काठमाडौं आए र पछिसम्म दर्बारमा यिनको राम्रो प्रतिष्ठा कायम रह्यो। यिनी आफ्नो प्रतिभा र राजभक्तिमा अभिमान राख्ने मात्रै होइन नेपाली भाषाको उपयोगितामा पनि आस्था

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्थे । यिनी नेपाली भाषालाई देशभाषा भन्दथे। यिनी देशभाषाकै माध्यम-बाट राजनीतिमा प्रवेश पाउन सफल भएका थिए भन्ने कुरो यिनले स्वीकार गरेका छन् । "जयरत्नाकर" मा एउटा चित्रकवितामा त एक दुई नेपाली शब्दहरूको समेत प्रयोग यिनले गरेका छन् । यिनी संस्कृत भाषाका राम्रा ज्ञाता थिए र यिनको कवित्वशक्ति परिमार्जित थियो । यसैले होला यिनले आफूलाई कोटिकोटि श्लोकका प्रणेता बताएका छन् ।

जब "प्रगति" पूर्णाङ्क १३मा चित्तरञ्जन नेपालीज्यूले उदयानन्दकृत एउटा कविता प्रस्तुत गर्नु भयो, त्यमा उदयानन्दका "काका पर्न्या" शक्ति-वल्लभका पनि दुईटा सिलोक छापिए । ति सिलोकलाई पछि कमल दीक्षित-ज्यूले 'बुँइगल' मा पनि प्रकाशित गर्नु भयो । ती सिलोकलाई संवत् १८३३ मा उदयानन्दले सारेका थिए । ती सिलोकले हामीछेउ के जनाउ दिए भने शक्तिवल्लभले नेपालीमा पनि रचना गर्ने गरेका रहेछन् । ती सिलोकहरूको परिपक्वता र कालीगढी देख्ता ती सिकारूको लहडका परिणाम नभएर खारिएको कलमका उपज हुन् भन्ने छलङ्ग हुन्थ्यो । अझसम्म शक्तिवल्लभका अरू पद्य फेला परेका छैनन् तापनि हामीलाई के कुराको विश्वास भैसकेको छ भने पृथ्वीनारायणको जीवनकालमै यिनले नेपालीलाई कतिपय 'राजनैतिक' कविताहरू प्रदान गरिसकेका थिए, जो आज खोजीका विषय भैसकेका छन् ।

सम्वत् २०१७ मा नेपाल राष्ट्रिय पुस्तकालय, सिंहदर्बारका तत्का-लीन अध्यक्ष गङ्गाधरज्यूले एकदिन कुरै कुरामा मलाई शक्तिवल्लभकृत 'हास्यकदम्ब' नाटक देखाउनु भयो । यो नाटक संस्कृत भाषामा थियो र सम्वत् १८५५ तिर यसको रचना भएको थियो । यसमा शक्तिवल्लभले मुक्त-कण्ठमा आफ्नो प्रशंसा गरेका छन् । उनको मंगलाचरणको दोस्रो खण्ड यस्तो छ—

नत्वा द्यां गिरिशं गणेशमरुणं दामोदरं श्रीगुरुं ।
विद्यापल्लव शक्तिवल्लभ-कविर् भूपालसंपूजितः ।।
नेपालेन्द्रविनोदनाय च तथा यूनाम् प्रमोदाय वा ।
लोके "हास्यकदम्ब" नाटकमिदं रम्यं तनोति स्फुटम् ।

यस पोस्तकलाई "जयरत्नाकर" सँग दाँज्दा धेरै सिलोकहरू यी दुई नाटकहरूमा उही परेका देखिए । यसबाट के स्पष्ट हुनगयो भने कोटि कोटि सिलोकको दावी शक्तिवल्लभको अतिशयोक्ति थियो। उनी उम्दा दर्जाका कवि अवश्य थिए, तर कोटि कोटि सिलोकहरूको रचना गर्ने फुर्सत उनलाई थिएन। नभए उनी उही उही सिलोकलाई अरू रचनामा किन दोहोऱ्याई रहन्थे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछि राष्ट्रिय पुस्तकालयमै "हास्यकदम्ब" को नेपाली अनुवाद पनि फेला पऱ्यो । यसमा रहेका भाषामा पुराना लक्षणहरू निकै देखिए र यसलाई स्वयम् लेखककै हातले तयार भएको अनुवाद नमानी सुख पाइएन । मनोरंजनप्रेमी रणवहादुर शाहले संस्कृत उस्तो बोधगम्य नभएकाले स्वयम् रचनाकारबाटै नेपाली अनुवाद प्रस्तुत गर्न लगाएका हुन् भनेर अडकल निकाल्ने हो भने यो अनुवाद सम्वत् १८५५ तिर भएको स्वीकार गर्नुपर्छ । ज्ञातव्य के छ भने सम्वत् १८५६ मा त रणवहादुरले आफ्नो राज्यको सिंहासनमा गीर्वाणयुद्धलाई बसाली सकेका थिए ।'हास्यकदम्ब'को नेपाली अनुवाद स्वयम् लेखकबाट तयार भएकाले यसमा हामी त्यतिकै मिठास पाउँछौं जतिको मिठास संस्कृत मूलमा पाइन्छ । यसका जम्मा पाँच उल्लोल (अंक) हरूका केही पानाहरू गायव छन् तापनि मूल संस्कृतको सहायताले हामी ती हराएका पानाहरूको विषयवस्तु थाहा पाउन सक्छौं ।

'कुलवर्णनकविता' को अनुसार शक्तिवल्लभका पुर्खाहरू कनौजको राजधानी धारानगरबाट मुसलमानहरूको उपद्रव खप्न नसकी पाहाड वसाई सरे । यसरी बसाई सर्दा दुई भाई साथै पाहाड चढेका थिए, जसमा जेठा कुशबंदा थिए कान्छा चाहिं उदैभट्ट । उदैभट्टका सन्तानमा कोही सिग्दीमा गएर सिग्देल भए, पौडीमा जानेहरू पौडेल भए, अर्जीमा जानेहरू अर्जेल भए र मैघी जानेहरू मैघाली भए ।

चावाकी जेठी ब्राह्मणीका कोखमा जन्मेका वंशजहरू अर्जेल भएका हुन्, कान्छीतिरका वंशजहरू चाहिं मैघाली भएका हुन् । चावा पछिको छैटौं पुस्तामा धौलु ('उद्धवदास')को जन्म भएको हो । यिनै उद्धवदासका सन्तानहरू नै हुन् वगाले अर्जेलहरू । धौलुका कान्छा भाई विष्णुदासका सन्तानहरू चाहिं बिहारी अर्गात् विहारे अर्जेल भएका हुन् । धौलुका चार भाई बगाले छोराहरूको जन्म गोर्खामा भएको हो भनेर 'कुलवर्णनकविता'मा लेखिएको छ । वीरेश्वरको समयसम्म उदयानन्दका पुर्खा गोर्खामै बसिरहेका थिए, तर उदयानन्दका बाबु विश्वेश्वर चाहिं वसाई सरेर गोर्खाबाट माझकिरात पुगे । त्यहाँका हिन्दुपति पदवी धारी कुनै राजा (जगत्सेन ?) खुसी तुल्याएर उनले सप्तरीको बैरवामा बिर्ता पाए । त्यही बिर्तामा आजसम्म उदयानन्दका वंशज बसेका छन् ।

उदयानन्दका काका पर्ने शक्तिवल्लभको लागि विश्वेश्वर झैं बसाई सरीरहनु आवश्यक थिएन,किनभने उनी आफ्नो प्रतिभा र पाण्डित्यले गोर्खादर्वारमा लोकप्रिय भएका थिए । शक्तिवल्लभबारे अझ धेर कुराहरू अज्ञात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै छन् । उनका सन्तानहरूलाई फेला पार्न सके अवश्य पनि हामी केही लाभान्वित हुन पाउने थियौं ।

"जयरत्नाकर" नाटक, "हास्यकदम्ब" नाटक, "हास्यकदम्ब" को नेपाली उल्था (कथासार) र दुई नेपाली सिलोकहरू बाहेक शक्तिवल्लभका निम्नलिखित संस्कृत ग्रन्थहरू फेला परेका छन्–

१—ललितमाधव (नाटक)

२—सुधातरङ्गिणी (कर्मकाण्ड)

३—दानप्रकाश (कर्मकाण्ड)

हाम्रो सङ्कलनमा जम्मा दुई उल्लोल छापिएका छन्, र यी दुई उल्लोलका हराएका पानाहरूलाई मूल संस्कृतको सघोटले पुनः प्राप्त गरिएको छ । 'हास्यकदम्ब' फेला परेको हुनाले अब हामीलाई के कुरो भन्न सजिलो भएको छ भने शक्तिवल्लभको गद्यशैली परिमार्जित र उन्नत मात्रै नभएर आफ्नो समयका अन्य सफल गद्यकारहरूको शैलीको दाँजोमा उभिन सक्ने खालको थियो । भानुभक्तभन्दा पहिलेका अम्बरगीर, भवानीदत्तहरू परिमाणमा जति आकर्षक गुणमा छैनन्, तर परिमाणमा पछि परे पनि गुणमा शक्तिवल्लभ अम्बरगीर र भवानीदत्तभन्दा अघि छन् । यिनको प्रतिभा त्यस समयका कुनै लेखकसँग दाँजिन सुहाउँछ भने ती हुन् भानुदत्त । अर्को शब्दमा भन्ने हो भने शक्तिवल्लभ र भानुदत्त त्यस समयका प्रतिनिधि लेखकहरूमध्ये अग्रगण्य थिए ।

शक्तिवल्लभ आफूलाई अर्ज्याल नलेखेर भट्टाचार्य लेख्थे । वास्तवमा यिनका पुर्खाहरू भट्ट थिए भन्ने कुरो उदयानन्दकृत "कुलवर्णनकविता" "नेपाली' पूर्णाङ्क १४ बाट थाहा हुन्छ । हुन सक्छ । अधिक पाण्डित्य दर्साउने भएर उनले आफ्नो भट्ट पदवीलाई आचार्यको फुँदो गाँसी दिएर भट्टाचार्य परेका हुन् । जे होस्, भट्टाचार्य उनको ज्यादै मन परेको उपाधि थियो। उनले आफ्ना ग्रन्थहरूमा मात्रै होइन पशुपतिको घण्ट (सम्वत् १८४९ वैशाख) मा समेत यस उपाधिको प्रयोग गरेका छन् । उनको यो घण्ट छत्तिस धार्नीको छ ।

हालै वीर पुस्तकालयबाट पृथ्वीनारायणको जीवनी प्रकाशित भएको छ । सो जीवनी हाम्रो दोस्रो उठानको पृथ्वी साहित्य भन्ने स्तंभ (पृष्ठ २०९)मा पनि नमुनाको लागि केही उद्धृत गरिएको छ । यसको अनुसार थाहा हुन्छ पृथ्वीनारायणको काशीयात्रा हुँदा शक्तिवल्लभ पनि साथै काशी गएका थिए।

"नेपाली" पूर्णाङ्क १४ मा मेरा मित्र ध्रुवप्रसाद अर्ज्यालको सहयोग पाएर मैले उदयानन्दको "कुलवर्णनकविता" का साथै अर्ज्याल वंशावली पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छपाउन पाएको थिएँ । त्यसको उदयानन्दले शक्तिवल्लभलाई साँचै नै काका भन्नु पर्ने देखिन्छ । उद्धवदास (धौलु) का साहिला छोरा जयभद्रका चार छोराहरू थिए । तिनमध्ये माहिला दामोदरबाट मनोहर जन्मिए । तिनै मनोहरका कोखबाट लक्ष्मीनारायणको जन्म भयो । लक्ष्मीनारायणका जेठा छोरा शक्तिवल्लभ हुन् एवं कान्छा छोरा हुन् राधावल्लभ । यसको विपरीत जयभद्रका कान्छा छोरा परशुरामको वंशमा उदयानन्दको जन्म भएको हो । उदयानन्द हुन् विश्वेश्वरका छोरा, विरेश्वरका नाति र इन्द्रमणिका पनाति । इन्द्रमणि हुन् परशुरामका छोरा ।

केही यसो कसै-कसैले शक्तिवल्लभ अर्ज्याल नभएर आचार्य हुन् भन्ने अनावश्यक प्रश्न उठाएका छन् । वास्तवमा यसो भन्नुमा र भानुभक्त आचार्य नभएर अर्ज्याल हुन् भन्न खोज्नुमा केही फरक छैन ।

[च] शिवनृसिंह

शिवनृसिंहको सम्वत् १८६४ मा लेखिएको "वाजहोत्र" मा जुम्लामा बोलिने नेपाली भाषाको लक्षण देखिन्छ । यसै आधारमा यिनी जुम्लाका थिए होलान् भन्न सकिन्छ । यसबाहेक हामी यिनीबारे केही थाहा पाउन्नौं ।

"वाजहोत्र" मा बाजको बारेमा धेरै कुराहरू लेखिएका छन् । साथै यसमा बाज बिरामी पर्दा गर्नुपर्ने उपचारको पनि उल्लेख छ । भानुभक्तभन्दा अगावै नेपाली भाषामा ऐउटा ग्रन्थको रचना गर्ने यो शिवनृसिंहको बारेमा "धौलागिरि" पत्रिकाले (पृष्ठ २) सम्वत् २०१८ मा जनाउ दिनुभन्दा पहिले हामी केही जान्दैनथ्यौं ! उक्त "धौलागिरि" मा शिवनृसिंहको पोस्तकको नाउँ "वाजश्येनलक्षण" छापिएको छ । वीर पुस्तकालयको दर्ताबहीमा यस पोस्तकको यही नाउँ छ । पछि "नेपाली भाषाको कथा" (पृष्ठ २२) मा पनि यिनको यस ग्रन्थको छोटो उल्लेख छापियो, जसमा यसको नाउँ "वाजलक्षण" भएको छ ।

(छ) दैवज्ञ ज्योतिनरसिंह

सम्वत् १८६६ अघारमा यिनले कान्तिपुर बसेर 'तुलसोस्तव' भन्ने स्यानु पुस्तिकाको रचना सिद्धयाएका हुन् । यसमा यिनले आफूलाई गीर्वाणयुद्ध विक्रमका समकालीन एवम् दैवज्ञ शंकरसिंहका छोरा बताएका छन् । दैवज्ञ उपाधिबाट के जानिन्छ भने यिनको व्यवसाय ज्योतिषी, तन्त्रमंत्र इत्यादि थियो। यिनले देव्यापार, गन्यापार जस्ता क्रियापदहरूको प्रयोग गरेका छन् । यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारका क्रियापद अझै पाल्पाहुँदो बोलिने नेपालीमा प्रचलित छन् । यसैको आधारमा ज्योतिनरसिंहहरू पाल्पाबाट आएका हुन् कि भन्ने शंका उठ्छ । हुन पनि सम्वत् १८६१ मा पाल्पाली राजा पृथ्वीपाल सेनको हत्या भैसकेको हुँदा सम्वत् १८६६ तिर त्यहाँका दैवज्ञ ज्योतिनरसिंलाई काठमाडौंमा पाउँदा केही आश्चर्य मान्नु परोइन । ज्योतिनरसिंहको भाषाको विशेषताले हामीलाई जुम्लाको कनकपत्रको सम्झना दिन्छ । यसबारे 'नेपाली भाषाको कथा' (पृष्ट २२–२३) मा पनि केही लेखिएको छ ।

(ज) वाणीविलास पांडे

वाणीविलासले संस्कृतमा केही ग्रन्थहरू पनि रचना गरेका छन् भन्ने कुरा नयराजज्यूले लेख्नुभएको छ "गल्लीमा फ्याँकिएका कसिगर" भन्ने पोस्तकमा । सो पोस्तक हो सम्वत् २०१८ सालमा जगदम्बा प्रकाशनबाट । वाणीविलासले आफूले लेखेका ग्रन्थहरूलाई पनि संग्रह गरेका थिए,जुन ग्रन्थहरू उनको मृत्युपछि नष्ट भएर गए अथवा अर्कैद्वारा हत्याइए भन्ने पछि नयराजज्यूले लेख्नु भएको छ । तर वाणीविलासले नेपालीमा लेखेका पोस्तकहरू अद्यापि कसैले पाए झैं लाग्दैन ! यिनी कहिले जन्मे र कहिले यिनको मृत्यु भयो, यो पनि अज्ञात छ । नेपाल-संस्कृत-प्रसारिणी समितिको अनुरोधले नयराजज्यूले वाणीविलासको जीवनचरित्र(संस्कृतमा)लेख्नु भएको छ रे । हामी वाणीविलासबारे विस्तारमा थाहा पाउन त्यस जीवनचरित्रको प्रकाशन घडीको पर्खाइमा छौं ।

हाम्रो तेस्रो उठानमा परेको सम्वत् १८६८ को वाग्मती–स्तम्भ अभिलेखको अनुसार भीमसेन थापाका यिनी प्रियपात्र थिए भन्ने छर्लङ्गिन्छ, साथै के पनि छर्लङ्गिन्छ भने यिनी राजदर्वारमा पुराण भन्ने पनि गर्दथे । यिनी संस्कृतका ठुला विद्वान् थिए । यिनको प्रतिभाको कदर भएकाले यिनको आर्थिक जीवन संतोषजनक थियो ।

यो वाग्मती स्तंभ अभिलेख "संस्कृत संदेश"पत्रिकामा छापिई सकेको हो तापनि मैले उक्त पत्रिकाबाट नक्कल लिनुभन्दा जाती आफै गएर स्तंभबाटै प्रतिलिपि लिनु ठानें । यस कामको लागि म माटोले पुरिएको अशलाई खोस्रदै थिएँ टुप्लुक्क मेरा मित्र शिवगोपाल रिसालज्यू त्यस घटनास्थलमा पुग्नुभयो । हामी दुई भाइले मिलेर एक वित्तासम्म भुई खोस्रियौं ! यसपछि मात्रै अभिलेखलाई पढ्न सकियो । यस सहयोगको लागि शिवगोपालज्यूको गुनलाई म कबै बिर्सन सक्तिनं ।

उक्त स्तभको अर्कापट्टि वाणीविलास रचित अभिलेखको संस्कृत अंश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि छ । नयराजज्यूको अनुसार संस्कृतको शुद्ध प्रयोग एवं प्रशंसात्मक इतिहासको प्रचलनका दृष्टिले वाणीविलासको अभिलेख नेपालका श्रेष्ठतम तीन अभिलेखमध्येको ठहरिन्छ । नयराजका बाँकी श्रेष्ठतम अभिलेख हुन् सम्वत् ५२१ को मानदेवको स्तंभाभिलेख अनि सम्वत् ७६० को जयदेवको पशुपतिस्थित शिलालेख ।

"पुराना कवि र कविता" मा वाणीविलासले लेखेका कविताहरू छापिएका छन् । तर ती कविताहरू ब्रज भाषाका हुन्, नेपालीका होइनन्।

नयराजज्यूको अनुसार वाणीविलासकृत अरू अभिलेखहरू पनि पत्ता लागेका छन् । ती अभिलेखहरू नेपालीमा छन् अथवा संस्कृतमा यो उहाँले बताउनु भएको छैन । यसकारण हालसम्म टुङ्गो लागेका उनका रचनामा नेपालीचाहिँ यही स्तंभ अभिलेख मात्र हो भन्नुपर्छ । यो एउटा छोटो रचना हो तापनि यसले वाणीविलासको नेपाली गद्यलाई लर्तरो स्तरभन्दा धेरै माथि देखाउँछ ।

सम्वत् १८६३ मा भीमसेन थापाका बाबु अमरसिंह थापाले पाल्पा (तानसेन) मा नारायणको मन्दिर बनाएका थिए । यस मंदिरको ताम्रपत्रमा पनि निकै राम्रोसंग संस्कृतका सिलोकहरू अंकित छन् र आखिरी "संक्षेप भाषा" पनि छ, जो यस प्रकारको छ—

संक्षेप भाषा

जस्का दानले संग्रामले कर्ण अर्जुन व्यर्थ भया, जस्का पुण्यतरु सँतान दर्सतानतलुक वारवार जयफलकन फलाउंछ, जो त सज्जनका मनैरूपी मानसरोंवरमा रहन्या राजहंस हुन् सो साहवंशका मुकुट श्री महाराज नरभूपाल साह गोर्षा सहरमा थिया । सूर्यजस्ता तेजस्वी नाउजस्ता गुण भयाका राजन्मा श्रेष्ठ श्री पृथ्वीनारायण साह तन्देषि भया । ८ दिशाका शत्रुरूपी हातीको नाश गर्दामा सिंहजस्ता प्रतापी श्री महाराज सिंहप्रताप तनवाट भया । एस् पृथ्वीतलमा राजन्का इंद्र श्री रणबहादुर साह तन्का पुत्र भया । पराक्रमका सींवाना, शुन्यानि–वढानिले पिताजस्ता श्री गीर्वाणयुद्धविक्रम साह तनैका पुत्र विराजमान छन् ।

राजाधिराज श्री गीर्वाणयुद्धविक्रम साहका मुख्यमंत्रीका आत्रेय गोत्रमा भयाका वीरभद्र थापा थिया । तनैका पुत्र श्री काजी अमरसिंह थापा । इन्का ७ पुत्र । तन्मा ज्येठा श्री काजी भीमसेन १ नयनसिंह २ वषत्वारसिंह ३ अमृतसिंह ४ रणवीर सिंह ५ रणवम ६ रणध्वज ७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनै श्री काजी अमरसिंहले १७२८ सककालमा १८६३ संवत्मा श्री अमर नारायणको मंदिर बनाइ सिध्याया । शुभं ।

यी 'संक्षेप भाषा' को शैली वाणीविलासको सित मिल्न खोज्छ ।

[झ] "मुन्सी"

इटनले सम्वत् १८७७ मा नेपाली भाषाको एउटा व्याकरण छापेका थिए । त्यसमा उनले व्याकरणका नियम नेपाली वाक्यहरूसित मिल्ने नमिल्ने कुरो पाठकहरूले दाँजून् भन्नाका लागि तीन नेपाली आहानहरू पनि छपाएका छन् । यी आहानहरू उनका मुन्सीले अनुवाद गरेका हुन् भन्ने इटनको भनाइ छ । तो मुन्सी को थिए भन्ने कुरो हामी जान्दैनौं । कति मात्रै हामी जान्दछौं भने त्यसताक फारसी अथवा अंग्रेजीको नेपालीमा र नेपालीको फारसी अथवा अंग्रेजीमा अनुवाद गर्नेहरूलाई मुन्सी भनिन्थ्यो । यसैले हामीले हाम्रा तीन आहानका लेखकलाई "मुन्सी"को संज्ञा दिएर उनको नाउँ थाहा नपाउँदाको बिगोलाई भराउन सकौंला । यी तीन आहानहरू छापिनुभन्दा एक वर्षअगाडि (अर्थात् सम्वत् १८७६) मा लेखिएका हुन् । तर वैयाकरणको नाताले यी आहानहरूमा इटनले पनि आफ्नो दक्ष कलमलाई सम्पादन गर्न छाडा छोडे झैं देखिन्छ, किनभने यी आहानहरूका वाक्य नेपाली कसीमा नघोटिएर बेलाइती कसीमा घोटिएका छन् । यिनलाई पढ्दा, भाषा नजान्ने व्यक्तिद्वारा यी रचिएका हुन् भनेर प्रस्ट थाहा पाईन्छ । तर यो लेखक मुन्सी को दोष नभएर टड्कालै सम्पादक इटनको दोष हो ।

[ञ] पण्डित दैवज्ञकेसरी अर्ज्याल

अर्ज्यालवंशावलीको मसँग भएको प्रतिलिपिमा चक्रपाणिका तीन छोरा थिए भन्ने बताइएको छ, जसमा जेठा वैयाकरणकेशरी, माहिला न्यायकेशरी र कान्छा देवकेशरी हुन् । यी देवकेशरीलाई कवि विद्यारण्यकेशरीका बाबु भनिएको छ । तर बाबुराम आचार्यज्यूले "पुराना कवि र कविता" मा विद्यारण्यकेशरीका बाबुको नाउँ दैवज्ञकेसरी भन्नु भएको छ । यी दुवै प्रमाणहरूलाई भिडाउँदा देवज्ञकेशरीको नाउँ देवकेशरी पनि रहेछ भन्ने जाहेर हुन्छ।

"प्रगति" पूर्णाङ्क १४ मा मैले अर्ज्याल वंशावलीको सहायताले उदयानन्द र शक्तिवल्लभमा भतिजा र काकाको साहिनु थियो भन्ने देखाएको थिएँ । ठिक त्यसै गरी हामी यहाँ अर्को तालिकाको सघोट लिएर उदयानन्द र विद्यारण्यकेशरीमा पनि काका भतिजाको साहिनु भएको छर्लङ्ग्याउने छौं; साथै के पनि छर्लङ्ग्याउने छौं भने स्वयम् विद्यारण्यकेशरी पनि वीरेन्द्रकेशरीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काका पर्थे। यसरी अर्ज्यालवंशले नेपाली साहित्यलाई थालनीदेखि अहिलेसम्म पांच प्रमुख साहित्यिक दिएको रहेछ भन्ने थाहा हुन्छ–शक्तिवल्लभ, ऐजनका भतिजा पर्ने उदयानन्द, उदयानन्दका भाइ पर्ने दैवज्ञकेशरी, दैवज्ञका छोरा विद्यारण्य र विद्यारण्यका भतिजा वीरेन्द्रकेशरी। नेपाली भाषालाई यतिका धेर लेखक अरू कमै वंशले दिएको होला।

दैवज्ञकेशरी नेपाली भाषाका हक्की प्रशंसक थिए। "गोरक्षयोग शास्त्र" भन्ने गद्यरचनाको पुछारमा उनी यसो लेख्तछन्—

श्री गोरक्ष गुरु कृपाश्रय मिलि गोरक्षवाक्यार्थमा।
जो मैले रचनागर्‍यां लषि रिझुन् योगीहरू चित्तले॥
भाषा हो भनि हेलना जनि गरुन् शब्दार्थ जां हरू।
योगाभ्यास नभं रहस्य भिलनु कष्टै छ शब्दार्थले॥

उनले यो ग्रन्थ सम्वत् १८७७ मा मंत्रि रणवीरसिंहको आज्ञा पाएर रचना गरेका थिए।

शाके सप्त शये वयात्रिशमहा शुक्लाष्टमी चैत्रमा।
स्थाने कान्तिपुरि पुरे विरचना पूर्ण (भयो योग) को॥
गोरक्षशतकम् महाअतुलनम् भाषा अपूर्वे भनि।
मंत्रि श्री रणवीरसिंह कृतिको आज्ञा हुंदामा वन्यो॥

यस ग्रन्थको थालनीमा पनि दैवज्ञकेशरीले तीन सिलोकको भूमिका दिएका छन्।

आपना शीर्षमहा सहस्र दलमा तत्वोर्मिका मध्यमा।
तेजोमूर्त्ति विराजमान समझी गोरक्षका पादुका॥
श्री गोरक्ष गुरु कृपाश्रय गरि नाना हठग्रन्थको।
सिद्धान्तार्थ भरी दुवै शतकमा टीका अपूर्वे कहुँ॥१॥
यस् संसारमहा अनेक मतका जंजालमा सार हो।
योगाभ्यास भनि महामुनिहरू सिद्धान्त वांछी तन्या॥
श्री गोरक्ष गुरु प्रसन्न मनले प्रज्ञा भरुन् योगकी॥
श्री कर्णेल् रणवीर मंत्रि वरमा यो ध्याइ भाषा वन्यो॥॥
कहीं विस्तारैले वुझी पनि सवैले नसकिन्या॥
कहीं संक्षेपैले कहनु पनि वरतु नकहिन्या॥
इहा श्री गोरष्ले सकल मत सारार्थ चुनियो।
मनाया सिद्धान्त प्रकट करुणाले जगमहा॥३॥

यी पांच सिलोकहरूले "गोरक्ष योगशास्त्र" को पृष्ठभूमि राम्ररी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बताउँछन् । यस पोस्तकको सम्वत् १९११ भदौमा भएको प्रतिलिपि हाल मदनपुरस्कार पुस्तकालयमा सुरक्षित छ । यस ग्रन्थको सक्कल अथवा अन्य प्रतिलिपि अझै पाइएको छैन ।

तर दुर्भाग्यवश ती कविको नाउँ पत्ता लाग्न सकेको थिएन, यसैले तिनलाई "कवि पण्डित" भन्ने फूलनाउँ दिएर संतोष गर्नु परेको थियो । अनि अहिले "गोरक्ष योगशास्त्र" को अनुसन्धान भएपछि चाहिं कवि पण्डित को परिचय फेला परे जस्तो छ ।

कवि पण्डित र दैवज्ञकेशरीको पद्यशैली उस्तै छ । यिनीहरू दुवैको भाषा उस्तै छ । जुन व्यक्तिको आज्ञा पाएर कवि पण्डितले आफ्नो ग्रन्थ तयार पारेका छन् दैवज्ञकेशरीले पनि त्यही व्यक्तिको आज्ञा पाएर लेखेका हुन् ।

दैवज्ञकेशरीका साहिला छोरा विद्यारण्यकेशरी सम्वत् १८६३ मा जन्मिएका हुन् । अवश्य पनि यस वेला विद्यारण्यकेशरी पाको उमेरका भई सकेका थिए । यसो भन्नलाई एउटा आधार पनि छ । राजेन्द्रको समयमा तयार भएको एउटा वंशावलीमा गीर्वाणयुद्धलाई सिंहासनमा राख्ने काम दैवज्ञकेशरीबाट भएको वर्णन छ भन्ने कुरो कमल दीक्षितज्यू मसँग गर्नु हुन्थ्यो । गीर्वाणको राज्याभिषेक सम्वत् १८५६ मा भएको हो । राज्याभिषेकको समयमा दैवज्ञकेशरीको उमेर ४० वर्षको भए पनि उनको जन्म सम्वत् १८१६ अगावै भएको ठहरिन्छ ।

"हिमानी" पूर्णाङ्क २ मा एकजना पण्डितले रणवीरसिंहको लागि "अश्वशुभाशुभपरीक्षा" भन्ने पद्य ग्रन्थ तयार पारेका छन् भनेर मैले पाठकहरूलाई सूचना दिएको थिएँ । त्यसको समय बाबुराम आचार्यज्यूले सम्वत् १९०१ साल ठहऱ्याउनु भएको थियो तर ईतिहाससंशोधनमण्डलका विचारकहरू चाहिं सम्वत् १९०० लाई यसको प्रमाणिक काल मान्दछन् ।

सिलोकहरूमा विविध छन्द प्रयोग गर्ने अनि अन्त्य अनुप्रासलाई उपेक्षा गर्ने बानी दुवैमा काटीकुटी मिल्दछ । यी कारणहरूले गर्दा नै कवि पण्डितको नाउँ दैवज्ञकेशरी हो भनेर लख काट्नु परेको हो ।

दैवज्ञकेशरीको भाषा र शैली विशुद्ध नेपाली भाषाको नमुना हो । यिनका छोरा विद्यारण्यको भाषा हिन्दीबाट जुठिएको अनि खल्लो छ भने यिनको भाषा चाहिं भानुभक्तको भाषाभन्दा कम परिमार्जित छैन । चाहे गद्यमा होस् चाहे पद्यमा यिनले तत्कालीन नेपालीको रहरलाग्यो प्रयोग गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[ट] विजयानन्द

सम्वत् १८८६ मंसिरमा विजयानन्दले "महाभारत गढापर्व" को नेपालीमा उल्था गरेका हुन् । उनको यो ग्रन्थ २०० भन्दा धेरै पत्रको र अंदाजी १६ अंगुल लामु र १२ अंगुल चौडा छ । विजयानन्द को हुन् र यिनले अरू के कति देन नेपाली भाषामा दिएका छन्, यो हामी जान्दैनौं ।

विजयानन्दको भाषा न धेर राम्रो छ न धेर नराम्रो नै बरु ठिक्कको छ भन्नु ठिक होला ।

[ठ] हीनव्याकरणी विद्यापति

"नेपाली" पूर्णाङ्क १० मा मैले सर्वप्रथम यिनबारे सूचना दिंदा धेरैले के ठाने भने यी विद्यापति मिथिलाकै विद्यापति हुन् । तर यी विद्यापति मिथिलाका विद्यापति नभएर हाम्रै नेपाली विद्यापति थिए । यिनका कविता तर्फ 'सात राग', 'सात नायिका', 'गीतवाणी' पाइएका छन् । गद्यतर्फ चाहिं जयदेवकृत 'गीतगोविन्द' काव्यको अनुवाद पाइएको छ । यिनले भन्दा पहिले रीतिलाई आफ्नो कविताको विषय पारेको उदाहरण अन्त अहिलेसम्म पाइएको छैन । यसैले रीतिकविमा सबैभन्दा जेठा यिनै हुन् ।

यिनको 'गीतगोविन्द' को गद्यशैली घुमाउरो अप्ठेरो छ, तर पनि अम्बरगीर योगीको 'गीतगोविन्द' लाई यसले उछिनेको छ । विद्यापतिको गद्य जटिल भए पनि लयदार छ, तर अम्बरगीर योगीमा लयको अभाव छ ।

यिनलाई हीनव्याकरणीको संज्ञा दिइएको छ, किनभने यिनी आफैले एकभन्दा धेर ठाउँमा आफूलाई व्याकरणदेखि अनभिज्ञ बताएका छन् : 'गीत गोविन्द' को अन्तमा उनी यस्तो लेख्छन्—

गीत्गोविन्द यो काव्य राज्भाषा षोली टीका लेख्यां त्यो सभै ।
हीन्व्याकर्णिकि मेरि यो कवितामा हास्य नहोस संतको ।।

सधुक्कडी अर्थात् जोगीभाषामा 'गीतगोविन्द' को थालनीमै उनी यसो लेख्छन्—

श्रीं गणपति राधा कृष्णजिकों करिके वारंवार प्रणाम शरण ।
विनु वैयाकरण विद्यापति कठिन काव्य गीतगोविन्द भाषाकरण ।।

यसमा भएको 'विनुवैयाकरण' भन्ने पदमा पनि उनले आफूलाई व्याकरणदेखि अनभिज्ञ ठानेको बुझिन्छ । सधुक्कडीको ज्ञान भएबाट यिनी जोगी थिए कि भन्ने पनि शङ्का हुन्छ । वारंवार यिनले गरेको 'संत' हरूको उल्लेखले यस शङ्काको पुष्टि पनि गर्छ । अम्बरगीर जोसमनी संप्रदायका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिए भन्ने प्रमाणित भई सकेको छ, तर विद्यापतिको जोसमनी सम्प्रदायसंग साहिनु थियो थिएन, अझै टुंगो लागेको छैन ।

यिनले नेपाली भाषालाई राजभाषा भनेका छन् । वास्तवमा भीमसेन थापाले भर नेपालमा नेपाली भाषालाई आवश्यक प्रशासकीय साधन बनाएका हुनाले यसलाई राजभाषा भन्ने चलन लेखक कविहरूको समाजमा चल्दै जानु स्वाभाविक थियो ।

विद्यापतिको विषयमा मैले "रचना" पत्रिकामा पनि केही लेखेको छु । यिनि सम्वत् १८५० भन्दा अगावै जन्मीसकेका थिए होलान्, कारण सम्वत् १८८८ मा यिनको उमेर चालिस वर्षभन्दा कम त पक्कै पनि थिएन ।

[ड] ललित त्रिपुरसुन्दरी

"राजधर्म" को अनुवाद ललितत्रिपुरसुन्दरीले गरेकी हुन् अनेर अधिकांश विचारकहरूले मानेका छन् । भुवनानन्दले अन्तर्लापिकामा 'ललिता' र 'इ रानी वचन्' भन्ने लवज प्रयोग गरेकाले नै विचारकहरूले यस्तो मान्नु परेको हो । तर भीमसेन थापाको झैं नियन्त्रणपूर्ण शासनमा "राजधर्म" पढ्ने अनुमति ललिताले पाई होलिन् भन्ने कुरो इतिहास शिरोमणि बाबुराम आचार्यज्यूले पत्याउनु भएको छैन । तर आफ्ना पतिको मृत्युपछि आफ्ना नाबालख पुत्रको भविष्यनिर्माणमा एउटी राजमाताले सुटुक्क भए पनि चिन्ता गर्नु स्वाभाविकै भएकाले "राजधर्म" जस्तो राजनैतिक ग्रन्थलाई रानी ललिताले वास्ता गरेकोमा आश्चर्य मान्नुपर्ने केही कारण देखिन्न ।

ललिता महारानीमा यति उच्चस्तरको संस्कृत नेपालीमा ग्रन्थ उल्था गर्न सक्ने योग्यता थियो भन्नेमा पनि शिरोमणिज्यूलाई संकै लागेको छ । यसैले उहाँ जङ्गबहादुरकी जुनानामक कुनै भित्र्यानी रानीको नाउँ नै ललिता थियो होला र भुवनानन्दले आफ्ना बाबु सुन्दरानन्दको कृति तिनै जुना अर्थात ललितालाई टक्याउनको लागि प्रतिलिपि गरे होलान् भन्ने मत व्यक्त गर्नु हुन्छ । भुवनानन्दको अन्तर्लापिकाको ललिता भन्ने लवजको समाधान उहाँ यसरी गर्नु हुन्छ ।

तर "इ रानी वचन" लाई चाहिं शिरोमणिज्यू "इरानी वचन" अर्थात् फार्सी वचन मान्नु हुन्छ । यसो गरेर । उहाँले आफ्नै अघिल्लो तर्कलाई कम उपयोगी पार्नु भएको छ । यदि रानी वचनलाई इरानी वचन तुल्याउनु थियो भने शिरोमणिज्यूले धुइँधुइँति जुना रानीको अनुसंधान गरेर के लाभ पाउनु भयो, यो बुझ्न सकिएन । फेरि आश्चर्य त के कुरामा लाग्छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"राजधर्म" मा अरबेली-फार्सेली शब्दहरू त्यति मात्रामा देखिन्नन् जति मात्रामा ती समकालीन अन्य लेखकका कृतिमा पाइन्छन् । उदाहरणार्थ हाम्रो तेस्रो उठान (पृष्ठ ३१८-१९) मा झण्डै तीन सय शब्द छन्, तर तीनमा अरबेली-फार्सेली शब्द दुई प्रतिशत मुस्किलले पुग्लान् । यसकारण हामीलाई "राजधर्म" को निम्ति 'इरानी' शब्द आवश्यक छैन ।

फेरि जहाँसम्म ललिताको लागि ललितत्रिपुरसुंदरीलाई हटाएर जुनालाइ अङ्गीकार गर्ने प्रश्न छ, यो आवश्यक होला जस्तो लाग्दैन । भएको ललितालाइ त्यागेर नभएकी ललिताको अनुसंधान गर्नुलाई प्रशंसनीय काम भन्न सकिन्न । भानुदत्तको "जस मनुष्यल निश्चल भयाको वस्तु छोडिकन अथिर वस्तुको इछा गरोस् तसको निश्चल वस्तु पनि हात रहंदैन, अथिर वस्तु ता गयैको छ" भन्ने वाक्यको यहाँ सम्झना हुन्छ । स्थिर ललितत्रिपुरलाई त्यागेर अस्थिर जुनातर्फ लाग्नु यसैले असल होइन । यसकारण ठोस प्रमाण नपाउन्जेल "राजधर्म" ललितत्रिपुरसुन्दरीको कृति होइन भन्ने शिरोमणि-ज्यूको मतमा सहमति देखाउन सकिन्न ।

यिनको मृत्यु सम्वत् १८८८ मा भएको हो । तर यिनको जन्मको ठेगान लागी सकेको छैन । "नेपाली" पूर्णाङ्क ९ मा छापिएको एउटा वंशा-वलीको स्यानु अंशमा मर्ने बेलामा यिनको उमेर ३८ वर्षको थियो भनिएको छ । तर अष्टांक संख्याको काकताली मिलाउने धुनमा उक्त वंशावलीले ५६ वर्षका भीमसेन थापालाई २ वर्ष थपेर ५८ वर्ष पारेको छाँटले ललिताको उमेरमा पनि एक दुई वर्षको थपघट गरिएन होला भन्न सकिन्न । एकथरी अन्वेषकहरूले ललिताको जन्मोत्सवको एउटा लेखोट पाएका छन्, र जसको अनुसार मर्ने बेलामा उनी ३८ वर्ष भन्दा केही वर्ष बढ्तैकी थिइन् भन्ने देखिन्छ रे । हामी उक्त लेखोटको प्रकाशन प्रतीक्षामा छौं ।

[ढ] भवानीदत्त पाँडे

गौतम गोत्रका पलेउ पाँडेकुलमा सम्वत् १८९८ मा रामनारायणका छोरा कुलनिधिका नाति भवानीदत्त पाँडेको जन्म भएको हो । भवानीदत्तका काका मणिराम (तारानिधि) संस्कृतका मर्मज्ञ थिए । उनले अनेकौं संस्कृत-ग्रन्थहरूको निर्माण गरेका थिए, जसमध्ये "पतिव्रताधर्म" ग्रन्थलाई सम्वत् १९५२ मा राजीवलोचनले नेपालीमा अनुवाद गरेका थिए । स्वयम् राम-नारायण र कुलनिधि पनि संस्कृतमा लेखपढ गर्थे भन्ने नयराजज्यूको भनाइ छ (हेर्नोस् ग. पर्या. क. पृष्ठ १९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षितकुलमा जन्मिएका भवानीदत्त पाँडेले आफ्ना गुणहरूद्वारा तत्का. लीन अमात्य भीमसेन थापालाई रिझाउन सके र दर्बारसम्म पनि उनको प्रवेश भयो ।

भवानीदत्तले नेपाली भाषामा असंख्य कृतिहरू रचेका थिए होलान्, तापनि फेला चाहिँ उनका पाँच कृति मात्र परेका छन् । दुर्भाग्यले ती पनि सबै अपूर्ण रूपमा फेला परेका छन् । ती हुन्–

(क) मुद्राराक्षस
(ख) आत्मबोध
(ग) महाभारत
(घ) मार्कण्डेय पुराण
(ङ) हितोपदेश

योगी अम्बरगीर बाहेक अरू पुराना लेखकहरूमा कसैले यति धेरै गद्य-ग्रन्थहरू नेपाली भाषालाई दिएको थाहा पाइएको छैन ।

भवानीदत्त पाँडेको नेपाली गद्यसाहित्यमा महत्वपूर्ण स्थान छ । उनको भाषा सजिलो र रोचक हुनाका साथै अर्थपूर्ण पनि छ । वेदान्त जस्तो रुखो विषयलाई पनि उनले जाँगरका साथमा बोधगम्य र सजिलो पारीदिएका छन् । यसरी वेदान्तलाई बोधगम्य पार्न योगी अम्बरगीरले पनि सकेका थिएनन् ।

भवानीदत्तबारे विशद चर्चा "गल्लीमा फ्याँकिएका कसिगर" मा सुलभ छ । उक्त पोस्तक नै आजसम्म भवानीदत्तविषयक एक मात्र सूचना स्रोत छ ।

(ण) योगी अम्बरगीर

"धौलागिरि" को पहिलो अङ्कमा मैले अम्बरगिरिको उल्लेख गरेको थिएँ । तिनै अम्बरगिरिलाई तेस्रो उठानमा अम्बरगीर पारिएको छ किनभने उनले सर्वत्र आफूलाई यसै नाउँले चिनाएका छन्। वीर पुस्तकालयको लगत-मा यिनलाई अम्बरगिरि मानिएको छ । तर अम्बर(आकाश)र गीरा(वाणी) बाट बनेको अम्बरगीर स्वयम् शुद्ध शब्द भएकाले त्यसलाई सच्याई रहने कुनै चासो होला जस्तो मलाई लाग्दैन ।

"नेपाली" पूर्णाङ्क १४ मा एक ठाउँमा जनकलाल शर्माज्यू लेख्नु हुन्छ, "शशिधरका 'वैराग्यांवर' नामक पुस्तकको गद्य आजको परिमार्जित भाषाको दृष्टिबाट पनि निम्नकोटीमा आउँदैन ।" उरुदासको हस्ताक्षरमा सम्वत् १९२४ मा लेखिएको एउटा 'वैराग्यांवर' हाम्रो तेस्रो उठानमा (पृष्ठ ३३९) पनि छापिएको छ, जसको 'असमनको भाषा' भन्ने शीर्षक छ। अम्बर-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरले गरेका अनुवादहरू मध्ये यस 'असमनका भाषा' को नाम पछिसम्म 'वैराग्यांवर भाषा' रहीरह्यो । यदि यही ग्रन्थको चर्चा जनकलालज्यूले गर्नु-भएको हो भने यसलाई शशिधरको नमानेर अम्बरगीरकै मान्नुपर्छ ।

अम्बरगीरका कृतिहरू उनकै हस्ताक्षरमा पाइएका छैनन्, प्रतिलिपि-कारहरूका हस्ताक्षरमा मात्र प्राप्त हुन सकेका छन् । अहिलेसम्म पाइएका उनका कृति हुन्—

(क) गीतगोविन्द–कुनै अज्ञात व्यक्तिको हस्ताक्षर ।
(ख) ब्रह्मयज्ञवेदान्त–पद्मदासको सं. १८९१ भदौको हस्ताक्षर ।
(ग) ब्रह्मयज्ञउपनिषद्–पद्मदासको सं. १८९१ असारको हस्ताक्षर ।
(घ) योगवाशिष्टसार–पद्मदासको सं. १९१२ को हस्ताक्षर ।
(ङ) असमनको भाषा (वैराग्यांवर)–गुरुदासको सं. १९१२ को ह.
(च) वेदान्त– — — — — — —

राम्ररी विश्लेषण गर्ने हो भने अझै पनि धेरै ग्रन्थहरू अम्बरगीर योगीका भेटिने छन् । यसको लागि हामीले एकपल्ट वीर पुस्तकालयलाई चाहार्नु छ । पद्मदासले प्रतिलिपि गरेका वेदान्त सम्बन्धी जम्मै ग्रन्थहरू अम्बरगीरकै ठहरिनु पनि असंभव छैन ।

वैराग्याम्बर भाषाले बताउँछ अम्बरगीर योगी पनि जोसमनी संप्र-दायका अनुयायी थिए । यिनको समय ठिक ठिक कहिलेदेखि आरंभ भयो यो भन्नु अहिले अप्ठेरो छ, तर पनि सम्वत् १८९१ भन्दा धेरै अघि नै यिनका ग्रन्थहरू जोसमनी साधुहरूका संप्रदायमा फैली सकेका थिए । शशिधर भन्दा यिनी जेठा हुन् होइनन् यो किटेर भन्न नसकिएला तर यिनी शशिधर भन्दा धेरै कान्छा अवश्य थिएनन् । यदि जनकलालज्यूले वैराग्यांबर भाषामा शशि-धरको नाउँ पाउनु भएको छ भने त हामी अम्बरगीरलाई शशिधर भन्दा जेठा पनि भन्न सक्छौं । यस हालतमा जोसमनी संप्रदायका प्रवर्तक शशिधर पनि अम्बरगीरका चेला हुनेछन् । यिनी कहिलेसम्म जीवित थिए, यो पनि थाहा पाइएको छैन, तर सम्वत् १८९० सम्ममा अवश्य पनि यिनको देहाव-सान भैसकेको थियो र त्यसताक यिनका कृतिहरू जोसमनि संप्रदायमा पवित्र वस्तु मानिन लागी सकेका थिए ।

शशिधर स्वामी झैं अम्बरगीर योगी पनि जोगी बोलीमा कविताको रचना गर्थे भन्ने निम्नलिखित दुई सिलोकहरूले थाहा दिन्छन्—

जाहाँ कृष्ण तहाँ राधा, नही कृष्ण जहाँ ना राधा ।
इनु इनुका मील कहिं न आवे अम्बरगीर वाधा ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(गीतगोविन्द)

मन माया दुनु एक है मनै माया समाई ।
तिनलोक संसय पडि काको कहुँ बुझाई ।।

(वेदान्त)

यिनी लहंड चलेको बेलामा विद्यापति र ज्ञानदिल झैं नेपाली भाषामा पनि गीत गाउँथे—

एकै छ ब्रम्ह व्यतिरिक्त अर्को दोश्रो छैन ।
मनै मोक्ष मनै बन्ध मनै देवा निरजना ।।

(ब्रह्मयज्ञ वेदान्त)

यिनको भाषा त्यति शुद्ध छैन जति यिनका समकालीन शक्तिवल्लभ र दैवज्ञकेशरीको छ, तर यिनी विषयको विविधतामा अद्वितीय छन् । यिनको गणना नेपाली भाषाका परमसेवकहरूकै कोटिमा हुनुपर्छ ।

(त) नीलकवि

सम्वत् १८९४ मा एकजना नीलकवि भन्ने व्यक्तिले रुद्राक्षमाहात्म्यको टीका नेपाली भाषामा गरेर राजेन्द्रविक्रम शाहका नाउँमा समर्पण गरेका छन्। यिनको बारेमा हामीलाई आजसम्म केही थाहा भएको छैन । यी नीलकविले कुनै कविता पनि गरेका होलान्, जो अझैसम्म खोजिएको छैन ।

(थ) पदम शर्मा

यिनी पनि संभवत: जोसमनी संप्रदायका व्यक्ति थिए । यिनले आफूलाई 'हरिदासको दास' भनेका छन्, यसको मतलब हो उनका गुरु हरिदास थिए । यिनी पहिले बाहुन थिए, तर जोसमनी संप्रदायमा प्रवेश गरेपछि पनि यिनले आफ्नो पुरानु 'शर्मा' पदवीलाई एक ठाउँमा प्रयोग गरेका छन्, अन्तचाहिं या त यिनी पद्मदास छन्, या पद्मदास भक्त,या चाहिं केवल पद्म मात्रै। हरिदासका दास, पद्म शर्मा, पद्मदास र पद्मदास भक्तहरूलाई एकै व्यक्ति ठहऱ्याउन हस्ताक्षरको साम्यले सघाएको हो भन्ने कुरो त यहाँ बताई रहनु नपर्ला ।

यिनी प्रधानत: लेखक होइनन् । असंख्य,नेपाली र संस्कृतका ग्रन्थहरूको प्रतिलिपि यिनको हस्ताक्षरमा पाइएका छन्, यिनमध्ये यिनका आफ्नै कृति हद भए एउटा मात्रै होला । वास्तवमा यिनी साक्षर मात्रै थिए, पठित थिएनन्, यसैले यिनले गरेका प्रतिलिपि पनि उति शुद्ध छैनन् । यति हुँदा हुँदै पनि रामायण लङ्काकाण्ड चाहिं सत्संगमा सुनेर कमाएको ज्ञानको भरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनले रचना गरेजस्तो छ । प्रतिलिपि ग्रन्थहरूमा यिनले सर्वत्र दास पदवी लेखेका छन्, तर यस ग्रन्थमा चाहिं यिनी 'शर्मा' भएका छन् ।

सम्वत् १८८८ को कात्तिकमा यिनले गरेको एउटा प्रतिलिपिमा आफ्नो ठेगाना पशुपतिको शंकरगुफा बताएका छन्। सम्वत् १९२० को अर्को प्रतिलिपिमा चाहिं यिनी विष्णुमति नेरको बुराङखेल (भुराङखेल) मा देखिन्छन् । वृद्धावस्थामा यिनले भुराङखेललाई नै रोजेको बुझिन्छ ।

यिनी लहडी स्वभावका थिए । यिनले लेखेका प्रतिलिपि कुनै हेरी रहूँ जस्ता राम्रा अक्षरमा छन्, कुनै चाहिं केटाकेटीका झैं नराम्रा अक्षरमा । ठाउँ ठाउँमा यिनले किरङमिरङ चित्रहरू पनि कोरेका छन् ।

भलै लेखकको रूपमा पदम शर्मालाई हामी महत्त्व नदिऔं तर लिपिकारको रूपमा पदम शर्मा अद्वितीय छन् । आधा शताब्दीसम्म पदम शर्माले झैं मन लाएर नेपाली ग्रन्थलाई लगातार लिपिबद्ध गर्ने काम अरू कसैले अङालेको पाइएको छैन ।

[द] सुन्दरानन्द बाँडा

सुन्दरानन्दको जन्म पाटनको ओकुबहाल (रुद्रवर्णमहाविहार) मा भएको हो । अझै उनका वंशजहरू त्यसै बिहारसित सम्बन्धित छँदैछन् । यिनी कहिले जन्मे र कसको कोखमा जन्मे यो अनुसंधान हुन अझै बाँकी छ ।

यिनी साधारण कुलका व्यक्ति भएकाले आर्थिक समस्याले यिनलाई निकै पिरोल्ने गरेकोले होला यिनले आफ्ना कविताहरूमा भीमसेन थापालाई रिझाएर धनप्राप्ति गर्न निकै सक्रियता देखाएका छन् । "त्रिरत्न सौंदर्यगाथा" भन्ने काव्यलाई समेत यिनले भीमसेन थापाको आज्ञा पाएर रचना गरेको हुँ भनी लेखेका छन् ।

यिनी संस्कृतका उद्भट् विद्वान् थिएनन्, किनभने यिनका रचनामा (विशेषत: पद्यमा) त्रुटिहरू निकै देखिएका छन् । तर पनि यिनको पुरेताईको लागि आवश्यक सामान्यज्ञानमा पर्याप्त प्रवेश थियो । यिनले त्रिरत्नसौन्दर्यगाथा" को रचना आफैंले गरेका हुन् । त्यसको नेपाली अनुवाद पनि यिनी आफैंले गरेका हुन् । यसबाहेक अध्यात्मरामायणको यिनले गरेको अनुवाद पनि जगदम्बा प्रकाशनबाट छापिएको छ । यी दुई ठुला ग्रन्थबाहेक यिनले नेपालीमा ११ सिलोक नेवारीमा ५ सिलोक र एक ढङ्गको जोगी बोलीमा १४ सिलोकको रचना गरेका छन् । "त्रिरत्नसौन्दर्य" मा सरदर २१९ संस्कृत सिलोक छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनी यस प्रकारले नेपालीमा कविता लेख्थे—

बलीया मानिसले वल मिचि लियाका सहि भया ।
कहाँ पाऊं नीसाप् जनरलविना भूमिभरमा ।।
प्रभु स्वामीजीका धरममय अर्द्धाङ्गमुरुती ।
दुनीयाका स्रेस्ता दुनिञसित राष्न्या धरमि हुन् ।।

नेवारीमा उनका कविता यस्ता हुन्थे—

न्हुं न्हुं दुन्ख अपालयां ततुतत न्हुं न्हुं मही तादतं ।
सुं सुं सुं झसुकाल तं ततुतयां छुं छुं मफू ज्या थिए ।।
धंधा तुं मनसं जुलो धन मडू धधा सदा दामया ।
हा हा दैव थनी छिगू दरशनं दौर्भाग्य मोचं जुलो ।।

उनका तथाकथित जोगबोलीका पद्य यस छाँटमा लेखिन्थे—

तोत् वंदूक दिगन्तकांपित शवुद् गर्जन् महामेघ है ।
वृष्टी होत असर्फि मोहर पथर् दारिद्र्य दुर् जात है ।।
काला वत्तुक चिन् घसाकि विजुली चम् चम् चमत्कार है ।
श्रीराजेन्द्र शचीशका सुमहिमा बोल्ना त शक्ता न है ।।

नेपाली भाषाको निर्माण र पोषणमा खसेतर नेपालीहरूले पनि थालनी-देखि नै चाख लिएका हुन् भन्ने कुरा सुन्दरानन्दका कृतिहरूले बताउँछन् । सुन्दरानन्द बाँडा नेवार भए पनि उनले नेपाली भाषा उपर पूर्ण आधिपत्य जमाएका थिए । यिनको भाषामा देखा पर्ने त्रुटिहरूको संख्या कमै छ भने हुन्छ । हुन पनि कुनै भाषामा अध्यात्मरामायण जस्तो ग्रन्थकै अनुवाद भाषाको मर्मज्ञले मात्र गर्न सक्छ । आजको भाषालाई कसी बनायौं भने हुन सक्छ यिनको भाषा अशुद्ध ठहरियोस्, तर त्यस बेलामा अन्य लेखकहरूको भाषासँग यिनको भाषालाई दाँज्दा छिः भन्न सकिएला जस्तो लाग्दैन ।

यिनको "त्रिरत्नसौंदर्यगाथा" (धनवज्र वज्राचार्यद्वारा सम्पादित) मा यिनबारे पाइएका जति कुराहरू लेखिएका छन् ।

[ध] मेजर रघुवीरसिंह

यिनको सान्तिसटक् अर्थात् शान्तिशतक सम्वत् १९१९ मा लेखिएको हो । यिनी पाटनमा वस्थे । यसदेखि बाहेक यिनबारे हामी मूक छौं ।

[न] भानुभक्त आचार्य

सम्वत् १८७१ सालको असारको उनन्तिसौं दिनका भानुलाई मुख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखाउनै नदिई वर्षाकालीन परिस्थिति गजधम्म परीरहेको थियो,ठिक यस्तैमा सिमसिमे पानी र धामधुम्मे मेघको अस्तित्वलाई रतीभर नमानी तनहुँ इलाकाको चुँदी व्यांसीमाथिको रम्घा गाउँमा धनञ्जय आचार्यको घरमा एउटा भानुले मुख देखायो । न्वारानको दिन जब यस शिशुलाई भानुको नाउँ दिइयो, त्यसबेला सकै के कुरो कसैलाई थाहा थिएन होला भने पछि गएर यो शिशु नेपाली साहित्याकाशमा भानु नै झैं चम्किनेछ । हामी यस शिशुलाई भन्छौं भानुभक्त आचार्य ।

भानुभक्त मावली पोल्याङ गाउँका पौडेलहरू हुन् र उनका ससुराली भानुङ गाउँका खनालहरू हुन् । यिनका जिबाबु श्रीकृष्ण आचार्य एक पठित व्यक्ति थिए । भानुभक्तका बाबु धनञ्जय श्रीकृष्णका जेठा छोरा हुन्। धनञ्जय पाल्पा मालमा हाकिम खरदार भएका थिए । भानुभक्तलाई सिकाउन सघाउन श्रीकृष्ण आचार्यको ठूलो हात रहेको छ । श्रीकृष्ण आचार्य बडा धर्मात्मी उत्साही व्यक्ति थिए । उनले ठाँटी, पाटी र बगैंचाहरूको निर्माण गरेका थिए ।

वृद्धावस्थामा श्रीकृष्ण आचार्य काशीवास गर्न जाँदा भानुभक्त पनि काशी गएका थिए । यसै बेला उनको राम्रो पठन पाठन भएको हो। उनी पाँच छ वर्षसम्म काशीमै बसे र जिबाबुको मृत्यु भएको एक वर्षपछि घर फर्के ।

सम्वत् १८८२ मा राजेन्द्रवीरविक्रमका पालामा भानुभक्तका बाबु धनञ्जयले काठमाडौंको महाबौद्ध टोलमा एउटा घर पाएका थिए, जसको लालमोहोर यस्तो छ–

श्रीपशुपति २ श्रीलुचुमुलु ३

श्रीबडाजिव्यूबाज्याज्यू १

स्वस्तिश्री गिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत श्रीमन्माहराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह बहादूरसम्सेरदेवानां सदासमर विजयीनाम् । आगे तनहु वस्न्या षर्दार धनंजय उपाध्या आचार्जके । कर्णेल उजीरसिंह थापालाई विरामी भै १ मा लैजादा संकल्प गरि दान गर्नकन वक्स्याको घर १ अघि २ नेपाल प्रवेश हुदा महाबौद्ध ढोका छेउका जैमुर्गसि ज्यापुहरुका घर पाताल हरि लछिमन् षवासहरुलाई वास दि राष्याको महाबौद्ध ढोकाछेउका घर पाताल, तस्को साध–जैमुर्गसि ज्यापुका घररधाला पातषौको वारि पातालदेखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिम, कपतान प्रसादसिंह बस्न्यातले चर्र्याको वारिका पर्षालदेषि उत्तर, थाकुसि ज्यापुको घर र वारि पातालदेषि पूर्व बाटोका जिमी र जैमुगसि ज्यापुका पौकोदेषि दछिन् ।

येति सांघमित्र घर षा २ हात १८ अंगुल २२, पाताल षा ११ हात २० अंगुल १२ लछिमन् षवासहरुका वास हानि विर्ता गरि बक्स्यौं । येस् घरको छेडिमा ३ का षत राषन दिनु पर्छ । यो विर्ता साघ लाउँदा सधियार जयदेउ पंठ, मोदनाथ अर्ज्याल, गोकुल षनाल, दलसुर बोहोरा, डिठा कालीदास, कर्मिनायक विनरसि गोपाल, भांनारान्, लह्रपति, जनघलसि संतान दरसंतान प्रज्यंत विर्ता जानि भोग्य गर । ईति सम्वत् १८८२ साल मिति चैत्र सुदि ३ रोज ३ सुभम् ।

पत्रको पछाडिपट्टि मार्फत्मा सही गर्नेहरू छन्— मार्फत भक्तवीर थापा, मार्फत भीमसेन थापा, मार्फत कालीदास, मार्फत प्रसादसिंह वस्न्यात् ।

भानुभक्तले केवल पद्यमा मात्रै हात चलाए भने हुन्छ । उनको पद्य-रचनाहरू रामायण, रामगीता, वधूशिक्षा, भक्तमाला र प्रश्नोत्तरी हुन् । यी पाँच पोस्तकहरूमा रामायण नेपाली समाजमा जति प्रतिष्ठित हुन सक्यो त्यति अरू कुनै ग्रन्थ हुन सकेनन् । रामायणलाई लिएर नै भानुभक्त नेपालका घर घर प्रसिद्ध भएका हुन् ।

मोतीरामको अनुसार भानुभक्तले सम्वत् १९१९ मा 'वधूशिक्षा' को रचना गरेका हुन् । तर हाल वीर पुस्तकालयमा पाइएको'वधूशिक्षा'मा सम्वत् १९१३ लेखिएको छ । यसमा १७ सिलोक छन् । यी सत्र सिलोकहरू आज-सम्म प्रचलित भानुभक्तकृत "वधूशिक्षा"का कुनै सिलोकहरूसँग मिल्दैनन् । यिनले गर्दा एउटा जटिल समस्या उत्पन्न भएको छ । भानुभक्तको सक्कली "वधूशिक्षा" यही हो कि भन्ने मेरो मनमा उठेको छ (हेर्नोस् "रूपरेखा" २०२० सालको अंक)"वधूशिक्षा" को रचना एकदम मौलिक त होइन होला, किनभने "लक्ष्मीधर्मसम्वाद" भन्ने संस्कृत ग्रन्थको र "वधूशिक्षा"को विषय मिल्छ । यसै संस्कृत ग्रन्थबाट भानुभक्तले आफ्नो "वधूशिक्षा" तयार पारे होलान् । तर उनको सिप र कलात्मकताले गर्दा यो ग्रन्थ पढ्दा हामीलाई मौलिक जस्तै लाग्छ ।

भानुभक्तको"भक्तमाला"का प्रथम १५ सिलोकहरूको अनुवाद संस्कृतमा पनि भएको छ । अनुवाद पाल्पाका ढुण्डिराज पण्डितले गरेका हुन् भन्ने बाबुराम आचार्यको भनाइ छ, तर नरनाथ आचार्यको अनुसार भानुभक्तका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहिला बाबु पद्मनाभका नाति पण्डित विश्वनाथले त्यो अनुवाद गरेका हुन् ।

प्रायः भानुभक्त अहंकारी र अभिमानी थिए भन्ने कुरालाई लिएर मानिसहरू निम्नलिखित सिलोक अघि साछंन्–

भानुभक्त भनी प्रसिद्ध नरमा जस्को छ नाऊँ पनी ।
घर् तिन्को तनहुँ छ वेसि चूंदि हो गाऊँ छ रम्घा भनी ।।
प्रख्यात् छन् सवलोकमा ति गुणि हुन् विद्वान् बडा खुप् थिया ।
यो प्रश्नोत्तर बुझ्नलाइ सजिलो भाषा वनाई दिया ।।

तर नरनाथ आचार्यले यस सिलोकलाई छविलाल पाल्पालीको कृति मान्नु भएको छ । छविलाल पाल्पाली संस्कृत पढ्नलाई रम्घा जाने गर्थे र त्यसै समय उनी भानुभक्तको सम्पर्कमा आएका हुन् भन्ने नरनाथज्यूको भनाइ छ । यी छविलालको जन्म सं. १९५० र मृत्यु सं. १९७९ मा भएको हो भनेर नरनाथज्यूले नै थाहा दिनु भएको हो ।

भानुभक्तको बारेमा लेखिएका ग्रन्थहरूको संख्या धेरै छ, तर तिनीहरूमा प्रमुख चाहिं यी चार हुन्–

१—कवि भानुभक्तको जीवनचरित्र (मोतीराम, सं. १९४८)
२—कवि भानुभक्त (ब्रह्मशमशेर, सं. १९९५)
३—भानुभक्त स्मारक ग्रन्थ (सूर्यविक्रम सम्पादित, सं. १९९७)
३—सच्चा जीवनचरित्र (नरनाथ आचार्य, सं. २०१७)

यी चार ग्रंथहरूमा सबैको मत एकै छैन तापनि नरनाथ आचार्यज्यू भानुभक्तकै कुलमा जन्मिएका व्यक्ति भएकाले राय बाझेको ठाउँमा नरनाथज्यूलाई नै हामीले प्रामाणिक मान्नुपर्छ । यदुनाथ खनालज्यूले भने झैं जीवनी साहित्यको कलात्मक पक्ष र वैज्ञानिक दृष्टिकोणमा मोतीरामले लेखेको जीवनी नै श्रेष्ठ ठहरिएला । तर सार्थ के कुरो पनि हामीले बिर्सनु हुन्न भने रगतको साहिनुले गर्दा नरनाथज्यूले भानुभक्तबारे धेरै कुराहरू जान्न पाउनु भएकाले उहाँले लेखेको जीवनी तथ्यसंग्रहमा श्रेष्ठ हुन पुगेको छ ।

भानुभक्तबाट हामी प्रशस्त देन पाउने थियौं तर, हाम्रो दुर्भाग्यले गर्दा यिनका बाबु धनञ्जयको मृत्युपछि यिनी कुमारीचोकका कर्मचारीहरूको फन्दामा परे । व्यवहारले गांजिकाले यिनी अत्यन्त बेफुर्सती भए । यस्तो हुँदा हुँदै पनि यिनले नेपाली साहित्यलाई जे जति कृति दिएका छन् तिनलाई लिएर हामी यिनको सह्रनी गर्न बाध्य हुन्छौं ।

यिनी चउन्नको उमेरलाई समाप्त गरेर पच्पन्नतर्फ लम्कन मात्र के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागेका थिए यिनलाई एकाएक ज्वरो आयो । कविका दूरदर्शी अन्तर्दृष्टिले आफ्नो अन्तिम घडी नजिक आएको थाहा पाई हाले । यिनले ज्वरोको तापमा छटपटाईरहेको बेलामा "रामगीता" को रचना गरे । यिनका बाइस वर्षको उमेरका छोरा रमानाथले "रामगीता"को मूलसंस्कृत पढ्दै गए अनि यिनले चाहिं त्यसलाई नेपाली भाषामा श्लोकबद्ध पार्दै लगे ।

"रामगीता"को रचना पनि सकियो । कविलाई पनि ज्वरोले छोड्यो। ज्वरोले त छोड्यो तर उनको शरीर अझै पनि कम रुग्ण थिएन । यस्तैमा सोह्रसराध आयो । कविले पिता धनञ्जयको सराध गरे । त्यसै दिन अचानक कविको ज्वरो बल्झियो यसपल्ट चाहिं उनी सदाको लागि ओछ्यानमा पल्टिए । अनि १९२५ सालको दशैंलाई छेक्तै उनी शुक्ल अष्टमीको दिन पारेर मर्स्याङ्दी नदीका किनारमा नेपाली समाजदेखि विदा भएर पञ्चतत्वमा बिलाए ।

भानुभक्तले गद्यमा कुनै साहित्यिक रचना गरेनन्, तर पनि उनका केही चिठी र लेखोटहरूले उनको बोली, थियो, बानी र बेहोराको नक्सा खिचेर हामीछेउ उनको मानसिक मूर्ति उभ्याई दिन्छन् । यस्ता केही चिठी र लेखोटहरू हाम्रो तेस्रो उठानमा परेका छन् ।

[प] बेनामी ग्रन्थहरू

१–सम्वत् १८७५ को	दशकुमार चरित
२–सम्वत् १८७८ को	बाइबल
३–सम्वत् १८८४ को	बाइबल
४–सम्वत् १८८९ को	आदिपर्व
५–सम्वत् १८९० अगावैको	रामाश्वमेध
६–सम्वत् १८९४ तिरको	सुरेन्द्रको पाठ्यपुस्तक
७–सम्वत् १९०९ अगावैको	इङ्गलिस्तान वंशावली

[फ] अभिलेखहरू

नयाँ नेपालको गठन भएपछिका अभिलेखहरूलाई हामी तीन खण्डमा विभाजित गर्न सक्छौं—राजाका रुक्का, स्याहमोहोर लालमोहोर इत्यादि, राजकर्मचारीहरूका प्रशासन सम्बन्धी पत्रहरू, अन्य चिठीपत्रहरू ।

सिंहप्रताप, रणबहादुर, गीर्वाणयुद्ध र राजेन्द्रविक्रमहरूका रुक्का; स्याहमोहोर र लालमोहरहरू नै यस कामका पहिलो प्रकारका अभिलेख टह-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रिन्छन् । यी राजाहरूले जारी गरेका ताम्रपत्र र शिलापत्रहरू पनि यसै वर्गमा आउँछन् । यिनलाई राम्ररी संग्रह गर्ने हो र वर्गीकरणका साथमा प्रकाशित गर्ने हो भने यिनले नेपाली भाषालाई ठुलाठुला ठेली प्रदान गर्नेछन् ।

दोस्रो प्रकारहरूमा गणना हुन आउँछन् बहादुरशाह, अमरसिंह, रंगनाथ, भीमसेन थापाका साथै अन्य भाइ भारदारहरूका ताम्रपत्र, शिलापत्र र अन्य पत्रहरू । यिनमा कति त यस्ता छन् जो युगका जटिल समस्याहरूलाई लिएर लेखिएका छन् एवं निकै लामा पनि छन् । यिनको संग्रहबाट पनि नेपाली भाषाले कम ठेलीहरू पाउनेछैन ।

तेस्रो वर्गमा प्रायः दुनियाँदारका घरायसी पत्रहरू आउँछन् । यिनको राम्रो सुरक्षा हुन नसकेकाले यिनलाई हामी धेर संख्यामा पाउन्नौं ।

यस उठानको उद्देश्य अभिलेखमा उति जोड दिनु नभएकाले यसमा केवल दसौटा अभिलेखहरू मात्र परेका छन् । यिनमध्ये राजेन्द्र विक्रमको रुक्का (सम्वत् १८९४) र रणबहादुरको चिठी (सम्वत् १८४९) पहिलो वर्गका हुन् । वाणीविलासकृत स्तंभ अभिलेख (सम्वत् १८६८) र शशिधर उपाध्यायको चिठी (सम्वत् १८३४) हरू दोस्रो वर्गका हुन् । भानुभक्तका घरायसी कागतपत्रहरूले चाहिं तेस्रो श्रेणीको नमुनाको खाँचो टार्छन् ।

[ब] उपसंहार

हाम्रो तेस्रो उठान विशाल नेपालको उप्जाबाली हो। नेपाल जबसम्म चारभञ्ज्याङको घेरोभित्र सीमित थियो त्यसवेलासम्म नेवारी भाषा नेपाली भाषा थियो । तर जब नयाँ नेपाल जन्मियो त्यसको राष्ट्रभाषाको रूपमा नेपाली भाषाका दिन सप्रे । नयाँ नेपाल नजन्मिदै पनि यो भाषा हिमालको निकटपूर्वी क्षेत्रमा व्याप्त भई सकेको थियो,नयाँ नेपाल जन्मिएपछि त यसका पखेटामा उदेकलाग्दो तागतको संचार भयो । माहाकालीदेखि थालिएको यसको अभियान कहिल्यै नरोक्किने गरी अघि लाग्यो । देखतादेखतै यसले मेची तऱ्यो, एक फट्कामै टिस्टा नाघ्यो, ब्रह्मपुत्रको पानीमा होमिदै र इरावदीमा पौरी खेल्दै यो टुप्लुक्कियो बर्मा अनि मलायामा । आज भारत, बर्मा,मलाया, सिक्किम र भोटाङका नेपालीहरू यसमै बोल्छन्,यसमै गाउँछन्; यसमै लेख्छन् र यसमै सपना देख्छन् ।

पृथ्वीनारायणले आर्जेको विशाल नेपालमा ढलीमली गर्न पाएर नेपाली साहित्य प्रगतितर्फ लम्कन लाग्यो । सिंहप्रताप, रणबहादुर, गीर्वाण र उनका मंत्रीहरूले यसको संरक्षकत्व लिए। भीमसेन थापा र उनका भाई भतिजाहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस भाषामा विभिन्न ग्रन्थहरूको अनुवाद गराए । कवि जन्मिए साथै लेखक जन्मिए । कहाँसम्म भने लेखकहरू आफ्नो देशलाई बेलाइत र फ्रान्स जस्ता उन्नत देशहरूसित दाँज्नसमेत रौसिए ।

नेपाली साहित्यमा तीन प्रकारका युद्धहरूको पनि विशेष छाप पर्न गयो, यिनमा पहिलो थियो एकीकरण युद्ध, दोस्रो थियो चीनसँगको युद्ध, आम तेस्रो थियो अंग्रेजसँगको युद्ध । यी तीन युद्धहरूले नेपाली भाषामा सुप्त प्रवृत्तिहरूलाई घचघच्याएर जगाई दिए, अनि यो भाषा जुर्मुन्याएर उठ्यो ।

जुन गतिले यस भाषाको उन्नति हुँदै थियो त्यस गतिमा अवरोध नतेर्सिएको भए आजसम्म नेपाली साहित्य उन्नतिको चौरालीमा उक्ली सकेको हुने थियो, तर दर्बारी अस्थिरता र भारदारी षड्यन्त्रहरूको पन्जामा परेर यसको भविष्य एक शताब्दीसम्म (सं. १९०३–सं. २००७)को लागि झ्याल-खानमा थुनिएकाले यो दिनहुँ गान्टिन लाग्यो । यसलाई उँभ्यौलोतिर डोऱ्या-उने प्रयास भने पछिसम्म भईरहे,तर तिनलाई लिएर नाक फुलाउन हामीलाई अप्ठेरो लाग्छ । वास्तवमा ती थिए होस्टे हैसे नपाएर टाक्सिएका एवं लोप्प्याइएका दयनीय प्रयासहरू । तिनलाई सम्झँदै हामीलाई खल्लो अनुभव हुन्छ । अर्को शब्दमा भन्ने हो भने सर्वत्र गहन लागीरहेको बेलामा छामछाम गर्दै छुमछुम भएका यी प्रयासहरू अँधेराका कामसरह थिए ।

तेस्रो उठान नेपाली साहित्यलाई ग्रहणले समात्ता नसमात्तै विश्राममा पुगेको छ । नेपाली भाषाले आफ्नो जीवनकालमा दुईपल्ट ठूलो प्रेरणा पाएको छ—एउटा नयाँ नेपालको गठनपछि, अर्को २००७ सालपछि । यो दुई काल-हरूलाई नेपाली साहित्यका स्वर्णकाल भने हुन्छ । यिनमध्ये प्रथम स्वर्णकाल-लाई चिह्नाउने जमर्को भएको छ यस तेस्रो उठानमा ।

औषधीमूलो हामी यहाँ पाउँछौं । श्रीहर्ष आचार्यको "औषधीग्रन्थ" मा मानवको उपचार पाइन्छ भने शिवनृसिंहको "बाजहोत्र" पंक्षीको हेरचाह गर्न पुगेको छ । कवि पन्डित अर्थात् दैवज्ञकेशरीको "अश्वशुभाशुभपरीक्षा" ले चाँहि पक्षी र मानवभन्दा भिन्न पशु जगत्को ओखतीमूलोमा ध्यान दिएको छ । तापनि पद्यरचना भएकाले तेस्रो उठानमा परेन ।

यस समयमा आचार विचारमा पनि कलम चलाइयो । रामभद्र पाध्याले आफ्नो "लक्ष्मीधर्मसंवाद" मा नारीहरूलाई उपदेश दिए । यसै विषयमा भानुभक्तले पनि आफ्नो "वधूशिक्षा" रचे । भानुदत्त र भवानीदत्तले "हितोपदेश" मार्फत् बालचरित्रको निर्माण गर्न चाहे । साँचै भन्ने हो भने यस ताकका प्रायः धेरैजसो रचनाहरूमा आचार विचार र अर्ती उपदेशको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झलक पाइन्छ । सुन्दरानन्दको "त्रिरत्नसौन्दर्यगाथा" ले जीवनी खाँचो पनि टारेको छ ।

यस कालको विशेषता चाहिं (क) आख्यान साहित्यमा नेपाली भाषाको प्रवेश । यसको साथै हामी पाउँछौं (ख) दर्शन एवं (ग) धर्मकर्म पनि । (घ) इतिहास र भूगोलतर्फको रूचि पनि यसै कालदेखि थालिएको हो । (ङ) अन्य विशेष प्रकारका गद्य पनि यस कालमा देखा परे ।

(क) आख्यान

आख्यान साहित्यमा प्राय: सबै नै संस्कृतबाट अथवा अरू कुनै भाषा-बाट अनुवाद भएका छन् । भानुदत्त र भवानीदत्तका "हितोपदेश" बालोपयोगी कथा हुन् । शक्तिवल्लभको 'हास्यकदम्ब" संस्कृतमा नाटक थियो, तर नेपालीमा कथा हुन पुग्यो । मुन्सीका तीन आह्वानहरू नेपाली भाषामा सबै-भन्दा जेठा छोटा कथा हुन् भन्ने भनी सकिएको छ । भवानीदत्तको "मुद्रा-राक्षस" को अनुवादले नेपालीमा कथाको रूप पाएको छ । "दशकुमार चरित" का अनुवादहरू पनि कम रोचक कथा भएका छैनन् । 'वहत्न सुधा' तेस्रो उठानमा परेकै छ । यसबाहेक "लालहीरा" को पाण्डुलिपि मदनपुरस्कार पुस्तकालयमा पाइएको छ । "सिंहासन बत्तिसी" र "बैंतालपच्चिसी" हरू वीर पुस्तकालयमा छन् ।

महाभारतका प्राय: जम्मै पर्वहरू यसकालमा नेपाली भाषामा लेखिई सकेका थिए, जसमध्ये केहीलाई हामीले तेस्रो उठानमा दिएका छौं । ती हुन् विजयानन्दकृत गदापर्व, ललितत्रिपुरसुन्दरीकृत "राजधर्म", भवानीदत्तकृत उद्योगपर्व, वेनामी सभापर्व (सं. १८८०), बेनामी आदिपर्व (सं. १८८९)

पौराणिक ग्रन्थहरूलाई पनि आख्यान साहित्यमा लिन सकिन्छ । भवानीदत्तले मार्कण्डेय पुराणको १७ औं अध्यायको नेपालीमा अनुवाद गरेका छन् ।

(ख) दर्शन

वेदान्तअन्तर्गत "आत्मबोध" को अनुवाद भवानीदत्तले गरेका छन् । दैवज्ञकेशरी अर्ज्यालले "गोरक्षयोगदर्शन" तिर ध्यान दिएका छन् । यस विषयमा योगी अम्बरगीरले निकै ठुलो चमत्कार देखाएका छन् । उनका फेला परेका छ ग्रन्थहरू मध्ये पाँच ग्रन्थ दर्शनविषयक छन् । तेस्रो उठानमा परेका दार्शनिक ग्रन्थहरू बाहेक अन्य ग्रन्थहरू पनि वीर पुस्तकालयमा छन्, जसलाई केलाइकुलाइ गर्ने काम बाँकी नै छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[ग] धर्मकर्म

यो युगै धर्मप्रधान युग भएकोले यसवेला जेजति रचनाहरू भए त्यसमा धार्मिक भावनाको ठुलो प्रेरणा छ। यिनमा पनि केही ग्रन्थहरूलाई त हामी केवल धर्मप्रचार सम्वन्धी पाउँछौं। ज्योतिनरसिंहको "तुलसीस्तव" नीलकविको "रुद्राक्षमाहात्म्य" को सम्बन्ध हिन्दूधर्मसँग छ भने "धर्मपुस्तक" र "सेरामपुर बाइबल" को सम्बन्ध छ क्रिस्चियन धर्मसँग।

(घ) इतिहास र भूगोल

मेजर रघुवीरको पोस्तकमा नेपालका विभिन्न ठाउँको वर्णन छ। वीर पुस्तकालयमा थुप्रै नै युद्धकालीन कागतपत्रहरू छन्, तिनमा देशविदेशको भौगोलिक दिग्दर्शन र परिचय लेखिएका छन्। यसै गरी कतिपय वंशावलीहरू पनि पाइएका छन्, जसलाई ऐतिहासिक कृति मान्न सकिन्छ।

तर इतिहास र भूगोलको राम्रो रूप सुरेन्द्रका दुई पाठ्यपुस्तकहरूमा पाइएका छन्। यिनमा देश देशावरको बयान, त्यहाँको सैनिक शक्तिको लगत, त्यहाँको धार्मिक र सामाजिक स्थितिको चित्रण छ।

(ङ) विशिष्ट गद्य

जयदेवकृत "गीतगोविन्द" को अनुवाद विद्यापति र अम्वरगीरले गरेका छन्। यी अनुवाद गद्यमा छन् तापनि गीतात्मकता यिनमा कम छैन। यी आख्यान होइनन् तापनि लयदार भएकाले चौपट्टै रोचक छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुक्रमणिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) अभिलेखसंग सम्बन्धित राजाहरू

नाम			शीर्षक क्रम
दामुपाल	...	...	१
अक्षय मल्ल	...	...	५
आदित्यमल्ल	...	...	६
पुण्यमल्ल	...	...	७ (क–ख)
पृथ्वीमल्ल	...	...	८ (क–ख)
अभयमल्ल	...	...	९
मेदिनी वर्मा	...	...	१२,१५
संसार वर्मा	...	...	१३
बलिराज	...	...	१४,१५
उदय वर्मा	...	...	१६
आजीत वर्मा	...	...	१६
विवोष शाही	...	...	१७
भानशाही	...	...	१८
सुर्तीशाही	...	...	१९
मुक्तिशाही	...	...	२१
सिलिम शाही	...	...	२१
संग्रामशाही	...	...	२३
सुरतौशाह	...	...	२४
लक्ष्मीनृसिंह	...	...	२५
जगत्प्रकाश मल्ल	...	...	२६
प्रतापमल्ल	...	...	२७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम			शीर्षक क्रम
जहाँगीर शाही	...	...	२९
भूपतीन्द्रमल्ल	...	...	३१
प्रीति वर्मा	...	...	३२
सुदर्शन शाह	...	...	३४ क–ख
पृथ्वीनारायण शाह	...	...	३८–३५ क–म
जयप्रकाश मल्ल	...	...	३८–घ
प्रतापसिंह शाह	...	...	४५
रणबहादुर शाह	...	...	४६
गीर्वाणयुद्ध शाह	...	...	४८
राजेन्द्रविक्रम शाह	...	...	६५

(ख) अभिलेखका लेखकहरू

गोल्हण	(सं. १३९३)	...	७ क
शिवदेव पण्डित	(सं. १४१३)	...	८ क
जुठाद्यो जोइसि	(सं. १४१५)	...	८ ख
धर्मराज जोइसि	(सं. १४३३)	...	९
विष्णुदास आचार्य	(सं. १४५०)	...	१२
अनेकु पण्डित	(सं. १४५३)	...	१३
क्षमादत्त उपाध्याय	(सं. १४५५)	...	१४
वोधु जोइसि	(सं. १४९४)	...	१६
धवकर्मठ	(सं. १५५५)	...	९
श्यामल जोइसि	(सं. १५८६)	...	१८
विष्णुदास जोशी	(सं. १६३८)	...	१९
चाडु भट्ट	(सं. १६४७)	...	२०
इंदु सेजुवाल	(सं. १६६१)	...	२२
दुर्गा	(सं. १६९८)	...	२५
नरु जोइसि	(सं. १७४९)	...	२९
मामु षंडगाहा	(सं. १५३२)	...	३९ घ
चिन्तामणि	(सं. १५३२)	...	३९ घ
छेदिया जोइसि	(सं. १६४८)	...	३९ घ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम			शीर्षक क्रम
सुन्तु जोइसि	(सं. १६५६)	...	३९ घ
लछो जोइसि	(सं. १६५७)	...	३९ घ
पशुपति जोइसि	(सं. १७२९)	...	३९ घ
राधौं जैसी	(सं. १७६९)	...	३०
दैवज्ञ जयनारायण आचार्य	(सं. १७७१)	...	३१
काशी जोइसि	(सं. १७३६)	...	२८
बलभद्र जोइसि	(सं. १८१४)	...	३४ ख
करुणाकर जोईसि	(सं. १६५६)	...	३९ घ
इन्द्रजितू सेजुवाल	(सं. १६५६)	...	३९ घ
पृथ्वीनारायण शाह	(स. १००२–३१)	...	३८ क–म
शशिधर उपाध्या बेतियाली	(सं. १८३४)	...	४१
रणबहादुर शाह	(सं. १८४९)	...	४३
वाणीविलास पाण्डे	(सं. १८६८)	..	४८
राजेन्द्रविक्रम शाह	(सं. १८९४)	...	६४
भानुभक्त आचार्य	...	...	७० क–च

(ग) ग्रन्थप्रणेताहरू

वाणीविलास ज्योतिर्विद	(सं. १७७३)	...	१०
दावादल शाह	(सं. १७७०)	...	११
प्रेमनिधि पन्त	(सं. १७८०)	...	३३ क–ख
गङ्गाविष्णु द्विज	(सं. १८०९)	..	३५
लीलाम्बर	(सं. १८२१)	...	३६
पृथ्वीनारायण शाह	...	...	३५
भानुदत्त	(सं. १८३३)	...	४०
श्रीहर्ष आचार्य	(सं. १८४८)	...	४२
रामभद्र पाध्या	(सं. १८५१)	...	४४
शक्तिवल्लभ अर्ज्याल	(सं. १८५५)	...	४५
शिवनृसिंह	(सं. १८६४)	...	४६
दैवज्ञज्योतिनरसिंह	(सं. १८६६)	...	४७
"मुन्सी"	(सं. १८७६)	...	५०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम			शीर्षक क्रम
पं० दैवज्ञकेशरी अर्ज्याल	(सं. १८७७)	...	५१
विजयानन्द	(सं. १८८६)	...	५४
हीनव्याकरणी विद्यापति	(सं. १८८८)	...	५५
ललितत्रिपुरसुन्दरी	(सं. १८८८ पूर्व)	..	५६
भवानीदत्त पांडे	(सं. १८९२ पूर्व)	...	५७ क–ज
योगी अम्बर गरि	(सं. १८९० अगावै)	...	५८ क–च
सुन्दरानन्द वांडा	(सं. १८९० तिर)	...	६३ क–ख
नीलकवि	(सं. १८९४)	...	६५
पदम शर्मा	(सं. १८९६)	...	६८
स्वामी शशिधर रेसुङ्गाली	(सं. १९०६)	...	६९
मेजर रघुवीर	(सं. १९०९)	...	७१
भानुभक्ताचार्य	...	...	७२

(घ) बेनामी अभिलेखहरु

दामुपालको अभिलेख	(सं. १०३८)	...	१
अक्षय मल्लको अभिलेख	(सं. १३३७)	...	५
आदित्य मल्लको अभिलेख	(सं. १३७८)	...	६
ताम्रपत्र	(सं. १३९४ पुण्यमल्ल)	...	७ ख
ताम्रपत्र	(सं. १४६१, मेदिनी वर्मा, वलिराज)	...	१५
लालमोहर	(सं. १६४८, अर्जन्या)	...	२१
दान पत्र	(सं. १६८३, सुरती शाह)	...	२४
अभिलेख	(सं. १६९८, लक्ष्मीनृसिंह मल्ल)	...	२५
मडुवा कागत	(सं. १७२० जगत प्रकाश मल्ल)	...	२६
शिलालेख	(सं. १७२७, प्रीति वर्मा)	...	३२
ताम्रपत्र	(सं. १८०८, सुदर्शन शाह)	...	३४

(ङ) बेनामी ग्रन्थहरू

भास्वत्ती	(सं. १३९० तिर)	...	३
खण्ड खाद्यक	(सं. १४५० पूर्व)	...	४
वाजपरीक्षा	(सं. १००० तिर)	...	२
अजीर्ण मंजरी	(सं. १८१० पूर्व)	...	३७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम			शीर्षक क्रम
पृथ्वीनारायणको जीवनी	...	...	३८ म
दशकुमारचरित	(सं. १८७५)	...	४९
धर्मपुस्तक	(सं. १८७८)	...	५२
सेरामपुर बाइबल	(सं. १८८४)	...	५३
महाभारत सभापर्व	(सं. १८८०)	...	५९
बहत्र सुधाको कथा	(सं. १८८०-९०)	...	६०
महाभारत आदिपर्व	(सं. १८८९)	...	६१
रामाश्वमेध	(सं. १८९० पूर्व)	...	६२
दशकुमारचरित	(सं. १८९३)	...	६४
रुद्राक्षमहात्म्य	(सं. १८९४)	...	६६
सुरेन्द्रको पाठ्यपुस्तक	(सं. १८९४ तिर)	...	६७
इङ्गलिस्तान वंशावली	(सं. १९०९ अगावै)	...	७०

समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा प्रकाशनका इतिहास तथा संस्कृतिका केही पठनीय कृतिहरू

अभिलेख संकलन	मोहनप्रसाद खनाल
आधुनिक भारतवर्षको इतिहास	ईश्वरराज र तुलसीप्रसाद
उत्तर-प्राचीनकालीन मुद्रा	हरिराम जोशी
त्यस बखतको नेपाल	स. भीमबहादुर पाण्डे
नेपाली राष्ट्रिय मुद्रा	सत्यमोहन जोशी
नेपालको इतिहासका केही पाना	दिनेशराज़ पन्त
नेपालमा पुरातत्त्व	साफल्य अमात्य
बुद्धदेखि पहलमानसम्म	दिनेशराज पन्त
झापाका आदिवासी	शास्त्रदत्त पन्त
डोटेली लोकसंस्कृति र साहित्य	विजय चालिसे
नेपाली जनजीवन	नगेन्द्र शर्मा
नेपाली समाज र संस्कृति	डा. प्रेमकुमार खत्री
प्राचीन नेपाली संस्कृति	डा. जगदीशचन्द्र रेग्मी
लोकसंस्कृतिको घेरामा लमजुङ	धर्मराज थापा
सबै जातको फूलबारी	डोरबहादुर विष्ट
हाम्रो संस्कृति : एक सिंहावलोकन	शान्ति सुरभ
हिन्दू सामाजिक सङ्गठनको प्रारूप	वासु बराल

आवरण मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन नं. ५-२१०२३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal